# अध्याय-१

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

विविध धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको कारणले नेपाल पर्यटन विकासको असीम सम्भावना बोकेको मुलुक हो । पर्यटनको विकासले नेपाली जीवनका बहुआयमिक क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ । कला र सस्कृतिको संरक्षण, सम्वर्द्धन र पर्यटन विकासले रोजगारीको माध्यमबाट जनताको जीवन स्तर उकास्नको साथै सन्तुलित विकास र समाजमा रहेका हरेक वर्ग, लिङ्ग, जात-जातिहरुको आय आर्जनमा टेवा पुऱ्याई राष्ट्रको दीगो आर्थिक विकासको लागि मद्दत पुऱ्याउँदछ । यसको साथै विश्व सामु नेपालको छुट्टै पहिचान स्थापित गर्न र पर्यटन विकासका लागि अन्तर्राष्ट्रिय लगानी भित्र्याउन समेत मद्दत पुऱ्याउँछ । हिन्दु धर्म ग्रन्थ अनुसार देवादीदेव महादेव शिवको बासस्थान नेपाल, विश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको जन्मस्थल, विश्वको सबभन्दा अग्लो चुचुरो सगरमाथा, उत्तरमा लामो सेता हिमालको श्रृंखला, मध्य भागमा हरियाली पहाड र दक्षिणमा समतल तराई आदि यसका भौगोलिक आकर्षण हुन । इतिहास हेर्दा विश्वको सबभन्दा अग्लो चुचुरो सगरमाथामा एडमन्ड हिलारी र तेन्जिडले सन् १९५३ मा सगरमाथाको आरोहण गरे पश्चात नेपालमा पर्यटन विकासको ढोका खुलेको हो । तत्पश्चात सन् १९७० मा न्युयोर्कमा लुम्बिनी विकासको लागि अन्तरर्राष्ट्रिय समिति गठन हुनु, उक्त समितिको निर्देशनमा विश्व विख्यात जापानी इन्जिनियर प्रा.डा.केन्जो टागेलाई लुम्बिनीको गुरुयोजना बनाउने जिम्मा दिनु, सन् १९७२ देखि नेपालको पर्यटन गुरुयोजना निर्माण हुनु, सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सुचीकृत गरिनु पर्यटन प्रवर्द्धन गर्ने आधारहरु हुन् । त्यसैगरी सन् १९९५ मा नेपालको अर्थतन्त्रको प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन नीति निर्माण गरिनु, सन् १९९८ मा "Visit Nepal Year 1998" लाई पर्यटन वर्ष मनाई पर्यटन सचेतना र प्रचार प्रसार गरिनु, सन् २००९ मा नेपाल सरकार, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले 3P (Tourism for Peace, People and Prosperity) को नाराको साथमा "Nepal Tourism Vision 2020" को कार्यक्रम तय गर्नु नेपाल र विशेष गरी लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासका लागि मुख्य नीतिगत व्यवस्थाहरु हुन् । सन् १८९६ डिसम्बर १ तारिकका दिन जर्मन पुरातत्वविद् डा.फुहरर र खडग शमशेरले गरेको अध्ययन र उत्खननबाट गौतम बुद्धको जन्मस्थल लुम्बिनी भएको तथ्य लुम्बिनी क्षेत्र भित्र सम्राट अशोकले खडा गरेको स्तम्भ र महत्वपूर्ण शिला लेखले प्रमाणित गरेको छ ।

भगवान बुद्धका विचार तथा बुद्ध धर्म दिन प्रति दिन संसारमा फैलिदै गइरहेको छ । बुद्ध जन्मिएको पवित्रस्थान लुम्विनीमा हरेक बर्ष संसारबाट लाखौको संख्यामा तीर्थालु, पर्यटक तथा दर्शनार्थीहरु भ्रमण गर्ने गर्दछन् । विश्वका बौद्ध धर्मावलम्वीहरुका लागि लुम्विनी अत्यन्त महत्वपूर्ण तीर्थस्थल मानिएको छ । लुम्विनीको ५० किलोमिटर क्षेत्रभित्र मात्र करिब १०० वटा पुरातात्विक स्थलहरू छन् । बुद्ध जन्मस्थल लुम्बिनीको वरिपरि, उनको राज्य कपिलबस्तु र मावली घर देवदहसंग जोडिएको जिल्ला नवलपरासीका विभिन्न क्षेत्रमा समेत करीब २०० भन्दा बढी बुद्धसंग जोडिएका पुरातात्विक क्षेत्रहरु रहेको अनुमान गरिएको छ ।

शाक्य राजवंशको राजधानी तिलौराकोट, बुद्धत्व प्राप्त गरेपछि पहिलो पटक आफ्ना पिता शुद्धोधनसँग बुद्धले भेट गरेको स्थल कुदान, ऋकुच्छन्द बुद्धको जन्मस्थल गोटिहावा, कनकमुनि बुद्धको जन्मस्थल निग्लिहावा, कनकमुनि बुद्धको गृहनगर अरौराकोट, शाक्यहरुको नरसंहार भएको स्थल सग्रहवा, रानी मायादेवी र प्रजापतीको माइती देवदह र भगवान बुद्धको पवित्र अस्थिधातु स्तूप रामग्राम समेतका स्थानहरु प्रत्यक्ष रुपमा तीन बुद्धका जीवनीसंग सम्बन्धित

पुरातात्विक क्षेत्र हुन् । यी सबै स्थलहरू एकैचोटि भ्रमण गर्न चाहने पर्यटकहरूलाई सुविधा पुऱ्याउनका लागि बौद्धपरिपथ (Buddha Circuit) को अवधारणा परिकल्पना गरी राज्यले तदनुरुपका सडक मार्ग लगाएतका सञ्चनाहरुको निर्माण कार्य अघि बढाएको छ । बौद्धपरिपथ (लुम्विनीलाई केन्द्र मानेर पश्चिम कपिलबस्तुको दोहोनी, दोहनीबाट दक्षिण सिसहनिया, कुदान, गोटिहवा, तिलौराकोट, निग्लीहवा, जीतपुर, सैनामैना, बुटवल, देवदह, रामग्राम, भैरहवा हुँदै लुम्विनी) करिब १७५ किलोमिटर रहेको छ । नेपाल सरकार, लुम्बिनी विकास कोष र स्थानीय निकायको पहलमा यस बौद्ध परिपथको निर्माणको धेरै भाग पुरा हुनाका साथै पथ भित्रका पुरातात्विक क्षेत्रको उत्खनन्, संरक्षण र प्रचारका काम पनि अगाडी बढिरहेका छन् । बौद्ध परिपथको सफलताले यहाँका ऐतिहासिक ठाउँहरुलाई अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गरेर पर्यटनको विकास गरी यस क्षेत्रको गरिबी निवारणमा योगदान पुऱ्याउने अपेक्षा समेत गरिएको छ । बुद्धसँग सम्बन्धित विभिन्न स्थान र उनको जीवनशैलीसँग सम्बन्धित कला, सँस्कृति आदिको उचित विकास नभएकाले पर्यटक भारतको सुनौली स्थलमार्ग मार्फत नेपाल आउने र भैरहवा हुँदै लुम्बिनी पुगेर अधिकांश पर्यटक सोहि दिन फर्कने गर्दछन् भने केही पर्यटक मात्र कपिलवस्तुको तिलौराकोटसम्म पुगी आएकै बाटो फर्कने गर्दछन् । हाल यस क्षेत्रमा पर्यटक बसाइ अवधि अतिनै कम समयको हुने हुँदा हामीलाई पर्यटनबाट नगन्य मात्रामा आर्थिक, सामाजिक र साँस्कृतिक फाइदा हुने अवस्था रहेको छ । यस परिप्रेक्षमा बौद्धपरिपथ आसपासमा रहेका बुद्ध र उनका जीवनीसँग सम्बन्धित विभिन्न पुरातात्विक, ऐतिहासिक, धार्मिक स्थानको खोज तथा अनुसन्धान गर्ने, बृहत्तर लुम्बिनी बौद्धपरिपथ अन्तरगत रहेका बुद्ध र बुद्ध धर्मसँग सम्बन्धित संस्कृति तथा घटनासँगको सम्बन्धको खोज तथा अनुसन्धान गरी पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याई प्रदेश नं. ५ र देशकै आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने उद्देश्यले कार्य क्षेत्रगत शर्त (Terms of Reference) अनुसार यो खोज तथा अनुसन्धानमूलक प्रतिवेदन तयार गर्न लागिएको छ ।

## १.२ समस्याको कथन

नेपालको लुम्बिनी बौद्ध परिपथ संसारकै अद्बितीय धार्मिक तथा आध्यात्मिक गन्तव्य स्थल हो । प्रदेश नं. ५ अन्तरगत रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा फैलिएर रहेको यो बौद्धपरिपथले भगवान शाक्यमुनि बुद्ध र उहाँ भन्दा अगाडीका दुई बुद्धहरु कनकमुनि र ऋकुच्छन्द बुद्धका जीवनीसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित बौद्ध सम्पदाहरुलाई समावेश गर्दछ । विश्वभरका करिब १ अरब बौद्धमार्गी तथा शान्तिकामी मानवजातीका लागि यो बौद्धपरिपथ अद्बितीय छ, किन भने तीर्थालुहरुले ३० किलोमिटर भित्रको दूरिमा ३ वटा बुद्धहरुको जन्मस्थलको तीर्थाटन यस परिपथमा गर्न सक्दछन् ।

यति प्रचुर पर्यटन सम्भावना भए पनि यस परिपथबाट स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरमा अपेक्षाकृत लाभ लिन सकिएको छैन । अतः निम्न समस्याहरुको समाधान गरी बृहत्तर लुम्बिनी क्षेत्रको बौद्ध परिपथको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

१.२.१ बृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेका बौद्ध तथा साँस्कृतिक सम्पदाहरुको Inventory ठीक ढङ्गले तयार भएको छैन ।

१.२.२ पर्यटन प्रवर्द्धनका लागि यस परिपथ अन्तरगत रहेका प्राकृतिक सम्पदाहरुको Inventory तयार भएको छैन ।

१.२.३ यस परिपथ भित्र रहेका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको पर्यटकीय उपयोगका लागि पर्यटन उत्पाद (Tourism Product) को रुपमा वर्गीकरण गरिएको छैन ।

१.२.४ यस बौद्ध परिपथ भित्र रहेका Tourism Product तथा पर्यटकीय सम्पदाहरुको अवस्थितिको नक्शा तथा विस्तृत विवरण (नाम, स्थान, भौगोलिक अवस्थिति, वर्तमान अवस्था आदि) तयार गरिएको छैन ।

१.२.५ पर्यटकीय उत्पादको SWOT Analysis गरिएको छैन ।

१.२.६ पर्यटकको बसाई अवधि र खर्च बृद्धि गर्न Tour Package बनाउन सकिएको छैन ।

१.२.७. यस क्षेत्रको दीगो पर्यटन विकासको रणनीति तर्जुमा हुन सकेको छैन ।

१.२.८ पर्यटन प्रवर्द्धनका लागि यस प्रदेशका अन्य स्थानमा रहेका बुद्धसँग सम्बन्धित स्थलहरु तथा अन्य धार्मिक, साँस्कृतिक क्षेत्रहरुको पहिचान गरी पर्यटकीय अन्तर सम्बन्ध (Inter-linkage) कायम गर्न सकिएको छैन ।

१.२.९ कार्य क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक र धार्मिक विषयका विज्ञ, पदाधिकारी, विद्वत वर्गको पहिचान र त्यस्ता व्यक्तित्वको विवरण सूची तयार हुन सकेको छैन ।

## १.३ अध्ययनको उद्देश्य

माथि उल्लेखित समस्याहरुको निराकरणको माध्यमबाट प्रदेश नं. ५ ले दीगो विकास गर्न सक्दछ । आज विश्वमा पर्यटन विदेशी मुद्रा आर्जन गर्ने र ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने महत्वपूर्ण उद्योगको रुपमा स्थापित भएसकेको परिप्रेक्षमा यस क्षेत्रमा रहेका अद्बितीय सम्पदाहरुको प्रवर्द्धन तथा बजारीकरण गरी दीगो पर्यटन विकास गर्नु र पर्यटनबाट फराकिलो आर्थिक लाभ लिन सक्ने आधार तयार पार्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । यस अध्ययनबाट प्राप्त तथ्यांक तथा सुझावहरु प्रदेश सरकारलाई पर्यटन विकासका लागि नीति तथा कार्यक्रम निर्माण गर्न महत्वपूर्ण दस्तावेज सावित हुनेछ । यो अध्ययनको उद्देश्य निम्न बमोजिम छन् ।

१.३.१ बृहत्तर लुम्बिनी क्षेत्र भित्र रहेका बौद्ध तथा अन्य साँस्कृतिक सम्पदाहरुको अभिलेखीकरण (Inventorying) गर्ने ।

१.३.२ बृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेका प्राकृतिक सम्पदाहरुको अभिलेखीकरण गर्ने ।

१.३.३ यस बौद्ध परिपथ भित्र रहेका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको वर्गीकरण गर्ने ।

१.३.४ यस बौद्ध परिपथ भित्र रहेका सम्पदा तथा पर्यटकीय उत्पादहरुको विस्तृत विवरण (नाम, स्थान, भौगोलिक अवस्थिति, वर्तमान अवस्था आदि) र तिनको नक्शा तयार गर्ने ।

१.३.५ यस क्षेत्रको पर्यटकीय सम्पदा तथा पर्यटन उत्पादहरु समावेश गरी सबै पर्यटक समूह (Market Segment) लाई आकर्षक हुने गरी Tour Package बनाई पर्यटक बसाई अवधि तथा पर्यटक खर्च बढाउन अभिप्रेरित गर्ने

१.३.६. यस क्षेत्रमा रहेका पर्यटकीय सम्पदा तथा पर्यटन उत्पादहरुको SWOT Analysis गरी सरोकारवालाहरुलाई नीति तथा कार्यक्रम तर्जुमा गर्न मद्दत गर्ने ।

१.३.७ यस क्षेत्रको दीगो पर्यटन विकासका लागि रणनीतिक सुझाव पेश गर्ने ।

१.३.८ यस प्रदेशका अन्य स्थानमा रहेका बुद्धसँग सम्बन्धित स्थलहरु तथा अन्य धार्मिक, साँस्कृतिक क्षेत्रहरुको पहिचान र पर्यटकीय अन्तर सम्बन्ध (Inter-linkage) देखाउने ।

१.३.९ कार्य क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक र धार्मिक विषयका विज्ञ, पदाधिकारी, विद्वत व्यक्तित्वहरुको विवरण सूची तयार गर्ने ।

## १.४ अध्ययनको औचित्य र महत्व

"वृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगतका महत्वपूर्ण सम्पदाहरुको खोज तथा अनुसन्धान र एकीकृत पर्यटन विकास" विषयक यो अध्ययनले यस क्षेत्रमा गुणस्तरीय पर्यटन विकास गर्न आधारभूत तथ्यांक तथा रणनीतिक सुझावहरु सम्बन्धित सरोकारवालालाई उपलब्ध गराउने छ । यस अध्ययनबाट प्राप्त हुने पर्यटकीय स्थल तथा पर्यटन उत्पाद (Tourism Product) का साथै पर्यटन बजारीकरण तथा प्रवर्द्धनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिक सुझावहरुको कार्यान्वयनबाट निसन्देह यस क्षेत्रको पर्यटन विकासमा प्रदेश नं. ५ र यस प्रदेशका पर्यटन उद्यमीहरुले प्रसस्त लाभ लिन सक्नेछन् । बुँदागत रुपमा यस अध्ययनको महत्व तथा औचित्य निम्न रहनेछन् ।

१.४.१ यस अध्ययनले वृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेको बौद्ध तथा अन्य साँस्कृतिक सम्पदाहरुको अभिलेखीकरण (Inventorying) गरी सरोकारवालाहरुलाई पर्यटन विकास सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न मद्दत गर्नेछ ।

१.४.२ बृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेका प्राकृतिक सम्पदाहरुको अभिलेखीकरण गर्ने कार्यबाट त्यस्ता महत्वपूर्ण क्षेत्रहरुको पहिचान र प्रवर्द्धनका लागि सहजता हुनेछ ।

१.४.३ यस बौद्ध परिपथ भित्र रहेका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको वर्गीकरण गर्ने कार्यले त्यस्ता सम्पदाहरुको प्राथमिकताको आधारमा संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनात्मक कार्यहरु गर्न सहज हुने छ ।

१.४.४ यस बौद्ध परिपथ भित्र रहेका सम्पदा तथा पर्यटकीय उत्पादहरुको विस्तृत विवरण (नाम, स्थान, भौगोलिक अवस्थिति, वर्तमान अवस्था आदि) र तिनको नक्शा तयार गर्ने कार्यले त्यस्ता महत्वपूर्ण क्षेत्रको अवस्थिति, दूरि, वर्तमान अवस्थाको जानकारी आदि समेत सरोकारवालालाई सहजतापूर्वक उपलब्ध हुनेछ ।

१.४.५ यस क्षेत्रको पर्यटकीय सम्पदा तथा पर्यटन उत्पादहरु समावेश गरी Tour Package बनाई पर्यटक बसाई अवधि तथा पर्यटक खर्च बढाउन अभिप्रेरित गर्ने कार्यक्रमबाट सबै पर्यटक समूह (Market Segment) लाई यस क्षेत्रतर्फ आकर्षण हुने वातावरण बन्नेछ ।

१.४.६ यस क्षेत्रमा रहेका पर्यटकीय सम्पदा तथा पर्यटन उत्पादहरुको SWOT Analysis गर्ने कार्यले सरोकारवालाहरुलाई नीति तथा कार्यक्रम तर्जुमा गर्न सहजता हुनका साथै यस सम्बन्धी कार्यक्रमहरु यथार्थपरक बनाउन मद्दत मिल्नेछ ।

१.४.७ यस अध्ययनमा दीगो पर्यटन विकासका लागि पेश गरिने रणनीतिक सुझावहरुबाट सरोकारवाललाई योजना तर्जुमा र अन्य नीतिगत व्यवस्थाका लागि मद्दत हुनेछ ।

१.४.८ यस प्रदेशका अन्य स्थानमा रहेका बुद्धसँग सम्बन्धित स्थलहरु तथा अन्य धार्मिक, साँस्कृतिक क्षेत्रहरुको पहिचानबाट बृहत्तर लुम्बिनी बौद्ध परिपथसँग तिनको पर्यटकीय अन्तर सम्बन्ध (Inter-linkage) कायम भई पर्यटन प्रवर्द्धनमा टेवा पुग्न जानेछ ।

१.४.९ यस क्षेत्रका ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक विषयका विज्ञहरुको पहिचानबाट वृहत्तर लुम्बिनी बौद्धपरिपथमा रहेका सम्पदाहरुको विकास, संरक्षण र प्रवर्द्धन गर्ने कार्यमा यस्तो विज्ञताको भरपूर मात्रामा उपयोग गर्न सकिनेछ ।

### १.५ अध्ययनको क्षेत्र र सीमा

प्रदेश नं.५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग भएको सम्झौता अनुसार लुम्बिनी बौद्ध परिपथको पर्यटन विकासको सम्बन्धमा अध्ययन गर्नुपर्ने कार्यादेश भएको छ । यस अध्ययनको क्षेत्र र सीमा निम्न बमोजिम रहने छ ।

#### १.५.१ भौगोलिक सीमा (Geographical Delimitation)

नेपाल सरकार र लुम्बिनी विकास कोषले “रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा छरिएर रहेका भगवान शाक्यमुनि बुद्ध तथा उहाँ भन्दा अघिका ऋकुच्छन्द बुद्ध र कनकमुनि बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित ऐतिहासिक स्थलहरु लुम्बिनी, तिलौराकोट, कुदान, गोटिहवा, निग्लिहवा, अरौराकोट, सगरहवा, सिसनिया, देवदह, रामग्राम लगायत अन्य स्थलहरु जोड्ने, लुम्बिनीबाट शुरु भएर कपिलवस्तुका पुरातात्विक स्थलहरु, सैनामैना क्षेत्र, बुटवल क्षेत्र, देवदह क्षेत्र हुँदै रामग्रामसम्मको ५२६० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको तथा १७५ कि.मी. लामो परिपथ नै लुम्बिनी बौद्ध परिपथ” (LDT, 2017 b, P.17) भनी परिभाषित गरेको हुँदा यो अध्ययनको भौगोलिक सीमा यति नै हुने भयो । यद्यपि यो अध्ययनले यो परिपथ भन्दा बाहिर यस प्रदेश भित्र अन्य जिल्लामा रहेका बौद्ध तीर्थस्थलहरु र अन्य पर्यटकीय महत्वका क्षेत्रहरु समेतको पनि सामान्य अध्ययन गरी यस परिपथसँग पर्यटन सम्बन्ध (Linkage) स्थापना गर्नेछ ।

#### १.५.२ अध्ययनको विषयवस्तुगत सीमा (Content wise Delimitation)

यस अध्ययनको विषयवस्तुगत सीमा अन्तरगत प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, तिनको वर्तमान अवस्थाको अध्ययन, पर्यटकीय उपयोगका लागि गर्नुपर्ने सुधारका कार्य, पर्यटन उत्पाद (Tourism Product) हरुको ब्राण्डिङ, बजारीकरण र Tour Package निर्माण आदि पर्दछन् । बजेट र समयावधिका कारण यस अध्ययन अन्तरगत निम्न कार्य मात्र गरिनेछ ।

१.५.२.१ बृहत्तर लुम्बिनी क्षेत्र भित्र रहेका बौद्ध तथा अन्य साँस्कृतिक सम्पदाहरुको पहिचान गरी अभिलेखीकरण (Inventorying) गर्ने कार्य ।

१.५.२.२ बृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेका प्राकृतिक सम्पदाहरुको वस्तुस्थिति अध्ययन गरी सो को अभिलेखीकरण गर्ने कार्य ।

१.५.२.३ यस बौद्ध परिपथ भित्र रहेका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको वर्गीकरण गर्नुका साथै मूर्त तथा अर्मूत सम्पदाहरुको समेत छुट्टाछुट्टै अभिलेखीकरण गर्ने कार्य ।

१.५.२.४ वृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेका सम्पदा तथा पर्यटकीय उत्पादहरुको विस्तृत विवरण (नाम, स्थान, भौगोलिक अवस्थिति आदि) र तिनको नक्सा तयार गरी तत् स्थानमा प्रविष्ट गर्ने कार्य ।

१.५.२.५ यस क्षेत्रको पर्यटकीय सम्पदा तथा उत्पादहरु समावेश गरी सबै पर्यटक समूह (Market Segment) लाई आकर्षक हुने गरी Tour Package बनाई पर्यटक बसाई अवधि तथा पर्यटक खर्च बढाउन अभिप्रेरित गर्ने कार्यक्रम सिफारिश गर्ने कार्य ।

१.५.२.६ यस क्षेत्रमा रहेका पर्यटकीय सम्पदा तथा पर्यटन उत्पादहरुको SWOT Analysis गरी सरोकारवालाहरुलाई नीति तथा कार्यक्रम तर्जुमा गर्न मद्दत पुग्ने गरी विश्लेषण र प्रस्तुति सम्बन्धी कार्य ।

१.५.२.७ दीगो पर्यटन विकासका लागि रणनीतिक सुझाव सिफारिश गर्ने कार्य ।

१.५.२.८ यस प्रदेशका अन्य स्थानमा रहेका बुद्धसँग सम्बन्धित स्थलहरु तथा अन्य धार्मिक, साँस्कृतिक क्षेत्रहरुको पहिचान गरी पर्यटकीय अन्तर सम्बन्ध (Inter-linkage) देखाउने कार्य ।

१.५.२.९ कार्य क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक र धार्मिक विषयका विज्ञ, पदाधिकारी एवं विद्वत व्यक्तिहरुको पहिचान गर्ने कार्य र त्यस्ता व्यक्तित्वसँग सजिलै सम्पर्क हुन सक्ने गरी विवरण सूची तयार गर्ने कार्य ।

## १.६ अध्ययन विधि

यो अध्ययनमा जानकारी संकलन गर्न र निष्कर्ष निकाल्नका लागि मुख्यतया स्थलगत अध्ययन, अन्तरवार्ता, प्रश्नावली सर्भे र कार्याशाला गोष्ठीबाट प्राप्त प्राथमिक श्रोतहरुको प्रयोग गरिएको छ, भने हालसम्म भएका जानकारीका लागि द्वितीय श्रोतहरुको अध्ययन गरिएको छ । हालसम्म प्रकाशित पुस्तक तथा लेखहरुको गहिरो अध्ययनबाट विषय सम्बन्धी आवश्यक सूचना तथा जानकारी संकलन गरे पछि शेष जानकारी (Knowledge Gap) प्राप्त गर्न प्राथमिक श्रोतहरुबाट डाटा संकलन गरी विश्लेषण गरिएको छ । यस अध्ययनमा निम्न बमोजिमको अध्ययन विधि प्रयोग गरियो

### १.६.१ प्रश्नावली सर्भे (Questionnaire Survey)

यस अध्ययन विधि अन्तरगत अनुसूची ४ अनुसारको प्रश्नावली तयार पारी बृहत्तर लुम्बिनी क्षेत्रमा भ्रमणमा आउने स्वदेशी तथा विदेशी पर्यटकहरु, बृहत्तर लुम्बिनी क्षेत्र अन्तरगतका सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाका विज्ञहरु ( संस्कृतिविद्, पर्यटनविद्, योजनाविद्, इन्जिनीयर आदि), सरोकारवालाहरु (लुम्बिनी विकास कोष, पुरातत्व विभाग, होटल एशोसियस, ट्राभल एजेन्टस् एशोसियसन, टुर गाइड एशोसियसन आदि) लाई जम्मा १५० थान सर्भे प्रश्नावली वितरण गरियो । उत्तरदाताहरुलाई प्रश्नावलीको बारेमा व्यख्या गरी स्पष्ट पारियो ।

दुई प्रकारका प्रश्नावली तयार पारी वितरण गरिएको थियो । पहिलो सेटको प्रश्नावली पर्यटकहरुका लागि तयार पारिएको थियो भने दोस्रो सेट बृहत्तर लुम्बिनी क्षेत्रसँग सम्बद्ध तथा सरोकारवालाहरुका लागि तयार पारिएको थियो ।

पहिलो सेटको प्रश्नावलीमा पर्यटकको बारेमा सामान्य जानकारी, लुम्बिनी भ्रमणको बारेमा प्रश्नहरु, बृहत्तर लुम्बिनी क्षेत्रमा मनपर्ने पर्यटकीय क्रियाकलापहरु, बृहत्तर लुम्बिनी क्षेत्रका लागि उपयुक्त टुर प्याकेटहरु, बृहत्तर लुम्बिनी क्षेत्रमा उपयुक्त पर्यटनका प्रकारहरु, बृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटन विकासका लागि मूर्त सम्पदामा गर्नुपर्ने सुधारहरु र बृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटन विकासका लागि अमूर्त सम्पदामा गुर्नपर्ने सुधारहरु गरी जम्मा सात भाग रहेका थिए ।

त्यसैगरी दोस्रो सेटको प्रश्नावली दुई खण्ड थिए । पहिलो खण्डमा पर्यटन विकासका लागि सरोकारवालाहरुलाई बृहत्तर लुम्बिनी क्षेत्रमा रहेका मूर्त सम्पदाहरु र यी सम्पदाहरुमा गुर्नपर्ने सुधारका बारेमा लेख्न अनुरोध गरिएको थियो भने दोस्रो खण्डमा अमूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका बारेमा आफ्नो राय व्यक्त गर्न अनुरोध गरिएको थियो । जसले अध्ययन क्षेत्र भित्र रहेका मूर्त तथा अमूर्त सम्पदाहरुको विवरण, तिनको SWOT विश्लेषण, महत्व र वर्तमान अवस्था तथा ती सम्पदालाई पर्यटकीय आकर्षणको केन्द्र बनाउनको लागि गर्नुपर्ने तत्कालीन र दीर्घकालीन कार्यहरु लेखी पठाउनु पर्ने थियो ।

जम्मा १५० सेट प्रश्नावली वितरण गरिएकोमा १३७ सेट प्रश्नावली राम्ररी भरेर सूचनादाताहरुले फिर्ता गर्नुभयो । प्राप्त डाटालाई SPSS Software को माध्यमबाट Computer Analysis गरियो र तथ्यपरक ढङ्गले व्याख्या विश्लेषण गरी प्रतिवेदनमा उल्लेख गरियो ।

### १.६.२ सघन अन्तरवार्ता (In-depth Interviews)

अध्ययनको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने जानकारी प्राप्त गर्ने विज्ञ तथा सरोकारहरुसँग सघन अन्तरवार्ता लिइयो । अनुसूची ५ को अन्तरवार्ता तालिकामा प्रस्तुत गरिए बमोजिमका बौद्ध भिक्षु भिक्षुणी, संस्कृतिविद्, पर्यटनविद्, होटल सञ्चालक, ट्राभल एजेन्सी सञ्चालक, सरकारी अधिकारी, स्थानीय सरकारका प्रतिनिधि गरी जम्मा १०४ जना महत्वपूर्ण सूचक (Key Informant) सँग अन्तरवार्ता गरी अध्ययन क्षेत्र भित्र रहेका Tourism Product हरुलाई सदुपयोग गर्ने गरी विभिन्न विकल्प सहितको Tour Pakage निर्माण गर्न, मूर्त तथा अमूर्त सम्पदाहरुको सूचिकरण तथा वर्गीकरण गर्न, बृहत्तर लुम्बिनी क्षेत्र र सो भन्दा बाहिर पर्ने प्रदेश नं. ५ भित्रका महत्वपूर्ण पर्यटकीय तथा धार्मिक स्थलहरु बीचको अन्तर सम्बन्ध स्थापना गर्न आवश्यक पर्ने जानकारी संकलन गरियो ।

सघन अन्तरवार्ताको क्रममा प्राप्त भएका सूचना तथा जानकारीहरुलाई Tape Recorder को माध्यमबाट रेकर्ड गर्ने र डायरीमा टिपोट गर्ने काम भयो । यसरी प्राप्त डाटालाई Qualitative Descriptor र MS word को प्रयोग गरी Computer Analysis गरियो ।

### १.६.३ स्थलगत अध्ययन (Field Survey)

स्थलगत अध्ययनका लागि विज्ञहरुसँग पर्याप्त छलफल गरी बृहत्तर लुम्बिनी बौद्ध परिपथ र प्रदेश नं. ५ का अन्य सम्पदाहरु मध्ये महत्वपूर्ण र पर्यटन सम्भावना भएका धार्मिक, पुरातात्विक, साँस्कृतिक, प्राकृतिक र ऐतिहासिक स्थल गरी जम्मा १२५ सम्पदाहरुको सर्भे गर्ने यकिन गरियो । तत्पश्चात योजनाविद्, पर्यटनविद्, संस्कृतिविद्, GIS Surveyor सहितको टोलीबाट यकिन गरिएका स्थलहरुमा स्थलगत अध्ययन गरियो । प्रत्येक स्थलमा विषयगत विशेषज्ञहरुबाट अध्ययन गरी सूचना तथा जानकारी संकलन गर्ने कार्य भयो । उदाहरणका लागि योजनाविद्ले भौतिक पूर्वाधारको वर्तमान अवस्थाको अध्ययन तथा तत्काल र दीर्घकालमा पर्यटन विकासका लागि गर्नुपर्ने कार्यहरुको टिपोट भयो भने अन्य विशेषज्ञले पनि आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा टिपोट गर्ने काम भयो । Surveyor ले नक्शा बनाउनका लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्ने र GIS recording गर्ने कार्य भयो ।

यसरी स्थलगत अध्ययनबाट प्राप्त तथ्यांकहरुलाई विभिन्न Computer Software प्रयोग गरी विश्लेषण गरियो । विश्लेषित तथ्यांकलाई अरु अध्ययन विधि समेतबाट प्राप्त तथ्यहरुसँग तुलना गरी व्याख्या विश्लेषण गरियो । GIS Map लाई सम्बद्ध स्थलसँग प्रतिवेदनमा संलग्न गरियो ।

### १.६.४ कार्यशाला गोष्ठी (Workshop)

बृहत्तर लुम्बिनी बौद्ध परिपथको पर्यटनसँग सम्बद्ध सरोकारवालाहरु क्रमशः होटलवाला, ट्राभल एजेन्सी प्रतिनिधि, बौद्ध विद्वान, तीनै तहका सरकारहरुको प्रतिनिधि आदिको सहभागितामा बुटवलमा “बृहत्तर लुम्बिनी बौद्धपरिपथ अन्तरगतका महत्वपूर्ण सम्पदाहरुको खोज तथा अनुसन्धान र एकीकृत पर्यटन विकास” विषयक कार्यशाला गोष्ठी आयोजना गरियो । गोष्ठीमा पर्यटनविद्बाट बृहत्तर लुम्बिनी बौद्ध परिपथका बौद्ध तथा अन्य साँस्कृतिक सम्पदा, प्राकृतिक सम्पदा, तिनका वर्तमान अवस्था, पर्यटक बसाई अवधि बढाउन निर्माण गर्नुपर्ने Tour Pakage आदिको बारेमा प्रस्तुति भयो । तत्पश्चात Tourism Product हरुको वर्गीकरण Tour Pakage, तिनका SWOT Analysis, विभिन्न बौद्ध तथा गैर बौद्ध पर्यटकीय स्थलहरु बीचको अन्तर सम्बन्ध आदिको बारेमा अन्तरक्रिया भयो । साथै अन्तमा यस क्षेत्रको दीगो पर्यटन

विकास रणनीतिको सम्बन्धमा समूहबाट सुझाव प्रस्तुत भए । अन्तरक्रिया र सुझावहरुलाई टिपोट गर्ने र लीपिबद्ध गर्ने कार्य पनि सोही बेला सम्पन्न भयो ।

**१.७ अध्ययनको अवधारणागत ढाँचा**

बृहत्तर लुम्विनी बौद्ध परिपथको विकास सम्वन्धी अध्ययन गर्दा विभिन्न अध्ययन विधि प्रयोग गरिएको छ । अध्ययनको ढाँचा निम्न वमोजिम रहेको छ :

**पूर्व साहित्य समीक्षा :** बृहत्तर लुम्विनी क्षेत्र तथा यसको आसपासका पर्यटकीय स्थल सम्वन्धमा हाल सम्म प्रकाशित पुस्तक तथा उपलब्ध जानकारी र तथ्याङकहरुको अध्ययन तथा संश्लेषण गरियो ।

**प्रारम्भिक अन्तरक्रिया तथा छलफल :** बृहत्तर लुम्विनी क्षेत्र तथा यसको आसपासका पर्यटकीय स्थलसंग सम्वन्धित सरोकारवाला तथा विज्ञहरुको भेला गराई यस क्षेत्रमा पर्यटन विकासका लागि गर्नुपर्ने तयारी, पूर्वाधार विकास, पर्यटन बजारीकरण, पर्यटन उत्पादको विकास आदिको वारेमा छलफल गरी सुझाव संकलन गरियो ।

**प्राथमिक तथ्याङक संकलन :** प्रश्नावली सर्भे, सघन अन्तरवार्ता, स्थलगत अध्ययन र कार्याशाला गोष्ठिको माध्यमबाट प्रारम्भिक तथ्याङक तथा सूचना संकलन गरियो ।

**तथ्याङक विश्लेषण तथा व्याख्या :** प्राप्त प्राथमिक तथ्याङक र सूचनालाई SPSS, MS-WORD, Quality Descriptor जस्ता सफ्टवेयरको प्रयोग गरी विश्लेषण गर्नुका साथै र उपयुक्त व्याख्या समेत गरियो ।

**मस्यौदा प्रतिवेदन लेखन तथा प्रस्तुतिकरण :** प्रथम तथा द्वितीय स्रोतबाट प्राप्त जानकारी तथा तथ्याङकलाई विश्लेषण व्याख्या गरिसकेपछि क्रमानुसार मस्यौदा प्रतिवेदनमा उल्लेख गर्नुका साथै पर्यटकीय सम्पदाहरुको फोटो र नक्शा समेत राखियो । मस्यौदा प्रतिवेदनलाई अन्तिम छलफलका लागि प्रदेश मन्त्रालयका प्रतिनिधि र विज्ञहरुको भेलामा प्रस्तुतिकरण गरियो । भेलाबाट प्राप्त सुझावहरु प्रतिवेदनमा समावेश गरियो ।

**अन्तिम प्रतिवेदन तयारी :** भेलाबाट प्राप्त सबै सुझावहरु मस्यौदा प्रतिवेदनमा संलग्न गरी शुद्धाशुद्धि समेत गरेर अन्तिम प्रतिवेदन तयार गरियो र प्रदेश मन्त्रालयलाई बुझाइयो । अध्ययनको अवधारणागत ढाँचा देहाय बमोजिम रहेको छ ।



# अध्याय-२

# पूर्व अध्ययन

## २. पूर्वसाहित्य समीक्षा

बृहत्तर लुम्विनी बौद्ध परिपथको विकास सम्वन्धी अध्ययनको सन्दर्भमा प्रकाशित तथा अप्रकाशित धेरै पुस्तक लेख रचना आदि अध्ययन गरियो । समिक्षा गरिएका केहि महत्वपूर्ण पुस्तहरु निम्न बमोजिम रहेका छन :

२.१ ए.फुहरर, (सन् १८९७), ***मोनोग्राफ अन शाक्यमुनि बर्थप्लेस इन द नेप्लिज तराई,*** अल्लाहवाद : द गभर्मेन्ट प्रेस ।

ए.फुहररको यो प्रतिवेदनले भगवान शाक्यमुनि बुद्धको जन्म लुम्बिनीमा भएको तथ्यलाई पहिलो पटक उजागर पारेको थियो । लुम्बिनी स्थित अशोक स्तम्भ विवरण, त्यसमा उत्कीर्ण गरिएको सम्राट अशोकको शिलालेखलाई यस प्रतिवेदनले अनुवाद र ब्याख्या गरेको छ । यही प्रतिवेदनले कपिलवस्तु जिल्लामा अवस्थित तिलौराकोटलाई प्राचीन शाक्यहरुको राजधानी र राजा शुद्धोधनको दरवार जहाँ राजकुमार सिद्धार्थले २९ वर्ष आफ्नो जीवनको स्वर्णिमकाल बिताउनु भएको थियो भनी प्रमाणित गरेको छ । पुरातात्विक अन्वेषण तथा उत्खनन् विधि एवं अनुसन्धानबाट खोजी कार्य गरी तयार पारिएको यो प्रतिवेदनले भगवान शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी र उहाँको दरवार तिलौराकोट पत्ता लगाउने महत्वपूर्ण कार्य गरेको भएपनि पर्यटन विकास सम्बन्धी यो प्रतिवेदनमा उल्लेख छैन ।

२.२ पि.सि.मुखर्जी, (सन् १९६९), ***रिपोर्टस अन टुर अफ एक्पोरेशन अफ द एन्टिक्युटिज अफ कपिलवस्तु तराई अफ नेपाल,*** दिल्ली : इन्डोलोजिकल बुक हाउस ।

पि.सि.मुखर्जी पुरातात्विक उत्खननको यो प्रतिवेदनले वृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र रहेका महत्वपूर्ण पुरातात्विक स्थलहरुको पहिचान गरेको छ । वैज्ञानिक पुरातात्विक अन्वेषण तथा उत्खनन् विधिबाट अनुसन्धान कार्य जारी गरी तयार पारिएको यो प्रतिवेदनले प्राचिन बौद्ध ग्रन्थहरुले वर्णन गरेका सम्पूर्ण विशेषताहरु वर्तमान तिलौराकोले पुरा गर्दछ । त्यसैले तिलौराकोट नै प्राचिन शाक्यहरुको दरवार हो । जहाँ सिद्धार्थले राजकुमारको रुपमा २९ वर्ष जीवनयापन गरेका थिए भनी प्रमाणित गरेको छ । मायादेवी मन्दिर भित्र रहेको बुद्धजन्म मूर्तिको माथिल्लो भाग (टाउको) लगायत लुम्बिनी र कपिलवस्तु क्षेत्रमा महत्वपूर्ण पुरावस्तु हो यो खोजबाट प्राप्त भएको थियो र ती Antiquities हरुलाई यो प्रतिवेदनले फोटो र Drawing सहित राम्ररी संग्रह गरेको छ । तिलौराकोटलाई प्राचिन कपिलवस्तुको राजधानीको रुपमा यही प्रतिवेदनले आधिकारिकता प्रदान गरेको हो ।

२.३ देवला मित्र (सन् १९७२), ***एक्जाभेसन एट तिलौराकोट एण्ड कुदान एण्ड एक्जाभेसन इन द नेप्लिज तराई,*** काठमाण्डौं : डिपार्टमेन्ट अफ आर्कोलोजी, नेपाल ।

देवला मित्रले तयार पारेको यो उत्खनन् प्रतिवेदनले बृहत्तर लुम्बिनी क्षेत्रको २८ वटा महत्वपूर्ण पुरातात्विक स्थानहरुको बारेमा चिनारी दिएको छ । यो प्रतिवेदनले तिलौराकोटले प्राप्त पुरावस्तुहरु इ.पू. तेस्रो शताब्दीका किटान गरे पनि तिलौराकोटमा मानव वस्ती ई.पू. छैटौं शताब्दी देखि बसेको हुनुपर्छ भनी अनुमान गरेको छ । देवला मित्रको उत्खननको क्रममा धेरै मात्रामा NBP, Gray ware, टेराकोट्टा, पाषाण, धातु, सिसा र हड्डी आदिबाट निर्मित पुरावस्तुहरु प्राप्त भएका थिए । साथै इट्टा, चुरच, माला आदि जस्ता पुरावस्तुहरु प्रशस्त प्राप्त भएका थिए । ती सबै पुरावस्तुहरुलाई यो प्रतिवेदनले फोटा र Drawing सहित राम्ररी संग्रह गरेको छ । यसको अतिरिक्त यो प्रतिवेदनले पुरातात्विक अन्वेषण र उत्खनन् भएका कुदान, गोटिहवा, निग्लिहवा, अरौराकोट, सगरहवा, सिसनिया, लुम्बिनी, बन्जराही, पैसैया लगायत महत्वपूर्ण पुरातात्विक स्थलहरुको सुन्दर नक्शा पनि समेटेको छ ।

२.४ बि.एल.प्रधान (१९७९), ***लुम्बिनी, कपिलवस्तु एण्ड देवदह,*** काठमाण्डौं : रिसर्च सेन्टर फर नेपाल एण्ड ऐसियन स्टडि ।

यो पुस्तकमा लुम्बिनी, कपिलवस्तु र देवदहका सम्बन्धमा महत्वपूर्ण लेखहरु संग्रहित छन् । पुस्तकले बृहत्तर लुम्बिनी क्षेत्रमा अवस्थित महत्वपूर्ण बौद्ध तीर्थस्थलहरुको बारेमा राम्ररी प्रकाश पारेको छ । फोटा र चित्र सहित लुम्बिनी, गोटिहवा र निग्लिहवामा रहेको अशोक स्तम्भका बारेमा भएको विस्तृत ब्याख्या अध्यताहरुका लागि साह्रै उपयोगी मानिन्छ । यस परिपथमा रहेका तीन अशोक स्तम्भको नासिन गएका भागहरुको समेत चित्र बनाई सग्लो अवस्थामा कस्तो थियो, कस्तो र कति भाग नासिएको छ भन्ने जानकारी गराइएको छ ।

२.५ वि.के. रिजाल (१९९६), ***हण्ड्रेड इयरस अफ आर्कोलोजिकल रिसर्च इन लुम्बिनी, कपिलवस्तु एण्ड देवदह,*** काठमाण्डौं : एस.के.इन्टरनेशनल पब्लिसिङ हाउस ।

बाबु कृष्ण रिजालद्वारा लिखित यो सानो पुस्तकले लुम्बिनी, कपिलवस्तु र देवदह क्षेत्रमा १०० वर्षसम्म गरिएको पुरातात्विक अनुसन्धानको सारांश प्रस्तुत गर्दछ । यो पुस्तका महत्वपूर्ण पुरातात्विक स्थलहरुको बारेमा वर्णन गर्दै उत्खनन्को क्रममा ती स्थानहरुबाट प्राप्त पुरावस्तुहरुको छोटकरीमा वर्णन गरिएको छ । यस पुस्तकले तिलौराकोटमा मानव बसोबासको पाँच साँस्कृतिक चरण भएको उल्लेख गरेको छ । यो पुस्तकको अनुसूचीमा संलग्न “हिन्दी दैनिकमा प्रकाशित, हराएको कपिलवस्तु शहर भेटियो” नामक लेखले नेपालको तिलौराकोट नै प्राचिन शाक्यहरुको राजदरवार भएको थप प्रमाण दिएको छ ।

२.६ जि.भेरार्दी (२००२) ***एक्जाभेसन एट गोटिहवा एण्ड टेरिटोरियल सर्भे इन कपिलवस्तु डिस्ट्रिक्ट अफ नेपाल,*** लुम्बिनी : लुम्बिनी इन्टरनेशनल रिसर्च इन्स्टिच्यूट :

यो पुरातात्विक अन्वेषण तथा उत्खनन् प्रतिवेदन हो जसले ककुच्छन्द बुद्धको जन्मस्थल गोटिहवाको बारेमा विस्तृत ब्याख्या गर्दछ । यो अध्ययन प्रतिवेदनले गोटिहवाको अशोक स्तम्भ र प्राचिन स्तूपको विस्तृत विवरण प्रस्तुत गरेको छ । यस अध्ययनले पहिलेको अध्ययन गरेको कमि कमजोरीहरुलाई वैज्ञानिक परीक्षणको आधारमा सच्याएको छ । उदाहरणका लागि पि.सि.मुखर्जीले गोटिहवाको अशोक स्तम्भ ग्रेनाइटको स्ल्याब माथि उभिएको उल्लेख गर्नु भएको कुरालाई सच्याएर बलौटे ढुङ्गाको स्ल्याबमा उभिएको तथ्य यो प्रतिवेदनले सार्वजनिक गरेको छ, जुन सत्य हो । यो प्रतिवेदनले गोटिहवा स्तूप निर्माणको दुई चरणलाई उजागर गरेको छ । पुरानो चरणलाई तेस्रो शताब्दी इशा पूर्व र बाहिरको निर्माण पछि थपिएको पुष्टि गर्दछ । यो प्रतिवेदनको महत्वपूर्ण योगदान पुरातात्विक अन्वेषणबाट उजागर गरिएको १३६ वटा पुरातात्विक स्थलहरुको सूची हो । जुन कपिलवस्तु जिल्लाको कोठी र वाणगंगाका नदीका बीचमा अवस्थित छन् ।

२.७ वसन्त विडारी (२००२), ***लुम्बिनी : अ हेभेन अफ सेक्रेड रिफ्युज*** , लुम्बिनी : लेखक ।

लुम्बिनी अध्यताका लागि यो महत्वपूर्ण पुस्तक हो । यो पुस्तकले लुम्बिनीलाई बहु आयामिक पक्षबाट ब्याख्या गरेको छ । यो पुस्तकले लुम्बिनीको इतिहास, पुरातत्व र पुरातात्विक सम्पदा खोजीको बारेमा विभिन्न प्रबुद्ध व्यक्तिको विचार र योगदानको बारेमा बृहङ्गम व्याख्या गरेको छ । अर्को अध्यायमा यस पुस्तकमा बुद्ध भगवानको जन्म देखि महापरिनिर्वाणसम्मको विषयलाई सरस ढङ्गले प्रस्तुत गरेको छ । लेखकले व्यक्तिगत अध्ययनको आधारमा भगवान बुद्धको जन्म अशोक बृक्षको फेदमा भएको हो भन्ने दाबी समेत प्रस्तुत गर्नुभएको छ ।

२.८ वसन्त मर्हजन (२००५), ***लुम्बिनी ऐतिहासिक तथा पुरातात्विक अध्ययन,*** काठमाण्डौ : वसागि डट कम ।

यस पुस्तकलाई लेखकले ५ अध्यायमा विभाजन गरी लुम्बिनीको ऐतिहासिक तथा पुरातात्विक जानकारीका बारेमा उल्लेख गरेका छन । यसशोध प्रतिवेदनका लागि लुम्बिनीको ऐतिहासिक र पुरातात्विक जानकारीका बारेमा अवगत गराउने भएकाले यो पुस्तक महत्वपूर्ण छ, तर यस पुस्तकमा लुम्बिनी विकास कोषको स्थापनाको पृष्ठभूमि, वर्तमान लुम्बिनीको स्वरूप, कोषबाट भई आएका विकास निमार्ण कार्य र पर्यटकहरूको विवरण उल्लेख छैन ।

२.९ लोक दर्शन बज्राचार्य (२०६३), **लुम्बिनी एक स्मृति,** काठमाण्डौ : वासन्तीदेवी बज्राचार्य ।

यस पुस्तकलाई लेखकले ३५ वटा शीर्षकमा विभाजन गरी आफू लुम्बिनी विकास समितिको अध्यक्ष हुदाँ लुम्बिनीको विकासका लागि गरेका प्रयासहरूको बारेमा र लुम्बिनीको ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, महत्वका साथै लुम्बिनी गुरुयोजनाका बारेमा जानकारी प्रस्तुत गरेका छन । यस शोध प्रतिवेदनका लागि गुरुयोजना कार्यान्वयनको प्रयास र लुम्बिनीको प्राचीन तथा वर्तमान जानकारी दिने भएकोले यो पुस्तक महत्वपूर्ण छ, तर यस पुस्तकमा लुम्बिनी विकास कोषबाट भई आएका विकास निर्माण कार्यको विवरण, वर्तमान लुम्बिनीको स्वरूप उल्लेख छैन ।

२.१० बसन्त बिडारी (२००७) ***कपिलवस्तु : द वर्ल्ड अफ सिद्धार्थ,*** लुम्बिनी : लेखक ।

यो पुस्तकले कपिलवस्तु जिल्लामा अवस्थित महत्वपूर्ण पुरातात्विक तथा ऐतिहासिक स्थलहरु कुदान, गोटिहवा, तिलौराकोट, निग्लिहवा र सगरहवाको बारेमा विस्तृत व्याख्या गरेको छ । पुरातात्विक स्थलहरुको भौगोलिक अवस्थिति, ऐतिहासिक पृष्ठभूमि, हालसम्म भएका पुरातात्विक अनुसन्धानहरु, त्यसबाट प्राप्त पुरावस्तु तथा प्रमाणहरुको मिहिन ढङ्गले केलाएर तर्क संगत निष्कर्ष यस पुस्तकमा निकालिएको छ ।

२.११ गितु गिरी (२००८), ***लुम्बिनी द बुद्धिष्ट वल्ड,*** लुम्बिनी : एकेडमी लुम्बिनी ।

यस पुस्तकलाई लेखकले ३० वटा शीर्षकमा विभाजन गरी बुद्ध जन्मस्थल लुम्बिनी र यसको ऐतिहासिक, साँस्कृतिक जानकारी लगायत लुम्बिनीको वर्तमान अवस्था र लुम्बिनी गुरुयोजनाका बारेमा लुम्बिनीको जैविक विविधताका बारेमा उल्लेख गरेका छन् । यस शोध प्रतिवेदनका लागि ऐतिहासिक जानकारी,

गुरुयोजनाका बारेमा जानकारी दिने भएकाले यो पुस्तक महत्वपूर्ण छ । तर यस पुस्तकमा लुम्बिनी विकास कोषको स्थापनाको पृष्ठभूमि, कोषबाट भइआएका विकास निर्माण कार्य र तीर्थयात्रीहरुको विवरण उल्लेख छैन ।

२.१२ हरिध्वज राई (२०१०), ***लुम्बिनी, द सुप्रिम पिल्ग्रिमेज,*** काठमाण्डौं : होली अशोका टुर्स एण्ड ट्राभल्स ।

यस पुस्तकलाई लेखकले मुख्य १० वटा शीर्षक विभाजन गरी लेखेका छन । १० शीर्षक मध्ये ४ वटा शीर्षकमा बुद्ध जन्मस्थल लुम्बिनी लगायत बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध रहन गएका विभिन्न ठाउँहरूको परिचय र महत्वका बारेमा उल्लेख गरेका छन भने ४ वटा शीर्षकमा वातावरण संस्कृतिका बारेमा उल्लेख गरेका छन । त्यसैगरी एउटा शीर्षकमा बौद्ध दर्शनका बारेमा उल्लेख गरेका छन । यस शोध प्रतिवेदनका लागि लुम्बिनीको ऐतिहासिक जानकारी र वर्तमान स्थितिका बारेमा जानकारी दिने भएकाले पुस्तक महत्वपूर्ण छ । तर यस पुस्तकमा लुम्बिनी विकास कोषको स्थापनाको पृष्ठभूमि, कोषबाट भई आएका विकास निमार्ण कार्य र पर्यटकहरूको विवरण उल्लेख छैन ।

२.१३ बसन्त बिडारी (दिनेश चन्द्र रेग्मी, अनु) (२०१३), ***लुम्बिनीको मौन आह्वान,*** लुम्बिनी : वसन्त विडारी यस पुस्तकलाई दुई भागमा विभाजन गरी लेखकले प्रथम भागमा शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी तथा लुम्बिनीको गुरुयोजनाको झलक प्रस्तुत गरेका छन भने दोस्रो भागमा लुम्बिनीको पुरातात्विक तथा ऐतिहासिक व्यक्ति, वस्तु तथा अभिलेखहरूको विश्लेषण गरेका छन । यस कृतिले लुम्बिनीको विषयमा ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक विषयको

महत्व तथा गुरुयोजनाका बारेमा यथेष्ट जानकारी प्रस्तुत गरेको छ । यस शोध प्रतिवेदनका लागि लु.वि.को.को पृष्ठभूमि तथा लुम्बिनीको प्राचीन तथा वर्तमान जानकारी दिने भएकाले यो पुस्तक महत्वपूर्ण छ । तर यस पुस्तकमा लुम्बिनी विकास कोषको स्थापनाको पृष्ठभूमि, कोषबाट भई आएका विकास निमार्ण कार्यको विवरण उल्लेख छैन ।

२.१४ लुम्बिनी विकास कोष (२०१७) ***क्यालेण्डर अफ फेस्टिभल्स,*** लुम्बिनी : लुम्बिनी विकास कोष ।

यो पुस्तकले बृहत्तर लुम्बिनी बौद्ध परिपथमा युगौ देखि सभ्यता र जीवनशैलीका रुपमा प्रचलनमा रहेका अमूर्त सम्पदाहरुलाई संकलन गरेको छ । यस क्षेत्रमा हर्ष र उल्लासपूर्वक मनाउने बौद्ध तथा गैर बौद्ध चार्डपर्वहरुलाई यस पुस्तकमा विस्तृत रुपमा चर्चा गरिएको छ । पुस्तकले यस क्षेत्रमा मनाइने २३ वटा राष्ट्रिय पर्वहरु र लुम्बिनी विहार क्षेत्रमा अवस्थित २५ बौद्ध मन्दिरहरुले मनाउने सय भन्दा बढी बौद्ध चाडपर्वहरु कहिले कसरी मनाइन्छ, तिथि-मिति सहित प्रकाशन गरेको छ । अंग्रेजी भाषमा प्रकाशित यो पुस्तकले विश्व सामु यस क्षेत्रको अमूर्त सम्पदाका बारेमा जानकारी प्रदान गर्दछ ।

२.१५ सैनामैना नगरपालिका (२०७६), **सैनामैना दर्पण,** सैनामैना नगरपालिकाको कार्यालय, बुद्धनगर, रुपन्देही, आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस ।

सैनामैना नगरपालिकाले झपेन्द्र जी.सी.को संयोजकत्वमा डा.गितु गिरी समेतका ९ जनाको अनुसन्धान तथा लेखन समिति निर्माण गरी सैनामैना क्षेत्रको ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको खोज गरी पहिचान दिन सैनामैना दर्पण प्रकाशित गरेको छ । उक्त पुस्तकले शुद्धोधनको दरवार तिलौराकोट, बुद्धजन्मस्थल लुम्बिनी, बुद्धको मावली देवदह र अस्तुधातु रहेको रामग्राम समेतकै समकालीन अभिन्न अंग सैनामैना क्षेत्र हो भन्ने कुरा रानीकुवा, ठूलोकुवा, मूर्धनी, बौराहाखोला, राजपुर (बुटवल) लगायतका क्षेत्रमा प्राप्त प्रस्तर मूर्ति, प्रस्तर इनार र इट्टाले निर्माण भएका महलका अवशेषहरुबाट पुष्टि हुने कुराको उल्लेख गर्दै उक्त क्षेत्रको उत्खनन् गरी प्राप्त तथ्यहरुको आधारमा अर्को महत्वपूर्ण बौद्ध क्षेत्र (Buddhist Site) बनाउनु पर्नेमा जोड दिएको छ ।

२.१६ पदमपाणि योग तथा प्राकृतिक चिकित्सालय (२०७६), **पदमपाणि मत्स्येन्द्रनाथ, प्राकृतिक चिकित्सा केन्द्र सैनामैना, चारपाला,** अक्षिम प्रेस, बुटवल

लेखक झपेन्द्र जी.सी., डा.गितु गिरी र डा.दीपक पौडेलद्वारा लिखित खोजमूलक पुस्तक "पदमपाणि मत्स्येन्द्रनाथ" मा प्राचीन कपिलवस्तु क्षेत्र प्राचीन मानवसभ्यता रहेको उल्लेख गरिएको छ । उक्त पुस्तकले साङख्य दर्शनका प्रणेता महर्षि कपिल, विश्वशान्तिका अग्रदुत गौतमबुद्ध, बौद्ध योग दर्शन र यसका शुत्राधार महर्षि पतञ्जलि तथा दशौं शताब्दीको सेरोफेरोमा बोधिसत्व प्राप्त गरी बौद्ध महायान सम्प्रदायमा बज्रयान सम्प्रदायको स्थापना र हठयोग साधना मार्फत बौद्ध धर्म र योग दर्शनलाई विश्वव्यापी बनाउन महत्वपूर्ण योगदान गरेका पदमपाणि मत्स्येन्द्रनाथका विभिन्न आकृतिका मूर्तिहरु फेला परेकाले सैनामैना क्षेत्र महत्वपूर्ण बौद्ध स्थल (Buddhist Site) भएको उल्लेख गरिएको छ ।

२.१७ देवदह नगरपालिका (२०७६), **बौद्ध शिक्षा र देवदह परिचय,** देवदह नगरपालिका, रुपन्देही, शब्दघर अफसेट प्रेस, बागबजार काठमाण्डौं ।

लेखकहरु डा.शरादा पौडेल, निर बहादुर गुरुङ्ग र निर्मल ढुङ्गानाद्वारा लिखित र हिरामणी शर्मा समेतबाट सम्पादित देवदहको स्थानीय पाठ्यक्रम अन्तरगत कक्षा-६ का विद्यार्थीहरुका लागि तयार पारिएको बौद्ध शिक्षा र देवदह परिचय भन्ने पुस्तकमा देवदह क्षेत्रमा कोलीय गणराज्य भएको, शाक्य गणराज्य र कोलीय गणराज्यको सम्बन्ध बौद्धकालीन आदर्शनारीहरु माता मायादेवी, माता प्रजापति र माता यशोधराको जन्म यही देवदह क्षेत्रमा भएको उल्लेख गरिएको छ

। कोलीय गणराज्यको दरवार भएको क्षेत्रमा फरकमत देखिए पनि खयरडाँडा मङ्गल पुष्करिणी दह कन्यामाई, बैरीमाई, भवानीपुर शीतलनगर, पण्डितपुर, रामग्राम र अनोमाधाम महत्वपूर्ण धार्मिक र पर्यटकीय बौद्ध स्थल (Buddhist Site) भएको व्याख्या गरिएको छ ।

२.१८ देबेन्द्रराज शाक्य र धर्मी शाक्य देबेन्द्रराज शाक्य, धर्मी शाक्य (२०७५), **बुटवलमा बुद्ध धर्म;** लेखकहरु, पाकरी प्रकाशन प्रा.लि., बुटवल (२०७५ द्वारा लिखित बुटवलमा बुद्ध धर्म भन्ने पुस्तकमा बुटवललाई बुद्धवल्ली क्षेत्र भनी उल्लेख गरिएको छ । कोशल नरेश प्रसेनजीतको छोरा विरुद्धकले राजा भएपछि कपिलवस्तुका शाक्यवंशी मावलीहरुले आपुलाई दासीपुत्र भनी अपमान गरेकोले कपिलवस्तु राज्यमा भिषण आक्रमण गरी ७७००० शाक्यहरुको सगरहवामा निर्मम हत्या गरेकोले बाँचेका शाक्यहरु अफगानिस्तान, चीन, तीब्बत र काठमाण्डौं तर्फ बसाइ सराइ गरेको उल्लेख गरिएको छ । यस पुस्तकको हाधारमा बुटवल क्षेत्र कपिलवस्तु राज्यको अंग भएको र आज भन्दा करिब १०० वर्ष अघि पाटनका साहु सिंहबीर बज्राचार्य बुटवलमा बसाइ सराइ गरी बुटवलको पदमचैत्य विहारको स्थापना गरेको भनी व्याख्या गरिएको छ ।

२.१९ देबेन्द्रराज शाक्य (२०७३), प्राचीन कोलीय र शाक्य गणराज्य अन्तरगतका बौद्ध सम्पदा; लेखक जनप्रकाशन प्रिन्ट, बुटवल ।

देबेन्द्रराज शाक्य (२०७३), द्वारा लिखित प्राचीन कोलीय र शाक्य गणराज अन्तरगतका बौद्ध सम्पदामा पूण्य भूमि/देवभूमि/देवदह, भवानीपुर, बैरिमाई, कन्यामाई, रामग्राम स्तूप, बुद्ध मङ्गल ताल, तिलौराकोट, बुद्ध जन्म स्मारक शीला, अशोक स्तम्भ, कुदान, सगरहवा, गोटिहवा, निग्लिहवा, निग्रोधाराम विहार, रोहिणी (क्षेत्री कन्या) को आशनशाला, कालखेमकाराम विहार, घटाय शाक्यको विहार, नयाँ संस्थागार र सैनामैना जस्ता स्थललाई बौद्ध सम्पदा स्थलको रुपमा व्याख्या गरिएको छ ।

# अध्याय-३

# प्रदेश नं.५ का सम्पदाहरुको वर्गीकरण

## ३.१ सम्पदाको परिचय

नेपालको प्रदेश नं ५ मा हिमाल, पहाड र तराईका १२ वटा जिल्लाहरु अवस्थित छन । यो प्रदेशले सबै भौगोलिक क्षेत्रहरु ओगटेकोले सबै खालका हावापानी, प्रकृति र संस्कृति यो भागमा पाइन्छ । बौद्ध, हिन्दू, मुसलमान, किरात, प्रकृतिपूजक सबै जाती यो प्रदेशमा मिलेर बसेका छन । यो प्रदेशमा प्राकृतिक तथा मानव निर्मित अनगिन्ति सम्पदाहरु छन, जसले यो क्षेत्रको प्राचीन मानव सभ्यता र प्राकृतिक वैभवताको परिचय दिन्छन् । भगवान शाक्यमुनि बुद्ध र उहाँ भन्दा अगाडिका बुद्धहरु ऋकुच्छन्द र कनकमनि पनि यही प्रदेशको धर्तिमा जन्मेका थिए ।

## ३.१ सम्पदाको प्रकार

पुरानो पुस्तकबाट नासोको रूपमा हस्तान्तरित, वर्तमान पुस्ताद्वारा संरक्षण तथा उपभोग गरिएको र आउने पुस्तालाई उपहारको रुपमा छोडिने प्राकृतिक तथा मानव निर्मित सम्पत्ति नै सम्पदा हुन । सम्पदा प्राकृतिक तथा मानव निर्मित वैभव हुन, जुन कुनै राष्ट्र, समाज वा स्थानको इतिहासका सभ्यता, कला, अर्थतन्त्र, राजनीतिसँग सम्बन्धित हुन्छ । यस्ता सम्पदालाई कुनै जाति विशेष वा राष्ट्रको गौरव तथा आर्थिक स्रोत को रुपमा प्रयोग गरिन्छ । सम्पदालाई मूलतः प्राकृतिक सम्पदा र मानव सम्पदा गरी दुई प्रकारमा बिभाजन गर्न सकिन्छ । सम्पदाको समुचित उपयोग तथा संरक्षणद्वारा नै मानव जाति वा राष्ट्रको विकास सम्भव हुन्छ । यस्ता सम्पदाको समुचित उपयोग र जगेर्ना गर्न नसक्नाले कुनै जाति विशेष वा राष्ट्रको इतिहासको लोप हुने मात्र होइन अपितु विश्व समुदायमा आफ्नो गौरव र परिचय समेत गुमाउनु पर्ने हुन्छ । आफ्नो देशको आर्थिक उन्नतिको लागि पनि यस्ता प्रकृति प्रदत्त वा मानव निर्मित सम्पदाको समुचित प्रयोग गर्नुपर्दछ । वैभवशाली सम्पदा भएका राष्ट्रहरुले आजको एक्काइसौं शताब्दीमा पर्यटनको माध्यमबाट ठूलो मात्रामा आर्थिक लाभ लिन सक्दछन । तसर्थ प्रकृति वा इतिहासबाट नासोको रूपमा प्राप्त यस्ता सम्पदाहरूको संरक्षण, विकास र प्रवर्द्धन गर्न जरुरी हुन्छ ।

जैविक विविधता, जनावर र वनस्पति, पारिस्थितिक प्रणाली (Ecosystem) र भौगोलिक अवस्थाको समग्रता नै प्राकृतिक सम्पदा हुन । हिमाल, पर्वतमाला, नदीनाला, सागर, समुद्र, ताल, वनजंगल, वनस्पति, पशुपन्छी आदि सबै प्राकृतिक सम्पदाका उदाहरण हुन । अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तालाई हस्तान्तरण हुने महत्वपूर्ण भौतिक तथा अभौतिक मानव निर्मित सम्पत्ति नै साँस्कृतिक सम्पदा हुन । साँस्कृतिक सम्पदालाई मूर्त सम्पदा तथा अमूर्त सम्पदा गरी दुई भागमा विभाजन गरिन्छ । कुनै जाति वा समाजको इतिहास सभ्यता कला भाषा संस्कृति आदि प्रतिनिधित्व गर्ने स्मारकहरू, भवन उक्त कलाकृति पुस्तक आदि मूर्त साँस्कृतिक सम्पदा हुन । यसैगरी कुनै जाति वा समाजको इतिहास सभ्यता कला, भाषा, संस्कृति आदि प्रतिनिधित्व गर्ने लोककथा, परम्परा, गीत संगीत, ज्ञान आदि अमूर्त साँस्कृतिक सम्पदा हुन ।

## ३.३ प्रदेश नं.५ का सम्पदाहरुको वर्गीकरण

प्रदेश नं ५ मा प्राकृतिक तथा साँस्कृतिक सम्पदाको ठूलो भण्डार छ, भन्दा अतिशयोक्ति नहोला । यो प्रदेशमा इतिहास र प्रकृतिले प्रदान गरेका यस्ता अनमोल सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरी ठूलो संख्यामा स्वदेशी तथा बिदेशी पर्यटकहरु आकर्षण गर्न सक्दछ । जसबाट स्थानीय तथा प्रदेश स्तरमा धेरै रोजगारीको अवसर प्राप्त हुनुको

साथै विदेशी मुद्रा समेत आर्जन गर्न सकिन्छ । यो अध्ययन प्रयोजनको लागि यस प्रदेशको सम्पदालाई निम्नानुसार तीन भागमा वर्गीकरण गरी अध्ययन गरिनेछ ।

**बृहत्तर लुम्बिनी बौद्ध परिपथका प्रमुख मूर्त सम्पदाहरु :** यो अध्ययनको शीर्षक र केन्द्रविन्दु नै बृहत्तर लुम्बिनी बौद्ध परिपथ रहेको छ । यो परिपथले विश्वभरका पर्यटकहरुलाई यतातिर आकर्षण गर्ने भएकोले बृहत्तर लुम्बिनी बौद्ध परिपथ तान्ने केन्द्र (Pull Factor) हो । पर्यटकहरू यहाँसम्म आएपछि नेपालका अन्य पर्यटकीय स्थलहरुमा लैजाने प्रयत्न गर्नुपर्दछ । यस शीर्षक अन्तरगत प्रमुख बौद्ध तीर्थस्थलहरुः लुम्बिनी, कुदान, गोटिहवा, तिलौराकोट, निग्लिहवा, अरौराकोट, सगरहवा, सिसनिया, रामग्राम र देवदहको बारेमा विस्तृत चर्चा गरिनेछ ।

**बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका प्रमुख मूर्त सम्पदाहरु :** यो शीर्षकमा बृहत्तर लुम्बिनी बौद्ध परिपथ भित्र पर्ने प्रमुख पुरातात्विक तथा आध्यात्मिक स्थलहरूको अतिरिक्त प्रदेश नं ५ अन्तरगत पर्ने १२ वटा जिल्लाका महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन गरिनेछ । त्यसको अतिरिक्त नेपालका प्रमुख पर्यटकीय स्थान तथा सम्पदाहरुको बारेमा समेत छोटकरीमा चर्चा गरिनेछ । यो अध्ययनबाट बृहत्तर लुम्बिनी बौद्ध परिपथ तर त्यो भन्दा बाहिर रहेका पर्यटकीय स्थलहरु बीच अन्तरसम्बन्ध (linkage) कायम गर्न र पर्यटक आदान प्रदानमा मद्दत पुग्नेछ ।

**प्रदेश नं ५ का अमूर्त सम्पदाहरु :** प्रदेश नं ५ हिमाल, पहाड र तराईमा फैलिएको हुँदा यो प्रदेशमा चार जात छत्तीस वर्णका विभिन्न जातजातिहरुले बसोबास गर्दछन । भूगोल अनुसार उत्तरी क्षेत्रमा मगर जातिको बाहुल्यता रहेको छ । पहाडी भागमा मगर, गुरुङ्ग, क्षेत्री, बाहुन, ठकुरी, दमाई, कामी आदि जातिको बाक्लो बस्ति छ । समथर तराई भागमा यादव, कुर्मी, गुप्ता, थारू, चौधरी, त्रिपाठी, मुसलमान, कोहार , तेली, मौर्य, आदि जातिको सघन बसोबास रहेको छ यो प्रदेशमा हिन्दू, बौद्ध, मुसलमान, प्रकृतिपूजक जस्ता धर्मावलम्बीहरुको बसोबास रहेको छ । यस्ता विभिन्न जातजाति र उनीहरूको धर्म, संस्कृति इतिहास, ज्ञान, सीप कला, परम्परा आदिसँग सम्बन्धित सयौं अमूर्त सम्पदाहरु यस क्षेत्रमा विद्यमान रहेका छन । लामो समय र अनुभवको कसीमा खारिएको जीवन्त धर्म-संस्कृति तथा कला कलाकृतिहरु पर्यटक आकर्षणका लागि अमूल्य निधि सावित हुन सक्दछन । अतः यो अध्ययनमा यस प्रदेशमा रहेका अमूर्त सम्पदाहरूको बारेमा चर्चा गरिन्छ ।

# अध्याय-४

# बृहत्तर लुम्बिनी बौद्ध परिपथका प्रमुख मूर्त सम्पदाहरु

## ४. बृहत्तर लुम्बिनी बौद्ध परिपथका प्रमुख मूर्त सम्पदाहरुको अवस्थिति, वर्तमान अवस्था र पर्यटन बिकासका लागि गर्नुपर्ने कार्यहरु

यो अध्यायमा बृहत्तर लुम्बिनी बौद्ध परिपथका प्रमुख बौद्ध तीर्थस्थलहरुः लुम्बिनी, कुदान, गोटिहवा, तिलौराकोट, निग्लिहवा, अरौराकोट, सगरहवा, सिसनिया, रामग्राम र देवदहको बारेमा विस्तृत चर्चा गरिनेछ । यी प्रमुख मूर्त सम्पदाहरुको अवस्थिति र वर्तमान अवस्था कस्तो छ ? पर्यटन विकासका लागि के कस्ता कार्यहरु गर्नुपर्छ भन्ने विषयमा तल व्याख्या गरिने छ ।

### ४.१ लुम्बिनी

विश्व शान्तिका अग्रदूत, एशियाका प्रकाश, ज्ञानका ज्योति, भगवान शाक्यमुनि बुद्ध हाम्रो देश नेपालमा जन्मेका हुन् भन्न पाउँदा हामी सम्पूर्ण नेपालीहरुलाई गौरब लाग्नु स्वभाविकै हो । गौतम बुद्ध नेपालमा जन्मे पनि उनको शान्तिमय प्रकाश संसारभरि फैलिएको छ । उनले आफूलाई प्राप्त ज्ञानको ज्योति संसारभरि फैलाएका छन्, त्यसैले उनी जन्मेको र मृत्युवरण गरेको हजारौँ वर्ष भइसक्दा पनि उनी हरेक शान्तिप्रेमी नेपाली तथा विश्वका जनसमुदायका मन, मुटु र मस्तिष्कमा विद्यमान छन् । उनको बारेमा खोजी गर्ने, उनले टेकेका पाइलाहरुको माटो स्पर्स गर्दै र उनलाई पछ्याउँदै हिँड्ने अनुयायीहरुको संख्या दिन प्रति दिन बढ्दै गइरहेको छ । यसै सन्दर्भमा आज हामी उनले पाइला टेकेको धर्ती तथा उनले विचरण गरेका महत्वपूर्ण स्थानहरुको बारेमा खोजी गर्दैछौँ । (फोटो नं.१)

लुम्बिनी त्यही स्थान हो जहाँ शान्तिका अग्रदूत महात्मा गौतम बुद्धले आफ्नी आमा मायादेवीको गर्भबाट धर्तीमा पदार्पण गरेका थिए । आजभन्दा झण्डै छब्बीस सय वर्ष पहिले अर्थात ईसापूर्व ६२३ को बैशाख पूर्णिमाको दिन आफ्नो माइती देवदह जाने क्रममा रानी मायादेवीले सिद्धार्थ राजकुमारलाई लुम्बिनीमा जन्म दिइन् । मायादेवी कपिलवस्तुका राजा शुद्धोधनकी रानी थिइन । शुद्धोधन शाक्य वंशका थिए, उनको प्राचीन राज्य तिलौराकोटमा थियो । जुन लुम्बिनीदेखि करिब २८ किलोमिटर जति उत्तर पश्चिम दिशामा बाणगंगा नदीको किनारमा पर्छ । उनको माइती घर आफ्नो कर्मघरदेखि पूर्व हालको रुपन्देही जिल्ला देवदह नगरपालिका अन्तर्गत पर्ने देवदह भन्ने स्थानमा थियो । उक्त स्थान कोलीय गणराज्यको राजधानी थियो । कोलीयहरुको राजधानी देवदह लुम्बिनीदेखि ३७ किलोमिटर पूर्वमा रहेको छ । उनी कोलीय राज्यका राजाकी सुपुत्री अर्थात राजकुमारी थिइन् । कोलीय राज्य पवित्र रोहिणी नदीको पूर्वमा छ । उक्त स्थान अहिले गौतम बुद्धको मावली घरका रुपमा संरक्षित छ र ऐतिहासिक, धार्मिक तथा पर्यटकीय हिसाबले दिन प्रति दिन चर्चित हुँदै गइरहेको छ । (नक्सा नं.१)

#### ऐतिहासिक पृष्ठभूमि र महत्व

बौद्ध साहित्यहरुमा लुम्बिनीका बारेमा विषद् व्याख्या विश्लेषण भएको छ । यस स्थानलाई पवित्र स्थान मानिएको छ र हाल यसको विकासका लागि विभिन्न गुरुयोजना बनाएर विकास निर्माणका काम निरन्तर अगाडि बढाइएको छ । लुम्बिनी संसारभरिकै बुद्ध धर्मावलम्बीहरुको पवित्र धार्मिक स्थल बनेको छ । वर्षेनी विश्वका अनेक मुलुकबाट यस स्थानमा हजारौँको संख्यामा मानिसहरु आउने गरेका छन् । यसको महिमा दिन प्रति दिन बढ्दै गइरहेको छ ।

मुस्लीमहरुले मक्का मदिनालाई आफ्नो प्रमुख तीर्थस्थल माने जस्तै बौद्धमार्गीहरुका लागि लुम्बिनी सबैभन्दा महत्वपूर्ण तीर्थस्थल हो । महापरिब्बिानसुत्तमा लुम्बिनीका बारेमा बुद्धका यी भनाई उद्धत गरिएका छन् :

"हे आनन्द, लुम्बिनी त्यो ठाउँ हो, जहाँ तथागत जन्मे ।

यो त्यो ठाउँ हो जहाँ गएर भक्तले दर्शन गर्नुपर्छ ।

यसले प्रकृतिको क्षणभंगुरताको बारेमा हेक्का राख्न (मानिसलाई) मद्दत गर्ने छ ।

जो आफ्ना हृदयमा भक्तिभावना लिएर यस पावन स्थलको यात्रा गर्छन, तिनीहरुको शरीर यस तीर्थयात्राको सिलसिलामा विघटन भएपनि, ती मरेपछि राम्रो भाग्य लिई देवलोकमा पुनर्जन्म लिनेछन ।"

बुद्धजन्मेको यस पवित्र स्थल पछि गएर झन्झन पवित्र र सबैको चासोको विषय बन्न थाल्यो । मानिसहरुले त्यस स्थानमा देवी देवताहरुको बास छ नत्र कसरी त्यत्रा विद्वान गुणी व्यक्तिको जन्म हुँदो हो त भन्ने कुराहरु गर्न थाले । यति मात्रै होइन, सिद्धार्थलाई जन्म दिने माया देवी आफै चानचुने महिला होइनन् । यिनी साक्षात देवी हुन भनेर उनकै पूजा हुन थाल्यो । उनको नाममा मन्दिरको स्थापना गरियो र उक्त मन्दिर हाल मायादेवी मन्दिरको नामले प्रसिद्ध भएको छ । लुम्बिनी आउने हरेक श्रद्धालु भक्तजनले यस मन्दिरमा जाने र माया देवीलाई साक्षात देवी मानेर पूजा गर्ने गर्छन । लुम्बिनीका महत्वपूर्ण सम्पदाहरु निम्न रहेका छन् ।

**ऐतिहासिक सम्पदाहरु**

सिद्धार्थ गौतम बुद्धको महापरिनिर्माणपछि लुम्बिनीको सुन्दर बगैचा आध्यात्मिक स्थान र तीर्थस्थलमा परिणत भयो । पवित्र बुद्धजन्मस्थलको वरिपरि विहार विकसित भयो । हुन पनि यो स्थल समग्र लुम्बिनीको पवित्रतम् भाग थियो र यसै कारण यसले उदार, मनस्वी र समर्पित भक्तहरुलाई शाक्यमुनि बुद्धको जन्मको स्मृतिमा अनेक प्रतीकात्मक स्मारक बनाउन प्रेरित गऱ्यो । ती सबै धार्मिक प्रकृतिका हुनु स्वाभाविकै थियो । ईशापूर्व छैठौं शताब्दी देखि यस पवित्र भूमिमा आउने र बस्ने धार्मिक जनसमुदायको बढ्दो आवश्यकतालाई पूरा गर्न नजिकै एउटा गाउँ पनि बसाइयो ।

**अशोक स्तम्भ :**

यो स्तम्भ ईशापूर्व २४९ मा ठड्याइएको थियो । यो भारतको वाराणसी नजिकैको चुनारको ढुंगे पहाडबाट ल्याइएको बलौटे र अवसादी शैलको बनाइएको हो । यो स्तम्भका पहिले तीन भाग थिए: एकै ढुंगाको मूल भाग र जोडिएका ठेउको वा ब्राकेट र माथिल्लो वा शीर्षभाग । हाल मूल भाग मात्र रहेको स्तम्भको उँचाई करीब ४० फुट थियो । हाल यसको लम्बाई ३०'१०.५" छ, जसमध्ये १३'८" भूईमा गाडिएको छ । खाँबोको गाडिएको ७ फुट भागको सतह पालिशरहित खस्रो छ । यस स्तम्भको महत्वूर्ण विशेषता यसको अभिलेख हो । (फोटो नं.२ : अशोक स्तम्भ) यसले अशोकको लुम्बिनी यात्रा, त्यसको उद्देश्य र लुम्बिनीमा उनका पवित्र क्रियाकलापको बारेमा बोलेको छ ।

कडा चट्टानले बनेको उक्त स्तम्भ गोलो आकारको छ । उक्त स्तम्भमा पाली भाषा (अर्द्धमागधी) र ब्राह्मी लिपिमा लेखिएको पाँच पङ्क्तिको अभिलेखमा छ, जसमा ९० अक्षर छन् । अभिलेख यस प्रकार छ

देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन

अतन आगाच महीयिते हिदबुधेजाते सक्यमुनीति

सिलाविगडभीचा कालापित सिलाथभेच उसपापिते

हिदभगवंजातेति लुंमिनिगामे उवलिकेकटे अठभागियेच

अशोकले आफ्ना अधिकांश अभिलेखहरुमा आफुलाई देवान पिय पियदसिन लाजा अर्थात देवताहरुको प्रिय प्यारो देखिने राजा भनेका छन् । अभिलेखको नेपाली अनुवाद यसरी गरिएको छ :

देवताहरुका प्रिय प्रियदशी (अशोक) राजा राज्यकालको बीसौं
वर्षमा आफै आउनु भयो । यहाँ शाक्यमुनि बुद्धको जन्म भएकोले
(बुद्धजन्म) संकेतक शिलामा पूजा गरी यो शिलास्तम्भ स्थापना गर्नुभयो ।
यहाँ शाक्यमुनिको जन्म भएकोले लुम्बिनी गाउँको बलि
(कर) घटाई आठौं भाग मात्र कायम गर्नुभयो (बिडारी, २०६९; पृ.२७) ।

**मायादेवी मन्दिर :**

भगवान बुद्दको पवित्र जन्मस्थल भएकोले मायादेवी मन्दिर लुम्बिनीमा सबैभन्दा महत्वपूर्ण स्मारकको रुपमा रहेको छ । यस पवित्र स्थलमा रहेका सम्पूर्ण धरोहरहरूमध्ये मायोदेवी मन्दिर प्रमुख आकर्षणको केन्द्रविन्दु हो । विभिन्न शताब्दीमा निर्मित मन्दिरका विभिन्न तहहरूले यसको महत्व तथा प्राचीनता माथि प्रकाश पार्दछन । भगवान बुद्ध जन्मस्मारक शिला र मायादेवीको मूर्ति यस मन्दिरभित्र अवस्थित छन । ई.पू. पाँचौं शताब्दीदेखि सातौं शताब्दीसम्मका भग्नावशेषहरु मन्दिरभित्र पाएईका छन । (फोटो नं. ३ : मायादेवी मन्दिर)
विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतमलाई जन्मदिने आमा चान्नेचुन्ने आमा होइनन भन्ने भावना राखेर उनीप्रति श्रद्धा प्रकट गर्दै उनलाई देवीको रुपमा पुज्न थालिएको देखिन्छ । उनै माता माया देवीको सम्मानमा निर्माण भएको मन्दिर यस क्षेत्रको अति नै महत्वपूर्ण र सबैको आस्थाको केन्द्र रहेको छ । लुम्बिनी घुम्न आउने हरेक व्यक्ति यस मन्दिरमा जाने र माया देवीलाई साक्षात् देवीको रुपमा पूजा गर्ने, श्रद्धा गर्ने गर्छन् । हरिया रुख बिरुवा र सुन्दर बगैंचाको बिचमा रहेको माया देवी मन्दिर हेर्दै पवित्र स्थलजस्तो देखिन्छ ।

**बुद्ध जन्ममूर्ति :**

बुद्ध जन्ममूर्ति लुम्बिनीको अर्को महत्वपूर्ण स्मारक हो । मायादेवीको मूर्तिलाई जन्म मूर्ति पनि भनिन्छ । चौथो शताब्दीमा निर्मित यस मूर्तिले भगवान बुद्धको जन्म दृश्यलाई देखाएको छ । सिद्धार्थलाई जन्माउने बेलामा मायादेवीले समाएको भनिएको अशोक वृक्षको हाँगा समातिरहेको दृश्य पनि मुर्तिमा देख्न सकिन्छ । देब्रेपट्टि छेउमा उहाँकी बहिनी प्रजापती उभिनुभएको छ भने दुई देवगणहरू भगवानको स्वागतका लागि तयारी अवस्थामा देखिन्छन र नवजात वालबुद्ध कमलको फूलमाथि उभिएको देखिन्छ (फोटो नं. ४) । रातो बलौटे ढुङ्गाको यो मूर्ति मथुरा कलापरम्परामा ईसवीको चौथो शताब्दीमा बनाइएको अनुमान गरिएको छ (विडारी, २०६९; पृ.४६) ।

**जन्मस्मारक शिला :**

मायादेवी मन्दिरभित्र रहेको जन्मस्मारक शिला लुम्बिनीको सबैभन्दा पवित्र स्थान हो, जहाँ शाक्यमुनिको जन्म भएको थियो । भगवानको पवित्र जन्मस्थललाई चिनाउनको लागि उहाँ जन्मे पछि चिनो ढुंगो राखिएको थियो जसले भगवानको जन्मविन्दुलाई देखाउछ । यो मिश्रपिण्डाश्म अर्थात बालुवा आदि खुकुलो गरी जमेर बनेको ढुंगा हो, जसको आकार ७० x ४० x १० सेन्टिमिटर रहेको छ । (फोटो नं. ५) तेस्रो शताब्दी ईसापूर्वका ईंटका सात तहको वेदीमाथि

राखिएको अवस्थामा पाइएको यो जन्मस्मारक शिलालाई भगवान बुद्धको पवित्र जन्मस्थलको रुपमा श्रद्धापूर्वक पूजा गरिन्छ (विडारी, २०६९; पृ.४६) ।

**शाक्य पुष्करिणी पोखरी :**

अशोक स्तम्भको दक्षिणमा 'शाक्यपुष्करिणी' नामको पोखरी छ । प्रसव वेदनाको बेला आफ्ना सहयोगीहरुको सल्लाहमा माया देवीले यसै पोखरीमा स्नान गरेर पवित्र भएकी थिइन । उक्त पोखरीभित्र दुईवटा कुवा (नलकूप) पाइएका छन । उक्त नलकुपहरु एउटा उत्तरपूर्व र अर्को दक्षिणपश्चिममा रहेका छन (विडारी, २०६९; पृ.४८) ।

पुष्करिणी पोखरी सिद्धार्थको जन्म हुनुभन्दा पहिलेदेखि नै थियो । त्यो बेला यसको नाम के थियो भन्ने कुरा एकिन हुन नसके पनि हाल उक्त पोखरी शाक्य पुष्करिणी पोखरीको नामले प्रसिद्ध छ । यस पोखरीमा पवित्र जल रहेको छ भन्ने विश्वास गरिन्छ र लुम्बिनी घुम्न आउने मानिसहरुले यस पोखरीमा रहेको जललाई पवित्र जलको रुपमा ग्रहण गर्छन । यसको शुरु अवस्था कस्तो थियो भन्ने कुरा एकिन हुन नसके पनि हाल यसलाई संरक्षण गर्ने क्रममा केही सुधार गरिएको छ । सन् १९३९ मा यस पोखरीलाई परिमार्जन गरी चारैतिरबाट इँटाको गाह्रो लगाएर चारकुने अवस्थामा परिणत गरिएको छ । (फोटो नं. ६)

**स्तूपहरु :**

पवित्र मायादेवी मन्दिर वरिपरि थुप्रै स्तूपहरुको पंक्तिरहेको छ । ती मध्ये एकतीस वटाको उत्खनन् भइसकेको छ र आधिकांश स्तूपहरु संकल्पित वा उद्देशिक प्रकारका छन । एकवटा धम्मस्तुप र एकवटा अस्थिधातु स्तुप पनि पाइएका छन । लुम्बिनीमा तेस्रो शताब्दी ईशापूर्वमा स्तूप बन्न शुरु भएको र ईश्वीको सातौं-आठौं शताब्दीसम्म चालु रहेको पाइएको छ । खनेर निकालिएका सबै स्तूपहरु या त जगको तहसम्ममा सीमित छन् या केही फुट माथिसम्मका छन । केही भने फराकिला र अग्ला पनि देखिन्छन । कतिपय स्तूपहरुमा समकोण, चारपाटे वा वृत्ताकार आधार परवती कालमा जोडिएको देखिन्छ (फोटो नं. ७) । समय बित्दैजाँदा र मौसमी अवस्थाले गर्दा धेरैजसो स्तूपहरुबाट निर्माणका मौलिक विशेषता लुप्त भइसकेका छन (विडारी, २०६९; पृ.४९) ।

**विहारहरु :**

मायादेवी मन्दिरको दक्षिणमा तेस्रो शताब्दी ईसापूर्व देखी ईसवीको चौंथो शताब्दीसम्म बनेका विहारहरुका अवशेष पाइएका छन । ईशापूर्व तेश्रो शताव्दीमा निर्मित विहार र ईनारका भग्नावषेश स्पष्ट दृश्टिगोचर हुन्छ भने त्यो भन्दा पछिका अन्य थुप्रै निर्माणका तहहरु पनि यहाँ देख्न सकिन्छ । यस क्षेत्रमा विहारका धार्मिक खण्ड र आवसीय खण्ड गरी दुई भागहरु स्पष्ट देख्न सकिन्छ । अनेक कालमा गरिएका निर्माणले मानिसहरु कसरी पवित्र जन्मस्थलको नजिक हुन उत्सुक हुन्थे भन्ने देखाउँछन । यी विहारमा दैनिक पूजापाठ हुनका साथै यही विहार विहारबाट मायादेवी मन्दिरको रेखदेख समेत हुने गर्दथ्यो भन्ने विश्वास गरिएको छ । त्यसको अतिरिक्त टाढा टाढाबाट लुम्बिनीको तीर्थयात्रामा आउने तीर्थयात्रीहरुलाई समेत यी विहारहरुबाट सेवा प्रदान हुन्थो । यी विहारहरुमा दैनिक पूजापाठको अतिरिक्त पक्कै पनि बौद्ध धर्मको अध्ययन अध्यापनको अतिरिक्त प्रचार प्रसार समेत हुने गर्दथ्यो भन्दा अतिसयोक्ति नहोला । (फोटो नं. ८)

**प्राकृतिक दृश्य र जैविक विविधता :** लुम्बिनी क्षेत्र विश्व साँस्कृतिक सम्पदाक्षेत्रको रुपमा पनि परिचित छ । प्राकृतिक हिसाबले लुम्बिनी क्षेत्र मनोरम क्षेत्र हो । यो क्षेत्र तराईको समथर भूभागमा फैलिएको र विभिन्न जातका रुख बिरुवाहरुले भरिएको हुँदा हरियालीको हिसाबले पनि यो क्षेत्र अति नै मनोरम छ ।

हरियाली र वन क्षेत्र भएका कारण यहाँ विभिन्न किसिमका जङ्गली जनावरको बासस्थानको रुपमा पनि रहेको छ । यहाँ स्थानीय स्तरमा रमाउँदै हिँड्ने सारस तथा २५० भन्दा बढी जात र प्रजातिका चराहरु, विभिन्न किसिमका सर्प, माउसुली र खतरामा परेका नीलगाई (हरिण विशेष) ले प्राकृतिक वासस्थान बनाएका छन । यी वाहेक यहाँ विभिन्न किसिमका स्थानीय जातका चराचुरुङ्गीहरु पाइन्छन । यसको साथै यो क्षेत्रमा विभिन्न किसिमका तालतलैया समेत भएको हुँदा जाडोको बेलामा धेरै टाढा साइबेरियादेखि पाहुना चराहरु आउने र रमाउने गर्छन भन्ने कुरा चराविद्हरुले बेला बेलामा उल्लेख गरेको पाइन्छ ।

लुम्बिनी क्षेत्रको विकास गर्नका लागि गुरुयोजना निर्माण भई कामको थालनी भएपछि यहाँको बाँझो जमिनलाई खनेर हराभरा बनाउने र फूल बिरुवाहरुले सजाउने काम पनि भइरहेको छ जसले गर्दा यहाँको वातावरण मनमोहक भएको छ । साथै यस क्षेत्रभित्र रहेका विभिन्न गुम्बा तथा विहार निर्माण गर्ने क्रममा आफ्ना प्राङ्गणभित्र बगैँचा बनाइ विभिन्न किसिमका फूल बिरुवा लगाउने गरेकाले यहाँको वातावरण रमणीय बन्दै गइरहेको छ । यस क्षेत्रको भ्रमणमा आउने पर्यटक, भक्तजन, विद्याथी तथा अन्य प्रकारका मानिसहरु रमाउँदै फोटो खिच्ने गरेको पनि पाइन्छ । त्यसैले यस क्षेत्रमा घुम्न आउने मानिसहरुको आँखामा यो क्षेत्र चीरकालसम्म जीवित रहने वातावरण सिर्जना भएको छ ।

यति हुँदा हुँदै पनि जनसंख्याको बृद्धि तथा धेरै जमिन खेतीपातीको रुपमा परिणत हुँदै गएको हुनाले यहाँको मौलिक विशेषतामा ह्रास आउने सम्भावना बढ्दै गइरहेको छ । मानिसहरुको अतिक्रमण तथा लुकीचोरी शिकारीहरुको बिगबिगीले गर्दा पाहुना चराहरुको आगमनमा अवरोध सिर्जना भएको यथार्थ पनि हाम्रा सामू चुनौतिका रुपमा रहेको छ । यस क्षेत्रको मौलिक विशेषतालाई बचाउँदै यसको विकास गर्न सकेमा प्राकृतिक र जैवीक हिसाबले यो क्षेत्र संसारकै अनुकरणीय क्षेत्र हुने थियो भन्ने कुरामा द्विमत हुन सक्दैन ।

### ४.१.१ वर्तमान अवस्थाको विश्लेषण

स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा लुम्बिनीको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ ।

### अवस्थिति तथा पहुँच

भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी नेपालको प्रदेश नम्बर ५ अन्तर्गत रुपन्देही जिल्लामा अवस्थित छ । यो पवित्र स्थलको उत्तरमा पाल्पा, दक्षिणमा भारतको सिमाना, पूर्व नवलपरासी जिल्ला र पश्चिममा कपिलवस्तु जिल्ला अवस्थित छन । भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी देशको राजधानी काठमाडौंबाट ३०० कि.मि. दक्षिण-पश्चिम, प्रसिद्ध पर्यटकीय नगरी पोखराबाट २२२ किलोमिटर दक्षिण, नेपाल-भारत सिमाना बेलहियाबाट २६ किलोमिटर पश्चिममा अवस्थित छ । पर्यटकहरू नेपाल तथा भारतका विभिन्न शहरहरुबाट सडकमार्ग मार्फत साथै नेपालका विभिन्न शहरबाट हवाई मार्ग मार्फत पनि लुम्बिनी पुग्न सक्दछन । भैरहवामा अवस्थित गौतम बुद्ध विमानस्थलबाट ३० मिनेटको सडक यात्रा पछि लुम्बिनी पुग्न सकिन्छ । भैरहवादेखि लुम्बिनी सम्म पुग्ने सडकलाई हालैमात्र स्तरोन्नती गरेर चार लेनको बनाइएको छ ।

**स्थल प्रस्तुतीकरण तथा संरक्षण**

लुम्बिनी आज केन्जो टांगेद्वारा बनाइएको गुरुयोजना अनुसार विकास तथा संरक्षण गरिँदैछ । लुम्बिनी गुरुयोजना संसारमै सुन्दरतम् गुरुयोजना मध्ये एक हो भन्दा अतिसयोक्ति नहोला । यो गुरुयोजना ३ वर्गमाइल क्षेत्रफलमा फैलिएको छ र यसलाई तीन भागमा विभाजन गरिएको छ । गुरुयोजनाको उत्तरतिरको १ वर्गमाइल क्षेत्रलाई नयाँ लुम्बिनीग्राम भनिन्छ भने क्रमशः १ वर्गमाइलको मध्य भागलाई बिहार क्षेत्र र दक्षिणको १ वर्गमाइल क्षेत्र पवित्र उद्यान भनिन्छ ।

**नयाँ लुम्बिनी ग्रामः**

यस क्षेत्रमा लुम्बिनी विकास कोषको प्रधान कार्यालय, पर्यटक सूचना केन्द्र, संग्रहालय, लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र (Lumbini Iinternational Research Institute), कोसेली पसलहरू, विश्व शान्ती स्तुप, सारस आरक्षण क्षेत्र रहेका छन । यो आवास क्षेत्र भएकोले सुबिधा सम्पन्न होटल तथा रेस्टुरेन्टहरु पनि यहाँ स्थापना गरिएका छन ।

**बिहार क्षेत्रः**

गुरुयोजनाको मध्य भागमा फैलिएको विहार क्षेत्रलाई केन्द्रीय नहरले दुई भागमा छुट्टाइएको छ । पूर्वी विहार क्षेत्र थेरबादी बौद्ध सम्प्रदायका लागि छुट्टाइएको क्षेत्र हो भने पश्चिम विहार क्षेत्र महायानी बौद्ध सम्प्रदायहरुका लागि । पूर्वी विहार क्षेत्रमा हाल ९ वटा बिहारहरु अवस्थित छन भने पश्चिम विहार क्षेत्रमा २० वटा बिहारहरु बनेका छन । बिहार क्षेत्रभन्दा बाहिर पाँचवटा बिहारहरु अस्तित्वमा छन । यसरी लुम्बिनीमा जम्मा ३४ वटा बिहारहरु संचालन वा निर्माणाधिन रहेका छन ।

लुम्बिनी गुरुयोजनाको ३ वर्गमा र क्षेत्रफललाई पक्की पर्खालले वरिपरिबाट घेरिएको छ । त्यसको अतिरिक्त लुम्बिनी विकास कोषले सुरक्षा पर्खालका विभिन्न गेटहरुमा सुरक्षाकर्मीहरु तैनाथ गरेको कारणले यो क्षेत्र सुरक्षित भएको छ । मायादेवी मन्दिर परिसरमा प्राचीन स्मारकहरुको आवधिक संरक्षण तथा तथा जिर्णेद्वार कार्य गर्ने गरिएको हुँदा यहाँ सम्पदा संरक्षणको काम राम्ररी भएको छ भन्न सकिन्छ ।

**पूजा तथा पर्यटक सुबिधा**

लुम्बिनीको सांस्कृतिक केन्द्रमा पर्यटकहरुको सुविधाका लागि चमेना गृह, शौचालय, कोसेली घरहरु, पसलहरू, पर्यटक सूचना केन्द्र, संग्रहालय, लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र आदि बनाइएका छन जसबाट पर्यटकलाई सुबिधा पुगेको छ । तर विहार क्षेत्रमा यस्ता सुविधाहरु अभाव रहेका छन जसले पर्यटकहरुलाई विहार क्षेत्रमा लामो समय व्यतीत गर्न कठिनाई हुने गरेको छ । पर्यटकहरुलाई पूजा तथा ध्यान गर्नका लागि मायादेवी मन्दिर परिसरमा राम्रो व्यवस्था छ ।

पवित्र उद्यानमा अवस्थित मायादेवी मन्दिर परिसरमा पर्यटक तथा तीर्थयात्रीहरुलाई पूजा, ध्यान गर्ने, बत्ति बाल्ने, पूजा सामग्री चढाउने आदि धार्मिक तथा आध्यात्मिक कार्यका लागि राम्रो वातावरण उपलब्ध छ जसबाट हज्जारौं तिर्थयात्रीहरुलाई राम्रो सुविधा पुगेको छ । लुम्बिनी विहार क्षेत्रमा अवस्थित ३० भन्दा बढि बौद्ध गुम्बाहरूमा सातै दिन बिहानदेखि बेलुकासम्म बौद्ध पूजा, ध्यान तथा आराधना हुनेहुँदा जोसुकै तीर्थयात्रिलाई पनि आफ्नो परम्परा अनुसारको बौद्ध पूजा वा ध्यान साधना गर्न सक्ने अवस्था छ । संसारभरका बौद्धमार्गी राष्ट्रहरूको प्रतिनिधित्व लुम्बिनीमा भएको हुँदा यो सानो बौद्ध संसार नै हो जहाँ आफ्नो रोजाईको धार्मिक तथा आध्यात्मिक कार्यहरु गर्न सकिन्छ ।

**सूचना प्रणाली**

लुम्बिनी विकास कोषले लुम्बिनीमा पर्यटकहरूलाई सूचना प्रवाह गर्नका लागि बिभिन्न किसिमका नक्शा, साइनबोर्ड आदि ठाउँ-ठाउँमा राखेको छ । कोषले पर्यटक सूचना केन्द्रबाट पर्यटकहरुलाई बृहत्तर लुम्बिनी क्षेत्रको महत्वपूर्ण सम्पदाका बारेमा ब्रोसर, पुस्तिका आदि वितरण गर्नुका साथै निःशुल्क सूचना प्रवाह समेत गर्दछ । लुम्बिनी विकास कोषको आधिकारिक वेबसाइट www.lumbinidevtrust.gov.np बाट संसारभरका पर्यटक तथा जिज्ञासुहरुलाई बौद्ध सम्पदा तथा बौद्ध धर्मदर्शनका सम्बन्धमा जानकारी उपलब्ध गराउँदछ ।

### ४.१.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययन बाट पर्यटन विकासका लागि लुम्बिनीमा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. १ : पर्यटन विकासका लागि लुम्बिनीमा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| सहज पहुँच तथा घुमफिरको व्यवस्था | ७९ | ५२.६७ |
| सम्पदा संरक्षणमा जोड | ७८ | ५२ |
| प्रभावकारी सूचना प्रणाली विकास | ७७ | ५१.३३ |
| सरसफाई तथा सौन्दर्यीकरण | ७७ | ५१.३३ |
| मायादेवी मन्दिर  परिसरको विस्तार | ७६ | ५०.६७ |
| विहारहरुमा दैनिक पूजा तथा धार्मिक/आध्यात्मिक कार्यक्रम सञ्चालन | ७६ | ५०.६७ |
| नियमित चाडपर्व तथा कार्यक्रम सञ्चालन | ७५ | ५० |
| लुम्बिनी संग्रहालयको स्तरोन्नती | ७५ | ५० |
| लुम्बिनी सूचना केन्द्रको स्तरोन्नती | ७३ | ४८.६७ |
| प्रचार प्रसार र बजारीकरण | ७३ | ४८.६७ |
| वातावरण र जैविक विविधताको संरक्षण | ७० | ४६.६७ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ७० | ४६.६७ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. १ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा लुम्बिनीमा पर्यटन विकासका लागि गर्नै पर्ने सबैभन्दा महत्वपूर्ण कार्यमा "सहज पहुँच तथा घुमफिरको समुचित व्यावस्था" हो भन्ने देखिन्छ जसलाई  ५२.६७ प्रतिशत सहभागीले उचित ठानेका छन । लुम्बिनी पुग्न सजिलो भएपनि लुम्बिनी गुरुयोजना क्षेत्रभित्र भ्रमण गर्न सजिलो र सर्वसुलभ यातायातको व्यवस्था नभएको हुँदा बहुसंख्यक उत्तरदाताहरुले यस्तो राय अभिव्यक्त गरेका हुन सक्छन । त्यस्तै महत्वपूर्ण अन्य कार्यहरु क्रमशः सम्पदा संरक्षणमा जोड (५२%), प्रभावकारी सूचना प्रणाली विकास ( ५१.३३%), सरसफाई तथा सौन्दयीकरण (५१.३३%), मन्दिर परिसरको विस्तार (५०.६७%), बिहारमा दैनिक पूजा तथा धार्मिक आध्यात्मिक कार्यक्रमको संचालन (५०.६७%), नियमित  चाडपर्व तथा कार्यक्रम संचालन (५०%), लुम्बिनी संग्रहालयको स्तरोन्नती (५०%), "लुम्बिनी सूचना केन्द्रको स्तरोन्नती र प्रचार प्रसार र बजारीकरण" (४८.६७%), "जैविक विविधताको संरक्षण र स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता" (४६.६७%), घट्दोक्रममा महत्वका

रहेका छन । प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांकको सार र योजनाविद, पर्यटनविद, संस्कृतिविद् लगायतका विशेषज्ञहरूको टोलीले लुम्बिनीको स्थलगत भ्रमण गर्दा महसुस गरेका आवश्यक गर्नु पर्ने कार्यहरको सूचि मिलेको पाईयो जुन कुरा विशेषज्ञ टोलीले स्थलगत भ्रमणको समयमा डायरीमा टिपोट गरेको देखिन्छ ।

## ४.२ कुदान

गौतम बुद्धसँग सम्बन्धित विभिन्न महत्वपूर्ण स्थानहरुमध्ये कुदान पनि एक हो । प्राचीन कालमा यो स्थान निग्रोधरामाको नामले चिनिन्थ्यो जहाँ भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि कपिलवस्तु आई आफ्ना बुबा शुद्धोधनसँग प्रथम भेट गर्नु भएको थियो । (फोटो नं. ९) सो कुरा बौद्ध ग्रन्थहरुमा उल्लेख भएका र चिनीया यात्रीहरुले कपिलवस्तु नगरको वर्णन गर्ने क्रममा उल्लेख गरेका विवरणहरुबाट जानकारी लिन सकिन्छ । (नक्सा नं. २)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपछि कपिलवस्तु आई आफ्ना बुबा शुद्धोधनसँग भेट गरेको तथा आफ्ना पुत्र राहुललाई उनकै इच्छाबमोजिम भिक्षु संघमा प्रवेश गराएको कुरा पनि प्राचीन गन्थ्रहरुमा उल्लेख भएको पाइन्छ । भनिन्छ गौतम बुद्धले आफ्ना बुबालाई भेटेको र राहुललाई भिक्षु संघमा प्रवेश गराएको स्थान यही निग्रोधरामा हो । भगवान बुद्धले आफ्नो आध्यात्मिक खोजको बारेमा सबिस्तार चर्चा गर्नुका साथै उनले शाक्यहरुलाई मज्झिमनिकायका महत्वपूर्ण पाँचवटा सूत्रहरू धर्मदेशना पनि यसै स्थानमा गरेका थिए । यसको अतिरिक्त बुद्धले कुदानमा आफ्नी सानी आमा प्रजापती गौतमीबाट कासायवस्त्र ग्रहण गरेका थिए । त्यसैले यो स्थान हाल कुदान नामले परिचित भएको र बुद्धमार्गीहरुका लागि तीर्थस्थलको रुपमा रहेको छ । धार्मिक, सांस्कृतिक, पुरातात्विक आदि हरेक दृष्टिले यो स्थान अति नै महत्वपूर्ण रहेको छ ।

### ऐतिहासिक सम्पदाहरु

यो स्थान हाल खण्डहरको रुपमा रहेको छ । यस स्थानमा तीनवटा ढिस्का रहेका छन । ती ढिस्काहरुमध्ये लोरीकुदान निकै महत्वपूर्ण मानिन्छ । कुदानमा चारवटा स्तुपका ढिस्काका साथै एउटा प्राचीन इनार पनि रहेको छ, जुन अहिले प्रयोगविहिन र पुरिएको अवस्थामा छ । यस स्थानमा प्राचीन मन्दिर तथा शिवलिङ्ग पनि रहेका छन । यो स्थान प्राचीन एवं ऐतिहासिक हो भन्ने कुरा त्यहाँ स्थित पुराना इँटा तथा संरचनाहरुले देखाउँछन । संरक्षणविहिन अवस्थामा रहेको हुँदा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक रुपमा महत्वपूर्ण भए पनि हाल यसको खास पहिचान तथा प्रचारप्रसार हुन सकिरहको छैन ।

### ४.२.१ वर्तमान अवस्थाको विश्लेषण

### अवस्थिति तथा पहुँच

लोरीकुदान वा कोदानका नामले पनि चिनिने कुदान अवस्थिति देशान्तर ८३.२°३०' पूर्व र अक्षांश २७°३२' उत्तर रहेको छ । कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारदेखि २ किलोमिटर दक्षिणमा रहेको कुदान तौलिहवा-सोहरतगढ सडकको किनारमा अवस्थित छ । लुम्बिनीबाट करिब ३० किलोमिटर पश्चिममा अवस्थित यो पवित्र स्थललाई कालोपत्रे मोटरबाटोले जोडेको हुँदा बाह्रै महिना पहुँच योग्य छ (Bidari, 2007, p. 7)। तथापि यो सडक साँगुरो हुनुका

साथै कुदानमा आउने पर्यटकहरुका लागि सवारी पार्किङको व्यवस्था छैन । लुम्बिनी विकास कोषले यहाँ पर्यटकहरुका सवारी साधनका लागि व्यवस्थित पार्किङ निर्माण गर्नु जरुरी छ ।

**स्थल प्रस्तुतीकरण र संरक्षण**

लुम्बिनी विकास कोषले सुरक्षित पर्खाल निर्माण गरी कुदानलाई सुरक्षित बनाउने प्रयत्न गरेपनि स्थानीय बालबालिका र उनीहरुका चौपाया पुरातात्विकस्थल भित्र प्रवेश गरेको देख्न सकिन्छ जसबाट प्राचीन स्तूपका भग्नावशेषहरु नासिने खतरा टड्कारो देखिन्छ । आवधिक संरक्षणको अभावमा कुदानका स्तूपहरुमा घाँसपात तथा बोटबिरुवाहरु उम्रिएर पुरावस्तुहरुलाई नाश गरिरहेको छ । घाँस उम्रिएर प्राचीन बुट्टेदार ईटाहरु सादा ईटामा रुपान्तरित भइरहेका छन भने स्तूपमाथि उम्रेका पिपल जस्तो देखिने रुखका बिरुवाको जराले पुरानो इटाहरु बिगारिरहेका छन । लुम्बिनी विकास कोषले सुरक्षा पोष्ट निर्माण गरी केही सुरक्षा गार्डहरु समेत तैनाथ गरेको भएपनि यो प्राचीन पुरातात्विक सम्पदाको समुचित संरक्षण हुन सकेको छैन । अतः सम्बन्धित निकायले कुदानको संरक्षण तथा सौन्दरीकणमा विशेष ध्यान दिनु जरुरी छ । यहाँ अवस्थित बिशाल कमलपोखरीलाई समय-समयमा सफा गरी कमलका सुन्दर फूलहरु फुलाउने हो भने पनि धेरै पर्यटकहरुलाई आकर्षित गर्न सकिन्छ ।

**पूजा तथा पर्यटक सुबिधा**

कुदानमा पूजा तथा पर्यटक सुविधाहरूको टड्कारो अभाव रहेको देखिन्छ । यस स्थानमा पर्यटकहरुका लागि गन्तव्य स्थलमा चाहिने शौचालय, पिउने पानी, छहारी, कोशेली-घर आदि निर्माण गर्न सकिएको छैन । त्यसैगरी पूजा, ध्यान, साधना गर्नका लागि आवश्यक पर्ने पूजास्थान, ध्यानस्थल पनि यहाँ व्यावस्था गरिएको छैन । यही कारणले गर्दा धेरै टाढा देखि श्रद्धापूर्वक कुदान आउने पर्यटक तथा तीर्थयात्रीहरु यहाँ लामो समय बिताउन र खर्च गर्न सक्दैनन् ।

**सूचना प्रणाली**

पर्यटक तथा तीर्थयात्रीहरूका जानकारीका लागि लुम्बिनी विकास कोषले कुदानमा केही नक्शा, साइनबोर्डहरु राखेको भए पनि ती पर्याप्त छैनन । पर्यटकहरुलाई कुदानको बारेमा बताउनको लागि स्थानीय पथप्रदर्शकको व्यवस्था पनि यहाँ भएको पाइदैन ।

### ४.२.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि कुदानमा गर्नु पर्ने कामहरु निम्न रकेका छन ।

**तालिका नं. २ : पर्यटन विकासका लागि कुदानमा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ८६ | ५७.३३ |
| सम्पदा संरक्षण | ८६ | ५७.३३ |
| सार बगैचा (Theme Park) निर्माण | ८६ | ५७.३३ |
| शौचालय, पिउने पानी, चमेनागृह, कोशेली-घर आदिको व्यवस्था | ८६ | ५७.३३ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८५ | ५६.६७ |
| सरसफाई तथा सौन्दर्यीकरण | ८५ | ५६.६७ |

| | | |
|---|---|---|
| मन्दिर/पूजास्थल/ध्यान स्थलको निर्माण | ८४ | ५६ |
| दैनिक पूजा तथा धार्मिक/आध्यात्मिक कार्यक्रम सञ्चालन | ८४ | ५६ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८२ | ५४.६७ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८२ | ५४.६७ |
| प्रचार प्रसार र बजारीकरण | ८२ | ५४.६७ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. २ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गरिएको छ । कुदानमा पर्यटन विकासका लागि गर्नै पर्ने महत्वपूर्ण कार्यहरु मध्ये पहिलो स्थानमा "परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण", "सम्पदा संरक्षण", "सार बगैचा (Theme park) निर्माण" र "शौचालय, पिउने पानी, चमेनागृह, कोशेलीघर आदिको व्यावस्था" गर्नु पर्छ भन्ने उत्तरदाताहरु ५७.३३% रहेका थिए ।

दोश्रो महत्वपूर्ण कामहरुः "प्रभावकारी सूचना प्रणाली बिकास" र "सरसफाई तथा सौन्दर्यीकरण" मा विशेष जोड दिनु पर्छ भन्ने देखिन्छ जसलाई ५७.३३ प्रतिशत उत्तरदाताहरुले रुचाएका थिए ।

तेश्रो क्रमका महत्वपूर्ण कामहरुः "मन्दिर तथा पूजा स्थल र ध्यान स्थलको निर्माण" र "दैनिक पूजा तथा धार्मिक आध्यात्मिक कार्यक्रम सञ्चालन" रहेका छन । जसलाई ५६% उत्तरदाताहरुले उपयुक्त ठानेका छन ।

चौथो क्रमका महत्वपूर्ण कामहरुः "वातावरण र जैविक विविधताको संरक्षण", "स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता" र "प्रचार प्रसार र बजारीकरण" लाई विशेष जोड दिनु पर्छ भन्ने उत्तरदाताहरु ५७.३३ प्रतिशत रहेका छन ।

कुदानमा पर्यटन विकासका लागि माथिका अध्ययनबाट प्राप्त महत्वपूर्ण सुझावहरु व्यबहारिक रुपम लागु गर्नु पर्दछ जसले एकातिर कुदान जस्तो महत्वपूर्ण ऐतिहासिक पुरातात्विक बौद्ध सम्पदाको संरक्षण हुन्छ भने अर्कोतिर पर्यटकहरुलाई शान्ति, आनन्द र आध्यात्मिकताको बोध हुन जानेछ । स्थानीय युवाहरुलाई पथप्रदर्शकको तालिम दिएको खण्डमा रोजगारीको अवसर प्राप्त हुनेछ । त्यसैगरी चमेनागृह, कोशेलीघर आदिको व्यवस्थाबाट पर्यटकहरुलाई सुविधा पुग्नेछ भने स्थानीयहरूको लागि आयआर्जनको बलियो माध्यम हुनेछ ।

### ४.३ गोटिहवा

प्राचीन बौद्धग्रन्थहरु तथा चिनीया यात्रीहरुको वर्णन अनुसार यस स्थलमा क्रकुच्छन्द बुद्धको जन्म तथा निर्वाण भएका स्थलको रुपमा परिचय दिएका छन । सोही कारणबाट सम्राट अशोकले आफ्नो धर्मयात्रामा यस स्थानमा आई यात्रा संस्मरणको लागि एक शिला स्तम्भका साथै निर्वाण स्थलमा एउटा ठूलो स्तूपको निर्माण गर्न लगाएका थिए । (फोटो नं. १०) इसाको १३ औं १४ औं शताब्दीबाट जसरी अन्य महत्वपूर्ण बौद्ध स्थलहरु विस्तारै इतिहासबाट मेटिदै गए, त्यसरी नै यो धार्मिक स्थल गोटिहवा पनि मानिसहरुको मनस्थलबाट टाडिदै गयो । श्री ५ को सरकार र इटालीको इजियाबे (ISIAO) संस्थाको बीच नेपाल तराईको कपिलवस्तु जिल्लामा पुरातात्विक अन्वेषण तथा उत्खनन् कार्यको लागि सम्झौता भए अनुसार नेपाल-इटाली संयुक्त पुरातत्व टोलीले २०५१ साल देखि गोटिहवामा उत्खनन् कार्य सञ्चालन गरी यो स्थलको बारेमा धेरै कुरा प्रकाशमा ल्याएको छ । (नक्सा नं. ३)

## ऐतिहासिक पृष्ठभूमि र महत्व

बौद्ध धर्म र पुरातात्विक दृष्टिकोणबाट यो स्थल अति नै महत्वपूर्ण छ । हाल यस स्थलमा सम्राट अशोकद्धारा निर्माण गरिएको प्राचीन स्तूप र शिलास्तम्भ देख्न सकिन्छ । शिला स्तम्भको माथिल्लो भाग (शिलालेख सहित) भाँचिएर हराएको छ । यस स्थानको वरिपरि अन्य पुरातात्विक स्थलहरु पनि रहेका छन । प्राचीन बौद्धग्रन्थहरु तथा चिनीया यात्रीहरुको वर्णन अनुसार यस स्थलमा ऋकुच्छन्द बुद्धको जन्म तथा निर्वाण भएका स्थलको रुपमा परिचय दिएका छन Pradhan, 1979, p. 19) । सोही कारणबाट सम्राट अशोकले आफ्नो धर्मयात्रामा यस स्थानमा आई यात्रा संस्मरणको लागि एक शिला स्तम्भका साथै निर्वाण स्थलमा एक ठूलो स्तूपको निर्माण गर्न लगाएका थिए ।

## ऐतिहासिक सम्पदाहरु

### अशोक स्तम्भः

ऋकुच्छन्द बुद्धको जन्मस्थल चिनाउनको लागि सम्राट अशोकले यो स्तम्भ ईशापूर्व २४९ मा स्थापना गरेका थिए । सम्राट अशोकले ईशापूर्व २४९ तीनवटा स्तम्भहरु ल्याएका थिए जसमध्ये एउटा लुम्बिनीमा एउटा गोटिहवामा र एउटा निग्लिहवामा स्थापना गरेका थिए । गोटिहवा स्थित अशोक स्तम्भका तीन भाग थिए, जसको तलको भाग प्रस्तर स्तम्भ थियो, बीचमा कमलको आकृति र सबैभन्दा माथि सिंहको मूर्ति थियो । दुर्भाग्यवश यो स्तम्भको अधिकांश भाग नासिएको छ भने तल्लो भागको केही अंश मात्र बाँकी रहेको छ । स्तम्भको शिलालेख सहितको माथिल्लो भागका सम्पूर्ण अंशहरु हराएका छन । (फोटो नं. ११) प्रा.वेरादीको नेतृत्वमा नेपाल-इटाली संयुक्त टोलीले सन् १९९४ देखि २००२ सम्म यस स्थलको पुरातात्विक उत्खनन् गर्‍यो । उक्त उत्खनन्‌बाट यो स्तम्भको २.१२ x १.७२ x ०.२६ क्युबिक मिटरको प्रस्तर स्ल्याब माथि उभिएको र ३.२५ मिटर अग्लो रहेको कुरा प्रकाशमा ल्यायो । यस स्थानमा उत्खनन् गर्दा प्राप्त पुरावस्तुहरू ईशापूर्व ९ औं १० औं शताब्दी देखि पछिका सम्मका छन । चिनियाँ यात्री फा-सियान र हुयान साङका साथै कर्णाली प्रदेशका राजा रिपु मल्ल समेतले यो स्थानको बिभिन्न कालमा तीर्थाटन गरी ऋकुच्छन्द बुद्धको यो पवित्र जन्मस्थलको दर्शन गरेका थिए ।

### स्तुपः

भगवान ऋकुच्छन्द बुद्धको जन्मस्थलमा निर्मित यस्तो स्तूप प्राचीनकालमा निर्माण भएको हो, जसलाई प्राचीन समयदेखि मानिसले निरन्तर पूजाअर्चना गर्दथे । सम्राट अशोकले आफ्नो धर्म यात्राको सन्दर्भमा ईशापूर्व २४९ मा यो स्तूपको पूजा गरी यसको नजिकै अशोकस्तम्भ पनि स्थापना गरेका थिए । प्रा. वेरादीका अनुसार यो स्तूप निर्माणका विभिन्न चरणहरु भेटिएका छन । प्राचीनकालमा निर्मित यो स्तूपलाई ईशापूर्व प्रथम शताब्दीतिर पुनःनिर्माण गरी विस्तार गरिएको थियो । समय कालक्रमसँगै यो स्थान इतिहासको गर्भमा विलुप्त भयो । सर्वप्रथम Dr. Waddel ले यो स्थान पत्ता लगाएर उत्खनन् गर्नु भयो । Waddel ले उत्खनन् प्रतिवेदनमा यो स्तुपको व्यास २२ मिटर भएको र त्यसको वरिपरि प्रदक्षिणापथ रहेको कुरा उल्लेख गरेका छन (फोटो नं. १२) । जे भएपनि स्तूप निर्माणका स्पष्ट दुई चरणहरु देखिन्छन । प्रथम चरण अशोककालीन स्तूप हो भने त्यसपछि दोस्रो शताब्दीतिर स्तूपको पुनःनिर्माण र बिस्तार गरेको देखिन्छ (Verardi, 2002, p. 9) प्राकृतिक रुपमा संरक्षण गर्नका लागि यसलाई हाल पुरेर राखिएको छ ।

### ४.३.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्ब साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे तथा सो को विश्लेषण गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा गोटिहवाको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निर्क्योल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

**अवस्थिति तथा पहुँच**

गोटिहवा अत्यन्तै महत्वपूर्ण पुरातात्विक, धार्मिक तथा ऐतिहासिक स्थल हो, जसको अवस्थिति देशान्तर ८३.२'३०" पूर्व र अक्षांश २७.३२' उत्तर रहेको छ । नेपालको कपिलवस्तु जिल्लामा अवस्थित गोटिहवा लुम्बिनीदेखि ३१ किलोमिटर पश्चिम तिलौराकोट देखि ७ किलोमिटर दक्षिण कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि ४ किलोमिटर दक्षिण र कुदान देखि २ किलोमिटर पश्चिममा पर्दछ । ग्राभेल सडकले कुदान र गोटिहवालाई जोडेको छ (Bidari, 2007, P. 31) । सडक साँघुरो साथै कच्ची भएको हुँदा ठूला गाडीहरुको सहज पहुँच छैन । वर्षाको याममा पर्यटकहरुलाई यो स्थलमा पुग्न कठिनाई हुन्छ । यसको अतिरिक्त यहाँ यातायातका साधनहरुलाई पार्किङ गर्ने स्थलको अभाव पनि रहेको छ ।

**स्थल प्रस्तुतीकरण र संरक्षण**

गोटिहवाको संरक्षण तथा स्थल सौन्दर्यकरणको अवस्था साह्रै नाजुक देखिएको छ । लुम्बिनी विकास कोषले लगाएको काँडेतारको सुरक्षा घेराले यो पुरातात्विक स्थल भित्र जान मानिस र जनावरलाई रोक्न सकेको देखिँदैन । पुरातात्विक स्थल मानिस र चौपायाको मलमुत्रले प्रदुषित भएको देखिन्छ । स्तूप माथि उम्रेको बेलको रुखको जराले जमीनमुनि रहेको पुरातात्विक भग्नावशेषहरुलाई असर गरेको हुनुपर्दछ । अशोक स्तम्भलाई सुरक्षा गर्न लगाइएको तारबार प्रभावकारी छैन । साथै स्तम्भमा बर्षाको समयमा पानी जम्मा हुने हुँदा यो स्तम्भ जीर्ण हुँदै गएको प्रष्टै अनुभव गर्न सकिन्छ । मानिसहरूले स्तम्भमाथि दुध, मैनबत्ती, तेल, अबीर आदि चढाउने गर्नाले स्तम्भ क्षय भएको देखिएको छ ।

**पूजा तथा पर्यटक सुबिधा**

गोटिहवामा पूजा तथा ध्यान साधना गर्ने स्थल वा मन्दिर केही पनि व्यवस्था गरिएको छैन, जसले गर्दा पर्यटकहरू केहीसमय भग्नावशेषको अवलोकन गरी फर्किने गरेका छन । पर्यटकीय सेवाहरु जस्तै शौचालय, पिउने पानी, छहारी, कोशेलीघर, चमेनागृह आदिको अभावमा पर्यटकहरू यस स्थानमा धेरै समय बिताउन सक्ने अवस्था छैन ।

**सूचना प्रणाली**

लुम्बिनी विकास कोषले पर्यटक सूचनाका लागि केही साइनबोर्ड राखेको भएता पनि पर्यटकको जानकारीका लागि ती पर्याप्त छैनन । पर्यटकहरुलाई व्याख्या गर्नका लागि न त लुम्बिनी विकास कोषले यहाँ कुनै कर्मचारीको व्यवस्था गरेको छ न त स्थानीय पथप्रदर्शन नै यहाँ उपलब्ध छन । आधिकारिक जानकारीको अभावमा अधिकांश पर्यटकहरु यत्ति महत्वपूर्ण पवित्र स्थलबाट सामान्य जानकारी विस्मृत अनुभव बटुलेर फर्कने गरेका छन ।

### ४.३.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि गोटिहवामा देहाय बमोजिमका कामहरु गर्न आवश्यक देखिन्छ ।

**तालिका नं. ३ : पर्यटन विकासका लागि गोटिहवामा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ८४ | ५६ |
| सम्पदा संरक्षण | ८४ | ५६ |
| सार बगैचा (Theme Park) निर्माण | ८४ | ५६ |
| सहज पहुँच, पार्किङ तथा घुमफिरको व्यवस्था | ८४ | ५६ |
| सरसफाई तथा सौन्दर्यीकरण | ८३ | ५५.३३ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८३ | ५५.३३ |
| शौचालय, पिउने पानी, छहारी, कोशेलीघर, चमेनागृह आदिको व्यवस्था | ८३ | ५५.३३ |
| पूजा तथा ध्यान साधना स्थलको प्रबन्ध | ८० | ५३.३३ |
| प्रचार प्रसार र बजारीकरण | ८० | ५३.३३ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८० | ५३.३३ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८० | ५३.३३ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. ३ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने लुम्बिनीमा भन्दा गोटिहवामा पर्यटन विकासका लागि गर्नै पर्ने कार्यहरु धेरै छन । पर्यटन विकासका लागि हस्तक्षेपकारी कार्यहरु गर्नै पर्छ भन्नेको संख्या र प्रतिशत अधिक देखिनुले पनि यी कदम यथाशीघ्र चाल्नु जरुरी छ भन्ने तर्फ इङ्गित गर्दछ । पर्यटन विकासका लागि गर्नै पर्ने महत्वपूर्ण कार्यहरु निम्नानुसार छन ।

पहिलो स्थानमा “परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण”, “सम्पदा संरक्षणमा जोड”, “सार बगैचा (Theme park) निर्माण” र “सहज पहुँच, पार्किङ तथा घुमफिरको व्यवस्था” गर्नुपर्छ भन्ने उत्तरदाताहरुको प्रतिशत ५६ रहेका थिए ।

दोश्रो महत्वपूर्ण कामहरुः “सरसफाई तथा सौन्दर्यीकरण”, “प्रभावकारी सूचना प्रणालीको व्यवस्था”, र “शौचालय, पिउने पानी, छहारी, कोशेलीघर, चमेनागृह आदिको व्यवस्था” मा विशेष जोड दिनु पर्छ भन्ने देखिन्छ जसलाई ५५.३३ प्रतिशत उत्तरदाताहरुले रुचाएका थिए ।

तेश्रो क्रमका महत्वपूर्ण कामहरुः “पूजा तथा ध्यान साधनास्थलको प्रबन्ध”, “प्रचार प्रसार र बजारीकरण”, “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता” र “वातावरण र जैविक विविधताको संरक्षण” गर्नु पर्ने रहेका छन । जसलाई ५३.३३% उत्तरदाताहरुले उपयुक्त ठानेका छन ।

प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांकको सार र योजनाविद, पर्यटनविद, संस्कृतिविद् लगायतका विशेषज्ञहरूको टोलीले गोटिहवाको स्थलगत भ्रमण गर्दा महसूस गरेका आवश्यक गर्नु पर्ने कार्यहरको सूचि धेरै हदसम्म मिलेको छ । यसरी दुई वा दुई भन्दा बढी अनुसन्धान बिधिबाट अध्ययन गर्दा पनि समान निस्कर्ष आउनुले निस्कर्ष सही भएको जनाउदछ

## ४.४ तिलौराकोट

प्राचीनकालमा तिलौराकोटमा शाक्यवंश राज्यको राजधानी थियो । राजा शुद्धोधन र रानी मायादेवीका छोरा सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको ठाउँ हो तिलौराकोट । (फोटो नं. १३) चिनियाँ यात्री फाइयान र हुयन साङले गरेको यात्रा वृत्तान्तसँग ठ्याक्कै मिल्दाजुल्दा संरचनाहरु भेटिएका कारण नै यो क्षेत्र प्राचीन कपिलवस्तुको राजधानी रहेको पुष्टि भएको हो । यहाँ पटकपटक विश्व प्रसिद्ध पुरातत्वविद्हरुले उत्खनन् गरेर ३ हजार वर्ष अघिसम्मका संरचनाहरु भेटाएका छन् । (नक्सा नं. ४)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

विश्व भरका बौद्धमार्गी तथा शान्ति प्रेमीको आस्थाको केन्द्र पवित्र भूमि तिलौराकोट हो । भगवान बुद्धले २९ वर्ष बिताएको क्रिडास्थल तथा राजा शुद्धोधनको दरबार रहेको ऐतिहासिक तथा पुरातात्विक सम्पदा तिलौराकोट जीवनमा एक पटक घुम्नै पर्ने पवित्र स्थलको रुपमा रहेको छ । करिब २५ सय वर्ष अगाडी निर्मित शाक्य वंशीय राजा शुद्धोधनको दरबार रहेको र ऐतिहासिक औद्योगिक शहर समेत रहेको तिलौराकोट पुग्नै पर्ने भएको छ । दर्जनौ पुराना वस्ती तथा औद्योगिक क्षेत्र रहेको यस स्थानको उत्खनन् पछि भेटिएका धातुका वस्तु, माटाका मूर्ति, कृष्णकालीन तामाका मुद्राहरु उत्खनन्बाट भेटिनुले प्राचीन सभ्याताको राजधानी शहर भगवान गौतम बुद्ध जन्मनु भन्दा करिब २ सय वर्ष अगाडीका मानव वस्तीका अवशेषहरुले पनि तिलौराकोट शाक्यहरुको राजधानी भएको वैज्ञानिक रुपमा पुष्टि गरेको छ ।

विश्वका करोडौं बौद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्र पवित्र स्थल तिलौराकोट धार्मिक पुरातात्विक तथा पर्यटकीय हिसाबले अति नै महत्वपूर्ण स्थल बनेको छ । विश्वका बौद्ध धर्म मान्नेहरु तिलौराकोट आएर ध्यानपूर्वक पूजापाठ गरी त्यहाँको एक चिम्टी माटो आफ्नो देशमा लगेर पूजा अर्चना गर्ने गर्दछन् । चीन, जापान, थाइल्याण्ड, कोरिया, भियतनाम लगाएतका देशहरुका धार्मिक पर्यटकहरु बढी आउनुको साथै अन्य देशहरुबाट समेत एक पटक तिलौराकोट जानु पर्छ भन्ने वातावरण गराउन सके विश्वमा रहेका अरबौं बौद्ध धर्मावलम्बीहरु आउन थाल्दा २० लाख मात्र होइन ४० लाख भन्दा बढी पर्यटक यहाँ आउन सक्छन् ।

### ऐतिहासिक सम्पदाहरु

तिलौराकोटमा निम्न महत्वपूर्ण ऐतिहासिक धरोहरहरु रहेका छन् जसले यस स्थललाई प्राचीन शाक्यवंशको राज्यको राजधानीको रुपमा ठम्याउन सजिलो भएको छ ।

**सुरक्षा पर्खालः** प्राचीन शाक्यहरूको राजधानी तिलौराकोट एक मजबुत पर्खालले घेरिएको छ । बाणगङ्गा नदीको किनारमा रहेको यो पर्खाल पञ्चभुज आकारको रहेको छ । यो पर्खालको उत्तर देखि दक्षिणतिरको लम्बाइ ५०० मिटर रहेको छ भने पूर्वदेखि पश्चिम ४०५ मिटर छ । उत्खननको क्रममा गहिरो खाईले पर्खाललाई वरिपरिबाट घेरेको पाइनुले यसले घेरेको क्षेत्र तिलौराकोट पक्कै शाक्यहरुको राजधानी नै थियो भन्ने भनाईलाई थप बल दिएको छ । बौद्ध धर्मग्रन्थहरुमा तिलौराकोट दरबारलाई अग्ला पर्खालहरु र गहिरो खाईले बघरेको भनेर वर्णन गरिएको छ । करिब १२ फिट चौडा पर्खालको भग्नावशेष यहाँ पाइनुले प्राचीन ग्रन्थहरुको भनाइ सार्थक तुल्याएका छन् (Bidari, 2007, p. 198)।

**प्रवेशद्वार :** दरबारलाई बीचमा पारेर यसका प्रमुख चार दिशामा चारवटा प्रवेशद्वारहरुका भग्नावशेषहरु तिलौराकोटमा पाइएका छन् । चारवटा प्रवेशद्वारहरु मध्ये पुरातत्वविद्हरुले हाल पूर्वी र पश्चिम गरी दुईवटा द्वारहरूको उत्खनन गरेर भग्नावशेषहरुलाई बाहिर निकालेका छन । ईटा, काठ तथा धातुबाट निर्मित यो विशाल पश्चिमी द्वार वास्तु र सुरक्षाको दृष्टिकोणले अद्वितीय देखिन्छ । विभिन्न सुरक्षा कोठाहरु सहित निर्माण भएको यो द्वारमा तत्कालिन समयमा राजधानीको सुरक्षाको उचित प्रबन्ध गरिएको थियो भन्ने कुरा बोध गराउँदछ (फोटो नं. १४) । पुरातत्वविद् तारानन्द मिश्रले उत्खननको क्रममा यो द्वारको निर्माण कालखण्डको ३ चरणहरु रहेको तथ्य प्रकाशमा ल्याएका हुन् । उनका अनुसार, यो पर्खालको निर्माण दोस्रो शताब्दी ईशापूर्व भएको हो (Bidari, 2007, p. 259) । तारानन्द मिश्रले उत्खनन् गरी पूर्वी द्वार उजागर गरेका हुन् । यो द्वारको नजिकै विशाल चतुर्भुजाकारका थुप्रै भवनहरु जोडिएर रहेको पाइएको थियो, जुन दरबार क्षेत्रको सुरक्षाको लागि सैनिक आवास भएको अनुमान गर्न सकिन्छ । पूर्वी द्वारलाई महाभिनिष्क्रमण द्वार अथवा मङ्गल द्वार पनि भनिन्छ, जहाँबाट राजकुमार सिद्धार्थ ज्ञानको खोजीमा २९ वर्षको उमेरमा गृहत्याग गरेका थिए (Rijal, 1996, p. 104) । प्राचीन बौद्ध ग्रन्थहरुका अनुसार जब राजकुमार सिद्धार्थ द्वारबाट ज्ञानको खोजीमा बाहिर निस्के त्यहाँ पहरामा रहेका दैवीय शक्तिको कारण सैनिकहरु निदाए र बोधिसत्व सिद्धार्थलाई ज्ञानको खोजीमा दरबार बाहिर निस्किन कुनै कठिनाइ भएन ।

**कन्थक स्तूप :** तिलौराकोटको पूर्वी द्वार देखि करिब १०० मिटर पूर्वमा अवस्थित ढिस्को नै कन्थक स्तुप हो (फोटो नं. १५) । राजकुमार सिद्धार्थको प्रिय घोडा कन्थक र सारथी छन्दले सिद्धार्थलाई गृहत्याग गर्न मद्दत गरेका थिए । अनोमा नदी पुगे पछि राजकुमार सिद्धार्थले आफ्नो राजकीय आभुषण र तरवार दिएर आफ्नो सारथी र घोडालाई कपिलवस्तु फिर्ता गरेर आफू भिक्षुको जीवन यापन गर्न थाले । अनोमा नदीबाट फर्केपछि कन्थक घोडाले दरबार भित्र प्रवेश नगरी यही स्थलमा आफ्नो देह त्यागे । राजकुमारलाई गृहत्याग गर्न सहयोग गरी बुद्धत्व प्राप्तिका लागि निमित्त भएको हुँदा कन्थक घोडाको सम्झनामा यसै स्थलमा स्तुप बनाई पूजा गर्न थालियो (Rijal, 1996, p.24)।

**पोखरी :** पुरातात्विक उत्खनन्को क्रममा तिलौराकोटमा धेरै पोखरीहरूका भग्नावशेष पाइएका छन् । ती मध्ये तिलौराकोटको उत्तरपूर्वी र मध्य भागमा रहेको पोखरी ठूला र महत्वपूर्ण देखिन्छन् । यी पोखरीहरू गहिरो गरी ईटाहरूको समेत प्रयोग गरी बनाइएका छन, जुन शाक्य शाही परिवारका सदस्यहरुको जल क्रिडा र राजधानीको सुन्दरताका लागि बनाइएको हुनुपर्दछ (Mukherji, 1969, p.21) । प्राचीन बौद्ध धर्मग्रन्थहरुमा पनि तिलौराकोटको शाक्यहरूको दरबारमा सुन्दर कमल पोखरीहरु थिए भनेर वर्णन पाइन्छ ।

**भवनको भग्नावशेष :** तिलौराकोटमा प्राचीन राजदरबारको केही भग्नावशेषहरु पाइए पनि पूर्ण उत्खनन (Full-Fledged Excavation) को अभावमा हालसम्म दरवारका खम्बाहरुका डोबहरु (Post Hole), सडक, पोखरी आदिका भग्नावशेष र दरवारको एउटा सानो भाग मात्रै उत्खनन गरी उजागर गरिएको छ । तिलौराकोट क्षेत्रको हाताभित्र जापानिज पुरातत्वविद् नाकामुराको नेतृत्वमा भएको उत्खननबाट दरवारको सानो भाग निकालेर संरक्षण गरिएको छ । यस भवनभित्र अन्न र हातहतियारका अवशेषहरु पाइएको हुँदा यो भग्नावशेष दरवारको नभई दरबारको सुरक्षाको निम्ति बनाइएको सैनिकको आवास स्थल हुनुपर्दछ तर यो भवन शाक्य कालभन्दा पछाडि हुनुपर्दछ (Nakamura et al., 2000, p.252) ।

**धमनिहवा स्तूप :** पुरातत्वविद तारानन्द मिश्रको नेतृत्वको टोलीले सन १९६८ देखि ७९ सम्म उत्खनन् गर्दा तिलौराकोट देखी ५०० मिटर उत्तरमा एकजोर स्तूप फेला पर्यो (फोटो नं. १६) । स्तूपहरु मध्ये एउटा ठूलो छ भने अर्को चाहि सानो आकारको रहेको छ । ठूलो स्तूप ४ कालखण्डमा निर्माण गरिएको पाइएको छ । यसको पहिलो चरणको निर्माण ईशापूर्व पाँचौ शताब्दीतिरको रहेको छ किनभने यो चरणमा NBP, Grey Ware सम्बन्धित भाडाबर्तनका टुक्राहरु पाइयो । यो चरणमा स्तूपको व्यास ५० फिट ३ ईन्च रहेको छ । दोस्रो चरणको निर्माण ईशापूर्व तेस्रो शताब्दीको देखिन्छ जसमा स्तूपको वरिपरी एक परथ ईटा थपिएको छ जसले स्तूपको व्यासलाई ५२ बनाएको छ । तेस्रो चरणमा यो स्तूपको दक्षिणपट्टि २० फिट लामो तटबन्ध निर्माण गरी स्तूपको संरक्षण गरिएको पाइएको छ । चौथो चरणमा यो स्तूपको चारै दिशामा चारओटा खोपीहरु निर्माण गरिएका छन । उत्खननको क्रममा यहाँ पुराना मुद्राहरू, आहात मुद्राहरू र आमा र बच्चाको शुङ्गाकालीन आकृति पनि पाइएका थिए (Bidari, 2007, p. 260-261) । उत्खननको क्रममा तारानन्द मिश्रले ठूलो स्तम्भको पश्चिमपट्टि सानो स्तूप निकाले । पच्चर आकार (Wedged Shaped) बाट निर्मित यो स्तूपको व्यास २६ फिट अर्थात ठूलो स्तूप भन्दा आधा सानो आकारको रहेको छ (Bidari, 2007, p.261) ।

### ४.४.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्ब साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा तिलौराकोटको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निर्क्यौल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

#### अवस्थिति तथा पहुँच

भगवान शाक्यमुनि बुद्धले २९ वर्षसम्म राजकुमारको रूपमा जीवनयापन गर्नुभएको पवित्र तिलौराकोट शिवालिक पर्वत श्रृंखलाको काखमा कपिलवस्तु जिल्लामा अवस्थित छ । ऐतिहासिक तथा पुरातात्विक स्थल तिलौराकोटको अवस्थिति देशान्तर ८३°३'३०" पूर्व र अक्षांश २७°३४'३०" उत्तर रहेको छ । यो पुरातात्विक स्थल उहाँको जन्मस्थल लुम्बिनीबाट २८ किलोमिटर पश्चिममा रहेको छ र यो स्थललाई कालोपत्र सडकले लुम्बिनी लगायत अरु शहरसँग जोडेको हुँदा बाह्रै महिना पहुँचयोग्य छ । यद्यपि तिलौराकोट पुग्ने बेलामा सडक साँघुरो भएको हुदा ठूला पर्यटक बसहरुलाई अप्ठयारो हुने गरेकोले उक्त सडकलाई चौडा बनाउनु पर्ने आवश्यक्ता रहेको छ ।

#### स्थल प्रस्तुतीकरण र संरक्षण

तिलौराकोट हाता भित्रको पुरातात्विक क्षेत्रमा साना ठूला रुखहरु यत्रतत्र उम्रिएको पाइएको छ । यस्ता रुखका जराहरु जमिनमुनि गएर पुरातात्विक भग्नावशेषहरुलाई नष्ट गर्ने हुँदा रुखहरुलाई क्रमशः पुरातात्विक भग्नावशेषलाई असर नपर्ने गरी उखेल्नु पर्दछ र नयाँ-नयाँ झार बुट्यानहरु उम्रन दिनु हुँदैन । प्राचीनकाल देखि तिलौराकोटलाई घेरेर रहेको सुरक्षा पर्खाल संरक्षणका अभावमा जीर्ण हुँदै गइरहेको देखिन्छ । तसर्थ बेलाबेलामा जैविक तथा रासायनिक संरक्षण माध्यमबाट यो ऐतिहासिक पर्खालको संरक्षण गर्नु पर्दछ । त्यसैगरी पूर्वी र पश्चिमी प्रवेशद्वारहरूको पनि समय-समयमा आवधिक संरक्षण गर्नुपर्दछ । पर्यटकहरु हिड्नको लागि लुम्बिनी विकास कोषले हालैमात्र काठका केही बाटाहरु (Walking Trails) निर्माण गरेको भएपनि ती पर्याप्त छैनन् र पर्यटकहरू पुरातात्विक स्थल माथि हिड्ने र विश्राम गरेको पाइएकोले यस्ता बाटा र बिश्रामस्थलहरू पर्याप्त मात्रामा निर्माण गर्नुपर्दछ ।

### पूजा तथा पर्यटक सुबिधा

तिलौराकोटमा सीमित मात्रामा पर्यटकीय सेवा तथा सुविधाहरु उपलब्ध रहेका छन । यहाँ उपलब्ध शौचालय, चमेना गृह र कोसेली घरको स्तरोन्नती गर्नु अति आवश्यक छ । भगवान गौतम बुद्धको जीवनको अमूल्य २९ वर्ष बितेको यो पवित्र स्थलमा पूजापाठ, ध्यान, साधना गर्ने कुनै भौतिक पूर्वाधार र प्रावधानहरुको व्यवस्था नभएको हुनाले तीर्थयात्रीहरुलाई तिलौराकोटमा आएर पनि पूजापाठ गर्ने अवसरबाट वञ्चित हुनुपरेको छ, जुन दुःखको कुरा हो ।

### सूचना प्रणाली

लुम्बिनी विकास कोषले केही साइनबोर्डहरु तिलौराकोटमा राखेको छ तर ती साइनबोर्डहरु विषयवस्तु र संख्याको हिसाबले पर्याप्त छैनन् साथै साइनबोर्डका आकार, विषयवस्तु, रङ्ग आदिमा एकरुपता पाइदैन । तसर्थ  प्रशस्त मात्रमा स्तरयुक्त साइनबोर्डहरु राख्ने व्यवस्था गर्नु पर्दछ र तिनमा स्तरीयता र एकरुपता पनि कायम गर्नु जरुरी छ । तालिम प्राप्त केही स्थानीय पथप्रदर्शकहरुले पर्यटकलाई तिलौराकोटमा पथप्रदर्शन सेवा प्रदान गरेको देखिन्छ जुन सह्रानीय कुरा हो । यस्ता स्थानीय पथप्रदर्शकहरुलाई विभिन्न भाषाका थप तालिम दिएको खण्डमा अझ ठूलो संख्यामा तिलौराकोट भ्रमण गर्ने तीर्थयात्री तथा पर्यटकहरुले यो पुरातात्विक स्थलको बारेमा जानाकारी पाउने छन ।

### ४.४.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि लुम्बिनीमा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं.४ : पर्यटन विकासका लागि तिलौराकोटमा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ८८ | ५८.६७ |
| सार बगैचा (Theme Park) निर्माण | ८८ | ५८.६७ |
| सहज पहुँच, पार्किङ तथा घुमफिरको व्यवस्था | ८६ | ५७.३३ |
| सम्पदा संरक्षणमा जोड | ८६ | ५७.३३ |
| पूजा तथा तथा पर्यटक सुविधाको व्यवस्था | ८३ | ५५.३३ |
| सरसफाई तथा सौन्दर्यीकरण | ८२ | ५४.६७ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८२ | ५४.६७ |
| नियमित पूजा तथा आध्यात्मिक कार्यक्रम सञ्चालन | ८१ | ५४ |
| प्रचार प्रसार र बजारीकरण | ८१ | ५४ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८१ | ५४ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८१ | ५४ |

*श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७*

माथि तालिका नं. ४ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा तिलौराकोटमा पर्यटन विकास गर्नका लागि गर्नुपर्ने महत्वपूर्ण कार्यहरु अगाडी वर्णन गरे बमोजिम रहेका छन् । जम्मा १५० जना उत्तरदाताहरुसँग गरिएको प्रश्नावली सर्वेक्षणको आधारमा यस स्थलको पर्यटन विकासका लागि ६ प्रकारका कार्य गर्नु पर्ने देखिन्छ । पर्यटन विकासका लागि गर्नै पर्ने महत्वपूर्ण कार्यहरु निम्नानुसार छन ।

पहिलो स्थानमा “परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण”, र “सार बगैचा (Theme park) निर्माण” गर्नु पर्छ भन्ने बहुसंख्यक उत्तरदाताहरुको सुझाव रहेको पाइयो । यस्तो राय दिने उत्तरदाताहरुको प्रतिशत ५८.६७ रहेको छ ।

दोश्रो महत्वपूर्ण कामहरु अन्तरगत “सहज पहुँच तथा घुमफिरको व्यवस्था”, “सम्पदा संरक्षणमा जोड” र “पूजा तथा पर्यटक सुबिधाको व्यवस्था” मा विशेष जोड दिनु पर्छ भन्ने देखिन्छ जसलाई ५७.३३ प्रतिशत उत्तरदाताहरुले मत जाहेर गरेका छन ।

तेश्रो क्रमका महत्वपूर्ण कामहरुमा “सरसफाई तथा सौन्दर्यीकरण”, “प्रभावकारी सूचना प्रणाली बिकास” गर्नु पर्ने रहेका छन । यी कामहरुलाई ५४.६७% उत्तरदाताहरुले महत्वपूर्ण ठानेका छन ।

चौथो क्रमका महत्वपूर्ण कामहरु: “नियमित पूजा तथा आध्यत्मिक कार्यक्रम सञ्चालन”, “प्रचार प्रसार र बजारीकरण” “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता”, “वातावरण र जैविक विविधताको संरक्षण” लाई विशेष जोड दिनु पर्छ भन्ने उत्तरदाताहरु ५४ प्रतिशत रहेका छन ।

## ४.५ निग्लिहवा

बौद्ध धर्मग्रन्थहरुका अनुसार महाभद्रकल्पका दोस्रो मानव बुद्ध कनकमुनि जन्मेको र ज्ञान प्राप्त गरेको स्थान यहि निग्लिहवा हो । यस स्थानमा रहेको अशोक स्तम्भ र यसमा उत्कीर्ण गरिएका लिपीले पनि यस तथ्यलाई प्रमाणित गरेको छ । (फोटो नं. १७) भगवान कनकमुनि बुद्धको पवित्र जन्मस्थल निग्लिहवा संसारभरका बौद्धमार्गी तथा शान्तिप्रेमी जनहरुका लागि असीम श्रद्धा उत्पन्न गर्ने पवित्र तीर्थस्थल भए पनि हालसम्म यो स्थानको समुचित विकास हुन नसकेको कारणले पर्यटनको माध्यमबाट कपिलवस्तु र सिंगो नेपालले फाइदा लिन सकेको छैन । (नक्सा नं. ५)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

केही उत्तरी तथा दक्षिणी धार्मिक ग्रन्थहरुमा कोनागमन वा कनकमुनि बुद्ध महाभद्रकल्पमा शोभावती वा सुभावती नगरमा ब्राम्हण यज्ञदत्तको घरमा जन्मिएको उल्लेख छ । निग्लिहवा त्यो महत्वपूर्ण सर्बप्राचीन कथा पवित्र तीर्थस्थल हो जहाँ कनकमुनि बुद्ध जन्मेका, बुद्धत्व प्राप्त गरेका र बुद्धत्व प्राप्त पछि आफ्ना बाबा यज्ञदत्तलाई भेट गरेका थिए (Malalasekera, 1983, p.681) । यो पवित्र तीर्थस्थल सम्बन्धी धेरै जनश्रुति तथा किंवदन्तीहरू विद्यमान छन । सम्राट अशोकले २४९ ईशापूर्वमा स्थापना गरेको अशोक स्तम्भका दुईवटा टुक्रा यस स्थलमा रहेका छन । छेवैमा रहेको विशाल कमलपोखरी र अशोक स्तम्भ लगायतका प्राचीन पुरातात्विक अवशेषहरु दर्शनार्थी तथा अनुसन्धानकर्ताका लागि धेरै महत्वपूर्ण छन । महाकल्प नामक ग्रन्थमा उनको जन्म शोभावती नगरका एकजना ब्राह्मण कुलमा हुँदा सुनको वर्षा भएकोले कनकमुनी नामकरण गरिएको उल्लेख छ । चिनियायात्री फाहियानले शोभावती नगर क्षेमावती देखि उत्तरपट्टि एक योजन (करिब १२ कि.मी.) भित्र रहेको उल्लेख गरेका छन । हुएन-साङ्गका अनुसार त्यहाँबाट उत्तरपट्टि ४० लि. (करिब ११ कि.मी.) टाढा रहेको छ । उनले त्यहाँ तथागतको जन्म भएको संकेत स्वरुप स्तूप राखिएको उल्लेख गरेका छन ।

### ऐतिहासिक सम्पदाहरु

पूर्ण उत्खनन नभए पनि निग्लिहवामा टुक्रिएको अशोक स्तम्भ, कनकमणि बुद्धको नयाँ मन्दिर र निग्लिसागर पोखरी अवस्थित छन । पूर्ण उत्खनन पछि धेरै सम्पदा प्रकाशमा आउने निश्चित भए पनि नेपाली स्रोत साधन र प्रबिधिको कमिको कारणले सबै सम्पदा उजागर गर्न समय लाग्ने देखिन्छ ।

**अशोक स्तम्भ :** ईशापूर्व २४९ मा सम्राट अशोकले भारतको चुनार भन्ने ठाउँबाट ल्याएर कनकमणि बुद्धको जन्मस्थल निग्लिहवामा यो स्तम्भ स्थापना गरेका हुन । यस स्तम्भमा पाली भाषा र ब्राह्मी लिपिमा उत्कीर्ण गरिएको शिलालेख छ जसले यस स्थलमा कनकमणि बुद्धको जन्म भएको हो भन्ने कुरा प्रमाणित गर्दछ । भारतीय पुरातत्व विभागका फुहररले ई.स. १८९५ मार्चमा यहाँको अभिलेख समेत रहेको स्तूप फेला पारे । यसको उपलब्धिले यस क्षेत्रको प्राचीनता नै अझ बढ्दो छ ।

भाँचिएर दुई टुक्रा भएको अशोक स्तम्भको तल्लो भागमा सम्राट अशोकको अभिलेख ब्राम्ही अक्षरमा कुदिएको शिलालेखको लिप्यन्तरण निम्न बमोजिम रहेको छ (फोटो नं. १८) ।

“देवान पियेन पियदसिन लाजिन-चोडसभस (भिसी) तेन बुधस कोनकमनस थुवे-दुतियं वधिते (विसतिभ) सभिसितेन-च अतन-अगाच-महिइते (सिला थवे च उस) पापिते”

यस अभिलेखलाई विभिन्न विद्वानहरुले आ-आफ्नो तरिकाले व्याख्या गरेको पाइन्छ तर लुम्बिनी विकास कोषले “देवताहरुका प्रिय प्रियदशी राजा अशोकले राज्य भिषेकको चौधौं वर्षमा कोनाकमन बुद्धको स्तुप दोब्बर ठूलो बनाउन लगाइयो र बिसौं वर्षमा यहाँ आएर पुजा गरी यो शिलास्तम्भमा खडा गर्न लगाइयो” भनी यो शिलालेखको अनुवाद गरेको छ । भाँचिएर रहेको माथिल्लो भागमा पहिलो हरफ “ॐ मणि पदमे हूँम” दोश्रो हरफमा श्री रिपुमल्ल चिरम्जयतु, १२३४ उल्लेख छ । पहिलो हरफ महायानी मन्त्र र दोश्रो हरफको श्री रिपुमल्ल सदैव विजयी १२३४ र सक वर्ष १२३४ जुन १३१२ इसवी हुन आउँछ यसले रिपुमल्लको समयसम्म पनि लुम्बिनी, कपिलवस्तु भगवान बुद्धको जन्म स्थानको रुपमा परिचित थियो । (प्रधान, १९७५, पृ.५३)

**निगलीसागर :** निगलीसागर अर्थात नीलो पानीको पोखरी (फोटो नं. १९) अशोक स्तम्भको नजिकै पूर्वतिर अवस्थित छ । स्थानीय विश्वास अनुसार कनकमुमि बुद्धको स्तुप नजिकै यो विशाल कमलपोखरी निर्माण गरिएको थियो । पुरातत्वविदहरुले हराएका अशोक स्तम्भका टुक्राहरु यस पोखरीमा दबिएर रहेका हुन सक्छन भन्ने अनुमान गरेका छन । यहाँको पानी कृषकहरुले आफ्नो खेतीमा प्रयोग गर्ने गरेको हुँदा पोखरी दिनानुदिन विरूप वलौटे क्षेत्रमा परिवर्तन हुदै गएको देखिन्छ । पर्यटकहरुलाई आकर्षण गर्नका लागि यो पोखरीमा पानी जमाएर सुन्दर कमलपोखरीको रुपमा यथासिघ्र विकास गर्नुपर्ने र यसको वरिपरि आराम गर्ने विश्रामस्थल र ध्यान गर्ने छानासहितको ध्यानागारहरू निर्माण गर्नु आवश्यक देखिन्छ ।

**कनकमुनि बुद्ध मन्दिर :** अशोक स्तम्भ नजिकै पूर्वतिर एउटा नयाँ मन्दिर बनाइएको छ (फोटो नं. २०) । उक्त सानो मन्दिरभित्र कनकमणि बुद्धको प्रतिमा पनि स्थापना गरिएको छ । निग्लीहवाको भ्रमण गर्ने जोकोहीले यो मन्दिरको दर्शन गर्ने तथा पूजा गर्ने गर्दछन । अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनीले सिमेन्टको प्रयोग गरी बनाइएको यो मन्दिर निग्लिहवा जस्तो पुरातात्विक स्थलमा अमिल्दो देखिन्छ । तसर्थ यस मन्दिरलाई पुरातात्विक स्थलसंग संगति मिल्नेगरी पुरातात्विक निर्माण सामग्रीहरु प्रयोग गरी अर्को मन्दिर बनाउने र कनकमुनि बुद्धको भव्य प्रतिमा स्थापना गर्नु आवश्यक देखिन्छ ।

### ४.५.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्व साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा पुरातात्विक स्थल निग्लिहवाको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो

सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निर्क्यौल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### अवस्थिति तथा पहुँच

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारको उत्तरपट्टि करिब ९ कि.मी. टाढा रहेको निग्लिहवा क्षेत्र पुरातात्विक दृष्टिले विशेष महत्वपूर्ण छ । यसलाई कनकमुनि बुद्धको जन्म भएको शोभावती क्षेत्र मानिएको छ । कपिलवस्तु जिल्लामा अवस्थित पुरातात्विक स्थल निग्लिहवाको अवस्थिति देशान्तर ८३°६' पूर्व र अक्षांश २७°३५'४०" उत्तर रहेको छ (Bidari, 2007, p. 83)।

### स्थल प्रस्तुतीकरण र संरक्षण

भाँचिएको अशोक स्तम्भको संरक्षणको लागि हालैमात्र लुम्बिनी विकास कोषले छाना सहितको घर निर्माण गरेको भए पनि मानिसहरु भित्र गएर अशोक स्तम्भमा तेल, अबिर, सिक्का आदि चढाउने गर्नाले अशोक स्तम्भमा कुँदिएको ऐतिहासिक लिपि क्षयीकरण हुदै गएको देखिन्छ । यसैले त्यस्ता क्रियाकलापहरू पूर्णरुपमा बन्द गर्नुपर्दछ साथै समय समयमा स्तम्भको जैविक तथा रासायनिक उपचार गर्नुपर्दछ । निग्लिहवामा बगैंचा तथा सौन्दर्यीकरणको काम भएको देखिँदैन । त्यसैले पुरातात्विक स्थल वरिपरि राम्ररी तारबार गरेर सुन्दर फुलबारी र विश्रामस्थलहरु निर्माण गर्नुपर्दछ ।

### पूजा तथा पर्यटक सुबिधा

निग्लिहवामा पर्यटकीय सेवा तथा धार्मिक पूजा ध्यान आदिको सुविधाहरु उपलब्ध छैनन् । यहाँ शौचालय, चमेना गृह र कोसेली घर जस्ता आधारभूत पर्टकीय सुबिधाको अभाब छ । यो पवित्र स्थलमा पूजापाठ, ध्यान साधना गर्ने कुनै भौतिक पूर्बाधार र प्रावधानहरु व्यवस्था नभएको हुनाले तीर्थयात्रीहरुलाई निग्लिहवामा जस्तो पवित्र तीर्थस्थल आएर पनि तीर्थयात्रीहरु पूजापाठ, ध्यान साधन आदि गर्ने अवसरबाट वञ्चित हुनु पर्दछ । फलस्वरुप यहाँ पर्यटक बसाई साह्रै थोरै छ ।

### सूचना प्रणाली

### ४.५.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि लुम्बिनीमा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. ५ : पर्यटन विकासका लागि निग्लिहवामा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| निग्लिहवामा सुरक्षित पर्खाल तथा द्वारहरुको निर्माण | ८९ | ५९.३३ |
| निग्लिहवाको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ८९ | ५९.३३ |
| प्रचार प्रसार र बजारीकरण | ८९ | ५९.३३ |
| निग्लिहवाको उत्खनन् तथा सम्पदाको संरक्षण | ८८ | ५८.६७ |
| सार बगैचा (Theme Park) निर्माण | ८८ | ५८.६७ |
| पर्यटकीय सुविधाको उपलब्धता | ८८ | ५८.६७ |

| | | |
|---|---|---|
| वातावरण र जैविक विविधताको संरक्षण | ८७ | ५८ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८७ | ५८ |
| सरसफाई तथा सौन्दर्यीकरणमा जोड | ८६ | ५७.३३ |
| नियमित चाडपर्व तथा कार्यक्रम सञ्चालन | ८६ | ५७.३३ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८५ | ५६.६७ |
| सहज पहुँच तथा घुमफिरको व्यवस्था | ८५ | ५६.६७ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. ५ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा निग्लिहवामा पर्यटन विकासका लागि गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कार्य “निग्लिहवामा सुरक्षित पर्खाल तथा द्वारहरूको निर्माण”, “निग्लीहवाको क्षेत्र विस्तार तथा गुरुयोजना निर्माण” र यसको व्यापक “प्रचार प्रसार र बजारीकरण” गर्नु हो भनी ५९.३३% उत्तरदाताहरुले राय व्यक्त गरेका छन । कनकमुनिको बुद्धको जन्मस्थल पवित्र निग्लिहवा बजार बस्तीबाट टाढा एकान्त स्थानमा रहेको कुनै पनि बेला ऐतिहासिक प्रमाणको रुपमा रहेको अशोक स्तम्भ लगायतका सम्पदामा क्षति पुग्ने अवस्था रहेको हुदा उत्तरदाताहरुले यस्तो राय व्यक्त गरेको हुनुपर्दछ । निग्लिहवा क्षेत्र साँघुरो भएको हुँदा यसको “क्षेत्रलाई विस्तार गरी छुट्टै गृहको गुरुयोजना निर्माण” गरी सोही अनुसार विकास, उत्खनन तथा संरक्षणका क्रियाकलापहरू अगाडि बढाउनु पर्दछ भन्ने सुझाब रहेको छ ।

५८.६७% उत्तरदाताहरुले “निग्लिहवाको उत्खनन तथा सम्पदाको संरक्षण” लाई जोड दिनुपर्छ भन्ने राय व्यक्त गरेका छन । स्तम्भको हराएका भागहरु फेला पार्न र कनकमुनि बुद्धको स्तूप पत्ता लगाउनको लागि यो राय उचित देखन्छ । साथै त्यत्ति नै प्रतिशतका उत्तरदाताहरुले “पर्यटकीय सुविधाको उपलब्धता” गर्नुपर्ने, “सार बगैचा (Theme park) निर्माण” र “पर्यटकीय सुविधाको उपलब्धता” गर्नु पर्ने सल्लाह दिएका छन । कनकमुनि बुद्धको जीवनी र शिक्षाको बारेमा मानिसहरुलाई जानकारी गराउने दृष्टिकोणबाट यो राय अति महत्वपूर्ण छ । यस क्षेत्रको बारेमा पर्यटकलाई सूचना प्रदान गर्नका लागि सूचना प्रणालीको विकास नभएको ५८% उत्तरदाताहरुले निग्लिहवामा “प्रभावकारी सूचना प्रणाली विकास” हुनुपर्दछ भन्नेका र यहाँको “वातावरण र जैविक विविधताको संरक्षण” गर्नु पर्ने विचार पनि ५८% उत्तरदाताहरुले व्यक्त गरेका छन ।

पर्यटन विकासका लागि “सरसफाई तथा सौन्दर्यीकरण” मा जोड दिनुपर्दछ र “नियमित चाडपर्व तथा कार्यक्रम सञ्चालन” को उचित प्रबन्ध गर्नुपर्दछ भनी ५७.३३% उत्तरदाताले सुझाव दिएका छन । “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता” र “सहज पहुँच, व्यवस्थित पार्किङ तथा घुमफिरको व्यवस्था” यहाँ पर्यटन विकासका लागि महत्वपूर्ण काम हुन भन्ने विचार ५६.६७% उत्तरदाताले व्यक्त गरेका छन । यस क्षेत्रको पर्यटन प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांकको सार र योजनाविद, पर्यटनविद, संस्कृतिविद् लगायतका विशेषज्ञहरूको टोलीले निग्लिहवाको स्थलगत भ्रमण गर्दा टिपोट गरेका गर्नुपर्ने आवश्यक कार्यहरुको सूचिमा  यस्तै कामहरु निग्लिहवामा पर्यटन विकासका लागि गर्नुपर्ने देखिएको छ ।

### ४.६ अरौराकोट

जमुवार नदीको किनारमा अवस्थित अरौराकोट विशाल पर्खालहरुले घेरिएको आयाताकारको महत्वपूर्ण पुरातात्विक स्थल हो । पूर्व र दक्षिणपट्टि इँटाको एवं पश्चिम र उत्तरपट्टि माटोको पर्खाल लगाई प्राचीन परम्परा र प्रविधि अनुकूल

सुरक्षा किल्ला निर्माण गरी यो स्थललाई सुरक्षित पारिएको छ (फोटो नं. २१) । यसलाई कनकमुनी बुद्धको नगर पनि भनिन्छ । तर निर्विवाद रुपमा स्थापित भैसकेको भने छैन । जहादी, रिक्साबाबा, ठगीबाबाको डाँडी, निग्लिहवा आदि पुरास्थलहरु यसको वरिपरि पर्ने हुनाले कनकमुनी बुद्धको अस्तित्व खोज्न वैज्ञानिक उत्खनन हुनु आवश्यक छ । (नक्सा नं. ५)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

प्राचीन बौद्ध धर्मग्रन्थहरुका अनुसार महाभद्रकल्पका दोश्रो बुद्ध कनकमुनिको जन्म सुभगवती बगैचामा भएको थियो (Vicittasarabhivamsa, 1992, p.280) । निग्लिहवा देखि १.५ किलोमिटर पूर्वमा अवस्थित यो कोटलाई नै सुभगवती बगैचामा हो जहाँ कनकमुनि बुद्धको जन्म भएको थियो भन्ने विश्वास गरिएको छ । अरौराकोटलाई कनकमुनि बुद्धको जन्मस्थल भन्नको लागि केहि पुरातात्विक साक्षहरु रहे पनि पूर्ण उत्खनन (Full-fledged Excavation) अभावमा यो स्थलको बारेमा विस्तृत चर्चा गर्न जानकारीको अभाव रहेको छ ।

### ऐतिहासिक सम्पदाहरु

पूर्ण उत्खनन (Full-fledged Excavation) नभए पनि यो यसको भू-सतहमा खैरो तथा रातो रङ्का माटाका भाँडावर्तनका टुक्रा, मानव तथा पशुपंक्षीका मूर्ति, खेलौना र कलात्मक ढुङ्गाका खण्डहरहरु आकस्मिक रुपमा फेला पारिएका छन । यहाँ तीनवटा चक्के इनारहरु पुरिएको अवस्थामा छन । यो स्थलमा पुरातत्वविद पि.सि मुखर्जीले उत्खनन गरेका थिए । उत्खननको क्रममा उनले ७५० x ६०० फिटको आयताकार क्षेत्र प्रकाशमा ल्याइएका हुन । करिब १२ फिट चौडा र १५ फिट अग्लो माटो तथा ईटाबाट निर्मित पर्खालले घेरेको अरौराकोट वास्तवमा महत्वपूर्ण पुरातात्विक स्थल हो । यो स्थलको दक्षिणपूर्वी भागमा ३०० x ४५० फिट क्षेत्रफलमा निर्मित विशाल दरवारको भग्नावशेष र ४० x ४२ फिट क्षेत्रफलमा बनाइएको मन्दिरको भग्नावशेष रहेका छन (Mukherji, 1969, p.113) ।

देवला मित्रले कनकमुनीको वा क्रकुच्छन्दको नगर हुन सक्ने बताएकी छन । उनले विमकदफिस, हुविष्क समेत तीनवटा तामाका मुद्रा, अहिच्छत्रको प्रविधिसँग मिल्ने छ वटा मानव मूर्ति र शिर, शुङ्ग तथा कुषाणकालीन साँढे, घोडा, गाई आदि जनावरका दशवटा मूर्तिहरुसमेत फेला पारेकी थिइन ।

जेफिट प्रोजेक्ट अन्तर्गत वेलायतको दुर्हाम विश्वविद्यालय, पुरातत्व विभाग नेपाल र युनेस्कोको संयुक्त उत्खनन टोलीले सन २०१६ मा अरौराकोटमा Geo-physcal survey गरेको थियो । उक्त सर्भेबाट अरौराकोटको सतहमुनि विशाल भवनहरूको भग्नावशेषहरु देखिएका छन ।

### ४.६.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्ब साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा अरौराकोटको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निर्क्यौल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### अवस्थिति तथा पहुँच

तौलिहवा बजारदेखि करिब ८ कि.मी. उत्तरपूर्व तथा निग्लिहवा सागरदेखि १.५ कि.मी. पूर्वमा अवस्थित अरौराकोट प्राचीन खण्डहर हो (फोटो नं. २१) । अरौराकोटको भौगोलिक अवस्थिति देशान्तर ८३°७' पूर्व र अक्षांश २७°३५'३९"

उत्तर रहेको छ । निग्लिहवासम्म पुग्नको लागि कालोपत्रे सडक भए पनि निग्लिहवाबाट अरौराकोटलाई ग्राभेल बाटोले जोडेको छ । अरौराकोटमा पर्यटकहरुलाई सवारी साधन राख्नको लागि पार्किङको व्यवस्था छैन ।

**स्थल प्रस्तुतीकरण र संरक्षण**

सम्पदा संरक्षण र स्थलगत प्रस्तुतिका हिसाबले अरौराकोटको हालत दयनीय देखिन्छ । यस स्थलमा पुरातात्विक स्थलको संरक्षणका लागि तारबार वा सुरक्षा पर्खाल केहि निर्माण गरिएको छैन । बर्खे पानी र बाढीले पुरातात्विक स्थल र प्राचीन पर्खालको विनाश गरेको देखिन्छ। मानिसहरुको खेलमैदान र भैंसी, गाई गोरु, बाखा आदि पालुवा जनावरहरूको चरिचरण क्षेत्रको रुपमा प्रयोग गरिएकोले यो पुरातात्विक स्थलमा क्षति पुगेको स्पष्ट देखिन्छ ।

**पूजा तथा पर्यटक सुबिधा**

अरौराकोटमा पर्यटकका लागि आवश्यक पर्ने न्यूनतम सुविधाहरु जस्तैः शौचालय, खानेपानी, पूजा ध्यान गर्ने स्थान, कोसेली घर, चमेना गृह आदि केही पनि उपलब्ध छैनन । त्यसै कारणले गर्दा अरौराकोट भ्रमणमा आउने पर्यटकहरु यहाँ छोटो समय विताए पछि अर्को गन्तव्यतिर प्रस्थान गर्ने गरेका छन ।

**सूचना प्रणाली**

अरौराकोट जस्तो पुरातात्विक स्थलको बारेमा जानकारी दिनको लागि यस स्थलमा नक्शा, सूचनापाटि, साइनबोर्ड आदि केही उपलब्ध छैनन । साथै पर्यटकहरुलाई सूचना उपलब्ध गराउनका लागि स्थानीय पथप्रदर्शक यहाँ उपलब्ध नभएकाले पर्यटकहरु यस स्थलको जानकारीबाट विमुख भई फर्कनु पर्ने स्थिति रहेको छ ।

**४.६.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु**

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि लुम्बिनीमा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. ६ : पर्यटन विकासका लागि अरौराकोटमा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| सम्पदा संरक्षणमा जोड, सुरक्षा पर्खाल तथा द्वारको निर्माण | ९० | ६० |
| क्षेत्र विस्तार तथा गुरुयोजना निर्माण | ९० | ६० |
| उत्खनन् तथा अन्वेषण | ९० | ६० |
| सार बगैचा (Theme Park) निर्माण | ८८ | ५८.६७ |
| पर्यटकीय सुविधाको उपलब्धता | ८८ | ५८.६७ |
| व्यवस्थित सूचना प्रणालीको विकास | ८७ | ५८ |
| सहज पहुँच तथा पार्किङको व्यवस्था | ८७ | ५८ |
| प्रचार प्रसार र बजारीकरण | ८७ | ५८ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८६ | ५७.३३ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८६ | ५७.३३ |

*श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७*

माथि तालिका नं. ६ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा अरौराकोटमा पर्यटन विकासका लागि गर्नै पर्ने सबैभन्दा महत्वपूर्ण कार्यहरु निम्नानुसार रहेका छन् ।

“सम्पदा संरक्षणमा जोड दिनु पर्छ जसको लागि सुरक्षित पर्खाल र प्रवेशद्वारको निर्माण” गरेर ठाउँ-ठाउँमा सुरक्षा निम्ति पाले पहरा को व्यवस्था गर्नु पर्दछ, “निग्लिहवाको क्षेत्र विस्तार तथा गुरुयोजना निर्माण” साथै “उत्खनन तथा अन्वेषण” गर्नुपर्दछ भन्ने उत्तरदाताहरुले प्रतिशत ९० रहेको छ । त्यसैगरी ५८.६७% उत्तरदाताले पर्यटनको विकास गर्ने हो भने अरौराकोटको क्षेत्रमा “सार बगैचा (Theme park) निर्माण” गर्नुपर्दछ र “पर्यटकीय सुविधाको उपलब्धता” का लागि आवश्यक कार्य यथाशिघ्र गर्नुपर्ने राय दिएका छन ।

उत्तरदाताहरु मध्ये ५८% ले अरौराकोटमा “ब्यबस्थित सूचना प्रणालीको विकास” गरी पर्यटकलाई सुसूचित हुने वातावरण निर्माण गर्नु पर्दछ, “प्रचार प्रसार र बजारीकरण” गर्नुपर्दछ र “सहज पहुँच तथा पार्किङको व्यवस्था” गरी पर्यटक आगमनलाई सुगम बनाउनु पर्छ भन्ने सुझाब दिएका छन ।

अरौराकोटको पर्यटन विकासका लागि “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता” र “वातावरण र जैविक विविधताको संरक्षण” गर्नुपर्ने सुझाव ५६.६७% उत्तरदाताले दिएका छन ।

## ४.७ सगरहवा

तिलौराकोटबाट करिब ९ कि.मी. उत्तर, निग्लिहवा तथा अरौराकोटको उत्तर-पश्चिम जगदीशपुरको छेउँमा अवस्थित सगर नामक पोखरीको नामबाट यस क्षेत्रको सगरहवा नामकरण गरिएको हो । (फोटो नं. २२) ई.पू. पाँचौ शताब्दी तिर कोशलराज विरुद्धकले शाक्यहरुको हत्या गरेको स्थलकै रुपमा यस स्थानलाई चिनिन्छ । सर्वप्रथम भारतीय पुरातत्व विभागमा कार्यरत जर्मनीका विद्वान फुहररले ई.सं.१८९७ मा तत्कालीन पाल्पाका बडाहाकिम खड्ग शमशेरको सहयोगमा अन्वेषण तथा उत्खनन कार्य सञ्चालन गर्दा यस स्थानको अस्तित्व जनसमक्ष आएको थियो । ( नक्सा नं. ६)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

यहाँका स्तूपहरुको जगतिमा ९, ७ वा ५ इँटाको उपयोग गरिएको थियो । स्तूपको जगतिमा अष्टदल कमलको आकृति र अस्थिपात्र पाइएकोले यस क्षेत्रको प्राचीनता पुष्टि गर्न सघाउ मिलेको छ । चिनियाँ यात्री हुयन-साङ्गको विवरण अनुसार समीकरण गरी सगरहवाको अस्तित्व फुहररले बताएका थिए । यस स्थलमा राजाविरुद्धकले प्रतिशोध पूर्ण कार्य गर्न करिब ९९९० शाक्यहरूको बध गरेका थिए (Beal, 1983, p.20) । अहिंसाको पालन गर्ने ती महान शाक्यहरूको स्मृतिमा उनका सन्ततीहरुले पछि धेरै स्तूपहरु यस स्थलमा निर्माण गरे । एलियस फुहररले उत्खनन्को क्रममा ती स्तूपका भग्नावशेषहरु फेला पारेका थिए ।

### ऐतिहासिक सम्पदाहरु

एलियस फुहररले सन् १८९७/९८ मा सगरहवामा उत्खनन् गरे । त्यसपछि पी.सी. मुखर्जीले पनि यस स्थलमा उत्खनन् गरेका थिए । तर ती दुवै उत्खनन् पूर्ण स्केलको नभएको र त्यसपछि अन्य उत्खनन् नभएका कारणले सगरहवामा धेरै सम्पदाहरु प्रकाशमा आएका छैनन । उत्खनन् पछि निस्केका भग्नावशेषहरु पनि तिनका संरक्षणको लागि पुनः जमिनमुनि पुरेर राखेको हुँदा यस स्थलमा अवलोकनका लागि धेरै सम्पदाहरु छैनन् ।

**उत्खनन् स्थलः** एलियस फुहरर पछि सगरहवामा पी.सी. मुखर्जीले उत्खनन् गरे । फुहररले गरेको उत्खनन्बाट प्राप्त पुरावशेषको अवलोकन पी.सी. मुखर्जीले पनि गरेका थिए । सगरहवामा फुहररले उत्खनन् गरी सत्रवटा स्तूपहरु प्रकाशमा ल्याएका थिए । सगरहवा ताल देखि १२० फिट पश्चिम दिशामा ४३.६ फिट, २२.९ फिट आकारको स्तूप र १२ वटा कक्षहरुको भग्नावशेष प्राप्त भएका छन् । भवनको पर्खालको उचाइ १५ फिट र चौडाइ ६ देखि ४ फिटको छ । यिनको संयोजनमा ९० डिग्रिको कोण बनेको छ । यसको प्रवेशद्वारको अस्तित्व फेला परेन । पी.सी. मुखर्जीले खिचेको ड्राफ्टमा यस भवनसँग जोडिएको पक्की इँटाले बनेको स्तूप छ । १५ फिट अग्लो पुरावशेष र चारवटा आयतहरु निर्माण भएको क्षेत्रमा उत्खनन् गर्दा अस्थिअवशेष भएको माटोको मंजुषा, दुईवटा सुनका टुक्राहरु, दुईवटा सुनका नागाकृतिहरु, चाँदीका टुक्रा, चामलका गेडा र बहुमूल्य पत्थरका टुक्राहरु समेत फेला परेका छन । तर यी सामग्रीहरु कहाँ सुरक्षित छन भन्ने जानकारी छैन । यसको दुई सय फिट पूर्वपट्टि अन्य स्तूपहरु निर्माण गरिएका थिए । यहाँका स्तूपहरुको जगतिमा रहेका इँटामा अष्टदल कमलको आकृति अंकित छ । बीच भागको अष्टदल कमल अंकित इँटाको आसपासमा रहेका इँटामा कटारी, चुलेसी, परशु, गदा, अंकुश, त्रिशुल आदि चिन्हहरु अंकित छन । यी हातहतियारहरु शाक्यहरुको विनाश गर्दा प्रयोग गरिएकोले सहिदहरुको स्मृतिको निम्ति इँटामा समेत आकृति उत्कीर्ण गरिएको विश्वास गरिन्छ (Bidari, 2007, p. 121-27) ।

**सगरहवा तालः** यस ठाउँको १०५९ फिट लम्बाइ, २२५ फिट चौडाइ भएको प्राचीनताललाई स्थानीय भाषामा लम्बुसागर भनिन्छ । यही ताल (सागर) को नामबाट यो स्थानलाई सगरहवा वा सग्रहवा भन्ने गर्दछन (Bidari, 2007, p.120-21) । यो तालको उत्खनन् भएको छैन । उत्खनन् पछि पक्कै पनि यसको गर्भमा रहेको रहस्य उद्घाटन हुने नै छ । हाललाई यो तालले यो पुरातात्विक स्थलको सुन्दरता बढाएको छ । यो तालको समुचित संरक्षण तथा प्रवर्द्धन गर्नु जरुरी छ ।

### ४.७.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्ब साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा सगरहवाको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निर्क्यौल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

#### अवस्थिति तथा पहुँच

रामसार क्षेत्र क्षेत्रमा सूचीकृत विश्वप्रसिद्ध जगदीशपूर तालको नजिकै रहेको सगरहवा लुम्बिनी देखी ३८ कि.मि. उत्तर-पश्चिम, तौलिहवाबाट ९ कि.मि. उत्तर र तिलौराकोटबाट ३ कि.मि. उत्तरमा अवस्थित छ । यो पुरातात्विक स्थलको अवस्थिति देशान्तर ८३$^{\circ}$५'३०" पूर्व र अक्षांश २७$^{\circ}$३६'५०" उत्तर रहेको छ (Bidari, 2007: 120 & 121) । निग्लिहवा देखि ग्राभेल सडकले सगरहवालाई जोडेको छ । ग्राभेल भए पनि सडक चौडा भएको हुँदा कालोपत्रे गरे पछि यात्रा सुगम हुने देखिन्छ । सगरहवामा यातायात पार्किङ बनाइएको छैन ।

#### स्थल प्रस्तुतीकरण र संरक्षण

सगरहवाको संरक्षण तथा स्थलगत प्रस्तुतीकरणको लागि लुम्बिनी विकास कोषले कार्य गरेको देखिदैन । यस्तो महत्वपूर्ण पुरातात्विक स्थलको तारबार तथा सुरक्षा पर्खाल लगाउने काम समेत भएको छैन । पुरातात्विक स्थलमा

मानिसहरू मनपरि हिडडुल गर्ने र घरपालुवा जनावरहरु चराउने गरेको देख्न सकिन्छ । सगरहवाको उत्तरी तथा पूर्वी भागमा वर्षा र बाढीबाट पुरातात्विक स्थलको क्षय भएको र दक्षिणी भागबाट मानवीय अतिक्रमण भएको स्पष्ट देख्न पनि सकिन्छ । अहिले त पुराना पुराना इँटा गाउँलेहरुले व्यक्तिगत उपयोगमा लिई सकेका छन भने खाली जग्गा सुकुमबासीको बसोबास हुन थालेकोले अतिक्रमण हुँदै गएको छ । अतः यस क्षेत्रको आधिकारिक निकाय लुम्बिनी विकास कोष तथा नेपाल सरकारले यथाशिघ्र संरक्षण नगरे नष्ट हुने सम्भावना छ ।

### पूजा तथा पर्यटक सुबिधा

सगरहवामा पर्यटकका लागि आवश्यक पर्ने न्यूनतम सुविधाहरु जस्तैः शौचालय, खानेपानी पूजा ध्यान गर्ने स्थान, कोसेली घर, चमेना गृह आदि केही पनि उपलब्ध छैनन् । त्यसै कारणले गर्दा अरौराकोट भ्रमणमा आउने पर्यटकहरु यहाँ छोटो समय विताएर अर्को गन्तव्यतिर प्रस्थान गर्ने गरेका छन । यत्ति रमणीय स्थलमा पूजा तथा पर्यटक सुबिधा व्यवस्था गर्न सके पर्यटक बसाई अवधि पक्कै बढ्ने थियो ।

### सूचना प्रणाली

सगरहवाको बारेमा जानकारी दिनको लागि यस स्थलमा नक्शा, सूचनापाटी, साइनबोर्ड आदि केही उपलब्ध छैनन । साथै पर्यटकहरुलाई सूचना उपलब्ध गराउनका लागि स्थानीय पथप्रदर्शक यहाँ उपलब्ध नभएकाले पर्यटकहरु यस स्थलको जानकारीबाट विमुख भई फर्कनु पर्ने स्थिति रहेको छ ।

### ४.७.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि लुम्बिनीमा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. ७ : पर्यटन विकासका लागि सगरहवामा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ९० | ६० |
| वातावरण र जैविक विविधताको संरक्षण | ९० | ६० |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ९० | ६० |
| सहज पहुँच तथा पार्किङको व्यवस्था | ८९ | ५९.३३ |
| उत्खनन् तथा सम्पदा संरक्षण | ८९ | ५९.३३ |
| सुरक्षा पर्खाल तथा द्वारको निर्माण | ८९ | ५९.३३ |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय कार्यक्रम स्थल निर्माण र नियमित कार्यक्रम | ८९ | ५९.३३ |
| थिम पार्क निर्माण तथा सौन्दर्यीकरण | ८८ | ५८.६७ |
| पर्यटक सुविधाको व्यवस्था | ८८ | ५८.६७ |
| प्रभावकारी सूचना प्रणालीको विकास | ८८ | ५८.६७ |
| प्रचार प्रसार र बजारीकरण | ८८ | ५८.६७ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. ७ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा सगरहवामा पर्यटन विकासका लागि गर्नैपर्ने सबैभन्दा महत्वपूर्ण कार्यहरु यस प्रकार रहेका छन ।

सगरहवामा “परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण” गर्नुपर्दछ, “वातावरण र जैविक विविधताको संरक्षण” गर्नुपर्दछ र “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता” सुनिश्चितता गर्नुपर्दछ जसले गर्दा सगरहवामा पर्यटन विकास हुन्छ भन्ने उत्तरदाताहरुको प्रतिशत ६० रहेको छ ।

उत्तरदाताहरु मध्ये ५९.३३% ले “सहज पहुँच तथा पार्किङको व्यवस्था”, “उत्खनन् तथा सम्पदा संरक्षण”, “सुरक्षा पर्खाल तथा द्वारहरूको निर्माण” र “धार्मिक, सांस्कृतिक, पर्यटकीय कार्यक्रम स्थल निर्माण र नियमित कार्यक्रम” लाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने राय व्यक्त गरेका छन । त्यसैगरी सगरहवामा पर्यटन विकासका लागि गर्नै पर्ने कार्यहरु “थिम पार्क निर्माण तथा सौन्दर्यीकरण”, “पर्यटक सुविधाको व्यवस्था”, “प्रभावकारी सूचना प्रणाली बिकास” र “प्रचार प्रसार र बजारीकरण” हुन भन्ने उत्तरदाताहरु ५८.६७% रहेका छन ।

## ४.८ सिसहनिया क्षेत्र (बड्की र छोट्की)

तौलिहवा देखि ९ कि.मि. दक्षिणमा अवस्थित सिसनिया एक महत्वपूर्ण पुरातात्विक स्थल हो, जुन प्राचीनकालमा शाक्यहरूको महत्वपूर्ण शहर भएको हुनु पर्दछ । (फोटो नं. २३) करिब १६० x ९८ मीटर क्षेत्रफलमा फैलिएको सिसहनिया पुरातात्विक स्थलमा पुरातात्विक अवशेष यत्रतत्र सतहमा नै देख्न सकिन्छ । यस सिसहनिया क्षेत्र भित्र दुईवटा बड्की र छोट्की टोलहरु छन् । (नक्सा नं. ७)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

पि.सि. मुखर्जीले सन् १८९८ मा यहाँ पुरातात्विक अन्वेषण कार्य गरी यो स्थल शाक्यहरुको प्राचीन समृद्ध बस्ती भएको हुनुपर्दछ भन्ने अनुमान लगाएका छन् (Mukherji, 1969, p.20) । पछि सन् १९६२ मा देवला मित्रले यस स्थलको जाँचपड्ताल गरी यहाँ पाइएका पुरातात्विक अवशेषहरु भारतको हस्तिनापुरको चौथो अवधिका पुरावस्तुसँग मेल खाएको भन्ने उल्लेख गरेका छन । कसैकसैले सिसनियालाई भद्रकल्पको दोस्रो बुद्ध कनकमुनिको गृहनगर हुनै पर्दछ भन्ने अनुमान गरेका छन । यद्यपि पूर्ण स्तरको पुरातात्विक उत्खनन् नगरिकन यो स्थलको इतिहासको बारेमा यसै हो भन्न सकिँदैन ।

### ऐतिहासिक सम्पदाहरु

पि.सि. मुखर्जीले सन् १८९८ मा यहाँ पुरातात्विक अन्वेषण कार्य गर्दा यहाँ देखिएका संरचनाहरूको इट्टा भारतको पिप्रहवासँग मेल खाएको पाएका थिए । उनले यस पुरातात्विक क्षेत्रमा पूर्वपट्टि ठूलो ढिस्को र उत्तरतिर सानो आकारको ढिस्को देखेका थिए । यस स्थानमा रातो रङ्गका माटाका भाँडावर्तनका टुक्रा, पोलिएका इँटा, इँटाका टुक्रा, बुट्टा भएका ढुङ्गाका खण्डहरु आदि पुरावशेष देखिन्छन ।

सन् १९६२ मा देवला मित्रले यस स्थलको अन्वेषण गर्दा Grey Ware, Red Ware, Terracota आदिका अवशेषहरु प्राप्त गरेका थिए । साथै उनले यस क्षेत्रबाट तामाका गोलाकार सिक्काहरु पनि संकलन गरेका थिए, जुन क्रमशः कनिष्क, हुबिष्क र लिच्छवी कालका सिक्काहरु थिए । उनले यहाँबाट संकलन गरेका केही माटाका भाँडाहरु हस्तिनापुरमा पाइएका भाडावर्तनसँग मिलेको पाइएको थियो (Mitra, 1972, p, 216) ।

### ४.८.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्व साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा सिसनियाको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निर्क्यौल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### अवस्थिति तथा पहुँच

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि ९ कि.मि. दक्षिणमा अवस्थित सिसनिया एक महत्वपूर्ण पुरातात्विक स्थल हो । सिसनियाको भौगोलिक अवस्थिति देशान्तर ८३°५’१०” पूर्व र अक्षांश २७°२८’२०” उत्तर रहेको छ (Mitra, 1972, p 215) । लुम्बिनी-तौलिहवा सडक देखि साँघुरो कच्ची सडकले सिसनियालाई जोडिएको छ । सडक कच्ची र साँघुरो भएको कारणले विशेष गरेर बर्षायाममा यस क्षेत्रको यात्रा गर्न पर्यटकलाई दुर्गम हुने गरेको छ ।

### स्थल प्रस्तुतीकरण र संरक्षण

स्थानीय बासिन्दाहरूले सिसनिया पुरातात्विक स्थललाई नराम्रोसँग अतिक्रमण गरेका छन । पुरातात्विक स्थल माथि कृषकहरुले खेति गरेको यहाँ देख्न सकिन्छ । पुरातात्विक स्थलमाथि स्थानीय मानिसहरूले खर पराल राख्ने, घरपालुवा जनावर चराउने समेत गरेका छन । साथै उनीहरुले यहाँ एउटा सानो मन्दिर बनाई सिमेन्टका हात्तीहरु चढाउने समेत गरेका छन । यसको अतिरिक्त ठुला रुखहरु उम्रिनाले यहाँ पुरातात्विक अवशेषहरु विनाश हुँदै गएको अनुमान गर्न सकिन्छ । यो स्थलको संरक्षणको लागि लुम्बिनी विकास कोषले सुरक्षा पर्खाल तथा प्रवेशद्वार केही पनि निर्माण गरेको छैन भने यस स्थलको सुरक्षार्थ सुरक्षाकर्मीहरूको व्यवस्था पनि गरेको देखिदैन ।

### पूजा तथा पर्यटक सुबिधा

सिसनियामा पर्यटकका लागि आवश्यक पर्ने न्यूनतम सुविधाहरु जस्तैः शौचालय, खानेपानी पूजा ध्यान गर्ने स्थान, कोसेली घर, चमेना गृह आदि केही पनि उपलब्ध छैनन् । त्यसै कारणले गर्दा सानो संख्याका पर्यटक मात्र सिसनिया भ्रमणमा आउने गरेको र आएका पर्यटकहरु पनि यहाँ छोटो समय विताए अर्को गन्तव्यतिर प्रस्थान गर्ने गरेका छन् ।

### सूचना प्रणाली

सिसनिया जस्तो पुरातात्विक स्थलको बारेमा जानकारी दिनको लागि यस स्थलमा नक्शा, सूचनापाटी, साइनबोर्ड आदि केही उपलब्ध छैनन् । साथै पर्यटकहरुलाई सूचना उपलब्ध गराउनका लागि स्थानीय पथप्रदर्शक यहाँ उपलब्ध नभएकाले पर्यटकहरु यस स्थलको जानकारीबाट विमुख भई फर्कनु पर्ने स्थिति रहेको छ । समग्रमा भन्दा सिसनिया साह्रै उपेक्षित स्थलको रुपमा रहेको छ ।

### ४.८.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि सिसनियामा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. ८ : पर्यटन विकासका लागि सिसनियामा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| सहज पहुँच तथा पार्किङ व्यवस्था | ८६ | ५७.३३ |
| क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजनाको निर्माण | ८८ | ५८.६७ |
| उत्खनन् तथा सम्पदाको संरक्षण | ८८ | ५८.६७ |
| सार बगैचा (Theme Park) निर्माण | ८८ | ५८.६७ |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम | | |
| पूजा तथा पर्यटक सुविधा | ८३ | ५५.३३ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८२ | ५४.६७ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८१ | ५४ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८१ | ५४ |
| प्रचार प्रसार र बजारीकरण | ८१ | ५४ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. ८ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा सिसनियामा पर्यटन विकासका लागि गर्नैपर्ने सबैभन्दा महत्वपूर्ण कार्यहरु यस प्रकार छन ।

जम्मा १५० उत्तरदाताहरु मध्ये ५९.३३% ले सिसनियामा “सहज पहुँच तथा पार्किङको व्यवस्था”हुनुपर्छ र “सिसनियाको क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजनाको निर्माण” गर्नुपर्छ भन्ने राय व्यक्त गरेका छन । सिसनिया जाने सडक अत्यन्त दुरावस्थामा भएको कारणले गर्दा बहुसंख्यक उत्तरदाताले यो विकल्प रोजेका हुन जुन वास्तवमा आवश्यक पनि छ । सिसनीयाको “क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजनाको निर्माण” गरी सोहि अनुसार यो क्षेत्रको उत्खनन, संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्नु पनि अति आवश्यक छ ।

उत्तरदाताहरु मध्ये ५८.६७% ले यहाँ “उत्खनन् तथा सम्पदाको संरक्षण” राम्ररी गर्नुपर्दछ साथै “सार बगैचा (Theme park) निर्माण” गर्नुपर्दछ भन्ने विचार व्यक्त गरेका छन् । त्यसैगरी ५८% उत्तरदाताहरुले सिसनियामा “धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम” सञ्चालन गर्नुपर्दछ र यस स्थलमा पर्यटकहरूको संख्या आकर्षण गर्न, बसाइ अवधि लम्ब्याउनको लागि यस स्थलमा “पूजा तथा पर्यटक सुविधा” को व्यवस्था गर्नु आवश्यक छ भन्ने राय व्यक्त गरेका छन । साथै सिसनियामा पर्यटकहरुका लागि “प्रभावकारी सूचना प्रणाली बिकास” गर्नुपर्दछ जसबाट पर्यटकहरू यो महत्वपूर्ण पुरातात्विक स्थलको बारेमा सुसूचित भई लामो समय यहाँ व्यतित गर्न सक्दछन भन्ने सुझाव दिएका छन ।

सिसनियामा पर्यटन विकासका लागि “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता” सुनिश्चित गर्नुपर्दछ साथै यहाँको “वातावरण र जैविक विविधताको संरक्षण” र “प्रचार प्रसार र बजारीकरण” मा विशेष ध्यान दिनुपर्छ भन्ने उत्तरदाताहरूको प्रतिशत ५७.३३ रहेको छ ।

### ४.९ रामग्राम क्षेत्र

नवलपरासीमा अवस्थित रामग्राम स्तुप ऐतिहासिक तथा धार्मिक स्थल हो । भगवान बुद्धको अस्थि धातु राखिएको रामग्राम स्तूप क्षेत्रलाई कोलिय गणराज्यको महत्वपूर्ण धार्मिक स्थलको रुपमा लिइन्छ । (फोटो नं. २४) आज पर्यन्त यो स्तूप ढिस्को स्थलको रुपमा सुरक्षित रहे पनि यसलाई महत्वपूर्ण तीर्थस्थलको रुपमा विकास गर्न सकिएको छैन । ( नक्सा नं. ८ (क) र ८ (ख)

## ऐतिहासिक पृष्ठभूमि र महत्व

बौद्ध ग्रन्थ अनुसार गौतम बुद्धको महापरिनिर्वाण पछि विभिन्न आठ स्थानमा अष्टधातु राखिएको थियो । जसमध्ये एक रामग्राम हो । ईटाबाट बनेको ६.८५ मिटर अग्लो यो ढिस्को चीनीया यात्रीहरुले दिएको जानकारीबाट लुम्बिनी देखिको दिशा र दूरिको आधारमा भगवान बुद्धको अष्टधातु स्तूप हो भन्ने कुरामा कुनै दुबिधा छैन (Rijal, 1978, p.56)। झरही नदिको किनारमा उभिएको यो स्तूप शान्त र स्निग्ध छ जसले हजारौ तीर्थयात्रीहरुलाई वर्षौ देखि आकर्षण गरिरहेको छ, अनि दर्शनार्थीहरुको कामना पूरा गरिरहेको छ ।

ईतिहासमा उल्लेख भए अनुसार भगवान बुद्धको महापरिनिर्वाण पछि उहाँको अस्थि धातुलाई आठ भागमा बिभाजन गरी उहाँका आफन्त तथा सरोकारवाला राष्ट्रहरुलाई बराबरी बाडियो । रामग्रामका राजाले यस स्थलमा स्तूप बनाई उक्त स्तूपमा आफ्नो भागको अस्थि धातु प्रतिस्थापना गरे । त्यसपछि यस स्थलमा विधिपूर्वक नित्य पूजा तथा तीर्थाटनको चलन चलेको हो । ईशा पूर्व तेस्रो शताब्दीमा सम्राट अशोकले रामग्रामको भ्रमण गरी स्तूपको श्रद्धापूर्वक दर्शन गरे । बौद्ध धर्मग्रन्थहरुका अनुसार सम्राट अशोकले नागहरुले यो स्तूपको रक्षा गरेका र जंगली हात्तीहरुले फूल र पानी यस स्तूपमा चढाएका देखेर अचम्मित भए । राजा अशोकले आफ्नो विशाल साम्राज्यमा चौरासी हजार धातु स्तूप स्थापनार्थ रामग्रामको असली बुद्ध धातु निकाल्न प्रयास गरे । एक किंवदन्ती अनुसार यतिकैमा नजिकैको झरही नदीबाट प्रकट भएर सेतै फुलेका एक ब्राह्मणले चेतावनी दिँदै भने-महाराज यो स्तूपलाई नचलाउनु होला अन्यथा तपाई पनि म जस्तै अर्को जन्ममा श्रापित जिन्दगी जिउनु पर्नेछ । यस्तै गल्ती गरेको कारणले म आधा मानव र आधार सर्पको शरीर लिएर श्रापित जिन्दगी जिउदै छु । ब्राह्मणको चेतावनी पाएपछि राजा अशोकले रामग्राममा अवस्थित रामग्राम स्तूपको बुद्ध धातु ननिकाली आफ्नो देश फर्के (LDT, 2017 b, p.101)।

## ऐतिहासिक सम्पदाहरु

रामग्राममा स्तूप, बिहार र पूजा तथा प्रार्थना गर्ने खुल्ला स्थल जस्ता थुप्रै संरचनाहरु उत्खनन्को क्रममा भेटिएका छन् । ती मध्ये झरही नदीको किनारमा अवस्थित ६.८५ मिटर अग्लो इट्टाबाट बनेको रामग्राम स्तूप सबैभन्दा महत्वपूर्ण सम्पदा हो । उत्खनन्को क्रममा यो स्तूपको उत्तरी भाग बिग्रिएको अवस्थामा भेट्टाइएको छ । पुरातत्वविद शुक्र सागर श्रेष्ठले उत्खनन् गरी यो स्तूप भगवान बुद्धको अष्टधातु स्तूप मध्ये एक हो भनी निष्कर्ष निकालेका हुन् । स्तूपलाई प्राकृतिक रुपमा संरक्षण गर्नको लागि माटोले पुरेर ढिस्को कै रुपमा संरक्षित राखिएको छ । रामग्राममा उत्खनन् गर्दा पाइएको विहार परिसर अर्को महत्वपूर्ण पुरातात्विक सम्पदा हो । यो बिहार १३.५ x १३.५ वर्ग मीटरको वर्गाकार संरचना हो जसमा २.४ मीटर चौडा कोठाहरु र ४.८ वर्ग मीटरका आगन रहेकाछन् ।

उत्खननको क्रममा रामग्राममा माटा तथा धातुका औजारहरु प्राप्त भएका छन् । तामाका सिक्का, Grey Ware/Teracottas भाँडा वर्तन र सामग्री पनि यस स्थलमा पर्याप्त मात्रामा पाईएका छन् । चाँदी र फलाम आदिका सामग्रीहरु रामग्राममा पाइएका छन् । यस क्षेत्रमा पाइएका पुरावशेषको जाँच गर्दा यो क्षेत्र ईशा पूर्व पाँचौ देखि तेस्रो शताब्दीसम्मका हुन भन्ने स्पष्ट भएको छ (Shrestha, 2001, p. 2-3)।

### ४.९.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्ब साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा रामग्रामको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निक्यौंल गर्न मद्दत पुग्ने अपेक्ष गर्न सकिन्छ ।

**अवस्थिति तथा पहुँच**

सदरमुकाम परासी देखि दक्षिण परासी-महेशपुर सडकबाट ३ कि.मी. दूरी पार गरी उजैनी गाउँबाट १५ मिनेट पूर्व तर्फ झरही खोलाको किनारमा समतल मैदानमा देखिने थुम्कोमा रामग्राम स्तूप रहेको छ । यस स्थलको अवस्थिति देशान्तर ८३°४०'५२" पूर्व र अक्षांश २७°२९'५२" उत्तर रहेको छ (wikipeadia.com) । लुम्बिनीबाट भैरहवा हुँदै र काठमाडौंबाट भुमही हुँदै सडक मार्गबाट सजिलै नवलपरासी पुग्न सकिए पनि परासी चोकबाट रामग्राम स्तूप जोड्ने बाटो साँघुरो छ । झरही नदी माथि पुल नभएको कारणले गर्दा बर्खायाममा यातायातका साधनहरु स्तूपसम्म लैजान सकिदैन । रामग्राम स्तूप क्षेत्रमा व्यवस्थित पार्किङ सुविधाको समेत अभाव रहेको छ ।

**स्थल प्रस्तुतीकरण र संरक्षण**

अन्य पुरातात्विक स्थलको तुलनामा रामग्राम क्षेत्र अलि बढी संरक्षित छ । लुम्बिनी विकास कोषले सामान्य तारबार गरेर पुरातात्विक स्थललाई संरक्षण गरेको छ । स्तूप क्षेत्र प्रवेश गर्न कोषले एउटा अस्थायी प्रकृतिको प्रवेशद्वार निर्माण गरेको देखिन्छ । दुई जना पालेहरु समेत यस स्थलको सुरक्षार्थ खटाएको देखिन्छ । तर काँडेतार बारहरू ठाउँमा खण्डित भएको कारणले गर्दा मानिसहरु अनधिकृत रुपमा पवित्र स्तूपहाता भित्र विभिन्न ठाउँबाट प्रवेश गर्ने गरेका छन् । सुरक्षाकर्मीहरुले राम्ररी ध्यान नदिँदा पर्टकहरुले जथाभावी फोहर गर्ने र पवित्र स्थलको मर्यादा बिपरित आचरण गर्ने गरेको समेत पाइन्छ । रामग्राम क्षेत्रको लागि लुम्बिनी विकास कोषले प्रशस्त जग्गा अधिग्रहण गरेपनि हाल यो स्थानको सौन्दर्यकरण सम्बन्धी काम भएको छैन ।

यस क्षेत्रलाई ग्रेटर लुम्बिनी परियोजनासँग जोडेर संयुक्त विकास गर्ने उद्देश्यले लुम्बिनी विकास कोषले विभिन्न योजना बनाइ काम अगाडि बढाइरहेको त्यहाँका स्थानीय बुद्धिजीवी र सरोकारावालाहरु बताउँछन् । यस क्षेत्रको विकासका लागि छुट्टै रामग्राम विकास कोषको माग भइरहेको सन्दर्भमा लुम्बिनी विकास कोषले सात अर्ब लागतको गुरुयोजना तर्जुमा गरेको जानकारीमा आएको छ ।

ग्रेटर लुम्बिनी अन्तरगत बनाइएको गुरुयोजनाले स्तूप क्षेत्रको एक सय १७ बिघा जग्गा समेटेको छ । गुरुयोजना अनुसार जग्गा अधिग्रहणका लागि एक अर्ब ५० करोड र संरचनाहरु निर्माणका लागि साढे पाँच अर्ब रुपैयाँ लागत अनुमान गरिएको छ । गुरुयोजनालाई लुम्बिनी विकास कोषको कार्यसमिति बैठकले सैसान्तिक स्वीकृति प्रदान गरी सो सम्बन्धी कागजात अर्थ मन्त्रालयमा पठाइएको बुझिएको छ । रामग्राम स्तूपा क्षेत्रको गुरुयोजना अनुसार ध्यान केन्द्, १६ वटा विभिन्न देशका विहारहरु, पुरातत्व र वातावरणमैत्री चिल्ड्रन पार्क लगायतका संरचनाहरु बनाइने योजना रहेको छ ।

**पूजा तथा पर्यटक सुबिधा**

रामग्राममा पर्यटकका लागि आवश्यक पर्ने न्यूनतम सुविधाहरु जस्तैः शौचालय, खानेपानी, कोसेली घर, चमेना गृह आदि केही पनि उपलब्ध छैनन् । त्यसै कारणले गर्दा रामग्राम भ्रमणमा आउने पर्यटकहरु यहाँ छोटो समय विताएर

अर्को गन्तव्यतिर प्रस्थान गर्ने गरेका छन् । लुम्बिनी विकास कोषले पूजा गर्नको लागि स्तूपको नजिकै सानो पूजा गर्ने र बत्ती बाल्ने स्थान निर्माण गरेको भएपनि ठूलो संख्यामा आउने पर्यटकको लागि यो पर्याप्त भने छैन । साथै पूजा स्थल खुल्ला भएको हुँदा वर्षा र चर्को घाम लागेको बेलामा यो पूजास्थल उपयुक्त छैन । ध्यान गर्नका लागि उपयुक्त स्थल निर्माण नभएको हुँदा तीर्थयात्रीहरू स्तूप वरिपरि बसेर ध्यान, प्रार्थना आदि धार्मिक कार्य गर्न विवश छन् ।

**सूचना प्रणाली**

रामग्राम जस्तो अति महत्वपूर्ण पुरातात्विक स्थलको बारेमा जानकारी दिनको लागि यस स्थलमा नक्शा, सूचनापाटी, साइनबोर्ड आदि उल्लेख्यमात्रा र गुणस्तरमा उपलब्ध छैनन् । साथै पर्यटकहरुलाई सूचना उपलब्ध गराउनका लागि स्थानीय पथप्रदर्शक यहाँ उपलब्ध नभएकाले पर्यटकहरु यस स्थलको जानकारीबाट विमुख भई फर्कनु पर्ने स्थिति रहेको छ । रामग्रामका तत्कालीन राजाले बनाएको यो स्तुपको दर्शन गर्न बर्षेनी हजारौं पर्यटक जाने गरेका छन् तर पूर्वाधार र प्रचारप्रसारको अभावले पर्यटकहरुको संख्या थप बढ्न सकेको छैन ।

### ४.९.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि रामग्राममा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. ९ : पर्यटन विकासका लागि लुम्बिनीमा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| सहज पहुँच, पार्किङको तथा घुमफिरको व्यवस्था | ९० | ६० |
| क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजनाको निर्माण | ९० | ६० |
| सुरक्षित पर्खाल तथा प्रवेशद्वारहरुको निर्माण | ८९ | ५९.३३ |
| उत्खनन् तथा सम्पदाको संरक्षण | ८९ | ५९.३३ |
| पर्यटक द्रुत सुविधाहरुको निर्माण प्रबन्ध | ८९ | ५९.३३ |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम | ८८ | ५८.६७ |
| सार बगैचा (Theme Park) निर्माण | ८८ | ५८.६७ |
| प्रचार प्रसार र बजारीकरण | ८६ | ५७.३३ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८७ | ५८ |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८७ | ५८ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८६ | ५७.३३ |
| सरसफाई तथा सौन्दर्यीकरण | ८६ | ५७.३३ |

***श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७***

माथि तालिका नं. ९ मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा रामग्राममा पर्यटन विकासका लागि धेरै कार्यहरु गर्नैपर्ने देखिएको छ ।

सहभागी उत्तरदाताहरु मध्ये ६० प्रतिशतले पर्यटन विकासका लागि रामग्राममा “सहज पहुँच, पार्किङको तथा घुमफिरको व्यवस्था” र “क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजना निर्माण” गर्नुपर्दछ भन्ने राय गरेका छन । हालै लुम्बिनी विकास कोष र रामग्राम नगरपालिकाले रामग्राम क्षेत्रको एकीकृत विकासका लागि गुरुयोजना निर्माण गरेको

जानकारीमा आएको छ । जुन गुणस्तरीय पर्यटनका लागि अति महत्वपूर्ण छ । उक्त गुरुयोजना छिटो भन्दा छिटो कार्यान्वयन शुरु गरी सम्पन्न गर्नुपर्दछ ।

यो स्थलमा पर्यटन विकासका लागि गर्नुपर्ने महत्वपूर्ण कार्यहरु मध्ये “सुरक्षित पर्खाल तथा प्रवेशद्वारहरुले निर्माण”, “उत्खनन तथा सम्पदा संरक्षणमा जोड” र “पर्यटक सुविधाहरूको निर्माण प्रबन्ध गर्नुपर्छ” भन्ने उत्तरदाताको प्रतिशत ५९.३३ रहेको छ । बास्तवमा भन्ने हो रामग्राम क्षेत्रका सम्पूर्ण सम्पदाहरु उत्खनन गरेर बाहिर ल्याउने हो भने, यो स्थलको प्राचीनता, ऐतिहासिकता, तथा धार्मिकता अझ बढी प्रकाशित हुनेछन । ती सम्पदाको अध्ययन, अवलोकन तथा पूजा अर्चना गरेर पर्यटक र तीर्थयात्रीहरु यस क्षेत्रमा लामो समय बिताउनेछन । कुनैपनि पर्यटकीय स्थलमा पर्यटक सुविधाहरु अनिवार्य शर्त हुन । अतः त्यस स्थलमा पनि यस्ता पर्यटकीय सुविधाहरु उल्लेख्य मात्रामा प्रबन्ध गर्नुपर्दछ । पर्यटकहरुलाई उपलब्ध गराइने यस्ता सेवा तथा सुविधाहरुबाट एकातिर पर्यटकहरु लाभान्वित हुनेछन भने अर्कोतिर स्थानीय बासिन्दाहरुलाई रोजगारी तथा आयस्रोत प्राप्त हुनेछ ।

त्यसैगरी ५८.६७%उत्तरदाताहरुले रामग्राम क्षेत्रमा “धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल निर्माण र नियमित  कार्यक्रम” आयोजना गर्नुपर्दछ । “सार बगैचा (Theme park) निर्माण” र प्रचार प्रसार र बजारीकरण गर्नुपर्दछ भन्ने राय व्यक्त गरेका छन । हुन पनि रामग्राम स्तूप, संसार मै भगवान गौतमबुद्धको अस्थिधातु भएको एकमात्र असली धातुस्तूप भएको हुँदा संसारभरका बौद्धमार्गी तथा शान्तिप्रेमी मानिसहरु यो पवित्र स्थलको तीर्थाटन र पूजा गरी धर्म/ पुण्य आर्जन गर्न लालायित छन । सो प्रयोजनका लागि यस स्थलमा पूजा तथा ध्यान स्थलको निर्माण गरी नियमित पूजा तथा धार्मिक कार्यक्रमहरुको आयोजनाको गर्नुपर्दछ । त्यस्ता कार्यक्रममा सहभागी हुनका लागि पनि ठूलो संख्यामा तीर्थयात्रीहरु यो स्थलमा आउनेछन ।

उत्तरदाताहरु मध्ये ५८% ले रामग्राममा पर्यटन विकासका लागि यो ठाउँको “वातावरण र जैविक विविधताको संरक्षण” गर्नुपर्दछ साथै “स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता” गराउनु पर्दछ भन्ने राय दिएका छन ।

यस स्थलमा “प्रभावकारी सूचना प्रणाली बिकास” गर्नुपर्दछ, र “सरसफाई तथा सौन्दर्यीकरण” गर्नुपर्दछ भने उत्तरदाता ५७.३३ प्रतिशत पाइयो । यस क्षेत्रमा उपलब्ध पर्यटक सूचना प्रणाली अत्यन्त न्यून तथा निष्प्रभावी रहेको कारणले अधिकांश पर्यटक तथा तीर्थयात्रीहरु यो पवित्र स्थलमा आएर पनि केही नबुझी फर्किने गरेका छन । यो वास्तवमै दुर्भाग्यको कुरा हो । यसरी पर्यटन विकास सम्भव छैन । अतः यस क्षेत्रमा अविलम्ब प्रभावकारी पर्यटन सूचना केन्द्र तथा सूचना प्रणाली स्थापित गर्नुपर्दछ ।

रामग्राम क्षेत्रको पर्यटन विकासका लागि यस स्थलको “सरसफाई तथा सौन्दर्यीकरण” कार्यमा विशेष ध्यान दिनुपर्दछ भनी ५७.३३ प्रतिशत उत्तरदाताहरुले आफ्नो विचार व्यक्त गरेका छन । पर्यटक आकर्षणमा सरसफाई तथा सौन्दर्यीकरणको केन्द्रीय भूमिका रहेको हुन्छ । सफा र सुन्दर पर्यटक स्थलमा पर्यटकहरू जान रुचाउने र लामो समय बिताउन चाहने भएको कारणले गर्दा यस क्षेत्रको गुणस्तरयुक्त पर्यटन विकासका लागि सम्पदा क्षेत्रको सरसफाई र सुन्दरताका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । स्थलगत अध्ययन भ्रमणको क्रममा पनि माथि दिइएको सुझावहरु आवश्यक भएको कुरा महसुस भई टिपोट समेत गरिएको थियो । अतः रामग्राम क्षेत्रमा दिगो पर्यटन विकासका लागि प्रस्तावित सुझावहरु क्रमश र अविलम्ब कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ ।

### ४.१० देवदह क्षेत्र

देवदह लुम्बिनी देखि ५७ कि.मि. पूर्वमा अवस्थित छ । प्राचीन देवदह कपिलवस्तुको पूर्व तथा वर्तमान रोहिणी नदीको पूर्व र नारायणी नदी पश्चिम तर्फ पर्दछ । (फोटो नं. २५, २६ र २७) देवदहलाई लुम्बिनी, कपिलवस्तु, निग्लिहवा, गोटिहवा जस्ता ठाउँहरु जसरी यकिनका साथ भन्न सकिएको छैन । (नक्सा नं. ९ (क) र ९ (ख)

### ऐतिहासिक पृष्ठभूमि र महत्व

कोलीय गणराज्यको राजधानी रहेको देवदहमा राजा सिंहहनु र रानी कञ्चनाका सुपुत्रीद्वय मायादेवी र प्रजापती गौतमीको जन्म भएको थियो । त्यसैगरी सुप्रबुद्ध र रानी अमृताकी छोरी बुद्ध पत्नी यशोधराको पनि यसै स्थानमा जन्म भएको थियो (शाक्य, २०७३, पृ.२) । गौतम बुद्धको मावली र ससुराली एकै ठाउँ भएकोले प्राचीन कालदेखि नै देवदहको ऐतिहासिक महत्व रहेको छ ।

केही बौद्ध ग्रन्थहरुका अनुसार सिद्धार्थ गौतमले बाल्यकालका केही वर्ष यसै ठाउँमा बिताएका थिए । बुद्धत्व प्राप्त गरेपछि उनको आफ्नो जीवनको महत्वपूर्ण स्थानहरुको भ्रमण गर्ने क्रममा देवदहको पनि २ पटक भ्रमण गरेका थिए । यही भ्रमणको क्रममा यस स्थलका निगण्ठबादी जैन धर्मावलम्बीहरुसँग सम्वाद भएको थियो, यस सम्वादलाई देवदह-सुत्त भनिएको छ । त्यसैगरी दोस्रो भ्रमणका क्रममा उपस्थित भिक्षुहरुलाई साधाना किन सफल हुँदैन' भन्ने विषयमा दाशर्निक व्याख्या गर्नु भएको थियो ।

### ऐतिहासिक सम्पदाहरु

देवदह क्षेत्रको आसपासमा कुमारवर्ती, खयरडाँडा, बैरिमाई, कन्यामाई, मङ्गल पुष्करिणी दह, रोहिणी, बुद्ध कुवा, बुद्ध मङ्गल ताल, अनोमाधाम, पण्डितपुर र रामग्राम जस्ता महत्वपूर्ण ऐतिहासिक पुरातात्विक र धार्मिक स्थलहरु रहेका छन्

**भवानीपुर :** देवदह नगरपालिकाको वडा नं.४ अन्तरगत भवानीपुरमा यो पवित्र स्थान रहेको छ । सिद्धार्थ  राजमार्गको मणिग्राम देखि गौतम बुद्ध परिपथ हुँदै यहाँसम्मको दूरी १० कि.मि. रहेको र पूर्व पश्चिम लोकमार्गको शीतलनगर देखि यो स्थानको दूरी ३.५ कि.मि. रहेको छ । यो स्थल नै भगवान बुद्धको मावली घरको रुपमा परिचित छ । त्यसैगरी गौतम बुद्धलाई जन्म दिने मायादेवी, सानीआमा प्रजापती र पत्नी यशोधराको जन्म स्थान पनि यही भवानीपुरलाई मानिएको छ । यहाँ विभिन्न समयमा उत्खनन् गर्दा माटाका भाँडा, सिक्का तथा भवनको दिवालहरु भेटिएका छन् । यस ठाउँमा हरेक वर्ष चैत्र शुक्ल पक्षको रामनवमीमा विशाल मेला लाग्ने गर्दछ ।

यहाँ प्राचीन इनार, मायादेवी मन्दिर, स-साना मूर्तिहरु र अशोक स्तम्भ स्वरुपकै एउटा सानो भग्नावशेष देख्न सकिन्छ । यी भग्नावशेषहरुले यहाँको ऐतिहासिक महत्वलाई प्रमाणित गर्दछन् । यो ऐतिहासिक तथा पुरातात्विक महत्वको स्थलमा हाल जम्मा करीब १ बिगाह क्षेत्रफललाई मात्र तारवार गरी संरक्षण गरिएको देखिन्छ । यो स्थान नजिक लुम्बिनी विकास कोषबाट Laughing Buddha मूर्ति राख्ने उद्देश्यले छुट्टै चैत्यको निर्माण भइरहेको छ । यस स्थलमा पर्यटन सूचना केन्द्र, सूचनापाटी, शौचालय, सडकको पहुँच जस्ता सुविधाहरु उपलब्ध छन् ।

**खयरडाँडा :** देवदह नगरपालिका वडा नं. ९ घोडाहा गाउँ र खयरडाँडा पूर्व पश्चिम लोकमार्गमा जोडिएर रहेको स्थान खयरडाँडामा तत्कालीन कोलीय राज्यको एउटा दरवार रहेको मानिएको छ । सिद्धार्थ गौतम बुद्ध मामाघरमा आउँदा यसै दरवारमा बस्ने गर्दथे भन्ने जनविश्वास छ । (फोटो नं. २८) बुद्धकालीन समयमा यस दरवार परिसरमा घोडा

बाध्ने गरिएकोले यस ठाउँको नाम घोडाहा रहेको भन्ने भनाइ पनि रहेको छ। यहाँ यत्रतत्र केही ईटाका टुक्राहरु प्राप्त भए पनि यस ठाउँको हालसम्म उत्खनन् भएको छैन । स्थानीयवासीहरुको भनाइ अनुसार यस क्षेत्रमा प्राचीन बौद्धकालीन ईटा समेतका वस्तुहरु रहेको तर संरक्षणको अभावमा अलपत्र अवस्थामा रही हिनामिना भैरहेकोले उक्त स्थानको पूर्ण रुपमा उत्खनन् गरी संरक्षण गर्नुपर्ने बताउँछन् । (नक्सा नं. १०)
खयरडाँडा नजिकै १.५ को दक्षिण तर्फको दूरीमा बौद्धकालीन समयमा बंगला रहेकोले उक्त स्थानको नाम अहिले पनि बंगलाको नामले चिनिने र उक्त बंगला गाउँमै बौद्ध कालीन इनार हालसम्म पनि विद्यमान रहेको छ।

**कन्यामाई :** देवदह नगरपालिका वडा नं.-७ अन्तरगत पूर्व पश्चिम लोकमार्ग देखि झण्डै १.५ कि.मि. दक्षिण तर्फ कन्यामाईको मन्दिर रहेको छ । यो कन्यामाई मन्दिरलाई गौतम बुद्धको सानीआमा प्रजापतीको प्रतिकको रुपमा मानिएको छ। यस मन्दिरमा पदमपानी अवलोकितेश्वरको भाँचिएको विशाल प्रस्तरको मूर्ति रहेको छ। यसै ठाउँमा गौतम बुद्धको विशालकदको मूर्ति मन्दिरको दक्षिणी किनारमा रहेको र अहिले सो मूर्ति माटोले छोपिएर रहेको स्थानीवासीहरुको भनाइ रहेको छ । पुराना ईटा, कुँदिएको ढुङ्गाबाट निर्मित भवनको पर्खाल सहितको भग्नावशेष, खण्डहर र प्राचीन इनारहरु समेत यस परिसरमा रहेको संकेतहरु देख्न सकिन्छ । (फोटो नं. २९) २०६८ सालमा पुरातत्वविद प्रकाश दर्नालको नेतृत्वमा कन्यामाई परिसरमा उत्खनन गर्दा प्राचीन दरवार, बुद्धकालीन इनार, भाँडाकुडाका अवशेषहरु फेला परेका थिए । वर्तमानमा यस मन्दिर परिसरमा दिवार/तारवार लगाई संरक्षण गरिएको छ। (नक्सा नं. ११)

**बैरिमाई :** बडीमाई नामले समेत परिचित यो मन्दिरलाई गौतम बुद्धकी माता मायादेवीको प्रतिकको रुपमा मानिएको छ । देवदह नगरपालिका वडा नं.-७ मा अवस्थित यो मन्दिर कन्यमाई मन्दिरसँग नजिकै र शीतलनगरबाट १.६ कि.मि. दक्षिण तर्फ रहेको छ। (फोटो नं. ३०)
बैरिमाई मन्दिरमा पनि बुद्धकालीन महत्व दर्शाउने वस्तुहरु, प्राचीन मूर्ति, भाँडाकुडा आदि अवशेषहरु रहेका छन् । मायादेवी र यशोधराको क्षमता, सुन्दरता र कौशलताको तत्कालीन कोलीय गणराज्यवासीहरुले सम्मान गरी पुज्ने गर्दथे । थारु भाषामा बडीमाईबाट अपभ्रंश भएर यो मन्दिरको नाम बैरिमाई भएको भनिन्छ । हाल यस मन्दिर परिसरमा तारवार लगाई संरक्षण गरिएको अवस्था छ। (नक्सा नं. १२)

**मङ्गल पुष्करिणी दह :** बुद्धकालीन समयमा तपश्वीहरुले स्नान गर्ने पवित्र पोखरीलाई देवदह मान्ने गरिन्छ। गौतम बुद्ध आफ्नो मावली आउँदा खयरडाँडाको दरवारमा बस्ने गरेको र सोही दरवारको ७०० मीटर उत्तर तर्फ रहेको दहमा स्नान गर्ने गरेको कारणबाट यस दहको नाम देवदह रहन गएको मानिन्छ। (फोटो नं. ३१) यस दहमा सेता, राता र गुलाबी फूलहरु फुल्ने भएकोले बौद्ध धर्ममा यस दहलाई मङ्गल पुष्करिणी नामले समेत चिनारी दिइएको छ। हाल यो दहमा प्रदेश सरकार र स्थानीय स्तरबाट समेत केही बजेट व्यवस्था गरी पोखरीको डिल बनाउन लागिएको छ। तर ऐतिहासिक/साँस्कृतिक हिसाबले महत्व राख्ने यस स्थलको पहिचान गराउने गरी तेस्ता निर्माण सामग्रीको प्रयोग गरेर निर्माण कार्य भएको देखिएन। (नक्सा नं. १३)

**रोहिणी नदी :** देवदह नगरपालिका वडा नं.-९ हुँदै बग्ने रोहिणी नदीलाई बौद्धकालीन समयदेखिनै पवित्र नदीको रुपमा मानिएको छ । प्राचीन शाक्य वंशीय गणराज्य कपिलवस्तु र कोलीय गणराज्यको सीमा नदी रोहिणी नदी थियो ।

कोलीय राज्यको पूर्वी सीमा 'सदानिरा' भनिने हालको नारायणी नदीसम्म फैलिएको थियो । रोहीणी नदीमा कूलो पानी सम्बन्धी दुई गणराज्यका कृषकहरु बीच झगडा हुँदा दुबै राज्यका सैनिकहरु रोहिणी नदीको किनारमा जम्मा भएको कुरा जानकारी पछि गौतम बुद्ध उक्त स्थानमा पुगेको कुरा उल्लेख गरिएको छ । बुद्धले पानी भन्दा रगत अमूल्य छ, पानीको लागी रगत बगाउनु कसैको हीतकर छैन भनी अहिंसा नीतिबाट दुई पक्ष बीच सम्झौता गराएको मानिन्छ । बौद्ध ग्रन्थहरुमा रोहिणी नदीको प्रसस्त व्याख्या गरेको पाइन्छ । चिनियाँ तीर्थयात्रीहरुले आफ्नो चौथो शताब्दी तिरको भ्रमणको क्रममा देवदहको रोहिणी नदीमा यात्रा गरेको यात्रा बृतान्त उल्लेख गरेका छन् । वर्तमान अवस्थामा यो पवित्र तथा ऐतिहासिक नदीको जुन ढङ्गले संरक्षण हुनु पर्ने हो त्यो हुन सकेको छैन । (फोटो नं. ३२) बिगत दुई आ.व.देखि सिंचाई डिभिजन (हाल निर्देशनालय) बाट ति.न.पा.को वडा नं. १० र देवदह न.पा.को वडा नं.९ को बीचमा पर्ने भागमा बाँध बाधी सिंचाई प्रयोजन तथा जलाशय समेत निर्माण भैरहेको छ । यस जलाशयलाई पर्यटन प्रवर्द्धन सहित बहु-पक्षीय रुपमा प्रयोग गर्न सकिने देखिएको छ ।

**पाकरी बृक्ष :** देवदह नगरपालिका अन्तरगत वडा नं.८ को पाकरी गाउँको पूर्व तर्फ पाकरी बृक्ष रहेको छ । यो स्थान पूर्व पश्चिम लोकमार्गको पीपलडाँडा देखि २ कि.मि. दक्षिण र भवानीपुर देखि करीब १.५ कि.मि. उत्तर तर्फ रहेको यो बृक्षको उचाई करीब ३० मीटर र ३० मीटरकै परिधि रहेको छ । सधैभरी हराभरा रहने, चराचुङ्गीले कहिल्यै गुढ नलगाउने, गिद्ध जातको चरा यस बृक्षमा नबस्ने रुखको नजिक हात्ती नजाने र निहालेर हेर्दा सात तलाका रुपमा देखिने विशेषता भएको यो पाकरी बृक्ष परिधिका हिसाबले नेपालमै ठूलो बृक्ष मानिन्छ । (फोटो नं. ३३) यस बृक्षको फेँदमा गणेशको सुढ जस्तै आकार देखिने भएकोले स्थानीय बासिन्दाहरु यो बृक्षको पूजा अर्चना गर्दछन् । यस बृक्षलाई देवबृक्ष, अलौकिक बृक्ष तथा बौद्धकालीन बृक्षका रुपमा समेत लिने गरिएको छ । हाल यो बृक्षको वरिपरि घेरा पर्खाल लगाई राम्रोसँग संरक्षण गरिएको छ । (नक्सा नं. १४)

### ४.१०.१ वर्तमान अवस्थाको विश्लेषण

पूर्व साहित्यको अध्ययन, स्थलगत अध्ययन र प्रश्नावली सर्भे गर्दा पर्यटकीय गन्तव्यस्थलको रुपमा देवदहको वर्तमान अवस्था निम्न बमोजिम रहेको पाइएको छ । यसको वर्तमान अवस्थाको बिश्लेषणबाट यो सम्पदाको संरक्षण तथा यस स्थलमा पर्यटन बिकासका लागि चाल्नु पर्ने कदमहरु निक्यौंल गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

#### अवस्थिति तथा पहुँच

पुरातात्विक तथा आध्यात्मिक स्थल देवदह क्षेत्र रुपन्देही र नवलपरासी जिल्लाको ठूलो ठाउँमा फैलिएको छ । प्राचीन कोलीय राज्यको राजधानी देबदह यही हो भनि किटान गर्न नसकिएता पनि प्राचीन कोलिया सभ्यता विकास भएको क्षेत्र यहि हो भन्ने कुरा चिनिया यात्रीहरुको यात्रा वर्णनबाट र पुरातात्विक अन्वेषकहरुले प्रमाणित गरेका छन । देवदह क्षेत्रको अवस्थिति देशान्तर ८$^{\circ}$३'६" पूर्व र अक्षांश २७$^{\circ}$३५'४०" उत्तर रहेको छ । यो स्थान पूर्व पश्चिम राजमार्ग र सिद्धार्थ राजमार्गको मणिग्राम हुँदै जाने बुद्ध परिपथबाट सहजै पुग्न सकिन्छ ।

#### स्थल प्रस्तुतीकरण र संरक्षण

देवदह क्षेत्र विकासका लागि विगत २०-२५ वर्ष यता विभिन्न प्रयत्नहरु भैरहेको देखिन्छ । जस अनुसार देवदह प्रतिष्ठानको स्थापना, देवदह परिचय तथा विकास समितिको गठन, देवदह महोत्सवको सुरुवात गरी पर्यटन प्रवर्द्धन

गर्ने प्रयत्नको थालनी, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरुको पहिचान संरक्षण र प्रवर्द्धनका लागि १० वर्षे गुरुयोजना निर्माण, देवदह घोषणा पत्र जारी, Dream Devdaha, Unity for Change भन्ने Vision का साथ युवा लक्षित र युवा परिचालित अभियानको सञ्चालन, पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक, पुरातात्विक स्थलहरुको फोटो प्रदर्शनी कार्यक्रम, बुद्ध र उनको जीवनशैली दर्शाउने काष्ठकला मूर्तिहरुको निर्माण, यशोधरा पार्क, मायादेवी पार्क, देवदह पार्कको निर्माण जस्ता कार्यहरु भएका छन् । यी अभियानहरुमा स्थानीय डिल्ली आचार्य, निलकण्ठ पौडेल, खेमराज पराजुली, भीम गुरुङ्ग, सिद्धिचरण भट्टराई, बाबुराम प्यासी, डा.कृष्ण न्यौपाने लगायतका स्थानीय जन प्रतिनिधि एवं समाजसेवीहरुको योगदान रहेको छ ।
(स्थानीय बुद्धिजीवी एवं पत्रकार, सिद्धिचरण भट्टराईसँग मिति २०७७/०२/२८ मा व्यक्तिगत सम्वादमा)

### पूजा तथा पर्यटक सुबिधा

देवदहमा पर्यटकका लागि आवश्यक पर्ने न्यूनतम सुविधाहरु जस्तैः शौचालय, खानेपानी पुजा ध्यान गर्ने स्थान, कोसेली घर, चमेना गृह आदि केही पनि उपलब्ध छैनन्। त्यसै कारणले गर्दा अरौराकोट भ्रमणमा आउने पर्यटकहरु यहाँ छोटो समय विताए अर्को गन्तव्यतिर प्रस्थान गर्ने गरेका छन् ।

### सूचना प्रणाली

देवदह जस्तो पुरातात्विक स्थलको बारेमा जानकारी दिनको लागि यस स्थलमा नक्शा, सूचनापाटि, साइनबोर्ड आदि केही उपलब्ध छैनन । साथै पर्यटकहरुलाई सूचना उपलब्ध गराउनका लागि स्थानीय पथप्रदर्शक यहाँ उपलब्ध नभएकाले पर्यटकहरु यस स्थलको जानकारीबाट विमुख भई फर्कनु पर्ने स्थिति रहेको छ ।

### ४.१०.२ पर्यटन बिकासका लागि गर्नु पर्ने कार्यहरु

माथि अध्ययन विधिमा उल्लेख गरे अनुसारको प्रश्नावली सर्भे तथा विज्ञहरूको स्थलगत अध्ययनबाट पर्यटन विकासका लागि देवदहमा देहाय बमोजिमका कामहरु गर्नु आवश्यक देखिन्छ ।

**तालिका नं. १० : पर्यटन विकासका लागि देवदह मा गर्नु पर्ने कामहरु**

| सार | राय | |
|---|---|---|
| | राय संख्या | प्रतिशत |
| पुरातात्विक अन्वेषण र उत्खनन् गरी देवदह क्षेत्रको पहिचान गर्ने साथै स्थानीयहरुलाई यो क्षेत्रको विकासमा नेतृत्वदायी भूमिका दिने | ९० | ६० |
| प्रत्येक स्थलको क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजनाको निर्माण | ९० | ६० |
| सुरक्षा पर्खाल तथा प्रवेशद्वारहरुको निर्माण | ८९ | ५९.३३ |
| रोहिणी नदीलाई धार्मिक नदीको रुपमा विकास | ८९ | ५९.३३ |
| यस क्षेत्रमा रहेका २८ वटा सामुदायिक वनहरुमा जङ्गल सफारी र साहसिक पर्यटन विकास | ८९ | ५९.३३ |
| पर्यटक सुविधाहरुको निर्माण प्रबन्ध | ८८ | ५८.६७ |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम | ८८ | ५८.६७ |
| सार बगैचा (Theme Park) निर्माण | ८८ | ५८.६७ |
| प्रचार प्रसार र बजारीकरण | ८८ | ५८.६७ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८८ | ५८.६७ |
| सरसफाई तथा सौन्दर्यीकरण | ८६ | ५७.३३ |
| वातावरण र जैविक विविधताको संरक्षण | ८६ | ५७.३३ |

*श्रोत : प्रश्नावली सर्भे र स्थलगत अध्ययन २०७७*

माथि तालिका नं. १० मा प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा देवदहमा पर्यटन विकासका लागि गर्नैपर्ने सबैभन्दा महत्वपूर्ण कार्यहरु निम्नानुसार छन् ।

यस क्षेत्रको पर्यटन विकासका लागि "पुरातात्विक अन्वेषण र उत्खनन गरी देवदह क्षेत्रको पहिचान गर्ने साथै स्थानीयहरुलाई यो क्षेत्रको विकासमा नेतृत्वदायी भूमिका दिने" र "प्रत्येक स्थलको क्षेत्र विस्तार तथा छुट्टै गुरुयोजना निर्माण" हुन भन्ने देखिन्छ ६० प्रतिशत सहभागीले सर्बोउचित ठानेका छन ।

"सुरक्षा पर्खाल तथा प्रवेशद्वारहरुले निर्माण", "रोहिणी नदीलाई धार्मिक नदीको रुपमा विकास" र "यस क्षेत्रमा रहेका २८ वटा सामुदायिक वनहरुमा जंगल सफारी र साहसिक पर्यटन विकासर गर्नुपर्दछ" भनेर ५९.३३ प्रतिशत उत्तरदाताले आफ्नो राय व्यक्त गरेका छन । उत्खनन् पछि पुरातात्विक स्थलहरूको संरक्षणका लागि सुरक्षा पर्खाल तथा प्रवेशद्वार निर्माण गरी संरक्षण गर्नुपर्दछ । रोहिणी नदी गौतमबुद्धको जीवनसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएको हुँदा यो पवित्र नदीलाई धार्मिक नदीको रुपमा विकास गरी संसारभरका बौद्धमार्गी तथा शान्तिप्रेमी पर्यटकहरुलाई आकर्षण गर्नु वास्तवमै असल पर्यटन रणनीति हो । देवदह क्षेत्र हरियो जंगलको लागि प्रसिद्ध छ । यस क्षेत्रमा २८ वटा सामुदायिक वन जंगलहरु रहेको हुँदा जंगल सफारी र साहसिक पर्यटन विकास गर्दा बढी पर्यटकहरुको संख्या आकर्षित हुने र यस क्षेत्रमा लामो समय बिताउने कुरामा दुई मत देखिँदैन ।

देवदहमा पर्यटन विकासका लागि ५८.६७ प्रतिशत उत्तरदाताहरुले "पर्यटक सुविधाहरूको प्रबन्ध", "धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम", "सार बगैचा (Theme park) निर्माण", "प्रचार प्रसार र बजारीकरण" र "प्रभावकारी सूचना प्रणाली बिकास" गर्नुपर्दछ भन्ने राय व्यक्त गरेका छन । यसबाट के स्पष्ट हुन्छ भने देवदह क्षेत्र पवित्र धार्मिक स्थल भएकोले यहाँ पर्यटकहरूको लागि पूजा तथा ध्यान साधना गर्ने स्थानहरूको निर्माण गर्नुका साथै नियमित पूजा कथा धार्मिक कार्यक्रमको आयोजनाहरु गर्नुपर्दछ । यस क्षेत्रको बारेमा पर्यटकहरुलाई सुसूचित गर्नका लागि प्रभावकारी सूचना प्रणालीको विकास गर्नुको साथै पर्यटकहरूको आवश्यकतालाई पूर्ति गर्न सुविधाहरु जस्तैः चमेनागृह, शौचालय, पिउने पानी, कोसेली घर आदिको व्यवस्था गर्नुपर्दछ ।

त्यसैगरी देवदह क्षेत्रको "सरसफाई तथा सौन्दर्यीकरण" मा विशेष ध्यान दिनु पर्दछ साथै "वातावरण र जैविक विविधताको संरक्षण" मा विशेष प्राथमिकता दिनुपर्छ भनेर ५७.३३ प्रतिशत उत्तरदाताहरुले सुझाव दिएका छन । पर्यटकीय स्थलको सरसफाइ, स्वच्छता र सुन्दरता पर्यटन आकर्षणको प्रमुख आधार हुन । त्यसैले यस क्षेत्रको प्राकृतिक वातावरणलाई संरक्षण गरी थिम पार्क, बगैंचा, विश्रामस्थल आदि निर्माण गरी प्रत्येक पर्टकीय स्थलहरुलाई सुन्दर स्वच्छ बनाउनाले यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुन्छ भन्ने कुरामा दुई मत हुन सक्दैन ।

प्रश्नावली सर्भेबाट प्राप्त तथ्यांकको सार र योजनाविद, पर्यटनविद, संस्कृतिविद् लगायतका विशेषज्ञहरूको टोलीले देवदह क्षेत्रको स्थलगत भ्रमण गर्दा पर्यटन विकासका लागि महसुस गरेका आवश्यक कार्यहरको सूचि मिलेको पाइयो जुन कुरा विशेषज्ञ टोलीले स्थलगत भ्रमणको समयमा डायरीमा टिपोट गरेको देखिन्छ ।

**देवदह क्षेत्रको विकासका लागि गर्नुपर्ने कार्यहरु :** ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा साँस्कृतिक महत्वको देवदह क्षेत्र र यस क्षेत्रमा रहेका विभिन्न पवित्र स्थलहरुको संरक्षण, प्रवर्द्धन र विकास गरी यस क्षेत्रलाई पर्यटन विकाससँग जोड्न आवश्यक हुँदा केही कार्यहरु अगाडि बढाउनु पर्ने भनि स्थानीय जन प्रतिनिधि, बुद्धिजीवीहरुले समेत औल्याएका छन् । अध्ययनको क्रममा SIRACS का विज्ञहरुबाट स्थलगत अवलोकन हुँदा समेत निम्न कार्यहरु गर्नुपर्ने देखियो ।

- अझै पनि उत्खनन् हुन बाँकी रहेका खयरडाँडा लगायत अन्य स्थानका बौद्धकालीन स्थल एंव सम्पदाहरुको आधुनिक प्रविधिको प्रयोग गरी उत्खनन् गर्ने र बुद्ध र उनको जीवनी बारेका वास्तविक सूचनाहरु जन समक्ष ल्याई द्विविधाको अन्त्य गर्न जरुरी देखिएको छ ।
- पुरातात्विक/साँस्कृतिक सथलहरुको संरक्षण सम्वर्द्धन र अपनत्वका लागि स्थानीय स्तरमा छुट्टै कोषको स्थापना गरी जिम्मेवारी दिदा व्यवहारिक हुँने देखिन्छ । यस्तो व्यवस्था हुन नसके विद्यमान लुम्बिनी विकास कोषमा यस क्षेत्रबाट छुट्टै प्रतिनिधित्व हुँन जरुरी छ ।
- रोहिणी कोरिडोरको निर्माण गरी रोहिणी नदीलाई धार्मिक नदीको रुपमा विकास गरिनु पर्दछ ।
- ऐतिहासिक महत्व राख्ने मङ्गल पुष्करिणी दहलाई बुद्धकालीन संस्कृतिसँग मिल्ने गरी दहको स्वरुप र संरचना निर्माण गरी दहलाई आकर्षित बनाउने, दह र आसपासमा रहेका जलचर, स्थलचर प्राणीहरुको हिंसा नगर्ने वरिपरि बाटो, फूलवारी र विश्राम गृह निर्माण गर्ने, दहमा स्थान गर्नका लागि सिढीहरु निर्माण गर्ने र दहको बीच भागमा उपयुक्त बुद्ध मूर्ति स्थापना गरी यस क्षेत्रलाई आकर्षक बनाउन जरुरी छ ।
- देवदह क्षेत्रमा ठाउँ-ठाउँमा पर्यटकीय सूचना केन्द्रको स्थापना गर्ने, पर्यटकहरुको आकर्षणको लागि साइड सीन सहित पार्क तथा कला केन्द्र निर्माण गर्ने, सडकको सरल पहुँच पुऱ्याउँने प्रत्येक स्थलहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गर्ने जस्ता कार्यहरु गरिनु पर्दछ ।
- यस क्षेत्रमा २८ वटा सामुदायिक वनहरु रहेको, यी वनहरु उत्तरी पहाडसम्म फैलिएको अवस्था रहेकोले वन क्षेत्रको प्रयोगबाट पर्यटन प्रवर्द्धन गर्न जङ्गल सफारी, साहसिक पर्यटन (Highking) जस्ता कार्यक्रम गर्न सकिने अवस्था भएकोले त्यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- स्थानीय स्तरमा सुविधायुक्त होटल/मोटल पर्याप्त मात्रामा विद्यमान नहुँदा निजि क्षेत्रबाट यस तर्फ पहल हुन जरुरी छ । (फोटो नं. ३४, ३५, ३६, ३७ र ३८)

(श्रोत : SIRACS विज्ञ टीमबाट स्थलगत अध्ययन र समाजसेवी शिद्धिचरण भट्टराईसँगको प्रत्यक्ष सम्वादमा आधारित)

# अध्याय-५

# बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका प्रमुख मूर्त सम्पदाहरु

## ५ बृहत्तर लुम्बिनी बौद्ध परिपथ र वरिपरिका प्रमुख मूर्त सम्पदाहरुको परिचय

प्रदेश नं ५ मा पर्टटक संख्या, बसाई अवधि र तिनका खर्च बृद्धि गर्नका लागि बृहत्तर लुम्बिनी बौद्ध परिपथका संपदाका अतिरिक्त तिनका वरिपरिका महत्वपूर्ण सम्पदाहरुको विकास र प्रवर्द्धन गर्नु जरुरी छ। यो प्रदेशमा यस्ता प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संख्या अत्याधिक बढि रहेको छ। यो अध्ययनमा ती सबै सम्पदाको माथिका (बृहत्तर लुम्बिनी बौद्ध परिपथका सम्पदा) जस्तै गरी अध्ययन सम्भव नभएको हुदा, भविष्यमा गरिने अध्यान प्रयोजन र प्रदेश नं ५, पर्यटन मन्त्रालयको जानकारीका लागि ती सम्पदाहरूको संक्षिप्त परिचय तल दिइन्छ। अध्ययनको सरलताका लागि प्रदेश नं ५ मा पर्ने महत्वपूर्ण सम्पदाहरुलाई जिल्ला अनुसार प्रस्तुत गरी गरिएको छ।

## ५.१ रुपन्देही जिल्लाका महत्वपूर्ण सम्पदा

रुपन्देही जिल्ला प्रदेश नं. ५ को तराईको जिल्ला हो। यो जिल्लाको क्षेत्रफल १२९७.४९ वर्ग कि.मि. र जनसंख्या ८,८०,१९६ रहेको छ (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८)। यस जिल्लामा १६ वटा स्थानीय तह छन्। तीमध्ये एउटा उप-महानगरपालिका, ५ वटा नगरपालिका र १० वटा गाँउपालिका रहेका छन्। यस जिल्लामा ऐतिहासिक, प्राकृतिक, धार्मिक, पुरातात्विक एवम् सांस्कृतिक महत्वका स्थलहरु छन्। विश्वकै आस्थाको केन्द्र लुम्विनी यस जिल्लामा हुनु अत्यन्त गौरवको विषय हो। यस जिल्लामा लुम्विनी, देवदह, सैनामैना, जीतगढी लगायत विभिन्न पर्यटकीय स्थलहरु छन्। तीमध्ये वौद्धकालिन र अन्य महत्वपूर्ण ठाउँहरुको संक्षिप्त रुपमा वर्णन गरिएको छ।

### ५.१.१ कालीदह

लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तरगत पर्ने कालीदह लुम्बिनीदेखि ६ किलोमीटर दक्षिण-पश्चिम, पैसीयादेखि करिब १ किलोमीटर पश्चिम र लुम्बिनी-ककहवा सडकको पूर्वपट्टि रहेको महत्वपूर्ण पुरातात्विक स्थल हो।

यस स्थानमा भेटिएका टुटेफुटेका मूर्तिका टुकाहरु तथा प्राचीन अवस्थाका इँटाका टुक्राहरु, एउटा चिल्लो एवं कलात्मक प्रस्तर मूर्तिको पीठ भाग आदि पुरावशेषका आधारमा यो स्थान बुद्धसँग जोडिएको प्राचीन तथा पुरातात्विक स्थान हो भन्ने अनुमान गरिएको छ। यस स्थानमा रहेको पुरिदैं गएको पोखरीको नामबाट यस ठाँउको नाम रहेको किम्वदन्ती छ। यसको उत्खनन् भएको छैन। यसको माथिपट्टि सेमइथानको मन्दिर पनि रहेको छ। यस ठाउँको विकास र पर्यटन प्रवर्द्धनका लागि उत्खनन्, संरक्षण लगायतका कार्य गर्नु पर्ने देखिन्छ। (नक्सा नं. १५)

### ५.१.२ निपनिया

यो स्थान लुम्बिनीदेखि करिब ८ किलोमीटर दक्षिण-पश्चिममा दानो नदीको किनारमा अमहवाको नजिकै सिकहवा भन्ने ठाउँ रहेको इलाकालाई निपनिया पनि भनिन्छ। यस ठाँउमा पाइएका पी.जी.वायर, एन.बी.पी.वायर तथा रेड वायरका टुकाहरु, मानव, पशुपंक्षी आदिका मूर्तिहरु र ऐतिहासिक इँनारका साथै तेह्रौ शताब्दीको अल्लाउदिन खिल्जीको मुद्रासमेत फेला परेकोले यो ऐतिहासिक एवम् पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण मानिएको छ। यस स्थानमा भेटिएका पुरावशेष बुद्धकालिन भएको पुरातत्वविद्हरुको अनुमान रहेको छ। (स्रोत : गिरी, २०७५, पृ.९१)

यस स्थानमा पाइएका कलावस्तु भारतको हस्तिनापुर, पटना, अरिकामेडु र नेपालका तिलौराकोट, लुम्बिनी तथा कुदानसँग मिल्दाजुल्दा रहेको बताइन्छ । यस ठाँउमा फलामका किट र सिसाका टुक्रासमेत पाइएकोले यस ठाँउमा फलामको कार्यशाला भएको अनुमान गरिएको छ । यसको नजिकै रहेको बञ्जराहीमा एस.बी.देवले सन् १९६४ मा उत्खनन् गर्दा पनि ई.पू.का पुरावशेषहरु फेला पारिएकोले पनि यो स्थल पुरातात्विक महत्वको रहेको अनुमान छ । यस ठाँउको उत्खनन् र दानो नदी नियन्त्रण आवश्यक रहेको स्थानीयको भनाइ रहेको छ । (नक्सा नं. १६)

### ५.१.३ प्रकटेश्वर महादेव

रुपन्देहीको मायादेवी गाउँपालिका अन्तरगत वडा नं.५ मा रहेको गोनाहाको सेमरहनामा वि.सं.२०४८ फाल्गुन महिनामा उत्खनन् गर्दा शिवलिङ्ग, शिव पार्वती, गणेश, कुमार तथा देवीका प्रस्तर प्रतिमाहरु आकस्मिक रुपमा उपलब्ध भएको हुँदा यस स्थानलाई प्रकटेश्वर नामकरण गरिएको हो । यस क्षेत्रमा शिव, पार्वती र गणेशसँग सम्बन्धित मूर्ती तथा वस्तुहरुका अवशेष पाइएका र शाक्यवंशी राजा तथा जनताले प्रारम्भमा शैवधर्म नै मान्ने हुँदा यो क्षेत्र शाक्यवंशी राजाहरुको राज्य अन्तरगत रहेको पुरातत्वविद्हरुको अनुमान छ ।

यस ठाँउका बारेमा विभिन्न किम्बदन्तीहरु रहेकोले उत्खनन् गर्न ज्यूज्यानको खतरा हुने यहाँका स्थानीय बासीहरुको भनाइ छ । दैवीशक्ति निहित मानिने यस स्थानमा शिवलिङ्ग, उमा-महेश्वर फलक, शक्ति, गणेश आदि प्रस्तर प्रतिमा र पुराना इँटाहरुको संरक्षण समेत गरी देवालय निर्माण गरिएको छ । यस स्थानमा शिवरात्री मेला लाग्दछ । यस स्थानको पनि उत्खनन् र संरक्षण आवश्यक भएको बताइन्छ । (नक्सा नं. १७)

### ५.१.४ पैसीया

यो स्थान लुम्बिनीदेखि करिब ४.५ किलोमीटर दक्षिण बञ्जराहीको दक्षिण-पश्चिम एवं आमा गाउँको बिचबाट बग्ने कोइलहवा नदीको पूर्वपट्टि रहेको छ । यस स्थानको सन् १९६२ मा देवला मित्रले गरेको अवलोकन र सन् १९६४ मा एस.वी.देवले गरेको उत्खननबाट प्राप्त मन्दिर र सामाग्रीहरु पूर्व मध्यकालका हिन्दु देवालयहरु रहेको हुन सक्ने अनुमान गरेबाट यसको महत्व स्थापित भएको हो । यस ठाँउमा चारवटा ढिस्का, दुईवटा प्लेटफर्म र केही मूर्तिहरु, बुट्टेदार इँटा र उत्तरपट्टिको ढिस्कोमा टुटेका शिव पार्वतीका प्रस्तर मूर्ति पाइएका थिए । यस ठाँउमा प्राप्त शिखर शैलीको मन्दिर बास्तुकलाका दृष्टिले महत्त्वपूर्ण रहेको छ । (स्रोत : गिरी, २०७५, पृ.९०)

खुल्ला संग्रहालयको रुपमा रहेको यस स्थानको संरक्षण, उत्खनन् गरी यातायातको प्रबन्ध मिलाई लुम्बिनी आउने पर्यटकहरुलाई आकर्षित गर्नसके विशेष उपलब्धि हासिल गर्न सकिने देखिन्छ । (नक्सा नं. १६)

### ५.१.५ पिप्रहवा

शुद्धोधन गाउँपालिका अन्तरगत वडा नं. ४ मा पर्ने यो स्थान लुम्बिनीदेखि करिब ९ किलोमीटर दक्षिण-पूर्वमा अवस्थित सिकहवा-अमहवाको दक्षिणमा दानो नदीको किनारमा रहेको रहेको छ ।

यस ठाँउको पुरातात्विक उत्खनन् गर्दा भेटिएका पुराअवशेषहरु कुदानमा पाइएका पुरावशेषसँग मिल्ने भएकाले ईशापूर्व पाचौं शताब्दी तिरको भएको तथ्य उजागर भएको छ । सेरामिक उद्योग हुनसक्ने अनुमान गरिएको यो स्थानमा रहेको पुरानो ढिस्को सन् १९६२ मा देवला मित्रले अध्ययन गर्दाका बखत दानो नदीले काटिसकेको उल्लेख गरिएको छ । यस ठाँउको विकासका लागि नदी नियन्त्रण गरी पुरावशेषको संरक्षणको आवश्यकता रहेको देखिन्छ । (नक्सा नं. १६)

### ५.१.६ बञ्जराही

यो स्थान लुम्बिनीदेखि करिब ८ किलोमीटर दक्षिण, दानु नदीको पश्चिमी किनारा र निपनीया तथा अमहवा गाउँको बीचमा रहेको छ । करिब तीन कि.मि.मा फैलिएको यो स्थान प्राचीन सांस्कृतिक एवम् पुरातात्विक दृष्टिले महत्वपूर्ण भएको तथ्य सन् १९६२ मा देवला मित्र र सन् १९६४ मा एस.बी. देवले गरेको अन्वेषणबाट पुष्टि भएको छ । यो स्थान भारतको अहिच्छत्र एवं हस्तिनापुरको सभ्यतासँग मिल्ने कुरा यहाँ प्राप्त पुरावशेषबाट प्रमाणित हुने कुरा उल्लेख गरिएको छ ।

यहाँ माटाका बाला, बत्ती, टिपनी (Dabber), माला, मानव तथा जनवारका मूर्तिहरु समेत असंख्य कलावस्तुहरु उपलब्ध भएबाट हस्तिनापुरमा विकसित संस्कृतिमा झै ई.पू. एक हजार वर्ष अगाडि नै मृत्तिका उद्योगधन्दा सञ्चालन गरिएको अनुमान छ । यहाँ पाइएका पुरावशेषहरुको काल निर्धारण गर्दा ई.पू. सातौं-छैटौं शताब्दीदेखि शुङ्ग, गुप्त एवं मध्यकालसम्म पुऱ्याइएको छ । (स्रोत : गिरी, २०७५, पृ.९०)

यो स्थान दानु नदीको किनारमा रहेको र नदीको बाढीले बर्षेनी कटान गर्ने हुँदा कटानको बेला खोलाका बगरमा प्राचीन वस्तुहरु एवम् अवशेषहरु यत्रतत्र देखिन्थे । अतः यस स्थानको आवश्यक संरक्षणको व्यवस्था हुन जरुरी छ ।

### ५.१.७ मनौरी

लुम्बिनीबाट करिब २ कि.मी. पश्चिममा अवस्थित मनौरी पुरातात्विक एवं साँस्कृतिक स्थलको रुपमा परिचित छ । यो स्थान लुम्बिनी साँस्कृतिक गाउँपालिका वडा नं.४ मा पर्छ । यहाँ प्राप्त पुरावशेषहरु लुम्बिनीका पुरावशेषसँग मिल्दाजुल्दा छन् । प्राचीन समयमा घाटको रुपमा रहेको र अहिले सिँचाइका रुपमा प्रयोग पोखरी र आसपासको क्षेत्रको उत्खनन् गरी संरक्षण गर्नु पर्ने देखिएको छ ।

यस ठाँउमा प्रत्येक वर्ष फागुन कृष्णपक्ष चतुर्दशीको अवसरमा शिवरात्रि मेला लाग्ने हुनाले पनि यस स्थानको धार्मिक महत्व समेत रहेको छ । (नक्सा नं. १८)

### ५.१.८ मर्चवारी माई

मर्चवारी माईको मन्दिर रुपन्देही जिल्लाको ओडवलीया गाउँमा रहेको छ । स्थानीय स्तरमा पाइने इँटा, ढुङ्गा, माटो र काठबाट निर्मित यो मन्दिर चतुष्कोणाकार रहेको छ र यसको छानो भने समतल खालको छ । यस मन्दिरमा दुईटा द्वार रहेका छन् । मन्दिरको भित्र माईको प्रतीकको रुपमा अग्लो ढिस्को (पीठ) बनाइएको छ । उक्त ढिस्को पिरामिड जस्तो तल्लो भाग फराकिलो र माथिल्लो भाग क्रमशः सानो हुँदै गएको छ । यसको माथिपट्टि घण्टी राखिएको छ । ( फोटो नं. ३९)

यस मन्दिर परिसरभित्र भण्डार तथा धर्मशाला समेत रहेको छ । बाहिरबाट आउने साधु, सन्त वा महन्तहरु यसै धर्मशालामा बस्ने गर्दछन् । यस परिसरमा रामजानकी मन्दिर र शिवालय समेत रहेका छन् । मन्दिरको नाममा करिब डेढ बिघा गुठी जग्गा रहेको छ । यसैको आयस्थाबाट यस मर्चवारी माईको पूजाआजा सन्चालन हुने गर्छ । यहाँ आश्विन शुक्लनवमी र चैते दशैंमा विशेष पूजा हुन्छ र ठूलो मेला लाग्छ । (नक्सा नं. १६)

### ५.१.९ महेरवा

सैनामैना नगरपालिका वडा नं. ११ बीचवापुरमा रहेको महेरवा पुरातात्विक दृष्टिले महत्वपूर्ण देखिन्छ । महेरवा बाबाको नामबाट नामाकरण भएको यस ठाँउमा एउटा आकर्षक गुफा रहेको, थारु जातिको घना बस्ती रहेको, प्राचीन

कालदेखि नै महेरवा बाबाको पूजाआजा गरिदै आएको र आसपासमा स-साना गुफाहरु पनि भएको, पथ्थरको बिचमा एउटा पुरानो कुवा भएको र घना जङ्गलको बीचमा पर्ने यो ठाँउ ऐतिहासिक तथा पुरातात्विक दृष्टिले आकर्षक र महत्वपूर्ण रहेको छ ।

### ५.१.१० मूर्धनी

मूर्धनी पनि सैनामैना नगरपालिकाको वडा नं. २ मा रहेको प्राचीन ढिस्कोको रुपमा रहेको छ । यहाँ प्राप्त कलात्मक प्रस्तरका आकृतिहरुका आधारमा यो पुरातात्विक स्थल भएको र प्राचीन दरबार समेत रहेको कुरा स्थानीयहरु बताउँछन् । त्यहाँ रहेको ढिस्कोमा संसारी माइको मन्दिर भएको र सो स्थानमा जोगी देवताको पूजा गर्ने गरेको पाइन्छ

### ५.१.११ रानीकुवा क्षेत्र

रानीकुवा क्षेत्र सैनामैना नगरपालिका वडा नं. १ मा रहेको छ । यस स्थानमा रहेको कुवाको पानी अत्यन्त चीसो र मीठो भएको र स्थानीय कुनै रानीले पिउने गरेकाले यस कुवाको नाम रानी कुवा रहेको किम्बदन्ती छ । (फोटो नं. ४०) यसको आसपासमा प्राचीन विभिन्न खण्डहरहरु, कुवा, मन्दिरको आसपासमा र रुखमुनि विभिन्न छरिएका कलावस्तुहरु, ईनार वा नहरबाट मानवीय सभ्यता, जीवनशैली र पद्धतिहरु  प्रतिविम्बित भएको हुँदा यस कुवाको सेरोफेरोमा मानव सभ्यता र संस्कृति छिपेको हुनसक्ने अनुमान गरिएकोले यस ठाँउको उत्खनन् एवम् संरक्षण आवश्यक देखिन्छ । (नक्सा नं. १९)

### ५.१.१२ ठूलो कुवा

ठूलो कुवा पनि सैनामैना नगरपालिका वडा नं.१ मै रहेको छ । प्रस्तुत ठूलो कुवा पनि पुरातात्विक हिसाबले महत्त्वपूर्ण रहेको छ । यस कुवालाई राजा कुवा पनि भनिन्छ । त्यहाँका शासकले पानी पिउने कुवा भएकोले यसलाई राजा भनिएको हो भन्ने जनश्रुती रहेको छ । यस कुवाको आकार वृत्ताकार छ । यसको निर्माण गर्दा ज्यामितीय ढाँचामा विशिष्ट प्रविधिको प्रयोग गरिएको देखिन्छ । यसको बीच भागमा कलात्मक इँटाहरु रहेका छन् । यसको चारैतिर विभिन्न कलात्मक वस्तुहरु छरिएर रहेका छन् ।

### ५.१.१३ बीचटोलको उत्तरी ढिस्को

सैनामैना नगरपालिका वडा नं.१ को बीचटोलको उत्तरपूर्वमा अवस्थित ढिस्कोको नामनै बिचटोल ढिस्को हो । यो ढिस्को पुरातात्विक दृष्टिले महत्वपूर्ण खण्डहरको रुपमा रहेको छ । अतिक्रमित अवस्थामा रहेको ढिस्कोको वरिपरि जग्गालाई प्लटिङ गर्ने र घडेरी बिक्री गर्न थालिएको देखिन्छ । जसलाई अहिले स्थानीय नगरपालिकाले रोकेको छ । यसको चारैतिर पुरानो पर्खालको खण्डहर छ । यहाँ पनि इँटाका पंक्तिबद्ध सलहरु रहेका छन् । ढिस्कोको माथिल्लो भागमा खेती गरिएको र खेती गर्ने सिलसिलामा खनजोत गर्दा विभिन्न प्रस्तरका मूर्ति लगायतका कलावस्तुहरु फेला पर्ने गरेको देखिन्छ । यसको बीचमा मन्दिर बनाइएको छ । स्थानीय जनताका अनुसार यहाँ कुनै राजाको दरवार थियो, भन्ने भनाइ रहेको छ । यस स्थानको उत्खनन् गरी यसको उचित संरक्षण र सम्वर्द्धन गर्न आवश्यक देखिएको छ ।

### ५.१.१४ जोगीडाँडा (योगडाँडा)

जोगीडाँडा अर्थात योगडाँडा बुटवल उपमहानगरपालिकाको १२ वडामा अवस्थित छ । प्राचीन कपिलवस्तुका विभिन्न इकाइमध्ये जोगीडाँडा पनि एक स्थान हो भन्ने कुरा विभिन्न लेखहरुबाट जानकारी पाउन सकिन्छ । बौरा खोलाको

पूर्वमा पर्ने जोगीडाँडा एउटा महत्वपूर्ण पुरातात्विक स्थलको रुपमा रहेको छ । यस ठाउँलाई वर्षेनी नदीले कटान गर्दै आएकोले भूगर्भमा रहेका स्मारक तथा कलावस्तुहरु पनि नष्ट हुँदै गएका छन् । जोगीडाँडा क्षेत्रमा इँटाले बनेका विभिन्न संरचनाहरु यत्रतत्र छरिएर र छोपिएर रहेको अवस्थामा छन् । पंक्तिबद्ध इँटाका लहरहरु अहिले पनि जङ्गल भरि यत्रतत्र छरिएका छन् । यस स्थानमा पाइएको बुद्धको प्रस्तर प्रतिमा लुम्बिनी संग्रहालयमा राखिएको छ । यस स्थानमा पुराना इँटाले बनेको चक्के ईनारको अस्तित्व पनि फेला परेको छ ।

### ५.१.१५ सानो प्लेट

बौराहा खोलाको उत्तरपूर्व र जोगीडाँडाको निकट रहेको समतल भूमिलाई सानो प्लेट (सानो पठार) को नामले चिनिन्छ । यो स्थल बुटवल उपमहानगरपालिका वडा नं.१२ को चारपाला सामुदायिक वनमा पर्दछ ।

यस वन क्षेत्रमा प्रस्तरका अंशहरु र इँटाका टुक्राहरु यत्रतत्र छरिएर रहेका छन् । ज्यामितीय प्रविधिको आधारमा बनाइएका प्रस्तर आकृतिहरु मनलोभ्याउने खालका छन् । अत : यस स्थानको उत्खनन् गरी उचित संरक्षण र सम्बर्द्धनका साथै वास्तविकताको उजागर गर्न जरुरी देखिन्छ ।

### ५.१.१६ ठूलो प्लेट

बौराहा खोलाको उत्तरपूर्व सानो प्लेटको माथितिर रहेको समतल भूमिलाई ठूलो प्लेट भनिन्छ । यस क्षेत्रमा पनि विभिन्न प्रकारका प्रस्तरका आकृतिहरु र इँटाका टुक्राहरु छरिएर र छोपिएर रहेकाछन् । सालको घना जङ्गलको रुपमा परिणत भएको यस क्षेत्रमा छरिएर रहेका कैयौं सबुत प्रमाणहरु बेवारिसी अवस्थामा छन् । यहाँ बेलाखतमा विभिन्न व्यक्तिहरुले अनधिकृत ढङ्गले गाडधन उत्खनन् गर्दैआएको देखिन्छ । यस क्षेत्रमा फलाम खानीको नजिक पाइने किट (Iron Slags) पनि प्रशस्तमात्रामा देख्न सकिन्छ । किट हेर्दा यस ठाउँमा कुनै समयमा फलामको काम हुँदोरहेछ भन्ने अनुमान गर्न सकिन्छ ।

### ५.१.१७ बीचटोलको दक्षिणपट्टिको ढिस्को

सैनामैना नगरपालिका वडा नं.१ बीचटोलको दक्षिणपट्टि अवस्थित ढिस्को पुरातात्विक दृष्टिले महत्त्वपूर्ण छ । अतिक्रमणको कारण यसको आकार साँगुरिदैं गएको छ । हाल वृत्ताकारको रुपमा रहेको ढिस्को पुरानो खण्डहरको रुपमा रहेको छ । यस स्थानमा सानो मन्दिर बनाइएको छ । यस क्षेत्रमा विभिन्न आकारका प्रस्तर आकृतिहरु छरिएको र छोपिएको अवस्थामा रहेका छन् । त्यसैगरी यहाँ इँटाको खण्डहर पनि छ । यहाँका अधिकाश इँटाहरु अनधिकृत ढङ्गले नष्ट गरिएका छन् । बाटो बनाउँदा वा जमिन खनजोत गर्दाको अवस्थामा यस्ता सबुत आधारहरु भेटिएका हुन् । तर यस्ता वस्तुहरु संरक्षणको पर्खाइमा रहेकोले यस स्थानको छुट्टै उत्खनन् गरी वास्तविक स्थिति उजागर गर्दै संरक्षण गर्न जरुरी छ ।

### ५.१.१८ बक्सडडाँडा

सैनामैना नगरपालिका वडा नं.५ मा पर्ने बक्सडडाँडा कोटियामाई क्षेत्र ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण छ । करिब २ बिघा ५ रोपनीको क्षेत्रफलमा अवस्थित यस क्षेत्रमा परम्परागत ढङ्गले देवीको पूजाआजा गरिन्छ । थारु समुदायको बसोबास रहेको यस स्थानमा आफ्नो मनोकामना पूरा हुने विश्वासले थारु जातिहरुले हात्तीका प्रतिमाहरु चढाउने प्रचलन छ । यहाँ प्रत्येक महिनाको पूर्णिमाका दिनमा सत्यनारायणको ब्रतकथा वाचन गर्ने गराउने चलन छ ।

यो स्थान पुरातात्विक दृष्टिकोणबाट समेत छुट्टै महत्व बोकेको क्षेत्र देखिएकोले यसको अध्ययन अनुसन्धान गर्न जरुरी छ ।

### ५.१.१९ ब्रह्मडाँडा

ब्रह्मडाँडा पनि सैनामैनामा नगरपालिकाको १ वडामा अवस्थित रहेको र यसको छुट्टै ऐतिहासिक तथा धार्मिक महत्व रहेको छ । यस ठाउँमा एउटा गुम्बज आकारको मन्दिर छ । थारु जातिको बाहुल्यता रहेको यस स्थानमा विभिन्न समयमा पूजाआजा गर्ने चलन छ । यस स्थानमा विभिन्न कलावस्तुहरु छरिएर छोपिएर रहेका छन् । यहाँ मगर पुजारीले पनि नित्य तथा नैमित्य पूजाआजा गर्दैआएका छन् स्रोत : सैनामैना दर्पण, २०७६, पृ.७५) यो स्थान पुरानो आस्थाको थलो भएकोले ऐतिहासिक वस्तुहरु हुनसक्ने सम्भावना रहेको छ । त्यसैले यो स्थानको समेत उत्खनन् र छुट्टै अध्ययन अनुसन्धान हुन जरुरी छ ।

### ५.१.२० जीतगढी किल्ला

ऐतिहासिक रुपमा महत्वपूर्ण, नेपालको इतिहासमा स्वर्णाक्षरित र नेपालको अखण्डता एवम् राष्ट्रिय स्वाभिमानसँग जोडिएको रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं. १ मा रहेको 'जीतगढी' किल्ला अंग्रेज-गोर्खा युद्धको महत्वपूर्ण निसानी हो । उजीरसिंह गढीको नामले समेत चिनिने यस गढीले महत्वपूर्ण इतिहास बोकेको छ । (फोटो नं. ४१) 'ऐतिहासिक र पुरातात्विक सम्पदा भित्र रहेको यस गढीमा अहिले पनि युद्ध सम्बन्धी ऐतिहासिक वस्तुहरु भेट्न सकिन्छ । यसमा युद्ध सम्बन्धी पुराना दस्तावेज रहेका छन्' ।

अमरसिंह थापाको समयमा भएको 'अंग्रेज-गोर्खा युद्ध' मा पाल्पामा रहेको गोर्खाली फौजको नेतृत्व कर्णेल उजीरसिंह थापाले सम्हालेका थिए । भनिन्छ त्यो बेला उनी १८ वर्षका नवयुवक थिए । जीतगढी किल्ला सेनकालमा बनेको थियो वा पाल्पा गोर्खामा विलय भएपछि बनाइएको थियो भन्ने एकीन हुन सकेको छैन (श्रोत : सैनामैना दर्पण, २०७६; पृ.१५७) ।

वि.सं. १८७१ मा अंग्रेजी सेनाले स्थल मार्गबाट बृहत गोर्खा अधिराज्यको बिरुद्धमा ६-७ ठाउँबाट आक्रमण गर्ने योजना बनाएका थिए । नेपालको अस्तित्व जोगाउनका लागि मकवानपुर-चितवनक्षेत्र, बारा-पर्सा-रौतहट, मिथिलाक्षेत्र र बुटवलको जीतगढी क्षेत्रलाई किल्लाको रुपमा प्रयोग गरिएको थियो । तत्कालीन युद्धमा जीतगढी किल्ला अंग्रेज फौजलाई परास्त गर्न सफल भएको थियो । नेपाली फौजले अंग्रेज फौजलाई हराएको बुटवलमा रहेको नेपालको एक मात्र ऐतिहासिक जीतगढी किल्ला पर्यटकीय हिसाबले अति नै महत्वपूर्ण रहेको छ ।' (नक्सा नं. २०)

### ५.१.२१ बुटवल (बटौली)

प्राग ऐतिहासिक मानव रामापिथेकसको स्थल, पौराणिक कालमा भतृहरि ऋषिले तपस्या गरेको तपोभूमि, सेन वंशीय राजाहरुको शीतकालीन दरवार भएको ऐतिहासिक स्थल र तथागत बुद्धको चंक्रमण स्थल (बुद्धवल्ली) पूर्व-पश्चिम र उत्तर-दक्षिणका बासिन्दाहरुको आवत जावत गर्ने र व्यापार व्यवसाय गर्ने मिलन बिन्दुको रुपमा रहेको हालको बुटवलको नामाकरण बुद्धवल्ली, बुढवल,, बुटवली, बुटौली, बटौली हुँदै अपभ्रंश भएर बनेको हो (शाक्य र शाक्य, २०७५) । नयाँ पिँढीले बुटवल भने पनि पुराना बुढा-पाकाहरुले यस स्थानलाई बटौली भनी सम्बोधन गर्दछन् । नेवार र मधेशी व्यापारिक समुदायको अधिक वासस्थल रहेको यो पुरानो बजार नेपाल-अंग्रेज युद्धको इतिहास भएको नुवाकोटगढी, पहाडको पुच्छारमा अवस्थित, राजा मणिमुकुन्द सेनको शीतकालीन दरवारको नजिक र ऐतिहासिक

जीतगढी किल्लासँग जोडिएको महत्वपूर्ण स्थान हो । प्रशिद्ध तिलोत्तमा नदीको किनारमा बसेको यो बटौली बजारमा पुराना ऐतिहासिक, कलात्मक घरहरु छन् भने बजारका विभिन्न टोलहरु जोड्ने स-साना गल्लीहरु छन् । बजार विस्तार गर्ने ठाउँको अभावमा पुरानो खस्यौलीमा ठूला-ठूला व्यापारीहरु स्थानान्तरण भए पनि ऐतिहासिक बस्ती एवं परिचय सहितको यस क्षेत्रको ऐतिहासिकता कायम गर्दै पुरानो शैलीका कलात्मक घरहरुको निर्माण र गल्लीहरुको संरक्षण, विकास र प्रवर्द्धन गरेमा यो बटौली बजारलाई काठमाण्डौंको मिनी ठमेलको रुपमा विकास गर्न सकिने सम्भावना छ ।

वि.सं. १९७१ भन्दा पहिले ललितपुरका सिंहबीर बज्राचार्य बुद्ध धर्मको प्रचार प्रसार गर्ने हेतुले बटौली बजारमा आई सो धर्म स्थापित गर्न माटोको चैत्य तथा ढुङ्गाका चारवटा बुद्धमूर्ति स्थापना गरेको सो क्षेत्रमा विभिन्न समाजसेवी, व्यापारी तथा धार्मिक व्यक्तित्वहरुको पहलमा पदम चैत्य विहार निर्माण भएको छ । योजना बनाई विकास गर्न सके बटौली अर्को महत्वपूर्ण पर्यटकीय स्थल बन्न सक्छ । (नक्सा नं. २१)

### ५.१.२२ हिलपार्क-बसन्तपुर क्षेत्र

बुटवल उप-महानगरपालिका वडा नं.७ स्थित हिलपार्क अर्को पर्यटकीय स्थल हो । Vligin Foot Trail बाट चिनिने यो पर्यटकीय स्थल समुन्द्र सतह देखि २०० मीटर देखि ४०० मीटरको उचाइसम्म फैलिएको छ । जङ्गलको बीचमा बनेको यो पार्क मूलत चिल्ड्रेन पार्कको रुपमा परिचित भए पनि वयस्क र बृद्धहरुको लागि पनि मनोरञ्जनको (Recreational) क्षेत्र बनेको छ । समुन्द्र सतहबाट अग्लो ठाउँमा रहेकोले बुटवल उप-महानगरपालिकाको पहलमा भैरहवा-सुनौली तथा लुम्बिनीबाट सहजै देख्न सकिने Big Buddha को मूर्ति बनाउने योजना भएकोले आर्थिक वर्ष २०७७/०८८ को बजेटमा रकम व्यवस्थापन गरिएको छ (श्रोत : समाजसेवी श्री बाबुराम पन्थीसँगको सम्वाद, मिति २०७७/०३/१८) । उत्तर तर्फ करिब ७५० मीटरको उचाइमा रहेको सत्यवती गाउँपालिका पाल्पाको वसन्तपुर क्षेत्र यही हिलपार्क क्षेत्रसँग जोडिएको अर्को मनोरम पर्यटकीय स्थल हो (फोटो नं. ४२) । अग्लो ठाउँमा भएकोले दक्षिणको तराई क्षेत्र, लुम्बिनी र भारतको सुनौली-नौतनवासम्म देखिने यो क्षेत्र केही समतल भएकोले तराईको गर्मीबाट आत्तिएका पर्यटकहरुलाई सीत्तल ठाउँमा बस्न, मनोरञ्जन लिनका लागि आवश्यक भौतिक पूर्वाधारहरु बनाउन आवश्यक देखिएको छ । प्राकृतिक दृष्टिकोणले सुन्दर ठाउँ भएकोले बुटवल-बसन्तपुर केवलकार सञ्चालनको योजना कार्यान्वयन भैरहेको छ (श्रोत : लाल प्रसाद बस्याल, वार्ड अध्यक्ष बुटवल उप-महानगरपालिका-३ सँगको सम्वाद, मिति २०७७/०३/१७) । (नक्सा नं. २२ र २३)

### ५.१.२३ शंकरनगर बनबाटिका

रुपन्देही जिल्लाको उत्तराखण्डमा रहेको तिलोत्तमा नगरपालिकाको वडा नं. १ र २ मा रहेको शंकरनगर सामुदायिक वन जैविक विविधतायुक्त रमणीय स्थान हो । विभिन्न किसिमका बोटविरुवा तथा बनस्पति र पशुपंक्षीहरु रहेको, सुन्दर पार्क तथा चिडियाखाना भएको, अध्ययन अनुसन्धानको लागि पर्याप्त स्रोत भएको यो केन्द्र वातावरणीय तथा पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण छ । बढदै गएको शहरीकरणलाई दृष्टिगत गरी गुरुयोजनाका आधारमा शंकरनगर सामुदायिक वन भित्र हरियाली प्रवर्द्धन, स्वच्छ, सुन्दर र सुविधायुक्त पार्कको निर्माण, वालवालिका, ज्येष्ठ नागरिक, युवालगायत सबैको लागी आर्कषक मनोरञ्जनात्मक खुला विश्राम स्थलको विकास, सुविधायुक्त पिकनिक स्थल तथा

सभा सम्मलेन समेतलाई लक्षित गरी सभा भवन तथा विभिन्न स-साना संरचनाहरु निर्माण भएका छन् । (फोटो नं. ४३)

विभिन्न प्रजातीका बोट विरुवाहरुको प्रवर्द्धन तथा अनुसन्धान, खरिद-विक्री व्यवसाय समेत गर्ने गरी नर्सरीको स्थापना, दृश्यावलोकनका लागि भ्यू टावर, विपश्वना ध्यान केन्द्र, एक्युरिएम तथा बनबिहार, ऐतिहासिक कुवा संरक्षण, वन, पर्या-पर्यटन सम्बन्धी प्रचार सामाग्रीयुक्त आधुनिक पुस्तकालय (सुचना केन्द्र), वनविहार तथा अनुसनधान केन्द, प्राणी उद्यान सञ्चालन, विभिन्न जातका चरचुरुङ्गी तथा जङ्गली जनावर भएको मिनी जू समेतको व्यवस्था गरिएबाट यस क्षेत्रकै लागि आकर्षक पर्यटकीय गन्तव्य हुने निश्चित छ ।

नेपाल सरकारले यो वनबाटिकालाई पर्यटकीय गन्तब्य स्थलको रुपमा पनि समावेश गरेको छ । सामुदायिक स्तरबाट सञ्चालित भएको यो स्थान अन्य स्थानका लागि समेत अनुकरणीय हुन जान्छ (स्रोत : तिलोत्तमा नगरपालिका, एकीकृत शहरी विकास योजना, २०७६, पृ.२०७) ।

### ५.१.२४ बाउन्नकोटी सामुदायिक वन

रुपन्देही जिल्लाको नमूनाको रुमा रहेको र पर्यटकीय स्थलको रुपमा परिचय बनाएको यो बाउन्नकोटी नामको समुदायिक वन तिलोत्तमा नगरपालिका तथा सियारी र ओमसतिया गाउँपालिकाको ७ वटा वडाका बीचमा रहेको छ । सौराहको उपनामले पनि चिनिने यस वन क्षेत्रभित्र प्राचीन बाउन्नकोटी मन्दिर, ऐतिहासिक कुवा, नन्द-भाउजु ताल र सिमसार क्षेत्रको संरक्षण अनि वृक्षारोपणले हराभरा भएपछि करिब एक सय ५५ हेक्टर क्षेत्रफलको वन अहिले आन्तरिक पपर्यटकको रोजाईको गन्तब्य स्थल बनेको छ । (फोटो नं. ४४)

यसको पर्यटकीय महत्व बढदै गएको छ । बेलहिया देखि शंकरनगरसम्मको बीच भागमा  यस्तो हरियालीयुक्त रमणीय स्थान अरु नभएकाले यहाँ सुनौली, नौतनवा, गोरखपुरसम्मबाट समेत पर्यटकहरु घुम्न र पिकनिकका लागि आउने गर्छन् । आन्तरिक र बाह्य पर्यटक आगमन समेतलाई दृष्टिगत गरी पिकनिक सेड र बाल उद्यानहरु निर्माण गरिएका छन् ।

नेपाल सरकारले यो वनलाई पर्यटकीय गन्तब्य स्थलको रुपमा समावेश गरेपछि वन समितिले १० वर्षे गुरुयोजना बनाई नमूना पर्यापर्यटकीय स्थलका रुपमा विकास गरी लाखौं पर्यटक भित्राउने र आम्दानी पनि उल्लेख्य रुपमा गर्ने उद्धेश्य रहको छ । यसर्थ पर्यटन प्रवर्धनका लागि यो एउटा प्रभावकारी गन्तव्य स्थल बन्न सक्ने प्रबल सम्भावना रहेको छ (स्रोत : तिलोत्तमा नगरपालिका, एकीकृत शहरी विकास योजना, २०७६, पृ.२०८) ।

### ५.१.२५ मोक्षधाम

रुपन्देही जिल्लाको तिलोत्तमा न.पा. वडा नं. ६ पश्चिम पहुनीमा संसारकै पवित्रतम् दिव्य मोक्षधाम अवस्थित छ । यो धाममा पुराणमा उल्लेख भएका चार धाम बद्रिनाथ, जगन्नाथपुरी, द्धारका र रामेश्वरम् तथा नेपालमा रहेका मुक्तिनाथ, पशुपतिनाथ, रामजानकी मन्दिर जनकपुर र लुम्बिनी सहितका चार धाम गरी आठ धाम तथा द्धादश ज्योतिर्लिङ्ग र १००८ शिवलिङ्ग स्थापित विश्वनाथ मन्दिर, विभिन्न तिर्थ, गण्डकी, कोशी, कर्णाली, गंगा, यमुना, सरस्वती, गोसाइकुण्ड, दामोदरकुण्ड, मानसरोवर र सागरको जल मिश्रित अमृत कुण्ड, बाल आश्रम, बृद्धाश्रम, योग केन्द्र, ध्यान केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र तथा उद्यान सहितको दर्शनीय धाम निर्माण गर्ने योजना रहेको छ । (फोटो नं. ४५)

माधवसेवा र मानवसेवाका रपमा स्थापित यो पुण्यभूमि हामी सबैको साझा गौरव हो । मोक्षधाममा तीर्थाटन गर्दा आठ धामको दर्शन हुने तथा अमृतकुण्डमा स्नान गर्नाले अनेकौ नदी, सरोवर र सागरमा गएर स्नान गरेको फल प्राप्त हुने हुनाले यस धामको महत्व अद्वितीय रहेको हो ।

यस आश्रमद्धारा सुविधायुक्त बाल आश्रम र बृद्धाश्रम समेत सञ्चालन गरिएको छ । यहाँ प्रत्येक दिन नियमित विभिन्न किसिमका पूजा हुने गर्छन् । यो पवित्र धामलाई महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्न सकिने देखिएको छ (स्रोत : तिलोत्तमा नगरपालिका, एकीकृत शहरी विकास योजना, २०७६, पृ.२०९) ।

### ५.१.२६ श्रृङ्गेश्वर धाम

यस नगरपालिकाको वडानं. ४ डिङ्गरनगरमा रहेको श्रृङ्गेश्वर धाम धार्मिक तथा पर्यटकीय स्थलको रुपमा प्रसिद्ध छ । करिब १८ कठ्ठा क्षेत्रफलमा फैलिएको यो धाममा पशुपतिनाथ मन्दिर, शनिदेव मन्दिर, होम मण्डप, बटुक भैरब मन्दिर, कैलाश पर्वत, नाग मन्दिर, सभाहल, आकर्षक बगैचा समेतका संरुचनाहरु निर्माण भएका छन् । (फोटो नं. ४६) जेष्ठ नागरिक मिलन केन्द्र भवन समेत रहेको यस धाममा महा शिवरात्री, नव वर्ष, साउनी मेला र नवरात्रहरुमा भक्तजनहरुद्धारा विशेष पूजाआजा गरिन्छ । यो धामको गुरुयोजना अनुसारका सम्पूर्ण संरचनाहरुको निर्माण र सौंन्दर्यकरण पश्चात यो धाम महत्वपूर्ण धार्मिक/पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गरिने धाम समितिका पदाधिकारीहरु बताउँछन् (स्रोत : तिलोत्तमा नगरपालिका, एकीकृत शहरी विकास योजना, २०७६, पृ.२१०) ।

### ५.१.२७ गजेडी ताल

रुपन्देही जिल्लाको सैनामैना नगरपालिकामा पर्ने र सिमसार क्षेत्रमा सूचीकृत भएको 'गजेडी ताल' पर्यटकीय गन्तव्यको रुपमा आकर्षक स्थल बन्दैछ । आन्तरिक पर्यटकको घुइँचो लाग्ने उक्त ताल बाह्य पर्यटकको समेत आकर्षणको केन्द्र बनेको स्थानीय बुद्धिजीवीहरु बताउँछन् । (फोटो नं. ४७)

तालको संरक्षणमा ध्यान दिन सकिए सो तालबाट पर्यटन प्रवर्द्धन भई स्थानीयको आर्थिक स्तर अभिवृद्धिमा मद्दत पुग्ने देखिन्छ । १३ हेक्टर क्षेत्रफलमा रहेको सो ताल सिमसार क्षेत्र समेत भएकाले यहाँ विभिन्न प्रजातिका चरासमेत देखिने गरेको स्थानीय बताउँछन् । यस तालको संरक्षण, विकास र प्रवर्द्धनका लागि गुरुयोजना तयारी गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । यसको पर्यटकीय प्रवर्द्धनका लागि सम्बन्धित संघसंस्थासँग समन्वय गर्नु पर्ने हुन्छ ।

### ५.१.२८ बोलबम धाम

पर्रोहा परमेश्वर बोलबम धाम रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. १ को पर्रोहामा अवस्थित रहेको ऐतिहासिक तथा पुरातात्विक देवस्थल हो । बुद्ध जन्मस्थल लुम्बिनीबाट २१ कि.मी उत्तर र बुटवलबाट १२ कि.मी पश्चिममा रहेको यो धाम शिव ज्योर्तिलिङ्ग, पार्वती, कात्तिकेय, गणेश समेत शिव परिवारको बासस्थानको रुपमा प्रसिद्ध छ ।

पर्रोहा परमेश्वर बोलबमधाम प्राचीन कपिलवस्तुका १० वटा महत्वपूर्ण गाँउमध्ये 'सामगाम'को नामले परिचित उर्वर गाँउमा अवस्थित छ जुन गाँउलाई अहिले पर्रोहा वा सैनामैना भनिन्छ । यो प्राचीन कपिलवस्तुको कपिल आश्रमबाट रिडी हुँदै मुक्तिनाथ जाने पदमार्गमा पर्ने यो तिर्थस्थलको छुट्टै धार्मिक, साँस्कृतिक महत्व छ र "हिमवत दर्शन खण्डमा" पर्रोहा परमेश्वर धामको वर्णन गरिएको पनि पाइन्छ । (फोटो नं. ४८)

श्रावण महिनाको अवधिभर यस मन्दिरमा नेपाल तथा भारतका विभिन्न तीर्थस्थलबाट पवित्र नदीको जल ल्याई 'बोलबम बोलबम' भन्दै भक्तहरु यहाँ जलापर्ण गर्न आउने गर्दछन । यसरी यस मन्दिरमा जलापर्ण गर्दा मनोकांक्षा पूर्ण हुने, रोग निको हुने जनविश्वास रहेको छ । यस धाममा (स्रोत : सैनामैना दर्पण, २०७६, पृ.७७) ।
शिवरात्रि, बालाचर्तुदशीमा विशेष पूजा हुने र प्रत्येक सोमवार तथा शनिवार पनि भक्तजनको विषेश उपस्थिति हुने गर्छ । (नक्सा नं. १९)

### ५.१.२९ अन्तर्राष्ट्रिय बौद्ध परियति उदय बिहार

तिलोत्तमा नगरपालिका वडा नं.४ डिङ्गरनगरमा अवस्थित अन्तर्राष्ट्रिय बौद्ध परियति उदय बिहार बौद्ध धर्माबलम्बीको लागि महत्वपूर्ण धार्मिक केन्द्रको रुपमा रहेको छ । बि.सं. २०५९ चैत्र ३ गते स्थापना भएको यस बिहारमा बौद्ध अभियान, बौद्ध चर्या, शैक्षिक प्रवर्द्धन, बौद्ध गतिबिधिहरु, परियति शिक्षा प्रवर्द्धन, निरन्तर प्रवचन, धर्म देशना तथा प्रशिक्षण जस्ता बौद्ध धर्मसँग सम्बन्धित गतिविधिहरु सञ्चालन हुँदै आएका छन् । यस बिहारमा हरेक वर्ष बैशाख पूर्णिमामा बुद्धजयन्ती मनाउने गरिएको छ । यस विहारमा स्वदेशी तथा बिदेशी बौद्धभिक्षु तथा बौद्धधर्मावलम्बीहरु आउने गरेको पाइन्छ । यहाँ परियति शिक्षाका लागि कक्षा एकदेखि दशसम्म पढाइ हुने गरेको छ । यस पाठशालामा नैतिक शिक्षा, बौद्ध शिक्षा र बौद्ध दर्शनमा आधारित पाठ्य सामाग्रीहरुको पठनपाठन हुने गरेको छ । (फोटो नं. ४९)
यस बिहारको योजनाबद्ध विकासका लागि तर्जुमा भएको गुरुयोजनामा धम्बहल, भिक्षुणी गृह, बहुउद्देश्यीय भवन, पार्क, ध्यान केन्द्र, अतिथि गृह, भिक्षु आवास जस्ता संरचनाहरु निर्माण गर्ने कार्यक्रम रहेको छ (स्रोत : तिलोत्तमा नगरपालिका, एकीकृत शहरी विकास योजना, २०७६, पृ.२१२) ।

### ५.१.३० विश्व सुख शान्ति बौद्ध बिहार

तिलोत्तमा नगरपालिका वडा नं.१, चपरहट्टीमा रहेको यो बिहार महत्वपूर्ण पर्यटकीय स्थल बनबाटिकासँग जोडिएर रहेको छ । यस विहारमा बौद्ध धर्मावलम्बीहरुद्वारा दैनिक पूजा तथा ध्यान गर्ने गरिन्छ । त्यसैगरी अन्तर्राष्ट्रिय विपश्वना ध्यान शिविर सञ्चालन हुने गर्दछ । यस शिविरमा ३ महिने बर्षिबास, बौद्ध पूर्णिमा लगाएत अन्य विशेष दिनमा बौद्ध धर्मावलम्बीहरुको विशेष रुपमा भेला भई पूजा आजा तथा बौद्ध संस्कृति अनुसारका कार्यक्रमहरु सञ्चालन हुने गर्दछन् । (फोटो नं.५०) यस बिहारलाई यस क्षेत्रमा रहेका अन्य धार्मिक तथा पर्यटकीय स्थलहरुसँग जोडी एकीकृत विकास गर्न सकेमा यो स्थान आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक केन्द्र बन्न सक्ने देखिन्छ (स्रोत : तिलोत्तमा नगरपालिका, एकीकृत शहरी विकास योजना, २०७६, पृ.२१२) ।

### ५.१.३१ नरैनापुर

बुटवल उप-महानगरपालिका वडा नं.१६ मा रहेको नरैनापुर गाउँबस्तीलाई नरैनापुर भनिन्छ । यहाँ नरेश्वर महादेवहको मन्दिर छ । हाल बोलबम प्रचलनमा आएपछि नरेश्वर बोलबम मन्दिर निर्माण गरिएको छ । यहाँ सतीपुर्खे पीपलको रुखमा टाँसिएर रहेका विभन्न आकृतिका प्रस्तर मूर्तिहरु रहेका छन् । मन्दिर भित्र महादेवको प्राचीन प्रस्तर मूर्ति र मन्दिरको वरिपरि पनि प्रस्तर मूर्तिहरु राखिएका छन् (स्रोत : सैनामैना दर्पण २०७६, पृ.५२) । उक्त महादेव मन्दिर गुम्बज शैलीमा बनेको छ । सैनामैना, राजपुर क्षेत्र, बौराहा खोलाको नजिक पर्ने नरैनापुर मन्दिर गुम्बज शैलीमा बनेको हुनाले बोधिसत्व प्राप्त गरेका बज्रयानी सम्प्रदायका पदमपाणिको कार्यकालका मूर्तिहरु वरिपरि रहन सक्ने अनुमान गरिन्छ । हरेक वर्ष लगातार सात दिनसम्म मेला लाग्ने यो क्षेत्रमा नेपाल र भारतका विभिन्न ठाउँहरुबाट

भक्तजनहरु आउँने गर्दछन् । पुरातात्विक सम्पदा सूचीमा रहेको यो क्षेत्रको विकासका लागि सरकारबाट पर्यटन प्रवर्द्धन गर्ने हेतुले प्रयासहरु भइरहेका छन् ।

### ५.१.३२ मलमला क्षेत्र

रुपन्देही जिल्लाको सैनामैना नगरपालिका वडा नं.६ अन्तरगत पूर्व-पश्चिम लोकमार्गको रामापुर देखि २.५ कि.मि. उत्तरतर्फ चुरेको फँदसम्मको भागमा मलमला क्षेत्र अवस्थित छ । यसै पहाडको टाकुरामा ऐतिहासिक एवम् धार्मिक महत्व बोकेको स्थल मलमला मन्दिर रहेको छ जहाँ वर्षेनी हजारौ धर्मालम्बीहरु आ-आफ्ना मनोकांक्षा लिएर टाढा-टाढाबाट मलमल चौरा बाबा तथा देवीको पुजा गर्न आउने गर्दछन् । कुनैपनि नयाँ कार्यको थालनी गर्नुपूर्व मलमला सम्झेर अगाडि बढियो भने उक्त कार्य सफलतापूर्वक सम्पन्न हुने र कसैलाई केहि संकट पऱ्यो भने मलमलाको नाम लिएर पुकार गरेपछि उक्त संकटको सहज निकास निस्कने जनविश्वास रहेको छ । सधै अग्लो स्थानमा बसेर आफूप्रति भक्तिभाव देखाउने जो कोहीलाई सबै तहको संरक्षण दिने प्रकृति देवताको रुपमा परिचित रहेका मलमल चौरा बाबा तथा देवीको छुट्टै ऐतिहासिक तथा धार्मिक महत्व रहेको छ ।

तराइमा बस्ने थारु समुदाय तत्कालीन समयमा विभिन्न जंगली जनावरहरु विशेष गरी बाघको आतङ्कबाट बढी प्रभावित हुने र घरमा पालेका जनावर मात्र नभएर मानिसलाई समेत बाघले सताउने गर्दा उक्त समुदायले आफ्नो वस्तीदेखि टाढा जङ्गलमा गएर दुधको धार दिने, मलमल कपडाका धजा तथा खीर चढाउने प्रचलन रहेको पाइन्छ । बाघहरु सेतो वस्तुप्रति आकर्षित हुने हुँदा यसो गरिएको र यसबाट मानिस तथा जनावरको सुरक्षा हुने जनविश्वास रहेको पाइन्छ ।

सैनामैनाको रिडरोड (मलमलाको फेंदी) देखि करीब २०० मिटर उचाइको चुरे श्रृंखलामा अवस्थित मलमला मन्दिर पुग्न बस्तिबाट पैदल करीब २५ मिनेट लाग्छ भने मन्दिर पुग्नलाई खनिएको बाटोबाट सवारी साधनमा १० मिनेट समय लाग्छ । मलमला क्षेत्रको सबभन्दा माथिल्लो चुचुरोबाट दक्षिण फर्केर हेर्दा भगवान बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र र तराईको समथर भूमि स्पष्टसँग देख्न सकिन्छ । त्यसैगरी उत्तरतर्फ पाल्पा जिल्लामा रहेको बलिहाङ्ग राजाले राज्य गरेको ऐतिहासिक बल्डेंगगढी क्षेत्र पनि सजिलैसँग देख्न सकिन्छ ।

थारु समुदायको अगुवाइमा मलमल चौरा बाबाको मन्दिर बनाइएको छ, भने मन्दिर परिसरमा मलमल चौरा प्रतिष्ठानबाट सेड निर्माण र मन्दिर परिसरमा मूर्ति तथा मौलाहरु बनाइएका छन् । विगत लामो समयदेखि हालसम्म यस क्षेत्रमा पानीको समस्या रहेकोमा सैनामैना नगरपालिकाले खानेपानी आपूर्तिको लागि निकाशा गरेको रकम रु.४० लाखबाट मन्दिरदेखि पश्चिम दक्षिण फेंदीमा मेसिनबाट बोर गरेर पानी निकालेको अवस्था छ ।

थारु सस्कृति र ऐतिहासिक प्रसङ्ग जोडिएको मलमला क्षेत्र धार्मिक पर्यटनको आर्कषक गन्तव्यको रुपमा विकास हुन थालेको छ । सो मन्दिरमा पूजाआजा गर्न भिड वढदै गएपछि यसको विकास गर्न मलमला एकीकृत विकास कार्यक्रम मार्फत धार्मिक पर्यटनको रुपमा स्थापित गर्न थालिएको समितिका अध्यक्ष गुणाखर भट्टराइले जानकारी दिनुभयो ।

मलमला क्षेत्रको विकास गर्ने सन्दर्भमा हाल उक्त मन्दिरमा जानका लागि सिढी तथा सडक निर्माण जस्ता कार्यहरु भैरहेका छन् । यसका अतिरिक्त धर्मशाला, गणेश मन्दिर, चुरे पार्क, भ्यू टावर निर्माण, आदीवासी संग्रहालय निर्माण गर्ने योजना अनुसार केही कार्यहरु अगाडि बढिरहेको समितिका पदाधिकारीहरु बताउनुहुन्छ । (फोटो नं. ५१ र ५२)

सैनामैना नगरपालिकाको पहलमा यस क्षेत्रको बिकासको लागि पुरातत्व बिभागबाट पनि अनुगमन भइरहेको सन्दर्भसँगै चुरे पहाडको काखमा अवस्थित ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पर्यावरणीय तथा पर्यटकीय क्षेत्रको रुपमा परिचित

यस क्षेत्रको बिकास एकीकृत र दिगो तवरले गर्नु पर्नेमा स्थानीयहरुको जोडदार माग रहेको छ । थारु समुदायको ऐतिहासिक स्थल भएको र धेरै समुदायको आस्थाको केन्द्र रहेको हुदा यस क्षेत्रको उजागर र बिकास गर्न लागिएको सैनामैना नगरपालिकाका प्रमुख चित्र बहादुर कार्कीले बताउनु भएको छ ।

स्थानीयहरुका अनुसार; यस क्षेत्रलाई कपिलवस्तुको तिलौराकोट र लुम्विनीसँग जोडेर आन्तरिक तथा बाह्य पर्यटकको लागि एउटा आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्न छुट्टै प्रारुपको आवश्यकता रहेको छ । यस स्थानको मथिल्लो भागबाट बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्र समेत देखिने हुदा यसलाई सैनामैनाकै रमणीय स्थलको रुपमा बिकास गरिने नगर प्रमुख कार्कीले बताउनुहुन्छ । विश्व पर्यटनको केन्द्र लुम्बिनी भ्रमणमा आउने पर्यटकको बसाई लम्ब्याउन सैनामैना हुँदै बल्ढेंगगढी पुऱ्याउँने गरी योजना बनाउनुपर्ने पर्यटन क्षेत्रका सरोकारवालाहरुले जोड दिएका छन । लुम्बिनी आउने हरेक पर्यटकलाई एक दिन सैनामैनाका पर्यटकीय क्षेत्रको अवलोकन गराएर सैनामैनाको थारु होमस्टे तथा सुकौराको मगर होमस्टेमा बस्ने व्यवस्था मिलाई अर्को दिन बल्ढेंगगढीको शीतल मौसम र प्राकृतिक सौन्दर्यता देखाउने गरी पर्यटकीय योजना बनाउनुपर्ने देखिन्छ ।

सैनामैना देखी ७ किलोमिटर दूरीमा पर्ने मगरहरुको प्राचीन थलो बल्ढेंगगढी पाल्पा जिल्लामा पर्ने र उक्त ठाउँबाट उत्तर तर्फ हिमाल र दक्षिण तर्फ लुम्बिनी देख्न सकिने र मौसमको हिसाबले शीतल ठाउँ भएकोले सैनामैना देखी पदयात्रा गर्दै जाने पर्यटकहरुलाई नयाँ गन्तब्य बन्न सक्ने लुम्बिनी विश्व शान्ति ग्रामका दोस्रो योजनाकार प्रा.डा. क्वाकले उल्लेख गरेका छन । उक्त पैदल यात्रा यही मलमला क्षेत्र हुँदै विस्तार गर्न सकिने देखिएको छ । (नक्सा नं. २४)

**मलमला क्षेत्रलाई धार्मिक तथा पर्यटकीय गन्तव्य स्थल बनाउनका लागि प्रस्तावित अवधारणा :**

सैनामैना आफैमा एउटा खुल्ला संग्राहलयको रुपमा परिचित छ । आजभन्दा १२१ वर्ष अगाडि भारतीय पुरातत्वविद् पि.सि.मुखर्जीले सैनामैना क्षेत्रको अवलोकन गरी केही मूर्तिहरुको सुक्षम अध्ययन पश्चात एउटा सानो प्रतिवेदन तयार गरेका र उक्त प्रतिवेदन तत्कालीन अञ्चलाधीश मार्फत लुम्बिनी विकास कोष हुँदै हाल राष्ट्रिय संग्रहालयमा रहेको जानकारहरु बताउँछन् । त्यसैगरी पुरातत्वविद् देवला मित्रका अनुसार सैनामैना क्षेत्रमा भेटिएका पुराना इट्टाहरु कुदानका इट्टाहरुँग मिल्दा जुल्दा भएको बताएका छन् । बोधिसत्व प्राप्त पदमपाणिका धेरै मूर्तिहरु पनि भेटिएको, रानीकुवा, राजाकुवा, ब्रह्मडाँडा तथा राजपुर क्षेत्रमा थुप्रै ऐतिहासिक पुरातात्विक शीलाहरु, मूर्तिहरु, इट्टाका टुक्राहरु र अन्य विविध अवशेषहरु यत्रतत्र पाइएको अवस्था हुनाले यो क्षेत्र ऐतिहासिक एवं पुरातात्विक महत्वको क्षेत्र भएको आंकलन गर्न सकिन्छ । इतिहासविद् पूर्णदासका अनुसार यहाँ फेला परेका शीलाहरु खस मल्लकालीन हुन सक्ने भनी उल्लेख गरेका छन् । डा.फुहरर, १८९६ का अनुसार सैनामैना क्षेत्र कनकमुनिबुद्धको देहावसान भएको क्षेत्रको रुपमा समेत व्याख्या गरेका छन् । डा.विष्णु घिमिरेका अनुसार "नेपालमा आउने विदेशी विद्वान पर्सिबल (लण्डन) ले यस ठाउँमा बुद्धको एउटा दरवार भएको" भनी उल्लेख गरेका छन् (घिमिरे, २०३४) । राजा शुद्धोधनले आफ्नो छोरा राजकुमार सिद्धार्थको दिल शान्तिको लागि आफ्नो राज्य भित्र तीन ठाउँमा तीनवटा दरवार निर्माण गरेको (क्षेत्री, २०६२ पृ.१०१) उल्लेख भएकोले उत्तरतर्फको गृष्मकालीन दरवार यही सैनामैना क्षेत्रमा हुन सक्ने आंकलन पनि गर्न सकिन्छ । पवित्र धार्मिक स्थल लुम्बिनी क्षेत्र, शाक्यवंशीय राज्यको ऐतिहासिक राजधानी एवं दरवार रहेको तिलौराकोट र कुदान, गोटिहवा, निग्लिहवा, सिसनिया जस्ता प्राचीन कपिलवस्तुका अत्यन्त महत्वपूर्ण स्थलहरुको अवलोकनको लागि विभिन्न देशका बौद्धधर्मावलम्बीहरु तथा अन्य आगन्तुकहरु स्थल तथा हवाई मार्ग हुँदै आउने गरेको तर सैनामैना क्षेत्रको पूर्ण

रुपमा उत्खनन् गरी महत्वपूर्ण स्थलहरुको प्रचार-प्रसार तथा उजागर गर्न नसकिएकोले लुम्बिनी आउने पर्यटकहरुलाई यस क्षेत्रमा आकर्षित गर्न पनि सकिएको छैन । लुम्बिनी आउँने अधिकांश पर्यटकहरु लुम्बिनी पछि तिलौराकोटको अवलोकन गरेर सोही दिन स्थलमार्ग हुँदै भारत तर्फ जाने गरेको अवस्था हुँदा यी महत्वपूर्ण स्थलहरुबाट हामीले अपेक्षित लाभ लिन सकेका छैनौ । अत : सैनामैना क्षेत्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक स्थलहरुको आधार बनाई बौद्धधर्मावलम्बी तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक र आगन्तुकहरुलाई यस क्षेत्र तर्फ आकर्षित गरी महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गर्न निम्न अनुसारका कार्यहरु अगाडि बढाउन प्रस्ताव गरिएको छ ।

- सैनामैना क्षेत्रमा रहेका पुरातात्विक महत्वका स्थलहरुमा नयाँ प्रविधिको प्रयोग गरी उत्खनन् गर्ने र यस क्षेत्रमा रहेका बुद्धकालीन स्थलहरुको पहिचान गरी प्रचार प्रसार गर्ने ।
- राजा शुद्धोधनले निर्माण गरेका तीन दरवार मध्ये गृष्मकालीन दरवार यसै क्षेत्रमा हुन सक्ने आंकलन रहेबाट सोको यकिन गर्ने र यस क्षेत्रलाई लुम्बिनीसँग एकीकृत रुपमा तादाम्यता कायम गर्न ऐतिहासिक पुरातात्विक
- क्षेत्रको छुट्टै गुरुयोजना तर्जुमा गरी यस क्षेत्रलाई महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न जरुरी छ ।
- ऐतिहासिक मन्दिर समेत रहेको मलमला क्षेत्र र लुम्बिनी विश्व शान्ति ग्रामका दोस्रो योजनाकार प्रा.डा.क्वाकले मलमला हुँदै करीब ६ कि.मि. उत्तर तर्फ अवस्थित पाल्पाको बल्ढेंगगढीबाट उत्तरको हिमाल पनि देख्न सकिने र दक्षिणको पवित्र स्थल लुम्बिनी पनि हेर्न सकिने स्थान भनी उल्लेख गरेबाट मलमला क्षेत्र ऐतिहासिक दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ । मलमला क्षेत्र ऐतिहासिक मात्र नभई भौगोलक तथा प्राकृतिक दृष्टिबाट पनि निकै मनोरम रहेको, यसको चुचुरोबाट पवित्र लुम्बिनी क्षेत्रलाई प्रस्ट रुपमा अवलोकन गर्न सकिने, केही उचाइमा रहेकोले लुम्बिनीबाट पनि देख्न सकिने, विभिन्न संरचनाहरु निर्माणका लागि प्रयाप्त स्थानको उपलब्धता हुने अवस्था एकातर्फ छ भने अर्को तर्फ मलमला क्षेत्रको लागि तर्जुमा हुने गुरुयोजना अनुसारको विकास र आकर्षण पश्चात लुम्बिनी आउने बुद्ध धर्मावलम्बी तथा अन्य पर्यटकहरुलाई मलमला क्षेत्रमा ल्याई पर्यटकहरुको बसाई लम्ब्याउने र त्यसबाट लाभ लिन सकिने अवस्था छ । यस कार्यका लागि मलमला क्षेत्रलाई शान्ति क्षेत्रकै रुपमा स्थापित गर्नु पर्ने र लुम्बिनी र यस स्थलको सम्बन्ध धार्मिक कडीको रुपमा विकास गर्न मलमला क्षेत्रमा निम्न कार्यहरु गर्न प्रस्ताव गरिएको छ

  क) पुराना धार्मिक संरचनाहरु यथावत कायम राखी मलमला क्षेत्रलाई बौद्ध धार्मिक स्थलको रुपमा विकास गर्न छुट्टै गुरुयोजनाको निर्माण गर्ने ।

  ख) बौद्ध धर्मसँग सम्बन्धित विभिन्न स्तूपा वा चैत्यहरु मध्ये मलमलाको चुचुरोमा बृहत आकारमा लुम्बिनीबाट सहज रुपमा देख्न सकिने गरी एउटा आकर्षक स्तूपा वा चैत्यको निर्माण गर्ने ।

  ग) यस चैत्य परिसरमा अन्य विभिन्न विहारहरु, ध्यान तथा योग केन्द्र, आकर्षक बगैचा निर्माण, विश्राम गृहहरुको निर्माण गर्ने र शीतलता प्रदान गर्ने विभिन्न जातका रुख विरुवाहरु रोपण गरी हरियाली बनाउने ।

  घ) चैत्य परिसरमा रहने भिक्षु भिक्षुणिहरुको व्यवस्थापनका लागि छुट्टै भोजनगृह तथा सयनकक्षहरुको निर्माण गर्ने ।

ङ) चैत्य परिसरलाई शान्ति क्षेत्रका रुपमा स्थापित गर्ने, अहिंसा नीतिलाई शीरोधार्य गरी सम्पूर्ण प्राणीहरुको संरक्षण गर्ने ।

च) चैत्य परिसर र समग्र मलमला क्षेत्रमा पुग्नका लागि सहज सडक मार्ग, सञ्चार प्रणाली, विद्युत, खानेपानी, शौचालयहरु, सौन्दर्यीकरण पार्कहरुको निर्माण, पर्यटन सूचना केन्द्र, गाडी पार्किङ स्थल जस्ता आवश्यक संरचना एवं सुविधाहरुको व्यवस्थापन गर्ने ।

छ) पर्यटकहरुलाई आवास तथा खानपीनको व्यवस्थाका लागि मलमला क्षेत्रको फेंदीमा गुणस्तरीय होटल/मोटलको निर्माण गर्ने, यसका लागि निजी क्षेत्रसँग समन्वय गर्ने ।

ज) आन्तरिक तथा बाह्य पर्यटकहरु स्थानीय आमोद प्रमोद र खानपीनमा रमाउने हुँदा थारु तथा मगर होमस्टेको सञ्चालन गरी उनीहरुको मौलिक संस्कृति प्रदर्शनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउने ।

झ) चैत्य परिसर हुँदै बल्डेंगगढीसम्मको Trecking Root तय गर्ने र यसका लागि सम्बन्धित पालिकासँग समन्वय गर्ने ।

ञ) साहसिक पर्यटन (Highking Tourism) र Hourse Riding Tourism, जस्ता क्रियाकलापहरु सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्ने ।

ट) मलमलाका ऐतिहासिक चौरा बाबा मन्दिर र यस परिसरमा रहेका अन्य मन्दिर तथा संरचनाहरुको आवश्यक निर्माण सुधार र सौन्दर्यीकरण गर्ने ।

ठ) मलमला क्षेत्र सहित सैनामैना क्षेत्रमा रहेका ऐतिहासिक, पुरातात्विक स्थलहरुको पहिचान तथा जानकारी दिन सक्ने गरी आवश्यक संख्यामा Tourist Guide तयार गर्ने (श्रोत : स्थानीय मलमला क्षेत्र विकास समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया एवं समितिका अध्यक्ष गुणाखर भट्टराईसँगको सम्वाद, मिति २०७७/०२/२७) ।

## ५.२ कपिलवस्तु जिल्लाका महत्वपूर्ण सम्पदा

प्रदेशमा नं. ५ मा अवस्थित कपिलवस्तु जिल्लाको क्षेत्रफल १६५१.१७ र जनसंख्या ५७१९३६ रहेको छ (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यो जिल्लामा १० वटा स्थानीय तहहरु छन् । ती मध्ये ६ वटा नगरपालिका र ४ वटा गाँउपालिका छन् । भारतसँग सीमा जोडिएको यस जिल्लामा कृष्णनगर, मर्यादपुर मुख्य प्रवेश विन्दू वा भन्सार नाका हुन भने चाकरचौडा लगायतका छोटी भन्सार नाका पनि रहेका छन् । यो जिल्ला पुरातात्विक हिसाबले अत्यन्त महत्वपूर्ण छ । त्यसैले यस जिल्लालाई खुला संग्रहालय पनि भनिन्छ । तीनवटा बुद्धको जन्म भएको यो भूमिमा बुद्धसँग सम्बन्धित स्थल र सम्पदाहरु अनगिन्ती छन् । तीमध्ये पुरातात्विक एवम् पर्यटकीय दृष्टिले विशेष महत्व राख्ने कुदान, गोटिहवा, तिलौराकोट, निग्लीहवा, अरौराकोट, सगरहवा, सिसनियाको विस्तृत रुपमा विश्लेषण भएको छ । यस जिल्लामा बुद्धसँग सम्बन्धित अनगिन्ती स्थलहरु छन् । यसका साथै हिन्दुसंस्कृति र पूर्वीय दर्शनसँग सम्बन्धित समेत गर्दा दुईसय भन्दा बढी स्थलहरु छन् । ती मध्ये केही स्थलहरुको ऐतिहासिक पृष्ठभूमि र महत्व, ऐतिहासिक सम्पदाहरु, बर्तमान अवस्था र पर्यटकीय विकासका लागि गर्नु पर्ने कार्यहरुका बारेमा वर्णानुक्रममा सङ्क्षिप्त रुपमा उल्लेख गरिएको छ ।

### ५.२.१ औरहिया

पुरातात्विक दृष्टिले महत्त्व राख्ने यो ठाँउ कपिलवस्तु नगरपालिका वडा नं ३ मा तिलौराकोट र रामघाटको पश्चिपट्टि रहेको छ । यहाँ रहेको माटाको ढिस्कोको सतहमा राता र काला रङ्गका माटाका भाँडावर्तनका टुक्राहरु र विभिन्न खालका मूर्तिहरु, इँटाका टुक्रा, पिटनी, मालाका टुक्रा, आदि पुरावस्तुहरुका साथै यहाँ मुगलकालीन मुद्राहरु पनि पाइएकोले यो ठाँउ कपिलवस्तुको राजधानी तिलौराकोटको एउटा अंङ्गको रुपमा रहेको पुरातत्त्वविद्हरुको अनुमान छ ( श्रोत : गिरी, २०७५, पृ.६५) । यस अनुमानलाई प्रमाणित गर्न उत्खनन् आवश्यक देखिएको छ । (नक्सा नं. २५)

### ५.२.२ कपिलधाम

बाणगङ्गा नगरपालिकाको वडा नं ९ मा अवस्थित यो धाम संसारकै पुरानो दर्शन साख्यदर्शनका प्रणेता महर्षि कपिलको साधनास्थल हो (स्रोत : जि.सी., गिरी र पौडेल, २०७६; पृ.२५) । यो स्थल पूर्वपश्चिम राजमार्गको बनगाईबाट ४ कि.मी उत्तरमा कोहली र कपिलनदीको बीचमा पर्दछ । मोतिपुर र जिनुवा गाँउको बीचमा फराकिलो चउरमा धामको पूर्वाधार निर्माण भैरहेको छ । (फोटो नं. ५३, ५४)

शंकर आचार्यका अनुसार महर्षि कपिलले साख्यदर्शनको बारेमा आफ्नी आमा देवहुतीलाई पहिलो पटक श्रवण गराएको स्थल हो । यहाँ भागिरथ राजाले आफ्ना पुर्खाहरुलाई मुक्तिको लागि स्वर्गबाट गंगा लिई आएको स्थल हो कपिलधाम । त्यत्तिमात्रै होईन आयुर्वेदका प्रणेता महर्षि पतञ्जली, महर्षि श्रृङ्गी, भगवान् गौतम बुद्धले समेत अध्ययन गरेको महत्वपूर्ण शैक्षिक केन्द्र समेत हो कपिलधाम । यिनै महर्षिका नामबाट शुद्धोधनका पूर्वजहरुलाई राज्य गर्न लगाएको र यिनै महर्षिको नामबाट ऐतिहासिक राज्यको नामाकरण भएको स्थल हो कपिलपवस्तु । यस स्थलमा विभिन्न देवी महर्षिहरुका नामबाट बगैंचाहरुको निर्माण भैरहेको छ । त्यसैगरी हरेक रामनवामीका दिन ठूलो मेला लाग्दछ । यस रमणीय स्थलमा योग साधाना र ध्यानका लागि विभिन्न ठाँउहरुबाट श्रद्धालुहरु आउने गर्छन् । यहाँ मन्दिर, आश्रम, बगैचा लगायत पूर्वाधारको विकास भैरहेको छ ।

यस धामको संरक्षणका लागि कम्पाउण्डवाल, कोहली र कपिलगङ्गाको तटबन्ध र धाममा सिंचाईको व्यवस्था गर्नु पर्ने र अन्य विषयहरुका सम्बन्धमा गुरुयोजना अनुसार योजनाबद्ध विकासमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको सहयोग अपेक्षित.रहेको धामका अध्यक्ष शंकर आर्चायले बताउनु भयो । (नक्सा नं. २६)
(२०७७/०२/२१, विहान ८ बजे) टेलिफोन सम्वादबाट जानकारी)

### ५.२.३ खुरुहुरिया

कपिलवस्तु जिल्लाको पश्चिमतर्फ भारतसँग सीमा जोडिएको विजयनगर गाँउपालिका अन्तरगत वडा नं. ६ प्रेमनगरमा रहेको खुरुहुरिया पूर्व-पश्चिम राजमार्गको चन्द्रौटादेखि ९ कि.मि. पश्चिम सुरई नदी पारि पर्दछ । यो ठाँउमा कृष्णनगर बजारबाट उत्तरतर्फ १२ कि.मि. आर.टि.ओ सडकहुँदै जान पनि सकिन्छ । (स्रोत : मा.धर्मलाल श्रीवास्तव, सदस्य प्रदेश सभा, कपिलवस्तु, पुरातात्विक सम्पदा संरक्षण र विकास सम्बन्धमा २०७७/०३/०१, फोन नं. ९८५७०५००५)

यस ठाँउका सम्बन्धमा गितु गिरी (२००३:८१) लेख्छन्,- ‘भटनी खोलाको किनारमा रहेका ढिस्का र पुराना माटाका माला, बाला, भाँडावर्तनका टुका, इँटाका टुका, टायल, चिल्ला प्रस्तरका टुका, मानव तथा पशुपंक्षीका मूर्तिहरुजस्ता प्राप्त पुराविशेषहरुले यसको प्राचीनता शुङ्ग-कुषाणकालदेखि अर्थात् ई.पू.पहिलो शताब्दीदेखि मध्यकालसम्म रहिआएको पुष्टि गरेका छन’ । वर्तमान अवस्थाका सम्बन्धमा गोपालबहादुर थापा भन्छन्-‘त्यस ठाँउमा ढिस्को नरहेको, त्यो ठाँउ

सम्याइएको र त्यहाँ प्राप्त एउटा पुरानो शिलालाई शिवलिङ्गका रुपमा पुज्ने गरिएको, पुराना मालवस्तुको बारेमा केही जानकारी नभएको, करिब २ कट्ठा जमीन रहेको यस ठाँउको सम्बन्धित निकायबाट उत्खनन् गरी पुरातात्विक स्थल पहिचान एवम् विकास गर्नु पर्ने भनाइ रहेको छ ।' (मौखिक सम्बादः गोपालबहादुर थापा, गाउँपालिका अध्यक्ष २०७७ साल जेठ १९ सोमबार विहान ११ बजे) ।

### ५.२.४ चङ्घाट

यो ठाँउ बुद्धभूमि नगरपालिका अन्तरगत वडा नं. १ मा पर्दछ । प्राचीन स्थलको रुपमा चिनिने चङ्घाट पूर्वपश्चिम राजमार्गको गोरुसिङ्गेदेखि उत्तरतर्फ ६ कि.मि.मा पर्ने भेलाइचोकबाट ४ कि.मि. पश्चिम पर्दछ ।

पुरातात्विक महत्वको यो स्थलको खोज अन्वेषण गर्ने कममा पुरातत्तविद् पूर्णचन्द्र मुखर्जीले सन् १८९८ मा दिएको सूचनाको आधारमा सन् १९६२ मा देवला मित्रले अन्वेषण गर्दा 'यस ठाँउमा माटाका कचौरा, ड्यावर, थाली, प्लेट, वलचक्र, पकाउने हण्डी आदि कलावस्तुहरु फेला पारिएको थियो' भनिएको भए तापनि अहिले यस ठाँउमा माटाका केही मुर्तिबाहेक अरु केही नभएको, वरिपरि थारु जातिका मानिसहरुको बसोबास भएको, पुरानो ढिस्को रहेको र सो माथि जीर्ण अवस्थामा रहेको माइथानको ठाँउमा नयाँ मन्दिर बनेको' कुरा (मिश्र:२०७७) बाट जानकारी भएको छ । यस सम्बन्धमा बाबुकृष्ण रिजाल भन्छन्,-'यहाँ पाइएका माटाका भाँडावर्तनको निर्माण प्रविधि, प्रकार र परम्परा तिलौराकोट तथा कुदानसँग सामिप्यता राख्दछ ।'

'यस ठाँउका थारुहरुले प्राचीनकालदेखि पूजाआजा गर्ने गरेको पुरानो जीर्ण मन्दिर भत्काइ नयाँ मन्दिर बनाइएको, तीन-तीन बर्षमा कार्तिक पञ्चमीका दिन बाह्र मौजाका थारुहरुको ठूलो मेला लाग्ने गरेको,। यस मन्दिरमा पूजा गरेपछि मनोकामना पूरा हुन्छ भन्ने मान्यता भएकोले टाढाटाढाबाट पनि पूजा गर्न आउने चलन रहेको, किम्वदन्ती अनुसार 'तीन वहिनी मध्ये यी जेठी, माहिली भलवाडको जिनुवामा र कान्छी बक्टापुरमा भएको' र तिनवटै स्थलमा थारुहरुद्धारा पूजाआजा गर्ने गरिएको भनाइ छ । यहाँ भक्तजनका लागि पाटी, खानेपानी, विद्युत, सडक आदिको व्यवस्था छ । धार्मिक पर्यटन र थारु संस्कृति अवलोकनका लागि यो ठाँउ राम्रो गन्तव्य हुनसक्छ । यो स्थान जङ्गलको बीचमा पर्छ । पर्यटकीय विकासका लागि सडक फराकिलो गर्ने, पिच गर्न बाँकि सडक पिच गर्ने, मन्दिरको तारबार गर्ने कार्य प्राथमिकतामा गर्नु पर्ने छ । यसका लागि सबभन्दा पहिले यस ठाँउको उत्खनन् आवश्यक रहेको उनको भनाइ छ । (नक्सा नं. २५)

(मौखिक सम्बादः साविक महेन्द्रकोट गाविसका अध्यक्ष एवम् यस चङखिनियामाई मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बीरेन्द्रप्रसाद मिश्र, २०७७ जेठ १९ सोमबार, विहान ११ बजे)

### ५.२.५ चेत्रादेई

बुद्धभूमि नगरपालिका अन्तरगत वडा नं. १० मा पर्ने चेत्रादेई तौलिहवा गोरुसिङ्गे सडकको किनारमा बाणगङ्गा नदीको पश्चिम-उत्तरी तटमा अवस्थित छ । पुरातात्विक स्थल तिलौराकोटदेखि करिब ३ किलोमीटरको दूरीमा वाणगङ्गा नदीको पश्चिमतर्फ रहेको यो स्थान चत्रादेहीको नामले पनि चिनिन्छ ।

यस पुरास्थलमा रहेको पुरानो आयताकार ढिस्कोको पुरातत्वविद् पि.सि. मुखर्जीले सन् १९९८ मा उत्खनन् गर्दा प्राप्त पुरावशेषहरु सतहमा छरिएको अवस्थामा देखिएका थिए भनिएको, तर सन् १९६२ मा देवला मित्रले अवलोकन गर्दा मुखर्जीले उल्लेख गरेका सामग्रीहरु नदेखेको र यहाँ फेला परेको मूर्ति र मन्दिर कुदानको पहिलो चरणको कालमा

बनाइएको मानेकी थिइन् । बाबुकृष्ण रिजालले भने यहाँका स्मारक तथा कलावस्तुहरु शुङ्ग-कुषाणकाल देखि मध्यकालसम्मका रहेको बताए । यहाँको भौगर्भिक अवस्था तिलौराकोटसँग निकट रहेको हुँदा ई.पू. एक हजार तीन सय वर्षभन्दा पुरानो रहेको पुरातत्वविद्हरुको अनुमान छ ।

नदीको किनारमा रहेकोले नदी कटान र अतिक्रमणबाट यसको अस्तित्व संकटमा पर्ने प्रबल सम्भावनालाई दृष्टिगत गरी यथाशिघ्र यस ठाउँको संरक्षण गर्नु पर्ने, तारबारको मर्मत गर्नुका साथै तिलौराकोटसंगै यसको पनि विकास गरिनु पर्ने भनाइ स्थानीय वडाध्यक्ष एवम् समाजसेवीको भनाइ छ । (नक्सा नं. २५)

(मौखिक सम्बादः : शिवलाल यादव, गैसस महासघँ कपिलवस्तुको पूर्व अध्यक्ष र वडा नं. १० का वडाध्यक्ष त्रिलोकी खरबिन्द, २०७७ जेठ २० मगँलबार विहान ८:३०)

### ५.२.६ जहदी

कपिलवस्तु नगरपालिका वडा नं. ११ मा अवस्थित **'रक्षाबाबा'** को नामबाट परिचित यो ठाँउ तौलिहवाको भिक्षुचोक देखि ९ कि.मि.उत्तरतर्फ जहदी चोकबाट करीब १ कि.मि.दक्षिण जमुवार खोलाको किनारमा पर्दछ ।

पुरावस्तुका रुपमा यस क्षेत्रमा पनि दुईवटा प्राचीन ढिस्काहरु रहेका छन् । एउटा ढिस्कोको बीचमा चक्के इनार रहेको र इनारको वरिपरि रातो रङ्गले पोतिएका माटाका भाँडावर्तनका टुका, इँटाका टुका, माटाका साना बल आदि छरिएर रहेको अवस्थामा देखिएको उल्लेख भएको, रक्षाबाबाको विशाल प्रस्तर मूर्ति र प्राप्त पुरावशेषका आधारमा यो स्थान पनि बुद्धकालीन भएको र पुरातात्विक महत्व राख्ने स्थान भएको अनुमान गरिएको छ ।

यो ठाँउ खासगरी धार्मिक महत्त्व राख्ने स्थलका रुपमा परिचित रहेको, उत्खनन् र संरक्षण गर्नु पर्ने देखिएको र सडक, पानी, बत्ती लगायत पूर्वाधारको विकास गर्नु पर्ने भएको छ । (नक्सा नं. २५)

(पूर्व गाविस अध्यक्ष गोविन्द बहादुर सिहँ, वडाध्यक्ष.राम गोपाल यादव र वडासदस्य लाल बहादुर कुर्मीसँग व्यक्तिगत सम्बाद २०७७/०२/१९.सोमबार अपरान्ह ३ बजे ।)

### ५.२.७ तौलेश्वरनाथ मन्दिर

कपिलवस्तु नगरपालिका वडा नं. १ मा रहेको तौलेश्वरनाथ मन्दिर निकै प्राचीन मन्दिर हो । यसको ऐतिहासिकताका सन्दर्भमा विभिन्न भनाइहरु पाइन्छन् । तीमध्ये एउटा अभिलेख यहाँ प्रस्तुत गरिएको छ ।

यहाँ रहेको घण्टाभित्र लेख यस प्रकार छ-"अघि देखि तौलिहवा स्थापना भयाका श्री तामेश्वर महादेवका मंदीर जीर्वोदार गरी बनाइ परिब्राजक श्री हीरापुरी गोसाञीका चेला श्री नायब सुब्बा नै कृष्णापुरी गोसञी नीजका चेला श्री गोपाल पुरी गोसाञीका भातृ श्री हेमलाल पुरी गोसाञी ने.सा.के.१८३९ सम्वत् १९७४ साल माघ शुक्ल १५ रोज २ मा श्री तामेश्वर महादेव पृतीगरी अघिको धार्नी २७ हाल धार्नी ५ थपी जम्मा ३२ धार्नीको चढाया जय घण्ट यो घंट बनाउन्याका पाल्पा तानसेन टकसार बस्ने नाइक्ये कृष्ण प्रसाद : शुम्भ" ।

तौलिहवा बजारको केन्द्रमा रहेको करिब तीन सय वर्षअघि बनाइएको तामेश्वर महादेवको मन्दिरलाई नै तौलेश्वर महादेव भनिएको र यसै मन्दिरको नाउँबाट तौलिहवा नामाकरण भएको मानिन्छ । (फोटो नं. ५५)

यो मन्दिर पुरातात्विक तथा धार्मिक हिसाबले महत्वपूर्ण रहेको छ । यसको स्थापनाका सम्बन्धमा 'गाई भैसी चराउने ग्वालाहरुले चौरमा रहेको ढुङ्गामा हँसिया उदाउँदा आकस्मिक रुपमा रगत देखिएको र त्यसैका आधारमा त्यस स्थानमा देवालय बनाइ पूजा गर्न लागिएको' किंबदन्ती रहेको छ ।

प्राचीन वौद्धस्थलहरुको बीचमा अवस्थित यस ठाँउमा धार्मिक पर्यटन अभिवृद्धि गर्नका लागि यस मन्दिरको रेखदेख एवम् सञ्चालन सरकारी स्तरबाट हुनु पर्ने, पुरानो र जीर्ण हुन थालेकोले जीर्णोद्धार गर्नु पर्ने स्थानीयहरुको भनाइ रहेको छ। (नक्सा नं. २७)

(स्रोत : सम्बादः वडाध्यक्ष सुदीप पौडेल, २०७७/०२/२२ विहान ७:३०, तौलेश्नाथ मन्दिर साविक महेन्द्रकोट गाविसका अध्यक्ष एवम् यस चङखिनियामाई मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बीरेन्द्रप्रसाद मिश्र, २०७७ जेठ १९ सोमबार, विहान ११ बजे फोन नं. ९८४७२८६३६०)

### ५.२.८ दलदलाह

पुरातात्विक स्थलका रुपमा रहेको यो स्थान तौलिहवा बजारदेखि करिब ४ किलोमीटर दक्षिण-पश्चिम तौलिहवा-मर्यादपुर सडकको छेउँमा पश्चिमतर्फ पर्दछ। कपिलवस्तु नगरपालिकाको वडा नं. ५ मा पर्ने यस गाउँको उत्तरपूर्वपट्टि रहेको एउटा पुरानो ढिस्कोमा इँटाको पर्खाल, इँटाका टुक्रा, माटाका भाँडावर्तनका टुक्रा, माटाका गरगहना आदि कलावस्तुको अवशेष भेटिएका छन् । यसको उत्तरपट्टि ठूलो पिपलको बृक्षमुनि अर्को प्राचीन ढिस्को रहेको र उक्त स्थानमा रातो रङ्गले पोतिएका माटाका भाँडावर्तनका टुक्राहरु भू-सतह र भू-गर्भमा रहेका छन् भन्ने अनुमान छ । अन्वेषणका क्रममा देवला मित्र (सन् १९६२) ले अन्वेषण गर्दा फेला परेका पुरावशेषका प्रकार र प्रविधि कुदान र पिपरहवासँग मिल्दा भएको भनिएको छ । यहाँ प्राप्त माटाका भाँडावर्तन कचौरा, कार्डिनेट, हण्डी, मानव तथा पशुपंक्षीका मूर्तिहरु आदि पुरावशेषका साथै दुईवटा पुराना कुवा पुरिएको अवस्थामा रहेको अनुमान गरिएको छ (स्रोत : गिरी, २०७५, पृ.७५) । (नक्सा नं. २८)

### ५.२.९ दोहनी

कपिलवस्तु नगरपालिका वडा नं. ८ मा पर्ने दोहोनी गाउँ तौलिहवादेखि ४ किलोमीटर पूर्व लुम्बिनी जाने सडकको दक्षिणपट्टि रहेको छ । पुरातात्विक महत्वको स्थल दोहनीमा प्राप्त पुरावशेषका आधारमा यो स्थल बुद्धकानिल र पुरातात्विक महत्वको स्थलको भएको पुष्टि हुन्छ। (फोटो नं. ५६)

अन्वेषक देवला मित्र (सन् १९६२) का अनुसार यस स्थानमा पाइएका अवशेषहरु पिपरहवा, कुदान, लम्तिया आदि स्थानमा पाइएका माटाका भाँडावर्तनसँग मिल्दाजुल्दा रहेको पाइएको छ। स्थानीयहरुले गाडधन खोज्ने सिलसिलामा देखिएको इँटाको पङ्तिबद्ध पर्खाल पुरिएको अवस्थामा छ (स्रोत : गिरी, २०७५, पृ.८०) । (नक्सा नं. २७)

### ५.२.१० धर्मपनीया (सरकुप)

कपिलवस्तु नगरपालिका वडा नं. ७ मा पर्ने यो धरमपानीया गाउँ तौलिहवा बजारदेखि करिब ४ किलोमीटरको दूरीमा पूर्व लुम्बिनी जाने सडकको उत्तरपट्टि रहेको छ। यस गाउँको पश्चिमतिर एउटा प्राचीन पोखरी रहेको छ। यसलाई बौद्ध साहित्य र चिनियाँ बृतान्तमा उल्लेखित सरकुप हुनसक्ने भनाइ रहेको छ । फाहियानका अनुसार सिद्धार्थले कपिलवस्तुबाट दक्षिणपूर्व ३० लि. को दूरीमा वाण फ्याँक्दा बनेको सरकुपको खाडलनै यही हो र हुएन साङ्गले पनि लुम्बिनीबाट करिब ८० वा ९० लि. (२१-२४ कि.मी) को दूरीमा सरकुप रहेको बताएका छन् । भिन्सेन्ट स्मिथले यी दुईजनाको विवरणमा विश्लेषण गरी उनीहरुले अलग अलग स्थानको भ्रमण गरेका हुनसक्ने उल्लेख गरेका छन्। तर स्मिथले कुन स्थान हो भन्ने बारे केही पनि बताएनन् । ललितविस्तारमा सरकुप लुम्बिनीदेखि १३ कोष टाढा रहेको उल्लेख गरिएको छ। फुहररले यस स्थानको वारेमा पहिचान गराएनन्। पूर्णचन्द्र मुखर्जीले सिसनीयाकोट वा भारतको

पिपरहवा प्राचीन सरकुप हुनसक्ने तथ्य उल्लेख गरे । रामनिवास पाण्डेय पनि मुखर्जीको भनाइमा सहमत रहे । तारानन्द मिश्रका अनुसार डेरवा पुरानो सरकुप हो (स्रोत : गिरी, २०७५, पृ.८०) ।

यी विभिन्न सन्दर्भहरुले सरकुप लुम्बिनी र तिलौराकोटको बीचमा पर्ने तथ्यलाई स्वीकार गरे पनि स्थान किटानमा भने अन्योल रहेकोले अध्ययन-अनुसन्धान गर्नु पर्ने देखिन्छ । वर्तमान बसोबासको पूर्वपट्टि पाँच तहको आधारपेटीका माथि शिखर शैलीको कलात्मक तथा आकर्षक मन्दिर रहेको छ । यसको गर्भगृहमा खैरो रङ्गको प्रस्तरको शिवलिङ्ग र अर्घपट्ट छन् । यहाँ आयताकारको ठूलो पोखरी पनि रहेको छ ।

पर्यटन प्रवर्द्धनका दृष्टिले सरकुपको प्रसङ्ग जोडिएकोले यसको आफ्नै मौलिक विशेषता रहिआएको छ । यस ठाउँको संरक्षण एवम् उत्खनन् गरी सत्य तथ्यको खोजी गर्नु आवश्यक छ । (नक्सा नं. २७)

### ५.२.११ धम्निहवा

कपिलवस्तु नगरपालिका वडा नं. ६ मा तिलौराकोटदेखि करिब ३५० मीटर उत्तर तिलौरागाउँको नजिकै रहेको यो स्थान वाणगंगा नदीको पूर्वी किनारमा रहेको छ । जङ्गलको बीचमा रहेको यस स्थानमा प्राचीन इँटाले बनाइएका जोडी स्तूपहरु छन् । वृत्ताकारका यी स्तूपमध्ये शुद्धोधनको सम्भनामा बनाइएको ५२ फिट परिधि भएको र मायादेवीको सम्भनामा बनाइएको २६ फिट परिधिको हो भन्ने प्रचलन रहिआएको छ (स्रोत : गिरी, २०७५, पृ.६१) ।

यी स्तूपको विशेष महत्व भएकोले विभिन्न समयमा उत्खनन् गरिदै आएको छ । उत्खनन्बाट सामाग्रीका आधारमा यी स्तूपको समय ई.पू. तेस्रो-चौथो शताब्दीको मानिएको छ भने दुईवटा पञ्चमार्क मुद्रा, तीनवटा कास्ट मुद्रा र एउटा बच्चा सहितकी मातृकाका मृत्तिका प्रतिमा ठूलो स्तूपको पहिलो चरण ई.पू.चारौं शताब्दीतिरको हो भन्ने पुरातत्वविदको भनाइ छ । ठूलो स्तूपको बीचमा ४ मीटरसम्म उत्खनन् गर्दा पनि कुनै क्यास्केट लगायतका वस्तु पाउन सकिएन । ठूलो स्तूपको करिब ५ मीटर उत्तरमा सानो स्तूप छ । यो स्तूप एउटै चरणमा बनाइएको थियो । पीपल र कुसुमको बोटमुनी रहेका स्तूपहरु जमिनमुनी पुरिएका थिए । यहाँका माटाका भाँडावर्तन तथा अन्य कलावस्तुहरुले यसको अस्तित्व तिलौराकोटसँग जोडिएको देखिन्छ (स्रोत : गिरी, २०७५, पृ.६१) । तिलौराकोटको निकट रहेको हुँदा यसलाई बौद्धकालमा साधन केन्द्र बनाइएको हुनसक्ने अनुमान गरिएको छ । यो चेत्रादेईको सम्मुख रहेको छ भन्ने भनाइ पुरातत्वविद्हरुको रहेको छ । (नक्सा नं. २५)

### ५.२.१२ पत्थरकोट

गोरुसिङ्गे बजारदेखि करिब ११ किलोमीटर उत्तरपट्टि पहाडको फेँदीमा रहेको पत्थरकोट दरवारी डाँडा, समयकोट वा महेन्द्रकोटको नामले पनि चिनिन्छ । नदीले बगाउँदै ल्याएका ठूलाठूला ढुङ्गाको पहाड नै बनेको र सुरक्षा किल्ला भएकोले कालान्तरमा यसलाई पत्थरकोट भन्न थालिएको भनाइ छ । यहाँका पुराना ढिस्काहरुमा भेटिएका माटाका भाँडावर्तनका टुका, इँटाका टुका, बाला, माला, माटाका मानव तथा पशुपंक्षीका आकृतिहरु मन्दिरमा राखी पूजा गर्ने गरिएको छ । सन् १९६२ मा देवला मित्रले यस स्थानको अन्वेषण गर्दा भेटिएका पुरावस्तुहरु कुदान र नेपालको पिपरहवाका वस्तुहरुसँग मिल्लाजुल्दा पाइएकोले यो स्थल बुद्धकालिन भएको पुष्टि हुन्छ । यस ठाँउको उत्खनन् नगरिएका ढिस्काहरुका गर्भ भागमा प्राचीन स्मारक तथा कलावस्तु रहेको प्रवल सम्भावना रहेको अनुमान छ । यसको नजीकै रहेको रानी कुवा र तारकेश्वर धाममा राजाहरु आई स्नान गर्ने गरेको भनाइ मन्दिरका अध्यक्ष दल बहादुर जी.सी. र वडा सदस्य रामप्रसाद बेलबासे र प्रेमनारायण अधिकारीको रहेको छ । (व्यक्तिगत सम्वाद २०७७/०२/२२ १२ :३०)

### ५.२.१३ पट्खहवा

कपिलवस्तु नगरपालिका वडा नं.४ मा अवस्थित पट्खाहवा तौलिहवा बजारको उत्तर-पश्चिम पट्खहवा र मालपारा गाउँको बीचमा वाणगंगा नदीको किनारमा रहेको छ । यस स्थानमा समयमाईको थान रहेको छ । यहाँ माटाका भाँडावर्तनका टुक्रा, इँटाका टुक्रा, मानव तथा पशुपंक्षीका मूर्तिहरु उपलब्ध भएका छन् । पुराना ढिस्कोको बीचमा समयमाईको प्रतिक माटोको धुम बनाइएको छ । यसको आसपासमा भक्तजनले चढाएका हात्ती, घोडा, भेडा, कुकुर आदिका माटाका मूर्तिहरु छरिएर रहेका छन् । यी कलावस्तुहरु कुदान, तिलौराकोट र पिपरहवामा पाइएका वस्तुहरुसँग समान रहेका थिए । यो स्थान पनि गाउँलेहरुको स्वामित्वमा रहेको छ । जग्गा खनजोत गर्ने सिलसिलामा केही प्राचीन मुद्रा फेला परेका थिए । यस स्थानमा दुईवटा शिखराकारका दुर्गा भवानी र रामजानकी मन्दिरहरु रहेका छन् । यहाँ राम, सीता, हनुमान, लक्ष्मण, गंगा आदिका प्रस्तर प्रतिमाहरु रहेका छन् । मालपारामा बनाइएको शिवालयमा पनि पुराना सामग्रीहरु सुरक्षित छन् । यहाँ प्राप्त पुरावशेषका आधारमा यो स्थल बुद्धकालिन हो भन्ने अनुमान गर्न सकिन्छ (स्रोत : गिरी, २०७५, पृ.६६) ।

### ५.२.१४ पिपरी

पुरातात्विक महत्त्व बोकेको पिपरी गाउँ कपिलवस्तु नगरपालिका वडा नं. ४ मा कुदानदेखि करिब १.५ किलोमीटर पश्चिम तथा गोटिहवाको निकट उत्तरपट्टि पर्ने बौद्धकालिन स्थल हो । यस पिपरी गाउँमा रहेको प्राचीन ढिस्कोको आसपासमा रातो र खैरो रङ्गका माटाका भाँडावर्तनका टुक्रा, पोलिएका इँटा, मानव र पशुपंक्षीका मूर्तिहरु फेला पर्नुका साथै तीनवटा चक्के इनारका आकृतिहरु पुरिएको अवस्थामा रहेको पाइएको छ । देवला मित्र (सन् १९६२) ले यस स्थानको अन्वेषण गर्दा फेला परेका वस्तुहरु तिलौराकोटको पहिलो चरण र कुदानसँग मिल्दो रहेको भनिएको छ । यहाँ हुबिष्क र कनिष्कका तीनवटा तामाका मुद्रा, शुङ्ग तथा कुषाणकालीन छवटा मानव आकृति, दशवटा साँढे, गाई, घोडा आदिका माटाका मूर्तिहरु फेला परेका थिए (स्रोत : गिरी, २०७५, पृ.७६) । चिनियाँ यात्रीहरु फाहियान र हुएन-साङ्गको वृतान्तको आधारमा मित्रले यी पुरावशेषको आधारमा यो स्थान मानुषि बुद्ध, कनकमुनि वा ककुच्छन्दको कमशः शोभावती वा क्षेमावती शहर हुनसक्ने अनुमान गरिन् । इस्मियो, पुरातत्व विभाग तथा लुम्बिनी विकास कोष समेतको सहभागितामा सामान्य उत्खनन् गरिएकोले विस्तृत उत्खनन् गरेमा यथार्थ वस्तुस्थिति प्रकाशमा आउने स्पष्ट छ । ( नक्सा नं. २८)

### ५.२.१५ मधुवनधाम

बाणगङ्गा नगरपालिका वडा नं. ८ अवस्थित यो ठाँउ बाणगङ्गा नदीको पश्चिम किनार, पूर्व-पश्चिम राजमार्गको बोटगाउँ देखि उत्तर राष्ट्रिय बन क्षेत्रसम्म करीव १८३ विगाहामा फैलिएको छ । यस धाम क्षेत्रमा श्रृङ्गी ऋषिको जन्मस्थल श्रृङ्गीघाट, विभाण्डक ऋषि ध्यानस्थल बालकुण्ठ, श्रृङ्गीको तपस्थल (प्राप्त खण्डहर र कुदिएका पुराना पत्थर समेत तारबार गरी राखिएको छ), मधुवनी कुटी वा शान्ता कुञ्जस्थल समेतका ऐतिहासिक एवम् पौराणिक कालका प्राचीन स्थलहरु रहेको करिब पाँच कि.मि.क्षेत्रमा मधुवनधामको परिकल्पना गरी योजनाबद्ध रुपमा विभिन्न संरचना निर्माणका काम भैरहेका छन् । यो ठाँउ अहिले धामका रुपमा चर्चित भैसकेको छ । स्थानीय सरकारको पनि लगानी भैरहेको छ र प्रदेश सरकारको पनि ध्यान आकर्षित भएको छ । (स्रोत : पोम नारायणद्धारा सङ्कलित रचना, फोन नं. ९८४७०४०२२२)

यस स्थलको महत्त्वका सम्बन्धमा विभिन्न धर्मग्रन्थहरुमा उल्लेख भएको पाइन्छ। यो ठाँउ दशरथपुत्री तथा अंङ्गदेशका राजा रोमपाद पोष्य पुत्री शान्ता र विभाण्डक पुत्र श्रृङ्गीको आश्रमको रुपमा ऐतिहासिक महत्व बोकेको स्थलको रुपमा परिचित स्थल हो। मधुवनको ऐतिहासिक महत्वका वारेमा रामायण कालीन इतिहासमा विशेष रुपले उल्लेख गरिएको छ। 'श्रृङ्गी ऋषिले शान्तालाई विवाह गर्दा उनले एक लाख गाई दाईजो स्वरुप प्राप्त गरी मधुवन ल्याएका थिए। यसको पूर्वी किनारमा प्राचीन भागिरथी नदी बगेकी छन् जसलाई बाणगङ्गा नदीको नामबाट प्रसिद्ध भएको छ। यस मधुवन क्षेत्रलाई पवित्र धामको रुपमा विकास गर्न यस क्षेत्रका व्यक्तित्वहरु लगिरहेका छन्। (फोटो नं.५७)
यस क्षेत्रको समग्र विकासका लागि यस शान्ताकुञ्ज मधुवनधामका अध्यक्ष चुरामणि अर्यालले गुरुयोजना अनुसार यसलाई धामका रुपमा विकास गर्न सबभन्दा पहिले अतिक्रमण रोक्नु पर्ने, बारपर्खाल गरी संरक्षण गर्नु पर्ने, वृहत् खालको धर्मशाला, सत्सङ्ग भवन, गौशाला, खानेपानी, शौचालय र सिँचाइको व्यवस्थाका साथै विपश्वना स्थलजस्ता संरचना प्राथमिकतामा राखी अगाडी बढाउनु पर्ने र तारवार गरी संरक्षित राखिएको स्थानको उत्खनन् गर्नु पर्ने कुरा बताउनु भयो। (टेलिफोन : २०७७/०२/२२, विहान ८:०० बजे प्रा.डा. विष्णुराज आत्रेयसँग सम्वाद)

### ५.२.१६ राजापानी

बाणगगा नगरपालिका वडा नं. २ मा रहेको राजापानी एक पर्यटकीय केन्द्रको रुपमा रहेको छ। प्राकृतिक रुपमा कहिल्यै नसुक्ने पानीको मुल रहेको र यस मूलबाट निस्कने पानीको स्वच्छता र गुणस्तरताको हिसाबले उत्तम रहेको छ। त्यसैले यस मूललाई पानीको रानी भन्ने गरिदा त्यसबाट राजापानी नामाकरण भएको छ। यस मूललाई समुदायबाट व्यवस्थापन गरिएको छ भने त्यस ठाउमा दृश्यावलोकन तथा मनोरञ्जनको लागि विभिन्न स्थानहरुबाट मानिस आउने गरेको पाइन्छ। प्राकृतिक दृश्य तथा जङ्गली जनावरहरुको लागि समेत यो स्थान आकर्षक रहेको छ। यो स्थान पूर्व पश्चिम राजमार्गमा पर्ने पिपराबाट करिब ३ कि.मी दक्षिणमा पर्दछ (पर्यटन विकास समिति, कपिलवस्तु, उमेश बाँस्कोटा व्यक्तिगत सम्वाद मिति २०७७/०२/२२)।

### ५.२.१७ शिवगढ (तिलौराकोट पश्चिम)

कपिलवस्तु नगरपालिका वडा नं. ३ मा तिलौराकोटको पश्चिमद्वारको सम्मुखमा शिवगढ गाउँ छ। यो गाउँ पनि प्राचीन धरोहरको रुपमा रहेको छ। यहाँ पनि माटाका भाँडावर्तनका टुक्रा, इँटाका टुक्रा, मुद्रा, पशुपंक्षी तथा मानव मूर्तिहरु उपलब्ध भएका छन्। किसानहरुले खेतबारीमा जोत्दा खन्दा विभिन्न समयमा भाँडावर्तनका टुक्रा, इँटाका टुक्रा, खेलौना, मुद्रा, मूर्ति आदि कलावस्तुहरु फेला पार्दै आएको बताइन्छ। वाणगंगा नदीको किनार तथा शिवगढ गाउँको उत्तरपट्टि एकै स्थानमा ३१ वटा चाँदीका पञ्चमार्क मुद्राहरु फेला पारिएका थिए (स्रोत : गिरी, २०७५, पृ.६५)। यो स्थान प्राचीनकालमा दरबारको सुरक्षा किल्ला भएकोले गढीको नामले परिचित छ। यो वास्तवमा खुल्ला संग्रहालयको रुपमा रहेको छ र बोलचालको भाषामा शिवगढ भन्ने गरिन्छ। यो तिलौराकोट मुख्य परिसरको प्रवेश विन्दुमा नै भएकोले यसको विकास तिलौराकोटसँग नै जोडिएर आउने हुन्छ।

### ५.२.१८ बभनीकोट

यो ठाँउ कपिलवस्तु नगरपालिकाको वडा नं. ५ मा पर्दछ। तौलिहवा बजारदेखि करिब ५ किलोमीटर दक्षिणपश्चिम मर्यादपुर जाने सडकको दायाँपट्टि रहेको यो गाउँको पश्चिमतर्फ एउटा पुरानो ढिस्कोको सतहमा पी.जी. वायर र एन.बी.पी. वायरका टुक्रा र भू-सतहमा इँटाका टुक्रा, माटाका भाँडावर्तनका टुक्रा आदि रहेका भेटिएका छन् (स्रोत :

गिरी, २०७५, पृ.७८) । यस ढिस्कोको दक्षिणपट्टि रहेको अर्को ढिस्कोमा समयमाईको प्रतीक स्वरुप तीनवटा माटाका धुमहरु र यसको आसपासमा माटाका हात्ती, घोडा, भेडा, चोरले गाडधन खोज्ने सिलसिलामा बनाएका तीनवटा खाडलहरु देखिन्छन् । सोमइथानको मन्दिर भएकोले संरक्षण भएको अन्यथा चोरी हुने कुरा स्थानीय बताउँछन् । सन् १९६२ मा देवला मित्रले यस स्थानको अन्वेषण गर्दा कुदान, तिलौराकोट, पिपरहवा, कर्जहवा, सिसहनिया आदि स्थानमा जस्तै रातो रङ्गले पोतिएका माटाका भाँडावर्तन फेला पारिएको थियो ।

ऐतिहासिक महत्वको यो स्थलको दिनप्रतिदिन अतिक्रमण भैरहेकोले यथाशिघ्र संरक्षण गरी यथासमयमा उत्खनन् गर्न सकेमा यहाँको स्मारक तथा कलावस्तु भावी सन्तानको लागि हस्तान्तरण गर्न सकिने छ भन्ने भनाइ स्थानीयको रहेको छ । (नक्सा नं. २९)

### ५.२.१९ बर्दहवा

बर्दहवा तौलिहवा-मर्यादापुर सडकको किनारमा र तौलिहवा बजारको दक्षिण-पश्चिम तथा कुदानको उत्तर-पूर्वमा रहेको यो ठाँउ कपिलवस्तु नगरपालिका वडा नं. २ मा पर्दछ ।

धार्मिक महत्वको यो ठाँउमा भाकल गर्ने र मनोकांक्षा पूरा भएपछि भाकल दिने चलन छ । यहाँ पुरानो ढिस्को पनि छ । यसको पूर्वपट्टि खयरको बोटमुनि बनाइएको स्थानीय देवी सायमाईको थानमा विभिन्नखाले माटाका थुम्काहरु भएको र भक्तजनले खुशी भएर चढाउने गरेका माटाका हात्ती, घोडा, प्रस्तरका शिव, पार्वती, नन्दी आदिका मूर्तिहरु यत्रतत्र छरिएको अवस्थामा छन् । पुरानो थलो भएको हुनाले यस स्थानमा गाडधन छ भन्ने विश्वास गरिन्छ । यहाँ अहिले पनि प्रस्तरका कलात्मक टुक्राहरु, माटाका भाँडावर्तनका टुक्रा, इँटा, माटाका गरगहना, खेलौना, मानव र पशुपंक्षीका मूर्तिहरु छरिएको अवस्थामा रहेका छन् । (नक्सा नं. २८)

### ५.२.२० बालहंश साङ्गवेद स्वर्गद्वारी आश्रम

प्यूठानको प्रसिद्ध स्वर्गद्वारी आश्रमका शाखाको रुपमा २०५५ सालमा शिवराज नगरपालिका वडा नं. ४ खगेन्द्रपुरमा स्थापित यो आश्रममा अहिले कक्षा ६ सम्म पठनपाठन हुने गरेको, गौशाला पनि रहेको, विभिन्न ठाँउहरुबाट सन्तमहन्तहरु आउने गरेको र करिब ३ विगाह क्षेत्रफलमा कम्पाउण्ड वाल समेत निर्माण भएको यो ठाँउ धार्मिक दृष्टिले महत्वपूर्ण ठाँउ हो ।

यस धामको योजनाबद्ध विकासका लागि गुरु योजना बनाउनु पर्ने, सत्सङ्ग कक्ष-सन्त निवास-छात्रावास समेत हुने गरी एउटा ठूलो बहुतले भवन निर्माण गर्ने, आधुनिक गौशाला निर्माण गर्ने र यसको परिसरमा फूल-बँगैचा बनाउनु पर्ने आवश्यकता भएको कुरा व्यक्त गर्दै यस आश्रमलाई स्वर्गद्वारीकै स्तरमा वृद्धि गरी भक्तजनलाई प्यूठानमा अवस्थित स्वर्गद्वारीकै सन्तुष्टि दिलाउने सोँचकासाथ विकास भैरहेको कुरा आश्रम प्रमुख बताउँछन् । (आश्रमका प्रमुख चुरामणि पाखेरेल, दिल्लीराज भुसाल, ३ नं. का वडाध्यक्ष टेकलाल सापकोटा र नगरप्रमुख नेत्र अधिकारीसंग व्यक्तिगत सम्वाद)

### ५.२.२१ बिकुली

यो ठाँउ कपिलवस्तु नगरपालिका वडा नं.१० मा पर्दछ । तौलिहवादेखि करिब १२ किलोमीटर उत्तर वाणगंगाको नदीको पूर्वीतट, हरनामपुर गाउँको पूर्व र बिकुली गाउँको उत्तर-पूर्वपट्टि रहेको पुरातात्विक तथा साँस्कृतिक दृष्टिले महत्वपूर्ण यो स्थानमा प्राचीन ढिस्को रहेको छ । यस ठाउँमा अरु तीनवटा ढिस्का र नालाको उत्तर-पूर्वपट्टि एउटा पुरानो ईनार छ । यस ठाउँमा पनि अन्य ठाउँहरुमा जस्तै विभिन्न प्रस्तर मूर्तिका टुक्राहरु र माटाका भाँडावर्तनका टुक्रा, पुराना

इँटाका टुक्रा तथा अन्य पुरातात्विक सामग्रीहरु छरिएर रहेको अवस्थामा पाइएका छन् । यस स्थानमा एउटा मन्दिर पनि रहेको छ । यस ठाउँमा सन् १८९६ मा डा.फुरहरले अन्वेषण गर्दा शैंव सम्प्रदायको मन्दिरको रुपमा रहेको र सिद्धार्थलाई उभयदेवीको दर्शन गर्न ल्याईएको थियो, जुन ललित विस्तार सूत्रमा उल्लेख गरेका छन् । यस क्षेत्रमा प्रसिद्ध चिनीया यात्री हुएन-साङ्गले समेत भ्रमण गरेको हुन सक्ने अनुमान गरिएको छ (पौडेल, पोमनारायणद्धारा सङ्कलित, २०७७/०२/२० मा हेरिएको) (नक्सा नं. २५)

### ५.२.२२ रामघाट

कपिलवस्तु नगरपालिका वडा नं. ३ मा पर्ने रामघाट तिलौराकोटको दक्षिणपश्चिमपट्टि वाणगंगा नदीको पूर्वी किनारमा रहेको महत्वपूर्ण घाट हो । यो घाट सांस्कृतिक तथा पुरातात्विक दृष्टिले समेत महत्वपूर्ण रहेको छ । यस स्थानमा पनि माटाका भाँडावर्तनका टुका, इँटाका टुका आदि रहेका छन् । यो स्थान शवदाह स्थल समेत भएको हुनाले नेपाल भित्र र भारतका कतिपय गाउँहरुबाट मृत शरीर ल्याउने र दाहसंस्कार गर्ने परम्परा छ । यस क्षेत्रमा साधुसन्तका कुटी, पाटीपौवा, धर्मशाला, शिवालय, हनुमानघाट, भण्डार आदि रहेका छन् । आधुनिककालीन शिवलिङ्ग, महादेव, पार्वती, गणेश आदिका मूर्तिहरु पनि छन् । रामनवमी, एकादशी, शिवरात्रि आदि अवसरमा विशेष मेला लाग्ने हुनाले टाढाटाढाबाट श्रद्धालु भक्तजनहरु यहाँ आउने प्रचलन रहिआएको छ । (फोटो नं.५८)

यो रामायणकालिन कथानकसँग पनि जोडिएको, हिन्दुहरुको महत्वपूर्ण तीर्थस्थल र दाहसंस्कार गर्ने पवित्र ठाँउ समेत भएको तर बाणगङ्गा नदी कटानको जोखिममा रहेको हुनाले यसको संरक्षण अति जरुरी भएको कुरा स्थानीय तथा लुम्बिनी विकास कोषका बोर्ड सदस्य राजेश ज्ञवाली बताउँछन् । (नक्सा नं. ३०)

### ५.२.२३ लम्तिया

कपिलवस्तु नगरपालिकाको वडा नं. २ मा पर्ने लम्तिया गाउँ तौलिहवा बजारदेखि ३ किलोमीटर दक्षिण-पश्चिम तौलिहवा-मर्यादपुर सडकको पूर्वपट्टि पर्दछ । यस ठाउँमा पुरानो ढिस्को छ । ढिस्कोको पूर्वपट्टि समयमाई (स्थानीय देवी) को थान रहेको छ । त्यस ठाउँमा माटाका हात्ती, घोडा, बाख्रा, सुँगुर आदिका मूर्तिहरु र माटोका रातो रङ्गका भाँडावर्तनका टुका, मूर्तिका टुटेका कलात्मक टुका आदि सामग्रीहरु यहाँ रहेका छन् ।

यस ठाँउको पुरातात्विक महत्व रहेको तथ्य देवला मित्र (सन् १९६२) ले यस क्षेत्रको अन्वेषण गर्दा पाइएका माटाका कचौरा, थाली, प्लेट, बोतलको घाँटी आदि वस्तुहरुको प्रविधि, प्रकार र परम्परा भारतको हस्तिनापुरको चौथो चरण, तिलौराकोटको पहिलो चरण, सिंहखोर, हर्देवा, दलदला, दोहनी, विजुवा, चाङघाट, पत्थरकोट, पट्खहवा, पिपरहवा तथा बभनीको पछिल्लो चरणसँग मिल्दाजुल्दा भएको भनिएबाट पुष्टि हुन्छ (स्रोत : गिरी, २०७५, पृ.७३) । उत्खनन्का बखत ईशाको पहिलो-दोस्रो शताब्दीको पुरावशेष प्राप्त भएकोले यो स्थल महत्वपूर्ण भएकोले यसको संरक्षण प्राथमिकतामा पर्नुपर्ने देखिन्छ । (नक्सा नं. २८)

### ५.२.२४ लोहसौडिया

यो स्थान कपिलवस्तु नगरपालिका वडा नं. ३ मा पर्ने पुरातात्विक दृष्टिले महत्वपूर्ण तिलौराकोटको पूर्वीद्वारदेखि केही मीटर पूर्वमा रहेको छ ।

पुरातात्विक महत्वका दृष्टिले हेर्दा यहाँ पनि अन्य स्थानमा जस्तै माटाको ढिस्को छ । यस स्थानमा इँटाका टुक्रा, माटाका भाँडावर्तनका टुका, कलात्मक ढुङ्गाका भागहरु आदि फेला परेका छन् । सिद्धार्थलाई अनोमा नदीको किनारमा

पुऱ्याई फर्केर आउँदा दरवार प्रवेश गर्नुअघि यसै स्थानमा सारथी छन्दाको मृत्यु भएको र बुद्धले दरवार छोडेको ढोका भएकोले यसलाई महाभिनिष्क्रमण स्तूप भनिन्छ । यहाँ रहेका फलामका किट तथा अन्य सामग्रीहरुले यो ठाउँ तात्कालीन कार्यशाला रहेको बुझिन्छ । वाडेलले सन् १८९८ मा यहाँ उत्खनन् गरेका थिए । यहाँ युनेस्कोको टिमले उत्खनन् गर्दा विभिन्न कलावस्तुहरु फेला परेका छन् (स्रोत : गिरी, २०७५, पृ.६४) । ती सबै सुरक्षित राखिएको पुरातत्व कार्यालयको भनाइ रहेको छ । (नक्सा नं. ३०)

## ५.२.२५ वेदमौं

कपिलवस्तु जिल्लाको पश्चिम क्षेत्रमा पर्ने यो महत्वपूर्ण पुरातात्विक क्षेत्र हो । यो ठाउँ कपिलवस्तुको कृष्णनगर बजारदेखि करिब ५ किलोमीटर उत्तर-पश्चिममा कृष्णनगर नगरपालिका वडा नं.१२ रहेको छ । यहाँ फेला परेका पुरावस्तुहरुको अध्ययन गर्दा यस स्थानको प्राचीनता ई.पू.एक हजार बर्षदेखि ई.पू. चार सय वर्षसम्म रहिआएको तथ्य प्रा.डा.रामनिवास पाण्डेय (Pandey, 1972:9) ले उल्लेख गरेका छन । यो पुरातात्विक दृष्टिलेमात्र हैन वैदिक सभ्यताका दृष्टिले पनि महत्वपूर्ण रहेको छ । वेद शब्दमा मौं थप भई वेदमौं नामकरण भएको यस स्थानको महत्व महाभारतकाल देखि रहिआएको मानिएको छ । (पाण्डे, १९७२:९) का अनुसार 'यहाँबाट संग्रह गरिएका कलावस्तुहरु त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग कीर्तिपुरमा रहेका छन्' । नदीको कटान र स्थानीय किसानहरुको अतिक्रमणले यसको अस्तित्व संकटमा परेको छ । यसको संरक्षण गर्नु पर्ने देखिन्छ ।

## ५.२.२६ शिवगढी

यो ऐतिहासिक एवम् धार्मिक स्थल शिवराज नगरपालिका वडा नं ९ अन्तरगत शिवगढी पहाडको चुचुरोमा पर्दछ । शिवगढी साविक सुरक्षा किल्ला हो । यो स्थान कपिलवस्तु जिल्लाको उत्तर-पश्चिम घनाजङ्गलको बीचमा रहेको पहाडको चुचुरोमा रहेको छ । नेपाल-अग्रेजको युद्धका बेला यो सुरक्षा किल्ला निमार्ण भएको मानिन्छ । आक्रमणकारीहरुलाई प्रहार गर्न सजिलोको लागि पहाडको टुप्पोमा यो किल्ला बनाइएको हो । जीर्ण अवस्थामा रहेको शिवालयको पर्खाल भित्रबाट बन्दुक पड्काउन मिल्ने गरी स-साना प्वालहरु बनाइएको देखिन्छ । यसको सम्बन्ध शिराज खजहनी तथा जीतगढी किल्लासँग पनि रहेको अनुमान गरिएको छ ।

यस स्थानमा विभिन्न आकार प्रकारका प्रस्तर र इँटाका टुक्रा, माटाका भाँडावर्तनका टुक्रा, मूर्तिका टुटेका भागहरु आदि छरिएर र छोपिएर रहेका देखिन्छन् (स्रोत : गिरी, २०७५, पृ.५१) । यस स्थानमा परापूर्वदेखि नै शिवालयको मन्दिर रहेको छ । प्रत्येक वर्ष शिवरात्रीमा भारतबाट समेत भक्तजनहरु मेला भर्न आउँछन् भने बालाचतुर्दशी र एकादशीमा पनि यहाँ सामान्य मेला लाग्ने गर्छ । यो मन्दिर र विजगनगर गा.पा. वडा नं ४ मा रहेको ऐतिहासिक ताल शङ्करपुरतालको सम्बन्ध रहेको पनि भनाइ छ । शङ्कर भगवानले स्नान गर्ने गरेको शङ्करपुरतालमा नुहाएर यहाँ दर्शन गर्दा फल प्राप्ति हुने विश्वास रहेकोले यी दुवै स्थलको एकीकृत विकास जरुरी छ ।

यो गढी पहाडको चुचुरोमा भएकोले तीर्थयात्रीहरुका लागि उपयुक्त आवास लगायतका सुविधाहरु छैनन् । बस्नका लागि एउटा पाटी र खानेपानीको व्यवस्थासम्म छ । यहाँदेखि करिव एक किलो मिटर पूर्वतर्फ सानो गाँउ छ । दक्षिणतर्फ करिव एक घण्टा ओरालो झरेपछि रम्भादह वस्ती भेटिन्छ भने उत्तरतर्फ पनि एक घण्टाको ओरालो झरेपछि धानखोलामा राजमार्ग भेटिन्छ । यस ठाँउमा पुराना गढीबाहेक अरु ऐतिहासिक सम्पदाहरु छैनन् । (फोटो नं. ५९)

यो पर्यटकीय हिसाबले निकै महत्वपूर्ण छ । यस ठाँउबाट रातको समयमा भारतको लखनउ लगायतका शहरमा बत्ती बलेको देख्न सकिने, चारैतिरका ठाँउहरु देख्न सकिने, जङ्गलको शितल र जङ्गली जनावरको अवलोकन पनि हुने हुँदा यस ठाँउमा सडक र पैदल मार्गको आवश्यकता रहेको छ । मन्दिरको जिर्णोद्वार, किल्लाको मर्मत, आवास होटलको व्यवस्था लगायत भौतिक पूर्वाधारको विकास जरुरी देखिन्छ । यस ठाँउको विकासका लागि केवुलकार पनि सम्भाव्य छ । गुरुयोजना निर्माण भएकोले गुरुयोजनामा उल्लेख भएका पूर्वाधारहरु निर्माण गरी प्राथमिकताका आधारमा यसको विकास गर्नु पर्ने भनाइ रहेको छ । (शिवराज नगरपालिकाका प्रमुख नेत्र अधिकारी,२०७७/०२/२०, ३:०० बजे) (नक्सा नं. ३१)

### ५.२.२७ सोनवागढ

यो स्थान शिवराज नगरपालिका वडा नं ३ मा पर्दछ । पूर्व-पश्चिम राजमार्गको खगेन्द्रपुरबाट उत्तरतर्फ ५ कि.मि. भित्र भित्तरिया गाँउको उत्तरपट्टि सुखवेल नदीको किनारमा घनाजङ्गलको बीचमा सोनवागढ अवस्थित छ ।

यस स्थानमा एउटा आधुनिक मन्दिर निर्माण गरिएको छ । यस बाहेक यहाँ भोटे बाबाको प्रतीक गोलो प्रस्तर र बछिल्ला आकारका दुईवटा प्रस्तरहरु समेत राखिएका छन् । यस स्थानमा देवला मित्र (१९७२:२४८) ले अन्वेषण गर्दा प्राप्त भएका पुरावशेषहरु कुदान, तिलौराकोट तथा हस्तिनापुरको चौथो चरणसँग सामिप्यता राख्ने किसिमका भएको भनिएको छ । यस क्षेत्रको २०७६ सालमा लुम्विनी विकास कोष र बकिङ्गम विश्व विद्यालयको तत्वावधानमा उत्खनन् भएको र नतिजा हालसम्म प्राप्त नभएकोले यसको पुरातात्विक महत्व किटान भएको छैन । बेलमैनार र जवइ नदीको बीचमा अवस्थित यस स्थानमा मार्ग शुक्ल पूर्णिमा तथा रामनवमीको दिनमा विशेष मेला लाग्ने गर्दछ ।

यस सन्दर्भमा नगरपालिका प्रमुख नेत्रप्रसाद अधिकारी (सम्पर्क नं.९८५७०३४०३३, २०७७/०२/२०, ३.००), पूर्व मन्त्री बीरेन्द्र मिश्र (९८५१०६२५२०, २०७७/०२/२०, ३:३०), वडाध्यक्ष टेकलाल सापकोटा सम्पर्क नं ९८५७०५५५०४ ( २०७७/०२/२२ विहान ८:३०) र दिल्ली भुसाल (२०७७/०२/२२ बिहान ८:०० बजे) भन्नुहुन्छ 'सोनवागढको विकासका लागि स्थानीय तह र प्रदेशबाट पूर्वाधार विकासका काम भैरहेको भएता पनि त्यहाँ जान दुईवटा नदी पार गर्नु पर्ने भएकोले एउटा नदीमा पुल बनेको र अर्कोमा झोलुङ्गे पुल बनेको छ । बेलमैनार नदीमा कजवे निर्माण आवश्यक छ । त्यहाँसम्म पुग्ने सडक पिच गर्नु पर्ने, भक्तजनका लागि धर्मशाला, शौचालय सहित खानेपानीको व्यवस्था गर्नु पर्ने र बारपर्खाल गरी संरक्षण गर्नु पर्ने' भनाइ रहेको छ ।'

### ५.२.२८ श्रीनगरा

यो स्थल कपिलवस्तु नगरपालिका वडा नं.९ मा पर्दछ । तौलिहवा बजारदेखि करिब १० किलोमीटर उत्तरपूर्व तथा जगदीशपुर लम्बुसागरको दक्षिणमा रहेको छ ।

यो क्षेत्र पनि पुरातात्विक क्षेत्र हो । यस क्षेत्रमा पनि माटोको ढिस्को छ । सन् १९६२ मा देवला मित्रले यस क्षेत्रको अन्वेषण गर्दा प्राप्त भएका पुरावशेषहरु कुदानमा पाइएका माटाका भाँडावर्तन र यहाँका भाँडावर्तनको निर्माण, प्रविधि, परम्परा र प्रकारमा समानता रहेको थियो । बाबुकृष्ण रिजालले पनि यहाँ पाइएका भाँडावर्तनको आधारमा यो पुरानो ठाउँ भएको उल्लेख गरेका छन् । यसर्थ यो ठाँउ बुद्धकालिन भएको अनुमान गरिएको छ ।

पर्यटन प्रवर्द्धनका लागि आवश्यक पर्ने पूर्वाधारमध्ये सडक, विद्युत, खानेपानी लगायतको सुविधा भएको र पुरातात्विक स्थल सगरहवा अर्थात् लम्बुसागर, जगदीशपुरताल समेतका पर्यटकीय स्थलहरु समीपमा नै भएकोले यसलाई पर्यटन

प्रवर्द्धन गरी पर्यटन गन्तव्य स्थलका रुपमा विकास गर्न सकिने देखिन्छ । यसको व्यापक प्रचार प्रसारको आवश्यकता र पर्यटन परिपथ बनाएमा प्रभावकारी हुने कुरा स्थानीय जनप्रतिनिधिहरुको भनाइ रहेको छ ।
(पूर्व जिविस सभापति रमेश शर्मा,२०७७/०२/२०, ३:३० बजे, व्यक्तिगत सम्वाद) । (नक्सा नं. ३२)

### ५.२.२९ सिंहखोर

सिंहखोर गाउँ कपिलवस्तु नगरपालिका वडा नं. ८ मा पर्दछ । तौलिहवादेखि करिब ९ किलोमीटर दक्षिण-पश्चिम वाणगंङ्गा नदीको किनारमा रहेको यस स्थानमा सन् १९६२ मा देवला मित्रले अन्वेषण गर्दा कुदान र पिपरहवामा पाइएका जस्ता माटाका भाँडावर्तनका टुक्रा फेला परेका थिए । यस ठाँउमा पुराना ढिस्काहरु रहेका, स्थानीय देवी समयमाईको थान पनि रहेको र आसपासमा हात्ती, घोडा, भेडा आदि पशुपंक्षीका माटाका मूर्तिहरु, माटाका टायलका टुका र जनावरको मूर्तिको ढाड पनि पाइएको थियो । साथै यस इलाकामा रातो रङ्गले पोतिएका माटाका भाँडाका टुका यत्रतत्र छरिएको अवस्थामा रहेको पाइएको र यहाँको पिपलको बोटमुनि स्तूपाकारको स्मारक खण्ड रहेको, माईको थान नजिकै यहाँका पुजारी रामखिलावन दासको समाधि र पुरास्थलमा उनले रोपेको बगैचा रहेको, यसको जगमा लुम्बिनीमा जस्तै मौर्यकालीन ठूलाठूला इँटाहरु रहेको उल्लेख गरिएबाट यसको पुरातात्विक महत्व रहेको स्पष्ट हुन्छ ( मा.वृजेश गुप्तासँग २०७७/०२/२३ बिहान ११ बजे, व्यक्तिगत सम्वाद) । (नक्सा नं. २८)

### ५.२.३० सौंहसा-पतरिया

शुद्धोधन गाँउपालिका वडा नं १ को सोहसा-पतरिया तौलिहवा बजारदेखि करिब १५ किलोमीटर उत्तरपूर्व र ओदारी देखि पूर्वपट्टि करीब ९ कि.मि.को दूरीमा यो ठाँउ रहेको छ । गाँउको बीचमा रहेको यस ठाँउमा प्राचीन ढिस्काहरु रहेका छन् । केही वर्ष पहिले खेत खन्दा सुनको औठी, मुद्रा, चाँदी र तामाका मुद्रा समेत भेटिएका र ती सबै बहुमूल्य सामग्रीहरु कपिलवस्तु संग्राहलयमा सुरक्षित राखिएको उल्लेख गरिएको छ । यस क्षेत्रमा पाइएका माटाका भाँडाका टुका, इँटा, खेलौना, हातहतियार आदि सामग्रीहरुको सुरक्षा गर्न र यस इलाकाको उत्खनन् गर्न आवश्यक भएको उल्लेख गर्दै भौतिक पूर्वाधार विकास गरी पर्यटन गन्तव्यका रुपमा विकास गर्नु पर्ने भएको कुरा उल्लेख गरेका छन् । ( पूर्व अध्यक्ष मुजीवसँग, २०७७/०२/२३ विहान ९:०० व्यक्तिगत सम्वाद) । (नक्सा नं. २५)

### ५.२.३१ हर्देवा

हर्देवा गाउँ तौलिहवा बजारदेखि करिब ६ किलोमीटर दक्षिण-पश्चिम मर्यादपुर जाने सडकको पूर्वपट्टि रहेको छ । यस स्थानको पुरातात्विक महत्व रहेको छ । यस ठाँउमा दुईवटा पुराना ढिस्का, एउटा इनार र एउटा शिवालय रहेको छ । यस गाउँको पूर्वपट्टि रहेको बृत्ताकारको ढिस्कोमा रातो र क्रिमसन रङ्गले पोतिएका माटाका भाँडावर्तनहरु, माटाका माला, बाला, मानव तथा पशुपंक्षीका मूर्तिका टुटेका भागहरु रहेका छन् । धुसुवा नामले चिनिने यो ढिस्को फोहोर मैलाले भरिएको छ र यसको उत्तरपट्टि पनि आयताकारको अर्को ढिस्को छ । यसमा बगैंचा रहेको छ । यस क्षेत्रमा पङ्तिबद्ध इँटाहरु देखिन्छन् ।

यस स्थानमा सन् १९६२ मा देवला मित्रबाट गरिएको अन्वेषण पश्चात् निम्न विवरण उल्लेख गरिएको छ,-'इँटाका टुका देखिएका थिए । यहाँका इँटाहरु २७ से.मी. लम्बाइ र २१ से.मी. चौडाइ भएका छन् । यसको माथिल्लोपट्टि कोटही माईको थान छ । माईको प्रतीक स्वरुप माटाको धुम बनाइएको छ । यसको आसपासमा विभिन्न पशुपंक्षीका माटाका मूर्तिहरु छरिएको अवस्थामा रहेका छन् । कोटही देवीको पश्चिमपट्टि पुरानो पोखरी छ । यस पोखरीको सरसफाइको

सिलसिलामा विभिन्न कलावस्तुहरु फेला पारिएका थिए । पोखरीको किनारमा पुराना इँटाका टुका, फुटेका प्रस्तरका कलात्मक भाग आदि पनि रहेका छन् । पोखरीको पश्चिममा शिवालय छ । यसको गर्भमा ढुङ्गाको शिवलिङ्ग र अर्धपट्ट छन् । बाहिर पुरानो शिवलिङ्ग लगायत निर्दिष्ट आकारका प्रस्तरका टुकाहरु छरिएको अवस्थामा रहेका देखिन्छन । यहाँ चक्के इनार छ । यहाँका कलावस्तुहरु कुदान, तिलौराकोट र पिपरहवामा पाइएका सरह कलात्मक र पुराना मानिन्छन् । यहाँको पोखरीलाई प्राचीन सरकुप हुनसक्ने प्रस्ताव पनि गरिएको छ । तर चिनियाँ वृतान्त लगायतका स्रोतमा उल्लेखित दिशा र दूरी नमिल्ने हुनाले यसलाई स्वीकार गर्न सकिदैन । शाक्य राज्यको महत्वपूर्ण भाग भएकोले यस थलोको संरक्षण गर्नु आवश्यक देखिन्छ' भनी उल्लेख गरिएको छ (स्रोत : गिरी, २०७५, पृ.७८) । (नक्सा नं. २९)

### ५.२.३२ जगदीशपुर ताल

कपिलवस्तु जिल्ला तालैतालको जिल्लाको रुपमा समेत परिचित रहेको छ । हरेक गाविसमा अझ भनौ हरेक वस्तीहरुमा साना ठूला तालहरु रहेका छन् । जगदीशपुरताल, बुड्डीताल, अजिगराताल, शङ्करपुरताल लगायतका साना ठूला तालहरु मध्ये पर्यटकीय दृटिकोणले महत्वपूर्ण ताल हो जगदीशपुर ताल ।

यस जिल्लाको सदरमुकाम तौलिहवा देखि करिब ११ किमी उत्तर कपिलवस्तु नगरपालिका-९ मा पर्ने मानव निर्मित जगदीशपुर ताल १५७ हेक्टरमा फैलिएको र सन् २००३ मा विश्व सिमसार क्षेत्रमा सूचीकृत भएको ताल हो । यो ताल पुरातात्विक महत्वका स्थलहरुको नजीक रहेको, सीमसार क्षेत्रमा सूचिकृत भएको र साइबेरिया, रुस, चीन लयागतका मुलुकका साथै अन्य समथर भू-भागबाट आउने अनेक प्रजातिका चराचुरुङ्गी समेतको क्रिडास्थल भएकोले यो ताल स्वदेशी तथा बिदेशी पर्यटकका लागि आकर्षक गन्तव्यस्थल बनेको छ । (फोटो नं. ६०)

यहाँका स्थानीयहरुले चराहरुकै आकर्षण बढाउनका लागि विगत ५ वषदेखि बर्सेनी चरा महोत्सव गर्दै आएका छन् । तालमा विश्वमै दुर्लभ मानिने भुँडीफोड गरुड, सारस, श्वेत आँखीभौँ भएको र डंगर गिद्ध देखिन्छ । तालमा मरुल, सुनजुरे, हाँसला गैरी, सिन्दुरे हाँस लगायत १६७ प्रजातिका १५ हजारभन्दा बढीको संख्यामा चराहरु छन् । सलसिले हाँस, सुइरोपुछ्रे, चखेवा, बगाले सिमकुखुरा, जलेवा, सुइरोठुँडे, मालक र हरियो-टाउके हाँस पनि प्रशस्त रहेको र नेपालमा आउने पर्यटक मध्ये पाँच प्रतिशत पर्यटकहरु चरा हेर्नकै लागि आउँने गरेको स्थानीयहरु बताउँछन् । साँझ र बिहान सूर्योदय र सूर्यास्तको दृश्य मनमोहक देखिन्छ । (स्रोत : पूर्व जिविस सभापति रमेश शर्मा,२०७७/०२/२०, ३:३० बजे, व्यक्तिगत सम्वाद )

यसैले प्राकृतिक आनन्द लिनका लागि बिदेशी पर्यटकहरुको संख्या दिनप्रतिदिन उल्लेख्य रुपमा बढिरहेको छ । पर्यटनका लागि मात्र नभई चरा विज्ञ तथा अध्ययन-अनुसन्धानका लागि पनि यो तालको महत्व बढेको छ । (नक्सा नं. ३२)

### ५.३ नवलपरासी जिल्लाका महत्वपूर्ण सम्पदा

नेपालको नवलपरासी जिल्ला प्राकृतिक, आध्यात्मिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक दृष्टिकोणले अति महत्वपूर्ण जिल्ला हो । यो जिल्लामा भगवान गौतम बुद्धको असली धातु रहेको  विश्वप्रसिद्ध रामग्राम स्तूप अवस्थित छ । यसको अतिरिक्त सन् १९६४ मा पुरातत्वविद एस.बि. देवले रामग्राम देखि पूर्वतिर त्रिवेणीधामसम्मै धेरै पुरातात्विक भग्नावशेषहरु रहेको बताएका थिए । नवलपरासी जिल्लामा अन्य महत्वपूर्ण ऐतिहासिक, पुरातात्विक, धार्मिक, प्राकृतिक एवं साँस्कृतिक महत्वका स्थलहरु छन । यस जिल्लामा पर्ने पाल्ही भन्ने ठाउँको ऐतिहासिक पहिचान समेत रहेको छ । प्रसिद्ध पाल्हीभगवती मन्दिर लगायतका मठमन्दिरको धार्मिक महत्व छ भने प्राकृतिक रुपमा मनमोहक

तथा विश्वका विभिन्न मुलुकहरुबाट जाडो छल्न आउने पाहुना चराहरुको अवलोकनका लागि पनि नन्दनतालको आकर्षण अतुलनीय रहेको छ । रामग्राम स्तुपको चर्चा माथि बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगत भइसकेकोले तल केही महत्वपूर्ण पुरातात्विक स्थल स्थलहरूको मात्र परिचय दिइएको छ ।

### ५.३.१ पण्डितपुर

नवलपरासी जिल्लाको रामग्राम नगरपालिका अन्तरगत वडा नं.१८ मा रहेको पण्डितपुर करिव ६० विगाहा क्षेत्रफलमा फैलिएको छ । पुरातात्विक उत्खनन्बाट यो स्थल बुद्धकालीन भएको र प्राचीन कोलिया राज्यसँग सम्बन्धित रहेको तथ्य उजागर भएको छ । यस ठाँउको संरक्षणका लागि सम्बन्धित निकायबाट तारबार वा पर्खाल निर्माण गरी सुरक्षित नगरिदा अतिक्रमणका साथै पुरावस्तुहरु नष्ट हुने, चोरी हुने सम्भावना छ । उत्खनन्बाट प्राप्त वस्तुहरुका आधारमा यो ठाँउ पुरातात्विक स्थल भएको पुष्टि भएको छ । यस ठाँउमा पहिले देखिनै पुरावस्तुहरु यत्रतत्र छरिएको देखिन्थ्यो । यस क्षेत्रको करिब ६० बिगाह जमीनमा सन् २०१३ देखि पुरातत्व विभागले उत्खनन् सम्बन्धी कार्य गर्दै आएको छ । उत्खनन् पश्चात पनि संरक्षण एवं संवर्द्धन नभएको स्थानीयहरुको भनाइरहेको छ ।

यो ठाँउ ऐतिहासिक हो वा पुरातात्विक हो भन्ने विषयमा केही मत भेद पनि देखिन्छ । केही इतिहासविद् तथा पुरातात्वविद्ले पण्डितपुरलाई कोलीय राज्यको राजधानी र बुद्ध-माता मायादेवीको माइती घर हो भनी उल्लेख गरेको पनि पाइन्छ । तर पुरातत्वविभागबाट आधिकारिक रुपमा प्रमाणित भएको छैन । जे भए पनि उत्खनन्बाट प्राप्त अवशेषहरुबाट यो स्थान प्राचीन बुद्धकालीन समय कै हो भन्ने कुरामा कुनै द्विविधा छैन । यस स्थानमा उत्खनन्बाट प्राप्त भएका वस्तुहरुलाई हाल वडा कार्यालयमा लगेर राखिएको छ । उपयुक्त स्थानको अभावले गर्दा त्यस्ता वस्तुहरु चोरी हुने समेत डर रहेको छ । त्यसैले यस स्थानको संरक्षण र प्रवर्द्धनको आवश्यकता देखिएको छ ।

सबैभन्दा पहिले यो स्थलको पूर्ण उत्खनन् (Full-fledged Archaeological Excavation) गरी यसको वास्तविकता पहिचान र व्याख्या गर्नु पर्दछ । त्यसपछि यो स्थलको छुट्टै गुरुयोजना तयार गरी सोही बमोजिम बिकास गर्नु पर्छ । हाललाई यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि पुरातात्विक स्थलको उचित संरक्षण गर्ने, उत्खनन् गर्ने, भौतिक पूर्वाधार खानेपानी, सडक, आवास वा अतिथि गृह निर्माणको व्यवस्था गर्ने, सूचना तथा सञ्चारको व्यवस्था मिलाउने र व्यापक रुपमा प्रचार प्रसार गर्ने लगायतका कार्यहरु गर्नुपर्ने देखिन्छ । (नक्सा नं. ३३)

### ५.३.२ अनोमाधाम

प्रदेश नं. ५ अन्तरगतका तीन जिल्लाहरु कपिलवस्तु, रुपन्देही र नवलपरासीमा प्राचीन ऐतिहासिक बौद्ध तीर्थस्थलहरु रहेका छन् । रुपन्देही जिल्लामा बुद्ध जन्मस्थल लुम्बिनी, त्यस्तै मावली घर देवदह जहाँ सिद्धार्थ गौतमले आफ्नो सानी आमा प्रजापतीको रेखदेखमा बाल्यकाल बिताएका थिए । कपिलवस्तु जिल्ला शाक्य वंशीय गणराज्यको राजधानी थियो भने यही स्थानमा राजा शुद्धोधनले आफ्नो दरवार बनाएका थिए । त्यसैगरी बुद्धको अस्तु धातु रहेको नवलपरासी जिल्लाको रामग्राम समेत राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा अत्यन्त महत्वपूर्ण र ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक स्थलहरु हुन् । यी तीन जिल्लाहरुमा बुद्धसँग सम्बन्धित थुप्रै ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक स्थलहरु रहेका छन्, त्यसमध्येको अनोमाधाम एउटा महत्वपूर्ण स्थल हो । (फोटो नं. ६२)

नवलपरासी (सुस्ता पश्चिम), त्रिवेणी सुस्ता गाउँपालिकाको वडा नं.५ को नारायणी नदी किनारमा अनोमाधाम अवस्थित छ । बर्दघाट चिसापानीबाट करिब १७ कि.मि. दक्षिण तर्फ कोडिया चोक हुँदै अनोमाघाट पुग्न सकिन्छ र

यस स्थानबाट प्रसिद्ध तीर्थस्थल त्रिवेणी पुग्न करिब ८ कि.मि. दूरी छ । पाँच बिगाह क्षेत्रफलमा फैलिएको यस धाममा शिवालय, रामजानकी मन्दिर र राधाकृष्णको मन्दिरका अतिरिक्त भक्तजनहरु बस्ने विभिन्न संरचनाहरु निर्माण भएका छन् । धाम परिसरको उत्तरी भागमा आज भन्दा १० वर्ष पहिले भगवान बुद्धको बुद्ध मूर्ति स्थापना गरिएको छ ।

शाक्य गणराज्यको राजधानी प्राचीन कपिलवस्तुको तिलौराकोट, जहाँ अधिराजकुमार सिद्धार्थ गौतमले २९ वर्ष युवाकाल बिताएका थिए, दुःखित प्राणीहरुको उद्धार गर्न र पूर्वजन्मको चक्रबाट आफुमुक्त हुन आफ्नो परिवार र राजसुख परित्याग गरी राजकुमार सिद्धार्थ गौतम आध्यात्मिक बुद्धत्व ज्ञान हासिल गर्न तिलौराकोट दरबारबाट अनन्य गन्तव्य तर्फ प्रस्थान गरेका हुन्, सारथी छन्दक र घोडा कन्धकको साथमा । यात्रामा जाँदै गर्दा सारथी छन्दक र घोडा कन्दकसँगै नारायणी (त्रिवेणी) नदी किनारको अनोमाघाट पुगे । प्राचीन कालमा यस नदीलाई अनोमा नदीको नामले पुकारिन्थ्यो र स्थानीय बासिन्दाहरुले यो स्थानलाई अनोमाघाट र ठाडीघाटको नामबाट परिचय दिन्छन् ।

यसै ठाउँमा सिद्धार्थ गौतमले कपाल मुण्डन गरी सारथी छन्दक (कुनै पुस्तकामा सारथिको नाम छन्न पनि भनिएको छ) लाई घोडा लिएर फिर्ता जानु भनेर आदेश दिएका थिए । राजकुमार सिद्धार्थले तरवारले आफै कपाल मुण्डन गरेर प्रब्रजीत भई सन्यास धारण गरेको कुरा इतिहासमा पाइन्छ । सिद्धार्थ गौतम बुद्ध चढेको घोडा कन्थकले सिद्धार्थले कपाल मुण्डन गरेको बियोग सहन नसकि मरेको र उक्त घोडा मरेको थाहापाई कपिलवस्तु राज्य शोकको सागरमा डुबेको कुरा पनि इतिहासमा पाइन्छ (बुद्ध दर्शन, २०७७ पृ.७) । यसैको संस्मरणमा प्रत्येक वर्ष कार्तिक पूर्णिमासीका दिन विशाल मेला लाग्ने गर्दछ, जहाँ भारत एवं वरपरका तीर्थालुहरु अनोमाघाट अर्थात ठाडीघाटमा मेला भर्न आउँछन् । अन्य मन्दिरहरुमा दैनिक पूजा आजा र विशेष पर्वहरुमा छुट्टै मेला लाग्ने गर्दछ ।

अनोमाघाट अर्थात ठाडीघाट विशेष गरेर बौद्ध संस्कृतिसँग जोडिएकोले यस ठाउँको वरपर बौद्ध संरचनाहरु र पार्क, उद्यान निर्माण गर्ने गरी त्रिवेणी सुस्ता गाउँपालिकाले भावी योजना तर्जुमा गरेको छ । प्रदेश ५ भित्र रहेका बौद्ध तथा साँस्कृतिक महत्वका गन्तव्य स्थलहरु मध्ये अनोमाघाटलाई पनि समावेश गरी प्रदेश सरकारबाट समेत यस धामको विकासको लागि विशेष ध्यान दिन जरुरी छ । त्यसैगरी भगवान बुद्धको जीवनीसँग जोडिएको यस धामको खोज तथा अनुसन्धान गरी प्रचार प्रसारमा ल्याउन उत्तिकै जरुरी छ । बृहत्तर लुम्बिनी परिपथमा रहेका ऐतिहासिक, पुरतात्विक र साँस्कृतिक सम्पदाहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्दा यस धाममा समेत आवश्यक पूर्वाधारहरु निर्माण गरी ती महत्वपूर्ण स्थलहरुसँग सम्बन्ध स्थापित गरिएमा यो धामले पनि पर्यटकीय गन्तब्य स्थलको रुपमा छुट्टै पहिचान बनाउने देखिएको छ । (नक्सा नं. ३४)

### ५.३.३ बुद्ध मङ्गल ताल

नवलपरासी जिल्ला साविक जहदा गा.वि.स. र हाल नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको बर्दघाट नगरपालिका वडा नं.१२ मा बुद्ध मङ्गल नामको ताल सहितको धार्मिक स्थल रहेको छ । दबिला भन्ने स्थानमा रहेकोले यसलाई दबिला पोखरी पनि भन्ने गरिन्छ । सदरमुकाम परासीबाट १२ कि.मि. पूर्व र बर्दघाट चिसापानीबाट ७ कि.मि. दक्षिणमा अवस्थित यो ताल र तालको वरिपरिको परिसर ऐतिहासिक तथा धार्मिक दृटिले समेत महत्वपूर्ण देखिन्छ । तालको क्षेत्रफल २.५ बिगाह र ताल सहितको सम्पूर्ण परिसर क्षेत्रफल ७ बिगाह ११ कठ्ठा रहेको छ । (फोटो नं. ६३, ६४)

भगवान बुद्धको मावली देवदहबाट करिब ३१ कि.मि. दक्षिण-पूर्वि भागमा अवस्थित यो तालको नजिकै हालको दबिला भन्ने गाउँमा भगवान बुद्ध आएका र त्यस गाउँका मङ्गला, दबिला भन्ने २ दाजुभाई मध्ये बुद्धले मङ्गलासँग मित

लगाएको; यस गाउँको २०० मीटर दक्षिण तर्फ अवस्थित यस तालमा बुद्ध भगवानले मीत घरमा आउँदा स्नान समेत गर्ने गरेकाले पछि मितेरी साइनोबाट यस पोखरीको नाम बुद्ध-मङ्गल ताल रहेको भन्ने भनाई ताल सौन्दर्यीकरण समिति, बुद्ध मङ्गल ताल जागृति महिला सामुदायिक वन समिति र स्थानीय समाजसेवीहरुले प्रत्यक्ष सम्बादमा बताउनु भयो देबेन्द्रराज शाक्य (२०७३) को प्राचीन कोलीय र शाक्य गणराज्य अन्तरगतका बौद्ध सम्पदा भन्ने पुस्तकमा उल्लेख गरे अनुसार सिद्धार्थले बुद्धत्व प्राप्त गरे पश्चात धेरै समय श्रावस्तीमा बिताउनु भएको र कपिलवस्तुबाट श्रावस्ती जाँदा र फर्केर आउँदा मित्र मङ्गला र पिङ्गला काहाँ विश्राम गर्ने र त्यहाँका बासिन्दालाई धर्मोपदेश गरी आफ्ना अनुयायी बनाउने गर्दथे भन्ने उल्लेख गरिएको छ । यस तालका बारेमा दीप प्रकाश लोहनीको 'बुद्ध विश्राम पोखरीको चिनारी' भन्ने लेख र ताल परिसरमा रहेका अन्य धार्मिक संरचनाहरुको विकासका लागि तयार भएको गुरुयोजनामा समेत बुद्धसँग माथिको कुरा जोडेर यो तालको महत्व दर्शाइएको छ । बुद्ध मङ्गल तालको ऐतिहासिकता बारे आएका यी फरक मतहरुको सम्बन्धमा इतिहासविदहरुबाट सत्य तथ्यको खोज अनुसन्धान गरी उजागर गर्न जरुरी छ ।

ताल परिसरको उत्तर तर्फ शिवालय मन्दिर, राधाकृष्ण मन्दिर, सप्तऋषिको मन्दिर, गणेश मन्दिर र हनुमानको मूर्ति समेत स्थापना गरी नित्य रुपमा पूजा हुने र विशेष पर्वहरुमा भक्तजनबाट पूजा आजा गर्ने गरिन्छ । साथै यस परिसरमा अखण्ड हवन र अखण्ड दीप प्रज्वलनको कार्य समेत भैरहेको छ । तालको दक्षिण पूर्वि भागमा बुद्ध बिहारको निर्माण भएको र यहाँ बुद्ध दर्शन हुनुका साथै बुद्ध पूर्णिमामा मेला लाग्ने गर्दछ । सौन्दर्यीकरण समिति, जागृति महिला सामुदायिक वन समिति र स्थानीय समाजसेवीहरुसँगको प्रत्यक्ष सम्वादमा आधारित, मिति : ०७७/०२/२८)

बुद्ध मङ्गल तालको पानी पवित्र मानी सपैया, मङ्गला एवं दबिला गाउँका मानिसहरुले १ लोटा भए पनि घरमा लगेर खानेपानीमा मिसाउने प्रचलन हालसम्म विद्यमान रहेको स्थानीयहरु बताउँदछन् । (नक्सा नं. ३५)

**हाल भैरहेका प्रयास र अब गर्नुपर्ने कार्यहरु**

बुद्ध भगवानको नामसँग जोडिएको यो ताल परिसरको दक्षिणि क्षेत्रमा केही पुराना इटाहरु समेत भेटिएका छन्, यस्ता वस्तुको खोज तथा अनुसन्धान हुन जरुरी छ । गुरुयोजना अनुसार स्थानीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट रकमले ताल परिसर क्षेत्रको बाउण्ड्री वाल लगाउने कार्य भैरहेको छ । ताल सौन्दर्यीकरण समिति, जागृति महिला सामुदायिक वन समिति र स्थानीय समाजसेवीहरुको विविध प्रयासबाट संकलन गरिएको रकमले ताल सरसफाई लगाएत दैनिक पूजा आजाको खर्च चलिरहेको पाइयो ।

यो बुद्ध मङ्गल ताल भगवान बुद्धसँग जोडिई यहाँका क्रियाकलाप, आस्था र पूजाआजा, सोही अनुसार सञ्चालन भैरहेको, स्थानीयहरुमा यस ताल प्रतिको सोचाई भावनात्मक रहेको र केही कथनहरुबाट समेत बुद्ध र ताल बीचको सम्बन्ध स्थापित देखिदा यसको छुट्टै अध्ययन, अनुसन्धान हुन जरुरी छ । हाल स्थानीय नगरपालिका र प्रदेश सरकारबाट केही बजेट प्राप्त भै सौन्दर्यीकरणको कार्य अगाडि बढेको देखिएको छ । तालको सौन्दर्यताका लागि ताल सरसफाई, तालको बीच भागमा आकर्षक बुद्ध भगवानको मूर्ति स्थापना, बगैचा तथा फुलवारी निर्माण, ताल वरिपरी आकर्षक पैदल मार्ग र परिसरमा रहेका विभिन्न मन्दिरहरुको मर्मत, सुधार तथा निर्माण गरेमा यस ताल क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा समेत विकास गर्न सकिने देखिएको छ । बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगतका पुरातात्विक, साँस्कृतिक स्थलहरुको संरक्षण, विकास र पर्यटन प्रवर्द्धन गर्ने सन्दर्भमा यस बुद्ध मङ्गल काललाई समेत Linkage गर्न उपयुक्त देखिएको छ ।

(सौन्दर्यीकरण समिति, जागृति महिला सामुदायिक वन समिति र स्थानीय समाजसेवीहरुसँगको प्रत्यक्ष सम्वादमा आधारित, मिति : ०७७/०२/२८)

### ५.३.४ साम्यमाई मन्दिर र तरकौली ताल

नवलपरासी जिल्ला अन्तरगत सुनवल नगरपालिका वडा नं.७ तरकौलीमा साम्यमाई मन्दिर र तरकौली ताल रहेको छ । यो ताल पूर्व पश्चिम लोकमार्ग देखि ३ कि.मि. दक्षिण र ज्यामिरे-धकधई सडकबाट २०० मीटर पश्चिम तर्फ रहेको छ । यो काललाई पनि स्थानीयहरुले ऐतिहासिक तालको रुपमा मान्दै आएका छन् । त्यसैले ताल र परिसर क्षेत्रलाई ऐतिहासिक साम्यमाई देवदह तालको नामबाट समेत चिनारी दिएको छ । (फोटो नं. ६५ र ६६)

तालको पूर्व पट्टि बुद्ध चैत्यको निर्माण गरी बुद्धको मूर्ति समेत राखिएको छ । ताल परिसरमा रहेको साम्यमाई मन्दिर विशेषगरी थारु संस्कृतिसँग सामिप्य राख्ने भएकोले सोही अनुसार यस मन्दिरमा पूजा आजा र मेला लाग्ने गर्दछ । काललाई एउटा ठूलो खण्ड र दक्षिण तर्फ अर्को खण्डलाई बीचबाट ड्याम बाँधी दुई भाग गरिएको छ । तालमा कमलहरु फुलिरहेको देख्न सकिन्छ । यस ताल परिसरको अध्ययन अनुसन्धान गरी वास्तविक पहिचान जनसमक्ष ल्याउन जरुरी छ । तालको सरसफाई र मन्दिर परिसरलाई व्यवस्थित गर्न सकिएमा यस स्थललाई धार्मिक तथा पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्न सकिन्छ । (नक्सा नं. ३६)

### ५.३.५ पाल्ही भगवती

सुप्रसिद्ध पाल्हीभगवती मन्दिर नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका अन्तरगत पर्दछ । हिन्दु धर्मावलम्बीहरुको महान चाड दशैंको नवमी तिथिका दिन नेपाल र भारतका हजारौं भक्तजनहरु यो शक्तिपीठको दर्शन गर्न आउँछन् । (फोटो नं. ६७) रामग्राम स्तूप र प्रसिद्ध नन्दन तालको बीच भागमा अवस्थितिको कारणले समेत यो स्थान धार्मिक पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण छ ।

### ५.३.६ नन्दन ताल

साविक गेरमी र सनई गा.वि.स. हाल पाल्ही नन्दन गाउँपालिका वडा नं. ६ मा नन्दन ताल अवस्थित छ । वर्तमानमा यो ताल साविकको १४० विगाह क्षेत्रफलबाट ३६ बिगाह क्षेत्रफलमा खुम्चिएर रहेको छ । कपिलवस्तुको जगदीशपुर तालमा जस्तै मौसम अनुसार यस तालमा पनि विश्वका अन्य देशहरुबाट विभिन्न जातका चराहरु बिचरणगर्न आउने गर्दछन् । (फोटो नं. ६८) थरी थरीका हाँस, पटेरा र अन्य आकर्षक चराहरु देख्न सकिने यो ताल पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण रहेता पनि विभिन्न अतिक्रमणबाट हाल संकटापूर्ण अवस्थामा रहेको छ । यद्यपी यो काललाई यूनेस्को वर्ल्ड हेरिटेज सूचीमा राख्न प्रक्रिया अगाडी बढाइदै रहेको अवस्थामा यसलाई अतिक्रमणबाट रोकी संरक्षण र सम्बर्द्धन गर्न सके सीमसार क्षेत्रको रुपमा रहेको यो तालबाट पर्यटन प्रवर्द्धन र पर्यटन विकासमा महत्वपूर्ण योगदान हुनसक्दछ ।

## ५.४ पाल्पा जिल्लाका महत्वपूर्ण सम्पदा

प्रदेश नं. ५ अन्तरगतको पहाडी जिल्ला पाल्पाको क्षेत्रफल १४६१.०९ वर्ग कि.मि., जनसंख्या २६११८० र १० वटा पालिकाहरु रहेका छन् (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यस जिल्लामा दुईवटा नगरपालिका र ८ वटा गाँउपालिका रहेका छन् । यो जिल्ला प्राकृतिक रुपमा रमणीय हुनुका साथै ऐतिहासिक, धार्मिक, सांकृतिक तथा

पुरातात्विक दृष्टिले पनि अति समृद्ध रहेको जिल्ला हो । यस जिल्लामा रहेका ऐतिहासिक महत्वका क्षेत्रहरुमध्ये तानसेन दरबार, रानीमहल, रामापिथेकस, अर्घली दरबार, माथागढी, बल्डेङ्गढी आदि छन् भने धार्मिक दृष्टिले भैरवस्थान, आनन्द विहार, ऋषिकेश मन्दिर, भगवती मन्दिर आदि छन् । यसैगरी प्राकृतिक रुपमा श्रीनगर, सिद्धगुफा, सत्यवती ताल, प्रभास ताल, सीताकुण्ड, सुकेताल आदि रहेका छन् । सबै स्थानहरुको उत्तिकै महत्व भएता पनि यहाँ केही स्थानहरुको मात्र चर्चा गरिएको छ ।

### ५.४.१ रानीमहल

नेपालको ताजमहलका रुपमा चिनिने यो महल तानसेन नगरपालिका वडा नं. १३ अन्तरगत पवित्र काली गण्डकी नदीको दक्षिण किनामा रहेको छ । यो महल वि.सं.१९५० मा शिलान्यास भई चार वर्षमा दरबार, मन्दिर, पाटी पौवा सहितको निर्माण कार्य पूरा भएको थियो (Acs Himalaya, May 8, 2018) । नेपालकै ताजमहलका रुपमा परिचित यो महल विशाल चट्टान माथि पश्चिमी कलाशैलीमा निर्माण भएको छ । (फोटो नं. ६९)

जनरल खड्क शमशेरले आफ्नी दिवङ्गत प्यारी रानी तेजकुमारीको सम्झनामा निर्माण गरिएको यो दरबारको वरिपरिको वातावरणले सबैको मन खिच्दछ । तानसेनको श्रीनगर भञ्ज्याङ्बाट ८ कि.मि. तल झरेपछि गण्डकीको किनारमा अवस्थित यो स्थानमा पुग्न सकिन्छ । तानसेनमा पर्यटकका लागि खान, बस्न राम्रो होटलको प्रबन्ध रहेको साथै त्यहाँ पुग्नको लागि सबै खालका यातायातका साधनहरु उपलब्ध रहेको कारणले यो स्थानको लोकप्रियता र आकर्षण बढदै गइरहेको छ ।

यस जिल्लाको रमणीय स्थल श्रीनगर प्राकृतिक हिल स्टेशनको रुपमा प्रचार गरिएपछि यहाँ भारतीय पर्यटकहरु ओइरिन थालेका छन् । श्रीनगर आउने पर्यटकहरुलाई रानीमहलसम्म सहज रुपमा आवतजावत गर्नका लागि सडकको थप स्तरोन्नती तथा रानीमहल स्थलमा पर्यटकमैत्री संरचनाको आवश्यकता भएको कुरा पर्यटक व्यावसायीहरु बताउँछन् । (सभासद पुरन बज्राचार्यसँग व्यक्तिगत सम्वाद २०७७/०२/२३ विहान १०:३० फोन नं.९८४७०९९२३३) । (नक्सा नं. ३७)

### ५.४.२ रामापिथेकस

यो मानव जातिको ऐतिहासिकता झल्काउने ठाँउ तिनाउ गाउँपालिका वडा नं. ३ अन्तरगत तिनाउ नदीको पूर्वतर्फ पहरामा टाँसिएको छ । यो ठाउँ सिद्धार्थ राजमार्गको नजिकै पर्दछ । बुटवलबाट पाल्पातर्फ जाँदा वायाँतर्फ र पाल्पाबाट झर्दा दाहिनेतर्फ नदीको किनारमा पर्दछ । (फोटो नं. ७०)

यो विश्व इतिहासमा नै महत्व राख्ने अवशेष हो । मानव जातिको उत्पत्ति करिव १ करोड २० लाख वर्ष अघि भएको मानिएको छ । वानर प्रजातिको अवशेष (रामापिथेकस) भेटिएको आधारमा यो अनुमान गरिएको हो । केन्यामा पछिल्लो समयमा भेटिएको मानव अवशेष भने १ करोड ४० लाख वर्ष पुरानो भएको मानिएको छ । अमेरिकी विद्वान् डा.जेम्स मुन्थे (Dr.Zanes Munthe) को नेतृत्वमा नेपाल-अमेरिकी संयुक्त वैज्ञानिक अभियान दलले गरेको खोज अनुसन्धान अनुसार नेपालको पाल्पास्थित दोभान शिवालिक पर्वतको फेदीमा सन् १९८० मा पाइएको रामापिथेकसको माथिल्लो बंगाराको कार्वन डेटिङबाट गरिएको परीक्षणबाट १ करोड १० लाख वर्ष पुरानो मानव जातिको अस्तित्व भएको पत्ता लागेको छ (स्रोत : श्रेष्ठ, २०७३; पृ.८१) । यस जीवलाई रामनरवानर (Ramapithecus) कै श्रेणीको भनी मानिएको छ । नेपालमा हालसम्म मानवको विकास सम्बन्धी अध्ययनको लागि सबै भन्दा प्रमाणित आधार मानिने अस्थि-अवशेष

बुटवलको यही एउटा मात्र पाइएको छ र अन्य प्रागमानवको अस्थि-अवशेष हालसम्म नेपालमा कतै पनि पाइएको छैन । नेपाली इतिहास जगतमा हलचल पैदा गरेको तिनाउ नदीको दायाँ किनाराको पहरामा टासिएको रामनरवानर (Ramapithecus) को माथिल्लो बायाँ बंगाराको एउटा दाँतको अवशेष भेटिएको यो स्थल मानव जातिको उत्पत्ति र विकास सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुका लागि अत्यन्त महत्वपूर्ण मानिएको छ । मानवजातिको अवशेषको रुपमा रहेको रामनरवानर (Ramapithecus) लाई विश्वको “माहिलो” र एशियाकै “जेठो” पूर्खा (प्रधान, १९८३ः अगस्त) भनि मानिएको छ । नेपालको प्रागऐतिहासिक अध्ययनमा टेवा पुऱ्याउने यो क्षेत्रले पुरातत्व, पुरातत्वशास्त्र, पुरामानवशास्त्र, नेतृत्वशास्त्र, भूगर्भ विज्ञान, जीव रसायनशास्त्र, शरीर रचना विज्ञान, जीव विज्ञानसित सम्बन्धित अध्येताहरुका लागि अत्यन्त महत्वपूर्ण स्थल भएकोले यो पर्यटन प्रवर्द्धनको लागि पनि उत्तिकै महत्वपूर्ण छ । (नक्सा नं. ३८)

### ५.४.३ सिद्धबाबा धाम

बुटवल बसपार्क देखि करिव ५ कि.मि. उत्तरतर्फ सिद्धार्थ राजमार्गको पूर्वी भित्तोमा यो पवित्र धार्मिकस्थल सिद्धबाबाको मन्दिर पर्दछ । यो धाम पाल्पा र रुपन्देहीको सङ्गममा पर्दछ । सिद्धार्थ राजमार्गको तानसेनबाट ३४ कि.मी.दक्षिण र बुटवलबाट ५ कि.मी.उत्तरतर्फ चुरे पहाडको काखमा र तिनाउ नदीको पूर्वी तटमा रहेको यो धामको दर्शनका लागि नेपाल र भारतको विभिन्न ठाउँबाट श्रद्धालु भक्तजनहरु आउने गर्दछन् । दुवैतिर पहाडै-पहाडका बीचमा रहेको तिलोत्तमा (तिनाउ) नदीकै किनारमा रहेको सिद्धबाबा धाम ऐतिहासिक, धार्मिक, पर्यटकीय गन्तव्यको रुपमा परिचित छ (स्रोत : श्रेष्ठ, २०७३; पृ.८९) ।

यसको धार्मिक महत्वका विषयमा चर्चा गर्दा भतृहरिले तपस्या गरेको यो तपोभूमि भएको र यहाँ पूजा-आराधाना गर्दा मनोकांक्षा पूरा हुने जनविश्वास भएकोले लाखौ भक्तजनहरुको ओइरो लाग्ने गर्छ । यस मन्दिरमा विशेष गरी सोमबार, महाशिवरात्री र साउन महिनाभर भक्तजनहरुको भिड लाग्दछ र अन्य चाडवाडहरुका अतिरिक्त दैनिक पूजाआजा र बाबाको दर्शन गर्ने चलन छ । (फोटो नं. ७१)

यस स्थलमा पर्यटकलाई खाना, बस्न मिल्ने गरी अतिथि गृह पनि रहेको, खानेपानी, विद्युत, सञ्चार लगायतको व्यवस्था भएको र सिद्धार्थ राजमार्गकै किनारमा पर्ने हुनाले बाह्रै महिना यातायातको पनि सुविधा रहेको छ । (नक्सा नं. ३९)

### ५.४.४ भैरवस्थान

पाल्पा जिल्लाको सदरमुकाम तानसेन देखि करिव ८ कि.मि पश्चिमतर्फ गुल्मी र अर्घाखाँची जाने पक्की सडकको बायाँतफको डाँडाको टुप्पोमा रहेको यो मन्दिर रिब्दीकोट गाँउपालिकामा पर्दछ । (फोटो नं. ७२)

प्राचीन कालदेखि पूजाआजा हुँदै आएको यस मन्दिरको परिसरमा अग्लो त्रिशूल छ । यस मन्दिरका पुजारी मगर जातका र कान चिरेको हुनु पर्ने प्रचलन छ । यस मन्दिरमा विशेष खालको प्रसाद रोठ चढाउने गरिन्छ । यहाँ पूजा गरेपछि असाध्य वा दुर्लभ चिज पनि सुलभ र साध्य हुन्छ भन्ने जनविश्वास भएकोले अन्य जिल्लाका श्रद्धालु समेत यहाँ आई पूजा-अर्चना गर्ने गर्छन् । यहाँ विशेषगरी मंगलबार र शनिबारका दिन पूजा लाग्दछ । भैरवस्थानबाट अधिकांश हिमशिखरहरुको सजिलै दृष्यावलोकन गर्न सकिने हुनाले पनि यो स्थान रमणीय छ (प्रदेश सांसद पुरन बज्राचार्यसँग व्यक्तिगत सम्वाद, २०७७.०२.२३ विहान १०.४०) ।

### ५.४.५ पाल्पा दरवार

तानसेन बजारको मध्य भाग र शीतलपाटीबाट करीब २०० मीटर दक्षिण तर्फ अवस्थित तानसेन दरवार रातो रङ्गमा सजिएर रहेको छ । यो दरवार जङ्ग बहादुर राणाका भाई बद्रि नरसिंह राणाले वि.सं.१९१०-१९३० को अवधिमा निर्माण गरेका हुन् । त्यसपछि प्रयोगमा नआउँदा यो दरवार जीर्ण भएको र यसलाई भत्काएर तत्कालीन तैनाथवाला जनरल प्रताप शमशेरले राणाले वि.सं.१९८३ मा पुनर्निर्माण गरेका हुन् । बेलायती शैली र बेलायती इन्जिनियरहरुबाट निर्माण गरिएको यो भवन प्रताप शमशेरको निजी प्रयोजन र प्रशासनिक कार्य सञ्चालनको लागि प्रयोगमा ल्याइएको थियो । राणा शासनको अन्त्य पछि यो दरवार प्रयोगविहिन भएपछि २०१५ सालमा राजा महेन्द्रले पुनः प्रशासनिक कार्यालयको रुपमा प्रयोगमा ल्याएका थिए । वि.सं.२०६२ साल माघ १८ गतेसम्म जिल्ला प्रशासन कार्यालय सहित विभिन्न कार्यालयहरुले संयुक्त रुपमा प्रशासनिक कार्य सञ्चालन गर्दै आएकोमा तत्कालीन माओवादी र सुरक्षा फौजको भिडन्तमा यो दरवार ध्वस्त भएको थियो । (फोटो नं. ७३)

वि.सं.२०६४ साल आषाढमा पुनर्निर्माण कार्यको थालनी भएको र यसको पुनर्निर्माणका लागि रु.६ करोड ५० लाखको लागत लागेको थियो । पुनर्निर्माणको कार्य वि.सं.२०७० साल भाद्र महिनामा सम्पन्न भएको थियो । ऐतिहासिक, पुरातात्विक र पुरानो कला कौशललाई नबिगारिकन पुरानै शैलीमा पुनर्निर्माण गर्न यो भवनमा चुना, सुर्की, गिट्टी र पुराना इट्टा पिसी तयार गरेको सुर्की र चुना मिसाएर जडान तथा ढलान गरिएको यो दरवारका ४ तला, ६३ कोठा, २ वटा बुर्जा र २ वटा बैठक हल रहेका छन् ।

साविकमा दरवार र त्यसको परिसरले चर्चेको जग्गा प्रचुर मात्रामा थियो, तर उक्त जग्गा विभिन्न कार्यालय एवं संघ सस्थाले प्रयोगमा ल्याएको कारणले हाल दरवार क्षेत्र ७ रोपनी १४ आना जग्गामा सीमित रहेको छ । यसै दरवारको परिसर भित्र उत्तर पश्चिम तर्फ ऐतिहासिक तथा साँस्कृतिक महत्वको आकर्षक रणउजेश्वरी भगवती मन्दिर अवस्थित छ । ऐतिहासिक चिनारी सहितको यो दरवार पर्यटकहरुको लागि समेत आकर्षणको केन्द्र बन्दै गरेको छ ।

यो दरवारलाई प्रदेश नं.५ सरकारले प्रदेश स्तरीय संग्रहालयको रुपमा सञ्चालनमा ल्याएको छ । स्थानीय संस्कृतिको चिनारी र दरवारको ऐतिहासिक पक्षलाई समेत समेट्ने गरी हाल यस दरवारलाई पाल्पा दरवार संग्रहालयको रुपमा अगाडि बढाउने प्रयत्न भएपनि यसै कार्यले पूर्ण रुपमा सार्थकता पाउन भने सकेको छैन । ऐतिहासिक वस्तु तथा कला-संस्कृतिको प्रतिबिम्ब हुने गरी संग्रहालयको स्थापना गरिएको र यसबाट प्रदेश नं.५ कै पर्यटकीय विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । संग्रहालयमा यहिलेसम्म मगर समुदायको कला, संस्कृति झल्किने कक्ष निर्माण गरिएको छ । यस्तै नेपाल-अंग्रेज युद्धका बेला प्रयोग भएका ऐतिहासिक हातहतियार तथा घरेलु सामाग्री समेत राखिएका छन् । प्रदेश स्तरीय संग्रहालय भएकोले प्रत्येक जिल्लाका कला संस्कृतिको पहिचानका लागि दरवारमा रहेका विभिन्न कोठाहरुलाई छुट्टा-छुट्टै कक्षको रुपमा व्यवस्थित गरी सञ्चालन गर्न सकेमा यो संग्रहालयलाई पश्चिम नेपालकै इतिहास झल्काउने संग्रहालयको रुपमा विकास गर्न सकिने देखिएको छ । (नक्सा नं. ४०)

### ५.४.६ नुवाकोटगढी (पाल्पा)

पाल्पा जिल्ला तिनाउँ गाउँपालिका वडा नं. २ मा अवस्थित नुवाकोटगढी समुन्द्र सतह देखि ८९० मीटरको उचाइमा रहेको छ । यो गढीमा नेपाल अंग्रेज युद्धको इतिहास जोडिएकोले यसको छुट्टै ऐतिहासिक महत्व छ ।

भारतमा बसी चारैतिर व्यापार, व्यवसाय बढाइरहेको इष्ट-इन्डिया कम्पनीले सन् १८१३ मा आफ्नो एकाधिकार गुमाए पछि उसको एउटा मात्र विकल्प चीनसँगको व्यापारिक सम्बन्ध बढाउनु र चीया व्यापारमा एकाधिकार कायम गर्ने रह्यो । त्यसकारण कम्पनी सरकारलाई चीन जाने सुगम बाटो र चीया खेतीका लागि अनुकूल भूमिको आवश्यकता परेकोले उस्ले नेपालको बुटवल-स्यूराज खण्डका विन्दुहरुमा किचलो गरी आक्रमण गर्ने योजना बनायो ।

नेपाल एकीकरण नगर्दै पाल्पाली सेन राजाले अवध राज्यको नवाबलाई निश्चित रकम तिरेर सेनहरुले बुटवल लगायतका भू-भागहरुको उपभोग गर्दै आइरहेका थिए । पछि अवध राज्य कम्पनी सरकारको मातहत गएपछि तत्कालीन पाल्पाका राजा पृथ्वीपाल सेनको पालामा पाल्पा राज्य नेपाल अधिराज्यमा विलय भयो । अवधका नवाब र पाल्पा राज्यका राजाहरु बीचको पुरानो सम्बन्ध टुंगिएपछि कम्पनी सरकार र नेपाल सरकारका बीचमा बुटवल क्षेत्रको विषयमा बिवाद भै कम्पनी सरकारले बुटवल क्षेत्रलाई आफ्नो भनी दाबी गऱ्यो । यसै प्रसङ्गमा बुटवलको जीतगढी किल्ला र कपिलवस्तुको स्यूराज क्षेत्र नेपाल सरकारको मातहतमा भएको दाबी नेपाल सरकारका जनरल अमर सिंह थापाले गरेपछि कम्पनी सरकारले सन् १८१४ को नोभेम्बर १ का दिन कम्पनी सरकारको तर्फबाट जनरल हेस्टिङका माक्र्युसले नेपाल विरुद्ध एकतर्फी युद्धको घोषणा गरे ।

बुटवल क्षेत्रमा आक्रमण गर्न कम्पनी सरकारका सैनिक कमाण्डर जनरल जोन सुलिमान उदले ४००० सैनिक परिचालन गरे भने नेपाल सरकारले पनि बुटवल बजार छेउँ भएर बग्ने तिनाउ नदीको किनारमा रहेको जीतगढीबाट उठेको पहाडको टुप्पोमा रहेको नुवाकोट र जीतगढीमा सैनिक क्याम्प खडा गरी पाल्पा हुँदै चीन जाने सुगम बाटो छेक्न तत्कालीन प्रधानमन्त्री भीमसेन थापाका भतिज उजिर सिंह थापाको नेतृत्वमा सैनिक परिचालन गरी नुवाकोटगढीलाई बचाउने निर्णय लियो । त्यसका लागि अंग्रेज फौजलाई पहाडतिर जान रोक्न जीतगढीको सैनिक क्याम्पको नेतृत्व वीरभञ्जन पांडेलाई दिइयो (श्रेष्ठ, २०७६) ।

अंग्रेजी फौजले जीतगढी आक्रमण गरेपछि उजिरसिंह थापा केही फौज लिएर जीतगढी झरेपछि दुवै पक्षको बीच घमासान युद्ध भएको र अंग्रेज तर्फका हजारौं सेनाहरु हताहत भएको इतिहासमा उल्लेख छ । त्यसैगरी नेपाली सेनाका सरदार सूर्य थापा, लेफ्टेन अमर अधिकारी, सुर थापा, जमदार भीमसेन देउजा, जमदार सुखबीर बोहोरा, हवल्दार रणनुर बानिया एवं जुठे बस्नेत सहित जीतगढी र नुवाकोटगढी किल्लामा लड्ने ५०० जना सेनाले वीरगति प्राप्त गरे । विभिन्न करणबाट नेपालले आफ्नो भनी दाबी गरेको भूमि मध्ये ९४०० वर्गमीटर गुमाउनु परे पनि नेपाली सेनाको युद्ध कौशल देखेर आत्तिएका कम्पनी सरकारको फौज नुवाकोट र जीतगढीको क्षेत्रबाट पछि हट्यो । आज पनि जीतगढी क्षेत्र, मणिमुकुन्द पार्क क्षेत्र र नुवाकोटगढीमा ऐतिहासिक सुरुङहरु, जीर्ण दरवारका अवशेषहरु देख्न सकिन्छ । हाल नुवाकोटगढीको विकास समिति गठन गरिएको र बुटवलबाट नुवाकोटगढी पुग्न मोटरबाटो खनिएको छ । त्यसैगरी भ्यू टावर निर्माण लगाएत फूलवारी निर्माणबाट यसको सौन्दीयकरण बढदैछ । बीरताको प्रतीकको रुपमा दुई वटा नेपाली क्रस खुकुरीको सजिवता दिई पर्यटकहरुलाई आकर्षण दिने योजना रहेको छ । बुटवल देखि नुवाकोट पुगी ऐतिहासिक, प्राकृतिक सुन्दरताको अवलोकनको साथ-साथै उत्तर तर्फ माछापुच्छे हिमाल र दक्षिण तर्फ लुम्बिनीसम्मको दृष्य हेरी भरपुर मनोरञ्जन लिन सकिने अवस्था रहेको छ । यस स्थानमा बुटवलको मणिमुकुन्द पार्कबाट Trekking गरी यस स्थानमा पुग्न सकिन्छ । निजी क्षेत्रबाट सिद्धार्थ केवलकार कम्पनी दर्ता भइसकेको र निकट भविष्यमै सञ्चालन गर्ने योजना समेत रहेकोले यी क्रियाकलापहरुबाट पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुग्न सक्ने

देखिएको छ (श्रोत : नुवाकोट विकास समितिका अध्यक्ष माधव नेपालसँगको सम्वाद, २०७७/०३/०५) । यस क्षेत्रको पर्यटन विकासकमा टेवा पुग्ने देखिन्छ । (नक्सा नं. ४१)

### ५.५ गुल्मी जिल्लाका महत्वपूर्ण सम्पदा

प्रदेश नं. ५ को पहाडी जिल्ला गुल्मीको क्षेत्रफल ११९०.७६ र जनसंख्या २८०१६० रहेको छ । यस जिल्लामा दुई नगरपालिका र दश गाँउपालिका गरी १२ वटा स्थानीय तहहरु रहेका छन् (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यो जिल्ला प्राकृतिक, ऐतिहासिक, धार्मिक-सांस्कृतिक एवम् पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस जिल्लामा अनगिन्ती महत्वपूर्ण स्थलहरु छन् । प्राकृतिक, धार्मिक, पुरातात्विक, साँस्कृतिक एवं पर्यटकीय दृष्टिले महत्व राख्ने रेसुङ्गा, रुरु, मदाने, कङ्के देउराली, मालिका, देउराली, विचित्र गुफा, अस्कुना, लेखपोखरा, विभिन्न कोट जस्ता महत्वपूर्ण दर्शनीय स्थलहरु र अर्जेल, घमिरे, पन्थी थरको उद्‌गमस्थल जस्ता थुप्रै महत्वपूर्ण पक्षहरु यस जिल्लामा विद्यमान छन् । ती महत्वपूर्ण स्थलहरुमध्ये केही स्थानहरुको संक्षिप्त रुपमा यहाँ चर्चा गरिएको छ ।

#### ५.५.१ रेसुङ्गा आश्रम

गुल्मी जिल्लाको सदरमुकाम तमघासदेखि पूर्वमा रहेको रेसुङ्गा पहाड समुन्द्र सतहदेखि करिब २३०० मीटर उचाईमा रहेको छ (स्रोत : काठमाण्डौं पोष्ट, २० मार्च, २०२०) । पहाडको टुप्पोमा फराकिलो ठाँउ भएको, घनाजङ्गल र विभिन्न जातका बन-बनस्पति र वन्यजन्तु भएकोले यो पहाड प्राकृतिक दृष्टिले अति रमणीय छ । यसका साथै यो ठाउँ ऋषि महर्षिहरुको तपोभूमि एवम् ज्ञानस्थलका रुपमा पनि प्रसिद्ध छ । तम्घास बजारबाट ८ कि.मि. उकालो चढेपछि चुचुरोमा पुगिन्छ । यो ठाँउलाई छुट्टै संरक्षित क्षेत्रका रुपमा संरक्षण, सम्बर्द्धन र विकास गर्न संरक्षित बनको रुपमा सरकारबाट घोषणा भैसकेको र कार्यान्वयनको चरणमा रहेको छ । त्यहाँ पुग्नका लागि तम्घासतर्फबाट सिद्धपोखरीसम्म ७ कि.मि. सडक निर्माण भएको र त्यहाँदेखि धामस्थलसम्मको ८८६ मिटरमा सिँढी राख्ने काम पनि भैरहेको छ । पैदल यात्राका लागि भने उकालो बाटो भएकोले करिव दुई घण्टा समय लाग्छ । (फोटो नं. ७४)

यो आश्रम धार्मिक, पुरातात्विक, प्राकृतिक हिसाबले अति नै महत्वपूर्ण रहेको छ । नेपालकै विशेष साँस्कृतिक तथा प्राकृतिक सम्पदा मानिने रेसुङ्गा भृगृ ऋषिको तपोभूमि, रुरुको शिरोभाग, पुलस्त्य ऋषिको तपोभूमि, महर्षि, राजर्षि, देवर्षि एवं ब्रह्मर्षीको बासस्थानयुक्त सुनौलो पुरास्थल मानिन्छ । रेसुङ्गाको चोटीबाट रमणीय हरियाली र उत्तरतर्फको हिमश्रृङ्खलाको मनोरम दृष्य देखिनुका साथै तराईका फाँटदेखि भारतको गोरखपुर सम्मको भू-भाग देख्न सकिन्छ । महाप्रभु शशिधर स्वामी (वि.सं.१८०२-१९०६) जोसमनी सन्त सम्प्रदायका छैटौं एवम् यस सम्प्रदायका प्रवर्तक मानिन्छन् । उनी ८४ सिद्ध सम्प्रदायबाट दीक्षित र बुद्ध दर्शनको सहज ज्ञानबाट अनुप्राणित थिए । यिनको आश्रम रेसुङ्गामा थियो र जुन आश्रम अद्यावधि देख्न सकिन्छ ।

महाप्रभु सन्त शशिधर स्वामीका चेला निर्वाणानन्द स्वामीमहाराज (रणबहादुर शाह), स्वर्गद्वारीका महाप्रभु अभयानन्द द्वितीय (जो हंसानन्द गिरीबाट दीक्षित भएका थिए), ज्ञानदिलदास (भोजपुर), साधु कामी (उदय कामी दार्जिलिङ) जस्ता हजारौं चेलाहरु थिए । उनकै ज्ञानप्रवाहमा सामाजिक सुधारका काम र नेपाली भाषा संस्कृतिको प्रचार नेपालभित्र र नेपालबाहिर सिक्किम, भुटान, आसाम र वर्मासम्म भएको पाइन्छ । सामाजिक विभेद, जातीय विभेद, सतीप्रथा र छुवाछुत जस्ता कुरीतिलाई अन्त्य गरी पृथ्वीनारायण शाहले भौगोलिक रुपमा एकीकृत गरेको नेपालमा सुदृढ सामाजिक एकताका लागि अभियान चलाएका थिए । स्वामी महाराजा रणबहादुर शाहलाई जोसमनी परम्पराले दीक्षित गरी

नेपालमा सर्वप्रथम सर्वजातीय सहभोजन गराएका थिए । समाज सुधारका लागि सन्त साहित्यधारा सिर्जना, भजनकिर्तन गायन गर्दै नेपाली संस्कृतिलाई दार्जिलिङ, सिक्किम, भुटान, आसाम, मेघालय र बर्मासम्म पुऱ्याएका थिए । हठयोग साधनाको माध्यमबाट तन र मनलाई एकाग्र र सम्यमित गर्ने अभियान सञ्चालन गरेको कुरा जनकलाल शर्माले जोसमुनी सन्त परम्परा र सहित्यमा उल्लेख गरेका छन् । हठयोगका महासाधक र प्रणेता पदपाणिको आश्रमस्थल यही सैनामैनामा भएको र सिद्धार्थ बुद्धको सहजयानबाट र पदमपाणि बोधिसत्वको योग जोसमनी सन्तहरु अनुप्राणित भएको प्रष्ट देखिन्छ । यसका साथै प्राचीन युगमा ऋषिले राजा दशरथलाई सन्तान नजन्मेपछि पुत्रेष्ठी महायज्ञ गराएका र यज्ञपछि राम लक्ष्मण लगायतको जन्म भएको भन्ने विश्वास छ । गुल्मीको तम्घासबाट करबि ८ कि।मी। ठाडो उकालो दुरी पार गरिसकेपछि यो ठाउँमा पुग्न सकिन्छ । (नक्सा नं. ४२)

यस अलौकिक क्षेत्रको विकासका लागि रेसुङ्गा संरक्षण समितिका अध्यक्ष भन्छन्,- 'रेसुङ्गाको पहाडमा भएका जडीबुटी, वन्यजन्तु, चराचुरुङ्गी र गाईहरु लगायतको संरक्षण गर्न र यस ठाँउबाट धेरै गाउँवस्तीहरुमा खानेपानी लगिएकोले जलाधार क्षेत्रका रुपमा पनि संरक्षण गर्न संरक्षित वन घोषणा गर्ने निर्णय मन्त्रीपरिषद्बाट भएकोमा हालसम्म कार्यान्वयन नभएकाले यथाशिध्र कार्यान्वयन गर्नु पर्ने, एक सुविधासम्पन्न सन्तनिवास अर्थात आश्रममा अतिथि गृह निर्माण गर्नु पर्ने, सिद्धमन्दिरको पुनर्निर्माण गर्नु पर्ने, यज्ञशालाको मर्मत र पर्खाल बनाउनु पर्ने, स्वामी शशिधरको कुटी र शालिक निर्माण गर्नु पर्ने, गौशाला निर्माण गर्नु पर्ने, खानेपानीका लागि दुईवटा टङ्की बनाउनु पर्ने, बर्षाको पानी सङ्कलन गर्न पोखरी निर्माण गर्नु पर्ने, पहाडमा भएका पहरो (कयरो) वा ओडारको अवलोकन गर्ने व्यवस्थाका लागि सानो फूट ब्रिज बनाउने, गौंडाकोटतिरबाट केवुलकारको सम्भाव्यता अध्ययन भएकोले यो समेतका कार्यहरु प्राथमिकतामा गर्न सके पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने निश्चित छ (सुरेशचन्द्र भुसालसँग, २०७७/०२/२०, ४:३० मौखिक सम्वाद, फोन नं. ९८५७०६४०३५)

### ५.५.२ रुरु क्षेत्र (रिडी)

गुल्मी, पाल्या र स्याङ्जा जिल्लाको सङ्गमस्थल कालीगण्डकी नदी र रिडी खोलाको दोभानमा रहेको रुरुक्षेत्र (रिडी) नेपालका चारधाम मध्येको एक विशेष धाम हो । यो ठाँउ बुटवलदेखि करीब ७० किलोमिटर र पाल्पादेखि २५ कि.मि.को दूरीमा रहेको छ । यो ठाँउ गुल्मी जिल्लाको प्रवेशद्वार हो । यो समुन्द्र सतह देखी १८०० फीटको उचाइमा रहेको छ । चारै तिरबाट पहाडै पहाडले घेरिएको र बीचमा थोरै समथर जमीन रहेकोले यसको प्राकृतिक बनावट उपत्यका जस्तो देखिन्छ । यहाँबाट कालिगण्डकीको किनारै किनार ढोरपाटन जाने सडक बनिरहेको छ भने रिडी खोलाको किनारै किनार अर्घाखाँची पनि जान सकिने भएकोले अहिले यो स्थान सडक सञ्जालमा जोडिएको छ । यस ठाँउमा जानका लागि नजिकको हवाइ मार्ग गौतमबुद्ध विमानस्थल भैरहवा हो ।

यस क्षेत्रको महत्वका विषयमा विभिन्न धर्मग्रन्थहरुमा चर्चा भएको पाइन्छ । पवित्र कालिगण्डकी नदीको किनारामा अबस्थित रुरुक्षेत्रको वर्णन बराह पुराणमा गरिएको छ भने श्रीस्वस्थानीमा पनि यसै स्थानमा रहेको भिर्गुतुङेश्वरमा सतीदेवीको दन्त पतन भएको उल्लेख गरिएको छ । नेपालका चार धार्मिक क्षेत्रहरू रुरुक्षेत्र, बराहक्षेत्र, पाशुपतक्षेत्र र मुक्तिक्षेत्र मध्येको एकक्षेत्र रुरुक्षेत्र पनि हो भनिएको छ । यो ठाउँलाई नेपालको बनारसको रूपमा पनि चिन्ने गरिन्छ । यस ठाउँमा बग्ने कालिगण्डकी नदीमा चक्र तथा बिभिन्न आकारका दुर्लभ शालिग्रामहरू पाइन्छन् । त्यस्तै यहाँ बर्ष भरीमा थुप्रै मेलाहरू लाग्ने गर्दछन् । मुख्यतः यहाँ माघे-संक्रान्तीमा तीन दिन र ऋषिकेश उत्सबमा २ दिन भब्य मेला लाग्ने गर्दछ । यहाँको माघे-संक्रान्ति मेलालाई देशकै महत्वपूर्ण मेलाको रुपमा मानिएको छ । साथै बर्ष भरीको औंशी,

पूर्णिमा, ग्रहण तथा बैशाख महिनाको प्रत्येक शनिबार यहाँ ठूलो मेला लाग्ने गर्दछ । ठूली एकादशीमा यहाँ नुहाउनेहरुको भिड लाग्ने गर्छ। एक कोशीय क्षेत्रफल भित्रै यहाँ करीब ४० भन्दा बढी मन्दिरहरू रहनु यो क्षेत्रको ठूलो विशेषता हो । यहाँ रहेको ऋषिकेश मन्दिर नेपालकै सुप्रशिद्ध मन्दिरहरू मध्येको एक मानिन्छ, जुन बिश्व सम्पदा सूचीको लागि मनोनयनमा समेत परेको छ। (फोटो नं. ७५)

रुरु क्षेत्रको नाम रुरु कसरी रहन गयो भन्ने बारे एउटा किंबदन्ती रहेको छ । रुरु अर्थात् मृगले देवदत्त ऋषिको पुत्रीलाई स्तनपान गराई हुर्काएको कारणले तिनलाई रुरुकन्या भनियो । तिनै कन्याले यहाँ कठोर तपस्या गरी मुक्ति पाएकोले यो ठाउँ उनै कन्याको नामबाट रुरु क्षेत्र भनी चिनिन थाल्यो भन्ने भनाई पाइन्छ । यस क्षेत्रमा मणिमुकुन्द सेनद्वारा प्रतिस्थापित ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण ऋषिकेश मन्दिर रहेको छ । रिडी, यस क्षेत्रको प्रमुख बजार हो । यो बाहेक यस क्षेत्रमा रामनाम स्तुप, रुरुकन्या मन्दिर, ऋषिकेश परिसर, राधा-कृष्ण मन्दिर, विष्णु पादुका, शान्तभक्तेश्वर, शेरभक्तेश्वर, शान्तमुक्तेश्वर, कालिका मन्दिर, बिष्णु मन्दिर, कञ्चनेश्वर महादेव, भिर्गुतुङ्गेश्वर महादेव, राम मन्दिर, भगवती मन्दिर रातामाटा, औरर्वाश्रम, शिद्ध मन्दिर अर्गली, कालिका मन्दिर भटकुवा लगायत ४० भन्दा बढी मन्दिरहरु रहेका छन्। (नक्सा नं. ४३)

### ५.५.३ मदाने संरक्षित वन

गुल्मीको पश्चिम भेगमा अवस्थित मदाने लेखको संरक्षण गरी जंगली जनावर एवं चराचुरुङ्गीहरुको बासस्थान सुरक्षित गर्ने, अत्यधिक प्राकृतिक दोहनको नियन्त्रण गर्ने, वनस्पति र जलाधार क्षेत्रको संरक्षण गर्ने, गैह्रकानूनी शिकार रोक्ने, आगलागी जस्ता वन विनाशका क्रियाकलापहरुलाई नियन्त्रण गर्ने उद्देश्यले ३० मार्च २०११ मा नेपाल सरकारबाट मदाने र आसपासको क्षेत्रलाई मदाने संरक्षित जङ्गल घोषणा गरिएको हो । (फोटो नं. ७६) यसको क्षेत्रफल १३७६१ हेक्टर छ, भने यो स्थान समुन्द्र सतह देखि ९७५-२६५७ मीटरम्मको उचाइमा रहेको छ। मदाने संरक्षित जङ्गल वरिपरि दुईवटा गाउँपालिका रहेका छन । मदाने गाउँपालिकाका पाँच वटा वडा र मालिका गाउँपालिकाका छ वटा वडाहरु अथवा साबिकका ११ वटा गाविस यस क्षेत्रको वरिपरि पर्दछन। यो जलाधार क्षेत्रको रुपमा पनि रहेको र त्यस क्षेत्रकै पानीको मुहान भएको हुनाले यस मदाने क्षेत्रबाट करिब ३० वटा वडामा खानेपानी लगिएको छ। यस मदाने लेखबाट छल्दी, निस्ती, पनाह, झिमरुक जस्ता सदावाहार नदी/खोलाहरु निस्केका छन् र यी नदीहरूको मुहान यही मदाने पहाड हो।

यस मदाने क्षेत्रमा धार्मिक र ऐतिहासिक महत्वका स्थलहरू पनि छन् । पुरर्कोट मालिका, मरभुङ्ग मालिका, पञ्चमी पोखरी, अरविन्द आश्रम र पुरर्कोट कोट आदि यस क्षेत्रका साँस्कृति स्थलहरु हुन्। यस क्षेत्रमा सन् २०१८ मा गरिएको सर्वेक्षण अनुसार १८४ प्रकारका चराचुरुङ्गीहरु रहेका छन् भने २४ प्रकारका स्तनधारी जनावर रहेका छन् । मदाने संरक्षित बन, ढोरपाटन शिकार आरक्ष, थाप्ले संरक्षित बनका जंगली जनावरको ओहोरदोहोर गर्ने मार्गका हिसाबले पनि महत्वपूर्ण बन्नसक्छ । विभिन्न बहुमूल्य जडिबुटीको उपलब्धता र प्राकृतिक सुन्दरताका दृष्टिले यो क्षेत्र अत्यन्तै महत्वपूर्ण छ। धार्मिक, प्राकृतिक, जैविक महत्व बोकेको यो संरक्षित बन क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलको रुपमा पनि विकास गर्न सकिने देखिएको छ। (नक्सा नं. ४४) पर्यटक आकर्षणका लागि स्थानीय सरकारको पहलमा निजी क्षेत्रबाट केवलकार सञ्चालन गर्ने योजना रहेको स्थानीय जन प्रतिनिधिबाट जानकारी भयो (स्रोत : मदाने गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष, तोकम बहादुर कुवरसँगको सम्बाद, मिति २०७७/०२/२९)।

### ५.६ अर्घाखाँची जिल्लाका महत्वपूर्ण सम्पदा

प्रदेश नं. ५ को पहाडी जिल्ला अर्घाखाँची प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले समृद्ध छ । संस्कृत व्याकरणका रचनाकार पाणिनिको साधनास्थल पणेना समेत यसै जिल्लामा भएकोले यसको भाषिक दृष्टिले पनि ऐतिहासिक महत्व बढेको छ ।

यो जिल्ला पर्यटकीय महत्वको दृष्टिले समृद्ध रहेको छ । पहाडी जिल्ला भए पनि यहाँ ठाडा दह, खनदह, सेन्जेङदह, रातापोखरी लगायतका पोखरीहरु छन् भने बलकोट पौवा, अर्घाकोट दरबार, खाँचीकोट जस्ता ऐतिहासिक स्थानहरु छन् । यसैगरी सुपा देउराली, पाणिनि तपोभूमि, अर्घा, छत्रदेव जस्ता धार्मिक स्थलहरु छन् । प्राकृतिक रुपमा पणेना र दुर्वासा गुफा उल्लेखनीय छन् । धार्मिक पर्यटनका दृष्टिले महत्वपूर्ण केही स्थलहरुको संक्षिप्त रुपमा तल उल्लेख गरिएको छ ।

#### ५.६.१ सुपादेउराली

शीतगंगा नगरपालिका वडा नं. २ मा रहेको यो मन्दिर गोरुसिंगे-सन्धिखर्क सडकको किनारमा पर्दछ । यो मन्दिर नरपानी र फलामे दुबै अग्ला महाभारत पर्वत श्रृंखलाको बीचमा करिव ४ हजार ५ सय फिटको उचाइँमा रहेको छ । यो सडक निर्माण हुनुभन्दा पहिले भीर भएको कारणले गर्दा देउरालीको रुपमा रहेको यस मन्दिरको दर्शन गर्न असजिलो थियो । सडक बनेपछि सडककै किनारमा आकर्षक मन्दिर बनाएपछि यसको महिमा बढ्दै गयो ।

सुपादेउराली भाकल र दर्शन गरेपछि मनले आँटेको काम सफल हुन्छ भन्ने किंवदन्ती छ । यहाँ खासगरी बली चढाउनेहरुको भीड लाग्छ । यो प्रसिद्ध शक्तिपीठको स्थापनाको बारेमा विभिन्न जनश्रुतिहरु पाइन्छन् । भगवान रामकी पत्नी सीताले बनाएको चुलो, जाँतो आदिका शिलाहरु भएबाट त्रेतायुगदेखि नै यहाँ शक्ति थियो भन्ने मान्यता रहिआएको छ । यहाँ भाकल गरेपछि मनोकामना पूरा हुने र भाकल गरेर चढाउँछु भनेको कुरा नचढाएमा देवी रिसाउँछिन् भन्ने मान्यता छ । भाकल गरी लाहुर गएको लाहुरेले फर्कदा भाकल पूरा नगरेकाले नजिकैको भीरको पहरोमा रहेको चट्टानमा ऊ टाँसिएको किवंदन्ती छ र भित्ताको पहरोमा मानिसकै आकृतिको छाप पनि देखिन्छ । यहाँ ऋषिपञ्चमी, शिवरात्री, रामनवमी, श्रीपञ्चमी लगायतका पर्वमा पूजा गर्ने र भेटी चढाउनेको भीड लाग्छ । प्रत्येक शनिवार यो मन्दिरमा बली चढाउनेको भीड लाग्ने गर्छ । यसको महिमाका कारणले गर्दा गुल्मी, कपिलवस्तु लगायतका विभिन्न ठाँउहरुमा सुपादेउरालीको प्रतिमूर्ति बनाई मन्दिर स्थापना गरी पूजा गर्ने चलन बढिरहेको छ । (फोटो नं. ७७) यो ठाँउ धार्मिक पर्यटनका दृष्टिले महत्वपूर्ण रहेको छ । भिरको काखमा भएकोले बजार लगायतका सुविधा विस्तार गर्न कठिनाइ भएता पनि सडकको किनारमा पूजाआजाका सामाग्रीका टहराहरु पाइन्छन् । बली दिएपछि खानपिनका लागि केही माथि उत्तरतर्फ चउर र पानी समेत उपलब्ध भएको तर बर्षायामका लागि पाटी पौवाको व्यवस्था नभएकोले भक्तजनले समस्या भोग्नु परेको भनाइ स्थानीयको रहेको छ । यसका साथै नरपानीको नामले प्रसिद्ध नर्ताञ्चल प्राकृतिक, ऐतिहासिक एवम धार्मिक दृष्टिकोणले महत्वपूर्ण भएकोले यसतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक देखिएको छ । (नक्सा नं. ४५)

#### ५.६.२ पाणिनी तपोभूमि

पाणिनी गाउँपालिका अन्तरगत वडा नं. २ मा अवस्थित यो ठाँउ महर्षि पाणिनीको तपोभूमिको रुपमा प्रसिद्ध छ । उच्च पहाडी भू-भागमा पर्ने पाणिनी तपोभूमि ऐतिहासिक, धार्मिक, शैक्षिक तथा प्राकृतिक हिसाबले अति नै महत्वपूर्ण स्थान

हो । जङ्गलको बीचमा रहेको यस स्थानमा ताल, विभिन्न प्रकारका जडिबुटी र जंगली जीवजन्तुहरु पाइन्छन् । पाणिनी तपोभूमिको उत्तरतर्फको पानी कालिगण्डकी र दक्षिणतर्फको पानी बाणगङ्गामा मिसिन आउँछ । तपोभूमिमा मन्दिर, यज्ञशाला, पाठशाला, भ्युटावर, बगैंचा, पाणिनी ऋषिको मूर्ति रहेका छन् । पाणिनी तपोभूमिबाट हिमालयको दृश्य, पहाडका बस्तीहरु, तराईका समथर मैदान र भारतको गोरखपुरसम्म आँखाले देख्न सकिन्छ । पणेना तपोभूमि अध्ययन, अनुसन्धान गर्नेका लागि पनि उपयुक्त थलोको रुपमा रहेको छ भने महाभारत श्रृंखलामा पर्ने हुनाले प्राकृतिक दृश्यावलोकनका लागि पनि उत्तिकै रमणीय छ ।

यसको क्षेत्रको ऐतिहासिक महत्वका सम्बन्धमा मोदनाथ प्रश्रित लेख्छन्: 'विश्वका सम्पूर्ण भाषाका व्याकरणहरु मध्ये महर्षि पाणिनीद्धारा निर्मित संस्कृत भाषाको अष्टाध्यायी व्याकरण सर्वाधिक वैज्ञानिक र व्यवस्थित मानिएको छ । अढाइहजार बर्षभन्दा अघि रचना भएको त्यस व्याकरणले संस्कृत मूलका दक्षिण एशियाका सयौं भाषाहरुमा व्यापक प्रभाव पारेको छ (प्रश्रित,२०७२)।' यसै सन्दर्भमा उनले अगाडि लेख्छन् : 'सघन साधना गर्दा शैव संस्कृतिको डमरु ध्वनिद्धारा उनको मानसपटमा 'अइउण, ऋलृक्' आदि चौध सूत्रको स्फूरण भयो । ती सूत्रहरुको गहन विश्लेषणबाट उनले अष्टाध्यायी व्याकरणको सिर्जना गरे ।' यसको रचना ई.पू. ५०० तिर भएको मानिएको छ ।

पाणिनी ऋषिले पणेनामा तपस्या गरेर निस्किएको १४ सूत्रलाई महेश्वर सूत्राणी भनिएको र तिनैका आधारमा लघु सिद्धान्त, मध्य सिद्धान्त र सिद्धान्त कौमुदीको निर्माण गरिएको भन्ने संस्कृतका विज्ञको भनाइ रहेको छ । पाणिनीका १४ सूत्रलाई प्रचारप्रसार र संस्कृतको व्याकरण रचना गर्ने क्रियाकलापमा पाणिनी पछि कात्यायनी र पतञ्जली समेत लागिपरेका हुन् । संस्कृत भाषाको व्याकरणको उत्पत्ति र रचना यही ठाँउमा भएकोले यसको महत्व अद्बितीय हुन गएको मानिन्छ । पाणिनी तपोभूमि क्षेत्र विश्व भाषा सम्पदाको प्रमुख स्थल पनि भएकोले गहन अनुसन्धान आवश्यक रहेको विज्ञको भनाइ रहेको छ (प्रा.डा. विष्णुराज आत्रेयसँग मिति २०७७/०२/२४ मा व्यक्तिगत सम्वाद) ।

यसबाहेक पाणिनी तपोभूमिमा दुर्लभ हुदै गइरहेको महत्वपूर्ण जडिबुटि सुनाखरी पाइने हुनाले बनस्पति विज्ञ एवम् अनुसन्धानकर्ताका लागि पनि गन्तव्य हुन सक्ने देखिन्छ ।

पर्यटन प्रवर्द्धनका दृष्टिले यसको महत्व बढदै गएको छ । आजभोली पाणिनी तपोभूमि जाने ग्रामीण पर्यटकको सख्या बढ्न थालेको छ । पाणिनी तपोभूमिलाई विश्वसामु चिनाउन पणेना र यस आसपासका स्थानीयहरुबाट १०८ फिटको ज्योर्तिलिङ्ग निर्माण गर्न लागिएको छ । प्रत्येक जेठ महिनामा तपोभूमिमा श्रीमद्भागवत् महापुराणबाट आर्थिक संकलन कार्य पनि हुदै आइरहेको छ । तालको बीच भागमा १०८ फिटको ज्योर्तिलिङ्ग स्थापना गर्ने कार्य शुरु भइसकेको छ । पाणिनीको नामबाट पाणिनी क्याम्पस, युवा क्लब, विभिन्न व्यवसाय, समितिहरु निर्माण भएका छन् । यसै गरी यस गाउँपालिकाको वडा नं. २ पोखराथोकमा वि.सं.१९९४ मा हरिहर पाठशालाको स्थापना भएको र अहिले हरिहर संस्कृत तथा साधारण उच्च माध्यमिक विद्यालयको नामबाट सञ्चालनमा रहेको छ । (फोटो नं. ७८)

यी बाहेक अर्घाखाँचीमा अन्य पर्यटकीय स्थल पनि रहेका छन् । ती हुन्- खाँचीकोट दरबार खाँचीकोट, छत्र महाराजको मन्दिर छत्रगञ्ज, जालकाँडा लेक, खनदह, बलकोटको पौवा र शिवालय, नृत्याञ्चल पर्वत र रामवाण तपोभूमि नरपानी, मसीना र तीनपाने लेक धातिवाङ, सेङलेङ, दहधनचौंर, सुपादेउराली खाँचीकोट, मनचिन्तेपानी, सितखोलाको झरना, रावणको शंखसितापुर, भालेओढार धारापानी, पकले बगैचा र पौवा, किमडाँडा, भुमिका स्थान ढाकावाङ, सिमे देउराली गोखुङगा, घेराको लेक खनदह, नृसिंह मन्दिर हंसपुर, राँगामारे मन्दिर हंसपुर, कोदारे झरना अर्घातोष,

गौचौरको दह ढिकुरा, तिलखुवा झरना, जिखोदी गुफा वाङला, हटियादेबी मन्दिर आदि छन् (प्रश्रित, २०७२) । (नक्सा नं. ४६)

### ५.६.३ ठाडा (डमरु) दह

शीतगंगा नगरपालिका वडा नं. ३ मा अवस्थित ५२ रोपनी क्षेत्रफलमा फैलिएको ठाडा (डमरु) दह अर्घाखाँची सन्धिखर्क-गोरुसिङ्गे सडक खण्डको छेउमा रहेको प्रशिद्ध दह हो । यो दहको गहिराइ ६ फिट रहेको छ । हिमाल, पहाड र तराईलाई जोड्ने पुरानो, व्यापारिक मार्गमा पर्ने यो डमरु दह यातायातको सुविधा नभएको बेला भारी बोकेर हिड्ने भरीयाहरुको साँझको आश्रय स्थल थियो । हाल धार्मिक पर्यटकहरु सुपा देउरालीको दर्शन गर्न जाँदा डमरु दहको अवलोकन गरी रमाउँछन् । (फोटो नं. ७९)

प्राचीनकालमा भगवान शिव नर्तनाञ्चल पर्वतमा ध्यान गर्न जाने क्रममा पाइला टेकेको स्थानमा डमरु आकारको पाइला बनेको र भगवान राम वनवास जाँदा वाण हानेर पानी निस्केपछि ताल बनेको किम्वदन्ती छ (श्रोत : अर्घाखाँची बुलेटीन, १८ असार, २०७७) ।

यस तालमा बाह्रै महिना पानीको सतहलाई घट्न नदिन १३० मीटर तलबाट लिफ्टिङ प्रविधिबाट पानी तानिएको छ । डमरु दहलाई आकर्षक पर्यटन गन्तव्यस्थल बनाउन दहको वरिपरि ढुङ्गा विच्छयाई Foot Track बनाउने, डुङ्गा चलाउने, दहको बीच भागमा शिवजीको मूर्ति बनाउने, वरिपरि फूलहरु रोप्ने, मन्दिरसम्म जाने पुल बनाउने, दहको प्रवेशद्वार अगाडि फिल्ड बनाई पार्किङ्ग स्थल बनाउने र पर्यटकहरुको सुविधाको लागि भवनहरु र पार्क बनाउने योजना छ (श्रोत : नगर प्रमुख सूर्य प्रसाद अधिकारी) ।

योजना बमोजिमका पूर्वाधारहरु निर्माण गर्न सकेमा डमरु दह आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यस्थल बन्न सक्ने देखिएको छ । (नक्सा नं. ४७)

## ५.७ दाङ्ग जिल्लाका महत्वपूर्ण सम्पदा

पाँच नं. प्रदेशमा पर्ने यो जिल्ला देउखुरी र दाङ्ग दुईवटा क्षेत्र मिली बनेको छ । देउखुरी समतल भाग भित्री मधेश हो भने दाङ्ग उपत्यका हो । यसको क्षेत्रफल ३०५९.८१ छ भने जनसंख्या ५५२५८३ रहेको छ । यस जिल्लामा ३ वटा नगरपालिका र ७ वटा गाँउपालिका रहेका छन् (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यो जिल्ला भएर पूर्व पश्चिम राजमार्ग गएको, राप्ती नदी यही जिल्ला भएर बगेको, पहाड, तराइ, भित्री मधेश समेत भएको, बनजङ्गल, तालतलैया, मठमन्दिर समेत भएको, थारु दङ्गीशरणको राजधानी समेत भएको, दाङ उपत्यका एशियाकै ठूलो उपत्यका समेत भनिएको, कोइला खानी भएको र कृषिका लागि देउखुरी अतिउर्वर भूमि भएको, अन्तर्राष्ट्रिय ऐतिहासिक नाका कोइलाबासका साथै बाह्रकुने तथा ज्याखिरा जस्ता तालपोखरीहरु र चमेरे गुफा, पुरन्धारा झरना, अम्विकेश्वरी, रत्ननाथ, धारापानी, रिहारजस्ता थुप्रै धार्मिक स्थलहरु समेत भएकोले यो जिल्ला पर्यटकीय दृष्किोणबाट महत्वपूर्ण रहेको छ । प्यूठानको स्वर्गद्वारी, रुकुमको हलेरी, सल्यान लगायतका ठाँउहरुमा पनि यही जिल्लाको बाटो भएर जानु पर्ने हुनाले पनि पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको यस जिल्लामा थुप्रै पर्यटकीय आकर्षणका स्थलहरु छन् । ती मध्ये केही स्थानहरुको चर्चा यहाँ गरिएको छ ।

### ५.७.१ धारापानी धाम

घोराही उपमहानगरपालिका वडा नं.५ मा अवस्थित धारापानी धाम दाङ्गको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल हो। घोराहीबाट झण्डै १० कि.मी. दक्षिणतर्फ पर्ने यो धाम ५ नं. प्रदेशकै अतिनै पावन तपोभूमि हो। (फोटो नं.८०)

यसको ऐतिहासिक महत्वका सम्बन्धमा भन्ने हो भने पाण्डेश्वर मन्दिरको नामले पनि चिनिने धारापानी धाम शहरी क्षेत्रदेखि नजिकै पर्ने र एकान्तस्थल तथा पहाडको काख भएकाले पर्यटनको उत्कृष्ट गन्तव्य बन्दै गएको छ। यस धाममा सुन, चाँदी, पितल, तामा र फलामबाट तयार गरिएको मुलुककै अग्लो भनिएको त्रिशूल स्थापना गरिएको छ ( हरिप्रसाद पाण्डे, पूर्व उपसचिव, दाङ २०७७/०२/२१ विहान ७:३० मौखिक सम्बादबाट)। (नक्सा नं. ४८)

### ५.७.२ रिहार

५ नं. प्रदेशको दाङ जिल्ला अन्तरगत लमही नगरपालिका वडा नं. ०९ मा पूर्वपश्चिम राजमार्गको किनारामा पर्ने यो ठाँउ खुला चउर हो। यो स्थान लमही बजारदेखि २५ कि.मि. पश्चिम पर्दछ। यो जङ्गल र बुट्यान भित्र पर्दछ। देउखुरी क्षेत्रमा पर्ने यो ठाँउको ऐतिहासिक तथा धार्मिक महत्व रहेको छ।

यो जिल्लाको सबभन्दा महत्वपूर्ण स्थल रिहारको इतिहास ५००० वर्ष पुरानो रहेको बताइन्छ। द्वापर युगमा ऋषिमुनिहरुले विहार गरेको हुँदा यो ठाउँको नाम ऋषि विहारबाट रिहार रहन गएको धार्मिक विश्वास छ। प्राकृतिक सौन्दर्यले सजिएको रिहारमा द्वापर युगमा ग्वालाहरुले गाई चराउने र गाईले बगार बाबालाई दुध चटाउने गरेको किम्बदन्ती पाइन्छ।

यस स्थानमा दर्शनको लागि नेपाल, भारत लगायतका अन्य देशका धर्मावलम्बी तथा पर्यटकहरु आउने गर्दछन्। यस क्षेत्रलाई पश्चिम क्षेत्रकै एक चर्चित धामका रुपमा मानिन्छ। यसलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा चिनिन्छ। यो धामको अवलोकन गर्न भारतको उत्तरप्रदेशबाट ठूलो मात्रामा पर्यटकहरु आउने गर्छन्। यस ठाँउमा माघेसंक्रान्तीका दिन मेला लाग्ने गर्छ। यस धाममा आउने धार्मिक पर्यटकहरुको संख्या दिन प्रतिदिन बढदै गएको बताइएको छ। यस रिहारको नजिकै सामुदायिक थारु होमस्टे समेत रहेको हुँदा यहाँ खान बस्ने सुविधा रहेको छ। ( नक्सा नं. ४८)

### ५.७.३ सिद्धरत्ननाथ पीठ

दाङका ऐतिहासिक, पुरातात्विक एवं धार्मिक स्थलहरु मध्ये सिद्धरत्ननाथ पीठ अत्यन्त महत्वपूर्ण धार्मिक एवं ऐतिहासिक स्थल हो। यो घोराही नगरपालिका अन्तरगत चौघेरामा पर्दछ र उपत्यका प्रवेश विन्दुमै यो पीठ रहेकोछ। प्राचीन कालमा दाङ देउखुरी एउटा ठूलो ताल थियो।  कालान्तरमा यो ताल फुटेर पश्चिमबाट बबई र ऐरावती द्वार हुँदै निकास भएपछि यो ठाउँ बस्ती बस्न योग्य भएको किम्बदन्ती छ। राज्य सञ्चालनको अवधारणा विकसित भएपछि माणिक्य परीक्षक नाम गरेका राजाले राज्य गर्न थाले र उनी पछि उनका छोरा रत्न परीक्षक राजा भए। यीनैको नामबाट राजधानीको नाम रत्नपूरी रहन गएको र हालको चौघेरामा उक्त राजधानी रहेको भनिन्छ। एकदिन राजा शिकार खेल्न गएको बेला प्राणि-वधबाट बचाउने उद्देश्यले गोरखनाथले हँश गायत्रीको दीक्षा दिएर राजालाई अमृत पात्र प्रदान गरी रत्ननाथ नाम राखिदिनुभयो। यसरी गोरक्षनाथबाट शिक्षा प्राप्त गरेका राजा रत्ननाथले सिद्धि प्राप्ति पश्च्यात रत्नपूरीमा गोरक्षनाथ मन्दिर स्थापना गरेको किम्बदन्ती छ। योगीको सिद्धि प्रभावबाट प्रभावित भई त्यहाँका वादशाहले आफूले धारण गर्ने राज पदवी पीर प्रदान गरी सम्मान गरेको हुँदा आजसम्म पनि यस पीठका मठाधीशलाई

पीर भन्ने चलन छ । यस पीठको स्थापनाको तिथि मिति किटान गरेर भन्न सकिँदैन । यो पीठ दाङ क्षेत्रको इतिहास र आध्यात्मिक महत्व बोकेको स्मारक हो, त्यसैले यसको विशेष महत्व छ । (फोटो नं. ८१) यस मन्दिरमा श्रीनाथको नित्य नियमपूर्वक पूजा गरिन्छ । दैनिक अपरान्ह ३ बजेदेखि ६ बजेसम्म र रातिमा १ बजे देखि ४ बजेसम्म पूजा गर्ने चलन छ । (नक्सा नं. ४९) यस मन्दिरको करिब २५० विगाह जमिन रहेको छ, त्यसैगरी केही नगद पनि केन्द्रीय गुठीमा रहेको बुझिन्छ । यही पीठको बाटो भएर लाखौ स्वदेशी, विदेशी तीर्थयात्रीहरु यस पीठको दर्शन पश्चात स्वर्गद्वारी जाने हुनाले यस पीठमा धर्मशाला लगाएतका आवश्यक संरचनाहरु निर्माण गर्नुपर्ने देखिएको छ । (स्रोतः दाङ्गका पर्यटकीय सम्पदा, २०६५ जि.वि.स. दाङ्ग)

### ५.८ प्यूठान जिल्लाका महत्वपूर्ण सम्पदा

प्रदेश नं. ५ अन्तरगतको पहाडी जिल्ला प्यूठानको क्षेत्रफल १३२०.९३ वर्ग कि.मि., जनसंख्या २२८१०२ र ९ वटा स्थानीय तहहरु रहेका छन् (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यस जिल्लामा दुईवटा नगरपालिका र ७ वटा गाँउपालिका रहेका छन् । यो जिल्ला प्राकृतिक रमणीयता, ऐतिहासिक महत्व, धार्मिक, सांकृतिक तथा पुरातात्विक दृष्टिले पनि अति समृद्ध रहेको जिल्ला हो । तीमध्ये केही पर्यटकीय महत्व राख्ने स्थलहरुको बारेमा संक्षिप्त रुपमा तल चर्चा गरिएको छ ।

#### ५.८.१ स्वर्गद्धारी

स्वर्गद्धारी प्यूठान जिल्लाको सदरमुकाम खलङ्गाबाट करिब २६ कि.मी. पश्चिममा भिग्रि जलुकेबाट १३.५ कि.मी. पश्चिमको दुरीमा पहाडको पखेरोमा अवस्थित धार्मिक पर्यटकीय स्थल हो । यो स्वर्गद्वारी नगरपालीका अन्तरगत पर्दछ । स्वर्गद्धारी मन्दिर नेपालका प्राचीन मन्दिरहरुमध्ये एक हो । यो आश्रम समुन्द्र सतहदेखि ७००० फिटको उचाईमा पर्दछ र २६०० रोपनी क्षेत्रफलमा फैलिएको छ । रोल्पा जिल्लाको कुम्तीमा जानु भएका १०८ महाप्रभु वालतपस्वि नारायण गौतम १९५१ मा स्वर्गद्धारी आएपछि बेदका मन्त्रद्धारा अग्नी प्रज्ज्वोलित गरी १९५२ बैशाख पूर्णिमादेखि अखण्ड महायज्ञ शुरु भएको हो (स्रोत : सूर्य थापा, प्रदेश नं.५ मा पर्यटन विकासको एकीकृत अवधारणा, २०७६) ।

तिहारको औंशीका दिन र दशैंको फूलपातीको दिन प्रभुको सम्झनामा देश विदेशबाट आएका हजारौं हजार भक्तजन समेतको उपस्थितिमा प्रभुको रथयात्रा निकाल्ने प्रचलन छ । स्वर्गद्धारी पुग्न पूर्व पश्चिम महेन्द्र राजमार्गको दाङ भालुवाङ देखि प्यूठान जिल्लाको भिग्रीसम्म कालोपत्रे सडक रहेको र भिग्री देखि १४ कि.मी. ठाडै उकालो कच्ची ग्रामीण सडक हुँदै जानु पर्ने हुन्छ । बर्षायाममा यो बाटो चल्दैन । पैदल नै यात्रा गर्नु पर्ने हुन्छ । स्वर्गद्धारी पुगी सकेपछि खाने, बस्ने व्यवस्था आश्रममा हुन्छ । लाखौले दर्शनगरी सकेको यो धाममा पुग्न स्कारपियो, बलेरो लगायतका साधनहरु पुग्दछन् । मोटर धामभन्दा तलै रोकिन्छ । धारापानी पुगी सकेपछि २० मिनट जति सिडी चढिसकेपछि स्वर्गद्धारी धाममा पुगिन्छ । (फोटो नं. ८२)

पौराणिक कालमा पाण्डवहरु स्वर्ग जाँदा यहाँको बाटो भएर गएको हुनाले स्वर्गद्धारी नाम रहेको हो । यहाँ पुगेपछि मनले चिताएको पूरा हुने जनविश्वासका साथ स्वदेशी र विदेशी पर्यटकहरु यहाँ जान्छन् । यहाँ स्वदेशी भन्दा भारतीय पर्यटकको भीड लाग्ने गर्दछ । (नक्सा नं. ५०) भारतीय पर्यटकको आवागमनबाट पर्यटन व्यवसायमा खासै टेवा नपुग्ने स्थानीय पर्यटन व्यवसायीको भनाइ रहेको छ (स्रोत : थापा, २०७६) ।

### ५.८.२ गौमुखी

राप्ती नदीको एक हिस्सा झिमरुक नदीको उद्‌गमस्थल हो गौमुखी । अर्घा, ठूलाचौरबाट अगाडि बढेपछि पुगिने गौमुखिको ऐतिहासिक, पर्यावरणीय र साँस्कृतिक महत्व व्यापक रहेको छ । तर दुर्गम अवस्थितिका कारण पर्यटीकय पूर्वाधारको अभाव छ । माघे संक्रान्तिमा मेला लाग्ने गौमुखीमा २०६६ सालमा करिब ३० हजार आन्तरिक पर्यटक पुगेक थिए । सरकारले प्रस्ताव गर्न लागेको मदाने-पञ्चासे संरक्षण क्षेत्र अन्तरगत गौमुखी पर्दछ । माघे संक्रान्तिको मेलामा तीथालु-दर्शानार्थीहरु नुहाउछन्, परेवा, कलम-ध्वजा आदि चढाउँछन् र आ-आफ्नो इच्छा पूरा होस् भन्ने चाहान्छन् । गौमुखीमा सामान्य मन्दिर पनि रहेको छ । समुंद्र सतहबाट १५००-२५०० मीटरको उचाई अन्तरगत पर्ने गौमुखी क्षेत्र खासमा २१०० मीटर उचाईमा रहेको छ ।

प्युठानको उत्तरी भेगमा पर्ने दुर्गम गाउँ अर्घामा अवस्थित यसको पूर्वमा गुल्मी, उत्तरमा बाग्लुङ र पश्चिम दक्षिणमा प्युठानका अरु गाउँहरु पर्दछन् । यो क्षेत्र नेपालको मध्य पहाडी क्षेत्रमा पर्दछ, जहाँ सबैभन्दा धेरै पारिस्थितिक प्रणालीहरु तथा प्राणीहरुको पनि विविधता रहेको पाइन्छ । मुलुकको कूल जंगलको ३२ प्रतिशतजंगल मध्ये पहाडी क्षेत्रमा रहेर ५२ प्रकारका पारिस्थितिक प्रणालीहरुलाई ओगटेको छ । जबकि सरकारले ३३ वटा इको-सिष्टमलाई मात्र संरक्षण गर्न सकेको पाइन्छ । मध्य पहाडी क्षेत्रमा ११० जातका स्तनधारी जीवजन्तु र ६९१ जातका चराहरु पाइन्छ । ती मध्ये यो एउटा महत्वपूर्ण संरक्षण क्षेत्र हुनसक्छ । किनभने, पञ्चासे संरक्षण क्षेत्र अन्तरगतको अध्ययन अनुसन्धान प्रक्रियालाई बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँट आरक्षणसँग समन्वय गरी अघि बढाउन प्रयास अघि बढाएको छ । यस क्षेत्रमा डाँफे, मुनाल, चिर, कालिज र गिद्धहरु पाइने स्थिति छ । यो क्षेत्र जडिबुटीका लागि पनि अति महत्वपूर्ण मानिन्छ ।

करिब डेढ सय वर्ष अघि बाग्लुङ, निसीका तगारा बुढामगर (निसेल) ले भैंसी चराउँदा गौमुखीको १२ मीटर लम्बाई, ६ फिट चौडाई र ७ मीटर उचाई क्षेत्रफल रहेको गुफा भेटेका थिए । त्यसलाई उनले गाईको मुखजस्तो पत्थरको आकारबाट पानी आएको दृष्यको आधारमा गौमुखी नामाकरण गरेको भनिन्छ । त्यही गुफाबाट पानी निस्केपछि झिमरुक नदीका रुपमा प्रवाह सुरु हुन्छ । त्यसै बाहिर सामान्य मन्दिर रहेको छ । मन्दिरमा सन्तानको प्रगति र ऐश्वर्य बृद्धि आदि मनोकामना पुरा गर्न दुधको धार, पशुपंक्षीको दाम्लो चढाउने र परेवा उडाउने गरिन्छ । मध्य पहाडी प्रकृति र स्थानीय मगर संस्कृतिको संयोजन गरेर गौमुखीलाई आन्तरिक र विदेशी पर्यटकको आकर्षक गन्तव्य बनाउन सकिन्छ । हाल अर्घा, अर्तुवाङबाट पैदल हिडेर गौमुखी पुग्न सकिन्छ । बाग्दुला, ठूलावेसी-भीमगिठे त्रिदेशीय सडक निर्माण पुरा गरी यसलाई निकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकसित गर्न सकिने अवस्था छ । लालीगुराँसले भरिएको यहाँको घनजंगलमा पाइने गुलाबी रङको गुराँस विशेष आकर्षक बन्ने देखिन्छ । यहाँ मगर संग्राहलय र होमस्टे सञ्चालनको प्रयास अघि बढेको छ (स्रोत : सूर्य थापा, प्रदेश नं.५ मा पर्यटन विकासको एकीकृत अवधारणा, २०७६) ।

### ५.८.३ गडी/ओखरकोट

प्युठानमा अवस्थित विभिन्न कोटहरुमध्ये गडी र ओखरकोट यस भेगका चर्चित कोट हुन् । ओखरकोटमा जाटकालीन राज्यका पुरातात्विक अवशेषहरु पाइन्छन् । हालै ओखरकोटको भीर छेडेर मोटरबाटो गडीकोटको उत्तरी मोहडा हुँदै बाँदीकोटसम्म पुगेको छ । यो आफैमा अवलोकन योग्य रहेको छ । ओखरकोट र गडीकोटमा दशैंको अवसरमा मेला लाग्दछन् । गडीकोटमा त दशैंको पूर्णिमाका दिन यस भेगकै विशाल मेला लाग्ने गर्दछ । यी कोटहरुमा पूर्वाधार

निर्माणको काम अपेक्षा अनुरुप हुन सकेका छैनन् (स्रोत : सूर्य थापा, प्रदेश नं.५ मा पर्यटन विकासको एकीकृत अवधारणा, २०७६) । (फोटो नं. ८३)

यस बाहेक प्यूठानमा प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक दृष्टिले महत्वपूर्ण धेरै स्थलहरु छन् । ती पर्यटकीय स्थलहरु ऐरावती, असुरकोट, बन्धिकोट, भृकुटी गुफा, भित्रीकोट दरबार, भ्रिङ्गीकोट, भिमसेन स्थान, विजुलीकोट, ढुंगेगढी, रानीपौवा, तातोपानी शिवालय, उदयपुरकोट, त्रिपुरासुन्दरी, भीमसेन मन्दिर, क्षेत्रपाल मन्दिर, गणेश मन्दिर, गोरखनाथ मन्दिर, जाल्पादेवी मन्दिर, काली देवी मंदिर, लक्ष्मीनारायण मन्दिर, राधाकृष्ण मन्दिर, आदि हुन् ।

### ५.९ रोल्पा जिल्लाका महत्वपूर्ण सम्पदा

यो जिल्ला पनि ५ नं. प्रदेशको पहाडी जिल्ला हो । यो दुर्गम जिल्ला पनि हो । यस जिल्लाको क्षेत्रफल १८८५.४१ वर्ग कि.मि., जनसंख्या २२४५०६ रहेको छ (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यस जिल्लामा दशवटा स्थानीय तह भएकोमा एउटा नगरपालिका र नौवटा गाँउपालिका गरी दशवटा पालिकाहरु रहेका छन् । यस जिल्लामा जलजला, त्रिपुरा सुन्दरीजस्ता धार्मिकस्थलहरु, जलजला र सुनछहरा झरनाजस्ता प्राकृतिक स्थलहरु रहेका छन् भने थवाङ, गजुलकोट, खुङग्रीको दरबार जस्ता ऐतिहासिक स्थलहरु छन् । प्राकृतिक दहपोखरीहरुमा विवाङ दह, जाँगा दह, पारिवाङ आदि छन् । यसरी पर्यटन प्रवर्द्धनका दृष्टिले यो जिल्लामा रहेका महत्वपूर्ण स्थलहरुमध्ये केही स्थलहरुको संक्षिप्त रुपमा चर्चा गरिएको छ ।

### ५.९.१ थवाङ

थवाङ, थवाङ गाँउपालिका अन्तरगत वडा नं. १ मा पर्दछ । जिल्ला सदरमुकाम लिवाङ्गबाट १ दिन पैदल हिँड्दा पुगिने थवाङ गाउँ राजनैतिक रुपमा चर्चित भएको छ । प्रारम्भिक कालमा यो गाँउ बहिस्कारवादी कम्युनिष्ट गाउँ भनेर चर्चित थियो, भने २०५२ सालमा जनयुद्ध शुरु भएपछि माओवादीको उद्‌गम स्थलकै रुपमा समेत थवाङ परिचित भएको छ । (फोटो नं. ८४)

रोल्पाको उत्तराखण्ड र विकट क्षेत्रमा रहेको थवाङ राजनैतिक नेताहरु खासगरी वामपन्थीहरुलाई आश्रय दिने ठाउँको रुपमा परिचित छ । यस ठाउँका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, अवलोकन गर्ने, प्राकृतिक अवस्थितिको दृश्यावलोकन गर्ने, आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षणको थलो बन्न सक्ने हुनाले पर्यटन प्रवर्द्धनका लागि यो स्थानमा साँस्कृतिक एवं युद्ध संग्रहालयको स्थापनाका साथै भौतिक पूर्वाधार एवम् पर्यटन पूर्वाधार गरी पर्यटन प्रवर्द्धन गर्न उपयुक्त हुने कुरा पर्यटन व्यवसायीको रहेको छ । (नक्सा नं. ५१)

### ५.९.२ सुनछहरी झरना

रोल्पा जिल्लाको सुनछहारी गाउँपालिका अन्तरगत वडा नं. ४ मा पर्ने यो सुनछहारी झरना करिव १ सय २५ मिटर अग्लो छ । राप्ती क्षेत्रकै सबैभन्दा अग्लो झरनाको रुपमा चिनिने सुनछहरी निकै मनमोहक छ । पर्यटकका लागि सुनछहरी झरना उचित गन्तव्य हो । पर्यटकीय नगर सुलिचौरदेखि १८ किलोमिटर कच्ची सडक पार गरेर सुनछहरी अवलोकन गर्न सकिन्छ । झरना खस्ने स्थानमा सुनको खानी रहेको दावी गरिएको छ । जहाँबाट चोइटिएर लुंग्रीमा सुन पाइएको स्थानीयहरु बताँउछन् । कन्चन जल अनि कडा चट्टानमा ठोक्किदै सुनछहरी लुंग्री अथवा सुर्वणवती नदीमा खस्ने गर्दछ । दाङको भालुबाङदेखि ७८ किलोमिटर सडक दुरी पार गरेपछि पर्यटकीय नगर सुलिचौर पुग्न सकिन्छ ।

मगर संस्कृतिले सम्पन्न स्यूरीमा घरबास कार्यक्रम सञ्चालन गर्ने र सुनछहरीको पर्यटन महत्वलाई प्रवर्द्धन गर्न सके यस क्षेत्रको विकास हुने जानकारहरु बताउँछन् । पर्यटकीय हिसाबले मात्र सुनछहरी आकर्षण केन्द्र छैन, भौगर्भिक हिसाबले पनि सुनको खानी भएको अनुमान गरिएको छ । यद्यपि त्यहाँ सुनको खानी रहेको नरहेको उत्खनन् भने भएको छैन । (फोटो नं. ८५)

सुनछहरी झरनाको मुहान मानव बस्तीभन्दा टाढा रहेकोले पूर्णरुपमा कन्चन सफा र स्वच्छ छ । आन्तरिक पर्यटकका लागि उचित गन्तव्य मानिने सुनछहरीको विदेशी पर्यटकले पनि अवलोकन गर्ने गर्दछन् । सुलिचौरदखि पोबाङ फुलिवन हुँदै थबाङ पुग्ने जो कोही पर्यटकको नजरमा सुनछहरीको दृश्यले मन तान्ने गर्दछ ।

रोल्पाको पर्यटन प्रवर्द्धन गर्न रुट निर्धारणका लागि टान नेपालले पहल थाले पनि अहिले सुस्ताएको नागरिक अगुवा अमृत जिसीले बताए । टानले सर्वे गर्दा सुनछहरी हुँदै बिबाङ दहसम्मको रुट बनाए पनि सरकारी निकायबाट पहल नभएको जि.सि.ले बताए । (नक्सा नं. ५२)

### ५.९.३ गजुलकोट

साविकको गजुल गाविस वडा नं. ६ र हालको सुनिलस्मृति गाउँपालिका वडा नं. ६  गजुलकोटमा रहेको गजुलकोट २८ डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ७१ मीनेट पूर्वी देशान्तरमा रहेको छ । गजुलकोटको दरबार रहेको स्थान समुद्री सतहबाट १३३५ मीटर  उचाईमा अवस्थित छ ।

मध्यकालीन बाइसे राज्यभित्रका अन्य राज्य जस्तो शक्तिशाली र ठूलो नभएता पनि यो राज्य महत्वपूर्ण अस्तित्वमा रहेको थियो । गजुलकोटमा काठमा लेखिएको वि.सं. १७०३ को अभिलेख पाइएबाट त्यहाँ राजदरवार रहेको प्रमाणित हुन्छ । सेन राजा गजुलमा सुरुदेखि नै बसेको भने पाइदैन । जाजरकोट जक्तिपुरबाट आएका तुथासेनलाई गजुलका थपालाहरुले राजा बनाएका थिए । गजुल राज्यमा १६ जना राजाहरुले राज्य गरेको पाइन्छ । गजुल राज्य अन्तर्गत गजुल, खुंग्री, खुमेल, रेउघा, धाङ्सी, लिबाङ, धबाङ, ह्वामा, मिझिङ, हरिगाउँ, महेन्द्री, जेदबाङ, खेवासे, मन्घा, क्वालीगाउँ, फगाम, हिले र नुवाकोट गरी १८ गाउँ थिए । तुथा सेन राजा भइसकेपछि राजगुरुको आवश्यकता देखेपछि प्यूठानको सेपुङबाट सुवेदी थरको ब्राह्मण ल्याइ राखेको इतिहास छ । अझैपनि गजुलमा सुवेदी, सेन र थापाहरुको बस्ती रहेको छ ।

गजुलकोट पुग्न रोल्पा सदरमुकाम लिबाङबाट पूर्व घन्टा पैदल दुरी हिड्नुपर्छ भने अहिले लिबाङबाट मिझिङसम्म २३ किलोमीटर कालोपत्रे र त्यहाँबाट उत्तरतिर ११ किलोमिटर कच्ची सडकमा मोटरबाट पुग्न सकिन्छ । यसैगरी सुलिचौर बजारबाट पनि मोटरबाट १ घन्टामा गजुलकोट पुग्न सकिन्छ । बिजुली, पानी यातायात आदिले सुविधा पुगेको गजुलकोटको दरबार क्षेत्र भने जीर्ण छ । यहाँ दरबार रहेको ठाउँमा एउटा घर छ । पुरातत्व विभागले पुरानो दरबारको ढाँचा बमोजिम घर बनाउने योजना रहेको छ । यसको विकासका लागि कालोपत्रे आवश्यकता पर्दछ भने । लिबाङबाट थामलेक र थामलेकबाट गजुलकोटमा केबुलकार बनाउन सके यसको महत्व बढ्न सक्ने देखिन्छ । (स्रोत : दमोदर सुवेदी रोल्पा, २०७७/०३/३१, फोन नं. ९८५७८२२३३५)

### ५.९.४ जलजला

टोपो नक्साका अनुसार जलजला क्षेत्र २८ डिग्री २५ मिनेट देखि २८ डिग्री २७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ४२ मिनेट ३० सेकेण्ड देखि ४२ डिग्री ४५ मिनेट पूर्वी देशान्तरको वीचमा रहेको छ । जलजलाको क्षेत्र यतिनै

हो भन्ने एकिन नभएकोले यसको क्षेत्रफल हाल उपलब्ध हुन सकेको छैन । यसको क्षेत्रफल धेरै फैलिएको छ । धरमपानी भन्ने स्थान देखि जलजलाको देवस्थल भन्दा अँझ पूर्व र दक्षिण सम्मको भागलाई पनि जलजला भन्ने गरिन्छ । (फोटो नं. ८६)

समुद्र सतहबाट करीव ३६३९ मीटरको उचाइसम्म रहेको जलजलामा धरमपानी ३५७६, धर्मशाला ३२३० मीटर र बराह मन्दिर ३१९३ मिटर सम्मको उचाइमा रहेका छन् । यो ठाउँ रोल्पा जिल्लाको सदरमुकाम लिवाङबाट करीव २४ कोष पूर्व उत्तर र रोल्पा जिल्लाकै व्यापारिक केन्द्र सुलिचौर बजारबाट करीव २० कोष उत्तर पश्चिमको दुरीमा रहेको छ । समशितोष्ण प्रकारको हावापानी र कोणधारी प्रकारको वनस्पति हुनु यहाँको भौगोलिक विशेषता हो । हिउँदमा हिउँ पर्ने र वर्षाको समयमा कुहिरो लाग्ने र पानी परिरहने यस ठाउँको विशेषता रहेको छ ।

**धार्मिक एवं ऐतिहासिक महत्व**

जलजलाको धार्मिक तथा ऐतिहासिक महत्व सदियौं अगाडि देखिनै रहिआएको पाइन्छ । प्राचिन समयदेखिनै जलजलालाई एक धार्मिक महत्वको स्थानको रुपमा चिनिदै आएको छ । बुढापाकाहरुका अनुसार कुनै अप्ठेरो परेको अवस्थामा जलजलाका देवतालाई भाकल गर्नाले अप्ठेरो हट्ने र जलजलामा गई पूजाआजा गर्नाले मनोवाञ्चित कार्य पूराहुने विस्वास छ । जलजलामा वराह, बजु, मालङ्री र झाँकीको पूजा गर्ने गरिन्छ । वराह भनेको भगवान विष्णुको अवतार हो । बजुलाई देवीको रुपमा मानिन्छ भने झाकी भनेको यहाँको स्थानीय इष्टदेवको रुपमा लिइन्छ ।

यस स्थानमा रोल्पा जिल्लाका विभिन्न ठाउँहरुबाट मात्र नभएर नेपालका विभिन्न जिल्लाहरुबाट तीर्थयात्रा गर्न आउने मानिसहरुको घुइचो जेष्ठ शुक्ल पूर्णिमा र साउन शुक्ल पूर्णिमाको ताका बढी देखिन्छ । यस समयमा नेपाल लगायत छिमेकी मुलुक भारतबाट पनि तीर्थयात्रा गर्न श्रद्धालुहरु आउने गर्दछन् । अरु देवस्थलमा भन्दा यस देवस्थलमा फरक के छ भने यहाँ भेडाको जोडी बली दिने चलन छ । हाम्रो परम्परा अनुसार स्त्री जाति चौपाया बध गर्न नहुने भएता पनि परम्परा देखिनै यहाँ यस्तो चलन चलिआएको मानिन्छ । प्रायः हरेकजसो मन्दिरमा एउटा मात्र बली दिने चलन हुन्छ तर यहाँ दुइवटा बली दिनुपर्ने परम्परा चलि आएको छ । प्रायजसो मन्दिरहरुमा पूजारीहरु बाहुन हुने देखिन्छ तापनि यस ठाउँमा मगर जातिको मानिस नै पूजारी छन् । नेपालमा धरैजसो प्रख्यात तीर्थस्थलहरु विकट ठाउँमा भएता पनि यातायात ,संचार र विद्युत लगायतका सुविधा पुऱ्याएर सुगम बनाएको पाइन्छ तर यो अत्यन्त विकट ठाउँमा भएको तर यसलाई सुगम बनाउन हालसम्म कसैको पनि ध्यान नपुगेकोले यसको ऐतिहासिक पृष्ठभूमिको प्रचार प्रसार व्यापक रुपमा हुन सकेको छैन ।

**पर्यटकीय स्थलको रुपमा सम्भावना**

जलजला प्रकृतिको यस्तो मनोरम काखमा अवस्थित छ । जहाँ पुग्न लामो समय लाग्छ, हिउँदको समयमा जाडोको डर र वर्षाको समयमा जुकाको डर तथा वन्यजन्तुको भय हुन्छ तापनि त्यहाँ पुगिसकेपछि सम्पूर्ण कठिनताहरुलाई यसको प्राकृतिक सौन्दर्य र उपहारले बिर्साइदिने छ । हिमाली वातावरण, पहाडी हावापानी यहाँको अनौठो विशेषता हो ।

यहाँ पाइने राष्ट्रिय पंक्षी डाँफे ,मूनाल ,कालिज लगायत विभिन्न किसिमका चराचुरुङ्गी, वनिवल, बाघ, राते, मृग, घोरल लगायतका वन्यजन्तु मुख्य सम्पदाहरु हुन । पहिले पहिले यस ठाउँमा कस्तुरी पनि पाइने कुरा यहाँका बुढापाकाहरु बताउँछन् । यहाँको वनस्पति लोभलाग्दो छ । यहाँ धुपी, बाँझ, सेतो गुराँश, लाली गुराँश, स्प्रुश, भोजपत्र, जुनीपेरश, देवदारु र सल्लाका विभिन्न प्रकारहरु लगायत अरु धेरै काष्ठ पैदावार पाइन्छन भने यार्सागुम्वा, पाँचऔंले, भ्याउ,

जटामसी र केशर लगायत विभिन्न किसिमका गैरकाष्ठ वन पैदावारहरु पाइन्छन । यहाँको घाँसे फाँटमा रंगीविरंगी भूँई फूलहरु पाइन्छन ।

यस क्षेत्रमा फराकिलो घाँसे मैदान रहेको हुनाले रुसको साइवेरिया भन्ने ठाउँको बारेमा पढेकाहरुलाई यो कतै साइबेरियाको टुक्रा त खसेको हैन भन्ने कौतुहलता उत्पन्न गराइदिन्छ । अँझ आश्चर्यको कुरो त के पनि हो भने रोल्पा जिल्लाको खुंग्रीको चतुर्भुज भन्ने स्थानमा मिल्ने रोल्पाका दुई ठूला नदीहरु माडी र लुंग्री जो रोल्पाको पूर्वी भेग र पश्चिमी भेगबाट बगेर आउँछन दुवैको उद्‌गम थलो पनि जलजला क्षेत्र नै हो ।

यहाँको एक भागमा यस्तो जमीन छ जहाँ हिड्दा थलथल गर्ने हुनाले कतै कपासमा त खेलिएको छैन भन्ने भान हुन्छ । उत्तर तिर बगेको यहाँको खोला अर्को महत्वपूर्ण प्रकृतिको उपहार हो । यस क्षेत्रमा रहेको भामापु भन्ने ओडार र त्यस ओडारमा निस्केको पानी साथै विभिन्न आकृतिका वस्तुहरु पनि पुरातात्विक सम्पत्तिहरु हुन । जलजलाको मैदानी भागमा बग्ने पानीलाई कृत्रिम रुपमा थुनेर झिल बनाउने हो भने गर्मीको समयमा नौका विहार गर्ने तालको रुपमा व्यवस्था गरी पर्यटनको विकास गर्न सकिन्छ । यसैगरी यहाँ घोडाहरु पाली घाँसे मैदानमा घोडचढीको व्यवस्था गरी विदेशी पर्यटक हरु भित्र्याउने र घोडा दौड खेलको विकास गर्न सकिन्छ, साथै चितवनको सौराहामा हात्ती चढी वन विहार गरेजस्तै घोडाको माध्यमबाट वन विहार गर्न पनि सकिन्छ ।

जलजलामा रहेका मन्दिरहरु अत्यन्त जीर्ण अवस्थामा भएको हुनाले यी मन्दिरहरुलाई जिर्णोद्धार गरी धार्मिक आस्था राख्ने हरुका लागि पूजा आजा गर्न उपयुक्त वातावरण दिने साथै धर्मशालाहरु निर्माण गरी बास बस्ने व्यवस्थाको राम्रो प्रवन्ध मिलाएमा पनि धार्मिक पर्यटकीय स्थानको रुपमा विकास गर्न सकिन्छ । यसरी हेर्दा जलजला धार्मिक, ऐतिहासिक, प्राकृतिक र जैविक सम्पत्तिहरुको धरोहर भएको कारणले यसको मौलिकतालाई जोगाई राख्न तीनै तहका सरकारहरुको ध्यान जानु आवश्यक छ (स्रोत : दामु, २०६७, अन्तर ध्वनी त्रैमासिक) ।

### ५.१० रुकुम पूर्व जिल्लाका महत्वपूर्ण सम्पदा

रुकुम पूर्व जिल्ला नेपालको कान्छो जिल्ला तथा पाँच नं. प्रदेशको एक मात्र हिमाली जिल्ला हो । यो जिल्ला विभिन्न जातजाती, भेषभूषा, भाषा, संस्कृति र चाडपर्व समेतका हिसाबले विविधता बोकेको जिल्ला हो । यस जिल्लाको क्षेत्रफल ११६१.१३ वर्ग कि.मि. र जनसंख्या ५३१८४ रहेको छ (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । ५२ पोखरी ५३ टाकुरीको जिल्ला भनेर पहिचान बनाएको साविकको रुकुम जिल्ला हाल दुई जिल्ला (रुकुम पूर्व र रुकुम पश्चिम) मा विभाजन भएपछि अब त्यो विषय इतिहास भैसकेको छ । तैपनि प्राकृतिक सम्पदाको हिसाबले यो जिल्ला धनी नै छ । यस जिल्लामा ३ वटामात्र स्थानीय तह छन् र एउटा पनि नगरपालिका नभएको जिल्ला ५ नं. प्रदेशमा यो मात्रै हो ।

पुथा हिमाल, सिस्ने हिमाल, कमल ताल, सुनदह, देउराली गुफा, ढोरपाटन शिकार आरक्ष र विभिन्न रमणीय गाउँहरु यहाँका दर्शनीय एवं रमणीय पर्यटकीय स्थलहरु हुन् । नेपालको एक मात्र शिकार आरक्षको झण्डै ६० प्रतिशत भू-भाग समेत यस जिल्लामा पर्दछ । यी स्थानहरुको विकास र प्रवर्द्धनका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको प्रयत्न जारी रहेको छ ।

### ५.१०.१ सिस्ने हिमाल

सिस्ने हिमाल रुकुम पूर्व जिल्लाको सिस्ने गाँउपालिका वडा नं. १ मा पर्दछ। सिस्ने हिमाल उत्तरी सिमानामा अवस्थित रमणीय एवं सुन्दर हिमाल हो। यो हिमाललाई स्थानीय भाषामा मुर्कट्टा हिमाल पनि भनिन्छ। यो हिमाल धौलागिरी हिमश्रृंखला अन्तरगत पर्दछ र यसको उचाई ५ हजार ८ सय ४९ मीटर छ। यही हिमालको नामबाट सिस्ने गाउँपालिकाको नामाकरण गरिएको हो। यो हिमाल अत्यन्तै सुन्दर र पर्यटकीय हिसाबले समेत महत्वपूर्ण छ। हिमालको फँदमा रहेका पाटनहरु, ग्लेसियरबाट बग्ने झरना र खोलाहरु र यार्सागुम्बा लगायत हिमाली जडीबुटी एवं विविध वन्यजन्तुहरुको दृश्यावलोकनका लागि पर्यटकहरु निकै आकर्षक हुने गरेको पाइन्छ। (फोटो नं. ८७)

रुकुम पूर्व जिल्लामा रहेका सिस्ने हिमाल देखि रन्मा मैकोटको पुथा हिमाल सम्मका हिमाली श्रृखंलाहरु, हरियाली वन क्षेत्रहरु, सुन्दर ताल तलैया, बहुमूल्य उपयोगी वनस्पतीहरु, लेकाली वनहरु, हिमाली वन्यजन्तु र डाँफे मुनाल जस्ता पंक्षीहरु रहेको ढोरपाटन शिकार आरक्ष जस्ता महत्वपूर्ण प्राकृतिक सम्पदाहरुको संरक्षणमा विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ। यी स्थानहरुमा सहज पहुँचका लागि सडक निर्माण, मर्मत सुधार र स्तरोन्त्ती भएमा मात्र पर्यटकहरुको आवागमनमा वृद्धि भई स्थानीय अर्थतन्त्रमा टेवा पुग्न सक्दछ। (नक्सा नं. ५३) त्यसैगरी जिल्लाको विविध संस्कृतिको पहिचान र संरक्षणमा पनि उत्तिकै ध्यान पुऱ्याउन जरुरी देखिएको छ। (स्रोत : नन्दलाल शर्मा (पूर्वी रुकुम) सँगको सम्वाद, मिति २०७७/०३/०५ फोन नं. ९८५११५९६३२)

### ५.१०.२ पुथा हिमाल

रुकुम पूर्व रन्मा मैकोटमा रहेको पुथा हिमाल प्रदेश ५ को सबैभन्दा अग्लो हिमाल हो। यो हिमाल समुन्द्र सतह देखि ७२४६ मीटर उचाइमा रहेको छ। यही हिमाल समेतको नामबाट पुथा उत्तरगंगा गाउँपालिकाको नामाकरण गरिएको छ। (फोटो नं. ८८)

धौलागिरी हिमश्रृंखलामा पर्ने यस हिमालको आरोहणको लागि विभिन्न देशका पर्यटकहरु छुट्टै प्याकेज बनाई आउने गर्दछन्। ढोरपाटन शिकार आरक्षण क्षेत्रको उत्तर तर्फको अवस्थितिले गर्दा पर्यटकहरुलाई यस हिमालले अरु नजिक ल्याउने काम गरेको छ। यस हिमालको आधार क्षेत्रमा यार्सागुम्बा समेत पाइने हुँदा उक्त स्थानमा स्वदेशी/विदेशी व्यापारी एवं स्थानीयको घुइचो समेत लाग्ने गर्दछ। (नक्सा नं. ५४)

### ५.१०.३ कमल ताल

सिस्ने गाउँपालिका अन्तरगत वडा नं ५ मा रहेको कमल ताल यस क्षेत्रकै अत्यन्त रमणीय प्राकृतिक स्थल हो। यसको ऐतिहासिक, पौराणिक, धार्मिक, साँस्कृतिक महत्व रहेको छ। सदरमुकाम रुकुमकोटमा रहेको यो ताल सबैका लागि दर्शनीय स्थल बनेको छ। मध्यपहाडी लोकमार्ग यो ताल क्षेत्रसँग जोडिएको छ। यसको नजिकै १२ भाइ बराह मध्येका सेतु बराहको मन्दिर छ। त्यसको नजिकै शेरमुक्तेश्वर महादेव मन्दिर रहेको छ। दहको वरिपरि घुम्नका लागि करिब एक घन्टा समय लाग्छ। यो ताल करिव २० बिगाह जग्गामा फैलिएको छ। यस तालको सिरानमा दरबारका भग्नावशेषहरु छन्। यस तालबाट करिव आधा घण्टाको उकालो चढेपछि पाँचवटा जिल्लाको सीमाना देख्न सकिन्छ। यस तालको नजीकै छिप्री दह र विन्दवासिनीको मन्दिर छ। कमल तालको तल सानी भेरी र रुकुम गार नदीको संगम त्रिवेणीधाम छ। कमल तालको किनारबाट सिस्ने हिमाल राम्रोसँग देख्न सकिन्छ। सिस्ने हिमाललाई स्थानीय बोलीमा मुर्कट्टा हिमाल पनि भनिन्छ (फोटो नं. ८९)।

पर्यटन प्रवर्द्धनका लागि यस तालको संरक्षण, सम्वर्द्धन गर्नुका साथै पर्यटकहरुका लागि अतिथिगृह निर्माण गर्नुपर्ने देखिन्छ । (नक्सा नं. ५५) समग्रमा रुकुमको यो अत्यन्त महत्वपूर्ण प्राकृतिक सम्पदा भएकोले रुकुमकोट आउने जो सुकैले पनि यसको अवलोकन गर्छन र यसको वरिपरि परिक्रमा गर्दा सबैलाई आनन्दको अनुभूति हुन्छ (स्रोत : नन्दलाल शर्मा (पूर्वी रुकुम) सँगको सम्वाद, मिति २०७७/०३/०५) ।

### ५.११ बाँके जिल्लाका महत्वपूर्ण सम्पदा

यो जिल्ला ५ नं. प्रदेश अन्तर्गत तराइमा पर्ने जिल्ला हो । यो सुगम र अन्तर्राष्ट्रिय भन्सार नाका जोडिएको जिल्ला पनि हो । यस जिल्लाको क्षेत्रफल १८८२.२७ वर्ग कि.मि., जनसंख्या ४९१३१३ रहेको छ (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यस जिल्लामा आठवटा स्थानीय तह भएकोमा एउटा उपमहानगरपालिका, एउटा नगरपालिका र छवटा गाँउपालिका गरी आठवटा स्थानीय तहहरु रहेका छन् । यस जिल्लामा बागेश्वरी, भुवरभवानी, बर्फेनीबाबा, गोवर्धन धामजस्ता धार्मिक स्थलहरु छन् भने प्राकृतिक स्थलहरुमा बाँके राष्ट्रिय निकुञ्ज र गावर भ्याली छन् । यसैगरी तालतलैयाहरुमा पुरैना पुरैनी, बनकट्टा फूलट्याङ्ग्रा, रानी ताल, टेरी ताल, वाटरपार्क आदि छन् । अमूर्त संस्कृतिमा पनि यो जिल्ला समृद्ध रहेको छ । यी स्थलहरु मध्ये पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण देखिएका केही ठाँउहरुको संक्षिप्त चिनारी तल उल्लेख गरिएको छ ।

#### ५.११.१ प्रसिद्ध बागेश्वरी मन्दिर

बाँके जिल्लाको सदरमुकाम नेपालगन्जमा रहेको अति सुन्दर एवम् प्राचीन मन्दिर वागेश्वरी मन्दिर हो । यो नेपालगञ्ज उप महानगरपालिका वडा नं. २ मा पर्दछ । यसको अगाडि ठूलो पोखरी पनि रहेको छ । (फोटो नं. ९०)

बागेश्वरी मन्दिरले हजारौं वर्षको इतिहास बोकेको छ । यो मन्दिरमा सतिदेवीको अंङ्ग पतन भएको धार्मिक विश्वास रहेको छ । यहाँ गणेश भगवानको मूर्ति छ । वागेश्वरी मन्दिरमा विशेष पूजा गर्ने विशेष विधि छ । मनोकामना पूरा होस् भनेर भारतबाट थुप्रै श्रद्धालुहरु नेपाल आउँछन् । यो मन्दिरमा सतीदेवीको जिब्रो पतन भएको विश्वास गरिन्छ । यस मन्दिरमा पूजाआजाका नेपालका विभिन्न ठाँउबाट पनि श्रद्धालुहरु आउने गर्दछन् । यो मन्दिर प्यागोडा शैलीबाट बनेको छ । यहाँ करिब ७० मीटर उच्चाइको दुर्गाको मूर्ति राखिएको छ । जसलाई छत्रले ढाकिएको छ । यस मूर्तिमुनि गहिरो खाडल छ । खाडल माथि राखिएका फलामे जालीमाथि राखिएको चाँदीको सिंहासन र त्यसमाथि राखिएको शिलालाई नै देवीको शास्वत रुप मानी पूजा गरिन्छ । देवीको प्रतिमा मुनि रहेको खाल्डो सतीदेवीको पतन भएको जिब्रो धान्न नसकी भएको थियो भन्ने किंवदन्ती छ । (नक्सा नं. ५६)

#### ५.११.२ बाँके राष्ट्रिय निकुञ्ज

बाँके राष्ट्रिय निकुञ्ज सन् २०१० जुलाई १२ मा नेपालको दशौं राष्ट्रिय निकुञ्जको रुपमा स्थापित गरिएको थियो । यो निकुञ्ज करिव ३४३ वर्ग कि.मि.मा फैलिएको छ । यो निकुञ्ज पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको छ भने पूर्वमा दाङ्को सम्म फैलिएको छ (स्रोत : ने.विकिपिडिया.अर्ग/विकि) ।

जैविक विविधताको दृष्टिले यो निकुञ्ज महत्वपूर्ण रहेको छ । यस निकुञ्जमा ८ वटा इकोसिष्टम, १ सय २४ वनस्पति प्रजाति, ३२ प्रजातिका स्तनधारी, ३ सय भन्दा बढी प्रकारका चराका प्रजातिहरु, ५८ प्रजातिका माछाहरु, २२ सरीसृप तथा ६ प्रकारका उभयचरहरु पाइन्छन् । यसै गरी ११ प्रजातिका दुलर्भ तथा संकटापन्न स्तनधारीहरु र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुलर्भ चराहरु यहाँ पाइन्छन् । बाँके, दाङ्ग र सल्यान जिल्लालाई समेटेर निकुञ्जसँगै यसको मध्यवर्ती

क्षेत्रको पनि घोषणा भएको थियो । यो राष्ट्रिय निकुञ्ज वर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको हुनाले ठूल्ठूला बन्यजन्तुहरुको अवलोकन गर्न पाइन्छ । (नक्सा नं. ५७)

### ५.११.३ गाभर भ्याली पार्क

बाके जिल्लाको कोहलपुर चोक देखि सुर्खेत सडक खण्डबाट ७ कि.मि. उत्तर पूर्वमा बैजनाथ गाउँपालिका वडा नं. १ मा करिब २० विगाह क्षेत्रफलमा गाभर भेली पार्क अवस्थित छ । तराईको समथर भूमि भन्दा उचाइमा रहेको यो भेलीको दक्षिण तर्फ थारु होम स्टे र उत्तर तर्फ अन्य होम स्टेहरु छन् । सुर्खेत रोडबाट उक्त गाभर भेलीमा पुग्न १.५ कि.मि. जङ्गलको बाटो यात्रा गरी जानु पर्दछ । हालै मात्र नेपाल सरकार, वर्दिया राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्रबाट अनुमति लिएकोले गाभर भेली पार्कको वरिपरि घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुले जङ्गली जनावर अवलोकन गरी मनोरञ्जन लिन सक्छन् । सरकारी स्तरबाट पार्कलाई अझ व्यवस्थित गर्ने र सञ्चार सुविधा लगाएत अन्य आवश्यक संरचनाहरुको निर्माण/व्यवस्थापन हुन सकेमा यो स्थान पर्यटन प्रवर्द्धनका लागि एउटा महत्वपूर्ण गन्तव्य स्थल हुन सक्ने देखिएको छ । (नक्सा नं. ५८)

### ५.१२ बर्दिया जिल्लाका महत्वपूर्ण सम्पदा

बर्दिया जिल्ला प्रदेश नं.५ को १२ जिल्ला मध्ये प्रकृतिको अवलोकन, जङ्गली जनावरको अवलोकन र सीमसार क्षेत्रको भ्रमण गर्न लागि बर्दिया एक महत्वपूर्ण जिल्ला हो । यसको क्षेत्रफल ११०५.३६ वर्ग कि.मि.,जनसंख्या ४२६५७६ रहेको छ (श्रोत : प्रदेश नं.५ को वस्तुस्थिति विवरण, २०७६ पृ.८) । यस जिल्लामा ८ वटा स्थानीय तहहरु छन् । तीमध्ये ६ वटा नगरपालिका र २ वटा गाँउपालिका रहेका छन् ।

यस जिल्लामा रहेको ऐतिहासिक महत्वको क्षेत्र ठाकुरद्धारा पर्यटकीय गन्तव्यका दृष्टिले महत्वपूर्ण स्थल हो भने अन्य स्थलमा केदारेश्वर धाम, वड्की भवानी आदि छन् । यसैगरी प्राकृतिक स्थलहरुमा बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र पर्दछन् । ताल तलैयाहरुमा बढैया, गोनाना, ताराताल, लक्ष्मण, कृष्णसार, सट्खोलवा, अरनौहवा आदि रहेका छन् । यो जिल्ला ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदायुक्त छ । तीमध्ये यहाँ केही स्थानहरुका मात्र संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

### ५.१२.१ बर्दिया राष्ट्रिय निकुञ्ज र ठाकुरद्वारा

कर्णाली वन्यजन्तु आरक्षको रुपमा स्थापित यो निकुञ्ज पछि बर्दिया वन्यजन्तु आरक्ष बन्यो । २०४५ मंसिर २० गते बर्दिया राष्ट्रिय निकुञ्जको रुपमा घोषणा भएको थियो । यस निकुञ्जमा पाटेबाघ, एकसिंगे गैंडा, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, बाह्रसिंङ्गा र जंगली हात्ती लगायतका ५६ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन् । जलचरहरुमा घडियाल गोही, मगर गोही, सोंस र विभिन्न किसिमका माछा यहाँ पाइन्छन् । यस निकुञ्जमा हालसम्म ४ सय ३८ थरी रैथाने र बसाई सरी आउने चराहरुको अभिलेखीकरण गरिएको छ । पर्या-पर्यटनको प्रचुर सम्भावना रहेको यस निकुञ्जमा वर्षेनी पर्यटकको संख्या बढिरहेको छ । नेपाल भ्रमणवर्ष अवधिमा **'घुम्न जाँउ बर्दिया'** विशेष प्याकेज कार्यक्रम, पर्या-पर्यटन, जंगल सफारी, साँस्कृतिक कार्यक्रम, होमस्टे व्यवस्थापन जस्ता कार्यक्रम तय गरिएकोमा भ्रमण बर्ष स्थगित भएकोले यी कार्यकमहरु सञ्चालन हुन पाएनन् (फोटो नं. ९१) ।

नेपालगजको राँझा एयरपोर्ट देखि ८० कि.मि. पश्चिम आम्बासा भन्ने ठाँउमा कृष्णसार संरक्षित क्षेत्र रहेको छ । यो पर्यटकीय गन्तव्यको लागि उपयुक्त थलो भैरहेको छ । बर्दियाको ठाकुरद्वार जानका लागि कोहलपुरबाट ६० कि.मी.

पश्चिम आम्बासामा अर्थात अमोनी पुग्ने र त्यहाँबाट १९ कि.मी. दक्षिणको यात्रामा बर्दिया निकुञ्जको कार्यालयमा पुगिन्छ । कोहपुरबाट सबै खालका यातायातका साधन पुग्ने र खान, बस्नको लागि राम्रो प्रबन्ध रहेकोले यो ठाँउ पर्यटकमैत्री रहेको छ । (नक्सा नं. ५९ र ६०)

### ५.१२.२ कृष्णसार संरक्षित क्षेत्र

कृष्णसार सङ्कटमा परेको र लोप हुने अवस्थामा रहेको कारणले काला प्रजातिका यी मृगहरुको संरक्षण गर्ने उद्देश्यले सन् २००९ मा स्थापना भएको, कृष्णसार संरक्षित क्षेत्र १६.९५ वर्ग कि.मि.मा फैलिएको छ (फोटो नं. ९२) । गुरलरिया नगरपालिका वडा नं. ३ खैरापुरमा रहेको यो संरक्षित क्षेत्रमा प्रारम्भमा ७३ भाले, १११ पोथी र १८ वटा पाठापाठी गरी २०२ वटा रहेका थिए । यस ठाँउमा कृष्णसार अवलोकन गर्न तथा अध्ययन-अनुसन्धान गर्न दैनिक जसो आन्तरिक तथा वाह्य पर्यटकहरुको आवागमन हुने गर्दछ । यस क्षेत्रलाई अझ व्यवस्थित गरी संरक्षणको कार्य हुन सकेमा यसबाट पर्यटन प्रवर्द्धन हुन देखिएको छ । (नक्सा नं. ६१)

### ५.१२.३ बढैया ताल

नेपालको इतिहासमा बर्दिया जिल्लाको आफ्नै महत्व छ । श्री ३ जंग बहादुर राणा वि.सं. १९१४ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न इष्ट इन्डिया कम्पनी सरकारलाई मद्धत गरेकोले ब्रिटिशहरुले पुरस्कार स्वरुप बाके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई नयाँ मुलुकको रुपमा फिर्ता दिएको यो बर्दिया क्षेत्रमा आदिवासी थारुहरुको बाहुल्यता भए पनि बसाइ सराइको कारणले हाल जातीय विविधता पाइन्छ । बर्दिया जिल्ला बढैया तालको जिल्ला, गजराज हात्तीको जिल्ला, थारु बहुलको जिल्ला, जङ्गलै जङ्गलको जिल्ला, कृष्णसारको जिल्ला, पन्टुन पुलको जिल्ला तथा एक खम्बे पुलको जिल्लाको नामले परिचित छ (फोटो नं. ९३) ।

यसै जिल्लामा पर्ने बढैया ताल बढैया गाउँपालिका अन्तरगत सीमसार क्षेत्रमा पर्दछ । बढैया तालको उत्पत्तिका बारेमा विभिन्न रमाइला किम्वदन्तीहरु रहेको पाइन्छ । स्थानीयबासीका अनुसार कुनै बेला पूर्वबाट मान नदी र पश्चिमबाट बबई नदी मीत लगाउने बिचार गरी बिहानको कुखुरा नबास्दै भेट हुने सम्झौता गरे पनि विभिन्न अप्ठ्याराहरु पार गर्दै भेट्न जाने क्रममा एक अर्काको भेट नहुँदै कुखुरा बासेकोले भेट हुँन नपाउँदा मान नदी पूर्वतिर नै फर्किदा नदीको घुमाउरो बेगले एक ठाउँमा खाल्डो पर्न गएकोले त्यही खाल्डो नै कालान्तरमा बढैया सीमसार क्षेत्र (ताल) बन्न पुग्यो । कसै-कसैले यो बढैया (बहैया) क्षेत्रको रुपमा व्याख्या गर्दछन् । देवीहरुले नुहाउने ताल भएको हुनाले सुत्केरीका फोहर लुगा सफा गर्न, लास जलाई नुहाउन, महिनावारी भएकी महिलाले नुहाउन र कपडा धुन नपाउने भन्ने भनाइ छ । किम्वदन्ती अनुसार सो पोखरीको रक्षा गर्न र यसलाई सुन्दर बनाउन देवीहरुले एक जोडी नाग नागिनीलाई दिएकोले स्थानीय थारु आदिवासीहरुले उक्त नाग-नागिनिको नामलाई लग्वा-लगुन्या भन्दछन् । देवीको आदेशअनुसार सो तालमा कमलको फूल फुलाई, सुन्दर वनस्पतिहरु रोपी, जीव जन्तुहरु सो क्षेत्रमा ल्याउँदै सुन्दरता कायम गरेकोले यो ताल धार्मिक दृष्टिले अति महत्वपूर्ण मानिन्छ । स्थानीय आदिवासी थारुहरु यस तालबाट कुनै पनि श्रोतको उपभोग गर्नु पूर्व देउठन्वामा फूल चढाएर देवीसँग अनुमती लिने गर्दछन् । थारु वस्तीमा यो तालका बारेमा यस्तै थुप्रै ऐतिहासिक एवं धार्मिक मान्यताहरु प्रचलित छन् । ती मान्यताले यसको पवित्रता एवं सुन्दरता बचाउन भूमिका खेलेका छन् । (श्रोत : विकिपिडिया, २०७७/०३/१८) । यसको अलावा साइवेरीया क्षेत्रबाट आउने आगन्तुक चराहरु यस बढैया तालमा बस्ने भएकोले पनि यो क्षेत्र पर्यटकीय दृष्टिले महत्वपूर्ण छ । (नक्सा नं. ६२)

## ५.१३ प्रदेश नं. ५ बाहिर अन्य जिल्लाका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु

प्रदेश नं ५ मा पर्यटन प्रवर्द्धनका लागि बृहत्तर लुम्बिनी बौद्ध परिपथलाई नेपालका प्रमुख बौद्ध तथा हिन्दु तीर्थस्थलसँग जोड्नु आवश्यक छ । यसरी प्रदेश नं ५ लाई अन्य पर्यटकीय स्थलसँग जोड्नाले यस क्षेत्रमा पर्यटकको संख्या र पर्यटक बसाइ अबधि वृद्धि भई पर्यटनबाट नेपालले राम्रो लाभ लिन सक्छ । यो शीर्षक अन्तर्गत नेपालका केही महत्वपूर्ण प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको बारेमा छोटकरीमा चर्चा गरिन्छ ।

### ५.१३.१ त्रिवेणी

यो ठाँउ नवलपरासी (पश्चिम) जिल्लाको पूर्व-दक्षिणमा नारायणी नदीको पूर्वी तटमा पर्दछ । सोना, नारायणी र तपसा नदीको संगम स्थल भएको हुनाले यसलाई त्रिवेणी भनिएको र प्रसिद्ध धामका रुपमा स्थापित भएको हो । त्रिवेणीधाम नारायणी नदीको किनारमा अवस्थित छ । हाल यो धाम प्रदेश नं. ४ अन्तरगत पूर्वी नवलपरासी जिल्लाको विनयी त्रिवेणी गाउँपालिकामा पर्दछ ।

यो पौराणिक एवं धार्मिक दृष्टिले महत्वपूर्ण छ । कालिदासले रघुवंश नाटकमा चर्चा गरेको हिमालय नजिकको त्रिवेणीधाम यसैलाई मानिएको छ । यसको महिमागान वराहपुराण र स्कन्दपुराणको हिमवत्खण्डले पनि गरेका छन । त्रिवेणीधाममा गजेन्द्रमोक्ष, भक्तेश्वर शिवमन्दिर, लक्ष्मीवेंकटेश्वर मन्दिर, नागाबाबा कुटी, राधाकृष्ण मन्दिर, कोटिहोम यज्ञशाला, संस्कृत विद्यालय र सुन्दर बगैंचाहरू छन । यो स्थान प्राकृतिक रूपमा सुन्दर र धार्मिक रूपमा महत्वपूर्ण छ । स्नान, पितृतर्पण, श्राद्ध, उपनयन, कर्णभेदन, अन्नप्राशन, चूडाकर्म तथा अन्य संस्कारहरू सम्पन्न गर्ने उपयुक्त स्थानका रूपमा त्रिवेणीधामलाई नै लिने गरिएको पाइन्छ । कात्तिक मेला, कुम्भमेला, रामनवमी, माघेऔंसी, व्यासपूर्णिमा, होली, छठ र बुद्धजयन्तीका अवसरमा यहाँ ठूल्ठूला मेला लाग्दछन । माघे सङ्क्रान्तिमा भव्य मेला लाग्दछ । त्यति बेला तीर्थयात्रीहरूको ठूलो भीड लाग्ने गर्दछ । त्रिवेणीधामका मेलामा नेपालका भन्दा भारततिरका श्रद्धालुहरूको ज्यादा घुइँचो हुने गर्दछ । त्रिवेणीको स्नान अति उत्तम मानिन्छ । स्वर्गबाट देवता र अप्सराहरू समेत यहाँ स्नानका लागि आउने गर्दथे भन्ने जनविश्वास छ । त्रिवेणीधामको ख्याति जनक वंशदेखि चलेको मानिन्छ । तसर्थ यस स्थानको महिमा राम-सीता तथा रामका गुरु वाल्मीकिसँग पनि गाँसिएको छ । नारायणी नदीको पारिपट्टि बाल्मीकी आश्रम पनि भएको हुनाले पनि यसको धार्मिक महत्व ज्यादा रहेको हो । नारायणी नदीमा शालिग्राम नदीका रूपमा रहेको कालीगण्डकी मिसिने र शालिग्राम विष्णुको प्रतिरूप मानिने हुँदा त्रिवेणीधाम वैष्णव तीर्थका रूपमा पनि प्रसिद्ध छ । नजिकै वाल्मीकि आश्रम, हरिहर क्षेत्र र देवघाट लगायतका अन्य प्रसिद्ध तीर्थहरू रहेकाले पनि त्रिवेणीधामको महत्व बढेको हो (www.holydham.com/triveni/) । (फोटो नं.६१)

यो ठाँउ धार्मिक पर्यटनका दृष्टिले महत्वपूर्ण छ । भौतिक पूर्वाधारको विकास भएको छ । भक्तजनहरुका लागि मठमन्दिर, धर्मशाला, नुहाउने सुरक्षित स्थान, आवश्यक सामाग्री खरिदका लागि बजार, विजुली, पानी लगायत सबै कुराको बन्दोवस्त भएको पाइन्छ । यस ठाँउमा पर्यटन सूचना केन्द्रको व्यवस्था हुन सके अझ प्रभावकारी हुने देखिन्छ । (नक्सा नं. ७३)

### ५.१३.२ काक्रेविहार

सुर्खेत जिल्लाको वीरेन्द्रनगर बजारदेखि ३ कि.मि. दक्षिणतर्फ रहेको काक्रेविहार भग्नावशेषको रुपमा रहेको सो क्षेत्र कला र पुरातात्विक दृष्टिले हिन्दु र बौद्ध धर्मावलम्बीहरुको अर्को गन्तव्य स्थल हो । सन् २००३ मा तत्कालीन नेपाल

सरकारको पुरातत्व विभागबाट काँक्रेविहार स्थलको उत्खनन् गर्दा बुद्ध र बुद्धको जीवनीसँग सम्बन्धित महत्वपूर्ण मूर्तिहरु फेला परेका छन् । त्यसमध्ये कतिपय मूर्तिहरुलाई तत्कालिन मध्यपश्चिम विकास क्षेत्रको पुरातात्विक संग्रहालयमा सुरक्षित साथ राखिएको छ ।

इतिहासकार योगी नरहरीनाथले वि.सं. (सन् १९५६) मा काक्रेविहारको महत्वबारे छोटो वर्णन गरेका छन् । उनका अनुसार बाह्रौं शताब्दीका मध्यकालीन राजा अशोकचल्लाको पालामा यी मूर्तिहरुको निर्माण भएको हो (योगी, २०१३ वि.सं.: १७०-१७२) । काक्रेविहार क्षेत्रमा भएका कलात्मक मूर्तिहरु बुद्ध, बोधिसत्व र अन्य बुद्धहरुसँग सम्बन्धित छन् । इतिहासकारहरुका अनुसार बुद्धको जीवनीसँग सम्बन्धित ढुङ्गाका मूर्तिहरु क्रिश्चियनकालका प्रख्यात गान्धरा र मथुरा जस्ता कला पाठशालाबाट अभिप्रेरित भएर निर्माण गरिएका हुन् । त्यसैगरी चैत्य, बोधीवृक्ष, जस्ता कलाहरु दोस्रो शताब्दीको भरहट कला (Bharhut Art) सँग सम्बन्धित छन् । बुद्ध र उनको जीवनसँग सम्बन्धित थुप्रै मूर्तिकलाहरुको विकास गान्धरा स्कूलबाट प्ररित भएर पहिलो शताब्दीमा बनेका हुन् (चौधरी, १९५६:४८) । (फोटो नं. ९४)

काक्रेविहार क्षेत्रको अध्ययन गर्दा यो क्षेत्र कलाको महायान केन्द्र (Mahayan Center of Art) को रुपमा विकास भएको हुनुपर्छ । बुद्ध र उनको जीवनीसँग सम्बन्धित विषयको अध्ययन गर्दा बुद्धको जन्म, मृत्यु, स्रावस्तीको चमत्कार (Sravasti miracle), बाँदरले बुद्धलाई मह दिएको अवस्था, पागल हात्तीको बखान गरेको चित्रात्मक मूर्ति, बोधगयाको बुद्धत्व ज्ञान, सारनाथको पहिलो प्रवचन र बुद्धको स्वर्गवास अत्यन्तै महत्वपूर्ण विषयवस्तु हुन् । काक्रेविहार क्षेत्रमा रहेका मुख्य मूर्तिहरुमध्ये एउटै ढुङ्गामा बनेको बुद्धको जन्म कथासँग सम्बन्धित मूर्ति जहाँ मायादेवी नवजात शिशु काखमा लिएर उभिएको, बुद्धले बुद्धत्व प्राप्त गरेको बोधगयाको दृष्यसँग सम्बन्धित मूर्तिहरु, धर्मचक्रमा रहेको अवस्थाको बुद्धको मूर्ति, स्रावस्ती मिराकलसँग सम्बन्धित मूर्ति, अभय मुद्रामा रहेको बुद्धको मूर्ति,धना मुद्रामा रहेको बुद्धको मूर्ति, बाँदररले बुद्धलाई मह दिएको कलात्मक मूर्ति, एउटै ढुङ्गामा बुद्धको सम्पूर्ण जीवनीसँग सम्बन्धित ३ भागमा बाँडिएको चित्रात्मक कलाहरु अवलोकन गर्न सकिन्छ ।

काँकेविहार बुद्धकालीन भएकोल यस क्षेत्रको प्रत्यक्ष सम्बन्ध हुने हुनाले लुम्विनी भ्रमण गर्ने बौद्ध धर्मावलम्वीहरुले काँकेविहारको अवलोकन आवश्यक हुने हुनाले पनि यस अध्ययनसगँ काँकेविहार जोडिएको छ । (नक्सा नं. ६३)

### ५.१३.३ ढोरपाटन

ढोरपाटन शिकार आरक्ष नेपालको रुकुम, म्याग्दी र बाग्लुङ जिल्लामा फैलिएको छ । सन् १९८७ मा स्थापना भएको यो आरक्षले १३२५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ (www.dnewc.gov.np/en/conversation-area detail/61/) । पर्यटन विकासको लागि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षित क्षेत्र र शिकार आरक्षको महत्वपूर्ण भूमिका हुने निश्चित छ । बिदेशी पर्यटकहरु प्रकृति अवलोकनमा लालायित र जनावर हेर्न आकर्षित हुने गरेको पाइएकोले यो पर्यटकीय गन्तव्य उपलब्धिमूलक हुने देखिन्छ । (फोटो नं. ९५) यस हिसाबले गौमुखी आसपासको संरक्षित क्षेत्र, जलजला क्षेत्र, मदाने संरक्षण क्षेत्र, गौमुखी संरक्षित बन र देशको एकमात्र ढोरपाटन शिकार आरक्षले यस क्षेत्रमा पर्यटन विकासको लागि विशेष योगदान गर्न सक्ने स्थिति विद्यमान रहेको छ । २०४० सालमा ढोरपाटन शिकार आरक्ष घोषणा गरिएको थियो । समुन्द्री सतहबाट २८५० देखि ७४०० मीटरको उचाइमा यो अवस्थित छ । यहाँ नाउर, झारल लगायतका जनावरको व्यवसायिक शिकार गर्ने व्यवस्था रहेको छ । (नक्सा नं. ६४)

### ५.१३.४ अपरडोल्पो

कर्णाली प्रदेश अन्तरगत पर्ने हिमाली जिल्ला डोल्पाको उत्तरी क्षेत्र डोल्पो चीनसँग जोडिएको डोल्पाको माथिल्लो भाग हो । यो शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्दछ । डोल्पो तिब्बत तिर बोलिने भाषिकाको नाम हो डोल्पो । यहाँ बोलिने भाषा ल्हासासँग मिल्दो-जुल्दो छ । जुफाल विमान स्थलबाट घोडामा चढेर करिब तीन दिनमा यस ठाँउमा पुग्न सकिन्छ । यहाँका मानिसहरुले बुद्ध धर्मसँग सम्बन्धित “बोन” धर्म मान्दछन् (फोटो नं. ९६) ।

यसको इतिहास आठौं शताब्दीबाट शुरु भएको पाइन्छ । छैठौं देखि आठौं शताब्दीसम्म तिब्बती भाषी क्षेत्र यार्लुङ्ग बंशले अधीनस्थ गरेपछि त्यहाँबाट बसाइ सरी डोल्पो र गण्डकी नदीको उद्‌गम तर्फ झरेको पाइन्छ । यो क्षेत्र पुराङ्ग राज्य अन्तरगत रह्यो । (नक्सा नं. ६५)

### डोल्पोको ऐतिहासिक एवम् धार्मिक महत्व

आठौं शताब्दी देखि इतिहासमा अभिलेखीकरण भएको यो क्षेत्र ८४२ देखि पुराङ्ग र दशौ शताब्दी तिर गुजे (Guge) हुँदै १४ औं शताब्दी तिर पूर्वी राज्य मुस्ताङ (LOW) मा मिसिन पुग्यो । नेपाल एकीकरणको सन्दर्भमा १७८९ मा मुस्ताङ र डोल्पो दुबै नेपालमा गाभियो । सबभन्दा पवित्र र शुद्ध बुद्ध ज्ञानको अभ्यास डोल्पोमा भएको थियो भन्ने जनविश्वास छ । यहाँका बासिन्दाको मुख्य धर्म बुद्ध धर्म नै हो । हिमालको भित्री भागमा लुकेको यो भूमि तिब्बती बुद्ध धर्मावलम्वीहरुका लागि समृद्ध क्षेत्र हो र प्राचीनताका लागि यो अत्यन्त पवित्र र महत्वपूर्ण स्थल हो । भगवान बुद्धको भविष्यवाणीमा उल्लेख भएको पुरानो पाण्डुलिपि प्राप्त भएको थियो जसमा एकान्तमा ध्यान गर्नाले ज्ञान प्राप्त हुन्छ भनेर लेखिएको थियो । गुरु रिङ्गपोचेले यस क्षेत्रको भ्रमण गरी आशिर्वाद पनि दिएको भनाइ रहेको छ । यस धार्मिक स्थलमा गुरु रिङ्गपोजेका पदचिन्ह हेर्न टाढा-टाढाबाट श्रदालुहरु आउने गर्छन् । गुरु रिङ्गपोचे र अन्य लामाहरुले तपस्या गर्दा बसेका गुफा र पवित्र चट्टानहरु पनि बुद्ध धर्मावलम्बीहरुका लागि आकर्षणका स्थल हुन् । यहाँ करिब ७०० बर्ष पुराना गुम्बाहरु, पुराना डोल्पो शैलीका घरहरु पनि दर्शनीय छन् । बुद्ध ज्ञानको अभ्यास भएको, तिब्बती र बोन धर्म मान्नेहरु विद्यमान भएको, प्राचीन बौद्ध परम्परा प्रचलनमा रहेको, हिमालको बीचमा लुकेको पवित्र धार्मिक र प्राकृतिक सम्पदायुक्त यो ठाँउ बुद्ध धर्मावलम्वीका साथै प्रकृतिक प्रेमी तथा प्रचीन सभ्यता र संस्कृतिका पुजारीहरुका लागि र पुराना घरवस्तीको अवलोकन, अध्ययन, अनुसन्धानका लागि पनि महत्वपूर्ण गन्तव्य बनेको छ । त्यसैले पर्यटीय दृष्टिले यो स्थल अत्यन्त आकर्षक मानिन्छ ।

यस ठाँउमा जानका लागि काठमाडौंबाट नेपालगञ्जसम्म जहाज वा बसबाट जान सकिने र त्यहाँबाट डोल्पाको जुफाल विमान स्थलसम्म गएपछि अर्को दिन घोडाको सहायताले अपरडोल्पो सजिलै पुग्न सकिन्छ ।

### ५.१३.५ मुक्तिनाथ धाम

प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ हिन्दु बौद्धमार्गी तीर्थयात्रीहरु पुग्ने विशेष गन्तव्यका रुपमा प्रसिद्ध रहेको छ । समुन्द्र सतह देखि ३७१० मीटर उचाईमा नेपालको हिमालपारीको जिल्लाका रुपमा अवस्थित मुस्ताङमा मुक्तिनाथ मन्दिर अवस्थित छ (स्रोत : ने.विकिपिडिया.अर्ग/विकि) । मुक्तिनाथ र दामोदर कुण्ड भारतबाट आउने पर्यटक र श्रद्धालुहरुका लागि विशेष आकर्षण मानिन्छन् । बौद्धमार्गीहरुले यसलाई छुमिङ ग्यात्सा अर्थात सयपानी भन्दछन् । लुम्बिनीबाट निर्माणधीन कालीगण्डकी करिडोर र सालझण्डी-ढोरपाटन सडकमार्ग तथा स्वर्गद्धारीबाट कृष्णसेन-आश्रित प्रादेशिक सडक

कोइलाबास-कोरला सडक हुँदै मुक्तिनाथ पुग्ने पूर्वाधार निर्माणधीन रहेका छन् । भविष्यमा भैरहवा-जोमसोम, स्वर्गद्धारी-जोमसोम सिधा हवई उडानको सम्भावना समेत रहेको छ । (फोटो नं. ९७)

कालीगण्डकीमा पाइने शालिग्रामको लागि पनि यो तीर्थस्थल बढी प्रसिद्ध रहेको छ । शालिग्रामलाई भगवानका रुपमा पूजा गर्ने गरिन्छ । यो स्थल वैष्णव सम्प्रदायको समेत विशेष तीर्थस्थल हो । विकट र हिमाली क्षेत्रमा अवस्थित मुक्तिनाथ क्षेत्रलाई हिन्दु र बौद्धहरु गरी संसारभरको ३ अर्ब जनसंख्याको साझा गन्तव्यका रुपमा प्रवर्द्धन गरिनुपर्दछ । स्वर्गद्धारी आउने हिन्दुहरु र लुम्बिनी आउने बौद्धमार्गीहरुलाई सडक र हवाई यातायात मार्फत मुक्तिनाथ पुग्न, दर्शन गर्न, खानबस्न र यातायातको सहज एवं व्यवस्थित प्रबन्ध मिलाउने हो भने यो विशेष साँस्कृतिक र धार्मिक आकर्षणको गन्तव्य हुनसक्दछ । लाखौं पर्यटकहरुको यहाँ ओइरो लाग्न सक्दछ । (नक्सा नं. ६६)

### ५.१३.६ नमोबुद्ध

बागमती प्रदेशको काभ्रे जिल्ला अन्तरगत नमोबुद्ध नगरपालिकामा पर्ने नमोबुद्ध बौद्ध धर्मावलम्बी र पर्यटकहरुको लागि अर्को महत्वपूर्ण गन्तव्य स्थल हो । यहाँ निर्माण गरिएको चैत्य थ्राङगु रेन्पोचेले  निर्माण गरेका हुन् । विश्वमा यस्ता थ्राङगु बौद्ध चैत्यहरु २६ वटा निर्माण भएका छन् । एसिया महादेशमा नेपाल, भारत, तिब्बत, हङकङ, मलेसिया, ताइवान र थाइल्याण्डमा गरी जम्मा ७ वटा छन् भने क्यानाडामा ४ वटा, अमेरिकामा ९ वटा, युरोपमा ५ वटा र दक्षिण अमेरिकामा १ वटा छन् (namobuddha.org/namobuddha.html) । विश्वका विभिन्न देशमा थ्राङगु चैत्य निर्माण भएकोले ती देशबाट बुद्धको जन्मभूमिमा भ्रमण गर्न आउने पर्यटकहरुले नमोबुद्ध चैत्यमा भ्रमण गर्दा अपनत्व महशुस गर्दछन् ।

काठमाण्डौबाट नमोबुद्ध ४५ कि.मि.को दूरीमा बनेपा-पनौती सडक हुँदै जानु पर्दछ भने भक्तपुरको नगरकोटबाट ५-६ घण्टाको पैदलयात्रा गरी उक्त स्थानमा पुग्न सकिन्छ । पुराणमा पवित्र भूमि नमोबुद्ध यस्तो स्थल हो, जहाँ प्राचीनकालका राजा महारथ पुत्र महासत्वले भोकाएकी सुत्केरी बघेनी र डमरुहरुलाई शरीर दान दिएर बचाएको आकर्षक कथा छ । दुनियाका मानिसहरु रागको निम्ति, द्वेषका निम्ति, मोहका निम्ति आफ्नो शरीरको त्याग गर्दछन् तर धर्मका निम्ति आफ्नो शरीरको त्याग गर्ने प्रबृती नभएकोले धार्मिक बिचारका राजा महारथका कान्छा छोरा महासत्वले भोकाएकी सुत्केरी बघेनी र ५ वटा डमरुहरुलाई बचाउन आफ्नो शरीरको दान दिए । राजकुमारको अद्भूत दान देखेर स्वर्गबाट देवको उपस्थिति भयो र राजकुमारको पुनर्जन्ममा सम्यक सम्बुद्ध प्राप्त हुने र भवचक्रको दुखको सागरबाट मुक्त भई उद्धार हुने भनी देववाणी भयो । राजारानीहरुले आफ्नो छोराको हड्डी र कङ्काललाई श्रीखण्ड जडित बाकसमा हालेर गाडेको र त्यही बाकस माथी चैत्य निर्माण गरी पूजा गर्दा गर्दै कान्छा राजकुमार सम्यक सम्बुद्ध भएको देवगणबाट आकाशवाणी भएको जनश्रुती छ । चैत्यमा बुद्धरश्मि प्रकट भई राजारानीलाई मृत छोरा नै भगवान बुद्ध हुने बताएको कुरा पुराणमा उल्लेख छ । हामीले लोकमा मान्दै आएका शुद्धोधनका छोरा उनै महासत्व हुन्, भन्ने बुद्धरश्मिबाट प्रमाणीत भएको मानिन्छ ।

बौद्ध धर्मावलम्बीहरुले मान्ने तीन महान् चैत्यहरु बुद्धनाथ, स्वयम्भुनाथ र नमोबुद्ध हुन् । यस अर्थमा पनि नमोबुद्ध चैत्यको छुट्टै धार्मिक महत्व छ । बौद्ध धर्मावलम्बीहरु यो पवित्र भूमिमा आई आफ्नो पनि यसै स्थानमा पुनर्जन्म होस भनी ध्यान र प्रार्थना गर्दछन् । बौद्ध मार्गीहरुको प्रख्यात र प्रसिद्ध धार्मिक आस्थाको केन्द्रको रुपमा चिनिने यो स्थानमा विशेष गरेर तामाङ समुदाय र नेवार समुदायले हरेक वर्षको बैशाख र कार्तिक पूर्णिमाको दिन दशहजार भन्दा बढी भक्तजनहरु भेला भई पूजाआजा र दीप प्रज्वलन गरी जात्रा मनाउँछन् । धार्मिक इतिहाससँगै प्रकृतिको सुन्दरता र

हिमाली दृष्यहरु अवलोकन गर्न पाएका कारण नमोबुद्धले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुको मन लोभ्याउने गर्दछ । स्थानीय बासिन्दाहरुको अनुसार नमोबुद्धमा आएर एकपटक पाइला टेकेमात्र जुगौ जुगको पाप अन्त्य हुने र आफूले चिताएको मनोकांक्षा पुरा हुने आत्मविश्वास बौद्ध धर्मावलम्बीहरुमा छ । (फोटो नं. ९८)

नमोबुद्ध गुम्बा परिसरमा ६ तल्ले देवाचेन मन्दिर, ४ तल्ले मेडिकल क्लिनिक, लामा नाच्ने घर, १०० भन्दा बढी विद्यार्थीहरुले बौद्ध शिक्षा ग्रहण गर्ने मङ्गल दीप स्कूल र थुप्रै साना चैत्यहरु छन् । पर्यटकहरुको लागि खान र बस्नको लागि सीमित मात्रामा होटल, रेष्टुरेण्ट र लजहरु रहेका छन् ।

नेपालमा आउने बौद्ध पर्यटकहरुलाई लुम्बिनी केन्द्र बिन्दु बनाई नमोबुद्ध चैत्यमा पुऱ्याउने रुट तयार गर्न सके बौद्ध धर्मावलम्बी पर्यटकहरुको नेपालको बसाइ लम्ब्याउन सकिने र अन्तर्राष्ट्रिय मुद्रा आर्जन गरी जनताको जीवन स्तर उठाउन सकिन्छ । (नक्सा नं. ६७)

### ५.१३.७ फर्पिङ्ग बज्रयानी

काठमाडौंको दक्षिणतर्फ दक्षिणकाली मन्दिर जाने बाटोमा पर्ने प्राचीन पुरातात्विक महत्वको स्थल फर्पिङ बज्रयान बुद्धहरुका लागि धार्मिक स्थल हो । यहाँ तीनवटा महत्वपूर्ण पवित्र स्थल छन्-मुख्य बज्रयानी मन्दिर, गुफा जहाँ बौद्ध गुरु पद्मसम्भवले ध्यान गर्दाका बखतको पदचिन्ह रहेको र गुफाको परिसर भन्दा तल उदाउँदो तारा समेत भएकोले यो ठाँउ महत्वपूर्ण रहेको छ । युनेस्कोले यस क्षेत्रलाई विश्व सम्पदाको अनुमानित सूचिमा पनि राखेको छ । यिनै ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका कारणले गर्दा तिब्बतीयन गुम्बाहरु निर्माण भैरहेका छन् । यहाँ पद्मसम्भव ( धर्मगुरु रिङपोचे) ले महामुद्रा विद्याधारा प्राप्त गरेको विश्वास गरिन्छ । रिङपोजेले तिब्बतमा धर्म प्रचार गरेको पनि उल्लेख छ । यसबाहेक फर्पिङ्गमा शेषनारायण मन्दिर, गोरखनाथ मन्दिर र असुरा गुफाको नजिकै उदाँउदै गरेको गणेश र दक्षिणतर्फ देवी कालीको मन्दिर भएकोले यो स्थल पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ (wikipedia.org) । ( फोटो नं. ९९)

बज्रयोगिनीको पूजाआजाको महत्वका सम्बन्धमा भनिएको छः पद्मसम्भव तिब्बत जाने क्रममा बाटामा पर्ने थुप्रै गुफाहरुमा ध्यान गर्दै गएर र यहाँ उनले बज्रयोगिनीको उत्पत्ति भएको थियो । यस ठाँउमा उनको एउटा पीठ निर्माण गर्न आदेश दिएका थिए । त्यसपछि एघारौं सदीमा फमतिङ्गपा आए । उनी बौंद्ध विद्वान थिए । उनको नामबाट फर्पिङ भएको मानिन्छ । यस ठाँउमा बज्राचार्य थरका नेवारहरुले पूजा ध्यान गर्ने गर्दछन् ।

यो पवित्र स्थल हिन्दूहरुका लागि पनि उत्तकै महत्वपूर्ण छ । यस ठाँउबाट करिब १ कि.मि. तल दक्षिणकालीको मन्दिर छ । यहाँ दशैंमा बली दिने चलन छ । यसर्थ, फर्पिङ बुद्ध र हिन्दू दुबै धर्मावलम्वीहरुका लागि महत्वपूर्ण स्थल हो । ( नक्सा नं. ६८)

### ५.१३.८ हलेसी महादेव

नेपालको प्रदेश नं १ अन्तरगत खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिका स्थित हलेसीमा अवस्थित हलेसी महादेवको मन्दिर त्रिधार्मिक स्थलका रुपमा प्रसिद्ध प्राचीन मन्दिर हो । यो ठाँउ सम्बन्ध सतह देखि ३१०० फिट देखि ४७३४ फिटको उचाइमा रहेको छ । काठमाडौंबाट धुलीखेल ३०, नेपालथोक ५०, खुरकोट ३६, घुर्मी ६१, हिलेपानी ५, हिलेपानी हेसी ४५ कि.मि. गरी करिब २२२ कि.मि. पर्दछ । यहाँ बुद्ध, हिन्दू र किराँत धर्मावलम्वीहरुको महत्वपूर्ण धार्मिक स्थल भएकोले यसको बिशेष महत्व रहेको छ । यसलाई पूर्वको पशुपति पनि भनिन्छ । हिन्दूले हलेसी महादेव

भन्दछन् । किराँतले अवलोकितेश्वर (तुवाचुङ) भन्दछन् र बौद्धहरुले पद्मसम्भवले बोधिसत्व प्राप्त गरेको स्थल भन्दछन् । यसको इतिहास करिब छ हजार बर्ष अगाडिको प्राचीन स्थलको रुपमा रहेकोले यो स्थान अति महत्वपूर्ण छ । ( अर्जुन बहादुर कार्कीसँग मिति २०७७/३/५ र पुरातत्वविद् भीमप्रसाद नेपालसँग मिति २०७७/०२/३० को व्यक्तिगत सम्वाद) ।

यस गुफाको मुखमा गुम्वा, भित्रपट्टि महादेवको शिवलिङ्ग छ र अवलोकितेश्वरको मन्दिर रहेको छ । महादेवको मन्दिरमा साँझमा आरती हुन्छ भने गुम्वामा चौबीसै घण्टा १०८ बत्ती बलिरहन्छन् । यस गुफाभित्र चारवटा द्वार छन्- 'धर्मद्वार, जन्मद्वार, गर्भद्वार र पापद्वार' ।

अर्जुन बहादुर कार्कीका अनुसार, यो त्रिधर्मको पवित्र सङ्गमस्थल सहिष्णुताको परिचायक बनेको छ । यहाँ दुईवटा गुफा छन् । गुफाभित्र विभिन्न आकृति छन् । यस ठाँउमा साउनमा ठूलो मेला लाग्छ । साउन महिनाभर भारतबाट आउने तीर्थ यात्रीहरुको घुँइचो नै लाग्छ । यसैगरी मङसीर, फाल्गुन र चैतमा पनि मेला लाग्दछ । बालाचतुर्दशी र शिवरात्रीमा ठूलो मेला लाग्छ । यसबाहेक बाह्रै महिना भक्तजनहरुको आवतजावत भई नै रहन्छ ।

यस त्रिधार्मिक क्षेत्रको बिशेष महत्व छ । निःसन्तानले सन्तान प्राप्तिको माग गरेपछि प्राप्त हुन्छ भन्ने जनविश्वास छ र प्राप्त भएपछि बच्चा देखाउन लैजाने चलन रहिआएको छ । यहाँ "वर" मागेपछि पुग्छ भन्ने जनविश्वासले गर्दा पनि टाढा-टाढाबाट भक्तजनहरु आउने गर्दछन् । बुद्ध धर्मका दृष्टिले पद्मम सम्भवले वोधिसत्व प्राप्त गरेकोले यस गुफामा ध्यान गर्नाले अमरत्व प्राप्त हुने विश्वास छ । त्यसैगरी किराँतहरुका देवता अवलोकितेश्वरको उद्गम स्थल भएकोले पनि यसको महत्व अझ बढेको पाइन्छ । यो प्राकृतिक हो, मान्छेले बनाएको हैन, पछि बनेका मन्दिर बाहेक सबै प्राग-ऐतिहासिक हुन भनेर अर्जुन कार्की भन्छन् । (फोटो नं. १००)

यस मन्दिरमा "गिरी" थरका पुजारीहरुले बि.सं. १८६१ देखि अख्तियारी प्राप्त गरी पूजाआजा गर्दै आएको बताइएको छ । पूर्वाधारका दृष्टिले सुविधा छ । मन्दिरसम्म पक्की सडक छ भने बस्नखानका लागि पनि सुविधायुक्त होटल-लजहरु पनि रहेको देखिन्छ ।

यस धार्मिकस्थलमा आउने हिन्दू एवं बौद्ध पर्यटकहरुलाई लुम्विनीसगँ आवद्ध गरी एकीकृत रुपमा विकास गर्नसके दुबै क्षेत्रले उल्लेख्य लाभ लिन सकिने प्रबल सम्भावना देखिन्छ (भीमप्रसाद नेपाल, पुरातत्वविद्सँग २०७७/०२/३० मा र अर्जुन बहादुर कार्कीसँग मिति २०७७/०३/०५ मा व्यक्तिगत सम्वाद) ।

### ५.१३.९ बौद्धनाथ

काठमाडौँको उत्तरपूर्वतर्फ अवस्थित यो चैत्य नेपालका बौद्ध मन्दिरहरु मध्ये फराकिलो व्यास भएको मन्दिर हो । यसलाई खासा चैत्य पनि भनिन्छ । यसलाई संसारकै ठूलो चैत्य भनिन्छ । यसको विशेष धामिृक महत्व पनि छ । पहिले अशोकपुत्री चारुमतीको नामबाट चारुमती नामक मन्दिर पनि बनाइएको थियो । यस स्थललाई युनेस्कोले सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ । यो पर्यटकीय दृष्टिले अत्यन्त आकर्षक स्थल हो । यो काठमाडौं महानगरपीलकामा पर्दछ । (फोटो नं. १०१)

काठमाडौं तिब्बतका बीचमा व्यापार हुने हुनाले यो काठमाडौं प्रवेश गर्ने व्यापारिक मार्गमा पर्दथ्यो । व्यापारीहरुको आश्रय स्थल पनि बनेको यो तिबती शरणार्थी प्रवेश गरेपछि यसको वरिपरि बसालियो ।

यो चैत्य निर्माणका सम्बन्धमा पनि नेपाली र तिबती किम्वदन्तीहरु प्रचलनमा छन् । जेसुके भनिए पनि गोपाल राजवंशीका अनुसार लिच्छवी राजा शिवदेव (५९०-६०४) को पालामा बनेको भन्छन् कसैले राजा मानदेव (४६४-

५०५) मा बनेको भन्छन् । तिब्बतीयन स्रोतले १५ औं शताब्दीमा उत्खनन गर्दा अँशु बर्मा (६०५-६२१) को हाड भेटिएको बताएको छ । जेसुके भएपनि भृकुटी र स्रङ्चङ् गम्फोको सम्बन्ध जोडिएपछि यसको बिसतर भएको उल्लेख छ ।(नक्सा नं. ६९)

### ५.१३.१० स्वयम्भुनाथ

काठमाडौँको पश्चिमपट्टिको डाँडामा अवस्थित स्वयम्भुनाथको चैत्य प्राचीन धार्मिक स्थल हो । मानदेवका बाजे राजा बर्षदेवले पाँचौ शताब्दी (४६४-५०५) मा यस ठाँउमा एउटा ढुङ्गाको शिलालेख भेटेका थिए र यसैको आधारमा यस ठाँउमा पूजा गर्न थालिएको थियो । तेस्रो शताब्दीमा सम्राट अशोकले यस ठाउँमा सानो मन्दिर बनाएको र पछि त्यो भत्केको भन्ने भनाइ छ । यस ठाउँमा हिन्दुहरुले पनि श्रद्धापूर्वक पूजाआजा गर्दछन् । राजा प्रताप मल्लले पूर्वपट्टिको सिढीँ निर्माण गरेका थिए । यो चैत्य बुद्ध दर्शनमा आधारित रहेर निर्माण भएको छ । यस मन्दिरको जग गुम्वज आकार छ, गुम्वजको माथि १४ वटा तह छन् । प्रत्येक तहको बीचमा खाली ठाँउ राखिएको र शिरमा गजूर राखिएको छ । गजूरको तलपट्टि चारै दिशामा एक-एक जोडा आँखाको चित्र र त्यसमाथि तेस्रो आँखा राखिएको छ । यसको विशेष धार्मिक महत्व रहेको बताइन्छ । (फोटो नं. १०२)

सवयम्भुको स्थापनाका सम्बन्धमा किम्वदन्ती पनि प्रचलनमा रहेको छ । प्राचीनकालमा काठमाडौं उपत्यका एउटा ताल थियो र यसको बीचमा एउटा कमलको फूल थियो । मञ्जुश्रीले यस ठाँउमा सानो डाँडो निर्माण गरी मन्दिर बनाएको भनिन्छ । यस ठाँउमा प्रशस्त बाँदर भएकोले बाँदर मन्दिर पनि भनिन्छ । यस मन्दिरमा चढ्न ३६५ वटा सिँढी बनाइएको छ । यो काठमाडौं महानगरपीलिकामा पर्दछ । (नक्सा नं. ७०)

**महत्व**

यो स्थल प्राचीन र धार्मिक दृष्टिले पवित्रस्थल भएको, बौद्ध र हिन्दू धर्मावलम्वीहरुका लागि उत्तिकै आराध्य भएको, चैत्यको बुद्धदर्शनमा आधारित भएर निर्माण भएको, शिवको रुपमा पनि मान्ने गरिएको र स्वयम् निर्मित भएको, यस ठाँउबाट काठमाडौँ उपत्यका छर्लङ्ग देखिने भएको कारणहरुले गर्दा यसको महत्व उच्च रहेको छ ।

### ५.१३.११ पशुपतिनाथ

पशुपतिनाथको मन्दिर काठमाण्डौं उपत्यकाको पवित्र बागमती नदीको किनारमा अवस्थित छ । यो हिन्दुहरुका लागि विश्व प्रसिद्ध धार्मिक स्थल हो । यसको ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वलाई समेत दृष्टिगत गरी युनेस्कोद्धारा विश्व सम्पदा सूचीमा सन् १९७९ मा सूचीकृत गरिएको छ । पेगोडा शैलीमा निर्मित यो दुईतले मन्दिरको निर्माण पाँचौ शताब्दीमा लिच्छवी राजा प्रचण्डदेवले गरेको मानिन्छ, तर पशुपतिनाथको उत्पत्तिका सम्बन्धमा भने यकिन तिथि मिति फेला परेको छैन । यसका वरिपरि थुप्रै मन्दिरहरु छन् । तीमध्ये राममन्दिर र गुहेश्वरी प्रमुख हुन् । (फोटो नं. १०३)

यी मन्दिरहरु ११ औं सताब्दिमा बनाइएको हो । यस क्षेत्रको योजनाबद्ध विकासका लागि पशुपति क्षेत्र विकास कोष नामक संस्था गठन भई कार्य भइहेको छ । यस मन्दिरको स्थापनाका सम्बन्धमा अनेक किम्बदन्तीहरु पनि रहेका छन् । यो काठमाडौं महानगरपालिकामा पर्दछ ।

**महत्व**

पशुपतिनाथ मन्दिर एशिया महादेशमा मात्र हैन विश्वका हिन्दु धर्मावलम्वीहरुका लागि समेत महत्वपूर्ण धार्मिक स्थल भएको छ । काठमाण्डौंको सबभन्दा प्राचीन मन्दिर भएको, शिवशंकरको स्वरुप मानिएको, तपस्थल, योगी सन्तमहन्तको आश्रम र चतुर्मुखी शिवलिङ्ग भएको, चारधाम मध्ये एकधाम मानिएको र चारै पुरुषार्थको प्राप्ति हुने समेतका कारणले यस मन्दिरको महिमा उच्च रहेको छ ।

ऐतिहासिकताका सम्बन्धमा र प्रचलित किम्वदन्तीका सम्बन्धमा चर्चा गर्ने हो भने यस ठाँउमा प्रत्येक दिन गाईले दुध चढाउने गरेको देखेर जमिन खन्दा शिवलिङ्ग भेटिएको र सोही स्थानमा पूजाआजा गर्ने चलन चलेको भनाइ रहेको छ ।

### ५.१३.१२ जनकपुरधाम

नेपालको संघीय संरचना अनुसार प्रदेश २ मा पर्ने प्राचीन धार्मिक एवम् सांस्कृतिक महत्व बोकेको प्राचीन विदेह वंशले शासन गरेको मिथिला नामले प्रशिद्ध जनकपुरधाम काठमाडौँबाट करिब २२५ कि.मि. दक्षिण र तराइको समथर भूमिमा अवस्थित पवित्र स्थल हो । यो जनकपुर उप-महानगरपालिका अन्तरगत पर्दछ । (फोटो नं. १०४)

समग्रमा भन्दा नेपाल शिव, बुद्ध र जनकको पवित्र भूमि हो भनिन्छ । नेपालको उत्तराखण्डमा शिव, पश्चिम खण्डमा बुद्ध र पूर्व क्षेत्रमा ऋषि जनकको पावन भूमि हो । हिन्दु धर्मावलम्वीहरुका लागि यी स्थल आस्थाका केन्द्र हुन भने बौद्धलगायत अन्य धर्मावलम्वीहरुका लागि पनि आराध्य स्थल हुन् ।

हिन्दुग्रन्थ रामायणका अनुसार जनकले खेत जोत्दा फेला परेकी वच्चा सीतालाई आफ्नी छोरी बनाएका र पछि अयोध्याका राजा रामचन्द्रसँग विवाह भएको हो । जनकपुरधाम विश्वभरका हिन्दु धर्मावलम्बीहरुका लागि महत्वपूर्ण तीर्थस्थल र अन्य पर्यटकहरुका लागि दर्शनीय स्थल हो । गौतम बुद्ध, वर्धमन महाबीर र तिर्थाङ्कर कुने समय यही मिथिलामा बस्दथे भनेर पनि भनेको पाइन्छ ।

### ५.१३.१३ पोखरा

नेपालको मात्र हैन विश्वका लागि अत्यन्त रमणीय स्थल पोखरा नेपालको गण्डकी प्रदेशमा पर्दछ । प्राकृतिक सम्पदा र संस्कृतिका दृष्टिले पोखर मनोरम, आकर्षक स्थल हो । माछापुच्छ्रे हिमालको काखमा अवस्थित यस उपत्यकामा फेवा, वेगनास, रुपा ताल, पातले छाङ्गो, महेन्द्र गुफा, सेती नदी, सराङकोट लगायतका प्राकतिक स्थलहरु छन् भने धार्मिक महत्वका दृष्टिले प्रशिद्ध विन्दबासिनी, तालबाराही समेतका मन्दिरहरु पनि यहीँ छन् । (फोटो नं. १०५)

पर्यटकीय दृष्टिले आवश्यक पर्ने बसाइ, खानपिन, यातायात, सुरक्षा लगायतका सबै सुविधा उपलब्ध भएकाले यस स्थानमा पर्यटकको आगमन भइरहन्छ । (नक्सा नं. ७१)

### ५.१३.१४ सौराहा, चितवन

प्रदेश नं.३ मा पर्ने चितवन प्राकृतिक रुपमा समृद्ध छ । नारायणी नदीको पूवी् किनारमा रहेको यो ठाँउमा चितवन राष्ट्रिय निकुञ्ज भएकोले प्रकृतिप्रेमीहरुका लागि जङ्गली जनावर तथा चराचुरुङ्गीहरुको अवलोकन गर्न स्वदेशी पर्यटकहरुको आकर्षक गन्तव्य भएको छ । सौराह जङ्गल सफारी र हात्तीसार अवलोकन एवम् मनोरञ्जनका लागि आकर्षक थलाका रुपमा प्रसिद्ध रहेको छ । (फोटो नं. १०६) यसैगरी नारायणी नदी जलक्रिडाका लागि आकर्षणको थलो बनेको छ । नारायणी नदीको किनारमा रहेको त्रिवेणीधाम, वाल्मिकी आश्रम धार्मिक एवम् पौराणिक रुपमा प्रसिद्ध छन् । (नक्सा नं. ७२)

### ५.१४ पर्यटन विकासका लागि बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका प्रमुख मूर्त सम्पदामा गर्नुपर्ने सुधारका कार्यहरु

यो अध्ययनले बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका सयौं पर्यटकीय स्थलहरू समेट्नु पर्ने र ती सबै स्थलहरूको विस्तृत अध्ययन गर्नु समय र बजेटको सीमितताका कारण सम्भव छैन । तर यसै अध्ययनमा बौद्ध परिपथका प्रमुख दश मूर्त सम्पदाहरूको विस्तृत अध्ययन भएको छ । यो परिपथको प्रमुख सम्पदाहरु : लुम्बिनी, कुदान, गोटिहवा, तिलौराकोट, निग्लिहवा, अरौराकोट, सागरहवा, सिसनिया, रामग्राम, देबदह आदिमा पर्यटन विकासका लागि गर्नुपर्ने सुधारको कार्यका बारेमा विस्तृत र वैज्ञानिक अध्ययन भएको ज्ञानलाई सामान्यीकरण (Generalization) गरेर प्रदेश नं. ५ का अन्य पर्यटकीय स्थलहरुमा पर्यटन विकास तथा प्रवर्द्धनका लागि गर्नु पर्ने कार्यहरु निक्यौंल गरिन्छ । यसरी सामान्यीकरणबाट निस्कने निष्कर्ष पर्यटन विकासका लागि नयाँ ज्ञान वा मोडल हुन सक्दछ, जुन कुरा नीति निर्माता तथा प्राज्ञिक क्षेत्रका लागि महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

जम्मा १५० जना उत्तरदाताहरुसँग गरिएको प्रश्नावली सर्भेबाट बौद्ध परिपथका दशवटा प्रमुख पर्यटकीय स्थलहरुमा गर्नुपर्ने कार्य र अनुत्तरदाताहरुले रुचाइएका पर्यटन विकासका लागि गर्नुपर्ने कार्यहरूको मान तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ पर्यटन विकासका लागि गर्नुपर्ने सुधारका कार्यहरु**

| पर्यटन विकासका लागि गर्नुपर्ने सुधारका कार्यहरु | तालिका नं.१ देखि १० गर्नुपर्छ भन्ने उत्तरदाता संख्या | | | | | | | | | | कामहरुको सञ्चयीमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ता.१ | ता.२ | ता.३ | ता.४ | ता.५ | ता.६ | ता.७ | ता.८ | ता.९ | ता.१० | |
| वातावरण र जैविक विविधताको संरक्षण | ७० | ८२ | ८० | ८१ | ८७ | ८६ | ० | ८६ | ८७ | ८६ | ७४५ |
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ७६ | ८६ | ८४ | ८८ | ८९ | ९० | ९० | ८९ | ९० | ९० | ८७२ |
| स्थलको अन्वेषण/उत्खनन्/अध्ययन र संरक्षण | ७८ | ८६ | ८४ | ८६ | ८९ | ९० | ८९ | ८८ | ८९ | ९० | ८६९ |
| प्रभावकारी सूचना प्रणाली विकास | ७७ | ८६ | ८३ | ८२ | ८७ | ८७ | ८८ | ८७ | ८७ | ८८ | ८५१ |
| प्रचार प्रसार र बजारीकरण | ७३ | ८२ | ८० | ८१ | ८९ | ८७ | ८८ | ८६ | ८६ | ८८ | ८४० |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ७० | ८२ | ८० | ८१ | ८५ | ८६ | ९० | ८६ | ८७ | ९० | ८३७ |
| सार बगैचा (Theme Park) निर्माण | ० | ८६ | ८४ | ८८ | ८८ | ८८ | ८८ | ८८ | ८८ | ८८ | ७८६ |
| सम्पदाको संरक्षण | ७८ | ८६ | ८४ | ८६ | ० | ८६ | ८९ | ८९ | ८९ | ८९ | ७७६ |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम | ७६ | ८४ | ८० | ८३ | ८६ | ० | ८९ | ८७ | ८८ | ८९ | ७६२ |
| पर्यटक सुविधाहरुको निर्माण प्रबन्ध | ० | ८६ | ८३ | ८३ | ८८ | ८८ | ८८ | ० | ८९ | ८८ | ६९३ |
| सहज पहुँच तथा पार्किङको व्यवस्था | ७९ | ० | ८३ | ८६ | ८५ | ८७ | ८९ | ८९ | ९० | ० | ६८८ |
| सरसफाई तथा सौन्दर्यीकरण | ७७ | ८३ | ८३ | ८२ | ८६ | ० | ९० | ८७ | ० | ८६ | ६७६ |

**स्रोतः प्रश्नावली सर्भे, हरिध्वज राईको अप्रकाशित विध्यावारिधि शोधपत्र** (पृ.७६-१२०)

माथिको तालिकमा तालिका नं.११, तालिका नं.२, तालिका नं.३, तालिका नं.४, तालिका नं.५, तालिका नं.६, तालिका नं.७, तालिका नं.८, तालिका नं.९, र तालिका नं.१० हरुमा क्रमशः लुम्बिनी, कुदान, गोटिहवा, तिलौराकोट, निग्लिहवा, अरौराकोट, सागरहवा, सिसनिया, रामग्राम र देवदहमा पर्यटन विकासका लागि गर्नुपर्ने कार्यहरु प्रति उत्तरदाताहरुले

जनाएका समर्थन संख्या र तिनका सञ्चयीमान प्रस्तुत गरिएको छ । अध्ययनको उपलब्धि सम्बन्धमा प्रतिशत सहित तल तालिका नं. १२ मा विश्लेषण गरिन्छ ।

**तालिका नं.१२ पर्यटन विकासका लागि गर्नुपर्ने सुधारका कार्यहरु**

| पर्यटन विकासका लागि गर्नुपर्ने सुधारका कार्यहरु | कामहरुको सञ्चयीमान (Cumilative Value) | प्रतिशत |
|---|---|---|
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | ८७२ | ५८.१३ |
| स्थलको अन्वेषण/उत्खनन्/अध्ययन र संरक्षण | ८६९ | ५७.९३ |
| प्रभावकारी सूचना प्रणाली विकास | ८५१ | ५६.७३ |
| प्रचार प्रसार र बजारीकरण | ८४० | ५६.०० |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | ८३७ | ५५.८० |
| सार बगैचा (Theme Park) निर्माण | ७८६ | ५२.४० |
| सम्पदाको संरक्षण | ७७६ | ५१.७३ |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम | ७६२ | ५०.८० |
| वातावरण र जैविक विविधताको संरक्षण | ७४५ | ४९.६७ |
| पर्यटक सुविधाहरुको निर्माण प्रबन्ध | ६९३ | ४६.२० |
| सहज पहुँच तथा पार्किङको व्यवस्था | ६८८ | ४५.८७ |
| सरसफाई तथा सौन्दर्यीकरण | ६७६ | ४५.०७ |

**स्रोतः प्रश्नावली सर्भे, हरिध्वज राईको अप्रकाशित विध्यावारिधि शोधपत्र (पृ.७६-१२०)**

माथिको तालिकामा बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगत पर्ने दशवटा प्रमुख ऐतिहासिक तीर्थस्थलहरूमा पर्यटन विकासका लागि गर्नुपर्ने कार्यहरूको सञ्चयीमान र तिनका प्रतिशत प्रस्तुत गरिएको छ । पर्यटन विकासका लागि गर्नुपर्ने महत्वपूर्ण कामहरूको सञ्चयीमान SPSS 20 को माध्यमले बिश्लेषण गर्दा सबैभन्दा धेरै ८७२ र सबभन्दा ६७६ आएको छ । Computer विश्लेषणबाट नतिजालाई हेर्दा, कुनै पनि पर्यटकीय स्थलमा पर्यटन विकास गर्नका लागि गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कार्य "स्थल परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण" गर्नुपर्छ भन्ने देखिन्छ । यस्तो राय व्यक्त गर्ने उत्तरदाताहरुको प्रतिशत ८७२ रहेको छ । त्यसपछि घट्दोक्रममा अन्य महत्वपूर्ण कार्यहरुः क्रमशः स्थलको अन्वेषण र उत्खनन् र अध्ययन र संरक्षण (५८.१३%) प्रभावकारी सूचना प्रणाली बिकास (५७.९३%) प्रचार प्रसार र बजारीकरण (५६%) स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता (५५.८०%) सार बगैचा (Theme Park) निर्माण (५२.४०%) सम्पदाको संरक्षण (५१.७३%) धार्मिक साँस्कृतिक पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम (५०.८०%) वातावरण र जैविक विविधताको संरक्षण (४९.६७%) पर्यटक सुविधाहरूको निर्माण प्रबन्ध (४६.२०%) सहज पहुँच तथा पार्किङको व्यवस्था (४५.८७%) र सरसफाई तथा सौन्दर्यीकरण (४५.०७%) पाइएका छन ।

माथि तालिकामा उल्लेखित प्राय सबै बुदाहरु बोधगम्य नै भए पनि थिम पार्क निर्माण हाम्रा पर्यटन गन्तव्यस्थलहरुमा नयाँ अवधारणा भएको र केही प्राविधिक प्रकृतिको पनि भएको हुँदा, यस सम्बन्धमा चर्चा गर्नु आवश्यक छ। कुनै पनि पर्यटकीय स्थलमा थिम पार्क निर्माण कसरी गर्ने सम्बन्धमा लुम्बिनी विकास कोषका योजना प्रमुख इन्जिनियर सरोज भट्टराई भन्नुहुन्छ, "थिम पार्क" बनाउने स्थान विशेषको ऐतिहासिकता, पुरातत्व, धार्मिकता, प्रकृति आदि सबै उजागर हुने ढङ्गले भवन, बगैंचा, प्रतिकृति आदि निर्माण गर्नुपर्दछ । यस्ता थिम पार्कमा प्रस्तुतीकरण गरिने सानादेखि ठूला प्रत्येक वस्तुहरूको बिषय उद्देश्य र सन्देश पर्यटकले स्पष्टसँग बुझ्ने गरी श्रव्य, दृश्य वा साँकेतिक भाषामा सूचनाहरु राख्ने व्यवस्था गर्नुपर्दछ। (मिति २०७७/२/१५ मा इन्जिनियर सरोज भट्टराईसँग व्यक्तिगत सम्वाद) ।

कपिलवस्तुमा कसरी थिम पार्क निर्माण गर्ने सम्बन्धमा सोध्दा लुम्बिनी बौद्ध विश्वविद्यालयका उप-प्राध्यापक ईन्द्र काफ्लेले, सम्पूर्ण कपिलवस्तु क्षेत्रलाई बुद्धहरुको जन्मस्थल र बुद्धत्वको पवित्र भूमिको रुपमा चित्रण हुनेगरी

बनाउनुपर्दछ । जस्तै तिलौराकोटमा महाभिनिष्क्रमणको सार, कुदानमा बुद्ध शिक्षाको सार, गोटिहवामा क्रकुच्छन्द बुद्धको जन्म, ज्ञान प्राप्ति र सम्पूर्ण जीवनीको सार, निग्लिहवामा कनकमणि बुद्धको जन्मको सार आदि । बनाउनु पर्छ भन्नु भयो (मिति २०७७/२/१६ मा ईन्द्र काफ्लेसँग व्यक्तिगत सम्वाद) ।

अघिल्ला बुद्धहरू कनकमणि र क्रकुच्छन्दको बारेमा थिम पार्क बनाउँदा उहाँहरूको तस्बिर र मुर्तिको आधिकारिकताको सम्बन्धमा प्रश्न उठ्न सक्छ । जस्तै शाक्यमुनी भन्दा अघिल्ला बुद्धहरुको जिउडाल, अनुहार, केशरासी, पहिरन के कस्ता थिए भन्ने सम्बन्धमा यकिन छैन । अघिल्लो बुद्धहरूको जीउडालको सम्बन्धमा केही बौद्ध ग्रन्थहरुले चर्चा गरेको पाइए पनि वर्तमान समयमा ती पत्याउन गाह्रो हुने खालका विवरणहरू छन । जस्तै क्रकुच्छन्द बुद्धको उचाइ ४० हात अग्लो र कनकमुनि बुद्धको ३० हात अग्लो थियो भन्ने विवरण ती ग्रन्थहरूमा पाइन्छ । प्रमाणिकता बिना यतिकै ती बुद्धहरु को मुर्ति बनाउनाले अन्योलता तथा विरोधाभास श्रृजना हुन सक्दछ । तसर्थ यस सम्बन्धमा गहिरो अध्ययन गरी अन्तर्राष्ट्रिय बौद्ध विद्वान तथा समुदायहरूको समेत राय लिएर टुंगोमा पर्ने देखिन्छ ।

वृहत्तर लुम्बिनी क्षेत्र र वरिपरिका पर्यटकीय स्थलहरुमा पर्यटन विकास गर्नका लागि माथिका रणनीतिहरुका अतिरित्त नमिति १५ आषाढ २०७७ मा बुटवलमा भएको प्रस्तुति तथा छलफल कार्यक्रमबाट थप सुझावहरु आएका छन । यी सुझावले अध्ययनलाई अतिरिक्त पुष्ट बनाउनुको साथै बढी प्रभावकारी र भरपर्दो समेत बनाएको छ । उक्त कार्यक्रममा प्राप्त भएका केही सुझावहरुलाई देहाय अनुसार कार्यान्वयन हुन प्रस्ताव गरिएको छ ।

**देवदहको यथाशीघ्र पहिचान**

यो विषय सुझाव तथा छलफल कार्यक्रममा जोडदार रुपमा उठेको थियो । वास्तवमा देवदह प्राचीन कोलीय राज्यको राजधानी तथा रानी मायादेवी, प्रजापति र यशोधराको माइती देश भएको हुँदा भगवान गौतम बुद्धको जीवनसँग प्रत्यक्ष रुपमा सम्बन्ध राख्ने पवित्र तीर्थस्थल हो । विभिन्न बौद्ध साहित्य, चिनिया यात्रीहरूको यात्रा वृत्तान्त तथा समय-समयमा भएका पुरातात्विक अन्वेषण कार्यहरुले प्राचीन देवदह हाल साविक देवदहको भौगोलिक क्षेत्रमै रहेको छ, भन्ने कुरामा दुई मत छैन । यद्यपि पूर्ण उत्खनन (Full-fledged Archaeological Excavation) को अभावमा प्राचीन देवदहलाई हालसम्म यकिन गर्न सकिएको छैन । यसले गर्दा आज संसारभरका तीर्थयात्रीहरु भगवान गौतम बुद्धको मावली स्थलको तीर्थाटनबाट बञ्चित हुनुपरेको छ । यदि नेपालले बौद्ध पर्यटनबाट अत्यधिक लाभ लिने हो भने उहाँको पवित्र जन्मस्थल लुम्बिनी, उहाँले बाल्यकाल तथा युवाको अवस्था बिताउनु भएको स्थल कपिलवस्तु, पहिचान भइसकेको अवस्थामा उहाँको मावली प्राचीन देवदहको पहिचान हुनु अति आवश्यक छ । देवदहलाई शाक्यमुनी बुद्धको मावलीको रुपमा पहिचानसँगै उहाँको जन्मस्थल लुम्बिनी, गृहनगर कपिलवस्तु र मावली देवदह समेटिएको एउटा पूर्ण परिपथ बन्ने छ । यो बौद्ध परिपथ संसारको सर्वोत्कृष्ट परिपथहरु मध्ये एक बौद्ध परिपथ हुने छ, जसबाट प्रदेश नं ५, नेपाल र नेपालीले पर्यटनको माध्यमबाट अत्यधिक लाभ लिन सक्नेछन । तसर्थ लुम्बिनी विकास कोष, पुरातत्व विभाग, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार मिलेर यथाशीघ्र प्राचीन कोलीय राज्यको राजधानी देवदह पहिचान गर्नुपर्दछ ।

**सामुदायिक वन सहितको खुल्ला चिडियाखानाको रुपमा विकास**

वृहत्तर लुम्बिनी क्षेत्र भित्र उल्लेख्य रुपमा सामुदायिक वनहरू रहेका छन । साथै प्रदेश नं. ५ अन्तरगत नेपालको प्रसिद्ध चारकोसे झाडीको ठूलो भाग अवस्थित छ । पर्या-पर्यटनको दृष्टिकोणले यी हरिया जंगलहरु यो प्रदेशको अत्यन्त ठूलो

सम्पत्ति हुन् । आज पर्यटकहरु पनि वातावरणका विषयहरुमा संवेदनशील हुने र वातावरण संरक्षण भएका स्थलहरुमा भ्रमण गर्न रुचाउने भएकोले पनि यो प्रदेशमा रहेको हरियाली वनजंगल आफैंमा पर्यटनका गतिला आकर्षण हुन । तसर्थ विस्तृत अध्ययन गरी उपयुक्त स्थलहरुमा वन क्षेत्रहरुलाई खुल्ला संग्रहालय, चिडियाखानाको रुपमा विकास गर्न सकेको खण्डमा एकातिर पर्यटकको संख्या र खर्चमा वृद्धि हुन्छ भने अर्को तिर वातावरण संरक्षणमा समेत मद्दत पुग्दछ । तसर्थ प्रदेश नं. ५ ले आगामि दिनमा यस सम्बन्धमा अध्ययन गर्नुपर्दछ ।

**Hill Station लाई Tour Package र पर्यटक क्रियाकलापमा संलग्न गर्नु पर्ने**

प्रदेश नं. ५ अन्तरगत वृहत्तर लुम्बिनी क्षेत्र तराईको नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा अवस्थित छ । ग्रीष्म ऋतुमा बृहत्तर लुम्बिनी बौद्ध परिपथमा अत्यन्त गर्मी हुने हुँदा यस क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या अत्यन्त न्यून रहने गरेको छ । ग्रीष्म ऋतुलाई यो क्षेत्रको पर्यटनको बेमौसम (Off-season) भन्ने गरिन्छ, जुन समयमा यस क्षेत्रका पर्यटन व्यवसायीहरुको व्यापार शून्य प्रायः हुने गर्दछ । यो बौद्ध परिपथसँगै जोडिएर उत्तर तिर पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रुकुम, रोल्पा आदि जिल्लाहरूमा धेरै सुन्दर पहाडहरू (Hill Stations), ताल तलैया र हिमश्रृंखला समेत रहेका छन् । यी सुन्दर पहाडहरुबाट उत्तरमा अग्ला हिमालका शिखरहरु देखिन्छन भने दक्षिण तिर तराईका सुन्दर फाँटहरु दृश्यावलोकन गर्न सकिन्छ । ग्रीष्म ऋतुमा पनि यी पहाडहरुमा अत्यन्त आरामदायी र रमाइलो मौसम हुने हुँदा पर्यटकहरुले स्वर्गीय आनन्द अनुभव गर्न सक्छन । श्रीलंका र छिमेकी राष्ट्र भारतबाट यो सिजनमा ठूलो संख्यामा पर्यटकहरु वृहत्तर लुम्बिनी क्षेत्रमा आउने गर्दछन । उनीहरुलाई सुन्दर पहाडी दृष्यको अवलोकन गर्न लैजान सकेको खण्डमा यो प्रदेशले पर्यटनबाट ठूलो आर्थिक लाभ लिन सक्दछ । बृहत्तर लुम्बिनी बौद्ध परिपथको नजिकै यस्ता सुन्दर हिल स्टेशन रहेको हुँदा पर्यटनका पूर्वाधारहरु विकास गरी ती स्थलसम्म पर्यटक लैजान पनि अत्यन्त सजिलो छ । यसरी साँस्कृतिक तथा प्राकृतिक पर्यटनको संयुक्त प्याकेजले धेरै पर्यटकहरुलाई आकर्षित गर्न सकिन्छ ।

**लुम्बिनी विकास कोष र प्रदेश सरकार बीचको समन्वय**

लुम्बिनी विकास कोष ऐन २०४२ को व्यवस्था अनुसार कोषको संरक्षक नेपालको प्रधानमन्त्री र अध्यक्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुने र संस्कृति मन्त्रालयको मात हतमा रहेर कोषले सम्पूर्ण विकास निर्माण तथा उत्खननका कार्यहरु गर्ने व्यवस्था रहेको छ । राज्यको पुनर्रसंरचना पश्चात् कायम रहेका प्रदेश, प्रदेश सरकार वा प्रदेश सरकारका सम्बद्ध निकायसँग कानूनतः लुम्बिनी विकास कोषको तादम्यता मिल्न सकेको छैन । प्रदेश नं. ५ को मुख्य आकर्षणको केन्द्र लुम्बिनी नै हो भन्नेमा कुनै द्विविधा छैन । वृहत्तर लुम्बिनी क्षेत्र भौगोलिक रुपमा प्रदेश नं. ५ मा र कानूनी हिसाबले संघीय सरकार अन्तरगत रहेको हुँदा यो क्षेत्रको अन्वेषण, उत्खनन,  पूर्वाधार निर्माण तथा पर्यटन विकास जस्ता कार्य गर्न सहज छैन । पहुँचको हिसाबले प्रदेश सरकार यो क्षेत्रमा सधैं नजिकबाट विकास निर्माणका कार्य र नियमित अनुगमन तथा सुपरिवेक्षणका कार्य गर्न सक्दछ । लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत साँस्कृतिक सम्पदा हुनुका साथै संसारभरका बौद्ध धर्मावलम्बीहरूको पवित्र अन्तर्राष्ट्रिय तीर्थस्थल पनि भएकोले संघीय सरकारको मातहतमा हुनु पनि आवश्यक देखिन्छ । तसर्थ लुम्बिनीमा संघीय सरकार तथा प्रदेश सरकार बीच कानूनतः समन्वय तथा सहकार्यको आवश्यकता छ । बृहत्तर लुम्बिनी क्षेत्रको उत्खनन, अनुसन्धान तथा विकास निर्माणका कार्यका लागि नीति निर्माण, स्रोतको व्यवस्थापन तथा अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा संघीय सरकारको प्रमुख भूमिका रहने र सम्पदाहरूको सुरक्षा, संरक्षण तथा विकास निर्माणका योजनाहरूको कार्यान्वयन जस्ता पक्षहरुमा प्रदेश सरकारको

विशेष भूमिका रहने गरी आवश्यक व्यवस्था हुनुपर्ने देखिन्छ । यस मोडेललाई कार्यरुप दिन कोषको ऐन संसोधन गर्नुपर्ने हुन्छ ।

**प्रदेश नं. ५ मा पर्यटन प्रबुद्ध समूह (Think Tank) को गठन**

बृहत्तर लुम्बिनी बौद्ध परिपथ र प्रदेश नं. ५ का विभिन्न पर्यटकीय स्थलहरुमा पर्यटनको अत्यन्त ठूलो सम्भावना छ । पर्यटनको यस्तो विपूल सम्भावनालाई राम्ररी दोहन गर्ने हो भने निरन्तर रुपमा पुरातत्व, संस्कृति, वातावरण र पर्यटन जस्ता विषयहरुमा नयाँ-नयाँ अध्ययन अनुसन्धान भइरहनु पर्दछ । वास्तवमा भन्ने हो भने नेपाल हरेक क्षेत्रमा पछि पर्नुको कारण अध्ययन अनुसन्धानको कमी कै कारणले हो । यसर्थ पर्यटनसँग सम्बन्धित विज्ञहरूको प्रबुद्ध समूह (Think Tank) निर्माण गरी नियमित रुपमा प्राज्ञिक बहस शुरु गर्नुपर्दछ । नियमित रुपमा अनुसन्धानमा आधारित लेख रचनाहरु प्रकाशित गर्ने तथा अध्ययन अध्यापन गराउने व्यवस्था मिलाउनु पर्दछ । लुम्बिनी बौद्ध विश्व विद्यालय लगायत यस क्षेत्रका विश्व विद्यालयहरूले यस प्रदेशमा रहेका मूर्त तथा अमूर्तका साथै प्राकृतिक तथा मानव निर्मित सम्पदाहरूको सम्बन्धमा पाठ्यक्रम नै बनाई अध्ययन अध्यापन गराउनु पर्दछ ।

# अध्याय-६

# प्रदेश नं ५ का अमूर्त सम्पदाहरु

## ६. प्रदेश नं ५ का अमूर्त सम्पदाहरुको परिचय

युनेस्कोको अमूर्त सम्पदाहरूको संरक्षण सम्बन्धी अभिसन्धि २००३ का अनुसार, अमूर्त सांस्कृतिक सम्पदा ती सम्पूर्ण अभ्यास, अभिव्यक्ति, ज्ञान, सीप, कला-संस्कृति आदि हुन जसले कुनै मानव सम्प्रदाय वा समूहको इतिहास, संस्कृति, सभ्यता आदिलाई अभिव्यक्त गर्दछन भनी परिभाषित गरेको छ । अभिसन्धिका अनुसार अमूर्त संस्कृतिक सम्पदा भित्र निम्न कुराहरू पर्दछन ।

- मौखिक परम्परा तथा अभिव्यक्ति
- प्रदर्शन कला
- सामाजिक अभ्यास, प्रचलन, चाडपर्वहरू
- प्रकृति र मानव सम्बन्धी ज्ञान तथा अभ्यास
- परम्परागत शिल्प

यस खण्डमा प्रदेश नं ५ मा प्रचलनमा रहेका महत्वपूर्ण अमूर्त साँस्कृतिक सम्पदाहरुको विवेचना गरिन्छ ।

## ६.१ बौद्ध संस्कृति र धार्मिक कार्यक्रम

लुम्बिनी गुरुयोजना क्षेत्र भित्र नयाँ लुम्बिनी ग्राममा १, बिहार क्षेत्रमा २९ र पवित्र उद्यानमा २ गरी जम्मा ३२ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध मन्दिरहरु अवस्थित छन । यी बौद्ध मन्दिरहरूले लुम्बिनीमा विभिन्न किसिमका दैनिक, साप्ताहिक, मासिक, वार्षिक धार्मिक पूजा तथा कार्यक्रमहरु सञ्चालन गर्ने गर्दछन । तसर्थ लुम्बिनी क्षेत्र अमूर्त बौद्ध सांस्कृतिक सम्पदाका हिसाबले सानो बौद्ध संसारको हो, जहाँ संसारभरिका बौद्ध संस्कृति तथा बौद्ध ज्ञान अभ्यास गरिन्छ (LDT, 2017 A, P. 33-49) । लुम्बिनी गुरुयोजना क्षेत्रमा सञ्चालन हुने पूजा तथा धार्मिक कार्यक्रमहरुको बारेमा तल छोटो चर्चा गरिन्छ ।

### ६.१.१ राजकीय बुद्ध विहार, नेपाल

**दैनिक पूजा**

- विहान ७ देखि ७:३० : बुद्ध पुजा
- विहान ८ देखि ९ : भिक्षु भिक्षुणीहरुलाई नास्ता
- बेलुका ६ देदि ७ : बुद्ध पूजा र परित्राण सुत्र पाठ

**वार्षिक कार्यक्रम**

- वैशाख ९ : नेपाली नयाँ वर्ष
- बुद्ध जयन्तीभन्दा दुई दिन अगाडि : भिक्षु विमालानन्दको वार्षिकी
- वैशाख पूर्णिमा : बुद्ध जयन्ती

- साउन र भदौ : वर्षा वास
- साउन पुर्णिमादेखि भदौ पुर्णिमा : गुन्ला धर्म

### ६.१.२ धर्मस्वामी महाराज बौद्ध विहार, नेपाल

**दैनिक पूजा**

- विहान ६ देखि ७ : तारा पुजा
- विहान ७ देखि : महाकाल पुजा

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- पौष अथवा माघ : महाकाल पुजा
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- मंसिर र पौष : शाक्य मोलम पूजा १० दिनसम्म

### ६.१.३ विश्व शान्ति स्तूप

**दैनिक पूजा**

- विहान ४:३० देखि ६ : बुद्ध पुजा, भजन, प्राथना
- विहान ४ देखि १० : मायादेवी मन्दिर तथा ग्रामीण चङ्क्रमन प्रार्थना
- बेलुका ४:३० देखि ६ : बुद्ध पुजा, भजन, प्राथना
- प्रत्येक शनिबार : व्रत प्रार्थना

**वार्षिक कार्यक्रम**

- पौष ९ : फुजी गुरुको स्वर्गरोहण वार्षिकी
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- असार १९ : श्रद्धय गुरु नावातामेको स्वर्गरोहण वार्षिकी
- साउन २२ : फुजी गुरुजीको जन्मोत्सव तथा हिरोसिमा दिवस
- कार्तिक १८ : विश्व शान्ति स्तुप वार्षिकोत्सव
- मंसर १६ देखि २३ : एक हप्ताको व्रत (Rohachi Session)

### ६.१.४ शाही थाई विहार, थाइल्याण्ड

**दैनिक पूजा (धम्म देशना)**

- विहान ५:३० देखि ६ : ध्यान

- विहान ६ देखि ६:४५ : भजन
- बेलुका ७ देखि ८ : भजन र चिन्तन

**वार्षिक कार्यक्रम**

- वैशाख १ : सोङक्रान दिवस
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती ९वेशाख दिवस०
- साउन २८ : मातृ दिवसको रुपमा थाई महारानीको जन्मोत्सव
- मंसिर २० : पितृ दिवसको रुपमा थाई राजाको जन्मोत्सव
- पुष र माघ : बुद्धले १२५० अरहतहरुलाई शिक्षा दिनु भएको स्मरणमा माघ दिवस

### ६.१.५ महोबोधी सोसाइटी विहार अफ इन्डिया

**दैनिक पूजा (धम्म देशना)**

विहान ६ देखि ७ : बुद्ध पुजा र पाली सुत्त भजन किर्तन

वेलुका ६:३० देखि ७:३० : बुद्ध पुजा र पाली सुत्त भजन किर्तन

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- वैशाख १ : कम्बोडियन नयाँ वर्ष ३ दिन
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास
- वर्षावास समापन : कठिन चीवर दान समारोह
- असोज १ : अनागरिक धम्मपालको जन्मोत्सव

### ६.१.६ म्यानमार गोल्डेन टेम्पल

**दैनिक पूजा (धम्म देशना)**

- विहान ६ देखि ७ : बुद्ध पुजा, प्रार्थना तथा भजन
- वेलुका ५ देखि ६ : बुद्ध पुजा, प्रार्थना तथा भजन

**वार्षिक कार्यक्रम**

- विहान ६ देखि ७ : बुद्ध पुजा, प्रार्थना तथा भजन
- वेलुका ५ देखि ६ : बुद्ध पुजा, प्रार्थना तथा भजन
- पुर्णिमा (असार-भदौ) : वर्षावास

- वर्षावास समापन : कठिन चीवर दान समारोह

**६.१.७ कम्बोडियन मोनास्ट्री, कम्बोडिया**

**दैनिक पूजा (धम्म देशना)**

- विहान ६ देखि ७ : बुद्ध पुजा, प्राथना तथा भजन
- वेलुका ५ देखि ६ : बुद्ध पुजा, प्राथना तथा भजन

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- वैशाख १ : कम्बोडियन नयाँ वर्ष ३ दिन
- वैशाख १ : नेपाली नयाँ वर्षत्र
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास
- वर्षावास समापन : कठिन चीवर दान समारोह

**६.१.८ श्रीलङकन विहार, श्रीलङका**

**दैनिक पूजा (धम्म देशना)**

- विहान ६ देखि ७ : बुद्ध पुजा, प्रार्थना तथा भजन
- वेलुका ५ देखि ६ : बुद्ध पुजा, प्रार्थना तथा भजन

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- माघ २२ : श्रीलङ्कन स्वतन्त्रता दिवस
- वैशाख १ : कम्बोडियन नयाँ वर्ष ३ दिन
- वैशाख १ : नेपाली नयाँ वर्षत्र
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास
- वर्षावास समापन : कठिन चीवर दान समारोह

**६.१.९ अन्तर्राष्ट्रिय गौतमी भिक्षुणी मन्दिर, नेपाल**

**दैनिक पूजा (धम्म देशना)**

- विहान ५ देखि ६ : सुत्तको बुद्ध पुजा, प्रार्थना, भजन ध्यान
- अपरान्ह २ देखि ३ : ध्यान तथा बुद्ध पूजा

- वेलुका ६ देखि ८:३० : बुद्ध पूजा, भजन तथा ध्यान

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पूर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास
- वर्षावास समापन : कठिन चीवर दान समारोह

### ६.१.१० जर्मन मन्दिर, जर्मनी

**दैनिक पूजा (धम्म देशना)**

- विहान ६ देखि ७ : बुद्ध पुजा, प्राथना, भजन र गुरु योगा
- वेलुका ५ देखि ६ : महाकाल पुजा, प्रार्थना तथा भजन

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- माघ १ : तिवती नयाँ वर्ष
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास
- वर्षावास समापन : कठिन चीवर दान समारोह

### ६.१.११ चिनिया विहार

**दैनिक पूजा**

- विहान ४:३० देखि ६ : बुद्ध पुजा, प्रार्थना र भजन
- वेलुका ४ देखि ६ : बुद्ध पुजा, प्रार्थना र भजन
- वेलुका ७ देखि ८ : बुद्ध पुजा, प्रार्थना र भजन

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रेजी नयाँ वर्ष
- माघ १ : चिनिया नयाँ वर्ष
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती

- पुर्णिमा (असार-भदौ) : वर्षावास
- वर्षावास समापन : कठिन चीवर दान समारोह
- प्रत्येक अंग्रजी महिनाको १५ तारिख : १५५परिवारलाई १० किलो चामल दरले चामल दान

### ६.१.१२ कोरियाली, मन्दिर, कोरिया

**दैनिक पूजा**

- विहान ५ देखि ५:५० : बुद्ध पुजा, प्राथना र भजन
- वेलुका ७ देखि ७:३० : बुद्ध पुजा, प्राथना र भजन

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रेजी नयाँ वर्ष
- माघ १ : चिनिया नयाँ वर्ष
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास

### ६.१.१३ भियतनामी मन्दिर, भियतनाम

**दैनिक पूजा**

- विहान ४ देखि ५:३० : सुत्रपाट, बुद्ध पुजा, प्राथना र भजन
- विहान ५:३० देखि ५:५० : आमन्त्रण घण्टी
- विहान ९ देखि १० : ध्यान साधना
- वेलुका ३ देखि ४ : ध्यान साधना
- वेलुका ६ वजे : आमन्त्रण घण्टी
- वेलुका ७ देखि ९ : भजन तथा ध्यान साधना

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रेजी नयाँ वर्ष
- माघे पुर्णिमा : आभर पर्व
- माघ र फाल्गुन : भियतनामिज नयाँ वर्ष
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- पुर्णिमा (असार-भदौ) : वर्षावास

### ६.१.१४ गेडेन अन्तर्राष्ट्रिय विहार, अष्ट्रिया

**दैनिक पूजा**

- विहान ७ देखि ८ : सोमबार बाहेक बुद्ध पुजा, प्राथना र भजन

**वार्षिक कार्यक्रम**

- माघ : तिब्बती नयाँ वर्ष
- फाल्गुन १० : सोग पुजा
- फाल्गुन १३ : परिनिर्वाणा दिवस,
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- तिब्बती महिनाको १० र २५ तारिख : सोग पूजा

### ६.१.१५ ड्रुबग्युड छोलिङ विहार, नेपाल

**दैनिक पूजा**

- विहान ७ देखि ८ : तारा पूजा
- वेलुका ३:३० देखि ५ : महाकाल पूजा

**वार्षिक कार्यक्रम**

- भदौ २७ : गुरुको जन्म दिन
- हिउद ९असोज १५-फाल्गुन २८० : बुद्ध शिक्षाबारे अन्तरक्रिया
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती

### ६.१.१६ कर्मा साम्तेङलिङ विहार, नेपाल

**दैनिक पूजा**

- विहान ५ देखि ६ : तारा पुजा
- वेलुका ३:३० देखि ४:३० : महाकाल पुजा
- विहान ११ देखि ११:३० : शाक्यमुनि पुजा

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रेजी नयाँ वर्ष
- माघ र फाल्गुन : ल्होसार महोत्सव
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती

### ६.१.१७ उर्गेन दोर्जे छोलिङ बौद्ध केन्द्र, सिंगापुर

**दैनिक पूजा (धम्म देशना)**

- विहान ६ देखि ७ : बुद्ध पुजा, प्राथना, भजन
- वेलुका ३ देखि ४ : बुद्ध पूजा, प्रार्थना तथा भजन

**वार्षिक कार्यक्रम**

- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- माघ र फाल्गुन : ल्होसार महोत्सव
- महिनाको २ पटक : गुरु रिङपोचे पूजा

### ६.१.१८ शेचेन स्तुप, फ्रान्स

**दैनिक पूजा**

- विहान ६ देखि ७ : ध्यान साधना, भजन, ट्राङकी, बज्रयाना पूजा
- वेलुका ४ देखि ६ : महाकाल पूजा, धर्मपथ

**वार्षिक कार्यक्रम**

- पौष १७ : अंग्रजी नयाँ वर्ष
- माघ र फाल्गुन : तिब्बती नयाँ वर्ष
- वैशाख १ : नेपाली नयाँ वर्ष
- वैशाख पुर्णिमा : बुद्ध जयन्ती
- असोज १५ : दिल्गो ख्येत्से रिम्पोचेको महापरिनिर्वाण वर्षगाँठ

### ६.१.१९ थ्रांगु वज्र विध्या बौद्ध विहार, क्यानाडा

**दैनिक पूजा**

- विहान ६ देखि ८ : बुद्ध पूजा, प्रार्थना, भजन
- वेलुका ३ देखि ४ः३० : बुद्ध पूजा, प्रार्थना, भजन

**वार्षिक कार्यक्रम**

- माघ २७ : अंग्रजी तिब्बती नयाँ वर्ष
- माघ महिना : ल्होसार महोत्सव
- असार १२ : कर्मापा लामाको जन्मोत्सव
- असार २६ : दलाई लामाको जन्मोत्सव
- कार्तिक २५ : थ्रांगु लामाको जन्मोत्सव
- तिब्बती महिनाको १० र २५ तारिख : वज्र डाकिनी पूजा

### ६.१.२० धम्म जननी विपासना केन्द्र, नेपाल

**दैनिक पूजा**

- विहान ६:३० देखि ७:३० : बुद्ध पूजा, प्रार्थना, भजन, ध्यान साधना

**वार्षिक कार्यक्रम**

- १० दिने विपासना ध्यान : प्रत्येक अंग्रजी महिनाको १ देखि १५ बीचमा
- २० दिने विपासना ध्यान : प्रत्येक १ वर्षमा १ पटक सञ्चालन
- सतिठान ध्यान : वर्षमा दुई पटक
- ३ दिने विपासना ध्यान : वर्षमा दुई पटक
- १ दिने विपासना ध्यान : प्रत्येक अंग्रजी महिनाको २६ तारिख
- १ दिने वाल विपासना ध्यान : पर्यटकहरुको अनुरोध
- सामूहिक वसाई : प्रत्येक शुक्रबार वेलुका ४ देखि ५ बजेसम्म

### ६.१.२१ पण्डितारामा विपश्यना केन्द्र, म्यान्मार

**दैनिक पूजा**

- विहान ६:३० देखि ७:३० : उठ्ने
- विहान ४:३० देखि ११ : चंक्रमण ध्यान र ध्यान साधना
- विहान ११ देखि १२ : खाना
- विहान १२ देखि १२:३० : आराम
- विहान १२:३० देखि वेलुका ५:४५ : चंक्रमण ध्यान र ध्यान साधना
- बेलुका ६ देखि ७:१५ : धम्म अन्तरक्रिया
- वेलुका ७:१५ देखि ८ : फलफूलको रस सेवन तथा चंक्रमण ध्यान
- राति ८ देखि १० : चंक्रमण ध्यान र ध्यान साधना

**वार्षिक कार्यक्रम**

- विपासना केन्द्र वर्षभरी खल्छ। विपासना ध्यान हप्ता दिन वा धेरै महिला लामो जान सक्छ।

### ६.१.२२ ड्रिग्युङ काग्युड ध्यान केन्द्र, लद्दाख

**दैनिक पूजा**

- विहान ६:३० देखि ७:३० : बुद्ध पूजा, प्रार्थना, भजन र ध्यान साधना

**वार्षिक कार्यक्रम**

- ७ दिने विपासना ध्यान
- २८ दिने विपासना ध्यान

- ६ महिने दिने विपासना ध्यान
- १ वर्ष र त्यो भन्दा माथिको विपासना ध्यान (राई, २०२०, अप्रकाशित विध्यावारिधि सोधपत्र, पृ. १२२-१२८)

अध्येता हरि ध्वज राईले लुम्बिनी गुरुयोजना क्षेत्रमा मात्रै ६२ वटा दैनिक पूजाहरु र ११४ वटा वार्षिक बौद्ध कार्यक्रमहरु लुम्बिनीमा सञ्चालन हुने कुरा व्यक्त गरेका छन । त्यसैले संसारभरका बौद्धमार्गी तथा शान्तिप्रेमी जनसमुदाय लुम्बिनी क्षेत्रको अद्वितीय साँस्कृतिक सम्पदाबाट लालायित हुने गरेका छन । यस्ता अनुपम साँस्कृतिक सम्पदाहरूको समुचित प्रवर्द्धन तथा बजारीकरण गर्ने हो भने यस क्षेत्रमा ठूलो संख्यामा बौद्ध तथा गैर बौद्ध पर्यटक आउने र लामो समय बिताउने कुरामा दुईमत छैन (राई, २०२०, अप्रकाशित विध्यावारिधि सोधपत्र, पृ. १२२-१२८) ।

### ६.२ हिन्दू संस्कृति र चाडपर्व

बृहत्तर लुम्बिनी बौद्ध परिपथ तथा प्रदेश नं. ५ मा हिन्दुहरूको बाहुल्यता रहेको हुँदा यस क्षेत्रमा हिन्दु धर्म तथा संस्कृतिसँग सम्बन्धित धेरै चाडपर्व मनाउने गरिन्छ । यस्ता चाडपर्वहरु स्थानीय बासिन्दा तथा बाहिरबाट घुम्न आउने पर्यटकहरुलाई मनोरञ्जन मात्रै नदिई आपसी सद्भाव तथा भाइचाराको सन्देश समेत दिन समेत सफल छन । पर्यटकहरुलाई आकर्षित गर्ने केही महत्वपूर्ण हिन्दू चाडपर्वहरुको बारेमा लुम्बिनी विकास कोषले प्रकाशन गरेको Calendar of Festival and Event-2019, पृ. ११-२९" को आधारमा तल छोटकरीमा चर्चा गरिन्छ ।

#### ६.२.१ रोपाई पर्व

हरेक बर्ष असार १५ गतेका दिन यस क्षेत्रमा रोपाइँ पर्व मनाउने गरिन्छ । नेपाल कृषि प्रधान देश भएको कारणले यो रोपाईं पर्वको महत्व धेरै छ । यो दिनमा मीटो मसिनो खाएर, राम्रो लुगा लगाएर साथीभाइ जम्मा भई खेतमा धान रोप्ने गरिन्छ । धान रोपाईसँगै गीत गाउने तथा नाच्ने काम समेत गरिन्छ । जसले धान रोपाइँलाई मनोरञ्जन तथा स्मरणीय बनाउँछ । कहिले काहि हली, बाउसे र रोपारहरु बीच हिलो छ्यापाछ्याप समेत हुन्छ र यो रमाइलो दृष्य हेर्नलाई पर्यटकहरु आकर्षित हुन्छन । अतः रोपाईं पर्वलाई पर्यटक गतिबिधिको रुपमा विकास तथा प्रवर्द्धन गर्नु आवश्यक छ ।

#### ६.२.२ बोलबम मेला

प्रत्येक वर्ष साउन महिनाको प्रथम सोमबार शुरु गरेर महिना भरि बोलबम यात्रा गर्दै भगवान शिवको पूजा तथा आराधना गरिन्छ । यसलाई साउनी मेला पनि भन्ने गरिन्छ । साउन महिना भरि भक्तजनहरुले गेरु बस्त्र धारण गरी खाली खुट्टामा विभिन्न मन्दिर तथा नदी नालाहरुमा यात्रा गरी पवित्र गंगाजललाई चढाउने गर्दछन । यस्तो बोलबम यात्रामा निस्कदा शिवभक्तहरुले "बोलबम बोलबम" मंत्र जप गर्दै मन, शरीर, र आत्मालाई शुद्ध बनाउँछन । विभिन्न मठ, मन्दिर, शक्तिपीठहरुको पूजा गर्दै महिना दिन लामो बोलबम यात्रा पूरा गरेर साउन महिनाको अन्तिम सोमबारका दिन शिवभक्तहरुले आफ्नो गाउँ नजिकै रहेको शिव मन्दिरको शिवलिङ्गमा पवित्र गंगाजल अभिषेक गरेर आफ्नो धार्मिक यात्रा समापन गर्दछन ।

साउन महिनाको अन्तिम सोमबारका दिन हजारौंको संख्यामा हिन्दुहरु नजिकको शिव मन्दिरमा गई धुमधामले भगवान शिवको पूजा अभिषेक तथा प्रार्थना गर्छन । कपिलवस्तुको तौलेश्वरनाथ महादेव र लक्षमणघाट, सैनामैनाको पर्रोहा

पर्मेश्वर धाम, लुम्बिनीको प्रकटेश्वर महादेव, त्रिवेणी नवलपरासीको त्रिवेणीधाम, रुपन्देहीको मोक्षधाम, श्रृङ्गेश्वरधाम, दाङ्गको धारापानी धाम र अम्बिकेश्वरी, रुरु क्षेत्र आदिमा ठूलो बोलबम मेलाको आयोजना गरिन्छ ।

### ६.२.३ जनै पूर्णिमा (रक्षा बन्धन)

रक्षा बन्धन पनि भनेर मानिने जनै पूर्णिमा यस क्षेत्रमा साउन महिनाको पूणिर्माका दिन धुमधामका साथ मनाइन्छ । हिन्दू ब्राह्मण र क्षेत्रीहरुले यो दिन पवित्र धागो जनै (यज्ञोपवित) धारण गरी आफूलाई शुद्ध बनाउने गर्दछन । यज्ञोपवित धारण गरिसकेपछि जजमानहरुले ब्राह्मणलाई दक्षिणा तथा खाना दान गरी पुण्य आर्जन गर्ने गर्दछन ।
यसै दिनलाई तराईमा राखी पर्वको रुपमा मनाउने गरिन्छ । यसदिन दिदी बहिनीहरुले आफ्ना दाजु भाइको समृद्धि, सुख, स्वास्थ्य र दीर्घ जीवनको कामना गर्दै हातमा राखी बाँधिदिने गर्दछन । दिदी बहिनीहरुले यो दिन नुहाएर शुद्ध भई, पूजापाठ गरी बत्ती बालेर आफ्ना दाजु भाइको पूजा गर्ने र उनीहरुलाई मीठो परिकार खान दिने गर्दछन । साथै दाजुभाइहरुले पनि आफ्नो गच्छे अनुसार राखी बाँधिदिने दिदी बहिनीहरुलाई, नगद र उपहार दिने गर्दछन ।

### ६.२.४ गाईजात्रा

गाईजात्राका नेपालकै एक प्रसिद्ध पर्व हो । छोराको मृत्युले शोक सन्तप्त आफ्नो रानीलाई हसाउनको लागि राजा प्रताप मल्लले मध्यकालमा शुरु गरेको यो जात्रा अचेल नेपालको प्रायः सबै ठाउँमा मनाइन्छ । परिवारको कुनै सदस्यको मृत्यु भएको घरका मानिसहरूले यो दिन विचित्रको लुगा फाटा लगाई विचित्रको हाउभाउ गर्दै गाई लिएर सडकको परिक्रमा गर्ने गर्दछन । हुनेले गाई डोऱ्याउँदै शहरको परिक्रमा गर्ने गर्दछन भने घरमा गाई नहुनेले केटाकेटीहरुलाई गाईको जस्तो पुच्छर, सिङ र  कपडा लगाइदिएर बजार परिक्रमा गराउने गर्दछन । गाईजात्राको दिन विभिन्न देवीदेवताका मुकुण्डो लगाएर नाचगान समेत गर्ने गरिन्छ । हाँस्य रसले भरिएको यो पर्वले मानिसहरुलाई आफ्नो पीडा व्यथा भुलेर नयाँ उर्जाका साथ जीवन जिउने कला सिकाउँछ । प्रदेश नं. ५ को बुटवल, तानसेन, रिडी, बलेटक्सार, वामीटक्सार, प्यूठान खलङ्गा (कुटीचौर) लगायत नेवार बस्ती भएको विभिन्न गाउँ तथा शहरहरुमा यो जात्रा धुमधामसँग मनाउने गरिन्छ । यो पर्वले मानिसको जीवन नाशवान छ, नमर्ने मानिस कोही हुँदैन, त्यसैले आपसमा मिलेर हाँसीखुशी बाँच्नु पर्दछ भन्ने सन्देश दिन्छ ।

### ६.२.५ कृष्ण जन्माष्टमी

भदौ महिनाको अष्टमीको दिन यो पर्व धुमधामका साथ मनाइन्छ । हिन्दू धर्मावलम्बीहरुले कृष्ण जन्माष्टमीको दिन उपवास बस्ने र रातभर जाग्राम बसी भजन-कीर्तन गर्ने गर्दछन । भगवान श्री कृष्णको जन्म भएको समय मध्यरातसम्म भजनकीर्तन गरी जाग्राम बसे पछि खुशी र हर्षोल्लाश मनाउने गरिन्छ ।
यस दिन मानिसहरूले श्रद्धा भक्तिपूर्वक बालकृष्णको मूर्तिलाई कोक्रोमा राखेर हल्लाउने, कृष्ण स्तुति गर्ने, नृत्यहरू गर्ने गर्दछन । कृष्ण जन्म अष्टमीको दिन प्रदेश नं. ५ का सबै कृष्ण मन्दिरहरुमा भगवान कृष्णका अनेक नाम को जाप गर्ने र पूजापाठ गरिन्छ ।

### ६.२.६ तीज

नेपाली महिलाहरुले भगवान शिवको आराधना गर्दै भदौ महिनामा तीज पर्व मनाउने गर्दछन । भगवती पार्वती र भगवान शिवको महामिलनको स्मृति गर्दै शिव जस्तै सुयोग्य वर पाउन र आफ्ना पति र सन्तानको स्वास्थ्य, दीर्घायु र समृद्धिको कामना गर्दै हिन्दू महिलाहरुले तीजमा भगवान शिवको पूजा आराधना गर्ने गर्दछन ।

तीन दिनसम्म मनाइने तीज पर्वमा स्वादिष्ट भोजन खाने साथै निराहार व्रत बस्ने समेत गरिन्छ । पर्वको पहिलो दिनलाई दरखाने दिन भनिन्छ । उक्त दिन विवाहित महिलाहरु आफ्नो माइती जाने र मीठामीठा परिकार खाने गर्दछन । महिलाहरुले भोजसँगै आफन्तहरुसँग आफ्ना दुःख सुख साटासाट गर्ने र साथीसंगीसँग रमाइलो गर्ने गर्दछन । दोस्रो दिन महिलाहरु निराहार व्रत बस्दछन । पानी पनि नखाई उनीहरुले भगवान शिवको पूजा आराधना गर्दछन । पूजा समाप्त भएपछि महिलाहरु ठाउँ ठाउँमा जम्मा भई नाँचगान गरी रमाइलो गर्दछन । तीज पर्वको तेस्रो दिनलाई ऋषि पंचमी भनिन्छ । उक्त दिन महिलाहरुले ३६० वटा दतिवनले दाँत माझ्ने, स्नान आदि गरी शुद्ध भएर सप्तऋषिहरू र विभिन्न देवीदेवताहरूको पूजा गर्ने गर्दछन । यसो गर्नाले जानेर वा नजानेर गरिएका सम्पूर्ण पापबाट महिलाहरुको मुक्ति पाउँछन भन्ने जनविश्वास रहेको छ । यही मान्यता अनुसार बृहत्तर लुम्बिनी बौद्ध परिपथ र प्रदेश नं. ५ का विभिन्न गाँउ शहरहरुमा  तीज पर्व धुमधामले मनाउने गरिन्छ ।

### ६.२.७ दुर्गा पूजा र दशैं

नेपालमा दुर्गा पूजालाई दशैं वा टिकाको रुपमा धुमधामले मनाइन्छ । वास्तवमा भन्ने हुने दशैं नेपालको मुख्य चाड नै हो । दानव महिषासुर र देवी दुर्गा बीच लगातार नौ दिनसम्म लडाइँ भएको र दशौं दिनमा दानवलाई मारी देवीले विजय प्राप्त गरेकोले यो चाडलाई विजयदशमी पनि भनिन्छ । असत्य माथी सत्यको विजय भएको यो अवसरलाई हिन्दुहरुले १५ दिनसम्म उत्सवको रूपमा मनाउने गर्दछन । असोज महिनाको शुक्लपक्षबाट शुरु हुने यो चाड पूर्णिमामा समापन हुन्छ । देश विदेश गएका परिवारका जनहरू दशै मनाउन टाढादेखि घर आउने गर्दछन । यो पर्वले नेपालीहरुलाई एकआपसमा भेटघाट गर्ने र आफ्नो दुःख-सुखका अनुभव साटासाट गर्ने मौका प्रदान गर्दछ ।

यो पर्वको सातौं, आठौं र नवौं दिनलाई क्रमशः महासप्तमी, महाअष्टमी र महानवमी भनिन्छ ।  यी दिनहरुमा विभिन्न शक्तिपीठहरु र घर घरमा शक्तिस्वरुपिणी देवी दुर्गाको पूजा आरधना गर्ने र  दुर्गालाई पशुबलि दिने गरिन्छ । दशौं दिनलाई विजया दशमीको रुपमा मान्यजनहरुको हातबाट टीका तथा आशिर्वाद थापी भव्य रुपमा मनाउने गरिन्छ । प्रदेश नं. ५ का अधिकांश गाउँ र शहरहरुमा दशैं पर्व धुमधामले मनाउने मनाउने गरिन्छ ।

### ६.२.८ दीपावली र तिहार

धनकी देवी लक्ष्मीको पूजा गरी मनाइने पर्व तिहारलाई दीपावली, दिवाली वा यमपञ्चक पनि भनिन्छ । यो पर्वमा काग, कुकुर, गाई र लक्ष्मीका साथै गोरु र दाजुभाईलाई पनि पूजा गरिन्छ । बत्तिहरूको पर्वको रुपमा परिचित यो चाडमा घर, गाउँ र शहरहरु बत्तिले झकमक्क उज्यालो पारिन्छ ।  बत्तिले जग्मगाएका बस्तीहरु औंशीको अन्धकारमा अत्यन्त मनमोहक तथा सुन्दर देखिन्छन ।

दिपावलीको पहिलो दिनलाई काग तिहार भनिन्छ । घर परिवारमा दुःखको नाश होस र परिवारका कुनै सदस्यले अकाल मृत्युवरण गर्न नपरोस भनी यो दिन कागलाई पूजा गरी मिठो परिकार खान दिने गरिन्छ । दोस्रो दिनमा कुकुरलाई मीठो खाना दिनको साथै टिका र माला लगाई दिएर पूजा गरिन्छ । तेस्रो दिनलाई गाई तिहार वा लक्ष्मीपूजा भनिन्छ । यो दिन बिहान गाईलाई मीठो खानेकुरा  दिने, टिका र फूलमाला लगाइदिई पूजा गर्ने गरिन्छ भने बेलुका धनकी देवी लक्ष्मी माताको पूजा धुमधामले गरिन्छ । लक्ष्मी मातालाई सरसफाई र उज्यालो मनपर्ने भएकोले त्यस साँझ घरको विशेष सरसफाई गरी धेरै बत्तिहरु बालेर झिलिमिली बनाइन्छ । लक्ष्मीको पूजा सकिएपछि प्रसाद खाएर रमाइलो गर्ने गरिन्छ ।

### ६.२.९ चैते पूर्णिमा

बुद्ध जयन्ती भन्दा ठीक एक महिना अगाडी लुम्बिनीमा चैते पूर्णिमा धुमधामसँग मनाइन्छ । यो पर्व मनाउनका लागि नेपाल र भारतबाट ठूलो संख्यामा श्रद्धालहरु लुम्बिनीमा भेला हुन्छन । तीन दिन सम्म लाग्ने चैते पूर्णिमा मेलालाई व्यवस्थित गर्न लुम्बिनी विकास कोषले मेला अवधि भरिलाई पानी, बिजुली, स्थान आदि उपलब्ध गराई सहयोग गर्दछ । उक्त मेलामा किनमेलका लागि विभिन्न किसिमका पसल र मनोरञ्जनका लागि विभिन्न किसिमका खेलहरूको प्रबन्ध गरिन्छ । सवेरै स्नान गरी भक्तजनहरुले महादेवी मन्दिर परिसरमा कपुर, अविर, धुपवत्ति, फलफूल, आदि चडाएर पूजा गर्ने गर्दछन । भक्तजनहरुले मायादेवीलाई भगवान बुद्धको आमाको रुपमा त्यो दिन श्रद्धापूर्वक पूजा आराधना गर्दछन्। भक्तजनहरुले त्यसदिन आफ्ना छोराको कपाल खौरेर मायादेवीलाई चढाउने र आफ्नो सन्तानको सुस्वास्थ्य र दीर्घायुको कामना गर्ने गर्दछन ।

### ६.३ अवधी संस्कृति

अवध क्षेत्र नेपालको पश्चिम तराईको नवलपरासी देखि कन्चनपुरसम्म र भारतको उत्तराखण्ड खासगरी उत्तरप्रदेश र विहारको उत्तरी भाग समेटेको विशाल क्षेत्र हो । यस क्षेत्रमा अवधी भाषा बोलिने हुनाले यसलाई अवध क्षेत्र भनिएको हो । यस क्षेत्रका बासिन्दाको संस्कृति पनि भिन्न खालको रहेको छ । यस भू-भागमा हिन्दू, मुस्लिम, वौद्ध धर्मावलम्वीहरुका साथै विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ । अवध क्षेत्रका सम्बन्धमा मध्यपश्चिम नेपालको कोशल-अवधराज्यका इतिहास शीर्षक नामक लेखमा पुरातत्वविद् तारान्द मिश्र भन्छन,-“अवधराज्यलाई पूर्वकालमा महाभारत, जातक कथा, रामायण, जैनग्रन्थ उत्तराध्ययन सूत्र र भासका स्वप्नवासभदत्ता नाटकका आधारमा उत्तरपाञ्चाल क्षेत्र (गंगाको उत्तरी भाग) अन्तरगत राख्न सकिन्छ । मनुस्मृतिको भौगोलिक सीमांङ्कनमा कोशल-अवध राज्य जम्बुद्वीपको मध्यदेश (बौद्ध साहित्यको मझिझम प्रदेश) भित्र पर्दछ । बौद्ध साहित्य अनुसार बुद्धकालका चार ठूला राज्यहरू थिए- कोशल, अवन्ति, वंश (वत्स) र मगध ।”

यस अध्ययनको सीमा प्रदेश नं. ५ मात्र भएकोले यो अध्ययन त्यसैतर्फ केन्द्रित रहेको छ । नेपालमा प्रदेश नं. ५ को नवलपरासी देखि बर्दियासम्मको तराइ-मदेश अनादिकाल देखि अबध क्षेत्रका रुपमा परिचित क्षेत्र हो । बिक्रममणि त्रिपाठीका अनुसार ‘भाषिक सीमा निर्धारण गर्दा यसको पूर्वमा भोजपुरी तथा बिहारी भाषा, पश्चिममा ब्रजभाषा, उत्तरमा थारु तथा नेपाली भाषा एवं दक्षिणमा मराठी एवं ओडिया भाषाभाषी क्षेत्र पर्दछन ।’ अवध क्षेत्रमा विभिन्न जातजाति, धर्मसंस्कृतिका समुदाय बस्ने गर्दछन । प्रदेश पाँचको वस्तुस्थिति विवरण (२०७५) का अनुसार यस क्षेत्रमा बसोबास गर्नेहरुमा यादव, तेली, गुप्ता, मिश्रा, भर, धोवी, चमार, कहार, मुस्लिम आदि थुप्रै जातजाति एवं समुदायको बसोबास रहेको छ । अवध क्षेत्रमा बोलिने भाषा अवधी भएकोले यस प्रदेशमा अवधि भाषा बोल्नेको जनसंख्या ४,९८,१६६ र प्रतिशतमा ११.१ रहेको छ ।

अवधि संस्कृतिको चर्चा गर्दा हिन्दू, मुस्लिम वौद्ध संस्कृति लगायत अन्य समुदायको पनि प्रसङ्ग उठाउनु पर्ने हुन्छ । हिन्दु धर्मावलम्बीहरुमा सोह्र संस्कार मान्ने, विभिन्न चाडवाड मनाउने, जात्रा मेलापर्वको आयोजना गर्ने गर्दछन । हिन्दुहरुले मान्ने सोह्र संस्कारमा गर्भाधान, पुंसवान, सीमन्तोनयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवोध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्तर, समापवर्तन, विवाह र अन्त्येष्टि पर्दछन । जन्म विवाह र मृत्यु संस्कारलाई विशेष विधिविधानकासाथ सम्पन्न गर्ने प्रचलन छ (आचार्य, २०७१:१०) । यहाँ अवध क्षेत्रका बासिन्दाले सम्पादन गर्ने जन्मसंस्कार, अन्नप्राशन, मुण्डन, विवाह संस्कार, मृत्यु संस्कार र ब्रत-पर्व तथा श्रृतुकालिन

सङ्गीत, लोक नृत्य, लोक बाजासमेतको संक्षिप्त रुपमा चर्चा गरिएको छ । थारु र मुस्लिम संस्कृतिको छुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

### ६.३.१ जन्मसंस्कार

यस अवध क्षेत्रमा जन्म संस्कारका सम्बन्धमा विभिन्न जातजाति विशेषमा फरक फरक विधि अवलम्बन गर्ने गरिन्छ । अवधी क्षेत्रमा सबै संस्कारजन्य कार्य सम्पादन गर्दा संस्कारको प्रकृति अनुसार सङ्गीतका साथमा गर्ने प्रलन रहेको छ । जन्मसंस्कारमा देवी गीत र भजनहरु गाइन्छन । जन्म संस्कारको मुख्य गीत "सोहर" हो (आचार्य, २०७१:१०) ।

जन्म संस्कारको महत्वपूर्ण कार्य छैंठी हो । शिशु जन्मेको छैठौ दिनमा छट्ठी सङ्गीत गरिन्छ । यस अवसरमा आमाका कपडाहरु खोलामा लगेर धुने साथै आमा र बच्चालाई स्नान गराउने गर्दछन । यो दिन रातभरि "सोहर" गाउने र बच्चाको हातमा कापी कलम समेत राखी दिने गरिन्छ । अवधी समाजमा बच्चा जन्मेको बेला सोहरका साथै उलारा, बधाई आदि गीतहरु पनि गाइन्छन र यो प्रतिदिन गीत गाउने चलन छठी वा कही कही बरही सम्म हुने गर्दछ ( त्रिपाठी, पूर्ववत्) ।

### ६.३.२ बरही संस्कार

शिशु बाह्र दिनको पुगेपछि बरही गर्ने चलन छ । यस दिन आमा र बच्चाको सरसफाइ गर्ने  सालनाल चलन छ । प्रचलन अनुसार नाउ जातिकी महिलाले बरहीसम्म देनिक तेल घस्ने, बच्चाको सालनाल काट्ने धगरिन (सुँढेनी) ले छ दिनसम्म स्याहार सम्भार गर्ने, बरहीमा पण्डितले नामाकरण गर्ने, चोखिने, इष्टमित्रलाई गच्छेअनुसार खाना ख्वाउने र सोहर गीत गाउने चलन रहेको छ । यो विशिष्ट प्रकारको अवसरका रुपमा मनाउने पनि गरिन्छ र सो अवसरमा बच्चाको मामाले विशेष उपहार लिएर दिदी-बहिनीको घरमा आउने चलन रहेको छ (आचार्य, २०७१:१३) ।

### ६.३.३ अन्नप्राशन

अवध क्षेत्रका हिन्दू संस्कृतिका अनुयायीहरुमा बालक जन्मेको छ महिनामा आयोजना गरिन्छ । यो अवसरलाई बालकलाई अन्न खुवाइन्छ । यस संस्कारलाई "पसनी" भन्दछन (उपाध्याय, १९९०:११२) । यस संस्कारमा "पसनी" गीतकासाथ सोहरहरु गाउने चलन छ । यस अवसरमा सोहर अथवा सरिया गीत ढोलक-मजिराकासाथ गाइन्छ र गीतमा प्रायः पारिवारिक विषयवस्तुले महत्व पाँउछ । यस संस्कारमा माइतीबाट बालकको मामाले 'नेग' लिएर आउने प्रथा छ (आचार्य, पृ.११२) ।

### ६.३.४ मुण्डन

बालकको प्रथमपटक कपाल काट्ने कार्य पनि जातविशेषले फरकफरक विधिले सम्पादन गर्ने चलन छ । हिन्दू संस्कृतिमा बिजोडा बर्षमा कुनै धार्मिक स्थलमा गई बालकको कपाल खौरने चलन छ । अवध क्षेत्रमा पनि यस कार्यलाई केश मुण्डक संस्कारका रुपमा सम्पन्न गरिन्छ । आचार्य (२०७१) का अनुसार यस संस्कारमा पनि "सोहर" गीत नै गाइन्छ । यो गीत नारी काव्यमा आधारित र जन्मदेखि विवाहसम्म गाइने गीत हो । मङ्गल गीतको छन्द हो । अवध क्षेत्रमा पुत्रजन्मका लागि विभिन्न धार्मिक स्थलहरुमा गएर भाकल गर्ने चलन छ । त्यसरी भाकलबाट माग पूरा भएपछि पुत्रजन्मको विजोडा बर्षमा तिनै धार्मिकस्थलमा गएर बालकको मुण्डन गर्ने चलन छ । काटिएको केश बालककी फूपुले चुनरीमा राख्ने र केशलाई नदीमा वा बाँसको घारमा बिर्सजन गरिन्छ । यसो गर्नुमा बालकले बाँसजतै

उन्नतिको आकास चुमोस वा दनी जस्तै फैलियोस भन्ने मङ्गल कामना रहेको छ । यस अवसरमा बालककी फूपुलाई "नेग" दिने साथै विविध विषयका गीत गाउँदै ईष्टमित्रलाई भोज ख्वाइन्छ (पृ.१६) यसपछि व्रतबन्ध वा जनै लगाउने संस्कार हुन्छ । यो पनि विभिन्न विधिपूर्वक गरिन्छ । यसमा पनि गीत गाइन्छ । 'जनेउ' हुँदाखेरि गाइने मुख्य गीतहरुलाई 'बरुवा' तथा 'भीखि' भनिन्छ । यी गीतहरुमा संस्कारहरुसँग सम्बन्धित अनेक कुराहरुबारे वर्णन रहेको हुन्छ (त्रिपाठी, २०७३) ।'

### ६.३.५ विवाह संस्कार

अवधी समुदायमा विवाह संस्कारमा सङ्गीतको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । यस समुदायमा विवाह संस्कारका सन्दर्भमा अनेक प्रकारका विधानहरु सम्पादन गरिने र ती अवसरहरुमा सान्दर्भिक गीतहरु गउने चलन छ । यस कार्यमा डिउहारमा देवी देवताहरुको उपसना गरेर पूजन गर्ने चलन छ । विवाहको महत्व र विधिका सम्बन्धमा गोविन्द आचार्य लेख्छन :

"डिउहार पुजन" विवाह संस्कारको महत्वपूर्ण अनुष्ठान हो । अवध क्षेत्रका प्रत्येक गाउँहरुमा कुनै पनि प्रकारको अनिष्टबाट बच्न एउटा साझा थान (देवस्थल) बनाइएको हुन्छ । त्यस्ता थानमा काली, समयमाई, शीतलामाई, महाकाल आदि कुनै स्थापना गरी उपासना गरिन्छ । गाँउमा कसैको घरमा विवाह हुँदा केही दिन अगाडि नै ती देवी देवताहरुको पूजा गरिन्छ । अवधि लोक जीवनमा डिउहार पुजनका बेला पनि तिनै देवीदेवताहरुको उपासना गरेर गीत गाउने चलन छ । गीतमा देवी देवताहरुलाई आफ्ना घरआगनमा आउन अनुरोध गरिएको छ, जस्तैः 'आओ न काली माई बइठव मोरे आँगन ................ ।'

### ६.३.६ मृत्यु संस्कार

जीवनको अत्यन्त दुखद् क्षण मृत्य हो । मृत्यु संस्कार पनि जातिविशेषमा फरक फरक हुने गर्छन । आचार्य (२०७१:३२) का अनुसार मृत्यु मानव जीवनको अन्तिम र दुःखपूर्ण समय हो । अवध क्षेत्रमा मृत्यु हुनेबेला मृतकको मुखमा तुलसीको जल, गङ्गाजल, सुनपानी हालिदिने र त्यतिबेलै गच्छे अनुसार दान गर्ने चलन छ । मृत्युपछि मृतकलाई तिलको बुकुवा लगाइदिएर नुहाइदिने र नयाँ कपडा लगाइदिएर पछि कफन बाँध्ने चलन छ । महिला मृतकका लागि नयाँ कपडा र शृगार सामग्री लिएर माइती पक्ष आउनु पर्दछ । अन्तिम संस्कार प्रायः २ किसिमले गरेको पाइन्छ : गाड्ने वा जलाउने । यस क्षेत्रमा मृत्यु संस्कारमा प्रायः मगंल गाउने चलन छ । मृत्यु संस्कारमा गाइने गीतहरुलाई निर्गुण पनि भन्न सकिन्छ र यी दार्शनिक खालका हुन्छन । शोकाकुल अवस्थामा विरहपूर्ण गीत र शङ्ख लगायतका बाजाको प्रयोग पनि गर्ने गरेको पाइन्छ ।

### ६.३.७ व्रत एवं पर्व

अवध क्षेत्रमा प्रचलमा रहेका व्रत एवं पर्व निम्न छन :

**टिकरी पुजनः** दाङ्गका अवधि भाषि यादवहरुले जेष्ठ शुक्ल पक्षको पहिलो सोमबारका दिन देउखुरीको रिहार धाममा रहेको बगारबाबाको मन्दिरमा गरिन्छ । यो यादवहरुको कूलपूजा हो । यस अवसरमा महिला-पुरुष सामुहिक रुपमा गाउने नाच्ने गर्दछन । रिहारलाई यदुबँशीहरको पूण्ड्यधाम र बगार बाबालाई कुल देवता मान्ने गरिएको छ
**नागपञ्चमी वा गुडिया पर्वः** यस पवृका सन्दर्भमा गोविन्द आचार्यले नागको विशेष महिमा अबधी क्षेत्रमा हुने हुने

कुरालाई जोड दिँदै भनेका छन : हिन्दू धर्मावलम्वीहरुले नाग पञ्चमीका रुपमा मनाउने यो पर्वलाई अवधी क्षेत्रमा गुडिया पर्वका रुपमा मनाँउछन । तराई क्षेत्रमा गर्मी याममा सर्पको डर-त्रास हुने हुँदा नागको विशेष पूजा गरिन्छ । प्रत्येक गाँउमा नागको थान बनाइएको हुन्छ । नाग पञ्मीमा महिलाहरु थानमा दुध, धानको लावा र भिजाइएको चना "घुघुरी" चढाँउछन (कुर्मी, २०६७:२२) ।

**छठी पर्वः** छठी पूजा भाद्र कृष्णपक्ष षष्ठि तिथिमा गरिने पुत्रवती महिलाहरुको ज्यादै महत्वपूर्ण चाड हो । यो व्रत खासगरी पुत्रको चिरायुका लागि गरिने व्रत हो । यस व्रतमा पुत्रवती महिलाहरुले पुत्रको मङ्गल कामना गर्ने र पुत्र नहुनेहरुले पुत्रलाभको कामना गर्ने गर्दछन । यस दिन सोहर गीत गाउने चलन छ ।

**कृष्ण जन्माष्टमीः** अवध क्षेत्रमा श्री कृष्णको विशिष्ट स्थान रहेकोले विशेष पर्वको रपमा मनाउने गरिन्छ । यस दिन महिला-पुरुष दुबै जना व्रत बस्ने, कृष्णको पूजा गर्ने र साँझ फलाहार गर्ने गर्दछन । रातभर महिला पुरुषले भजनकीर्तन गरी मनाँछन । वास्तवमा अवध क्षेत्रमा श्रीकृष्ण जन्माष्टिमी महत्वपूर्ण धार्मिक पर्वका रुपमा लिइन्छ

**तीजः** अवध क्षेत्रमा भाद्रशुक्ल तृतीयाका दिन विवाहित र अविवाहित महिलाहरुले दिनभर व्रत बसी कुशको शिव-पार्वतीको प्रतिमा बनाएर सामुहिक रपमा पूजा गर्दछन । छुट्टयाइ कन्याहरुलाई खाना खाने गर्छन । विहान पूजा सामाग्री नजीकको जलाशयमा सेलाउँछन र कन्यालाई टीकाटाला गरी आफ्नो खानाबाट केही अंश तराइ भेगमा पहाडमा जस्तो दरखाने चलन र नाचगान चलन छैन । यहा विसुद्ध व्रतका रुपमा लिइन्छ । यस अवसरमा पनि शिव-पार्वती सम्बन्धी भजनकीर्तन गर्दछन ।

**करवा चौथीः** यो पर्व कार्तिक कृष्णपक्षको चतुर्दशी तिथिका दिन पतिको दिर्घायुको कामना गरी व्रत गर्ने चलन छ । करवा (टुटी भएको भाँडा), चामल, टीका, गाजल, चुरा रुपैँयासमेत सुहागका सामान लिएर माइतीतर्फबाट दाजुभाइ, भदै चेली भेट्न आउने चलन छ । करवा सहित उपहार लिएर आउनु भएकोले यस पर्वको नाम करवा पर्व रहेको र पहाडी महिलाहरुले मनाउने तीजसँग मिल्दो भएको कुरा आचार्य (२०७१) लेख्दछन ।

**भुर्की पूजाः** यो पर्व कार्तिक शुक्ल द्धितीयाका दिन मनाइने यो चाडलाई "भैमया दूज" पनि भन्ने गरिन्छ । नेपाली भाषिहरुले मनाउने तिहार हो यो । यो चाड दाजुभाइ हुने अवधी महिलाहरुले मात्र मनाँउछन । यो पर्व दाजुभाइको उन्नति प्रगति र दिर्घायुका लागि गरिने हुनाले मङ्गल गीतहरु गाउने चलन छ (स्रोत : आचार्य २०७१, पृ.४२) ।

**होली पर्वः** यो पर्व सम्पूर्ण हिन्दूहरुको चाड हो । अवध क्षेत्रमा त यो विशेष उल्लासकासाथ मनाइन्छ । यो पर्व पुराणमा आधारित प्रल्हाद-हिरण्यकशिपु र होलिका दहनसँग सम्बन्धित छ । तराइ क्षेत्रमा होलीको अघिल्लो दिन राति होलिका प्रल्हादको पुत्ला बनाई दहन गर्ने चलन छ । पुत्ला दहन गर्दा प्रल्हादको पुत्ला झिकिन्छ र होलिकाको भष्म गराइन्छ । यसपछि "धूर उडैक" वा धुलो, खरानी, पानीले छ्यापा-छ्याप गर्छन र भोलि पूर्णिमाका दिन अबीर खेली धुमधामकासाथ होली मनाइन्छ । यो चाड पहाड अघिल्लो दिन र तराइमा पछिल्लो दिन मनाइन्छ । यस सम्बन्धमा बिक्रम त्रिपाठीले अवधी लोकसमाजमा फगुवा अत्यन्त लोकप्रिय उत्सव हो । यसलाई होली पनि भनिन्छ । यस क्षेत्रमा पाइने फगुवा गीतहरुमा राधा कृष्णको फागुको वर्णन विशेष रुपमा रहेता पनि राम, सीता र शिवलाई पनि होली खेल्दै देखाइएको छ । रामको बालरुपको सुन्दर वर्णन फागुका गीतहरु, ढोल र झाँझका साथै गाएर प्रस्तुत गर्ने गरिन्छ भनेर उल्लेख गरेका छन (स्रोत : आचार्य २०७१, पृ.४२) ।

### ६.३.८ अवधीलोक गीत

अवध क्षेत्रमा खासगरी श्रृतुअनुसार गीतहरु गाउने गरिन्छ ।

**ग्रीष्म श्रृतुकालिन सङ्गीतः** यसमा खागरी चैत, बैशाख र जेठमा गाइने गीतहरु पर्दछन । चैतमा गाइने भएकोले ‘‘चैता’’ भनिन्छ र चैतालाई पनि साधारण, झलकुटिया, घाँटो गरी विभाजन गरिएको छ (स्रोत : आचार्य २०७१, पृ.४२) ।

**बर्षा श्रृतुकालिन गीत :** यो समय खेतबारीमा कम गर्ने समय भएकोले कामसँग सम्बन्धित गीतहरु गउने गरिन्छ । कजरी वा कजली गीत बर्षाको कालो बादल वा काली देवीसँग सम्बन्धित छ भने सावन, झुला वा मल्हार गीत साउनमा गाइन्छ (स्रोत : आचार्य २०७१, पृ.४२) ।

**अन्य गीत :** बाह्रै महिना गाइनेमा बाह्रमासा, चौमासा, छमासा पर्दछन । यसमध्ये जेष्ठ शुल्क दशमी देखि असोज दशमीसम्म गाइने गीतमा ‘‘आल्हा’’ पर्दछ (स्रोत : आचार्य २०७१, पृ.४२) ।

श्रम गीत : श्रम संगीतका विषयमा (आर्चाय २०७१) लेख्छन-धान रोपाइ गर्दा, चाकी पिस्दा, कोल पेल्दा, जोत्दा बाली काट्दा, गोठाला जाँदा, वनपातको काम गर्दा, दाइँ गर्दा, ढिकी कुट्दा आदि विभिन्न अवसरमा गति गाउने चलन छ, भनी उल्लेख गरेका छन । ती मध्ये केही निम्नानुसार वर्णन गरिएको छ (स्रोत : आचार्य २०७१, पृ.४२) ।

यी बाहेक सदाबहार गीतमा आनुष्ठानिक, फुटकर र बाल संगीत गरी वर्गीकरण गरिएको छ । यी संगीतका आ-आफ्नै विशेषता छन । यसरी बर्षै भरि कुनै न कुनै किसिमका गीत संगीत अवध भूमिमा गुञ्जने गर्छन ।

**६.३.९ लोक नाँच :** अवध क्षेत्रमा धेरै प्रकारका लोक नृत्यहरुको चलन छ । यहाँ केही अवधी लोक नुत्यका सम्बन्धमा छोटकरीमा वर्णन गरिएको छ ।

**फरवाही नाँच :** अवध क्षेत्रको लोकप्रिय नाँच हो । यादव समुदायमा निकै प्रचलित नाँच हो । यो नाँच चाडपर्व र धार्मिक अनुष्ठानहरुमा दुईजना पुरुष सहभागी भई नाच्ने नाँच हो । यसलाई “फरीनृत्य” पनि भनिन्छ । यो श्रीकृष्णको रासनृत्यको अनुकरणको रुपमा लिइएको यो नृत्य अहिरहरको प्रसिद्ध नाँच हो । यसमा कलाकारहरले सेतो बनियन र घुँघरुजडित जाँघिया र निधारमा रातो फेटा लगाउँछन । नर्तकको हातमा पितलको बाँसुरी रहन्छ । यसमा नगरा र तासा बजाइन्छ (आचार्य, २०७१:१०७) ।

**फरसहिया नाच :** फरसहिया नाँच चाडपर्व र धार्मिक अनुष्ठानहरुमा कहरवा तालमा प्रस्तुत गरिन्छ । यस नाँचमा पनि दुईजना पुरुष सहभागी हुन्छन । सेतो बनियन र सेतो धोती लगाउँछन । यस नाँचमा ढोलक, हर्मोनियम, करताल, फरसा, मजिरा लगायका बाजा बजाइन्छ । यस नाँचमा फरसा बाजाको बिशेष भूमिका हुने भएकाले नृत्यको नाम नै “फरसहिया” रहेको छ (ऐ., पृ.१९७) ।

**काँहरवाकहरा नाँच :** अवध क्षेत्रमा डोली र पालकी बोक्नेलाई कहाँर भनिन्छ । यस क्षेत्रमा कहार जातिले नाँच्ने नाँचलाई कहाँर वा “कोहरउवा” नाँच पनि भनिन्छ । यस जातिका पुरुष कलाकारले बिशेष गरी विवाहका बेलमा महिला बनेर नाँच्ने नाँच हो । यसमा हुड्का बाजा बजाइने हुनाले “हुड्काजोडी” पनि भनिन्छ (स्रोत : ................) ।

**इन्द्रासेनी नाँच :** यो चमार जातिका महिला पुरुषले सामुहिक रुपमा नाँच्ने नाँच हो । यसमा गीत हुँदैन र विवाहका अवसरका डफलाको तालमा घरभित्र महिला र बाहिर पुरुष नाँच्ने गर्छन । यसलाई चम्रौवा नाँच पनि भनिन्छ । यस सम्बन्धमा त्रिपाठी (२०७०) लेख्छन,-“चमार जातिमा प्रचलित यस प्रकारको नृत्यलाई ‘लुटईनृत्य’ पनि भनिन्छ । चमार

जातिका विभिन्न मांङ्गलिक अवसरहरूमा समूहबद्ध रूपमा यो नृत्य गर्ने गरिन्छ । जुन व्यक्तिहरू यो नृत्य गर्ने गुण हुन्छ, त्यसलाई यस समाजमा धेरै नै महत्व दिने गरिन्छ । नृत्यमा प्रयोग गरिने वाद्य यन्त्रहरूमा मुख्यतः मृदंग, सारङ्गी र मजीरा मुख्य हुन्छन ।"

**नटुवा नाँच :** अवध क्षेत्रको प्रसिद्ध यो नाँचलाई कठपुतली नाँच पनि भनिन्छ । यो नाँच नटुवा जातिका पुरुषहरुले काठका पुत्ला बनाएर टेवल माथि राखी नचाँउछन । यसमा गीत हुँदैन । टेवुल मुनीबाट एकजना मान्छे बोलको हुन्छ ( स्रोत : आचार्य २०७१, पृ.१०८) ।

**सफेडा नाँच :** यो नाँच खासगरी दलित समुदायका पुरुषहरु मिलेर महिला पुरुष बनेर गाँउ वा बजारमा मञ्च बनाएर मञ्च माथि नाच्ने गर्दछन । यस प्रकारका नाँचलाई पहिले नै पैसा दिएर लैजाने चलन हुन्छ । त्रिपाठी (२०७०) ले 'सफेडा नृत्य अवधी भाषा भाषी समाजको प्रमुख नृत्य हो । यो नृत्य सम्पूर्ण अवधी भाषा भाषी समाजमा अति नै लोकप्रिय तथा विशिष्टता प्राप्त छ । आजभोली देखाइने नौंटकी यही सफेडा नृत्यको आधुनिक रूप हो' भनेका छन (( स्रोत : आचार्य २०७१, पृ.१०८) ।

**चँगेरा नाचः** अवध क्षेत्रको सदाबहादर यो नाँच हो । यो क्वाँर, भर, धोवी, पासी आदि जातका पुरुष महिलाले सामुहिक रुपमा युगलगीका साथ सम्पादन गर्दछन । यस नाँचमा ढोलक, मजिरा, नगारा, तासा आदि बाजा बजाइन्छ ( (स्रोत : आचार्य २०७१, पृ.१०८) ।

**पतुरिया नाँच :** यस नाचका विषयमा त्रिपाठी (२०७०) लेख्छन- 'विविध मांङ्गलिक अवसर, जमघट, धार्मिक अनुष्ठान र देवी देवताको पूजाको अवसरमा अवधी भाषी क्षेत्रका धनीमानी व्यक्तिहरूका बीच यस नृत्यको प्रचलन अनादिकाल देखि नै रहेको पाइन्छ । पुत्र जन्म, बिवाह र अन्य सामाजिक अवसरमा यो नृत्य विशेष रूपमा प्रचलित रहेको पाइन्छ । नटहरूका भाति यिनीहरूको पनि एउटा जाति हुन्छ । यो जाति विवाहित कन्याहरूले सामान्य जीवन बिताउछन भने ज-जसले यो पेशा अगाल्छन, उनीहरू बिवाह गर्दैनन । उनी अगडि भन्छन-'यो नृत्यमा एक वा दुईजना महिला नाच्ने गर्दछन । वाद्य यन्त्रतर्फ हारमोनियम, तबला, सारङ्गी, मजीरा आदि प्रयोगमा रहेको हुन्छ । पतुरिया नृत्यमा गाइने गीतहरू मुख्यतः प्रेमका उभय पक्ष संयोग तथा वियोग, पारिवारिक जीवनको क्रममा भएका अनुभूति, बधाई तथा आश्रयदाताको गौरवगानसँग सम्बन्धित हुन्छन । उनीहरूका नृत्य मुद्राहरू मुख्यतः श्रृङ्गारिता, मनोव्यथा, शारीरिक कोमलता वा पारिवारिक एवं दाम्पत्य जीवनका विविध घटनाहरूसित सम्बन्धित हुन्छन ।'

**लिल्ली घोडी नाँच :** अवध क्षेत्रमा प्रायः शरद् ऋतुमा घोडाको जस्तो शृङ्गार र आकार बनाएर एकजना मानिस नाच्दछ । यस नाँचमा एकजना नारी पात्र पनि नाँच्ने गर्छन । यी दुबै नायक नायिकाको भीमकामा हुन्छन । नीलो घोडाको सन्दर्भमा प्रयोग भएको यो नाँच प्राय गरिबगुरुवाहरुले माग्ने बेलामा देखाँछन । यो नृत्यलाई स्वाँङ्गका रुपमा पनि चिनिन्छ । यसमा मानिसले घोडाको मुकुण्डो कम्मरमा बाँधेर नाच्छन भने उनकै साथमा एक जना नारी भेषमा पुरुष पनि नाच्ने गर्दछन । नृत्यको ताल, लय र गति सबैजसो धोवी जातिमा प्रचलित नृत्य जस्तै हुने गर्छ । गीतमा वर्णित लिल्ली घोडी वा लिल्ले घोडेको सन्दर्भ हेरेपछि थाहा हुन्छ कि लिल्ली वा लिल्ले शब्द घोडाको उत्कृष्ठ जातिको परिचायक हो (त्रिपाठी,२०७०) ।

**तेस्रो लिङ्गी नृत्य :** त्रिपाठी (२०७०) का अनुसार अवधी समाजमा मात्रै नभई सम्पूर्ण विश्वमा तेस्रो लिङ्गी (हिजडा) हरूको कुनै जातिगत स्थिति हुँदैन । उनीहरू लिङ्गहीन भएका कारण आफ्नो पारिवारिक स्थिति बनाई राख्न असमर्थ हुन्छन । कुनै परिवारमा बच्चा जन्मेको थाहा पाएपछि यी हिजडाहरू एउटा टोली बनाएर त्यो घरमा जान्छन र नृत्य गर्ने तथा गीत गाउन आरम्भ गर्दछन । यिनीहरूको नृत्यमा कुनै कलात्मकताको आधार हुदैन । वाद्य यन्त्रहरूमा मुख्यतः ढोल, झ्याम्फ र थपडी बजाएर उनीहरू नाच्ने गाउने गर्छन ।

यसरी अवध क्षेत्रमा चाडपर्व र विभिन्न धार्मिक, सामाजिक, साँस्कृतिक अवरसमा गाइने गीतहरु मनोरञ्जनात्मकमात्र हैन सन्देशमूलक पनि भएकोले यिनीहरुको परिमार्जन, संरक्षण, प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने सन्दर्भमा अवध संस्कृति निकै समृद्ध रहेको देखिन्छ ।

### ६.३.१० अवधी लोक बाजा :

अवध क्षेत्रमा विभिन्न साङ्गीतिक अवसरमा प्रयोग हुँदै आएका परम्परागत बाजाहरुको ऐतिहासिक र साँस्कृतिक महत्व भएकोले बाजाहरुको प्रदर्शन पर्यटकीय दृष्टिले महत्वपूर्ण हुन्छन । त्यसैले यहाँ संक्षिप्त रुपमा बाजाको परिचय दिइएको छ (स्रोत : आचार्य २०७१, पृ.१०९) ।

**ताल बाजाः** ढोल, नगारा, तासा, डफला, ढोलक ।

घनबाद्य : मजिरा, फरसा, घँघरु आदि ।

लोकगीत, लोक नृत्य, लोक बाजाका विषयमा माथि चर्चा गरिएको छ । मानव जीवनका हरेक गतिविधिसँग सम्बन्धित छन गीतसङ्गीतहरु । यस क्षेत्रमा जँतसार/चक्की पिस्दाको गीत, रोपनी गीत, निरउनी गीत, कोल्हू गीत आदि समेत अनगिन्ती गीतहरु प्रचलनमा छन ।

अवध क्षेत्र साँस्कृतिक दृष्टिबाट समृद्ध क्षेत्र हो । यस क्षेत्रमा विभिन्न जातजाति, भाषाभाषी एवं धर्मसंस्कृतिका मानिसहरुको बसोबास भएको र तिनीहरुका आ-आफ्नै किसिमका मौलिक चाडवाड, गीत, सङ्गीत एवं परम्परा भएकोले साँस्कृतिक महत्वका दृष्टिले निकै सम्भावनायुक्त क्षेत्र हो । यी साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धनका साथै व्यापक रुपमा प्रचारप्रसार गर्नु पर्ने देखिन्छ । यहाँको यो सँस्कृतिक निधिको भरपुर उपयोग गर्न सके पर्यटन प्रवर्द्धनमा उल्लेखनीय सहयोग हुन गई रोजगारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्ने निश्चित छ । अवध क्षेत्रका प्रसिद्ध लोकगीत, लोकनृत्य, नाटक, प्रहसन लगायत लोकबाजाहरुले पयर्टकको ध्यान सहजै आकर्षित गर्ने हुन्छ ।

### ६.४ थारु संस्कृति

नेपाल साँस्कृतिक रुपमा वैभवशाली देश हो । नेपालमा रहेका सबै जातजातिका आ-आफ्ना धर्म, संस्कृति, रीति-रिवाज, परम्परा एवं मूल्यमान्यता छन । प्राग्मानव पनि भनिने थारु जाति नेपालको आदिबासी जाति हो । पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्मको समथर भू-भागमा बस्ने यी थारुहरुको स्थान अनुसार रहन-सहन, चालचलन, रीतिरिवाज आफ्नै खालका छन र यी मौलिक पनि छन । (स्रोत : बोम बहादुर थारु, कञ्चन गा.पा १ गजेडी, रुपन्देही, फोन नं. ९८४७२४५१०८, मिति २०७७/०२/२४)

परम्परागत संस्कृति, चालचलन, मूल्यमान्यताका दृष्टिले अत्यन्त समृद्ध थारुको हुन र यिनीहरुको उत्पत्ति कसरी भयो भन्ने सम्बन्धमा विभिन्न अध्येताका फरकफरक धारणा रहेका छन । यस सम्बन्धमा अशोक थारु लेख्छन, 'थारु शब्दको व्युत्पत्तिका सम्बन्धमा 'बाबुराम आचार्य तथा योगी नरहरिनाथका अनुसारः थाणु शब्दबाट, जनकलाल शर्माका

अनुसानर थार शब्दबाट, टेकनाथ गौतमका अनुसार थर्व धातुबाट, वौद्धमार्गी विद्धानहरुका अनुसार स्थेर शब्दबाट, तुलसी दिवसका अनुसार थिरुकपाका सन्तानबाट, मगरभाषी विद्धानहरुका अनुसार था हराएको रु मान्छेबाट थारु शब्दको व्यत्पत्ति भएको देखिन्छ (हाम्रो जातीय लोक चित्रकला २०७३:१२९-१३०)।' यिनीहरुको उद्‌गम वा आदि थलोका विषयमा पनि मतान्तर देखिन्छ । डोर बहादुर बिष्टका अनुसार थारु जाति आदिकाल देखि नै तराइको जङ्गली भू-भागमा बस्दै आएका हुन भन्छन भने थारुहरुको बारो सबभन्दा पहिले मुस्लिम भूगोलविद् अल्वेरुनीको वर्णन पाइन्छ जुन काल एघारौँ शताब्दी (१०३३ ई.सं.) थियो र थलो तरिहुत (मिथिला) थियो भन्ने उल्लेख गरिएको छ । 'राजस्थानको थार मरुभूमिबाट आएको हुनाले वा थरीबाट थारू थर बनेको मान्यता रहेको र थारु जाति आदिबासी जनजातिमा समावेश भएको जाति भएको कुरा (गिरी, २०६७ : ११) ले पनि उल्लेख गर्नु भएको छ ।'

नेपालमा झापादेखि कञ्चनापुरसम्म बस्ने थारुहरुका थुप्रै थर छन । यहाँ हामी खासगरी पाँच नं. प्रदेशमामात्र सीमित रहेकोले नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके र बर्दियाको थारुहरुका मोटामोटी थरहरुका सम्बन्धमा बोम बहादुर थारु भन्छन,-'दङ्गोरिया, कठरिया, पूर्वीया, पश्चिमा, खड्‌डा, रौतार, ढकहेर, खौसिया, वाँतर, कवँरजोगी, थरकुम्हार, मर्चहा, सिँह, नवलपुरिया, ठढजोगी, डडहा, मिरदाह' आदि छन (स्रोत : आचार्य २०७७) ।

यस प्रदेशमा नवलपरासी देखि बर्दियासम्म थारुको बसाइ उल्लेख्य रहेको छ । यहाँ उनीहरुले मनाउने चाडपर्व, मेलाजात्रा, भोजभतेर, साँस्कारिक कार्यका साथै कहीँ लोक कलाका सम्बन्धमा संक्षिप्त रुपमा चर्चा गरिएको छ ।

### ६.४.१ जन्म संस्कार

जन्म संस्कारका सम्बन्धमा गोविन्द आचार्य (२०७७) ले शोधग्रन्थमा लेख्छन, -जन्म संस्कारका सन्दर्भमा विशेष गरी चारवटा अवसरहरू महत्वपूर्ण हुन्छन । शिशु जन्मको दिन, ढोंढ्ही (नाभी) खसेको दिन, घट्‌वा टिक्ने दिन र लवानी लौसारी दिन जन्म संस्कारमा मुख्य अवसर हुन । जन्म संस्कारमा डँगौरा थारू समुदायमा सोह्विन्याको (सुत्केरीको हेरविचार-उपचार गर्ने महिला) ठूलो भूमिका हुन्छ । समाजमा सोह्विन्या सुत्केरीका लागि सुरक्षा कवच मानिन्छन । गाउँमा यिनीहरूको ठूलो सम्मान हुन्छ । आमा र शिशुको स्वास्थ्यका विषयमा सोह्विन्या एकमात्र सहायक हुन्छन ।

सुत्केरीलाई व्यथा लागेदेखि नै सोह्विन्याले बच्चा सजिलो किसिमले जन्मोस भन्ने हेतुले सहजीकरण गर्छिन । शिशु जन्मेपछि सोह्विन्याले हँसिया वा यस्तै साधनले सालनाल काट्‌ने र सो सालनाल सालको पातमा बेह्रेर प्रायः बैठक ( बहरी) को पश्चिम-दक्षिण कुनोमा गाड्‌ने चलन छ । शिशु जन्मेपछि उसलाई चामल, मकै, मसुरो यस्तै कुनै अनाज राखेको सुपो (नाङ्‌लो) माथि राख्ने चलन छ । शिशुको नाम सुपोमा राखिएको अनाजको आधारमा समेत राख्न सकिने चलन छ,जस्तैः तोरीमा राखे छोरी भए 'लैत्या', मसुरोमा भए 'मसुऱ्या' आदि (अशोक थारू, २०७१:२८, सम्पा) ।

### ६.४.२ भ्वाज संस्कार (विवाह संस्कार)

अरु जातजातिमा जस्तै थारु समुदायमा पनि विवाह संस्कार आफ्नै खालको र विशेष महत्व राख्ने गर्दछ । यस समुदायमा विभिन्न विधि अपनाएर भव्यताका साथ विवाह सम्पन्न गर्ने गरिन्छ । थारु जातिमा विवाहका विभिन्न प्रथाहरु छन । यस विषयमा आचार्य शोध ग्रन्थ (२०७७, पृ.२०) का अनुसार थारु जातिमा बर्का भ्वाज (भोजही जिना भ्वाज), उह्रर्क भ्वाज (गन्धर्व विवाह), जार्क्या भ्वाज (विवाहित महिलासँग गरिने विवाह), झंगहा भ्वाज (विवाह गरेवापत पुरूषले शुल्क तिर्ने विवाह), भ्वाँर पैठना भ्वाज विधवा महिलाको घरमा पुरूष विवाह गरी जाने (विवाह), राँर मनैन्हक भ्वाज (विधवा विवाह) आदि रहेका छन ।

यी मध्ये सबभन्दा उत्तम 'बर्का भ्वाज' वा मागी विवाह हो । यसमा अभिभावकले केटी खोज्ने, माग्ने र विधिविधानपूर्वक भव्यता र उत्साहकासाथ गरिने विवाह प्रथा हो । केही थारु समुदायमा 'सट्टापट्टा विवाह प्रथा' अर्थात बुहारी ल्याउने त्यही घरमा छोरी दिने चलन पनि छ । यसरी सहमतिमा हुने विवाहमा भोजभतेर गरी विवाह सम्पन्न गर्नै चलन पनि छ । अहिलेको समयमा मन्दिरमा विवाह गर्ने चलन पनि बढकेको छ । केटाकेटीले आफै तय गरी प्रेम विवाह गर्ने चलन पनि छ । परम्परागत चलनमा परिमार्जन हुँदै आएको पनि पाइन्छ । अभिभावकद्धारा तय गरिएको मागी विवाहमा कुरा मिलेपछि विवाहको तिथि-मिति तय गर्न दुलाह पक्षबाट कन्याका घरमा तीन, पाँच वा सातवटा करैमा (माटाका करूवा) मद (रक्सी) लिएर जान 'करै पिना संस्कार' गर्ने चलन छ । यसरी लगेको चिजो सबै मिलेर खाने चलन छ । यसपछि विवाह सम्पन्न गर्न कामको बाँडफाँड गर्ने, गरगहना माग गर्ने  उल्लेख गर्दै आचार्य अगाडि लेख्छन्,- 'विवाहको अघिल्लो दिन दुलाहाका घरबाट दुलहीको घरमा एक डेल्वा चामल पठाइदिन्छन । यसलाई 'चाउर पर्छना विधान' भन्दछन । माइती पक्षले यसै चामलमा आफ्नो चामल थपेर विवाहमा दुलाहालाई टिका लगाउन प्रयोग गर्दछन । विवाहको अघिल्लो दिन बेलुका जाँतो र दीपलाई पूजा गरेर 'डिउली डर्ने' कार्य गरिन्छ । यति बेला डिउली डर्ने मागर गीत गाइन्छ । विवाहको दिन बिहान पिसेको मासको दाल डिहुहार (देवता कोठा) मा राखिन्छ । यस दिन बिहान  ढोलाहा नाच नाच्ने चलन छ । यसैदिन बिहान भोजिन्या नजिकको पँधेरोमा जाने र स्नान गर्दछन । घरगुऱ्वाले घरमा रोटी आदि पकाउने टाई (कराही) बसाल्छन । यति बेला 'टाइढर्ना मागर' गायनको व्यवस्था छ । यस अवसरमा विवाहका लागि आवश्यक पर्ने मास र चामलको पिठो पिस्ने चलन छ । यो डिउली डर्ना विधान हो । मासको पिठोबाट थारू मौलिक परिकार 'बऱ्या' पकाउँछन । विवाह संस्कारमा बाबु वा दाजु भोज्या, भाइ सैबल्वा, आमा वा भाउजू भोजिन्या, बहिनी वा अन्य महिला नेंढरेन र भिनाजु गहज्वार को भूमिकामा रहने चलन छ । भोजिन्या, नेंढऱ्या र दुलाहा व्रत बस्छन । उनीहरूले गाउँको देउथानमा गुऱ्वासँग गई पूजा गर्दछन (शोध ग्रन्थ,२०७७ पृ.२०) ।

यस प्रकारको विवाहका विधि र प्रक्रिया पनि फरक र अनौठा खालका छन । अन्य विवाहमा यस प्रकारका प्रक्रिया अवलम्वन गरेको पाइदैन ।

यस समुदायमा हुने 'जार्क्या भ्वाज' अनौठो भएकोले यहाँ प्रस्तुत गरिएको छ । आचार्य (२०७७ :२०) का अनुसार 'यो मूलतः अन्यत्र विवाह भएकी महिलालाई विवाह गर्ने प्रथा हो । यसमा घरको पूर्वी आँगनमा एउटा केराको बोट गाडिएको हुन्छ । त्यस स्थानमा दुलाहा र दुलही दुवैलाई ल्याइन्छ । दलाहाले दुलहीलाई केराको बोट सिकाएर 'यो के हो भन्छ र दुलहीले तिम्रो जार हो' भन्ने जवाफ दिन्छे । यसपछि दुलाहाले दुलही समक्ष 'यसलाई काटुँ ?' भनेर अनुमति माग्छ । दुलहीको अनुमति अनुसार जारका रूपमा खुकुरीले केराको थम्मा काट्छ । यसपछि दुलाहा-दुलही पर्छेर बिदा गरिन्छ । यस विवाह प्रथामा दुलाहा पक्षले दुलहीको अघिल्लो लोग्ने पक्षलाई समाजले निर्णय गरे अनुसार जारीका रूपमा नगद जिन्सी बुझाउनु पर्दछ' ।

### ६.४.३ मर्नीकर्नी संस्कार (मृत्यु संस्कार)

थारु समुदायमा मृत्युपछि मृतकलाई माटो दिने (गाड्ने) र अग्नि दिने (दाह संस्कार) गर्ने प्रचलन छ । मृत्यु हुने समयमा मुखमा अन्न हालिदिने र यसलाई हिरन भन्ने चलन छ । मृत्युपश्चात् घाटमा लगी मृतकलाई दखिन-पश्चिमतिर लगि सतगत गर्ने, पुरूषलाई घोप्टो पारेर गाड्ने तथा मृतक महिला भए उत्तानो पारेर गाड्ने चलन छ (

अशोक थारू, २०७१:४५) । गाउँका पुरूषहरू अन्तिम संस्कारमा जान्छन भने गाउँका महिलाहरू मृतकका घरका महिलाहरूलाई लिएर खोला नदीमा स्नान गराउन जाने गर्छन ।

मृत्यपछि यस समुदायमा मृतकका घरकाले तेल, बेसार बार्ने, छोराहरू मध्ये प्रायः जेठो छोरो क्रिया बसे हुने, महिलाहरूले क्रिया गर्नु नपर्ने, तीन दिन (तीन रात) देखि नौ दिनसम्म पनि लम्बाउन सकिने चलन थियो (तर अहिले १३ दिन गर्ने चलन छ) । बच्चाको मृत्यु हुँदा मृत्यु भएकै दिन पनि चोख्याउन सकिन्छ । यसका लागि मृत्यु भएको दिनपछि आउने सोमवार वा बिहिवारमा चोख्याउन सकिन्छ । चोख्याउने दिनमा मलामीहरूलाई नून नहालेको दाल भात ख्वाइन्छ भने सबै मलामीले मृतात्माका लागि एकएक गास छुट्याएर खान्छन (गौतम, २०४४: ५५) । यो चलन अहिले पनि छ ।

यस प्रसङ्गमा आचार्य (२०७७) अगाडि लेख्छन,-क्रिया बसेको व्यक्तिले आफू घरभित्र वा आँगनसम्म आँउदा आफ्नो साथमा छुरा, बर्छी, पौवा लिएर हिंड्ने चलन छ । यसो गर्दा क्रियापुत्रि कुनै खराव हिंसाबाट सुरक्षित हुन्छ भन्ने विश्वास छ । क्रियापुत्रि र अन्यले चोखिने दिनमा कपाल खौरिने चलन छ । चोखिने दिन सबै हाडनाता पर्नेहरूले स्नान गरी सुनपानी या गउँत खान्छन । क्रिया बस्नेले चोखिने दिन दाल, भात र सुँगुरको मासु मृतात्मा समेत नौ पुस्तालाई दिई सपिण्डी गर्नुपर्छ (पूर्ववतः २०७७:२२) । चोखिएको दिन रात्रीमा नाच्ने चलन छ । यस बेला 'हन्सा बैठैना' गीत गाउने चलन छ । कतै यतिबेला नृत्यगीतकै रूपमा नाच खुलाउने समरौटी गाउने चलन छ । यसो गरेमा त्यस घरमा नाचगान पनि खुल्छ ।

### ६.४.४ चाडपर्व

थारू समुदायमा वर्षभरिमा धेरै प्रकारका चाडवाडहरू मनाउने प्रचलन रहेको सबैजसो चाडहरूमा पूजा-अर्चना पनि हुन्छ । चाडबाडहरूमा विभिन्न नाचगान पनि गर्ने गरिन्छ । यस समुदायले विशेष महत्वका साथ मनाउने चाडपर्वहरुमा माघेसङ्क्रान्तिका दिन माघी, खिचडी, माघका रुपमा भव्यताका साथ मनाइन्छ । यसका साथै फगुवा ( ढुह्रेरी वा होली), कृष्णजन्माष्टिमीमा मनाइने अष्टिम्की, दशैंमा मनाइने डस्या वा डसिया, वड्का अट्वारी, नागपञ्चमीलाई गुडियापञ्चमी, दिपावलीलाई (बड्का अमौंसा, दिवारी) बड्की औशी, भितीयागौर, अनन्ता, रक्षाबन्धनलाई रखौनी आदि रहेको पाइन्छ ।

### ६.४.५ लोककला

सङ्गीतभित्र गीत, वाद्य र नृत्य पर्दछन । यी तिनवटै विधाको संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

**वाद्यसामग्री** : आचार्यका अनुसार डँगौरा थारू समुदायमा निम्नानुसार वाद्य सामग्रीहरूको प्रयोग भएको पाइन्छ ।

क) **ताल वाद्यः** मन्द्रा, डफ (डम्फू), ढ्वाल, दमाहा, टेम्की

ख) **घन वाद्यः** मजिरा, झाल, कस्टार, चट्कौली, घुड्रू, कोले, घन्टी, झ्याली, मजिरा ।

ग) **शुषिर वाद्यः** बस्या, पिल्हु, पिङ्गी (सनाई) । यस बाहेकका थारुहरुले पनि यिनै सामाग्रीको उपयोग गर्दछन । ढाक र छनिया (काँस) यी बाजा ढकहेर थरका थारुलेमात्र बजाउँछन् (थारु, बोम बहादुरः मौखिक सम्वाद)

**नृत्यः** डँगौरा थारू समुदायमा सख्या-पैयाँ, मघौटा, बर्कानाच, लठ्ठी (लट्ठा) नाच, हुर्डुङ्गया नाच, छोक्रा नाच, ढर्रा नाच, झुम्रा नाँच, झिझिया, पटेवा, झमका, सोरठी, गोरुबेराही, खेलनी, फगुवा आदि धेरै नाचहरूको प्रचलन छ । यी

मध्ये गीतसहितका र गीतविनाका नाचको प्रचलन पनि छ । अशोक थारु भन्छन,-थारु लोकनृत्यमा सखिया वा सख्या र पैँया नाच अनुपम नाँच हो (लोक संस्कृति, बर्ष १, अंक १, साउन पुष, २०६३:६०) ।

**लोकगीतः** लोकगीत लोक संस्कृत भित्र पर्ने महत्वपूर्ण विधा हो । विश्वका सबै जातजाति, भाषाभाषी र संस्कृतिका जनसमुदायका लागि लोकगीत सबभन्दा मन लोभ्याउने क्षेत्र हो । लोकगीतमा मौलिकता र आफ्नै विशेषता हुन्छ । लोकगीतका पनि आफ्नै नियमहरु छन भन्दै लोकगीतका विशेषताको सम्बन्धमा आचार्य (२०७७) भन्छन,- 'लोकगीतमा भाषा, कथ्य, चरन-पद र सङ्गीत अनिवार्य तत्वका रूपमा आउँछन । लोकगीतमा संरचनागत आकारमा विविधता हुन्छ तर गायन अवसरको अवकासमा पनि यसको आकार निर्भर गर्ने हुँदा सामान्यतया लोकगीतमा दुई चारवटा अन्तरादेखि दश बीसवटा अन्तरासम्मको आकार अपेक्षा गरिन्छ, (ऐ.पृ.१८)' ।
लोकगीतका सम्बन्धमा पनि विभिन्न अध्ययन भएका छन । विभिन्न तत्वका आधारमा वर्गीकरण गरिएको छ । यहाँ संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । गोविन्द आचार्य (२०७७ : ५८-६१) का अनुसार थारु समुदायमा प्रचलित लोकगीत र लोक नृत्यलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ ।

**संस्कार गीत :** विवाह संस्कार गीतः मागर, भोजाहा गीत, मृत्यु संस्कार गीतः हन्सा बैठैना गीत नाच खुलैना गीत आदि ।

**पूजा तथा चाडपर्व गीत :** माघ पर्वका गीत, ढुम्रु गीत, ढमार गीत, डफगीत, मघौटा गीत, ढुह्वरी गीत, फाग पहर्ना गीत, डफगीत, डस्याका गीत, पैयाँ गीत, कट्घोरी गीत, पूजा गीत, पचरा गीत आदि ।

**ऋतु सम्बन्धी गीत :** सजना गीत, मैना गीत, चैती कुसुम गीत, लग्नी गीत, सिङ्गरु गीत, लाखी गीत, भादा गीत, झिझिया गीत आदि ।

**श्रम सम्बन्धी गीत :** सिङ्गरु, वनगिट्वा, बेङ्टुर्‍या गीत, बैठौनी गीत आदि ।

**बाह्रमासे वा सदाबहार गीत :** कहरा गीत, छोका गीत, महोट्या गीत, हुर्डुङ्या गीत, झुमरा गीत, बसमस्या गीत, उदासी गीत, माढो सुन्डरी गीत, बिदेसिया गीत, लहचारी गीत, लर्का सुफ्लैया गीत आदि ।
यसरी थारु समुदाय लोकगीतमा अत्यन्त समृद्ध छ । यी गीतहरुको प्रचारप्रसार र विकास आवश्यक देखिएको छ ।

**खानपान र पहिरन :** थारू समुदायमा आफ्नै प्रकारका पेशा, खानपान र भेषभूषाको प्रचलन छ ।
**खानपान :** खानपानका सम्बन्धमा आचार्य लेख्छन,-डँगौरा थारू समुदायमा आफ्नै प्रकारको खानपान सम्बन्धी संस्कृति छ । यस समुदायमा दिनमा चारपटक खानपिन गर्ने चलन छ । बिहान खानेलाई 'बासी' भन्दछन । बिहान नौ-दश बजे खाइने खानालाई 'कल्वा' भनिन्छ । त्यसैगरी दिउँसोको खाजा-नास्तालाई 'मिन्ही' (मिझ्नी) भन्दछन भने बेलुकाको खानालाई 'बेरी' भन्दछन । यस समुदायको खानामा पेय पदार्थ, माछामासु र खुर्सानीको प्रयोग बढी हुन्छ । यस समुदायमा खानपानमा प्रयोग हुने वस्तुहरूलाई निम्नानुसार देखाइएको छ (स्रोत : आचार्य २०७५ : ५८-६१) ।

**पहिरनः** डँगौरा थारू लगायतका थारु समुदायमा बालबालिका देखि वृद्धवृद्धासम्मले लगाउने पहिरनलाई 'झुल्वा' भन्दछन । 'झुल्वा' अन्तरगत धेरै प्रकारका लुगाफाटाहरू पर्दछन । थारू समुदायमा महिला र पुरूषहरूले लगाउने लुगाहरूको किसिम पनि फरक हुन्छ । पुरुषले सेतो रङको भोटो, भेग्वा, कछनी, पगिया आदि पुरूषका परम्परागत भेषभूषा लगाउँछन भने महिलाहरुले अमियाँ भनिन्छ ।

**पुरूष र महिलाका लुगाफाटा :** यस समुदायमा सेतो रङको भोटो, भेग्वा, कछनी, पगिया आदि पुरूषका परम्परागत भेषभूषा हुन । आजकल यी पहिरन प्रायः प्रयोग हुन छाडेका छन । विवाहिता र अविवाहिता महिलाका लुगाफाटोमा भिन्नता पाइन्छ । सामान्यतया, महिलाहरूले चोल्या, टेनिहा झल्वा, गोन्या, गट्या, लहङ्गा, कुर्ठा लगाउँछन । आजकल मेक्सी, लुङ्गी, बुलोज, धोतीको प्रचलन छ । नाचका बेला लंहगा-जामा लाउने चलन छ (स्रोत : आचार्य २०७५ : ५८-६१) ।

**गरगहना:** गोविन्द आचार्य लेख्छन,-यस समुदायमा पुरूषहरूले गहनाका रूपमा कानमा मुन्द्रा र औंठी लगाउने चलन छ । महिलाहरूले भने शिरदेखि पाउसम्म अनेक प्रकारका गरगहनाहरू लगाउने संस्कृति छ । यसमा टिकुली, नथिया, फुली, झिमल्या, टँन्या, छेटौर (कानमा), गटैया, बाँका, माला, गुऱ्या, लाखक, चुऱ्या, सुट्या, मुन्द्री, भिछिया आदि छन । आजकल अन्य समुदायको प्रभाव र परम्परागत संस्कृति विस्थापन हुँदै जाँदा यस समुदायको पहिरनमा आमूल परिवर्तन आएको छ । बम बहादुर थारूले (२०६७:३४) रूपन्देहीको थारू समाजमा थारू पुरुषहरूले गहनाका रूपमा कानमा ढोलना, बिचकानी, कुन्डील, कनौसी, घाँटीमा सिकडी, माला, असरफी, कपरसेंठी, कलगट्टा, पाखुरामा टोंडर, नाडीमा कङ्गन लगाउने प्रचलन रहेको उल्लेख गरेको पाइन्छ (सम्वाद थारु बोम, २०७७/०२/२५)
यस प्रदेशमा रहेका प्राचीन संस्कृति मध्येको महत्वपूर्ण एवं समृद्ध थारु संस्कृतिको संरक्षण एवं उजागर गरी भरपुर उपयोग गरेमा यस क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने देखिन्छ । थारु समुदायका लोकगीत, लोकनृत्य, लोकबाजा, परम्परागत पहिरन वा भेषभूषा, गरगहना, परम्परागत शैलीका घरगोठ र संस्कार जन्य केही रोचक र अनौठा खालमा चलनहरुको व्यवस्थित ढङ्गले परिमार्जन र विकास गरी संरक्षण एवं प्रवर्द्धन गर्दै यस प्रदेशको पर्यटन विकासमा भरपुर उपयोग गर्नुपर्ने देखिएको छ । थारु समुदायमका लोकनाँचमा बर्कानाँच, लट्ठा नाँच, सख्या-पैँया नाच, कठघोरी नृत्य, झुमरा नृत्य, बडामुडा नुत्य, खोन पुरुवा नृत्य आदि अत्यन्त मनोरञ्जनात्मक तथा सन्देशमूलक नाँचहरु प्रचलित छन । यी परम्परागत नाँच लगायतका सबै रितीरिवाज, भेषभूषा, बाद्य सामाग्रीको जर्गेनामात्र हैन सामयिक परिमार्जन सहित युवावर्गलाई यसतर्फ आकर्षित गर्नु पर्ने आवश्यकता देखिएको छ ।

### ६.५ मगर संस्कृति

राष्ट्रिय जनगणना २०६८ अनुसार प्रदेश नं.५ मा मगरको जनसंख्या ६८०४९९ छ र मातृ भाषाको रुपमा मगर भाषा बोल्नेहरुको संख्या २०५,०४८ रहेको छ । यस प्रदेशको पहाडी भू-भागमा मगरको बाहुल्यता रहेको छ भने प्रदेशका अन्य जिल्लामा छिटफुट रुपमा बसोबास रहेको पाइन्छ (स्रोत : वस्तुस्थिति विवरण प्रदेश योजना आयोग, २०७६, पृ.१७७) ।

नेपाल रङ्गिविरङ्गी फूलहरुको फूलवारी हो । साँस्कृतिक एवं भौगोलिक रुपमा विविधतापूर्ण यस देशमा ऐतिहासिक रुपमा विशेष गौरवगाथा बोकेको, आफ्नो अलगै परिचय स्थापित गरेको र साँस्कृतिक दृष्टिले विशेष महत्व बोकेको मगर समुदाय नेपालको आदिबासी समुदाय हो । संस्कृतिका दृष्टिले त यो सबभन्दा समृद्ध जाति हो ।

मगर जातिको उत्पत्तिका विषयमा मतैक्यता पाइदैन । सामान्यतया यो जाति ई.पू.२३०० भन्दा पनि अघि फिरन्ते जातिका रुपमा नेपालमा आइपुगेको ठानिन्छ । नेपालको इलामा, पाँचथर तिर 'महर' भनिन्छ । सिकिक्म तिर मगर जातिलाई 'च्याङ' भनिन्छ । नेपालका प्रथम बृटीस मिसिनरी कर्कप्याट्रीकले मुग्गर भनेको पाइन्छ (बरालमगर, २०५०:२४) । रोल्पा, रुकुम, प्यूठान तिर मगरहरुले आपसमा 'परे' भन्ने गरेको पाइन्छ । मगरहरु 'पारकोट' बाट

आएका हुनाले आफूहरुलाई 'परे' भन्नेका हुन भन्ने भनाइ पनि छ । महाकाली नदी र त्यसभन्दा पश्चिममा भारतको भू-भागमा बग्ने चन्द्रभङ्ग नदी बीचको उपत्यकालाई 'महर उपत्यका' भन्दछन । यहाँ बसोबास गर्ने मगरहरुले आफूहरुलाई "महर" भन्दथे । त्यसैगरी गण्डक्री प्रदेशलाई पनि 'महरलोक' भनिन्थ्यो । त्यसैले यही 'महर' शब्दपछि अपभ्रम्श भएर 'मगर' बन्यो भन्ने अनुमान गर्न सकिन्छ (पूर्ववत्त:२६) । यसरी उपरोक्त तर्कहरुलाई विचार गर्दा प्रचीनकाल देखि 'महरलोक' मा बस्दै आएका 'महर' पछि 'मगर' नामबाट सम्बोधन हुन थालिनु बढी विश्वासिलो लाग्दछ (आचार्य, २०७४:३) ।

मगर नेपालको महत्वपूर्ण जाति हो । नेपालका जनजातिहरु भित्र यस जातिको उल्लेखनीय स्थान रहेको छ । मगरको मूल थलोको विषयमा पनि फरकफरक मत पाइन्छ । मगर जातिको बसोबास नेपालको विशेषगरी पहाडी क्षेत्रमा रहेको देखिए पनि नेपालको साविक गण्डकी, धवलागिरी, लुम्विनी, राप्ती र भेरी अञ्चल मगर जातिको बसोबासको दृष्टिले महत्वपूर्ण मानिन्छन । कर्णाली अञ्चलको विशेषगरी डोल्पाको ताराकोट क्षेत्रमा पनि मगर जातिको बसोबास रहेको देखिन्छ । मगर जातिमा बसोबास स्थान अनुसार भाषा-संस्कृतिमा विविधता रहेको छ । भाषा संस्कृतिको आधारमा नेपालको मगर जातिलाई भिन्न-भिन्न सामुदायिक नामले चिन्ने गरेको पाइन्छ । यहाँ नेपालका मगर जातिको संस्कृति र परम्परागत मूल्यमान्यताहरुको अध्ययन गरी लोकसंस्कृतिको संरक्षण, संवर्द्धनका साथै पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्य रहेको छ । यस सन्दर्भमा मगर जातिको मूल थलो तथा मगर जातिका थर-उपथरहरुको विषयमा चर्चा गर्ने गरिएको छ ।

गोविन्द आचार्य र दुर्गा रायमाझी (२०७४) द्धारा लिखित 'मगर जातिको लोकगीत तथा लोकसङ्गीत' पुस्तकका अनुसार 'नेपालमा मगर जातिको बसोबास रहेको क्षेत्र मगरातका नामले चिनिन्छ । विशेषगरी भाषाका आधारमा रिडी गण्डकी पश्चिमको मगरातलाई अठार मगरात र रिडीपूर्वको क्षेत्रलाई बाह्र मगरात भनिन्छ । यसको साँध सीमानामा 'री' र 'डी' दुई शब्दले महत्व राख्दछन । अठार मगरातमा 'री' र बाह्र मगरातमा दुबैको अर्थ पानी हुन्छ । अठार मगरातमा बोलिने भाषालाई पाङ वा खाम भनेको पाइन्छ  भने बाह्र मगरातमा बालिने मगर भाषालाई मगरढुट भनिन्छ । अठार मगरात क्षेत्रकै डोल्पाको ताराकोटमा बसोबास गर्ने मगर जातिमा बोलिने भाषालाई काइके भनिएको छ । (पोखरेल, २०६१ भूमिका खण्ड) ।' एम.एस.थापा मगरको अनुसार मगरहरु अरु जातिहरु जस्तै चीनको पामीर पूर्वबाट भारतीय महाद्धिपमा आएका थिए । चिनीया भाषामा मंगोल देशलाई 'था' र त्यससँग समबन्धित भन्नेलाई 'पा' वा 'बा' भनिन्छ । यस अनुसार थापाको अर्थ मगोलिया बासी भन्ने हुन्छ । अर्थात थापा मगर एउटा थर बोधक नभई वशंवोधक शब्दका रुपमा देखिन्छ ।

### ६.५.१ मगर जातिका थर-उपथर

मगर जाति भित्र थर-उपथरको मौलिक व्यवस्था रहेको देखिन्छ । जनकलाल शर्माले (२०३९:२४५) मगर जातिमा प्रचलित थरहरुलाई थापामगर, रानामगर र आलेमगर गरी तीन वर्गमा राखेर हेरेको पाइन्छ । तर बराल मगर (२०५०:१५५) ले नेपालका मगरहरुलाई आलेमगर, घर्तीमगर, थापामगर, पुनमगर, बुढामगर र रानामगर गरी छ वर्गमा वर्गीकरण गरेर ती थर अन्तरगत सयौं उपथरहरु दिएका छन । मगर जातिको थर-उपथर नामाकरणमा विशेष गरी कार्य, मूलपुरुष र स्थानको आधारमा भएको देखिन्छ । यहाँ बराल मगर (२०५०) ले देखाएका मगर जातिका थर-उपथर बारे जानकारी दिइएको छ ।

**आले मगरः** आले मगर अन्तरगत निम्ननुसार उपथरहरु आउँछन । अर्धाली, अर्घौली, अस्लामी, उच्चइ, एकचई, कन्दका, कनौजिया, कमजन, कामन्जानी, कँवर, कालमी, कालागाहा, किलुङ, कुमा, केपछाकी, क्यापचाकी, खडगा, खप्तारी, खहारी, खाली, खिचमान, खुलाङ्गी, खुलाल, ददर्मा, गन्द्रमा, गन्दर्भ, गन्धाकी आदि दुईसय पचास भन्दा बढी थरहरु रहेका छन भनेर उल्लेख गरिएको छ (स्रोत : आचार्य र रायमाझी, २०७४, पृ.७) ।

**घर्ती मगरः** अर्घुले, उलाङे, काउचा, काला, कालिकोटे, कोन्सा, गर्वुजा, गलामी, गियल, दगामी, पूर्जा, फागमी, बन्जाली, भोम्पाल, मचाल, राङखानी, राम्जाली, रावल, रोका, सारु, सालमी आदि भनिएको छ (स्रोत : आचार्य र रायमाझी, २०७४, पृ.७) ।

**थापा मगर :** अर्घले, अघामी, अदेली, अस्लामी, आले, इस्लामी, उघ्रो, एकचही, कनौजे, कम्चा, कवँर, काइकाल, काउछे, काङमु कालामाटा, सोमइ आदि गरी ५४० भन्दा बढी उपथरहरु देखिन्छन । यसमा उपथर भित्र पनि उपथर रहेको कुरा वर्ण गरिएको छ (स्रोत : आचार्य र रायमाझी, २०७४, पृ.७) ।

**पुन मगरः** उलाङ्गे, काला घती, जागोन्ले, टामे, तगाले, तन्ज्याली, थकाली, थाने, ढगाए, ढगामी आदि गरी ३९ वटा उपथरहर देखिन्छन (स्रोत : आचार्य र रायमाझी, २०७४, पृ.८) ।

**बुढामगर (बुढाथोकी मगर) :** उलङ्गे, कर्मानी, कारल, केचाकी, गलम, जियाली, थामी, दर्लामी, देउवल, पोजोङ्, पारे, पोहोरी, वार्कवान्री आदि गरी २४ वटाथर रहेका छन (स्रोत : आचार्य र रायमाझी, २०७४, पृ.८) ।

**राना मगरः** अरघ्याली, अस्लामी, आछामी, आले, आरसामी, उचइ, एकचइ, ताउचा, कन्दरवा, कनौजे समेत गरी १९३ वटा उपथरहरु दिइएको छ ।

### ६.५.२ मगर जातिको संस्कार

मगर जातिमा धेरै प्रकारका संस्कारहरु सम्पादन गर्ने प्रचन रहेको छ । उनीहरुले मनाउने संस्कारमा विविधता पनि छ । बसोबास स्थान अनुसार जसरी भाषिक विविधता रहेको देखिन्छ, त्यसैगरी प्रचलित संस्कारमा पनि विविधता रहेको छ । सामान्यतया जन्मदेखि मृत्युसम्मका संस्कारका विषयमा बढता चर्चा र महत्व दिइए पनि मगर जातिमा जन्मपूर्व सम्पन्न गरिने संस्कारहरुको पनि कम महत्व छैन । सामान्यतया जन्मसंस्कार, पास्नी (पुरभदै), क्षेवर, व्रतबन्ध, विवाह र मृत्यु संस्कारले बढी महत्व राखे पनि अठार र बाह्र मगरातमा मनाइने धोती यान्या, बाह्र मगरातको घाँघर यहाँको संस्कार तथा अठार मगरातको जन्म अघि गुणर्या महिला र गुणर्यानीको पतिले पशुपन्छी हत्या गर्न नहुने तथा देवी देवताको पूजाआजा गर्न नहुने जस्ता नियम बाँधिएको हुन्छ (बल बहादुर घर्ती मगर,२०७१:१९) ।

यसैगरी विवाह भएको लामो समयसम्म सन्तान नभएमा वरनिया संस्कार गर्ने चलन छ । यो पनि जन्मपूर्व गरिने संस्कारको सन्दर्भ हो । यसो भएमा सन्तान नभएका पति पत्नी बराहको मन्दिर (थान) मा सन्तानको आर्शिवाद माग्दछन । यसरी भागल पूर्ण भएमा तीया बर्षमा एकजोडा मेडा लिएर बराहलाई बुझाउन जाने चलन छ (पूर्ववत) । बल बहादुर घर्ती मगरले (२०७१:२३-२४) विशेष गरी अठार मगरातका सन्दर्भमा बालक तीन महिनापछि गरिने वइक्वा र बच्चा तीन महिना पुगेपछि 'माइती देखाउने' संस्कार बारे पनि जानकारी दिइएको पाइन्छ । यहाँ मगरात, बाह्र मगरात र काइके मगर समुदायमा प्रचनमा रहेका जनम संस्कार, पास्नी, क्षेवर, धोती यान्या संस्कार, वर्तबन्ध संस्कार, विवाह संस्कार र मृत्यु संस्कारका विषयमा छोटो जानकारी दिने प्रयाश गरिएको छ ।

**जन्म संस्कारः** मगर सस्कारका विषयमा आचार्य र रायमाझी (२०७४) ले विस्तृत रुपमा लेखेका छन । उनीहरुका अनुसार मगर जातिमा शिशु जन्मेको दशदिनसम्म त्यो परिवार अशुद्ध मानिन्छ । कतैकतै शिशु जन्मेको छैठौं दिनमा छैंठी संस्कार गर्ने प्रचलन छ । यो प्रथा विशेष गरी ब्राहमण-क्षेत्रीहरुको प्रभावमा चलेको देखिन्छ । छैंठो दिनमा भावी शिशुको भाग्य लेख्न आँउछन भन्ने विश्वासले रातभरि कोठा खुला राख्न वा ढोका खोलेर राखिन्छ । तर यस्तो कार्य जेठो छोराकोमा मात्र गर्ने गरिन्छ । त्यसपछि ११ औं दिनमा न्वारान गर्ने चलन छ । राप्ती क्षेत्रका मगर जातिमा प्रायः पुरोहितले नभै आफ्नै कुटुम्वले नाम राखी दिन्छन (बरालमगर,२०५०:६०) । रुकुम जिल्लाका केही ठाँउहरुमा जन्मको २२ दिनमा 'नाइटो लगाउने' भनेर यो संस्कार गरेको पाइन्छ (पूर्ववत) । श्रीसमगर (२०७१:१२) का अनुसार बाह्र मगरात क्षेत्रमा प्राय मगरको सूतक ३ दिनमा नै सकिने देखिन्छ । रोल्पातिरका कुनै ठाँउमा भने शिशुको नाभी झरेको दिनलाई आधार मानेर त्यसैदिन सुतक फुकाउने काम हुन्छ । भोजबिक्रम बुढामगर र श्याम बुढामागरका अनुसार ( २०७१:१५८-१५९) काइके समुदायमा बच्चाको जन्म संस्कार वौद्ध धर्मको विधि अनुसार सम्पन्न गर्ने चलन छ । यसमा लामाको मुख्य भूमिका हुन्छ । अठार मगरातमा जन्मसंस्कारको सन्दर्भमा छोरा जन्म भएको बेला न्वारानको दिन 'सार टीका पाहाके' फूल टीका दिने चलन छ (हर्ष बहादुर बुढामगर, २०७०:२३५) । बालकको नाम महिना, बार ,समय अनुसार राखिन्छ (पूर्ववत) ।

**पास्नी (पुरभदै) संस्कार :** मगर जातिमा पास्नीलाई 'पुरभदै', "पुटभदै वा भात खुवाइ" संस्कार मानिन्छ (घर्ती, २०६२:५३५) । पुटभदै संस्कार बाह्रपन्थी मगरहरुमा पुत्रको छ महिना र पुत्रीको भए ५ महिनामा गर्ने चलन छ । अठार मगरातमा भने परङ्गी पूजाको दिनमा भात खुवाइ गर्ने चलन छ (पूर्ववत) । रोल्पा जिल्लामा तीन महिनामा नै पुरभदै गरेको पाइन्छ । बालकलाई वर वा सालको पातमा तेह्र प्रकारका परिकार ख्वाइन्छ । ख्वाउँदा बालक रोएमा शुभ हुने विश्वास छ (सिँजाली, २०७१:५०) भनी आचार्य (२०७४:१५) ले लेखेका छन ।

**छेवर संस्कारः** मगर जातिमा मुण्डन संस्कारलाई "छेवर" भन्ने चलन छ । छेवर संस्कार मगर समुदायमा प्राय शिशु जन्मको पाँच बर्षमा गर्ने चलन छ । छेवर संस्कारमा प्राय पिताको उपस्थिति आवश्यक मानिन्छ । तर प्रायः तीन देखि नौ बर्षसम्मका बिजोडा बर्षमा छेवर गर्ने चलन छ । अठार मगरात तिर यसलाई 'गभ्याचेम यान्न्या' भन्दछन । यो एकबर्ष पुगेपछि ग्रहगौंडा फाल्ने दृष्टिले गरिन्छ । छेवर संस्कामा मामाको बढी महत्व छ । यसमा मामाले भान्जाको मुडुलो टाउकोमा नयाँ टोपी लगाइ दिने चलन छ । छोरीको सन्दर्भमा भने छोरी पाँच बर्ष पुगेपछि आमा बाबुले छोरीलाई छेवर संस्कारकै रुपमा घाँघर दिने चलन छ (स्रोत : आचार्य र रायमाझी, २०७४, पृ.१५) ।

**कन्भेयान्या/धोतियान्या संस्कारः** मगर जातिमा यो कपडा लगाउने विषयले पनि संस्कारका रुपमा महत्व राख्दछ । यता बाह्र मगराततिर "घाँघर याहाके" भनिन्छ । यो केटाकेटीहरु आफ्नो कपडा सम्हाल्ने उमेरमा पुगेपछि सामान्यतया ५-६ बर्षमा छोरीलाई गुन्यु-चोली र छोरालाई धोती-लङ्गौटी वा युगानुकूल अन्य पहिरन लगाइदिने संस्कार हुन्छ । यो कार्य जन्म दिनमा गरिन्छ । आजकल यो संस्कार प्रायः छुट्दै गएको छ (बल बहादुर घतीएमगर, २०७१:२६, सिङ्जाली, २०७१:५०) ।

**व्रतबन्ध संस्कारः** यो संस्कार बालक छ बर्ष पुगेर सातबर्षमा लागेपछि गरिन्छ र यो संस्कार बैशाख महिनामा गर्ने चलन छ । लगन गर्ने पुरुषले बटुकको शिरमा सुन चाँदीको टुक्राले घोट्छन र कपालका केही टुक्रा काटेर लगन गर्दछन । यस संस्कारमा बालकका दिदी बहिनीले तामाको थालीमा चामल र पुराना पैसाहरु हालेका हुन्छन । त्यस

थालमानै कपाल काटिन्छ । सो अवसरमा इष्टमित्रहरुलाई खान आमन्त्रण गर्ने चलन छ । आमन्त्रितहरुले पैसा हाल्ने चलन पनि छ । जेठो छोराको व्रतबन्धलाई जति महत्व दिइन्छ अन्य छोराहरुको व्रतवन्धमा त्यति महत्व दिइदैन (भोज विक्रम बुढामगर र श्याम घर्तीमगर २०७१:१५९,१६०) भन्ने सन्दर्भ आचार्य र रायमाझी (ऐ.१६) ले स्पष्ट गरेका छन ।

**विवाह संस्कारः** यो समुदायमा पनि विवाह संस्कार सर्वाधिक महत्वपूर्ण संस्कारको रुपमा आउँछ भन्दै आचार्य र रायमाझी (ऐ.१६) अगाडि लेख्छन,- 'मगर जातिमा मामाकी छोरी विवाह गर्ने चलन छ । नेपालको उत्तरी भागतिर कतैकतै फुपूकी छोरी पनि विवाह गर्ने चलन छ । मामाकी छोरीलाई "बाटोकी साली" भन्दछन । फुपूको छोराले मामाकी छोरी विवाह नगरेर अन्यत्रै विवाह गरेमा दण्ड तिर्नु पर्नेसम्म व्यवस्था पाइन्छ । मगर जातिमा विशेषगरी "मागी विवाह", "चोरी विवाह" र "जारी विवाह" प्रचलनमा रहेको पाइन्छ । मागी विवाहलाई "लगन्या विवाह", चोरी विवाहलाई "प्रेम विवाह" पनि भन्न सकिन्छ । विवाहित सधवा महिलालाई विवाह गरिने प्रथालाई "जारी विवाह" भनिन्छ । यस्तो विवाहमा केटोपक्षलाई पहिलो लोग्ने अर्थात जारलाई जारी बुझाउनु पर्दछ । अठार मगरातको सन्दर्भमा प्रेम विवाहको बढि प्रचलन छ । यसमा केटाले आफूले मन पराएकी केटीलाई फकाउने सिलसिलामा गोप्यरुपमा रकम दिने चलन छ । यस्तो रकमलाई "साइमासा" भन्दछन । यस्तो साइमासा केटीले प्राप्त गरेको वा आफना लागि आएको जानकारी पाएको एकरातपछि फर्काउन चाहेमा अर्को दिन गाउँका गन्यमान्य बसेर फर्काइन्छ र केटाले दण्ड वापत भलादमीहरुलाई "सभा उठाउनी" (भोज) ख्वाउनु पर्दछ । यस जातीमा निसिन्या व्याहा, क्लोन्या व्याहा, पिरम व्याहा, जारक्यानी व्याहा र मारुमंसयारन्या व्याहा भनेर ५ प्रकारका विवाहको उल्लेख गरेको पाइन्छ (हर्ष बहादुर बुढामगर, २०७०:२४५, बल बहादुर घर्तीमगर २०७१:२७) । विवाहको पनि थर अनुसार अलग-अलग विधिविधान भएको पाइन्छ ( ऐ.१७) ।

**मृत्यु संस्कारः** मगर जातिमा सामान्यतया लाशलाई जलाउने चलन छ । तर कतैकतै गाडने चलन छ । मगर जातिका लामाहरुलाई भने गाड्ने चलन छ । मगर जातिमा पनि प्रायः तेह्रौं दिनमा चोख्याउने चलन छ । यस जातिमा लाश घाटमा लग्दा एकजना मानिसले अगाडि हिँडेर बाटो देखाउने चलन छ । मृत्यसंस्कारमा "मग्ल्यानी" गीत गाउने चलन छ । यस सम्बन्धमा काइके मगर समुदायमा मृत्यु संस्कारलाई केही फरक प्रकारले सम्पादन गरेको पाइन्छ । यहाँ मृत्युसंस्कारमा प्रायः वौद्धमार्गीहरुको प्रथा अपनाइन्छ । लामाले पूजापाठ गरी मृतकको आत्मा नभडकिओस भनेर सो विधान गर्दछन मृतकको अगाडि दीप बालिददिने चलन छ । अन्त्येष्टि गर्न जाँदा सेतो कपडा बिछ्याएर पथ बनाइन्छ । प्रायः आफ्नै बारीमा लाश जलाउने चलन छ । तर बर्षायाम परेको बेला भेरी नदीमा बगाइदिने वा गाड्ने समेत चलन छ । कसैले त लामालाई विधिविधान गर्न लगाई लाश अग्लो स्थानमा लगेर काटेर चराचुरुङ्गीलाई खान दिने गरेको समेत पाइन्छ (पुन र घर्तीमगर, २०७१:१६२) भनी अचार्य र रायमाझी (२०७४:१८) ले लेखेका छन ।

### ६.५.३ मगर जातिका चाडपर्व

संस्कृतिका दृष्टिले मगर समुदाय समृद्ध रहेको छ । यस जातिमा चाडपर्वमूलक संस्कृतिको प्रचलन र धार्मिक पूजाआजासँग सम्बन्धित भएको पाइन्छ । यिनीहरुमा बास स्थानको विविधताले गर्दा पनि चाडपर्व मनाउने विधि र प्रक्रियामा फरक पर्ने गरेको पाइन्छ । बरालमगर (२०५०:११८) का अनुसार अठार मगर समुदाय, बाह्र मगर समुदाय र काइके मगर समुदायमा माघेसक्रान्ति, छैंगो (नव वर्ष) पन्ध्र पुष (सबभन्दा लामो रात), रुङ (नयाँ बर्षपछि एक महिनासम्म मनाइने), श्री पञ्चमी (वसन्त पञ्चमी), यौनाट (फागु पूर्णिमा), रुङ्मा (चैती) वा देवताको पूजा, चैते दशैं,

बैशाखे पूर्णिमा (चण्डी पूर्णिमा), याचा (बैशाख ३ गते बाण हान्ने), केचा (बैशाख १५ गते), नोकोबाङ्गे/भूम्या (असार सक्रान्ति), साउने सक्रान्ति, कृष्णाष्टमी, तीज (झोरा), दशैँ, तिहार आदि चाडवाड उत्साहका साथ मनाउँछन । चाडवाड मनाउने तरिका भने थर र स्थान अनुसार फरक पर्ने हुन्छ (बरालमगर, २०५०:१२०) भनी आचार्य र रायमाझी (२०७४:१९-३१) ले लेखेका छन ।

### ६.५.४ मगर जातिका लोकसङ्गीतः

"गीत" शब्दमा "सम" उपसर्ग लाग्दा "संगीत" शब्दको निर्माण हुन्छ । "संगीत" शब्दले "गीतसहित" भन्ने अर्थ प्रवाह गर्दछ । प्राचीनकालमा गीत, बाद्य र नृत्य साथै सम्पादन गरिन्थ्यो । यसरी तीनवटै विषय एकै साथ प्रयोग गरिने हँदा त्यसलाई "संगीत" भनियो (शर्मा, २०६३:३) । यही कुरालाई उपाध्यायले (१९८५ ई:१) । "संगीत" को अर्थ भनेको "सहगान" हो भन्दछन । अर्थात प्राचीनकालमा "सङ्गीत" शब्दको प्रयोग सामुहिक गानको रुपमा गरिन्थ्यो (आचार्य, २०६६:१३) । यस्तो सामाग्रीलाई अग्रेँजीमा "कोरस" भनिन्छ । श्रीसमगर (२०६६:७०) ले पश्चिमाञ्चलका मगर जातिमा प्रचलित लोकगीतहरुलाई निम्नानुसार वर्गीकरण गरेको पाइन्छ (पृ.३४) :

**बाह्रमासे झाम्रे गीतः** यो गीत तीनवटा भाकामा गाइने उल्लेख गरेका छन । यस अन्तरगत लस्के भाकाका गीतहरुमा सुनीमाया, यानीमाया, नानीलै, भैचनी, नानीलै आदि तेस्रो भाकामा घुम्टेसाँइला, होराजै साँइला, नौरङ्गीडाँफै, नौतुने भाका आदि ठाडो भाकामा विनासालैजो, सालैजो र चुड्के भाकामा दोहोरी, जुवारी, ख्याली, रोइला पर्ने कुरा उल्लेख गरेका छन ।

यसैगरी अर्को प्रकारमा ॠतुकालीन लोकगीत भित्र पर्व गीत र कर्म गीत पर्ने कुरा लेखेका छन । पर्वगीतमा भोरा, भैलो, जिवैमामा आदि र कर्मगीतमा ओहाली, ज्यानै, दाँइ गीत समावेश गरेका छन । लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण पनि गरिएको छ । विधाको आधारमा फूटकर गीत, गाथा, नाटक, नाँच र तीभित्र पर्ने गीतका नामहरु पनि उल्लेख गरेका छन । सम्पादन गर्ने समुदायको आधारमा बाह्र मगरात, अठार मगरात र डोल्पा तारकोटका मगरले सम्पादन गर्ने उल्लेख गरेका छन । यसरी नै सहभागीहरुको आधारमा पनि वर्गीकरण गरिएको छ । महिलाले मात्र, पुरुषले मात्र र महिला-पुरुष दुवैले सम्पादन गर्ने पनि अलग अलग उल्लेख छन । वर्गीकरण गर्ने क्रममा संख्या र उमेरका आधारमा सम्पादन गरिने पनि वर्गीकरण गरिएको छ ।

प्रस्तुतीकरणका आधारमा  गीत, नृत्य, बाद्य, अभिनयका आधारमा पनि वर्गीकरण गरिएको छ । सबभन्दा उल्लेखनीय अवसरको आधारमा वर्गीकरण गरिएकोले लिन सकिन्छ । यसमा संस्कार सङ्गीत, पूजा एवं चाडपर्व सङ्गीत, श्रृतु संगीत, कर्म र बाह्रमासे सङ्गीत आदिमा विभाजन गरी प्रत्येकको वर्णन गरिएको छ (पृ.३४) ।

यसरी मगर जातिका चालचलन, रीतिरिवाज, भेषभूषा, चाडवाड, मेलापर्व बाह्रै महिनासँग सम्बन्धित छन । उनीहरुको संस्कृतिले मानव जीवनका समग्रलाई पक्षलाई समेटेको छ । यस हिसावले यो प्रदेश कला, साहित्य र संस्कृतिका दृष्टिले महत्वपूर्ण रहेको छ ।

मगर समुदायमा लोकगीत निकै लोकप्रिय, रोचक र आकर्षक भैकोले छोट्करीमा यहाँ उल्लेख गरिएको छ ।

क) **फूटकर गीतः** कौरा, सुनीमाया, सालैजो, भ्याङ्रा, झ्याउरे गीत आदि ।

ख) **गाथा :** मग्ल्यानी, यौनाच वा यौनाट, करवाकेली, रामाचरित्र, कृष्णचरित्र आदि ।

ग) **नाटक :** सोरठी, घाटु वा घातो, जोरा स्याई, विमामा, ज्यौ मा रे, मैन्यारी, गोपीचन आदि ।

घ) **नाँच :** सरङ्गे, पैस्मयारु, नोकोवाङ्गे, ढिक्रेनाच, धोता, जुगी, सिङारु आदि ।

ङ) **लोकबाजा :** खैंजडी, अलङका, कुटकुटे, मचेटा, नरसिङ्गा, दुन्दी (डौडी), च्याखुरे बाजा, केतुकीबाजा, बासुली, छेलर (झुम्रा), नङ्गा, पैजन, दरबङा आदि (स्रोत : आचार्य र रायमाझी, २०७४) ।

यसरी मगर जातिको संस्कृतिको क्षेत्र फराकिलो छ । बाह्रै महिना र सबै परम्परागत साँस्कृतिक र साँस्कारिक कार्यसँग सम्बन्धित फरक-फरक खालका विशेषतापूर्ण गीतसङ्गीत र तीसँग सम्बन्धित बाद्यबादनका सामाग्री, भेषभूषा नेपाली संस्कृतिका अमूल्य निधि हुन । यस प्रदेशमा प्रचलित सबै सांस्कृतिक बहुमूल्य यस्ता निधिहरुको संरक्षण, संवर्द्धन, परिमार्जन र पर्यटन प्रवर्द्धनका लागि भरपुर उपयोग गर्नुपर्ने हुन्छ । यसका लागि मगर संस्कृतिका क्षेत्रमा लागिपरेका संस्कृतिकर्मीको समन्वयमा व्यापक रुपमा सम्बन्धित निकायले पर्यटन विमासमा उपयोग गर्नु उर्ने देखिएको छ ।

मगर समुदायकाका लोकगीत, लोकनृत्य, चाडवाड, भेषभूषा, खानपान, प्राचीन शैलीका घर, रीतिरिवाज आदि पर्यटकीय दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ । सबै जातजातिका संस्कृतिको आफ्नो ठाँउमा महत्व हुनु स्वभाविकै हो तापनि यस प्रदेशमा मगर संस्कृतिले पर्यटन प्रवर्द्धनका लागि पर्याप्त सम्भावना बोकेको देखिन्छ । वास्तवमा यो प्रदेश मगर संस्कृतिको भण्डार नै भएकोले यस प्रकारका अमूल्य संस्कृतिको संरक्षण, संवर्द्धन र समयानुकूल विकास तथा आवश्यकता अनुसार खोज-अनुसन्धान जरुरी छ । यी मौलिक, आकर्षक, रोचक, सन्देशमूलक र मनोरञ्जनपूर्ण अमूर्त साँस्कृतिक सम्पदाको अधिकतम उपयोग गरी आर्थिक समृद्धि हासिल गर्नुपर्ने आजको आवश्यकता हो ।

### ६.६ नेवार संस्कृति

नेपालको पूर्वदेखि पश्चिमसम्मका प्रायः सबै जिल्ला सदरमुकाम र प्रमुख बजार क्षेत्रमा नेवार समुदायको बसोबास भएको पाइन्छ । यो समुदाय साँस्कृतिक सम्पदाका दृष्टिले समृद्ध समुदाय हो । भाषिक एवम् साँस्कृतिक रुपमा भारोपेली परिवार अन्तरगत भोट-बर्मेली शाखामा पर्ने र बौद्ध र हिन्दु दुवै धर्म अवलम्वन गर्ने यो समुदायको मुख्य पेशा व्यापार भएता पनि कला-साहित्य र संस्कृतिको क्षेत्रमा पनि अग्रणी स्थानमा रहेको पाइन्छ । संस्कृति र कलाका क्षेत्रमा पुस्तौं देखि महत्वपूर्ण योगदान गर्दै आएको यो समुदायले बाह्रै महिना अर्थात ३६५ दिन कुनै न कुनै चाड, मेला, पर्व, जात्रा मनाइरहेका हुन्छन् । मानव विकास सूचाङ्कमा अगाडि रहेको यो समुदाय सभ्य, सु-संस्कृत छ । नियमित पूजाआजा, मेला एवम् चाडपर्व मनाउनका लागि गूठीको पनि व्यवस्था गरेका हुन्छन् । यस समुदाय भित्र थुप्रै थरहरु रहेका छन् । नेवार भाषा अन्तरगत पनि भाषिका-उपभाषिका स्थान अनुसार फरक फरक भएको पाइन्छ । नेवारी भाषालाई नेपाल वा नेवाः भाषा भनिन्छ र यो भाषाको लिपिलाई ब्राहमी भनिन्छ । नेवार प्राग-ऐतिहासिक काल देखि काठमाडौं उपत्यकाका बासिन्दा हुन् र नेपालको इतिहास, भाषा, साहित्य, संस्कृति, सभ्यता निर्माणमा यो समुदायको ठूलो योगदान रहेको छ । ऐतिहासिक कालमा विभिन्न ठाउँबाट नेपाल भित्रिएका लिच्छवी, कोसल र मल्ल आदि जातिका मानिसहरु स्थानीय भाषा, वैदिक संस्कृति, सामाजिक संरचना र हिन्दु धर्मसँग अन्तर घुलित हुँदा नेवार संस्कृति समृद्ध बनेको पाइन्छ । काठमाडौं मण्डलमा पृथ्वीनारायण शाहले विजय प्राप्त नगर्दासम्म मल्लहरुको राज्य थियो । २०६८ को जनगणना अनुसार नेपालमा नेवारको जनसंख्या १३२१९३३ छ र जनसंख्याका दृष्टिले छैठौं स्थानमा रहेको छ । प्रदेश पाँचमा यो संख्या ६१९९१ छ । यस प्रदेशमा रुपन्देहीको बुटवल र पाल्पाको तानसेनमा नेवारको घनावस्ती रहेको छ भने अरु सबै जिल्लाका सदरमुकाम र मुख्य बजार क्षेत्रमा यो समुदायको बसाइ उल्लेखनीय रहेको पाइन्छ । धार्मिक दृष्टिकोणले हेर्दा २०६८ को जनगणना अनुसार कूल नेवार मध्ये ८७.३८ प्रतिशतले हिन्दु र १०.७४ ले बौद्धधर्म मान्ने गरेको देखिन्छ ।

### ६.५.१ नाचगान

**लाखेनाच**

लाखे नाँच मुकुण्डो लगाएर र नलगाइकन नाचिने साँस्कारिक ध्यानसँग जोडिएको नाँच हो, जसलाई नेवारी भाषामा "चचाप्याखं" भनिन्छ । यो लोक-नाँच पनि हो । मुकुण्डो लगाएर नाटकीय ढङ्गले नाचिने नाँचलाई "दाबु प्याखं" भनिन्छ र धार्मिक गाथाहरु साँगितिक रुपमा गरेर सम्पन्न गरिन्छ ।

**धिमे नाँच**

धिमे बाजाको तालमा नाचिने यो नाँचलाई "धिमे नाँच" भनिन्छ । नेवारी प्राचीन सँगितमा पवित्र गीत, भक्तिगीत, ऋतु गीत, गाथा र लोकगीतहरु छन् । यिनीहरु मध्ये सबभन्दा प्रसिद्ध "शितलामाज"ु हो, जुन उपत्यकामा बालबालिकाका लागि रोग नलागोस् भनेर धार्मिक गाथाको रुपमा गीतमा वर्णन गरिन्छ । अर्को ऋतु गीतमा "सिलु" हो, जुन गोसाइकुण्ड तीर्थस्थलमा गाइन्छ । यसैगरी नवविवाहित जोडीले गाउने वियोगान्त गीत "जीवथालाछी मधुनी" हो, भने अर्को प्रसिद्ध "राजमती" नामक गाथा हो, जुन अभागी प्रेमी-प्रेमिकाले गाउने गर्छन् ।

**भजन**

काठमाण्डौं लगायत देशका विभिन्न ठाँउमा भएका मन्दिरहरुमा प्रायः दैनिक भजन-कीर्तन हुने गर्छन् । यस प्रकारका भजनमा "ज्ञानमालागुन्ला" भजन पर्दछन् । नेपाल सम्वतको दशौं महिनामा "गुनलाभजन" ब्याण्ड बाजाका साथमा भगवानलाई आराधान गर्ने गर्दछन् । ऋतु गीतहरु जन्म, विवाह, मृत्यु आदिमा पनि गाउने गरिन्छ ।
परम्परागत सँगीतमा "घाटु, जिवयालालाछी", "मोहनी", "राजमती", "सिल"ु, "सितला","स्वएधाक स्वएगु मखु", "होलिया मेला", "वलावलापुलु किसी","यो सिङ त्यो", "योमरीमकु", "ढङ्ग मरु निबम्छ" आदि छन् । । यसैगरी धार्मिक सँगीतमा 'गुन्लाभजन, मालश्री धुन, म्य कासा' आदि छन् ।

**बाजाहरु**

हातले ठोकेर बजाउने बाजामा "धिमे", "खिन", "न्याखिन" र "धा" छन् भने हावाको सहायताले बजाउने "बाँसुरी", "प्यान्थ (लामो कर्नाल), "म्वबली (छोटो कर्नाल)", "छुस्या", "भुस्या", "ता" र "झ्याली" लगायतका बाजाहरु रहेका छन् ।

### ६.५.२ कलकारिता र पेन्टिङ्ग

नेपालमा कलाकारिताका क्षेत्रमा नेवारी कला उत्कृष्ट छ । यिनीहरुको भक्तिपूर्ण "पौभा" कला विश्व प्रसिद्ध छ । यसको प्रारम्भ सन् १३६५ तिर भएको पाइन्छ । पाषणकला र काष्ठकला र धातु कला आदि नेवारका मौलिक कलाकृति हुन् । विभिन्न शैलीका भवन निर्माण कलामा सिद्धहस्त छन् । यिनीहरुका कलाकारितामा झ्यालका बुट्टाहरु प्रसिद्ध छन् भने पेन्टिङ्मा 'पौभा र थाङ्का' अद्धितीय कलामा पर्दछन् ।

### ६.५.३ चाडपर्व र जात्राहरु

धामिृक र साँस्कृतिक रुपमा समृद्ध नेवारका चाडपर्वहरु हिन्दुसँग मिल्दा जुल्दा छन् । यो समुदायको लागि पनि दशैं महान चाड हो भने तिहार नयाँ बर्ष 'नेपाल सम्बत' का रुपमा भव्यताका साथ "महाजा" गरेर मनाइन्छ । "स्वान्ती" वा तिहारका दिन भाइटीका लगाएर दाजुभाइ दिदीबहिनीले हर्षेल्लासका साथ मनाउँछन् । अर्को महत्वपूर्ण पर्व

"साँपाँरु" वा गाईजात्रा हो । बर्षभरिमा मरेका घरपरिवारका मृत सदस्यको सम्भनामा गाईलाई र साधुका भेषमा बालकलाई सिङ्गारेर बजार परिकमा गराइन्छ । यस अवसरमा दर्शकले पैसा, खाना र उपहार दिने चलन छ । काठमाण्डौँको सडकमा गरिने सबभन्दा ठूलो पर्व "इन्द्रजात्रा" पनि हो । देवी कुमारीका साथमा अरु दुईजना गणेश र भैरवका रुपमा वालक राखेर सडक परिकमा गरिन्छ । यसैगरी विभिन्न कार्यक्रमका साथ रथ तान्ने पर्व मनाइन्छ । यसलाई "विस्केट जात्रा"पनि भनिन्छ । अर्को नेवारहरुले विभिन्न अवसरमा मनाउने चाड "पाँचचारे" पनि हो । यो चतुर्ददर्शीका दिन मनाइन्छ । यसलाई "पिसाच चतुर्दर्शी" पनि भनिन्छ । चाडपर्वमा लगाउने पोशाक पनि यिनीहरुको आकर्षक र मौलिक खालको हुन्छ । यस बाहेक बौद्धमार्गी नेवारहरुले मात्र मनाउने "बाँडाजात्रा", घोडे जात्रा, भोटे जात्रा, पचली भैरव जात्रा, चथा आदि अनेक जात्रा, पर्व चाडवाड जस्ता संस्कृतिबाट नेवार समुदाय समृद्ध छ ।

### ६.५.४ संस्कार

हिन्दु धर्म अनुसारका सोह्र संस्कारलाई छोट्याएर दशसंस्कार सम्पादन गर्ने गरेको पाइन्छ । यस मध्ये जन्मकर्म, जातकर्म, नामाकरण, अन्नप्राशन्न, चुडाकर्म, गुफाकर्म, विवाह, रथा रोहण (८३, ८८, ९९ बर्षमा गरिने) पहिलो भीमरथ, दोस्रो चन्द्ररथ, तेस्रो देव र चौथो दिव्य रथ आदि साँस्कारिक कार्यहरु विभिन्न विधिका साथ सम्पन्न गर्दछन् । यसमा बौद्ध र हिन्दु धर्मावलम्वी नेवारहरुका बीचमा केही अन्तर देखिन्छ ।

निष्कर्षमा भन्ने हो भने कुनै पनि संस्कृति विशिष्ट भौगोलिक, आर्थिक, राजनीतिक र सामाजिक संरचनाको उपज हो । यसर्थ, नेपाली माटोमा जन्मे-हुर्केको र फर्केको नेवारी संस्कृति मौलिक संस्कृति हो । नेपालका विभिन्न ठाउँहरुमा बसोबास गर्ने नेवार समुदायले स्थान अनुसार आ-आफ्नो ढङ्गले चाड, पर्व जात्रा आदि मनाउने हुँदा एकरुपता नहुन सक्छ । यस प्रदेशको पाल्पा तानसेनमा भगवती जात्रा प्रसिद्ध छ भने बुटवल, पाल्पा, रिडी, बलेटक्सार, वामीटक्सार लगायतका स्थानहरुमा गाईजात्रा, लाखे नाँच आकर्षक र प्रसिद्ध छ । यसैले यस प्रदेशका बाह्रवटै जिल्लामा चलन चल्तिमा रहेका नेवारी चाडपर्व, मेला, जात्रा एवम् कला संस्कृतिको पहिचान, संरक्षण, सम्वर्द्धन गरी आर्थिक क्रियाकलापमा अभिबृद्धि हुने गरी बजारीकरण गर्नुपर्ने हुन्छ । नेवारका साँस्कृतिक, धार्मिक, परम्परागत चालचलन, चाडपर्व, मेलाजात्रा, संस्कार आदिका साथै कलाकृतिका दृष्टिले नेवार संस्कृति अत्यन्त समृद्ध रहेको, आयातीत संस्कृतिबाट प्रभावित नभएको सन्दर्भमा यस प्रकारका मौलिक कलाकृति एवम् संस्कृतिको संरक्षण, सम्बर्द्धन र बजारीकरण गरी पर्यटनको विकासमा भरपूर उपयोग गर्नु आजको आवश्यकता हो (स्रोत : हाम्रो सम्पदा.राष्ट्रिय मासिक, बर्ष २ अंक ६८, २०६४ , न्यू प्लाजा काठमाण्डौ ।

### ६.७ ईस्लाम

यस प्रदेशमा इस्लामहरुको जनसंख्या ३०२,१४८ र प्रतिशतमा ६.७२ रहेको छ । सबै जिल्लामा इस्लाम धर्मावलम्वीहरुको बसाबास रहेको पाइए तापनि रुपन्देही, कपिलवस्त र बाँकेमा जनसंख्या बढी भएको देखिन्छ । इस्लाम धर्मका अनुयायीहरुमा पनि आ-आफ्नै चलन रहेका छन । यहाँ इस्लाम धर्मावलम्वीहरको संस्कृति चाडवाड, चाल-चलनका विषयमा संक्षिप्त रुपमा चर्चा गरिएको छ ।

### ६.७.१ जन्मसंस्कार

मुस्लिम समुदायमा बच्चा जन्मनासाथ दाया कानमा अजन र वाँया कानमा तकबीर लगाइन्छ । जन्मेको सात दिनमा कपाल मुण्डन गरिन्छ । (नोटः बालकको नाम कहिले र कसले राख्ने) सात दिनमा अनुकूल नपरेमा चौध र एकाइस

दिनमा गर्न सकिन्छ । खौरेको कपालको तौल बराबर चाँदी दान दिने गरिन्छ । यो चलन छोरा छोरीमा फरक हुदैन । बच्चा जन्मेको सातौ दिनमा छोरा भए दुईवटा र छोरी भए एउटा खसी काटी भोज खुवाउने चलन छ । यस्तो भोजलाई अकिका भनिन्छ । बालक सात वर्षको पुगेपछि नमाज पढ्ने तरिका सिकाइन्छ । उसको उमेर चौध पन्ध्र वर्षको भएपछि रोजा राख्नुपर्ने हुन्छ । यस बाहेक कुनैपनि संस्कार गरिदैन ।

### ६.७.२ विवाह संस्कार

यस समुदायमा मौलानको उपस्थितीमा केटीको तर्फबाट अभिभावक (वली) सँग प्रस्ताव राख्नुपर्ने हुन्छ । विवाहमा कुरान सहितको केही आयातहरु (श्लोक) पठाइन्छ । त्यसपछि हदिज पढिन्छ । केटा र केटीको बीचमा तिन पटकसम्म मन्जुर छ छैन प्रश्न गरिन्छ । यो केटीको मौलीक अधिकार हो । केटीले मन्जुर गरेपछि महर (गहना) दिइन्छ । यी गहना सम्बन्ध विच्छेद भए पनि फर्काउनु पर्दैन । विवाहको भोलीपल्ट वलिमा (भोज) गरिन्छ । मुस्लीम समुदायमा केटीले विवाहको लागी मञ्जुरी जनाउनु पर्दछ । केटीले स्वीकार नगरेमा विवाह हुदैन । यो समुदायमा प्रेम विवाह स्विकार्य हुदैन । विवाह गर्दा एउटै दुध चुसेको आमाका सन्तानहरुसँग, सानीमा, फुपु, सहोदर बहिनी, भतिजी, भान्जी, छोरी आदिसँग विवाहबारी हुदैन ।

### ६.७.३ मृत्यु संस्कार

यस समुदायमा मान्छे मरिसकेपछि लासलाई नुहाइधुवाइ गराई कफनमा राखी कबरस्थानमा लगी दफन (गाड्ने) गरिन्छ । यो कार्यलाई जनज वा अन्तिम संस्कार भनिन्छ । लासलाई खाल्टोमा राख्दा उत्तर तिर शिर दक्षिण तिर खुट्टा र पश्चिम तिर मुख फर्काउने, लास माथी पटरा राख्ने र त्यस माथी मलामीहरुले मट्टी दिने कार्य गरिन्छ । त्यसपछि अल्लासँग उसका नजीकका मानिसले गल्ती भएको भए माफ गरिदिनु होला भनी अल्लाहसँग प्रार्थना गर्दछन । त्यसपछि मरेको मान्छेलाई अल्लाहका दुत (फरिस्ता मुनकर र नकिर) ले तीन वटा प्रश्न सोध्ने चलन रहि आएको छ । पहिलो प्रश्न तिम्रो भगवान को हुन ? दोस्रो प्रश्न तिम्रो धर्म कुन हो ? तिम्रो दुत को हुन् ? यसको उत्तरमा मर्ने मान्छे असल रहेछ भने पहिलो प्रश्नको जवाफमा अल्लाह, दोस्रो प्रश्नको जवाफमा ईस्लाम र तेस्रो प्रश्नको जवाफमा महोमद हुन भन्छ । जवाफ सहि भएमा स्वर्गको ढोका खुला हुन्छ । जवाफ दिन नसके सजायको सुरुवात हुन्छ भन्ने विश्वास रहि आएको छ । त्यसपछि घरका बुढाबुढी अथवा बाउआमा मरेका रहेका रहेछन भने तीन दिनसम्म शोक मनाइन्छ । तीन दिनसम्म उनिहरुको घरमा खाना पाक्दैन, छरछिमेकीहरुले खाना ल्यादिन्छन । श्रीमान बितेका रहेछन भने श्रीमतीले चार महिनासम्म बार्नु पर्दछ । अर्को विवाह गर्न मिल्दैन । यो बाहेक जुठो बार्ने, आशौच बार्ने, पहिरन बदल्ने केहि गर्नु पर्दैन ।

ईस्लाम धर्मका पाँच वटा नियम छन । विश्वभरका ईस्लामहरु यिनै पाँच वटा नियममा चलेका छन ।

१) मैले गवाइ दिइरहेको छु कि अल्लाह एक्लै हुनुहुन्छ, उहाँ बाहेक कोही सत्य वा पूज्य छैनन् ।

२) नमाज पढने : दिनको पाँच पटक ।

३) रोजा राख्ने

४) 'जकात' दिने

५) तीर्थ यात्रा गर्ने

### ६.७.४ चाडपर्व

**रोजाः** अरवी महिनाको नवौँ महिनामा रमजान महिना पर्दछ । अरवी बर्षको शुरुवात महर्रम महिना देखि हुन्छ । अरवी महिना २९ वा ३० दिनको हुन्छ । अरवीको नवौ महिनामा रोजा (बरख) बस्ने गरिन्छ । सूर्योदय देखि सूर्यास्थसम्म पानी पनि नखाने, बोलचाल पनि नगर्ने गरिन्छ । विरामी, सुत्केरी, गर्भवती, रोगी, बुढाबुढी, बच्चाबच्चीहरु समेत रोजामा बस्न पर्दैन । बाटमा हिँडेका बटुवाहरु पनि रोजा बस्न नपर्ने तर पछि आउर गर्नपर्ने नियम छ । अशक्त भै गर्न नसक्ने भएमा गरिवलाई खाना ख्वाउने गरिन्छ ।

**जकातः** धनी मानिसले गरिबलाई दान दिनुपर्ने व्यवस्था छ । यदि आफूसँग एकलाख छ भने दुईहजार पाँचसय, साढे सात तोला सुन भए एक तोला, साढे बाउन्न तोला चाँदी भए एक तोला दिनुपर्ने, गल्लामा तीस मन भए एकमन दिनुपर्ने प्रावधान रहेको छ ।

**ईदः** रमजान महिना सकिएपछि दशौँ महिना शुरुवात हुन्छ । पहिलो तारिखमा ईद मनाउने चलन छ । यस पर्वमा नयाँ लुगा लगाउने, गरिबलाई दान गर्ने, रमजानमा केही त्रुटी भएमा फितर दिने, ईदगाहमा नवाज पढ्न जाने र त्यहाँ दुई ‘रकात’ (श्लोक) पढ्ने र अल्लाहलाई प्रार्थाना गर्ने । गल्ती भएमा माफ गरिदिनु होला भन्दै संसारभरका लागि शान्तिको कामना गर्दै खुशीयाली मनाउँदै सेवई खाने र एकापसमा बधाई साटासाट गर्ने गरिन्छ ।

ईदको साढे दुई महिनापछि बाह्रौं महिना दिलहिज्जा आँउछ । त्यस महिनाको नौ तारिखमा एकदिन मात्र रोजा (व्रत) बस्ने चलन छ । यसको दशौँ दिनमा कुर्वानी गर्ने र सातौँ, आठौँ, नवौँ, दशौँ तारिखमा हज हुने गर्दछ । नौ तारिखमा संसारभरका सबै ईस्लामहरु रोजा बस्ने गर्दछन । तर हज गर्न जानेहरु रोजा बस्न पर्दैन । त्यही दिन मक्कामा हज ( अरफ) हुन्छ । अरेवी बर्षको पहिलो मोहर्रम महिना को ९ वा १० तारिखमा रोजा बस्ने चलन छ ।

मुस्लिमहरुका ५ वटा मौलिक अधिकारहरु रहेका छन । यी अधिकारहरु एउटा मुसलमानले अर्को मुसलमानका लागि पालन गर्नुपर्ने हुन्छ ।

१) सलाम गर्ने : अस्लाम

२) निमन्त्रणा स्वीकार गर्ने

३) सरसल्लाह माग्ने र सही सल्लाह दिने

४) हाच्छिउँ गर्दा

५) बिरामीलाई हेरचाह गर्ने

६) मलामी जाने आदि ।

यसबाहेक यस समुदायमा कुनै नाँचगान, जात्रा, चाडपर्व हुने गर्ने परम्परा छैन ।

(स्रोत : टेलिफोन सम्वाद : मसहसद खाँ नेपाली कृष्णनगर, २०७७/०२/२३, फोन नं. ९८५७०५५६२२ उपाध्यक्ष मदरसा बोर्ड प्रदेश नं. ५)

### ६.८ गुरुङ्ग जाति

यस प्रदेशमा गुरुङ्ग जमातिको जनसख्या ४२,३६३ रहेको छ । गुरुङ्ग भाषा बोल्नेको संख्या १९,७४६ रहेको छ । यसलाई प्रतिशतमा हेर्दा ०.४३ रहके देखिन्छ । यिनीहरु कन्नोज वा ल्हासाबाट आएको भनिन्छ । यस सन्दर्भमा भनिएको छ, (…Gurung is one of the 59 indigenous nationalities in n\epal residing on the foothifll\s of Annapurna, Machhapuchre mountain range. The name Gurung is derived from the Tibetan word 'Grong' which means

farmers. Gurung clla themselves 'Tamu' which means horseman in the Tibetan language.' यिनीहरुको बसोबास गण्डकीको सेरोफेरोमा रहेको र बसाईसराई गर्दै पाँच नं. प्रदेशका नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी लगायतका जिल्लामा समेत पुगेको पाइन्छ ।

सामाजिक संरचनाका दृष्टिले गुरुङ्ग समुदायलाई 'चारजाते र सोह्रजाते' गरी दुई समूहमा विभाजन गरेको पाइन्छ । चारजातेमा घले, घोदाने, लामा र लामिछाने भनिन्छ । कुलपरिवारको मुख्य व्यक्तिलाई चिवा र उनको घरलाई चिवती भन्ने गरिन्छ । कुलपरिवारले संयुक्त रूपमा खर्च गर्न पाउने साझा सम्पतिलाई क्रामरुडा भनिन्छ । यस जातिमा महिला र पुरुषमा खासै विभेद पाइदैन । पुरुष समान विभिन्न कामकाजमा सहभागी हुने वातावरण भएको र वर्तमान अवस्थामा शिक्षा तर्फ पनि आकर्षित हुँदै गएको पाइन्छ । पुरुष तथा महिला विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा पठनपाठनमा संलग्न रहेको देखिन्छ ।

### ६.८.१ संस्कारहरू

**नामकरण:** चारजातीमा लामा र सोह्रजातीमा ध्याब्रेले नाम राख्ने परम्परागत चलन रहेको छ । बाहुन क्षेत्रीको प्रभावमा परेकाले ब्राह्मण पुजारी पनि लगाउने चलन छ । प्रायः छोराको सातदिन र छोरीको नौ दिनमा नाम राख्ने गरिन्छ ।

**अन्नप्राशन:** यस समुदायमा बालकको ५ देखि ७ महिनाको उमेरमा पूर्वा भिमुख गराई आफन्तहरू भेला भई विशेष उत्सवको रूपमा अन्नप्राशन्न विधि पुरा गरिन्छ । यिनीहरुमा बालकको २ बर्षको अवस्थामा पुटपुटे विधि पुरा गरिने र बालकलाई गाईको गोठमा बाँधी म्याँउ म्याँउ गराइने चलन रहेको छ ।

**चुडाकर्म:** यसैगरी चुडाकर्मको काम ८ वा १२ बर्षको उमेरमा गरिन्छ ।

**विवाह:** मागी, प्रेम, जारी तथा विधवा विवाहको परम्परा रहेको छ । मामाचेला फुपूचेली बीच विवाह हुने, केटा र केटी बीच ५ वा ९ बर्षको फरक हुन नहुने, साईपाटाको परम्परा, गोडा धुने, कन्यादान, गृहप्रवेश, अग्निपूजा लगायतका साँस्कारिक कार्यहरु विधिपूर्वक सम्पादन गर्ने गरिन्छ ।

**अन्त्येष्टी:** मृत्यसंस्कारमा शव बिसर्जन गर्दा अविवाहितलाई मावलीले र विवाहित भएमा माईतीले कात्रो दिने, जलाउने वा गाड्ने चलन रहेको छ । १२ दिन काजक्रिया गरी १३ औं दिनमा मावलीले दिएको कपडा लगाई शुद्ध हुने र प्रेतात्मा शुद्धिको लागि अर्घूं गर्ने चलन छ । गुगल सर्च गर्दा यिनीहरुको विषयमा लेखिएको छ, The lowlander Gurungs are more influenced by Hindu religion, who have migrated to the plain lands in the Terai. Gurungs have their distinct culture and practices include various belief systems, festivals, birth, marriage, and death rituals.

Gurungs are very rich customs and culture. One of their customs is …Pud(pude, the celebratory reception of the first(born male chlid in the famliy. Imliarly Ghatu, a dance drama performed by virgin girls in the spring, Rodhi, a meeting place where the young, supervised by an elderly women, gather for company and singing and so on.'

### ६.८.२ खानपिन:

अन्य जातहरुले जस्तै दाल, भात, तरकारी, रोटी, मासु, माछा, जाँड, रक्सी आदि सेवन गर्ने चलन छ ।

**६.८.२ पोशाक र गहना गुरिया:** पुरुषले भोटो, कछाड, सुरुवाल, टोपी, पटुका आदि र महिलाले चोलो, गुन्यू, पटुका, मखमली घलेक लगाउने परम्परा रहिआएको छ । गरगहनामा सौखिन देखिने महिलाहरूले सिरफूल, मारवाडी, ढुङग्री, रिङ, हार, कर्णफुल, माला, पोते, सिक्री, बाला, पाउजेव आदि गहना लगाउने  गरिए तापनि युवापिढीँ आजकलको चलनचल्ति अनुसारका पोशाकतिर आकर्षित भएको पाइन्छ ।

### ६.८.४ चाडपर्व, जात्रा उत्सव

**लोसर:** 'ले' भनेको नयाँ र 'सर' भनेको बर्ष हो । नयाँ वर्षको शुभअवसरमा पौष १५ गते लोसार पर्व धुमधामकासाथ मनाइन्छ । चैत्यमा भेला भई एकआपसमा शुभकामना आदान प्रदान गर्ने प्रचलन छ । यस बाहेक यिनीहरुले श्रीपञ्चमी पर्व, बुद्धजयन्ती दशैं तिहार, तीज, फागुपूर्णीमा, रामनवमी आदि चाडपर्व मनाउने गर्छन ।

गुरुङ्ग संस्कृति धनी छ । यस समुदामा सोरठी, घाट (सति घाटु र बाह्रमासे घाटु), रोदी बस्ने चलन छ । रोदी बस्ने घरको सदस्यलाई रोदिर्वे भनिने, रोदीमा सघाउने पुरुषलाई रोदीआबा र महिलालाई रोदीआमा भनिन्छ । जनसंख्या कम भएको क्षेत्रमा यो परम्परा लोप हुँदै गएको छ ।

## ६.९ पर्यटन विकासका लागि प्रदेश नं ५ का अमूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका कार्यहरु

अमूर्त सम्पदा मानव सभ्यताको आत्मा हो भन्दा अतिशयोक्ति नहोला । लामो अभ्यास, साधना र अनुभवबाट श्रृजित यस्ता अमूर्त सम्पदाहरुले कुनै स्थान वा जाति विशेषको इतिहास सभ्यता कला-संस्कृति भाषा साहित्य सङ्गीतको प्रतिनिधित्व गर्दछन । पर्यटनको भाषामा अमूर्त संस्कृतिलाई जीवन्त संस्कृति भन्ने पनि गरिन्छ । तसर्थ पर्यटकहरुको टाढा-टाढाबाट यस्ता जीवन्त कृतिहरूको जीवन्त अनुभव गर्न एक ठाउँबाट अर्को ठाउँमा पुग्ने गर्दछन । प्रदेश नं ५ मा अस्तित्वमा रहेका अमूर्त सम्पदा सम्पदाहरूको बारेमा माथि चर्चा भइसकेको छ । अब विकासका लागि ती अमूर्त सम्पदाहरूको विकास तथा प्रवर्द्धन कसरी गर्ने भन्ने सम्बन्धमा तल चर्चा गरिन्छ ।

पर्यटन उपयोगका लागि अमूर्त सम्पदाहरूको कसरी विकास गर्ने भन्ने सम्बन्धमा १५० जना उत्तरदाताहरुसँग गरिएको प्रश्नावली सर्भेबाट तल तालिका नं. मा प्रस्तुत गरिए बमोजिमका परिणामका प्राप्त भएको छ ।

**तालिका नं. १३ अमूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका कार्यहरु**

| गर्नुपर्ने कार्यहरु | सहमति संख्या | प्रतिशत |
|---|---|---|
| अमूर्त सम्पदाहरुको सूचीकरण तथा अभिलेखन गर्ने | १३५ | ९० |
| अमूर्त सम्पदाहरुको विकास ब्राण्डिङ र प्रवर्द्धन गर्ने | १३३ | ८८.६७ |
| नाटक, नृत्य, कला संगीत आदिको माध्यमबाट स्थानीय कथा र किम्वदन्तीहरु प्रस्तुतीकरण गर्ने | १३० | ८६.६७ |
| विषयगत (Thematic) संग्रहालयहरुको स्थापना गर्ने | १२८ | ८५.३३ |
| नियमित रुपमा साँगीतिक तथा साँस्कृतिक पर्वहरु आयोजना गर्ने | १२५ | ८३.३३ |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पूजा, सम्मेलन कार्यक्रमहरु आयोजना गर्ने | १२४ | ८२.६७ |
| स्थानीय कला, संस्कृति, भेषभूषा, भोजन, मौलिक परम्परा आदिको प्रवर्द्धन गर्ने | १२४ | ८२.६७ |
| साँस्कृतिक समूह वा क्लबहरु गठन गरी व्यवसायिक रुपमा अर्मूत सम्पदाहरुको प्रवर्द्धन गर्ने | १२२ | ८१.३३ |
| मायादेवी मन्दिर खोल्दा र बन्द गर्दा पूजाआजा गर्ने | १२१ | ८०.६७ |
| ध्यान, योग जस्ता आध्यात्मिक कार्यक्रमहरुको शिविर आयोजना गर्ने | ११८ | ७८.६७ |

**स्रोत: प्रश्नावली सर्भे, २०७७**

माथिको तालिका नं.१३ मा पर्यटन विकासका लागि अमूर्त सम्पदाहरुको प्रवर्द्धनमा गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कार्य “अमूर्त सम्पदाहरूको सूचीकरण तथा अभिलेखन” गर्ने हो । यो विकल्पले ९० प्रतिशत उत्तरदाताहरुको समर्थन पाएको छ । त्यसैगरी अमूर्त सम्पदाहरूको विकासका लागि गर्नुपर्ने अन्य महत्वपूर्ण कार्यहरु क्रमशः अमूर्त सम्पदाहरूको विकास ब्राण्डिङ र प्रवर्द्धन गर्ने (८८.६७%) नाटक, नृत्य, कला, संगित आदिको माध्यमबाट स्थानीय कथा र किंवदन्तीहरूको प्रस्तुतीकरण गर्ने (८६.६७%) विषयगत (Thematic) संग्रहालयहरूको स्थापना गर्ने (८५.३३%) नियमित रुपमा सांगीतिक तथा साँस्कृतिक पर्वहरु आयोजना गर्ने (८३.३३%) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पूजा, सम्मेलन कार्यक्रमहरु आयोजना गर्ने (८२.६७%) स्थानीय कला, संस्कृति, भेषभूषा, भोजन, मौलिक परम्परा आदिको प्रवर्द्धन गर्ने (८२.६७%) सँस्कृतिक समूह वा क्लवहरु गठन गरी व्यवसायिक रुपमा अमूर्त सम्पदाहरूको प्रवर्द्धन गर्ने (८१.३३%) मायादेवी मन्दिर खोल्दा र बन्द गर्दा पूजाआजा गर्ने (८०.६७%) र ध्यान, योग जस्ता आध्यात्मिक कार्यक्रमहरूको शिविर आयोजना गर्ने (७८.६७%) रहेका छन ।

वास्तवमा अमूर्त सम्पदाहरु यस प्रदेशमा पर्यटकको संख्या, बसाइ, अवधि, र खर्च बढाउने अद्वितीय साधन हुन, जसलाई यो भूमिको इतिहास र सभ्यताले विरासतमा हामीलाई दिएको छ । अमूर्त संस्कृतिको अध्ययन, विकास र प्रवर्द्धनले यस संस्कृतिलाई जीवन्त राख्ने मात्र होइन अपितु संसारभर हाम्रो लोक संस्कृतिको प्रचार भई विश्व मानचित्रमा नेपाल र विशेष गरेर प्रदेश नं ५ परिचित हुने अवस्था समेत सिर्जना हुन्छ । अतः सबैको कल्याण र लाभका लागि यस्ताको अमूर्त सम्पदाहरूको संरक्षण, विकास र प्रबर्द्धन गर्नु आवश्यक छ ।

# अध्याय-७

# प्रदेश नं.५ मा पर्यटन विकासका लागि रणनीति

## ७. पर्यटन विकास रणनीतिको परिचय

पर्यटन आजको विश्व बजार र अर्थतन्त्रमा सबैभन्दा ठूलो उद्योगको रुपमा स्थापित भइसकेको छ । विश्व पर्यटन संघका अनुसार पर्यटनले सबैभन्दा धेरै रोजगार प्रदान गरेको छ । यो उद्योगले बिदेशी मुद्रा आर्जन गर्न राष्ट्रहरुलाई ठूलो सहयोग गरेको छ । प्रदूषणरहित उद्योग भनि चिनिने पर्यटन क्षेत्रले विश्वभरका मानव समाज र समुदायहरुको बीच आफ्ना ज्ञान, संस्कृति र अनुभव साटासाट गरी विश्व बन्धुत्वको भावना फैलाउन समेत मद्दत गर्दछ । पर्यटनलाई महत्वपूर्ण उद्योगको रूपमा स्वीकार गरी प्रायः सबै राष्ट्रले आफ्नो पर्यटन नीति तथा रणनीति बनाएर सोही बमोजिम पर्यटनको विकास गर्दै आएका छन । नेपाल सरकारले पनि पर्यटन रणनीति २०१६-२०२५ जारी गरी सोहीबमोजिम पर्यटन विकासका कार्यक्रमहरु लागू गर्दै आएको छ । यो पर्यटन रणनीतिको बारेमा तल छोटकरीमा चर्चा गरिन्छ ।

## नेपालको पर्यटन रणनीति २०१६-२०२५

यो रणनीतिक योजनाले नेपाल सरकारको पर्यटन विकासको दीर्घकालीन दृष्टिकोणलाई यसरी सम्बोधन गरेको छ :

- नेपाललाई यस क्षेत्रकै एक प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरी देशको अर्थतन्त्रमा योगदान पुर्‍याउने महत्वपूर्ण माध्यमको रूपमा विकास गर्ने,
- अन्तर्राष्ट्रिय पर्यटकहरूलाई उनीहरूका चाहना र इच्छा अनुसार विविध अनुभवहरू प्रदान गर्नका लागि हाल रहेका केही पर्यटकीय केन्द्रहरूका अतिरिक्त अन्य पर्यटकीय गन्तव्य तथा अनुभवमा विविधीकरण ल्याउने ।

नेपालको अर्थतन्त्रमा पर्यटनको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । पर्यटन उद्योगले हाल नेपालको निर्यात उपभोग्य वस्तुको ३८% वस्तुहरू र गैर-उद्योग सेवाहरूको कुल २०% र विदेशी विनिमय आयआर्जनको लगभग ३% योगदान पुर्‍याउँदछ । वर्ल्ड ट्राभल एन्ड टुरिजम् काउन्सिल (WQ\C) ले सन २०१६ मा गरेको अनुमान अनुसार पर्यटन क्षेत्रले सन २०१५ मा नेपालमा जम्मा ४ लाख २६ हजार ५०० प्रत्यक्ष रोजगारी (कूल रोजगारको ३.२%) श्रृजना गर्‍यो र नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा प्रत्यक्ष रुपमा ४.०% ले योगदान पुर्‍यायो । अनुपम एवं अद्वितीय प्राकृतिक तथा साँस्कृतिक स्रोतहरू नेपालका मुख्य पर्यटकीय सम्पदाहरू हुन । नेपालका २० वटा संरक्षित क्षेत्रहरूले देशको २३.२३ प्रतिशत क्षेत्रफल ओगट्दछन । नेपालमा हिमालयको मुख्य भाग पर्छ, अर्थात संसारकै सबैभन्दा उच्च हिमश्रृंखला नेपालमा नै रहेका छन । विश्वका १४ वटा ८ हजार मीटर भन्दा अग्ला हिमालहरू मध्ये ८ वटा त नेपालमा नै छन ।पर्वतारोहण, पदयात्रा, चट्टान-आरोहण (रक-क्लाइम्बिङ) र प्याराग्लाइडिङ लगायत अन्य गतिविधिहरू, कम र बढी जोखिम हुने साहसिक पर्यटन गतिविधिहरूको प्रमुख स्रोत नै यिनै हिमालहरू हुन । हरेक वर्ष लाखौंको संख्यामा पर्यटकलाई आकर्षण गर्ने साँस्कृतिक र धार्मिक सम्पदाहरू (लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, जनकपुर तथा डोल्पा लुप्राको बोन्पो संस्कृति तथा शे-गुम्बा आदि) नेपालको पर्यटनका प्रमुख आकर्षक सम्पदाहरू हुन । हिन्दुहरुका आरध्यदेव पशुपतिनाथको संरक्षण, विकास र प्रवर्द्धनका लागि नेपालको पशुपतिनाथ र भारतका १२ वटा ज्योर्तीलिङ्गहरुलाई समेटेर पशुपति शिव परिपथ र पशुपति क्षेत्र भित्रका पशुपतिनाथको मुल मन्दिर, गुह्येश्वरी,

चन्द्रविनायक, ध्रुवस्थली, जयबागेश्वरी, कैलाश, मृगस्थली, वनकाली र भण्डारखाल आदिलाई समेटेर पशुपति परिक्रमापथको प्रवर्द्धन गर्ने अवधारणा ल्याइएको छ । साथै संग्रहालयहरु, धर्मशालाहरु, ८ ध्यानकेन्द्र, धार्मिक पर्यटकहरुका लागि पर्यटक लागि पर्यटक सूचना केन्द्र, हस्तकलाका सामान विक्री गर्ने पसलहरु, एटिएम आदिको स्थापना गर्ने, काठमाडौमा अन्तर्राष्ट्रिय हिन्दु मन्दिर सम्मेलनको आयोजना गर्ने जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ प्रस्ताव गरिएको छ । नेपालको साँस्कृतिक पक्षको महत्व केवल संरक्षणको हेतुले लागि मात्र नभै नेपालीहरुको निरन्तर अभ्यासको विषय समेत भएकाले नेपालका साँस्कृतिक सम्पदाहरु जिवित संस्कृतिको रुपमा पनि सुपरिचित छन । काठमांडौको किर्तिपुरमा नेपालको आकारमा राष्ट्रिय संस्कृति संग्रहालयको स्थापना गरि नेपालका १२५ जनजातीहरुले दैनिक जीवनमा गर्ने कार्यहरुको सजीव प्रस्तुतीको प्रर्दशन गर्ने प्रस्ताव यस योजनामा अगाडि सारिएको छ । साथै संग्रहालयको दिगोपनका लागि पर्यटकहरुले रुचाउने बस्तुहरु संग्रहालय परिसरमा नै निर्माण गरी बिक्रि गर्ने व्यवस्था मिलाउन पनि प्रस्ताव गरिएको छ ।

नेपालका ग्रामीण क्षेत्रहरुका प्राकृतिक, साँस्कृतिक आर्कषणहरु, रहन-सहन, रीतिरिवाज र आतिथ्यतालाई अन्तर्राष्ट्रिय र आन्तरिक पर्यटकहरु माफ प्रवर्द्धन गर्न, ग्रामीण र दुर्गम स्थानहरुमा बसोबास गर्ने स्थानीयहरुको आय आर्जन र रोजगारीमा अभिवृद्धि गर्न र पिछडिएको समुदायलाई पनि पर्यटन विकासको मूलप्रवाहमा ल्याएर गरीवी निवारणका लागि उपयुक्त मानिएको होम स्टे पर्यटनको विकास, प्रवर्द्धन र सञ्चालनका लागि यो रणनीतिले विशेष जोड दिएको छ । होम स्टे पर्यटन दर्ताको प्रक्रिया सहज बनाउन पनि यस योजनाले सिफारिश गरेको छ । यिनै अतुलनीय र प्रचुर पर्यटनका स्रोतहरूलाई व्यवस्था गर्न र तिनीहरूबाट उत्कृष्ट प्रतिफल लिन यो रणनीतिले सम्पदा विकास, गन्तव्य सुधार एवं विविधीकरणमा जोड दिएको छ । पर्यटनलाई तीव्ररूपमा सुधार गर्न अन्य प्रदर्शनयोग्य नमूना परियोजनाहरू बनाउनका लागि पनि यस रणनीतिक योजनामा प्रस्ताव गरिएको छ । मौसमी/ऋतुमा आधारित उद्योग र सस्तो पदयात्रा एवं धार्मिक पर्यटनका बजारहरू र उच्च गुणस्तरका सेवा र सुविधाहरूमा सीमित लगानीका कारणले नेपालको पर्यटनले दिने प्रतिफल सन २०१५ मा प्रतिव्यक्ति पर्यटकको खर्च दर अमेरिकी डलर ९३२.५ रह्यो, अर्थात प्रतिदिन सरदरमा अमेरिकी डलर ६८.५७ रह्यो । अतः पर्यटन अर्थतन्त्रको सुधार गर्न यो पर्यटन रणनीतिक योजनाले यस क्षेत्रमा संलग्न प्रमुख सरोकारवालाहरूसँग परामर्श गरी निम्न पक्षहरूमा जोड दिएको छ :

१. लगानीको वातावरणलाई सुधार गर्दै सार्वजनिक-निजी क्षेत्रको साझेदारिता र प्रत्यक्ष वैदेशिक लगानी एवं निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्ने
२. उड्डयन सुधारमा बढी जोड दिँदै पूर्वाधारहरूको सुधार गर्ने
३. विकास गरिसकेको पूर्वाधारहरूको सेरोफेरोमा पर्यटकीय सम्पदा विकास तथा अन्य वस्तु एवं सेवा उत्पादनमा जोड दिने
४. केही पर्यटन क्षेत्रहरू र पर्यटकीय उपजहरूलाई प्राथमिकीकरण गर्ने
५. निजी क्षेत्रलाई सहयोग एवं सहजीकरण गर्ने
६. नीति तथा ऐन-नियम र संस्थागत संरचनाको सुधार गर्ने
७. पर्यटन क्षेत्रमा प्राविधिक जनशक्तिको विकास गर्ने
८. विभिन्न क्षेत्र बीचको अन्तरसम्बन्ध विस्तार तथा स्थानीय स्रोतहरूको प्रयोगमा जोड दिने

९. पर्यटकीय गन्तव्यहरूमा साना-व्यवसाय/उद्यमहरू प्रवर्द्धन गर्न लघुवित्तमा पहुँच बढाउने । पर्यटन क्षेत्रको समग्र विकासका लागि ११ वटा विशेष रणनीतिक लक्ष्यहरू तय गरिएका छन :

- **योजना तर्जुमा तथा विकासको लक्ष्य :** पर्यटनलाई योजनाबद्ध र दिगो तवरबाट विकास गर्ने ।
- **ब्राण्डिङका लक्ष्यहरू:** विश्वव्यापीरूपमा परिचित नेपालको पर्यटन ब्राण्ड स्थापना गर्ने र स्वदेश तथा विदे शमा नेपालको पर्यटनको छविलाई स्थापित तथा विस्तार गर्ने ।
- **बजारीकरणका लक्ष्यहरू :** वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने र आगन्तुकहरूबाट प्रतिपादित मूल्य, राजश्व, ऋतु र भौगोलिक वितरणमा उल्लेखनीय रूपले सुधार गर्ने ।
- **पर्यटन अर्थतन्त्रसम्बन्धी लक्ष्यहरू :** राष्ट्रिय विकासको लागि ग्राहस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरीवी न्यूनीकरण र दिगोरूपमा वैदेशिक विनिमय आर्जन वृद्धि गर्नमा योगदान गर्ने ।
- **लगानी र व्यावसायिक वातावरण सुधारका लक्ष्यहरू :** पर्यटन व्यवसायमा सुविधा तथा सेवाहरू विस्तार गर्नका लागि लगानी आकर्षित गरी व्यावसायिक विकासको वातावरण सुधार गर्ने ।
- **मानव संसाधन विकाससम्बन्धी लक्ष्यहरू :** पर्यटन मानव संसाधनको क्षमता, गुणस्तर, संख्या र कार्यसम्पादनको सुधार गर्ने ।
- **पर्यटन गुणस्तर सुधारका लक्ष्यहरू :** गुणस्तर, आवास, बसाइ, खाना, सुरक्षा र सार्वजनिक क्षेत्रका सेवाहरूमा सुधार ल्याई नेपालको पर्यटन अनुभवलाई फराकिलो पार्ने ।
- **पर्यटन पूर्वाधार विकासका लक्ष्यहरू :** आवश्यक पर्यटन पूर्वाधार विकासका लागि स्पष्ट नीति तथा कार्य-योजना तयार पारी केन्द्र तथा प्रदेशहरुको समन्वय मार्फत कार्यान्वयनको वातावरण मिलाउने । यस कार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- **संस्थागत संरचना, व्यवस्थापन तथा नीतिगत लक्ष्यहरू :** पर्यटन क्षेत्रको विकास र दिगो वृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा प्रभावकारी संस्थागत र नियमनकारी ढाँचा विकास गर्ने ।
- **साँस्कृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी लक्ष्यहरू :** नेपालको विविध मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी दीगो पर्यटन विकास मार्फत आय र रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग गर्ने ।
- **प्राकृतिक वातावरण संरक्षणसम्बन्धी लक्ष्यहरू :** प्रदुषण रहित (Zero Carbon) पर्यटनको विकास गरि पर्यटनको वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति तय, योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूल पर्यटन र यस सम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने ।
- **दिगो विकासका लक्ष्यहरु :** सन २०१५ मा विश्वका धेरै मुलुकहरुले गरिवि निवारण गर्न, पृथ्वीलाई जोगाउन र सबैका लागि समृद्धिको सुनिश्चितता गर्नका लागि १७ वटा दिगो विकासका लक्ष्यहरु अवलम्बन गरेका छन । यस्ता लक्ष्यहरु मध्ये नं ८ ले उपयुक्त रोजगारी र आर्थिक बृद्धि गर्ने लक्ष्य र नं. १२ ले जिम्मेवार उत्पादन र उपभोग गर्ने परिपाटीको सुनिश्चितता गर्ने लक्ष्य लिएकाले दुवै दिगो विकासका लक्ष्यहरु पर्यटन क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित छन । रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उपजहरुको प्रवर्द्धन मार्फत दिगो पर्यटनलाई बढावा दिने नीतिहरु तर्जुमा र कार्यान्वयन गर्ने लक्ष्य दीगो विकासको लक्ष्य नं.८ ले लिएको छ भने रोजगारी

सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उपजहरुको प्रवर्द्धन मार्फत दीगो पर्यटन दिगो विकासका प्रभावहरुको अनुगमन गर्ने उपायहरु तयार गरी कार्यान्वयन गर्ने दीगो विकासको लक्ष्य नं. १२ ले लिएको छ ।

### ७.१ प्रदेश नं. ५ मा रहेका सम्पदाहरुको SWOT बिश्लेषण

पर्यटन सम्भावनाको दृष्टिकोणले प्रदेश नं. ५ विश्वकै उत्कृष्ट गन्तव्य स्थल मध्ये एक हो । भगवान शाक्यमुनि गौतम बुद्ध र उहाँभन्दा अगाडिका दुई बुद्धका यहि प्रदेशको पवित्र भूमिमा जन्मेका थिए । यसै प्रदेशको बुटवल क्षेत्रमा एक करोड वर्षभन्दा पुरानो मानव जातिका पुर्खा रामापिथेकसको बङगारा भेटिएको छ । हिन्दूहरूको पवित्र तीर्थस्थल स्वर्गद्वारी, बर्दिया राष्ट्रिय निकुञ्ज आदि जस्ता अनगिन्ती प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुले यो प्रदेश भरिपूर्ण छ । यति हुँदा हुँदै पनि पर्यटन विकासमा यो प्रदेशको चुनौती र कमजोरीहरु पनि प्रशस्तै छन । पर्यटकीय सम्भावनाको दृष्टिकोणबाट यो प्रदेशको SWOT विश्लेषण तल प्रस्तुत गरिन्छ ।

Ghimire and Rai (2015, pp.4-5) र विषय विज्ञहरुसँग लिइएको अन्तरवार्ताको आधारमा यो प्रदेश पर्यटनको सबलता, दुर्बलता, सम्भावना र चुनौती निम्न अनुसार रहेका छन ।

### पर्यटन विकासमा प्रदेश नं. ५ को सबलता

- विश्व सम्पदामा सुचीकृत भगवान शाक्यमुनि बुद्धको पवित्र जन्मस्थल लुम्बिनी यस प्रदेशमा अवस्थित छ ।
- ककुच्छन्द बुद्धको जन्मस्थान गोटिहवा, कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवा, शाक्यमुनि बुद्धको अस्थिधातु रहेको स्तूप रामग्राम, सिद्धार्थ राजकुमारले २९ वर्षसम्म जीवन बिताएको राजदरबार तिलौराकोट, रानी मायादेवी, प्रजापती र यशोधराको माइती प्राचीन कोलिया राज्य देवदह लगायत करिब दुई सयभन्दा बढी ऐतिहासिक महत्वका पुरातात्विक स्थलहरू बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगत पर्दछन ।
- लुम्बिनीमा विभिन्न राष्ट्रका ३० भन्दा बढि अन्तर्राष्ट्रिय बौद्ध मन्दिर अवस्थित छन । जहाँ आफ्नो परम्परा अनुसार दैनिक बौद्ध पूजा तथा ध्यान साधना हुन्छ ।
- लुम्बिनीलाई विश्व शान्ति तथा बौद्ध धर्मदर्शनको उद्गमस्थलको रुपमा संसारले मानेको छ ।
- भैरहवाको गौतमबुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तोरन्नती गरिँदैछ र निकट भविष्यमा नै सञ्चालनमा आउँदैछ ।
- यो प्रदेशको बीचबाट भएर नेपालको पूर्व पश्चिम राजमार्ग जाने भएको र भारतको रेलस्टेशन नौतनवा नजिकै रहेको हुँदा पर्यटकीय स्थलहरू पहुँचका लागि कठिनाई छैन ।
- यो प्रदेशमा हिन्दूहरूको पवित्र तीर्थस्थल स्वर्गद्वारी, रिडि, रुरु क्षेत्र, देवघाट, त्रिवेणीधाम आदि, बर्दिया वन्यजन्तु आरक्ष, लगायतका थुप्रै पर्यटकीय स्थलहरू अवस्थित छन ।
- विश्वकै चर्चित पर्यटकीय स्थल पोखरा र चितवन राष्ट्रिय निकुञ्ज यो प्रदेशसँग जोडिएर रहेका छन ।

### पर्यटन विकासमा प्रदेश नं ५ को दुर्बलता

- करिब ४० वर्ष अगाडि शुरु भएको लुम्बिनी गुरुयोजना अझै सम्पन्न भएको छैन ।
- पर्यटन विकास सम्बन्धी स्पष्ट दूरदृष्टि, नीति, योजना तथा कार्यक्रम छैन ।

- पर्यटकीय सम्पदाहरूको अभिलेखीकरण, ब्राण्डिङ र प्रवर्द्धन भएको छैन ।
- पर्यटकीय सम्पदाहरुको समुचित अध्ययन-अनुसन्धान, उत्खनन र संरक्षण भएको छैन ।
- पर्यटकीय स्थलहरुमा पर्यटनका पूर्वाधार तथा सेवाहरु उपलब्धता न्यून छन ।
- गुणस्तरीय यातायात सुविधाको अभाव रहेको छ ।
- पर्यटनसँग सम्बन्धित निकाय, संघ संस्था वा व्यापारिक समूहहरुको क्षमतालाई प्रतिस्पर्धी बनाउन सकिएको छैन ।
- पर्यटकीय स्थानहरूको सौन्दर्यीकरण, सरसफाई र वातावरण संरक्षण हुन सकेको छैन ।
- पर्यटन परिपथ, पर्यटकीय प्याकेज र पर्यटक क्रियाकलापहरु तय गरिएका छैनन ।
- पर्यटकीय स्थलहरूको प्रचार प्रसार तथा बजारीकरण हुन सकेको छैन ।
- पर्यटन विकासका लागि लगानीको अभाव छ ।

**पर्यटन विकासमा प्रदेश नं ५ को सम्भावना**

- यस क्षेत्रको पर्यटन विकासका लागि विश्व बैंक, एसियाली विकास बेंक, KOICA, JFiT, WWF जस्ता अन्तर्राष्ट्रिय दातृ निकायहरूले लगानी गर्न सक्दछन ।
- युनेस्को, विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू लगायतका संघ संस्थाहरुले यस क्षेत्रको सम्पदाहरूको अध्ययन, अनुसन्धान तथा उत्खननमा सहयोग गर्न सक्छन ।
- नियमित रुपमा लुम्बिनीमा आयोजना गरिने गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार तथा विश्व बौद्ध शिखर सम्मेलन जस्ता कार्यक्रमले संसारको ध्यान यस प्रदेशतिर आकृष्ट गर्दछ ।
- लुम्बिनीको महत्वलाई मध्यनजर गरेर उत्तरबाट चीन र दक्षिणबाट भारतले लुम्बिनीलाई अन्तर्राष्ट्रिय रेल सेवाले जोड्न सक्छन ।
- लुम्बिनी क्षेत्रमा रहेका दर्जनौं अन्तर्राष्ट्रिय बिहारहरुले लुम्बिनी र यसको वरिपरि रहेका पर्यटकीय स्थलहरूको बारेमा अन्तर्राष्ट्रिय रुपमा प्रचार प्रसार गर्न सक्दछन ।

**पर्यटन विकासमा प्रदेश नं ५ को चुनौती**

- बौद्ध स्थलहरुको वरिपरि गैह्र बौद्ध जनसंख्याको बाहुल्यता भएको हुँदा सम्पदाको संरक्षणमा चुनौती हुन सक्दछ ।
- समुचीत संरक्षण नहुँदा शताब्दियौं पुरानो प्राचीन सम्पदाहरु नाश हुने खतरा छ ।
- पुरातात्विक तथा साँस्कृतिक स्थल वरिपरि बढ्दै गएको शहरीकरण र औद्योगीकीकरणले सम्पदाहरुलाई नोक्सानी गरेको छ ।
- अत्याधिक पर्यटकहरु जम्मा हुने लुम्बिनी जस्ता पर्यटकीय स्थलहरूमा वातावरण र संस्कृति विनाश हुने सम्भावना हुन्छ ।
- Mass tourism को कारणले भविष्यमा यस क्षेत्रमा अपराध तथा समाजिक विकृतिहरु बढ्न सक्नेछन ।
- नजिकै भारतले पर्यटन क्षेत्रमा गरेको ठूलो लगानी र व्यापक बजारीकरणले यस क्षेत्रको पर्यटनलाई नोक्सान गर्न सक्दछ ।

### ७.२ पर्यटन उत्पाद विकास (Tourism product development)

पर्यटन उद्योगमा पर्यटन उत्पाद (Tourism Product) को ठूलो महत्व रहेको हुन्छ । पर्यटन उत्पाद ती प्राकृतिक तथा साँस्कृतिक वा मूर्त तथा अमूर्त सम्पूर्ण सम्पदाहरु हुन्, जसले पर्यटकलाई भ्रमणका निम्ति सधै लालायित बनाउँछन । यस्ता उत्पादहरु साँस्कृतिक पर्वहरू, स्वादिष्ट भोजन, खेलकुद, व्यापार, मेला, समेत हुन्छन जुन पर्यटकले उपभोग गर्छन । राई (२०२०, पृ.२५२-२५४) का अनुसार पर्यटन उत्पादन विकासका लागि निम्न तरिकाहरु अपनाउनु पर्छ ।

**पर्यटन उत्पादको पहिचान :** सबैभन्दा पहिला कुनै सम्पदालाई पर्यटन उत्पादको रुपमा पहिचान गर्नु पर्दछ । पहिचान भइसकेको यस्ता उत्पादलाई संरक्षण गर्नुपर्दछ ।

**पर्यटन उत्पादको अभिलेखीकरण :** पहिचान गरिसकेपछि पर्यटन उत्पादको राम्ररी अभिलेखन गर्नुपर्दछ र यस्ता उत्पादका अभिलेख सरकारी कार्यालय तथा पर्यटनसँग सम्बद्ध निकायहरुमा पनि राख्नु पर्दछ ।

**पर्यटन उत्पादको परिभाषा तथा व्याख्या :** अभिलेखीकरण पछि स्पष्ट परिभाषा र पर्यटन उत्पादको व्याख्या गर्नु पर्दछ । यो प्रक्रियामा पर्यटन उत्पाद के हो ? यसको महत्व के छ ? साथै यसको इतिहास, अवस्थिति र प्रयोजन पनि स्पष्ट पार्नुपर्दछ ।

**पर्यटन उत्पादको USP पहिचान :** पर्यटन उत्पादको परिभाषा तथा व्याख्या गरे पछि यसको Unique Selling Point (USP) पहिचान गरी स्पष्ट व्याख्या गर्नुपर्दछ । जसको अन्तरगत पर्यटन उत्पादको सबैभन्दा महत्वपूर्ण वस्तु वा तत्व किटान गर्नुपर्दछ जसले बहुसंख्यक पर्यटकलाई आकर्षित गर्दछ । जस्तै लुम्बिनीमा मायादेवी मन्दिर, अशोक स्तम्भ, पुष्करिणी पोखरी आदि ।

**पर्यटन उत्पादको ब्राण्डिङ तथा प्रवर्द्धन :** USP पहिचानपछि पर्यटन उत्पादको ब्राण्डिङ तथा प्रवर्द्धन कार्य गर्नुपर्दछ । यो प्रक्रियामा पर्यटन उत्पादको प्रकृति, इतिहास, महत्व आदिको प्रमाणीकरण गरी प्रवर्द्धन गर्नुपर्दछ ।

**पर्यटन उत्पादको बजारीकरण :** अन्त्यमा पर्यटन उत्पादको बजारीकरण गर्नुपर्दछ । यो प्रक्रियामा उत्पादको बारेमा ब्रोसर बनाउने, विभिन्न वेबसाइटहरुमा फोटो वा भिडियो सहितका विवरणहरू राख्ने गर्नुपर्दछ । साथै यस्ता पर्यटन उत्पादलाई विभिन्न ट्राभल एजेन्सी तथा टुर अपरेटरहरुले आफ्नो टुर प्याकेजमा संलग्न गरी बेच्नु पर्दछ ।

वर्तमान अध्ययनको सम्पूर्ण भूगोलको पर्यटन उत्पादहरु यो अध्ययनमा संलग्न गर्न समयसीमा, वर्तमान परिस्थिति र बजेटका कारणले सम्भव छैन । त्यसैले लुम्बिनीका प्रमुख पर्यटन उत्पादका बारेमा मात्र छोटकरीमा यहाँ चर्चा गरिन्छ । पर्यटनविद् रामचन्द्र सेढाई, पर्यटन व्यवसायी लिलामणी पौडेल र भिक्षु धम्म सागरसँग गरिएको अन्तर्वार्ताबाट लुम्बिनी गुरुयोजना क्षेत्रका प्रमुख पर्यटन उत्पाद निम्न बमोजिम छन जुन हेर्न, सुन्न वा अनुभव गर्न पर्यटकहरुको पैसा खर्च गरेर टाढा-टाढाबाट लुम्बिनी आउने गर्दछन ।

मायादेवी मन्दिर, जन्म स्मारक शिला, बुद्ध जन्म मूर्ति, अशोक स्तम्भ, पुष्करिणी पोखरी, प्राचीन स्तूप तथा बिहारका भग्नावशेषहरु, पवित्र बगैंचा, शान्तिदीप, केन्द्रीय नहर, पूर्वी विहार क्षेत्रका सम्पूर्ण बिहारहरु, पश्चिमी विहार क्षेत्रका सम्पूर्ण बिहारहरु, विपश्यना ध्यान केन्द्रहरु, केन्द्रीय नहरमा सञ्चालित डुङ्गा सयर सुविधा, लुम्बिनी संग्रहालय, लुम्बिनी पर्यटक सूचना केन्द्र, नयाँ लुम्बिनीग्रामको विश्व शान्ति स्तूप, सारस चरा, निलगाई जस्ता दुर्लभ बन्य

जन्तुहरु, जैविक विविधता, चरा अवलोकन, लुम्बिनीमा आयोजना गरिने धार्मिक तथा आध्यात्मिक कार्यक्रमहरु, लुम्बिनीमा आयोजना गरिने सभा-सम्मेलनहरु आदि ।

प्रत्येक पर्यटकीय स्थलका सरोकारवाला निकाय वा व्यक्तिहरु मिलेर आफ्नो सम्पदा र यसको वरिपरिका पर्यटन उत्पादहरुको विवरण माथि लुम्बिनीको जस्तै तयार पार्नुपर्दछ ।

### ७.३ भौतिक पूर्वाधारको निर्माण

पर्यटन प्रवर्द्धनका लागि भौतिक पूर्वाधारको विकास अनिवार्य शर्त हो । पर्यटकहरुको प्रवेशद्वार (Entry Point) देखि पर्यटक गन्तव्य (Destination) सम्म भौतिक (Physical) तथा अभौतिक (Non-Physical) पूर्वाधारको उचित प्रबन्धले मात्र पर्यटकहरुलाई आकर्षण दिने र उनीहरुको बसाई लम्ब्याउन सकिन्छ । त्यसकालागि सर्वप्रथम हवाइ तथा स्थल मार्गबाट आउने पर्यटकहरुको प्रवेशद्वार मै महत्वपूर्ण पर्यटन गन्तव्य स्थल देखाउने डिजिटल बोर्ड, पर्यटन सूचना केन्द्र, द्वैभाषिक (Bi-lingual) र बहुभाषिक (Multi-lingual) पर्यटक पथ प्रदर्शकको व्यवस्था, यातायात पूर्वाधारहरुको व्यवस्था गन्तव्य स्थलको संरक्षण आदिको व्यवस्था हुनु जरुरी छ । तोकिएको पर्यटन स्थलसम्म यात्रा गर्दा सडकका किनारहरुमा आकर्षण दिने वृक्षहरुको व्यवस्थापन, ठाउँ-ठाउँमा बुद्धका विभिन्न मुद्राका मूर्तिहरु, फुलेका फूलहरुको व्यवस्था, ठाउँ-ठाउँमा स्वागतद्वारहरुको व्यवस्था हुनुपर्दछ ।

तोकिएको पर्यटन स्थल भित्र आकर्षक Foot Trail र फूलहरु सहितको बगैचा, विभिन्न आकृति देखाउने पानीको फोहोराहरुको व्यवस्था, सञ्चार सुविधाको व्यवस्था, सफा सार्वजनिक शौचालयको व्यवस्था, पर्यटन सूचना केन्द्र, प्रतिक्षालय र Shed को व्यवस्था, पर्यटक पथ प्रदर्शकको व्यवस्था, स्तरीय रेष्टुरेण्ट र कफी पसलहरु, कोशेली घरहरुको व्यवस्था, सरसफाइ संरक्षणको उचित व्यवस्था, चौविसै घण्टा विद्युतको व्यवस्था, स्वास्थ्य केन्द्र, उत्प्रेरणा केन्द्र (Motivation Center) आदिको व्यवस्था हुन जरुरी छ ।

पर्यटन स्थलको वातावरणीय प्रभावको ध्यान दिई निश्चित दूरीमा स्तरीय होटल तथा रिसोर्टहरुको व्यवस्था, विभिन्न समुदायका परम्परागत खानाका परिरकारहरुको व्यवस्था गरिनुपर्दछ । यसको अलावा पर्यटन रुट (Root) हरु र पर्यटक आवास स्थल वरिपरि मौलिक र परम्परागत संस्कृति (अवधी, थारु, मगर, गुरुङ्ग, नेवार, थकाली र अन्य) अवलोकनको व्यवस्था गरी उनीहरुको परम्परागत खेल, स्थानीय कला, चाडपर्वहरुमा गरिने मनोरञ्जनात्मक क्रियाकलाप प्रर्दशन गर्ने व्यवस्था गर्नुका साथै उनीहरुको परम्पराको झल्को दिने आवासहरुको अवलोकनको व्यवस्था, जीवन शैली बुझाउने नक्शाको व्यवस्थापन गर्नुपर्दछ । पर्यटन प्रवर्द्धनका लागि अर्को महत्वपूर्ण पक्ष सुशासन र सेवा हो । बैकिङ सुविधाहरु, जीवन बीमाको व्यवस्था, सुरक्षा प्रबन्ध, पर्यटकहरुको आदर/सम्मान हुने भाषाको प्रयोग, सूचनामा अत्याधुनिक प्रविधिको उपलब्धता जस्ता विषयहरुको व्यवस्था गरिनु पर्दछ । आपतकालीन अवस्थामा पर्यटकहरुलाई उद्धार गर्न सरकारी स्तरबाट आवश्यक प्रबन्ध मिलाउनु पर्दछ ।

प्रमुख बौद्ध पर्यटन स्थलहरुकमा Meditation Center को व्यवस्था र बुद्धको जीवनीसँग सम्बन्धित फोटाहरु, फिल्महरु, नेपाली जीवनशैली देखाउने फिल्महरुको प्रदर्शन, धार्मिक प्रवचनको व्यवस्था मिलाउनु पर्दछ । बुद्ध परिपथ भित्रका केही स्थलहरुमा पर्यटकहरुलाई मनोरञ्जन दिलाउन Hiking Trails, Wildlife Tourism का लागि वन्यजन्तु निकुञ्जहरु, हिमाल, नदी, ताल, तलैयाहरु अवलोकन गर्ने व्यवस्था, Swimming Pool, Boating को व्यवस्था, निजी क्षेत्र परिचालन गरी सम्भाव्य स्थानमा केवलकार यात्राको व्यवस्था गरिनुपर्दछ । यसको साथै औद्योगिक पर्यटन र कृषि पर्यटनको

विकास गर्न पर्यटकहरुलाई बुद्ध परिपथ भित्र पर्ने त्यस्ता स्थानहरुको उचित विकास गरी अवलोकन गराउने व्यवस्था गर्नुपर्दछ ।

उपरोक्त पूर्वाधारहरुको व्यवस्थापन गरी बौद्ध परिपथ भित्रका पर्यटन स्थलहरुलाई Branding गर्न चरणबद्ध रुपमा पुरातात्विक, धार्मिक र ऐतिहासिक स्थलहरु को तारवार सहितको संरक्षण सुरक्षाको व्यवस्था मिलाउनु पर्दछ ।

प्रवेश बिन्दु देखि गन्तव्य स्थल (Destination) र पर्यटन स्थल भित्र माथी भनिएका न्यूनतम पूर्वाधारहरु निर्माण र व्यवस्थापन गरिनु पर्दछ । राज्यको लगानीबाट निर्मित भौतिक पूर्वाधारहरुको सुरक्षा गर्न स्थानीय तहबाट अपनत्व (Ownership) ग्रहण गर्नुपर्दछ । व्यक्तिहरुबाट अतिक्रमित जग्गाको व्यवस्थापन गरी ऐतिहासिक, पुरातात्विक र धार्मिक स्थलहरुको क्षेत्र विस्तार गरिनुपर्दछ ।

प्रत्येक महत्वपूर्ण पर्यटन स्थलहरुको नजिक जातीय विशेषतायुक्त बजार (Typical Market) को व्यवस्था गर्नुपर्दछ । पर्यटन स्थलको पूर्वाधारहरुको निर्माण गर्दा ऐतिहासिकता झल्काउने निर्माण सामाग्रीहरुको प्रयोग गर्नुपर्दछ । पर्यटन र वातावरणमैत्री पूर्वाधारहरुको निर्माणमा प्राथमिकता हुनुपर्दछ । मुख्य सडक मार्गबाट पर्यटन स्थलसम्म जाने सबै भन्दा छोटो दूरीको फराकिलो सडक निर्माण गर्नुपर्दछ ।

## ७.४ परिपथ तथा उपपरिपथमा पर्यटक क्रियाकलाप (Tourist Activities) निर्धारण र सञ्चालन

पूर्व पूर्व-अध्ययन समीक्षा र विशेष विज्ञहरुसँग गरिएको अन्तरवार्ता सघन अन्तरवार्ताबाट वृहत्तर लुम्बिनी क्षेत्रमा निम्न बमोजिमका बौद्ध परिपथ, उप-परिपथ, र पर्यटकीय क्रियाकलाप सञ्चालन गर्न उपयुक्त देखिएको छ ।

### ७.४.१ बृहत्तर लुम्बिनी बौद्ध परिपथ

बृहत्तर लुम्बिनी बौद्ध परिपथ खास गरेर बौद्ध परिपथ हो । यो परिपथमा तीर्थयात्री र पर्यटकले मूलतः बौद्ध धर्मदर्शन, संस्कृति, इतिहास र पुरातत्व अनुभव गर्नेछन । यसको अतिरिक्त पर्यटकहरुले तराई संस्कृति, वन्यजन्तु, चराचुरुङ्गीहरु र ग्रामीण जीवन पनि नियाल्ने छन । यो परिपथले रुपन्देही कपिलवस्तु र नवलपरासी जिल्लाका महत्वपूर्ण बौद्ध तीर्थ स्थलहरू लाई समेट्छ । १३० किलोमिटर लामो यो बौद्ध परिपथको प्रवेश विन्दु (Entry Point) लुम्बिनी र प्रस्थान बिन्दु (Exsit Point) रामग्राम हुनेछ । यो बौद्ध परिपथको रट निम्न बमोजिम हुनेछ ।

**रुट :** लुम्बिनी (प्रवेश विन्दु) २९ कि.मि, कुदान-२ कि.मि., गोटिहवा-५ कि.मि., तिलौराकोट-९ कि.मि., निग्लिहवा-१.५ कि.मि., अरौराकोट-५ कि.मि., सगरहवा-२० कि.मि., सैनामैना-५ कि.मि., जितगढी-७ कि.मि., रामापिथेकसको क्षेत्र-१९ कि.मि., देवदह-५ कि.मि., पण्डितपुर-१० कि.मि., रामग्राम (प्रस्थान बिन्दु) ।

### ७.४.२ बृहत्तर लुम्बिनी बौद्ध उप-परिपथ

विषय विज्ञहरूसँग गरिएको समूहगत छलफलले बृहत्तर लुम्बिनी बौद्ध परिपथलाई लुम्बिनी उप-परिपथ (Lumbini Sub-circuit), कपिलवस्तु उप-परिपथ (Kapilavastu Sub-Circuit), र देवदह-रामग्राम उप-परिपथ (Devadaha-Ramagrama Sub-circuit) गरी तीनवटा क्लष्टरमा विभाजन गरी सोही बमोजिम पर्यटक गतिविधि, टुर प्याकेज र पर्यटन पूर्वाधार विकास गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

**लुम्बिनी उप-परिपथ**

यो उप-परिपथ अन्तरगत सबैभन्दा पहिला पर्यटकहरुले लुम्बिनीको पवित्र बगैंचा भ्रमण अवलोकन गर्दछन । उनीहरुले महान् भगवान गौतम बुद्धको जन्मस्थल मायादेवी मन्दिर, अशोक स्तम्भ, पुष्करिणी पोखरी, प्राचीन स्तूप तथा

बिहारका भग्नावशेषहरु को दर्शन गर्नेछन । त्यसपछि विहार क्षेत्रमा रहेका ३० भन्दा बढि बौद्ध विहारको दर्शन तथा पूजा पाठ गर्नेछन । साँस्कृतिक केन्द्रमा रहेको लुम्बिनी संग्रहालय र नयाँ लुम्बिनी ग्रामको अवलोकन गर्नेछन । त्यसपछि लुम्बिनी गुरुयोजना वरिपरि रहेका गाउँहरू मधुवनी, भगवानपुर, आमा, तेनुहवा, एकला, खुदाबगर आदिमा ग्रामीण पर्यटनको अनुभव लिने छन । यो परिपथमा सुन्दर तालहरु जस्तै गजेडी ताल, गैडहवा ताल, करबला ताल, बलरामपुर ताल आदि र महत्वपूर्ण नदीहरू कन्चन, तेलार, दानो क्षेत्रको भ्रमण गरी वातारण र पर्यावरणको अवलोकन गर्नेछन । यसको अतिरिक्त यो उप-परिपथमा रामापिथेकस क्षेत्र, जितगढी, सैनामैना जस्ता पुरातात्विक स्थलहरूको भ्रमण अवलोकन गर्नेछन ।

**कपिलवस्तु उप-परिपथ**

कपिलवस्तु जिल्ला आफैमा एक खुल्ला संग्रहालय हो जहाँ, १५० भन्दा बढी ऐतिहासिक महत्वका पुरातात्विक स्थलहरुको अवस्थिति छ । कपिलवस्तु उप-परिपथले पर्यटकहरुलाई बुद्धकालीन समयको झल्को दिलाउने छ । यो परिपथमा पर्यटकहरुले कपिलवस्तुको बौद्ध सम्पदा, पुरातत्व, धार्मिक स्थल, संस्कृति र जैविक विविधताको अनुभव गर्नेछन । प्राचीन शाक्यहरूको राजधानी तिलौराकोट यो उप-परिपथको केन्द्रविन्दु हुनेछ र यस अन्तरगत तिलौराकोट, गोटिहवा, कुदान, सिसनिया, निग्लिहवा, अरौराकोट, सगरहवा जस्ता महत्वपूर्ण बौद्ध तीर्थस्थलहरू पर्दछन । त्यसैगरी महत्वपूर्ण प्राकृतिक पर्यटकीय स्थलहरुमा विश्वप्रसिद्ध रामसार क्षेत्रमा सूचिकृत जगदीशपुर ताल, बाणगंगा नदी, शिवालिक जङ्गल र चुरे पहाडहरु पर्दछन । यस उप-परिपथ अन्तरगत पर्ने अन्य पर्यटकीय स्थलहरुमा रामघाट, पिपरी, दलदलहवा, बजाहा ताल, सिमरी, राजुवापुर, भवानी, दोहनी, बिकुलीकोट, मधुवनधाम, कैलाश आश्रम, लक्ष्मणघाट, पत्थरकोट आदि पर्दछन ।

**देवदह-रामग्राम उप-परिपथ**

देवदह र रामग्राम उप-परिपथ  बृहत्तर लुम्बिनी बौद्ध परिपथको पूर्वोत्तर क्लस्टर हो । रानी मायादेवी, प्रजापती र यशोधराको माइती देश प्राचीन कोलीय राज्य अन्तरगत पर्ने बौद्ध इतिहास, पुरातत्व, संस्कृति र प्रकृति यो उप-परिपथको सार हुनेछ । यो उप-परिपथको केन्द्र भगवान बुद्धको अस्थि धातु रहेको रामग्राम स्तूप रहनेछ भने पेरिफेरीमा पुरातात्विक स्थलहरू भवानीपुर, कन्यामाई, बैरीमाई,  माथागढी, रोहिणी नदी, देवदह पोखरी, खयरडाँडा, पण्डितपुर, मङ्गल पुष्करिणी जस्ता महत्वपूर्ण पुरातात्विक स्थलहरु पर्नेछन । यो उप-परिपथमा शीतलनगर, भुमही, सुनवल, परासी बजार आदि स्थानीय बजार तथा आवास क्षेत्र हुनेछन । अन्य सम्पदाहरुमा दाउन्ने पर्वत, त्रिवेणी धाम, वाल्मीकि आश्रम, अनोमाधाम, गजेन्द्र मोक्ष धाम, नारायणी धाम, मदरबाबा, देवचुली, शिबपुरी गढी, कैलाश सन्यास आश्रम आदि पर्दछन ।

**७.४.३ पर्यटक क्रियाकलाप**

यो अध्ययनले बृहत्तर लुम्बिनी बौद्ध परिपथमा धेरै किसिमका पर्यटक गतिविधिहरु सुझाव गरेको छ । पर्यटक क्रियाकलापलाई यो अध्ययनले  निम्न बमोजिम ५ प्रकारमा विभाजन गरी  प्रत्येकको छुट्टाछुटै गतिविधिहरु सिफारिश गरेको छ ।

**धार्मिक तथा आध्यात्मिक क्रियाकलाप**

यो बौद्ध परिपथले भगवान शाक्यमुनी बुद्धको शान्ति र अहिंसाको शिक्षा र आध्यात्मिकतालाई पर्यटकको मन-मस्तिष्कमा अमिट छाप बसाउन सक्नेछ । अध्ययनले सुझाव गरेका धार्मिक तथा आध्यात्मिक पर्यटक गतिविधिहरु निम्न बमोजिम छन ।

- बुद्ध पूजा तथा प्रार्थना
- मन र शरीरको शुद्धिकरण
- बुद्ध शिक्षाको चिन्तनमनन, अभ्यास
- पवित्र तिर्थस्थलहरूको पूजा
- मन्दिर तथा पवित्र स्थलमा बत्ती, बौद्ध झन्डा आदि चढाउने
- ध्यान केन्द्र, मन्दिर तथा खुल्ला स्थलमा ध्यान गर्ने
- परिपथ शान्त तथा एकान्त स्थलमा गहिरो शान्तिको अनुभूति गर्ने
- मन्दिर वा भिक्षु भिक्षुणीहरुलाई दान दिने
- भिक्षु भिक्षुणी वा सन्त महात्माहरुसँग विचार-विमर्श गर्ने
- ध्यान शिविर, बुद्ध पूजा आध्यात्मिक कार्यक्रम आयोजना गर्ने आदि ।

**सभा-सम्मेलन छलफल सम्झौता जस्ता क्रियाकलाप**

यो शीर्षक अन्तरगत यस अध्ययनले निम्न बमोजिमका पर्यटक क्रियाकलापहरु सुझाव गरेको छ ।

- सम्पदाको विकास, पुरातात्विक उत्खनन तथा संरक्षण सम्बन्धी सम्मेलन वा कार्यशाला गोष्ठी आयोजना गर्ने वा उपस्थित हुने ।
- यस्ता गोष्ठी वा सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्ने वा सुझाव दिने
- भिक्षु भिक्षुणी वा बौद्ध विद्वानहरूले बौद्ध धर्म दर्शन, विश्व शान्ति सम्बन्धमा दिएको प्रवचन सुन्ने ।
- विश्वशान्तिको द्वन्द्व व्यवस्थापन, संरक्षण वातावरण। पर्यटन विकास जस्ता विषयमा सभा सम्मेलन आयोजना गर्ने वा उपस्थित हुने ।
- बौद्ध धर्म दर्शन, आध्यात्मिकता, विश्वशान्ति, पुरातत्व आदिको बारेमा अनुसन्धान गर्ने ।
- द्वन्द्वरत पक्षहरुलाई शान्ति स्थापनाका लागि तालिम दिने र शान्ति सम्झौताहरु गर्ने गराउने आदि ।

**ग्रामिण तथा सास्कृतिक पर्यटन क्रियाकलाप**

बृहत्तर लुम्बिनी बौद्ध परिपथमा धेरै जातजाति, भाषा संस्कृति भएका मानिसहरुको बसोबास रहेको छ। पर्यटकहरुले धेरै चाखका संस्कृति कथा ग्रामीण जीवनशैली यो परिपथमा अवलोकन तथा अनुभव गर्न सक्नेछन । यो अध्ययनले यस अन्तरगतका केहि पर्यटक क्रियाकलापहरु निम्न अनुसार सुझाव गरेको छ ।

- स्थानीय चाडपर्वहरु जस्तै थारूहरूको माघी, मुसलमानहरूको इद, बकरिद, हिन्दुहरूको दशै, तिहार, फागुपूर्णिमा, गाईजात्रा आदि बौद्धहरूको लोसार आदिमा सहभागी हुन सक्ने ।

- थारु, मगर, मुसलमान आदि जातिका मौलिक परम्परा तथा हस्तकलाहरु अवलोकन गर्ने सक्ने ।
- गोरुगाडा, साइकल वा पैदलमा ग्रामिण बस्तीहरु र गाउँ बस्तीको जीवनशैली बुझ्न, सिक्न र अनुभव गर्न जाने
- विभिन्न ग्रामीण बस्तीहरुमा खोलिएका होमस्टेमा बस्ने
- स्थानीय हस्तकलाका सामग्रीहरू खरिद गर्ने
- स्थानीय खानाका परिकारहरु खाने
- स्थानीय चाडपर्व वा कार्यक्रमहरुमा उपस्थित हुने

**वनजङ्गल र प्रकृतिसँग सम्बन्धित पर्यटक क्रियाकलापहरु**

बृहत्तर लुम्बिनी बौद्ध परिपथ प्राकृतिक दृष्टिकोणले पनि समृद्ध छ । संसारमै दुर्लभ १० भन्दा बढी प्रजातिका चराहरु लगायत २५० प्रजातिका चराहरुको यो क्षेत्रमा अवलोकन गर्न सकिन्छ । निलगाई, सुनगोहोरो, अजिङ्गर, गायक लगायतका थुप्रै दुर्लभ बन्यजन्तु पनि यो परिपथमा देख्न पाइन्छ । वनजङ्गल र प्रकृतिसँग सम्बन्धित पर्यटक क्रियाकलापहरुको सम्बन्धमा यो अध्यनले निम्न बमोजिम सुझाव गरेको छ ।

- लुम्बिनी गुरुयोजना क्षेत्रभित्र सारस चरा, निलगाई, अजिङ्गर, स्याल, फ्याउरो, धेरै प्रजातिका दुर्लभ चराहरु अवलोकन गर्ने
- सुन्दर करबला ताल, पुन्नीहवा ताल, गैडाहवा ताल, गजेडी ताल, Pailat नदी, बाणगंगा नदी, रोहिणी नदी, नारायणी नदी, देबदह ताल, जगदीशपुर ताल, आदिमा जलक्रिडा तथा मनोरञ्जन गर्ने ।
- तालतलैया, सिमसार क्षेत्र, नदी किनार वा खेतबारीमा विभिन्न प्रजातिका चरा अवलोकन गर्ने ।
- सुन्दर जङ्गलमा जङ्गल सफारी र हरियाली पहाडमा ट्रेकिङ गर्ने ।
- कुना कन्दरा र वनजङ्गलतिर जीप सवारी गर्ने ।
- चुरे पर्वत तथा भारत श्रृंखला तिर Hiking Trekking जाने ।
- जगदीशपुर तालमा डुङ्गा सयर, माछा मार्ने, पौडी खेल्ने ।

**पर्व, खेलकुल, किनमेल सम्बन्धित क्रियाकलाप**

वर्तमान अध्ययनले यो शीर्षक अन्तरगत निम्न लिखित पर्यटक क्रियाकलापहरु सुझाव गरेको छ ।

- बौद्ध तीर्थ स्थलहरुको सरसफाई, संरक्षण वा सौन्दर्यीकरण कार्यमा संलग्न हुने ।
- धम्म जननी ध्यान केन्द्र, Panditarama ध्यान केन्द्र, Tima Dakhe ध्यान केन्द्र, ओशो ध्यान केन्द्र, आदि लुम्बिनीका ध्यान केन्द्रहरुमा ध्यान बस्ने ।
- यस क्षेत्रमा आयोजना हुने सडक खाना, संगीत साँस्कृतिक, मेलाहरुमा सहभागी हुने ।
- लुम्बिनीका अन्तर्राष्ट्रिय बिहारहरुमा वर्षैभरि सयभन्दा बढी चाडपर्वहरु मनाइन्छ । यस्ता चाडपर्वहरुमा सहभागी हुने ।
- लुम्बिनीको केन्द्रीय नहरमा डुङ्गा सयर गर्ने ।
- साइकल तथा मोटरसाइकल लिएर आफूलाई मनपर्ने स्थानहरुमा घुम्न जाने

- मायादेवी शान्ति म्याराथोन, टुर डे लुम्बिनी जस्ता खेलकुद प्रतियोगितामा सहभागी हुने ।
- प्रत्येक महिनाको पूर्णिमाको दिनमा मायादेवी परिसरमा अन्तर्राष्ट्रिय भिक्षु भिक्षुणीहरुको उपस्थितिमा आयोजना हुने पूर्णिमा प्रार्थनामा सहभागी हुने ।
- लुम्बिनीमा आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न कार्यक्रममा सहभागी हुने, सहयोग गर्ने ।
- लुम्बिनी नजिकै रहेका शहरहरु भैरहवा, बुटवल र आसपासमा रहेका पार्कहरु घुम्न जाने ।

## ७.५ प्रदेश नं ५ मा सम्भावनायुक्त पर्यटनको प्रकार र पर्यटकीय स्थलहरूको अन्तरसम्बन्ध (Inter Linkage) स्थापना

### ७.५.१ प्रदेश नं ५ मा सम्भावनायुक्त पर्यटनको प्रकार

पर्यटनको दृष्टिकोणले जति धेरै पर्यटनका प्रकार कुनै क्षेत्रमा उपलब्ध हुन्छन त्यत्ति नै बढी प्रकारका पर्यटक (Tourist Segment) र पर्यटक संख्या (Tourist Number) लाई आकर्षित गर्छन । वर्तमान अध्ययनले प्रदेश नं ५ मा देहाय बमोजिमका पर्यटनका प्रकार सञ्चालन गर्न सक्ने देखाएको छ ।

जम्मा १५० जना उत्तरदाताहरुसँग गरिएको प्रश्नावली सर्भेबाट यस क्षेत्रमा कस्तो किसिमको पर्यटन सञ्चालन गर्न सकिन्छ भन्ने सम्बन्धमा गरिएको मत सर्वेक्षणको नतिजा तलको टेबल मा प्रस्तुत गरिएको छ । यस टेबलमा उत्तरदाताहरूको सहमतिको स्तरलाई १ देखि ५ सम्मको ष्पिभचत कअबभि मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ पर्यटनका प्रकार**

| पर्यटनका प्रकार | सहमतिको स्तर | | | | | जम्मा व्यक्ति | सञ्चयी अनुपातिक अंकमान |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ६ | | |
| आध्यात्मिक/धार्मिक पर्यटन | ५ | ३ | २४ | ४५ | ७० | १४७ | ६१३ |
| साँस्कृतिक पर्यटन | ५ | ४ | २२ | ४६ | ६७ | १४४ | ५९८ |
| पुरातात्विक पर्यटन | ४ | ४ | २५ | ४४ | ६५ | १४२ | ५८८ |
| प्रकृति तथा जैविक विविधता पर्यटन | ४ | ३ | २२ | ४३ | ६९ | १४१ | ५९३ |
| ग्रामीण पर्यटन | ३ | ५ | २३ | ४१ | ६८ | १४० | ५८६ |
| सहासिक पर्यटन | ६ | ५ | २३ | ४१ | ६६ | १४१ | ५७९ |
| स्वास्थ्य उपचार केन्द्र | ५ | ४ | २१ | ४२ | ६५ | १३७ | ५६९ |
| सभा-सम्मेलन पर्यटन | ४ | ४ | २४ | ४३ | ६२ | १३४ | ५६२ |

**श्रोत : प्रश्नावली सर्भे २०७७**

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि वृहत्तर लुम्बिनी क्षेत्रमा आध्यात्मिक र धार्मिक पर्यटन सबैभन्दा सम्भावनायुक्त पर्यटन हो । यो पर्यटन प्रकारले ६१३ सञ्चयी अनुपातिक अंकमान (Cumulative Proportional Score) पाएर यस क्षेत्रकै सबैभन्दा महत्वपूर्ण र उपयुक्त पर्यटनको प्रकार भएको यो अध्ययनले देखाएको छ । त्यसपछि महत्व र उपयुक्तताको दृष्टिकोणले घट्दो क्रम (Decending order) मा सम्भावनायुक्त पर्यटनका प्रकारहरु साँस्कृतिक पर्यटन, पुरातात्विक पर्यटन, प्रकृति तथा जैविक विविधता पर्यटन, साहसिक पर्यटन, ग्रामीण पर्यटन, स्वास्थ्य उपचार पर्यटन र सभा सम्मेलन पर्यटन रहेका छन जसले क्रमशः ५९८, ५८८, ५९३, ५८६, ५७९, ५६९ र ५६२ सञ्चयी अनुपातिक अंकमान प्राप्त गरेका छन ।

### ७.५.२ पर्यटकीय स्थलहरूको अन्तर सम्बन्ध (Inter Linkage)

माथि तालिका नं. १४ मा प्रदेश नं ५ मा नौवटा सम्भावनायुक्त पर्यटन का प्रकारहरु प्रस्तुत भएका छन । यो प्रदेशको पर्यटन प्रवर्द्धनका लागि ती पर्यटनका प्रकारहरुलाई राम्ररी विकास गर्न र प्रवर्द्धन गर्न जरुरी छ । यस क्षेत्रमा भ्रमण गर्न आएका वा आउने पर्यटकहरुको बसाई अवधि लम्ब्याएर पर्यटनबाट अधिकतम लाभ लिनका लागि यस प्रदेश भित्र र प्रदेश बाहिर रहेका नेपालका विभिन्न पर्यटकीय स्थलहरूसँग अन्तरसम्बन्ध (Inter Linkage) स्थापना गरी पर्यटकहरूको आदान प्रदान गर्नु जरुरी छ । जसका लागि सरकारले पर्यटन पूर्वाधारको विकास गर्नुपर्दछ भने निजी क्षेत्रका पर्यटन व्यवसायीहरुले पर्यटकीय सेवा तथा सुविधाहरु उपलब्ध गराउने, साथै पर्यटनसँग सम्बद्ध निकायहरुले निजी क्षेत्र र सरकार बीचमा पर्यटन विकासका लागि पुलको कार्य गर्नुपर्दछ ।

पर्यटनविद् रविजंग पाण्डे, लिजा चोग्यालका साथै रामचन्द्र सेढाईसँग लिइएको अन्तरवार्ताका आधारमा प्रदेश नं ५ भित्र र प्रदेश बाहिर रहेका पर्यटकीय स्थलहरू बीचको अन्तरसम्बन्ध निम्न बमोजिम स्थापना गरी पर्यटकको संख्या, बसाइ अवधि र खर्च वृद्धि गर्न सकिन्छ ।

#### ७.५.२.१ पर्यटन प्रकार अनुसार स्थलहरूको अन्तरसम्बन्ध

**आध्यात्मिक र धार्मिक पर्यटन**

यो पर्यटन प्रकार अन्तरगत संसारभरका बौद्ध धर्मावलम्बीहरु, नेपाल र भारतका हिन्दू धर्मावलम्बीहरु र अध्यात्ममा विश्वास गर्ने जो कोही यसप्रकारको पर्यटन गर्न प्रदेश नं ५ को विशेष गरेर बृहत्तर लुम्बिनी क्षेत्रको भ्रमण गर्दछन । यी पर्यटकहरुलाई यस प्रदेश भित्र अवस्थित पर्यटकीय स्थलहरु र बाहिर नेपालका अन्य स्थानमा रहेका पर्यटकीय स्थलहरूको अन्तरसम्बन्ध स्थापित गरी पर्यटक बसाइ अवधि लम्ब्याउन सकिन्छ ।

**बौद्ध धर्मावलम्बी पर्यटक :** बृहत्तर लुम्बिनी क्षेत्रमा भ्रमण गर्न आएका बौद्ध धर्मावलम्बी पर्यटकहरुलाई यस क्षेत्रको भ्रमण गरिसकेपछि नेपालका अन्य बौद्ध तीर्थ स्थलहरू जस्तैः धर्मपनीया (सरकुप), धम्निहवा, काक्रेविहार, मुक्तिनाथ धाम, नमोबुद्ध, फर्पिङ्ग (काठमाण्डौं), हलेसी महादेव, बौद्धनाथ, स्वयम्भुनाथ आदि भ्रमण गर्न गराउन सकिन्छ । साथै ती पर्यटकीय स्थलहरुबाट पनि बृहत्तर लुम्बिनी बौद्ध परिपथ तथा प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलहरुमा पर्यटक ल्याउन सकिन्छ । यसका निम्ति पर्यटक आदान-प्रदान हुने पर्यटकीय स्थलहरु सडक वा हवाई वा दुवै Connectivity, पर्यटन व्यवसाय ट्राभेल एजेन्सी र होटल व्यवसायीहरु बीच व्यापार आदन प्रदान तथा समन्वय आवश्यक पर्दछ ।

**हिन्दू धर्मावलम्बी पर्यटक :** बृहत्तर लुम्बिनी क्षेत्रमा भ्रमण गर्न आएका हिन्दू धर्मावलम्बी पर्यटकहरुलाई यस क्षेत्रको भ्रमण गरिसकेपछि नेपालका अन्य हिन्दू तीर्थ स्थलहरू जस्तैः प्रकटेश्वर महादेव, मोक्षधाम, श्रृङ्गेश्वर धाम, कपिलधाम, तौलेश्वरनाथ मन्दिर, मधुवनधाम, राजापानी, बालहंश साङ्गवेद स्वर्गद्वारी आश्रम, रामघाट, शिवगढी, त्रिवेणी, सिद्धबाबा धाम, भैरवस्थान, रेसुङ्गा आश्रम, रुरु क्षेत्र (रिडी), सुपादेउराली, पाणिनि तपोभूमि, स्वर्गद्धारी, पाटेश्वरी भगवती मन्दिर, त्रिपुरेश्वरी भगवती मन्दिर, प्रसिद्ध बागेश्वरी मन्दिर, पशुपतिनाथ, जानकी मन्दिर आदिका अतिरिक्त बौद्ध तीर्थ स्थलहरू जस्तैः धर्मपनीया (सरकुप), धम्निहवा, काक्रेविहार, मुक्तिनाथ धाम, नमोबुद्ध, फर्पिङ्ग (काठमाडौं), हलेसी महादेव, बौद्धनाथ, स्वयम्भुनाथ आदि भ्रमण गर्न गराउन सकिन्छ ।

**अध्यात्मिक पर्यटकः** आध्यात्मिक पर्यटकहरुलाई माथि उल्लेख गरिएका बौद्ध धर्मावलम्बी पर्यटकहरु र हिन्दु धर्मावलम्बी पर्यटकहरुले भ्रमण गर्ने बौद्ध तथा हिन्दू तीर्थस्थलहरूको अतिरिक्त इसाई, इस्लाम, शिख आदि धर्मसँग सम्बन्धित गिर्जाघर, मस्जिद, गुरुद्वारा वा एकान्त स्थान वा हिमाली क्षेत्र जता लान पनि सकिन्छ ।

**साँस्कृतिक पर्यटन**

साँस्कृतिक पर्यटन रुचाउने पर्यटकहरुलाई माथि उल्लेखित हिन्दू तथा बौद्ध धर्मावलम्बी पर्यटकहरुले भ्रमण गर्ने स्थलहरुका अतिरिक्त रानीमहल, थवाङ, खुंग्रीकोटका साथै विभिन्न जातजातिका कला र संस्कृति जिवन्त रहेका स्थलहरु जस्तै घान्द्रुक, सिरुवारी, पोखरा, काठमाण्डौ, भक्तपुर, ललितपुर आदि स्थानहरुमा बृहत्तर लुम्बिनी क्षेत्रबाट भ्रमण गराउन सकिन्छ । यस्ता पर्यटकहरुलाई रंगीन र जीवन्त चाडपर्व, जात्रा, मेला आदि मन पर्ने हुँदा उपयुक्त समयमा ती स्थलहरूको भ्रमण गराउनाले पर्यटकहरु बढी रोमान्चित हुने गर्दछन । साथै यस्ता पर्यटकहरुलाई ती स्थानहरुबाट प्रदेश नं ५ मा ल्याउन पनि सकिन्छ ।

**पुरातात्विक पर्यटन**

पुरातात्विक पर्यटनमा रुचि राख्ने पर्यटकहरुलाई बृहत्तर लुम्बिनी क्षेत्रमा भ्रमण गरिसकेपछि कालीदह, निपनिया, पैसीया, पिप्रहवा, बञ्जराही, मनौरी, महेरवा, मूर्धनी, रानीकुवा क्षेत्र, जीतगढी किल्ला, औरहिया, चेत्रादेई, जहदी, दोहनी, पत्थरकोट, पिपरी, पट्खहवा, शिवगढ (तिलौराकोट पश्चिम), बभनीकोट, बर्दहवा, बिकुली, लोहसौडिया, सिसहनीया कोट, हर्देवा, पण्डितपुर, रामापिथेकस आदि पुरातात्विक स्थलहरूको अध्ययन भ्रमण गराउन सकिन्छ । यस्तो पर्यटन सञ्चालन गर्ने वा पथ प्रदर्शन गर्ने व्यक्ति तालिम प्राप्त तथा योग्य पुरातत्वविद हुनु अति आवश्यक छ । यस्ता पथ प्रदर्शकको सहाराले पर्यटकहरुले पुरातात्विक स्थलमा रहेका पुरातात्विक भग्नावशेषहरु, स्थलको इतिहास, कालक्रम आदि सबै जानकारी पाउँदछन । कुनै स्थानको पुरातत्व र इतिहासको बारेमा गहिरो जानकारी प्राप्त भएपछि यस्ता पर्यटकहरुले अत्यन्त खुशी महसुस गर्दछन ।

**प्रकृति तथा जैविक विविधता पर्यटन**

प्रदेश नं ५ अन्तरगतका जगदिशपुर ताल, सुपादेउराली, थवाङ, सुनछहरी झरना, सिस्ने हिमाल, पुथा हिमाल, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष आदिको अतिरिक्त यो प्रदेशसँग जोडिएर रहेका पर्यटकीय स्थलहरू पोखरा, चितवन राष्ट्रिय निकुञ्ज लगायत नेपालका उत्तरी क्षेत्रमा रहेका विश्वप्रसिद्ध हिमालहरू, जैविक विविधता तथा प्रकृति प्रेमीहरुका लागि अत्यन्त आकर्षक पर्यटकीय स्थलहरू हुन । प्रदेश नं. ५ बाट ती स्थलहरुमा प्रसस्त पर्यटक पठाउन सकिन्छ भने ती विश्व प्रसिद्ध पर्यटकीय स्थलहरुबाट पनि यसमा पर्यटक ल्याउन सकिन्छ ।

**ग्रामीण पर्यटन**

ग्रामिण पर्यटनको लागि प्रदेश नम्बर ५ मा साँस्कृतिक तथा भाषिक विविधताले भरिपूर्ण धेरै सुन्दर गाउँहरु रहेका छन । यस्ता स्वच्छ गाउँहरुमा डुलेर ग्रामीण जीवन, खानपिन, चाँडपर्व, उत्सव, मेला आदिको अनुभव लिनु पर्यटकहरूको लागि आनन्ददायक हुन्छ । गाउँघरमा पाइने प्राङ्गारिक खाना पर्यटकहरुको पहिलो रोजाइको विषय हुन सक्तछ । प्रदेश

नं ५ मा तराई, पहाड र हिमालका हरियाली र सुन्दर गाउँहरुले विश्वभरका धेरै पर्यटकहरुलाई आकर्षण गर्नेमा दुईमत छैन । ग्रामीण पर्यटनको आकर्षणहरूको विकास तथा प्रवर्द्धन गर्नु, प्रचार प्रसार गर्नु र बजारीकरण गर्नु आवश्यक छ । बृहत्तर लुम्बिनी बौद्धपरिपथ भ्रमणमा आएका पर्यटकहरुलाई नेपालका प्रसिद्ध ग्रामीण पर्यटकीय स्थलहरू जस्तै चितवनको चेपाङगाउँ, बन्दीपुर, घलेगाँउ, सिरुबारी, बारपाक लगायतका पूर्व तथा सुदूरपश्चिमका सुन्दर गाउँहरुमा लैजान सकिन्छ । ग्रामीण पर्यटनको सबैभन्दा ठूलो महत्व भनेको पर्यटनको लाभलाई समुचित वितरण गर्न सहयोग गर्नुका साथै पर्यटकहरूको बसाइको अवधि लम्ब्याउनु पनि हो ।

### साहसिक पर्यटन

वृहत्तर लुम्बिनी क्षेत्रको भ्रमणपश्चात यहाँ आएका साहसिक पर्यटन रुचाउने पर्यटकहरुलाई यही प्रदेशमा अवस्थित पुथा हिमाल, सिस्ने हिमाल, बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष लगायतका विभिन्न स्थानमा साहसिक पर्यटनका लागि लैजान सकिन्छ । यसका अतिरिक्त नारायणी, त्रिशूली, कोशी, गण्डकी आदि नदीहरुमा ऱ्याफि्टङ गर्न, विभिन्न स्थानमा सञ्चालित बन्जीजम्पको आनन्द लिन, प्याराग्लाइडिङ गर्न, Hot Air Ballooning गर्न, रक क्लाइम्बिङ गर्नका साथै पर्वतारोहणका लागि प्याकेज बनाएर लान सकिन्छ । साथै साहसिक पर्यटन गर्न नेपालका विभिन्न स्थानमा आएका पर्यटकहरुलाई प्रदेश नं ५ मा ल्याएर यहाँका पर्यटकीय स्थलहरुको भ्रमण गराउन सकिन्छ ।

### स्वास्थ्य उपचार पर्यटन

राई (२०१५, पृ.९) का अनुसार लुम्बिनीमा धेरै बिदेशी पर्यटकहरु स्वास्थ्य उपचारका लागि आउन तयार रहेका छन् । उनका अनुसार, २६.६६ प्रतिशत पर्यटक आफ्नो वृद्ध अवस्था बिताउन, १६.६६ प्रतिशत सन्तानलाई जन्म दिन, १६.६६ प्रतिशत जीवनको अन्तिम घडी बिताउन र २० प्रतिशत माथिका सबै कार्य गर्न लालयित छन् भने २० प्रतिशत उत्तरदाताहरु लुम्बिनीमा माथि उल्लेख गरिएका कुनै काम गर्न इच्छुक छैनन् ।

यसबाट के देखिन्छ भने बौद्धमार्गी राष्ट्रका धेरै पर्यटकहरू लुम्बिनीमा स्वास्थ्य तथा उपचार सेवा प्राप्त गर्न इच्छुक छन् । तर बृहत्तर लुम्बिनी क्षेत्रमा हाल अन्तर्राष्ट्रिय स्तरका स्वास्थ्य सेवा प्रदायक अस्पताल तथा उपचार सेवाहरु उपलब्ध छैनन् । अतः स्वास्थ्य सेवा प्रदान गर्ने अन्तर्राष्ट्रिय स्तरका अस्पतालहरू यस क्षेत्रमा निर्माण गर्नु आवश्यक छ जसले यो क्षेत्रको पर्यटनलाई विकास गर्न मद्दत गर्दछ । यस क्षेत्रमा स्वास्थ लाभ गरी निको भएका पर्यटकहरुलाई देशका अन्य पर्यटकीय स्थलहरुमा भ्रमण गर्न लैजान सकिन्छ साथै बृहत्तर लुम्बिनी क्षेत्रभन्दा बाहिर रहेका पर्यटकहरुलाई मानसिक तथा शारीरिक स्वास्थ्य उपचारका लागि यस क्षेत्रमा ल्याउन सकिन्छ ।

### सभा-सम्मेलन पर्यटन

भगवान शाक्यमुनी गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी विश्व शान्तिको मुहान तथा बौद्ध धर्म दर्शनको उद्‌गमस्थल भएको हुँदा संसारभरका बौद्धमार्गी तथा शान्तिप्रेमी जनसमुदायहरू आफ्नो जीवनकालमा एकपटक यो पवित्र स्थलको तीर्थाटन गर्ने अभिलाषा लिएका हुन्छन् । यसको अतिरिक्त बृहत्तर लुम्बिनी क्षेत्रको ३० किलोमिटरको अर्धव्यासमा अन्य दुई वटा बुद्धहरु ऋकुच्छन्द र कनकमुनिको जन्मस्थल गोटिहवा र निग्लिहवामा पनि यही अवस्थित छन् । भगवान गौतम बुद्धको असली अष्टधातु राखिएको एउटै मात्र दुर्लभ पवित्र रामग्राम स्तूप पनि यसै परिपथमा रहेको छ । तसर्थ यहाँ बौद्ध धर्म दर्शन र विश्व शान्ति जस्ता विषयमा अन्तर्राष्ट्रिय स्तरको सहभागितामा विभिन्न सभा सम्मेलन वा

गोष्ठीहरुको आयोजना गर्न सकिन्छ । यस परिपथमा विशेषतः निम्न प्रकारका सभा-सम्मेलनहरु आयोजना गर्दा अत्यन्त प्रभावकारी हुने देखिन्छ ।

- सम्पदाको पुरातात्विक उत्खनन, संरक्षण तथा विकास सम्बन्धी सम्मेलन वा कार्यशाला गोष्ठी गर्ने,
- बौद्ध धर्म दर्शन, आध्यात्मिकता, विश्व शान्ति आदिको बारेमा सम्मेलन वा कार्यशाला गोष्ठी गर्ने,
- विश्वशान्तिको द्वन्द्वरत पक्षहरु बीच द्वन्द्व व्यवस्थापन तथा द्वन्द्वरत पक्षहरुलाई शान्ति स्थापनाका लागि तालिम दिने र शान्ति सम्झौताहरु गर्ने ।

यस्ता सभा सम्मेलनबाट प्रदेश नं ५ ले गुणस्तरीय पर्यटक प्राप्त गरी पर्यटनबाट राम्रो आम्दानी गर्न सक्दछ । साथै यहाँ आएका खर्च गर्न सक्ने पर्यटकलाई नेपालका अन्य पर्यटकीय स्थलहरुमा लैजान सकिन्छ । त्यसैगरी नेपालका अन्य स्थलमा भ्रमण गर्न आएका पर्यटकहरुलाई पनि सभा सम्मेलनका लागि लुम्बिनी क्षेत्रमा ल्याउन सकिन्छ ।

### ७.५.२.२ पर्यटकीय स्थलहरूको अन्तरसम्बन्ध स्थापनाका लागि रणनीति

पर्यटकीय स्थलहरूको अन्तरसम्बन्ध स्थापना गर्ने सम्बन्धमा विषय विज्ञहरुसँग गरिएको अन्तरवार्ताबाट त्यस्ता स्थलहरु बीच अन्तरसम्बन्ध स्थापना गरी पर्यटनबाट उचित लाभ लिनका लागि निम्न बमोजिमका प्रक्रिया र रणनीतिहरु अपनाउनु पर्ने सुझाव आएको छ ।

- पर्यटक आदानप्रदान हुने पर्यटकीय स्थलहरु बीच सडक वा हवाई वा दुवै Connectivity,
- पर्यटन व्यवसायीहरु ट्राभेल एजेन्सी र होटल व्यवसायीहरु बीच व्यापार आदान-प्रदान तथा समन्वय,
- पर्यटक पठाउने स्थानमा पर्यटक प्राप्त गर्ने स्थलका सम्पदाहरूको बारेमा यथेष्ट सूचना,
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच संयुक्त टुर प्याकेज निर्माण,
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच संयुक्त प्रचारप्रसार र बजारीकरण,
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच पर्यटन प्रवर्द्धनका लागि G-G/B-B/P-P सम्बन्ध,
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच नियमित र राम्रो सञ्चारको व्यवस्था,
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच आफूले पठाएका पर्यटकहरूको सन्तुष्टि र सुरक्षाको प्रत्याभूति ।

पर्यटकीय स्थलहरू बीच राम्रो अन्तरसम्बन्ध स्थापना गर्नको लागि प्रदेश नं ५ लाई पर्यटक प्रवेश विन्दु वा प्रस्थान बिन्दु मध्ये एक बनाउनु जरुरी छ । यसो गर्नाले यो प्रदेशले नेपालका विभिन्न विश्व प्रसिद्ध पर्यटकीय स्थलहरू जस्तै पोखरा, चितवन, काठमाडौं उपत्यका, नेपालको हिमाली क्षेत्र र राष्ट्रिय निकुञ्जहरुबाट प्रशस्त मात्रमा पर्यटकहरु प्राप्त गर्नेछ ।

## ७.६ परिपथ तथा उप-परिपथमा टुर प्याकेज (Tour Package) निर्माण र सञ्चालन

पूर्व साहित्य समीक्षा, स्थलगत भ्रमण-अवलोकन र उक्त अवसरमा सरोकारवाला विभिन्न व्यक्तिहरुसँग गरिएको छलफलको आधारमा बृहत्तर लुम्बिनी बौद्ध परिपथका लागि निम्न बमोजिमका टुर प्याकेज (Tour Package) सिफारिस गरिएको छ ।

### ७.६.१ टुर प्याकेजको परिभाषा

कुनै एक पर्यटन गन्तव्य स्थलमा पर्यटकहरुका लागि निर्धारित गरिएको आवास, खाना, पथ प्रदर्शन सेवा, पर्यटक क्रियाकलाप र प्रवेश शुल्क आदिको समग्रता नै टुर प्याकेज हो। तल केही महत्वपूर्ण परिभाषाहरू हेरौं।

Jordanov & Yordanov का अनुसार "Tourism packages or package tours are excursions or holidays which include a variety of basic and/or additional tourism related services combined to form a single "packed" vacation for a total price" (2017, p. 38).

A package tour is a reasonable, effective way for tourists to travel safe to the destinations and various places enjoying reliable and convenient services like transportation, guide etc. (Akova, Cetin, Atsız, & Mehtap, 2017, p. 115).

Jordanov & Yordanov (2017) का अनुसार टुर प्याकेजलाई निम्न बमोजिम वर्गीकरण गर्न सकिन्छ :

- सहभागी संख्याको आधारमा (व्यक्तिगत वा समूहगत)
- यातायातको साधनको आधारमा (हवाई, रेल, समुद्र)
- खानाको आधारमा (BB; HB;FB)
- दुरी र गन्तव्यस्थलको आधारमा (लामो, मध्यम, छोटो यात्रा)
- पर्यटक बसाई अवधिको आधारमा (लामो, मध्यम, छोटो)
- सिजनको आधारमा (वसन्त, सिसिर, ग्रीष्म आदि)
- उद्देश्य को आधारमा (धार्मिक, साँस्कृतिक, साहासिक आनन्द आदि)

### ७.६.२ टुर प्याकेज निर्माणको प्रक्रिया

Jordanov & Yordanov (2017) का अनुसार Tour Package निर्माणका निम्नलिखित पाँच चरणहरु हुन्छन।

**विश्लेषण :** सर्वप्रथम Package निर्माताले पर्यटन बजारलाई विश्लेषण गर्नुपर्दछ। यो चरणमा पड्के पर्यटकहरुको सामाजिक एवं जनसाँखिक अवस्था, साँस्कृतिक उमेर समूह, उनीहरूको चाख आदि राम्ररी अध्ययन गर्नुपर्दछ। त्यही अनुसार Tour Package निर्माण गर्नुपर्दछ। त्यो प्याकेज निर्माण गर्दा ध्यान दिनुपर्ने अन्य कुराहरुमा सम्भावित प्रतिस्पर्धा, सेवा तथा वस्तु आपूर्तिको अवस्था आदि समेत राम्ररी विश्लेषण गरी पर्यटक गतिविधि तथा मूल्य निर्धारण गर्नुपर्दछ।

**अवधारणा :** दोस्रो चरणमा Tour Package को उद्देश्य, दीर्घकालीन पर्यटन विकास, सम्पदा तथा वातावरण संरक्षण, स्थानीय समुदायको विकास आदि स्पष्टसँग परिभाषित गर्नुपर्दछ।

**डिजाइन** : यो चरणमा निम्नलिखित कार्यहरु पर्दछन :

**प्याकेजको नामकरण :** प्याकेजको गन्तव्यस्थल, उद्देश्य र पर्यटकको चाहनालाई मध्यनजर गरेर प्याकेजको उपयुक्त नामाकरण गर्नु पर्दछ र आकर्षक Branding Statement बनाउनु पर्दछ। उदाहरणको लागि कपिलवस्तु बुद्धहरुको गृहनगर र खुला संग्रहालय।

**विषयवस्तुको छनौट :** Tour Package मा यातायातको साधन, गन्तव्यस्थल, पर्यटक क्रियाकलाप, पर्यटन सेवा शुल्क, आवास तथा खाना आदिको बारेमा ध्यानपूर्वक छनोट गरी पूर्ण प्याकेज निर्माण गर्नुपर्दछ ।

**यात्रा विवरण (Tour Itinerary) विकासः** यात्रा विवरणले पर्यटनको सार प्रस्तुत गर्नुपर्दछ । जस अन्तरगत कार्यक्रमको सुरुवात बिन्दु, गन्तव्यस्थल, बीचमा पर्ने अन्य आकर्षणहरु, यातायात, Sightseeing क्रियाकलाप र अन्य सेवाहरु, यात्राको समय तालिका र प्रत्येक स्थानमा गरिने पर्यटक गतिविधि र क्रियाकलापहरु पर्दछन् ।

**मूल्य निर्धारणः** यो चरणमा पर्यटन सेवा प्रदायकहरु होटल, लज, रेस्टुरेन्ट, यातायात कम्पनी, Travel Agency पथ प्रदर्शक आदिसँग छलफल गरेर  टुर प्याकेजको मूल्य निर्धारण गर्नुपर्दछ ।

**प्याकेजको प्रवर्द्धन तथा बजारीकरण :** यो चरणमा Tour Package लाई ब्रोसर, सामाजिक सञ्जाल,  वेबसाइट वा मौखिक प्रचार आदिको माध्यमबाट  व्यापक प्रचारप्रसार तथा बजारीकरण गर्नुपर्दछ ।

राई २०२०, पृष्ठ २२७ ले बृहत्तर लुम्बिनी क्षेत्रमा उपयुक्त Tour Package को सम्बन्धमा अध्ययन गरेको छ । जसअनुसार यस क्षेत्रमा उपयुक्त प्याकेजको क्रम निम्न बमोजिम रहेको छ :

**तालिका नं. १५ बृहत्तर लुम्बिनी क्षेत्रमा टुर प्याकेजको उपयुक्तता क्रम**

| टुर प्याकेज | Likert scale अंकमान | उपयुक्तता क्रम |
|---|---|---|
| लुम्बिनी (२ दिन/१ रात) | १७०५ | पहिलो |
| लुम्बिनी-कपिलवस्तु (३ दिन/२ रात) | १५६८ | दोस्रो |
| लुम्बिनी-कपिलवस्तु-देवदह (४ दिन/३ रात) | १४६१ | तेस्रो |
| प्राकृतिक साँस्कृतिक ऐतिहासिक यात्रा (७ दिन/६ रात) | १४४८ | चौथो |
| विपश्यना ध्यान तथा तीर्थाटन (१३/दिन/१२ रात) | १४२६ | पाँचौं |
| पुरातत्व पर्यटन (४ दिन/४ रात) | १३९५ | छैठौं |
| वन्यजन्तु तथा चरा अवलोकन (४ दिन/३ रात) | १३९४ | सातौं |

माथिको तालिकामा स्पष्टसँग देखिएको छ कि बृहत्तर लुम्बिनी क्षेत्रमा सात प्रकारका टुर प्याकेज सञ्चालन गर्न सकिन्छ । सम्भावनाको हिसाबले यी प्याकेजहरुको उपयुक्तता क्रम अनुसार, पहिलोमा लुम्बिनी (२ दिन/१ रात), दोस्रोमा लुम्बिनी-कपिलवस्तु (३ दिन/२ रात) तेस्रोमा लुम्बिनी-कपिलवस्तु-देवदह (४ दिन/३ रात), चौथोमा प्राकृतिक साँस्कृतिक ऐतिहासिक यात्रा (७ दिन/६ रात), पाँचौंमा विपश्यना ध्यान तथा तीर्थाटन (१३ दिन/१२ रात), छैटौंमा पुरातत्व पर्यटन (४ दिन/४ रात)  र सातौंमा वन्यजन्तु तथा चरा अवलोकन (४ दिन/३ रात) रहेका छन ।

### ७.६.३ बृहत्तर लुम्बिनी बौद्ध परिपथका लागि प्रस्तावित टुर प्याकेज

बृहत्तर लुम्बिनी बौद्ध परिपथलाई माथि नै लुम्बिनी, कपिलवस्तु र देवदह-रामग्राम गरी तीनवटा उप-परिपथमा विभाजन गरिसकिएको छ । पूर्व अध्ययनको विश्लेषण तथा समीक्षा, स्थलगत भ्रमणको क्रममा महत्वपूर्ण सम्पदाहरूको वरिपरि रहेका स्थानीय व्यक्ति तथा सरोकारवालाहरुसँग गरेको छलफल र विज्ञहरूसँग गरिएको अन्तरवार्ताको आधारमा तीनओटै उप-परिपथहरुका लागि निम्न बमोजिम Tour Package प्रस्ताव गरिएको छ ।

### ७.६.३.१ लुम्बिनी उप-परिपथका लागि प्रस्तावित टुर प्याकेज

**१ दिन/रातको टुर प्याकेज**

- लुम्बिनी आगमन (निजी वा सार्वजानिक यातायात)
- पर्यटक सूचना केन्द्रको भ्रमणः बृहत्तर लुम्बिनीको इतिहास, पुरातत्व, आध्यात्मिकता, संस्कृति, वन्यजन्तु, जैविक विविधता आदिको बारेमा जानकारी हासिल
- लुम्बिनी संग्रहालय
- अन्तर्राष्ट्रिय बिहारहरूको भ्रमण (रिक्सा वा निजी सवारी साधन)
- खाना र खाजा (नजिकको रेस्टुरेन्ट वा होटलमा)
- केन्द्रीय नहरमा डुङ्गा सयर
- मायादेवी मन्दिर परिसरमा दर्शन तथा पूजा
- प्रस्थान

**२ दिन/१ रातको टुर प्याकेज**

**पहिलो दिन**

- लुम्बिनी आगमन (निजी वा सार्वजानिक यातायात)
- पर्यटक सूचना केन्द्रको भ्रमणः बृहत्तर लुम्बिनीको इतिहास, पुरातत्व, आध्यात्मिकता, साँस्कृति, वन्यजन्तु, जैविक विविधता आदिको बारेमा जानकारी हासिल
- नयाँ लुम्बिनी ग्राममा दृश्यवलोकन, विश्वशान्तिको रूपमा पूजा प्रार्थना, सारस आरक्ष केन्द्रमा चरा अवलोकन
- मायादेवी मन्दिरको दर्शन, पूजा, प्रार्थना, मन्दिर परिसरका प्राचीन भग्नावशेषहरूको अध्ययन अवलोकन
- मायादेवी मन्दिर परिसरमा ध्यान तथा फुर्सदको समय व्यतित
- मायादेवी मन्दिरमा आयोजना हुने रात्रीकालिन पूजा तथा प्रार्थना कार्यक्रममा सरिक
- होटलको लागि प्रस्थान

**दोस्रो दिन**

- रिक्सा वा निजी सवारी साधनबाट पूर्वी विहार क्षेत्रको लागि प्रस्थान
- पूर्वी बिहार क्षेत्रका सम्पूर्ण बौद्ध मन्दिरहरुको भ्रमण, अध्ययन, दृश्यावलोकन र पूजापाठ
- होटल वा रेष्टुरेन्टमा दिवा भोजन
- केन्द्रीय नहरमा डुङ्गा सयर
- पश्चिमी बिहार क्षेत्रका सम्पूर्ण बौद्ध मन्दिरहरुको भ्रमण, अध्ययन, दृश्यावलोकन र पूजापाठ
- लुम्बिनीबाट प्रस्थान

**३ दिन/२ रातको टुर प्याकेज**

**पहिलो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**दोश्रो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**तेस्रो दिनः**

- लुम्बिनी क्षेत्रका महत्वपूर्ण प्राचीन गाउँहरु मधुवनी, एकला, तेनुहवा, खुदाबगर, लुम्बिनी आदर्श आदिमा ग्रामीण जीवन अध्ययन तथा अवलोकन ।
- पैसिया, मनौरी, आमा, सैनामैना जस्ता पुरातात्विक स्थलहरुमा भ्रमण तथा अवलोकन
- सुन्दर तालहरु गैडाहवा, गजेडी गिद्ध रेस्टुरेन्ट आदिको भ्रमण

**४ दिन वा सो भन्दा लामो टुर प्याकेज**

**पहिलो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**दोश्रो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**तेस्रो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**चौथो दिनः** लुम्बिनीको कुनै ध्यान केन्द्रमा कार्यक्रम अनुसारको ध्यान साधना

### ७.६.३.२ कपिलवस्तु उप-परिपथका लागि प्रस्तावित टुर प्याकेज

**१ दिन/रातको टुर प्याकेज**

- तौलिहवा आगमन (निजी वा सार्वजनिक सवारी साधन)
- बुद्धत्व प्राप्त गरेपछि भगवान बुद्धले आफ्ना पिता शुद्धोधनलाई प्रथम पटक भेटेको स्थान कुदान भ्रमण, अबलोकन, पूजा
- क्रकुच्छन्द बुद्धको जन्म र ज्ञान प्राप्ति भएको स्थल पवित्र गोटिहवाको भ्रमण, अवलोकन, पूजा
- राजकुमार सिद्धार्थले २९ वर्ष बिताउनु भएको प्राचीन शाक्य वंशको राजधानी तिलौराकोटको भ्रमण अवलोकन, पूजापाठ
- कपिलवस्तु संग्रालयको भ्रमण अवलोकन
- कनकमुनि बुद्धको जन्मस्थल निग्लीहवा र उहाँको गृहनगर अरौराकोट भ्रमण, अवलोकन, पूजा
- कपिलवस्तुबाट प्रस्थान

**२ दिन/१ रातको टुर प्याकेज**

**पहिलो दिनः**

- पुरातात्विक स्थल सिसहनियाको भ्रमण तथा अवलोकन, स्थानीयहरूको जीवन पद्धतिको अध्ययन
- भगवान बुद्धले आफ्नो पितालाई बुद्धत्व प्राप्त गरे पछि प्रथम पटक आफ्ना पिता शुद्धोधनलाई भेट गरेको पवित्रस्थल कुदानको भ्रमण अवलोकन, पूजापाठ
- क्रकुच्छन्द बुद्धको पवित्र जन्मस्थल गोटिहवाको भ्रमण अवलोकन, पूजापाठ

- कपिलवस्तु संग्रालयको भ्रमण अवलोकन
- राजकुमार सिद्धार्थले २९ वर्ष बिताउनु भएको प्राचीन शाक्य वंशको राजधानी तिलौराकोटको भ्रमण अवलोकन, पूजापाठ
- कुदान मा अवस्थित थाइल्याण्डको विहारमा रात्रीकालिन पूजा, प्रार्थना तथा ध्यान साधना
- तौलिहवाको होटल वा जगदीशपुर क्षेत्रको थारु होमस्टेमा बास

**दोश्रो दिनः**

- कनकमुनि बुद्धको जन्मस्थल निग्लीहवा भ्रमण, अवलोकन, पूजा कपिलवस्तुबाट प्रस्थान
- कनकमुनि बुद्धको गृहनगर अरौराकोट भ्रमण, अवलोकन, पूजा कपिलवस्तुबाट प्रस्थान
- हजारौ शाक्य वंशका महापुरूषहरूको महाविनाश भएको स्थान सगरहवाको भ्रमण अवलोकन
- जगदीशपुर थारु होमस्टे वा नजिकैको रेष्टुरेन्टमा दिवा भोजन
- नेपालकै सबैभन्दा ठूलो मानव निर्मित सरोवर जगदीशपुर तालको भ्रमण, चरा अवलोकन, दृश्य अवलोकन
- कपिलवस्तुबाट प्रस्थान

**३ दिन/२ रातको टुर प्याकेज**

**पहिलो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**दोश्रो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**तेस्रो दिनः**

- परम्परागत थारु गाउँ जहदी, निगाली, तिलौरी, शिवपुर, हर्नामपुर आदि भ्रमण अवलोकन गरेर स्थानीय हस्तकला, परम्परागत उपहार, चाडपर्व, संगीत, नृत्य आदिको अवलोकन ।
- अन्य धर्मसँग सम्बन्धित पवित्र तिर्थ स्थलहरु जस्तै तौलेश्वरनाथ मन्दिर, रामघाट, लक्ष्मणघाट, बोलबम धाम समयमाई मन्दिर, पत्थरकोट, कैलाश आश्रम आदिको भ्रमण अवलोकन पूजापाठ ।
- साझेदारी जङ्गलमा जङ्गल सफारी गर्ने
- ऐतिहासिक वाण वाणगंगा नदी भ्रमण अवलोकन पौडी खेल
- कपिलधाम र श्रृंगी आश्रम देखि चुरे पर्वत सम्म Hiking
- कपिलवस्तुबाट प्रस्थान

**७.६.३.३ देवदह-रामग्राम उप-परिपथका लागि प्रस्तावित टुर प्याकेज**

**१ दिन/रातको टुर प्याकेज**

- पवित्र पुष्करिणी पोखरी देवदह आगमन (निजी सवारी साधन) ऐतिहासिक पोखरी क्षेत्रको आध्यात्मिकता र पुरातत्व को अध्ययन अवलोकन
- पुरातात्विक स्थल खयर डाँडाको भ्रमण अध्ययन अवलोकन
- कन्यामाई मन्दिरको भ्रमण अवलोकन पूजापाठ

- बडिमाई मन्दिरको भ्रमण अवलोकन पूजापाठ
- पाकरी वृक्षको भ्रमण, अवलोकन
- भवानीपुर  पुरातात्विक स्थलको भ्रमण अवलोकन, मन्दिरमा पूजापाठ
- मायादेवी पार्कको  भ्रमण,  मनोरञ्जन र अवलोकन
- देवदहबाट प्रस्थान

**२ दिन/१ रातको टुर प्याकेज**

**पहिलो दिनः**

- पवित्र पुष्करिणी पोखरी देवदह आगमन (निजी सवारी साधन) ऐतिहासिक पोखरी क्षेत्रको आध्यात्मिकता र पुरातत्वको अध्ययन अवलोकन
- पुरातात्विक स्थल खयर डाँडाको भ्रमण अध्ययन अवलोकन
- कन्यामाई मन्दिरको भ्रमण अवलोकन पूजापाठ
- बडिमाई मन्दिरको भ्रमण अवलोकन पूजापाठ
- पाकरी वृक्षको भ्रमण, अवलोकन
- भवानीपुर पुरातात्विक स्थलको भ्रमण अवलोकन, मन्दिरमा पूजापाठ
- शितलनगर वा भवानीपुरमा दिवा भोजन
- ऐतिहासिक पवित्र नदी रोहिणीको भ्रमणः नदीको शान्त किनारामा ध्यान  अध्ययन अवलोकन
- मायादेवी पार्कको  भ्रमण,  मनोरञ्जन र अवलोकन
- शितलनगर, खैरेनी वा सुनवलमा बास

**दोश्रो दिनः**

- रामग्राम स्तूपको भ्रमण, अध्ययन अवलोकन,  स्तूपको पूजा र परिसरमा ध्यान साधना
- नजिकै रहेको जापानिज  बोसिनोकाई मन्दिरको भ्रमण, अवलोकन, पूजापाठ
- बराही महुवा थारु गाउँ भ्रमण र थारु संस्कृतिको अनुभव
- त्रिवेणीधाम गजेन्द्र मोक्ष धाम, वाल्मीकि आश्रम भ्रमण अवलोकन र पूजापाठ
- रामग्राम भएर फिर्ता वा माया देवी मन्दिरको दर्शन गर्दै चितवन प्रस्थान

**३ दिन/२ रातको टुर प्याकेज**

**पहिलो दिनः** माथि  उल्लेख भएकै कार्यक्रम

**दोश्रो दिनः** माथि उल्लेख भएकै कार्यक्रम

**तेस्रो दिनः**

- थारु गाउँ सिसपुरको भ्रमण
- गुरुङ्ग गाउँ खैरहनिको भ्रमण

- बुटवलमा दिवा भोजन
- हिलपार्क भ्रमण अवलोकन
- जितगढी भ्रमण अवलोकन
- सैनामैना भ्रमण अवलोकन
- प्रस्थान

### ७.७ पर्यटन तालिम

पर्यटन व्यवसायीहरुलाई के-कस्ता तालिम दिनु उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विषय विज्ञहरुसँग विभिन्न मितिमा सघन अन्तरवार्ता लिएको थियो । पर्यटन व्यवसायको तालिमको सम्बन्धमा विज्ञको राय निम्न बमोजिम रहेको छ ।लुम्बिनी विकास कोषका योजना प्रमुख इन्जिनियर सरोज भट्टराईका अनुसार प्रदेश सरकार लुम्बिनी विकास कोष र स्थानीय सरकारहरू मिलेर यस क्षेत्रका युवाहरुलाई पर्यटनसँग सम्बन्धित विभिन्न तालिमहरु जस्तै पथ प्रर्दशक तालिम, भाषा (English, Thai, Chinese, Korean, Japanese, Sri Lankan etc) तालिमः कुक तालिम, Front Office तालिम, हस्तकला उत्पादन तालिम, साधारण लेखा तालिम, नेतृत्व विकास तालिम आदि दिनुपर्दछ (व्यक्तिगत सम्वाद, मिति २०७७/१/५) ।

सिद्धार्थनगर होटल एसोसिएसनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठका अनुसार, होटल सञ्चालक तथा श्रमिकहरुलाई अतिथी सत्कार, Room Service, Food and Beverage, Laundry, Bookings, Guest Relation जस्ता तालिम यो क्षेत्रको होटल व्यवसायीहरुलाई आवश्यक छ । सरकारी, गैरसरकारी तथा निजी क्षेत्र सबै मिलेर यस्ता खालका तालिमहरु नियमित रुपमा सञ्चालन गर्नुपर्दछ । भैरहवाको विभिन्न विमानस्थलको स्तोरन्नतीसँगै यस क्षेत्रका होटल व्यवसायीहरुलाई सक्षम र प्रतिस्पर्धी बनाउनको लागि यस्ता तालिमहरु सकेसम्म चाँडो सञ्चालन गर्नुपर्नेमा उहाँको जोड रहयो (व्यक्तिगत सम्वाद, मिति २०७७/१/७) ।

PATA, नेपाल च्याप्टरका सभापति सुनिल शाक्यका अनुसार पर्यटन उद्योगसँग सम्बद्ध सबै क्षेत्रहरू जस्तै पर्यटकीय स्थल, सरकारी अधिकारीहरु, होटल व्यवसायीहरु, ट्राभेल एजेन्सीहरु, यातायात कम्पनिहरु, हस्तकलाका उत्पादक तथा कोसेली घर सञ्चालकहरु, रेष्टुरेन्ट व्यवसायीहरु, निजी यातायात सञ्चालकहरु, पथ प्रदर्शकहरु आदि सबैलाई अन्तर्राष्ट्रिय स्तरका तालिमहरु आवश्यक पर्दछ । यस्ता तालिमहरु सञ्चालन गर्दा अतिथि सत्कारको अन्तर्राष्ट्रिय मापदण्ड र पाठ्यक्रम अनुसार सञ्चालन गर्नुपर्दछ । साथै यस्ता तालिम यो उद्योगसँग प्रत्यक्षरुपमा सम्बद्ध सबै सञ्चालक तथा श्रमिकहरुले पाउनुपर्दछ (व्यक्तिगत सम्वाद, मिति २०७६/१२/१६) ।

### ७.८ प्रचार-प्रसार तथा पर्यटन बजारीकरण

#### ७.८.१ प्रचार-प्रसार

बृहत्तर लुम्बिनी क्षेत्र तथा प्रदेश नं ५ का पर्यटकीय स्थलहरूको पर्यटन बजारसम्म ठीक ढङ्गले प्रचारप्रसार गर्नका लागि हाल यी पर्यटकीय स्थलको बारेमा पर्यटन बजारले कसरी जानकारी प्राप्त गरेको छ भन्ने कुरा यकिन गर्न जरुरी हुन्छ । तसर्थ वर्तमान अध्ययनको क्रममा १५० जना उत्तरदाताहरुसँग यस क्षेत्रको पर्यटकीय स्थलहरुको सूचनाको स्रोत सम्बन्धमा सर्भे गरिएको थियो । जस मध्ये १३६ जनाले ठीक ढङ्गले प्रश्नावली भरे भने बाँकी १४ जनाले खाली छोडेको पाइयो । यसको नतिजा तल टेबल मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१६ लुम्बिनी क्षेत्रको जानकारीको स्रोत**

| जानकारीको स्रोत | पर्यटक संख्या | प्रतिशत |
|---|---|---|
| इन्टरनेट श्रोत | ४८ | ३५.२९ |
| पाठ्यपुस्तक | ४१ | ३०.१५ |
| साथीभाई/नातागोता | १४ | १०.२९ |
| ट्राभल एजेन्सी | १४ | १०.२९ |
| टि.भि./पत्रपत्रिका | ११ | ८.०९ |
| अन्य | ८ | ५.८८ |
| **जम्मा** | **१३६** | **१००** |

**स्रोतः प्रश्नावली सर्भे, २०७७**

माथि तालिकामा देखाइएको प्रश्नावली सर्भेको नतिजा अनुसार बृहत्तर लुम्बिनी क्षेत्र र वरपरका पर्यटकीय स्थलको बारेमा अधिकांश पर्यटकहरुले इन्टरनेट स्रोतको (३५.२९%) माध्यमबाट जानकारी पाउँदछन त्यसपछि घट्दो क्रममा (Descending Order) मा क्रमश : पाठ्यपुस्तक (३०.१५%), साथीभाई/नातागोता (१०.२९%), ट्राभल एजेन्सी (१०.२९%), टि.भि./पत्रपत्रिका (८.०९%), र अन्य (५.८८%) स्रोतहरू रहेका छन ।

यो तथ्यांकबाट के देखिन्छ भने आज विश्व पर्यटन बजार इन्टरनेटमुखी छ त्यसैले सूचना प्रबाह गर्दा इन्टरनेटको व्यापक प्रयोग गर्नु पर्ने र हाम्रो प्रचार सामग्रीहरुलाई इन्टरनेटमैत्री बनाउनुपर्ने देखिन्छ । अनि अर्को महत्वपूर्ण तथ्य के स्पष्ट भएको छ भने यस क्षेत्रका ट्राभल एजेन्सीहरुको पहुँच विश्वको पर्यटन बजारसम्म राम्रोसँग पुग्न सकेको छैन । यस क्षेत्रमा ट्राभल एजेन्सीहरुले बढी काम गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ७.८.२ पर्यटन बजारीकरण

बृहत्तर लुम्बिनी क्षेत्रका साथै प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलहरूको पर्यटन बजारीकरण गर्नका लागि हाल पर्यटकहरुले यी पर्यटकीय स्थलको बुकिङ कसरी गरेका छन भन्ने कुरा यकिन गर्नु जरुरी हुन्छ । तसर्थ वर्तमान अध्ययनको क्रममा १५० जना उत्तरदाताहरुसँग बुकिङ सम्बन्धमा सर्भे गरिएको थियो । जस मध्ये १३७ जनाले ठीक ढङ्गले प्रश्नावली भरे भने बाँकी १३ जनाले खाली छोडेको पाइयो । यसको नतिजा तल तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं.१७ लुम्बिनी क्षेत्रको भ्रमणको बुकिङको माध्यम**

| बुकिङको माध्यम | पर्यटक संख्या | प्रतिशत |
|---|---|---|
| ट्राभल एजेन्सी | ७८ | ५६.९३ |
| इन्टरनेट | ४१ | २९.९३ |
| F.I.T. | १२ | ८.७६ |
| अन्य | ६ | ४.३८ |
| **जम्मा** | **१३७** | **१००** |

**स्रोतः प्रश्नावली सर्भे, २०७७**

यस अध्ययनबाट बृहत्तर लुम्बिनी बौद्ध परिपथको लागि प्याकेज बुकिङ गर्दा सबैभन्दा बढी ट्राभल एजेन्सीबाट ५६.९३ प्रतिशतले गरेको पाइयो । त्यसपछि घट्दो क्रममा क्रमश इन्टरनेटबाट (२९.९३%), F.I.T. (८.७६%), र अन्य (४.३८%) रहेको पाइयो ।

हाललाई बुकिङको माध्यम माथिका टेबलमा प्रस्तुत गरिए बमोजिम भएको पाइए पनि भविष्यमा पर्यटकहरुले इन्टरनेटको माध्यमबाट सेवा तथा वस्तु प्रत्यक्षरुपमा खरिद गर्ने कुरामा दुईमत छैन । तसर्थ पर्यटन व्यवसायीहरुले आफ्नो, वस्तु, सेवा वा सुविधाहरुलाई इन्टरनेटमैत्री बनाई बढी लाभ लिनु सक्नुपर्दछ ।

### ७.८.३ प्रचार-प्रसार र पर्यटन बजारीकरणका लागि गर्नु पर्ने कार्यहरु

पूर्व अध्ययनहरूको विश्लेषण तथा समीक्षा, विषयविज्ञ तथा सरोकारवालाहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाको आधारमा बृहत्तर लुम्बिनी बौद्ध परिपथ लगायत प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलहरूको प्रचारप्रसार तथा बजारीकरणका लागि निम्न बमोजिमका कार्य गर्नु गराउनु पर्ने निष्कर्ष आएको छ ।

- प्रदेश नं ५ का मूर्त तथा अमूर्त सम्पूर्ण सम्पदाहरुको  अभिलेखीकरण, व्याख्या तथा विकास गरी मल्टिमिडियाको माध्यमबाट प्रचार प्रसार गर्नुपर्छ ।
- Macro लेबलमा सरकारले अन्तर्राष्ट्रिय स्तरमा र Micro लेबलमा पर्यटनसँग सम्बन्धित निकाय तथा निजी क्षेत्रले यहाँका पर्यटकीय सम्पदाहरूको प्रचार प्रसार गर्नुपर्दछ ।
- ठूला भौतिक पुर्वाधारको विकास सरकारले गर्नुपर्दछ ।
- पर्यटकीय सेवा तथा सुविधाहरु निजी क्षेत्रले प्रदान गर्नुपर्दछ ।
- G to G, B to B, P to P लेबलमा यस क्षेत्रको पर्यटनको बजारीकरण गर्नुपर्दछ ।
- स्वदेश तथा विदेशमा Trade-show, Festival, Event आदि आयोजना गरी नेपाली पर्यटनलाई प्रवर्द्धन गर्नुपर्दछ ।
- अफसिजनमा  पर्यटन सेवा तथा सुविधाहरु मा Discount को व्यावस्था गर्नु पर्दछ ।
- लुम्बिनी क्षेत्रमा रहेका अन्तर्राष्ट्रिय बिहारहरुलाई बृहत्तर लुम्बिनी क्षेत्र र प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलको बारेमा प्रचार गर्न प्रोत्साहित गर्नुपर्छ ।
- प्रचारप्रसारका सबै माध्यम जस्तै पत्रपत्रिका, अखबार, रेडियो, टेलिभिजन,  सामाजिक सञ्जाल, ईमेल, इन्टरनेट, पारिवारिक यात्रा प्रयोग गर्नुपर्दछ ।

## ७.९ समन्वय तथा सहकार्य

पूर्व अध्ययनहरूको विश्लेषण तथा समीक्षा, विषयविज्ञ तथा सरोकारवालाहरुसँग गरिएको छलफल तथा अन्तर्क्रियाको आधारमा बृहत्तर लुम्बिनी बौद्ध परिपथ लगायत  प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलहरूको दिगो पर्यटन विकासका लागि निम्न बमोजिमका कार्य गर्नु गराउनु पर्ने निष्कर्ष आएको छ ।

### ७.९.१ पर्यटन सम्बद्ध निकायहरूको पहिचान

प्रदेश नं ५ को  पर्यटन मन्त्रालयले पर्यटनसँग सम्बद्ध निकायहरु निम्न बमोजिम वर्गीकरण गरी पहिचान गर्न सक्दछ । पर्यटनसँग प्रत्यक्षरुप सम्बद्ध निकायहरु: संघीय पर्यटन मन्त्रालय, लुम्बिनी विकास कोष, पुरातत्व विभाग, नेपाल पर्यटन बोर्ड, NATHM, होटल एशोसियसन, ट्राभल एजेन्ट्स एशोसियसन, टुर गाइड एशोसियसन, दातृ निकायहरु ( UNESCO, ADB, WB, KOICA, WWF, JFiT), लुम्बिनी स्थित अन्तर्राष्ट्रिय विहारहरु, सम्बन्धित पालिका सरकारहरू आदि ।

**पर्यटनसँग अप्रत्यक्षरुप सम्बद्ध निकायहरुः** भौतिक योजना मन्त्रालय, सडक विभाग, बिधुत प्राधिकरण, वन मन्त्रालय/विभाग, वातावरण मन्त्रालय/विभाग, सुरक्षा निकायहरु, अस्पताल तथा स्वास्थ्य सम्बन्धी निकायहरू, अध्यागमन विभाग आदि ।

### ७.९.२ पर्यटनसँग सम्बद्ध आवश्यक निकायहरूको स्थापना/निर्माण

प्रदेश नं ५ को पर्यटन मन्त्रालयले अध्ययन गरेर आवश्यक पर्ने निकायहरूको स्थापना/निर्माण गर्न सक्दछ । जस्तै परदेश स्तरको पर्यटन बोर्ड, प्रदेश स्तरको NATHM आदि ।

### ७.९.३ पर्यटनसँग सम्बद्ध निकायहरूसँग समन्वय

यस अन्तरगत पर्ने सम्पूर्ण पर्यटकीय स्थलहरूको प्रवर्द्धन तथा यस क्षेत्रमा दीगो पर्यटन विकासका लागि मुख्य भूमिका र दायित्व यसै प्रदेशको हुने भएको हुँदा प्रदेश नं ५ को पर्यटन मन्त्रालयले पर्यटनसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बद्ध निकायहरुसँग नियमित पत्राचार वा सञ्चार स्थापना गर्नुपर्दछ । यस प्रदेश अन्तरगतका प्रत्येक पर्यटकीय स्थलहरूको प्रवर्द्धन तथा पर्यटन विकासका सम्बन्धमा आवश्यक नीति नियम, ऐन, कानून तथा रणनीति तर्जुमा गर्न यस्ता निकायहरूसँग नियमित समन्वय तथा छलफल गर्नुपर्दछ ।

### ७.९.४ पर्यटनसँग सम्बद्ध निकायहरूसँग सहकार्य

प्रदेश पर्यटन मन्त्रालयले सम्बद्ध निकायहरुसँग पूर्वाधार विकास, सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन, प्रचारप्रसार र बजारीकरण जस्ता क्षेत्रमा सहकार्य गरी प्रदेश नं ५ मा पर्यटन विकास गर्न सक्दछ ।

### ७.१० पर्यटनको लाभको बृद्धि तथा समुचित वितरण

पर्यटनबाटै प्रदेश नं ५ ले दोहोरो अंकको आर्थिक वृद्धि, बिदेशी मुद्रा आर्जन र रोजगारीको श्रृजना गर्ने हो भने लुम्बिनी क्षेत्रमा बर्सेनि भ्रमण गर्ने १५ लाख भन्दा बढी पर्यटकहरुलाई लुम्बिनी भ्रमण गरिसकेपछि कपिलवस्तु, नवलपरासी र यस प्रदेशका अन्य पर्यटकीय स्थलहरुमा पुऱ्याउनको लागि पर्यटन पूर्वाधारको विकास, सेवा र टुर प्याकेजहरु निर्माण गरी बजारीकरण गर्नुपर्दछ । यस सम्बन्धमा तल विवेचना गरिएकोछ ।

### ७.१०.१ पर्यटकको समुचित वितरण

वृहत्तर लुम्बिनी क्षेत्र लगायत प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलको पर्यटनबाट उचित लाभ लिन सकिएको छैन । यसको कारण पर्यटकको बसाई अवधि अत्यन्त न्यून रहनु हो । लुम्बिनी आएका पर्यटकहरु वृहत्तर लुम्बिनी क्षेत्रका अन्य स्थानहरुको घुमफिर नगरीकन, लुम्बिनीबाट सोझै फर्किने गरेका छन । जुन कुरा तलको तालिका नं १८ ले स्पष्ट पार्दछ ।

**तालिका नं. १८ वृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटकको वितरण**

| वर्ष | राष्ट्रियता | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तुमा पर्यटकको प्रतिशत | रामग्राम-देवदह | रामग्राम-देवदह पर्यटकको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०१४ | तेस्रो मुलुक | १३६९९१ | २९००० | २३.१० | ३४७० | २.७७ |
| | भारत | १५४२१६ | १९७ | ०.१३ | ० | ०.०० |
| | नेपाल | ९०२६२१ | १७१२७ | १.२४ | २००० | ०.३५ |
| | **जम्मा** | **११९३८२८** | **७६३२४** | **६.३९** | **५४७०** | **०.४६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०१५ | तेस्रो मुलुक | १२९१८० | २२३३३ | १७.२९ | ३५४० | २.७४ |
| | भारत | १३०२६२ | ३०७१ | २.३६ | ७ | ०.०१ |
| | नेपाल | ४८८८५२ | १०८२० | २.२१ | ३२४८ | ०.६६ |
| | **जम्मा** | **७४८२९४** | **३६२२४** | **४.४८** | **६७९५** | **०.९१** |
| २०१६ | तेस्रो मुलुक | १३६२५३ | २९१६१ | २१.४० | ३६१० | २.६५ |
| | भारत | १३४२६९ | ३२२२ | २.४० | १२ | ०.०१ |
| | नेपाल | १०१५१५८ | १०९३१ | १.०८ | ३९२५ | ०.३९ |
| | **जम्मा** | **१२८५६८०** | **३६२२४** | **३.३७** | **७५४७** | **०.५९** |
| २०१७ | तेस्रो मुलुक | १४५७९६ | ३७०७५ | २५.४३ | ३५४७ | २.४३ |
| | भारत | १५५४४४ | ३४९६ | २.२५ | १९ | ०.०१ |
| | नेपाल | १२५१३४६ | ११०३३ | ०.८८ | ४२२१ | ०.३४ |
| | **जम्मा** | **१५५२५८६** | **५१६०४** | **३.३२** | **७७८७** | **०.५०** |
| चार वर्षको सरदर प्रतिशत | | | | ३.८६% | | ०.६६% |

**Source: Rai (2020, p. 6)**

माथि तालिका नं. १८ मा सन् २०१४ देखि २०१७ को चार वर्ष अवधिमा विभिन्न पर्यटक खण्ड (Tourist Segment) ले वृहत्तर लुम्बिनी क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरू लुम्बिनी-कपिलवस्तु र रामग्राम-देवदह क्षेत्रमा गरेको भ्रमणको तथ्यांक प्रस्तुत गरिएको छ । तालिकामा देखाइए अनुसार सन् २०१४ मा लुम्बिनी भ्रमण गरेका कूल ११,९३,८२८ विभिन्न सेगमेन्टका पर्यटकहरु मध्ये जम्मा ७६३२४ जनाले कपिलवस्तु क्षेत्रको र ५४७० जनाले रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेका थिए । उक्त वर्ष ६.३९ प्रतिशत पर्यटकले कपिलवस्तुको र ०.४६ प्रतिशत पर्यटक रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेको देखिन्छ ।

सन् २०१५ मा लुम्बिनी भ्रमण गरेका कूल ७४८२९४ विभिन्न सेगमेन्टका पर्यटकहरु मध्ये जम्मा ३६२२४ जनाले कपिलवस्तु क्षेत्रको र ६७९५ जनाले रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेका थिए । उक्त वर्ष ४.४८% पर्यटकले कपिलवस्तुको र ०.९१% पर्यटक रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेको देखिन्छ । यो वर्ष विनासकारी महाभुकम्पले नेपाली पर्यटनलाई तहसनहस पारेको थियो । लुम्बिनी भ्रमण गरेका थोरै पर्यटक मध्ये पनि सारै न्यून पर्यटक मात्र कपिलवस्तु क्षेत्र र देवदह रामग्राम क्षेत्रमा गएका थिए ।

त्यसैगरी सन् २०१६ मा १२८५६८० विभिन्न सेगमेन्टका पर्यटकहरुले लुम्बिनीको भ्रमण गरेका थिए जसमध्ये जम्मा ३६२२४ जनाले कपिलवस्तु क्षेत्रको र ७५४७ जनाले रामग्राम-देवदह क्षेत्रको भ्रमण गरे । उक्त वर्ष ३.३७% पर्यटकले कपिलवस्तुको र ०.९९% पर्यटक रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेको देखिन्छ ।

सन् २०१७ मा लुम्बिनी भ्रमण गरेका कूल १५५२५८६ पर्यटकहरु मध्ये जम्मा ५१६०४ जनाले कपिलवस्तु क्षेत्रको र ७७८७ जनाले रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेका थिए । उक्त वर्ष ३.३२% पर्यटकले कपिलवस्तुको र ०.५०% पर्यटक रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेका थिए ।

लुम्बिनी भ्रमण गर्न आउने पर्यटकहरु मध्ये कपिलवस्तु क्षेत्र र रामग्राम-देवदह क्षेत्रको भ्रमण गर्ने पर्यटक संख्या प्रत्येक वर्ष घट्दै जानु चिन्ताको विषय हो । विगत चार वर्षको सरदर प्रतिशत हेर्दा लुम्बिनी भ्रमण गर्ने पर्यटकहरु मध्ये ३.८६% ले कपिलवस्तु क्षेत्र र ०.६६% ले मात्र रामग्राम-देवदह क्षेत्रको भ्रमण गरेका थिए । यो क्षेत्रमा पर्यटनको गुणस्तर विकास गर्ने र पर्यटन उद्योगबाट आशातित फाइदा लिनको लागि पर्यटकहरूको समुचित वितरण प्रणालीको विकास गरी पर्यटकहरुलाई लुम्बिनीबाट वरिपरिका पर्यटकीय स्थलहरुमा घुम्न पठाउने व्यवस्था मिलाउनु पर्दछ । लुम्बिनीलाई पर्यटक तान्ने प्रमुख आकर्षण (Pull Factor) बनाएर लुम्बिनी घुमिसकेका पर्यटकलाई अन्यत्र पठाउने

व्यवस्था, प्रणाली र कार्यक्रम बनाई सोही अनुसार कार्यान्वियन गर्नुपर्दछ । यसो गर्नाले अन्तरक्रिया तथा छलफल कार्यक्रममा उठेका विषयहरु Carrying Capacity, वातावरण संरक्षण लगायतका समस्याको समेत समाधान हुनेछ । पर्यटकको समुचित वितरणको मुख्य लाभ चाहिँ पर्यटनको प्रमुख केन्द्र वरिपरिका स्थानहरुमा समानुपातिक ढंगले आयआर्जन, रोजगारी, आदिको अवसर प्राप्त भई सन्तुलित आर्थिक विकास हुनु नै हो । तसर्थ लुम्बिनी आएका पर्यटकलाई वरिपरिको स्थलमा सकेसम्म पठाई पर्यटकहरूको समुचित वितरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

### ७.१०.२ पर्यटनको लाभको बृद्धि

पर्यटनको लाभ भन्नाले स्थानीय समुदाय (Host Cummunity) ले पर्यटक र पर्यटन उद्योगबाट प्राप्त गर्ने आर्थिक, सामाजिक, शैक्षिक आदि क्षेत्रका व्यक्तिगत तथा सार्वजनिक फाइदाहरु हुन् । स्थानीय समुदायले यस्ता पर्यटनका लाभहरु अधिकतम मात्रामा लिनको लागि पर्यटकहरूको समुचित वितरण, बसाइ अवधि र पर्यटक खर्चको बृद्धि गर्नुपर्ने हुन्छ । व्यवस्थित तथा वैज्ञानिक ढंगले पर्यटनको विकास गर्ने हो भने प्रदेश नं ५ का विभिन्न पर्यटकीय स्थलहरुले निम्नअनुसार पर्यटनका लाभ प्राप्त गर्न सक्दछन् ।

**तालिका नं. १९ वृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटक संख्या**

| वर्ष | राष्ट्रियता | | जम्मा | नेपाली | कूल जम्मा |
|---|---|---|---|---|---|
| | तेस्रो मुलुक | भारत | | | |
| २०१९ | १७३०८३ | २०४८२५ | **३७७९०८** | ११४३८३५ | १५२१७४३ |

**स्रोतः लुम्बिनी बिकास कोष, २०१९**

लुम्बिनी विकास कोषको सूचना तथा जुन सम्पर्क शाखाका अनुसार सन् २०१९ मा नेपाली र बिदेशी गरी जम्मा १५,२१,७४३ पर्यटकले भ्रमण गरेका थिए । नेपाली बाहेक तेस्रो मुलुकका १,७३,०८३ र भारतीय पर्यटक २,०४,८२५ गरी कूल ३,७७,९०८ बिदेशी पर्यटकले लुम्बिनीको भ्रमण गरेको देखिन्छ ।

वृहत्तर लुम्बिनी क्षेत्रमा सरदर प्रति पर्यटक प्रतिदिन खर्च रु.५२९२ रहेको छ Rai, (2020, p.204)। साथै सरदर पर्यटक बसाइ अवधि यस क्षेत्रमा १.८८ दिन रहेको छ (Ibid, p.199), MoCTCA (2014, p.25)। १ जना पर्यटक बराबर सरदर ६ व्यक्तिले प्रत्यक्ष वा परोक्ष रुपमा रोजगारी प्राप्त गर्दछन् । पर्यटकहरूको समुचित वितरण गर्दा यस क्षेत्रले पर्यटनबाट कसरी लाभ दिन सक्छ भन्ने कुरा तलको तालिकामा चर्चा गरिन्छ ।

**तालिका नं. २० : लुम्बिनीमा आएका पर्यटकहरुलाई अन्य स्थलमा लैजादा हुने फाइदा**

| लुम्बिनीमा पर्यटक संख्या | अन्य स्थलमा ५०% लगेर १ दिन राख्न सके | अन्य स्थलमा ३०% लगेर १ दिन राख्न सके | अन्य स्थलमा २०% लगेर १ दिन राख्न सके |
|---|---|---|---|
| हुने वार्षिक आम्दानी | रु.९९९९२२५६८ | रु.५९९९६६७४० | रु.३९९९७७८२७ |
| प्राप्त हुने रोजगारी संख्या | ५८४० जना अर्थात ११३३७२४ जना दिन | ३५०३ जना अर्थात ६८०२३४ जना दिन | २३३६ जना अर्थात ४५३४८९ जना दिन |

**स्रोतः वर्तमान अध्ययनको बिश्लेषण**

माथि तालिका नं. २० मा प्रस्तुत भएको तथ्यांक बमोजिम कपिलवस्तु क्षेत्र, देवदह रामग्राम क्षेत्र वा अन्य कुनै पर्यटकीय स्थलमा लुम्बिनीमा आउने पर्यटक संख्याको ५०%, ३०% र २०% मात्रै लगेर एकदिन राख्न सक्ने हो भने

अन्य स्थलले वार्षिक आम्दानी क्रमशः रु.९९,९९,२२,५६८, रु.५९,९९,६६,७४० र रु.३९,९९,७७,८२७ गर्न सक्नेछ । साथै उक्त पर्यटकीय स्थलले क्रमशः ५८४० जना अर्थात ११,३३,७२४ जना दिन, ३५०३ जना अर्थात ६,८०,२३४ जना दिन र २३३६ जना अर्थात ४,५३,४८९ जना दिनलाई रोजगारी प्रदान गर्न सक्छ ।

आम्दानी र रोजगारीको यो तथ्यांकीय विश्लेषणले केवल तेस्रो मुलुक र भारतबाट आउने बिदेशी पर्यटकको संख्यालाई मात्रै समेटेको छ । लुम्बिनी भ्रमण गर्ने पर्यटकहरु मध्ये विदेशी पर्यटक करिब २५% र नेपाली पर्यटक करिब ७५% हुने गरेको आधिकारिक तथ्यांकहरुले देखाउँछन । विदेशी पर्यटकहरुबाट मात्रै पनि यति धेरै आर्थिक लाभ र रोजगारी श्रृजना हुन सक्दछ भने अत्यन्त ठूलो हिस्साको रुपमा रहेको नेपाली पर्यटकहरुको संख्या समेत समावेस गरेर बिश्लेषण गर्ने हो भने यस क्षेत्रमा पर्यटनबाट हुने लाभ अत्यन्त उत्साहप्रद देखिन्छ । नेपालीहरुमा पनि हाल बिदाको समयमा घुम्ने र खर्च गर्ने चलन व्यापक हुँदै गइरहेको परिप्रेक्ष्यमा यो क्षेत्रको पर्यटनको भविष्य अत्यन्त उज्जवल देखिन्छ । पर्यटनबाट यस्तो आकर्षक लाभ लिनका लागि एकातिर यस अध्ययनले दिएका सुझावहरुलाई अक्षरस कार्यान्वयन गर्दै जानु आवश्यक छ भने अर्कोतिर निरन्तर यस्तो अध्ययन अनुसन्धान र सो को कार्यान्वयन गर्दै जानु पर्छ ।

वृहत्तर लुम्बिनी क्षेत्र लगायत प्रदेश नं ५ पर्यटनबाट अत्यधिक लाभ लिनका लागि भगवान गौतम बुद्धको जन्मस्थल विश्व साँस्कृतिक सम्पदामा सूचीकृत लुम्बिनीलाई आकर्षणको प्रमुख केन्द्र (Pull Factor) बनाई विश्वभरका पर्यटकहरुलाई यस प्रदेशतिर आकर्षित गर्नु पर्दछ । त्यसपछि  लुम्बिनी वरिपरिका अन्य पर्यटकीय स्थलहरुमा भ्रमणमा लैजानका लागि आवश्यक पर्ने सम्पूर्ण पर्यटन पूर्वाधार तथा सेवा विकास गरी सोही बमोजिम पर्यटकीय सम्पदाहरूको बजारीकरण गर्नुपर्दछ ।

# आध्याय-८

# निष्कर्ष तथा सुझाव

## ८.१ अध्ययनको परिणाम र निष्कर्ष

प्रदेश नं ५ अन्तरगत बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगतका महत्वपूर्ण सम्पदाहरुको खोज तथा अनुसन्धान र एकीकृत पर्यटन विकास सम्बन्धी अध्ययन-२०७७ को प्रारम्भिक छलफलमा विषयविज्ञहरू-पुरातत्वविद् वसन्त बिडारी, हिमाल कुमार उप्रेती, पुरातत्व विभागका प्रवक्ता तथा पुरातत्वविद् राम बहादुर कुँवर, बौद्ध भिक्षु श्रद्धेय मैत्री महास्थविर, बौद्ध तथा संस्कृतिविद् इन्द्र काफ्ले, पर्यटनविद् प्रा.डा.रमेश कुँवर र डा.हिमलाल घिमिरे समेतका व्यक्तित्वहरुसँग साक्षात्कार गर्दा बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगत पर्ने हालसम्म एकीन पहिचान नभएका पुरातात्विक स्थलहरूको खोज तथा अनुसन्धान गर्नको लागि अन्वेषण तथा उत्खनन् गर्नुपर्ने आवश्यकता देखियो । साथै यस्तो कार्य गर्न सक्षम पुरातत्वविदहरूको टोली परिचालन गर्नुपर्ने, जसको लागि कम्तिमा २ र ३ बर्षको अध्ययन समय सीमा र ठूलो आकारको बजेट आश्यकता पर्ने हुन्छ । त्यही भेलाले प्रदेश नं ५ को पर्यटन मन्त्रालयसँग गरिएको कार्यदेश सम्झौता अनुसार यस प्रदेश अन्तरगत वृहत्तर लुम्बिनी क्षेत्र र यसको वरपर रहेका पर्यटकीय स्थलहरूको अभिलेखीकरण गर्ने र पर्यटन विकास सम्बन्धमा विशेष जोड दिएर अध्ययन सम्पन्न गर्ने सुझाव समेत दियो । सोहि प्रारम्भिक छलफलको सुझाव बमोजिम प्रश्नावली, सघन अन्तरवार्ता, स्थलगत अध्ययन, कार्यशाला गोष्ठी जस्ता अध्ययन विधि अपनाई अध्ययन अनुसन्धान कार्य सम्पन्न गरियो । यस अध्ययनका प्रमुख निष्कर्ष निम्न बमोजिम रहेका छन् ।

**सम्पदाहरुको वर्गीकरण**

यस अध्ययनले प्रदेश नं ५ अन्तरगत बृहत्तर लुम्बिनी बौद्ध परिपथ र सम्बद्ध साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुलाई निम्न बमोजिम वर्गीकरण गरिएको छ ।

(१) बृहत्तर लुम्बिनी बौद्ध परिपथका प्रमुख मूर्त सम्पदा

(२) बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका प्रमुख मूर्त सम्पदा

(३) प्रदेश नं ५ का अमूर्त सम्पदा

बृहत्तर लुम्विनी परिपथका प्रमुख मूर्त सम्पदा अन्तरगत लुम्विनी, कुदान, गोटिहवा, तिलौराकोट, निग्लीहवा, अरौराकोट, सगरहवा, सिसनिया, रामग्राम र देवदहको विस्तृत अध्ययन गरिएको छ । बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका प्रमुख मूर्त सम्पदा ती सम्पदाहरुको अवस्थिति, बर्तमान अवस्था, र सुधारका लागि गर्नुपर्ने कार्यहरु बारे अध्ययन गर्नुको साथै फोटो र नक्सा सहित ती सम्पदाहरुको अभिलेखीकरण गरिएको छ । (लुम्बिनी देखि विभिन्न सम्पदाहरुसम्मको दूरी सहितको नक्सा नं. ७४)

प्रदेश नं ५ मा पर्यटकको संख्या, बसाइ अवधिमा र खर्चमा वृद्धि गरी दीगो पर्यटन विकास गर्नका लागि यस क्षेत्रको पर्यटक उत्पाद (Tourism Product) लाई विविधिकरण गर्न आवश्यक देखिएकोले बृहत्तर लुम्बिनी बौद्ध परिपथ वरिपरिका सम्पदा अन्तरगत प्रदेश नं ५ का ९७ वटा र प्रदेश बाहिरका १३ वटा गरी कूल ११० वटा पर्यटकीय स्थलहरूको अवस्थिति, परिचय, महत्व, फोटो र नक्सा सहित अभिलेखीकरण गर्ने कार्य भएको छ । यद्यपि यो अध्ययन प्रतिवेदनले आफ्ना सीमाको कारणले अन्य धेरै महत्वपूर्ण सम्पदाहरु नसमेटेको हुन सक्दछ । यो प्रतिवेदनले पर्यटकीय

सम्पदाहरुको अभिलेखन कार्यको निम्ति मार्ग प्रशस्त भने गरेको छ । आगामी दिनमा यो प्रतिवेदनको ढाँचामा प्रदेश सरकारको निर्देशन तथा मार्ग-दर्शनमा मूर्त तथा अमूर्त सम्पदाहरुको अभिलेखन गर्ने कार्य स्थानीय सरकार, सरोकारवाला पक्षका साथै पर्यटनसँग आवद्ध संघ संस्थाहरुले निरन्तर अगाडी बढाउनुपर्दछ ।

**पर्यटकीय सम्पदाहरुको SWOT विश्लेषण**

यस क्षेत्रमा रहेका पर्यटकीय सम्पदा तथा पर्यटन उत्पादहरुको SWOT विश्लेषण निम्न बमोजिम गरिएको छ ।

**पर्यटन विकासमा प्रदेश नं. ५ को सबलता :** यस क्षेत्रमा भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी, ऋकुच्छन्द बुद्धको जन्मस्थल गोटिहवा, कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवा अवस्थित हुनु, लुम्बिनीमा विभिन्न राष्ट्रका ३० भन्दा बढि अन्तर्राष्ट्रिय बौद्ध मन्दिर अवस्थित हुनु, भैरहवाको गौतमबुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तोरन्नती गरिनु, विश्वकै चर्चित पर्यटकीय स्थल पोखरा र चितवन राष्ट्रिय निकुञ्ज समेत सडक सञ्जालबाट यो प्रदेशसँग जोडिएको हुनु, साथै घना जंगल, सुन्दर पहाड (Hill stations), पवित्र हिन्दू तीर्थस्थलहरु, वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्ज आदि जस्ता पर्यटकीय दृष्टिले  महत्वपूर्ण स्थलहरु हुनु सबल पक्ष हो ।

**पर्यटन विकासमा प्रदेश नं. ५ को दुर्बलता :** लुम्बिनी गुरुयोजना अझै सम्पन्न नहुनु, पर्यटन विकास सम्बन्धी स्पष्ट दूरदृष्टि, नीति, योजना तथा कार्यक्रम नहुनु, पर्यटकीय सम्पदाहरूको अभिलेखीकरण, ब्राण्डिङ र प्रवर्द्धन नहुनु, पर्यटकीय सम्पदाहरुको समुचित अध्ययन-अनुसन्धान, उत्खनन र संरक्षण नहुनु, पर्यटकीय स्थलहरुमा पर्यटनका पूर्वाधार तथा सेवाहरु उपलब्धता न्यून हुनु, पर्यटनसँग सम्बन्धित निकाय र निजी क्षेत्रको क्षमता प्रतिस्पर्धी नहुनु, पर्यटन परिपथ, पर्यटकीय प्याकेज र पर्यटक क्रियाकलापहरु तय नहुनु, पर्यटकीय स्थलहरूको प्रचार प्रसार तथा बजारीकरण नहुनु, पर्यटन विकासका लागि लगानीको अभाव हुनु जस्ता कमजोर पक्ष रहेका छन् ।

**पर्यटन विकासमा प्रदेश नं. ५ को सम्भावना :** यस क्षेत्रको पर्यटन विकासका लागि विश्व बेंक, एसियाली विकास बेंक, KOICA, JFiT, WWF जस्ता अन्तर्राष्ट्रिय दातृनिकायहरूको लगानीको सम्भावना रहेको, युनेस्को, विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूबाट यस क्षेत्रका सम्पदाहरूको अध्ययन, अनुसन्धान तथा उत्खननमा सहयोगको सम्भावना रहेको, नियमित रुपमा लुम्बिनीमा आयोजना गरिने गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार तथा विश्व बौद्ध शिखर सम्मेलन जस्ता कार्यक्रमले संसारको ध्यान यस प्रदेशतिर आकृष्ट गर्ने अवस्था रहेको, लुम्बिनीको महत्वलाई मध्यनजर गरेर उत्तरबाट चीन र दक्षिणबाट भारतले लुम्बिनीलाई अन्तर्राष्ट्रीय रेल सेवाले जोड्ने सम्भावना रहेको, लुम्बिनी क्षेत्रमा रहेका दर्जनौं अन्तर्राष्ट्रिय बिहारहरुले लुम्बिनी र यसको वरिपरि रहेका पर्यटकीय स्थलहरूको बारेमा अन्तर्राष्ट्रिय रुपमा प्रचार-प्रसार गर्न सक्ने सम्भावना रहेको छ ।

**पर्यटन विकासमा प्रदेश नं. ५ को चुनौति :** बौद्ध स्थलहरुको वरिपरि बौद्ध जनसंख्याको बाहुल्यता नभएको हुँदा सम्पदाको संरक्षणमा चुनौती रहेको, समुचित संरक्षण नहुँदा शताब्दीयौं पुरानो प्राचीन सम्पदाहरु नाश हुने खतरा रहेको, पुरातात्विक तथा साँस्कृतिक स्थल वरिपरि बढ्दै गएको शहरीकरण र औद्योगीकरणले सम्पदाहरुलाई नोक्सानी हुन सक्ने अवस्था रहेको, अत्यधिक पर्यटकहरु जम्मा हुने लुम्बिनी जस्ता पर्यटकीय स्थलहरूमा वातावरण र संस्कृति विनाश हुने सम्भावना रहेको, Ass Tourism को कारणले भविष्यमा यस क्षेत्रमा अपराध तथा समाजिक विकृतिहरु बढ्न सक्ने अवस्था रहेको, नजिकै भारतले पर्यटन क्षेत्रमा गरेको ठूलो लगानी र व्यापक बजारीकरणले यस क्षेत्रको पर्यटनलाई नोक्सान गर्न सक्ने अवस्था जस्ता चुनौतीहरु रहेका छन् ।

### पर्यटन विकासका लागि मूर्त सम्पदामा गर्नु पर्ने सुधारका कार्यहरु

यो परिपथको प्रमुख सम्पदाहरु-लुम्बिनी, कुदान, गोटिहवा, तिलौराकोट, निग्लीहवा, अरौराकोट, सागरहवा, सिसनिया, रामग्राम, देवदह आदिमा पर्यटन विकासका लागि गर्नुपर्ने सुधारको कार्यका बारेमा विस्तृत र वैज्ञानिक अध्ययन गरी प्राप्त ज्ञानलाई सामान्यीकरण (Generalization) गरेर प्रदेश नं ५ का अन्य पर्यटकीय स्थलहरुमा पर्यटन विकास तथा प्रवर्द्धनका लागि गर्नु पर्ने कार्यहरु निक्यौल  गरिएको छ । यसरी सामान्यीकरणबाट निस्कने निष्कर्ष पर्यटन विकासका लागि नयाँ ज्ञान वा मोडल हुन सक्दछ, जुन नीति निर्माता तथा प्राज्ञिक क्षेत्रका लागि महत्वपूर्ण श्रोत हुने अपेक्षा गरिएको छ । यस क्षेत्रको पर्यटकीय स्थलहरूको पर्यटन उपभोग प्रयोजनका लागि यस अध्ययनमा समेटिएका मूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका कार्यहरु पर्यटकीय महत्व र प्राथमिकताका आधारमा क्रमश : स्थल परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण, स्थलको अन्वेषण, उत्खनन, अध्ययन र संरक्षण, प्रभावकारी सूचना प्रणालीको बिकास, प्रचार प्रसार र बजारीकरण, स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता, सार बगैचा (Theme park) निर्माण, धार्मिक, साँस्कृतिक, पर्यटकीय स्थलमा आवश्यक संरचनाहरुको निर्माण र नियमित कार्यक्रम, वातावरण र जैविक विविधताको संरक्षण, पर्यटक सुविधाहरूको निर्माण प्रबन्ध, सहज पहुँच तथा पार्किङको व्यवस्था र स्थलको सरसफाई तथा सौन्दर्यीकरण गरिनु पर्दछ । भविष्यमा प्रदेश नं ५ को कुनै पर्यटकीय स्थलको विकास तथा प्रवर्द्धन गर्न सम्भव भएसम्म यी सुधारका कार्यहरु कार्यान्वयन गर्नु वाञ्छनीय हुन्छ ।

### पर्यटन विकासका लागि अमूर्त सम्पदामा गर्नु पर्ने सुधारका कार्यहरु

यसैगरी वर्तमान अध्ययनले प्रदेश नं ५ का सम्पूर्ण अमूर्त सम्पदाहरूको पहिचान, संरक्षण, विकास तथा प्रवर्द्धन गरी गुणस्तरीय पर्यटन विकासको प्रत्याभूति गर्नका लागि एघार वटा सुधारका कार्यहरु प्रस्ताव गरेको छ । ती कार्यहरु क्रमशः अमूर्त सम्पदाहरूको सूचीकरण तथा अभिलेखन गर्ने, अमूर्त सम्पदाहरूको विकास, ब्राण्डिङ र प्रवर्द्धन गर्ने, नाटक, नृत्य, कला, संगित आदिको माध्यमबाट स्थानीय कथा र किम्वदन्तीहरूको प्रस्तुतीकरण गर्ने, विषयगत (Thematic) संग्रहालयहरूको स्थापना गर्ने, नियमित रुपमा साँगीतिक तथा साँस्कृतिक पर्वहरु आयोजना गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पूजा, सम्मेलन, कार्यक्रमहरु आयोजना गर्ने, स्थानीय कला, संस्कृति, भेष-भूषा, भोजन, मौलिक परम्परा आदिको प्रवर्द्धन गर्ने, साँस्कृतिक समूह वा क्लवहरु गठन गरी व्यावसायिक रुपमा अमूर्त सम्पदाहरूको प्रवर्द्धन गर्ने, मन्दिरहरु खोल्दा र बन्द गर्दा पूजाआजा गर्ने र ध्यान, योग जस्ता आध्यात्मिक कार्यक्रमहरूको शिविर सञ्चालन गर्ने रहेका छन् । गहन अध्ययन र विश्लेषणबाट आएका यी निष्कर्षहरु नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने निकायहरुलाई अमूर्त साँस्कृतिक सम्पदाहरूको विकास, संरक्षण र प्रवर्द्धन गर्नका लागि उपयोगी सावित हुने छन ।

### बृहत्तर लुम्बिनी बौद्ध परिपथ र उपपरिपथहरु

बृहत्तर लुम्बिनी बौद्ध परिपथ खास गरेर बौद्ध परिपथ हो । यो परिपथमा तीर्थयात्री र पर्यटकले मूलतः बौद्ध धर्मदर्शन, संस्कृति, इतिहास र पुरातत्वको अनुभूति गर्नेछन् । यसको अतिरिक्त पर्यटकहरुले तराई संस्कृति, वन्यजन्तु, चराचुरुङ्गीहरु र ग्रामीण जीवन पनि नियाल्ने छन । यो परिपथले रुपन्देही कपिलवस्तु र नवलपरासी जिल्लाका महत्वपूर्ण बौद्ध तीर्थस्थलहरूलाई समेट्छ । १३० किलोमिटर लामो यो बौद्ध परिपथको प्रवेश विन्दु (Entry Point) लुम्बिनी र प्रस्थान बिन्दु (Exit Point) रामग्राम हुनेछ । यो बौद्ध परिपथको रुट निम्न बमोजिम हुनेछ । यो परिपथको

रुटः लुम्बिनी (प्रवेश विन्दु)-२९ कि.मि,-कुदान-२ कि.मि,-गोटिहवा-५ कि.मि,-तिलौराकोट-९ कि.मि,-निग्लिहवा-१.५ कि.मि,-अरौराकोट-५ कि.मि,-सागरहवा-२० कि.मि,-सैनामैना-५ कि.मि,-जितगढी-७ कि.मि,-रामापिथेकस क्षेत्र-१९ कि.मि,-देवदह-५ कि.मि,-पण्डितपुर-१० कि.मि,-रामग्राम प्रस्थान बिन्दु हुनेछ । साथै बृहत्तर लुम्बिनी बौद्ध परिपथलाई लुम्बिनी उप-परिपथ (Lumbini Sub-circuit), कपिलवस्तु उप-परिपथ (Kapilavastu Sub-Circuit) र देवदह-रामग्राम उप-परिपथ (Devadaha-Ramagrama Sub-Circuit) गरी तीनवटा क्लष्टरमा विभाजन गरी सोही बमोजिम पर्यटक गतिविधि, टुर प्याकेज र पर्यटन पूर्वाधार विकास गर्नुपर्ने अवस्था रहेको छ ।

**बृहत्तर लुम्बिनी बौद्ध परिपथमा पर्यटक गतिविधिहरु**

यो अध्ययनले बृहत्तर लुम्बिनी बौद्ध परिपथमा धेरै किसिमका पर्यटक गतिविधिहरु सुझाव गरेको छ । पर्यटक क्रियाकलापलाई यो अध्ययनले निम्न बमोजिम ५ प्रकारमा विभाजन गरी प्रत्येकको छुट्टाछुटै गतिविधिहरु सिफारिस गरेको छ ।

**धार्मिक तथा आध्यात्मिक क्रियाकलाप :** बुद्ध पूजा तथा प्रार्थना, मन र शरीरको शुद्धिकरण, बुद्ध शिक्षाको चिन्तन मनन, अभ्यास, पवित्र तीर्थस्थलहरूको पूजा, मन्दिर तथा पवित्र स्थलमा बत्ती बौद्ध झन्डा आदि चढाउने कार्य, ध्यान केन्द्र, मन्दिर तथा खुल्ला स्थलमा ध्यान गर्ने, परिपथ एवं शान्त तथा एकान्त स्थलमा गहिरो शान्तीको अनुभूति गर्ने, मन्दिर वा भिक्षु भिक्षुणीहरुलाई दान दिने, भिक्षु भिक्षुणी वा सन्त महात्माहरुसँग विचार विमर्श गर्ने, ध्यान शिविर, बुद्ध पूजा, आध्यात्मिक कार्यक्रम आयोजना गर्ने आदि रहेका छन् ।

**सभा-सम्मेलन, छलफल, सम्झौता जस्ता क्रियाकलाप :** सम्पदाको विकास र पुरातात्विक उत्खनन् तथा संरक्षण सम्बन्धी सम्मेलन वा कार्यशाला गोष्ठी आयोजना गर्ने वा उपस्थित हुने, यस्ता गोष्ठी वा सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्ने वा सुझाव दिने, भिक्षु भिक्षुणी वा बौद्ध विद्वानहरूले बौद्ध धर्म दर्शन, विश्व शान्ति सम्बन्धमा दिएको प्रवचन सुन्ने, विश्व शान्तिको द्वन्द्व व्यवस्थापन, वातावरण संरक्षण, पर्यटन विकास जस्ता विषयमा सभा सम्मेलन आयोजना गर्ने वा उपस्थित हुने, बौद्ध धर्म दर्शन, आध्यात्मिकता, विश्व-शान्ति, पुरातत्व आदिको बारेमा अनुसन्धान गर्ने, द्वन्द्वरत पक्षहरुलाई शान्ति स्थापनाका लागि तालिम दिने र शान्ति सम्झौताहरु गर्ने गराउने जस्ता कार्यहरु पर्दछन् ।

**ग्रामिण तथा साँस्कृतिक पर्यटन क्रियाकलाप :** स्थानीय चाडपर्वहरु जस्तै थारूहरूको माघी, मुसलमानहरूको इद बकरिद, हिन्दुहरूको दशै, तिहार फागु-पुर्णिमा, गाईजात्रा आदि र बौद्धहरूको लोसार पर्वमा सहभागी हुने, थारु, मगर मुसलमान आदि जातिका मौलिक परम्परा तथा हस्तकलाहरु अवलोकन गर्ने, गोरुगाडा, साइकल वा पैदलमा ग्रामीण बस्तीहरु र गाउँ बस्तीको जीवनशैली बुझ्न, सिक्न र अनुभव गर्न जाने, विभिन्न ग्रामीण बस्तीहरुमा खोलिएका होमस्टेमा बस्ने, स्थानीय हस्तकलाका सामग्रीहरू खरिद गर्ने, स्थानीय खानाका परिकारहरु खाने, स्थानीय चाडपर्व वा कार्यक्रमहरुमा उपस्थित हुने जस्ता कार्यहरु पर्दछन् ।

**वनजङ्गल र प्रकृतिसँग सम्बन्धित पर्यटक क्रियाकलाप :** लुम्बिनी गुरुयोजना क्षेत्रभित्र सारस चरा, निलगाई, अजिङ्गर, स्याल, फ्याउरो, धेरै प्रजातिका दुर्लभ चराहरु अवलोकन गर्ने, सुन्दर करबला ताल, पुन्नीहवा ताल, गैडाहवा ताल, गजेडी ताल, Pailat नदी, लामो नदी, भाँडगंगा नदी, बाणगंगा नदी, रोहिणी नदी, नारायणी नदी, देबदह ताल,

जगदीशपुर ताल, आदिमा अवलोकन, जलक्रिडा तथा मनोरञ्जन गर्ने, तालतलैया, सीमसार क्षेत्र, नदी किनार वा खेतबारीमा विभिन्न प्रजातिका चराहरु अवलोकन गर्ने, सुन्दर जंगलमा जंगल सफारी र हरियाली पहाडमा ट्रेकिङ गर्ने, कुना कन्दरा र वनजंगलतिर जीप सवारी गर्ने, चुरे पर्वत तथा महाभारत श्रृंखला तिर Hiking Trekking जाने, जगदीशपुर तालमा डुङ्गा सयर, चरा अवलोकन जस्ता क्रियाकलाप पर्दछन् ।

**पर्व, खेलकुल, किनमेलसँग सम्बन्धित क्रियाकलाप :** बौद्ध तीर्थस्थलहरुको सरसफाई, संरक्षण वा सौन्दर्यीकरण कार्यमा संलग्न हुने, धम्म-जननी ध्यान केन्द्र, पण्डितारा ध्यान केन्द्र, लद्दाख ध्यान केन्द्र, ओशो ध्यान केन्द्र आदि लुम्बिनीका ध्यान केन्द्रहरुमा ध्यान बस्ने, यस क्षेत्रमा आयोजना हुने सडक खाना, संगीत, साँस्कृतिक मेलाहरुमा सहभागी हुने, लुम्बिनीका अन्तर्राष्ट्रिय बिहारहरुमा वर्षैभरि मनाइने सयभन्दा बढी चाडपर्वहरुमा सहभागी हुने, लुम्बिनीको केन्द्रीय नहरमा डुङ्गा सयर गर्ने, साइकल तथा मोटरसाइकल लिएर आफूलाई मनपर्ने स्थानहरुमा घुम्न जाने, मायादेवी शान्ति म्याराथोन, टुर डे लुम्बिनी जस्ता खेलकूद प्रतियोगितामा सहभागी हुने, प्रत्येक महिनाको पूर्णिमाको दिनमा मायादेवी परिसरमा अन्तर्राष्ट्रिय भिक्षु भिक्षुणीहरुको उपस्थितिमा आयोजना हुने पूर्णिमा प्रार्थनामा सहभागी हुने, लुम्बिनीमा आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न कार्यक्रममा सहभागी हुने, सहयोग गर्ने, लुम्बिनी नजिकै रहेका शहरहरु भैरहवा, बुटवल र आसपासमा रहेका पार्कहरुमा घुम्न जाने आदि क्रियाकलापहरु पर्दछन् ।

**बृहत्तर लुम्बिनी क्षेत्रका लागि टुर प्याकेजहरु**

बृहत्तर लुम्बिनी क्षेत्रमा सात प्रकारका टुर प्याकेज सञ्चालन गर्न सकिने सम्भावना यो अध्ययनले देखेको छ । सम्भावनाको हिसाबले यी टुर प्याकेजहरुको उपयुक्तता क्रमअनुसार पहिलोमा लुम्बिनी (२ दिन/१ रात), दोस्रोमा लुम्बिनी-कपिलवस्तु (३ दिन/२ रात) तेस्रोमा लुम्बिनी-कपिलवस्तु-देवदह (४ दिन/३रात), चौथोमा प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक यात्रा (७ दिन/६ रात), पाँचौंमा विपश्यना ध्यान तथा तीर्थाटन (१३ दिन/१२ रात), छैटौंमा पुरातत्व पर्यटन (४ दिन/४ रात) र सातौंमा वन्यजन्तु तथा चरा अवलोकन (४ दिन/३ रात) रहेका छन् ।

**प्रचार-प्रसार र पर्यटन बजारीकरणका लागि गर्नुपर्ने कार्यहरु**

प्रदेश नं ५ का पर्यटकीय स्थलहरूको प्रचारप्रसार तथा बजारीकरणका लागि गर्नु पर्ने कार्यहरुमा प्रदेश नं ५ का मूर्त तथा अमूर्त सम्पूर्ण सम्पदाहरुको अभिलेखीकरण, व्याख्या तथा विकास गरी मल्टी-मिडियाको माध्यमबाट प्रचार प्रसार गर्ने, Macro लेबलमा सरकारले अन्तर्राष्ट्रिय स्तरमा र Micro लेबलमा पर्यटनसँग सम्बन्धित निकाय तथा निजी क्षेत्रले यहाँका पर्यटकीय सम्पदाहरूको प्रचार प्रसार गर्ने, ठूला भौतिक पूर्वाधारको विकास सरकारले गर्ने र पर्यटकीय सेवा तथा सुविधाहरु निजी क्षेत्रले प्रदान गर्ने, G to G, B to B, P to P लेबलमा यस क्षेत्रको पर्यटनको बजारीकरण गर्ने, स्वदेश तथा विदेशमा Trade Show, Festival, Event आदि आयोजना गरी नेपाली पर्यटनलाई प्रवर्द्धन गर्ने, अफसिजनमा पर्यटन सेवा तथा सुविधाहरुमा Discount को व्यावस्था गर्ने, लुम्बिनी क्षेत्रमा रहेका अन्तर्राष्ट्रिय बिहारहरुलाई पर्यटकीय स्थलको बारेमा प्रचार गर्न प्रोत्साहित गर्ने, प्रचारप्रसारका सबै माध्यम जस्तै पत्रपत्रिका, अखबार, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, ईमेल, इन्टरनेट, पारिवारिक यात्रा प्रयोग गर्ने आदि रहेका छन ।

**बृहत्तर लुम्बिनी क्षेत्रसँग अन्य पर्यटकीय स्थलहरुको अन्तरसम्बन्ध**

यस प्रदेशका अन्य स्थानमा रहेका बुद्धसँग सम्बन्धित स्थलहरु तथा अन्य धार्मिक, साँस्कृतिक क्षेत्रहरुको पहिचान र पर्यटकीय अन्तरसम्बन्ध (Interlinkage) स्थापनाको माध्यमबाट लुम्बिनीमा वर्षेनी भ्रमण गर्न आउने १५ लाख भन्दा बढी पर्यटकहरुलाई लुम्बिनी भन्दा बाहिरका पर्यटकीय स्थलहरुमा भ्रमण गराई पर्यटनबाट यो प्रदेशले राम्रो आर्थिक लाभ लिनका साथै ठूलो संख्यामा रोजगारी समेत श्रृजना गर्न सक्छ ।

वृहत्तर लुम्बिनी क्षेत्रमा विभिन्न प्रकारका पर्यटन सञ्चालन गर्न सकिन्छ, जस्तै आध्यात्मिक र धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, पुरातात्विक पर्यटन, प्रकृति तथा जैविक विविधता पर्यटन, ग्रामीण पर्यटन, साहसिक पर्यटन, स्वास्थ्य उपचार पर्यटन, सभा-सम्मेलन पर्यटन आदि । लुम्बिनी भ्रमणमा आउने पर्यटकहरुलाई लुम्बिनीको भ्रमण पछि अगाडि उल्लेख गरिएका उनीहरूको रोजाइको एक वा सो भन्दा अन्य पर्यटनमा सहभागी गराउन सकिन्छ । जस्तै लुम्बिनी भ्रमण पछि अन्य स्थलमा साँस्कृतिक पर्यटन वा साहसिक पर्यटन, ग्रामीण पर्यटन वा जैविक विविधता पर्यटन आदि । बृहत्तर लुम्बिनी क्षेत्रसँग प्रदेश नं ५ वा प्रदेश भन्दा बाहीरका अन्य पर्यटकीय स्थलहरुसँग अन्तरसम्बन्ध ( Interlinkage) स्थापना गर्दा हाम्रो पर्यटकीय उत्पाद (Tourism Product) तथा पर्यटक क्रियाकलाप (Tourist Activities) समृद्ध भई पर्यटकलाई छनौटका धेरै अवसर प्राप्त भई ठूलो संख्यामा पर्यटकलाई यस क्षेत्रतिर आकर्षित गर्न सकिन्छ । साथै यसो गर्नाले पर्यटकको बसाइ अवधि र खर्च समेतमा वृद्धि भई पर्यटनबाट राम्रो लाभ लिन सकिन्छ । बृहत्तर लुम्बिनी क्षेत्रसँग अन्य पर्यटकीय स्थलहरुको अन्तरसम्बन्ध (Interlinkage) स्थापना गरी पर्यटनबाट उचित लाभ लिनका लागि निम्न बमोजिमका प्रक्रिया र रणनीतिहरु अपनाउनु पर्छ ।

- पर्यटक आदान प्रदान हुने पर्यटकीय स्थलहरु बीच सडक वा हवाई वा दुवै Connectivity
- पर्यटन व्यवसायीहरु, ट्राभेल एजेन्सी र होटल व्यवसायीहरु बीच व्यापार आदन प्रदान तथा समन्वय
- पर्यटक पठाउने स्थानमा पर्यटक प्राप्त गर्ने स्थलका सम्पदाहरूको बारेमा यथेष्ट सूचना
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच संयुक्त टुर प्याकेज निर्माण
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच संयुक्त प्रचारप्रसार र बजारीकरण
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच पर्यटन प्रवर्द्धनका लागि G-G/B-B/P-P सम्बन्ध
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच नियमित रुपमा राम्रो सञ्चारको व्यवस्था
- पर्यटक पठाउने र प्राप्त गर्ने स्थलहरु बीच आफूले पठाएका पर्यटकहरूको सन्तुष्टि र सुरक्षाको प्रत्याभूति

पर्यटकीय स्थलहरूमा राम्रो अन्तरसम्बन्ध स्थापना गर्नको लागि प्रदेश नं ५ लाई पर्यटक प्रवेश विन्दु वा प्रस्थान बिन्दु मध्ये एक बनाउनु जरुरी छ । यसो गर्नाले यो प्रदेशले नेपालका विभिन्न विश्व प्रसिद्ध पर्यटकीय स्थलहरू जस्तै पोखरा, चितवन, काठमाण्डौ उपत्यका, नेपालको हिमाली क्षेत्र र राष्ट्रिय निकुञ्जहरुबाट प्रशस्त मात्रामा पर्यटकहरु प्राप्त गर्न सक्नेछ । वर्तमान अध्ययनले बृहत्तर लुम्बिनी क्षेत्र लगायत प्रदेश नं ५ का विभिन्न पर्यटकीय स्थलहरुमा गुणस्तरीय पर्यटन विकास गरी पर्यटनको माध्यमबाट दीगो आर्थिक वृद्धि दर हासिल गर्न र उल्लेख्य संख्यामा रोजगारी श्रृजना गर्नका लागि विभिन्न नौ वटा रणनीति सिफारिश गरेको छ । ती रणनीतिहरुको बारेमा तल छुट्टै शिर्षक “सुझावहरु” अन्तर्गत व्याख्या गरिने छ ।

### लुम्बिनीमा आएका पर्यटकलाई अन्य स्थलमा लैजादा हुने फाइदा

लुम्बिनीमा आउने पर्यटक संख्याको ५०%, ३०% र २०% मात्रै कपिलवस्तु क्षेत्र, देवदह-रामग्राम क्षेत्र वा अन्य कुनै पर्यटकीय स्थलमा लगेर एकदिन राख्न सक्ने हो भने त्यो स्थलले वार्षिक आम्दानी क्रमशः रु.९९,९९,२२,५६८, रु. ५९,९९,६६,७४० र रु.३९,९९,७७,८२७ गर्न सक्ने अध्ययनले देखाएको छ । साथै उक्त पर्यटकीय स्थलले क्रमशः ५८४० जना अर्थात ११,३३,७२४ जना दिन, ३५०३ जना अर्थात ६,८०,२३४ जना दिन र २३३६ जना अर्थात ४,५३,४८९ जना दिनलाई रोजगारी प्रदान गर्न सक्छ ।

आम्दानी र रोजगारीको यो तथ्यांकीय विश्लेषणले केवल तेस्रो मुलुक र भारतबाट आउने बिदेशी पर्यटकको संख्यालाई मात्रै समेटेको छ । लुम्बिनी भ्रमण गर्ने पर्यटकहरु मध्ये विदेशी पर्यटक करिब २५% र नेपाली पर्यटक करिब ७५% हुने गरेको आधिकारिक तथ्यांकहरुले देखाउँछन । विदेशी पर्यटकहरुबाट मात्रै पनि यति धेरै आर्थिक लाभ र रोजगारी श्रृजना हुन सक्दछ भने अत्यन्त ठूलो हिस्साको रुपमा रहेको नेपाली पर्यटकहरुको संख्या समेत समावेस गरेर बिश्लेषण गर्ने हो भने यस क्षेत्रमा पर्यटनको लाभ अत्यन्त उत्साहप्रद हुने देखिन्छ । नेपालीहरुमा पनि हाल बिदाको समयमा घुम्ने र खर्च गर्ने चलन व्यापक हुँदै गइरहेको परिप्रेक्ष्यमा यो क्षेत्रको पर्यटनको भविष्य अत्यन्त उज्जवल देखिन्छ । पर्यटनबाट यस्तो आकर्षक लाभ लिनका लागि एकातिर यस अध्ययनले दिएका सुझावहरुलाई अक्षरस कार्यान्वयन गर्दै जानु आवश्यक छ भने अर्कोतिर निरन्तर अध्ययन अनुसन्धान र सो को कार्यान्वयन गर्दै जानु पर्छ ।

वृहत्तर लुम्बिनी क्षेत्र लगायत प्रदेश नं ५ का पर्यटकीय क्षेत्रबाट अत्यधिक लाभ लिनका लागि भगवान गौतम बुद्धको जन्मस्थल एवं विश्व संस्कृतिक सम्पदामा सूचीकृत लुम्बिनीलाई आकर्षणको प्रमुख केन्द्र (Pull Factor) बनाएर विश्वभरका पर्यटकहरुलाई यस प्रदेशतिर आकर्षित गरिनुपर्दछ । त्यसपछि लुम्बिनी वरिपरिका अन्य पर्यटकीय स्थलहरुमा भ्रमणमा लैजानका लागि आवश्यक पर्ने सम्पूर्ण पर्यटन पूर्वाधार तथा सेवा विकास गरी सोही बमोजिम पर्यटकीय सम्पदाहरूको बजारीकरण गर्नुपर्दछ ।

### पर्यटन विकासका लागि प्रदेश नं ५ स्तरीय विज्ञ समूह

बुटवलमा आयोजना गरिएको प्रस्तुति तथा छलफल कार्यक्रममा विद्वत वर्गबाट पर्यटन विकासका लागि प्रदेश नं ५ स्तरीय विज्ञ समूह (Think Tank) गठन गरी नियमित रुपमा अध्ययन, अनुसन्धान तथा प्राज्ञिक छलफल गर्नु पर्दछ भन्ने महत्वपूर्ण सुझाव प्राप्त भएको छ । प्रदेश पर्यटन मन्त्रालयसँग गरिएको सम्झौता बमोजिम यस अध्ययन क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटन आदि विषयका विज्ञ, पदाधिकारी, विद्वत व्यक्तित्वहरुको (सम्पर्क नम्बर, ईमेल सहित) को सूची तयार भएको छ । यस्ता विषय विज्ञहरूको सूची प्रदेश पर्यटन मन्त्रालयको संस्थागत स्मृति (Institutional Memory) मा अभिलेखित भएपछि मन्त्रालयले अध्ययन अनुसन्धान तथा सम्पदाको संरक्षण र पर्यटन विकास सम्बन्धी नीति निर्माण वा कार्यान्वयनका सम्बन्धमा विषय विज्ञहरूको राय लिन सुगम हुनेछ । विषय विज्ञहरूको सूची अनुसूची ७ मा राखिएको छ ।

### ८.२ सुझावहरु

बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तरगतका महत्वपूर्ण सम्पदाहरुको खोज तथा अनुसन्धान र एकीकृत पर्यटन विकास सम्बन्धी अध्ययन-२०७७ विषयक वर्तमान अध्ययनले वृहत्तर लुम्बिनी क्षेत्र लगायत प्रदेश नं ५ का विभिन्न पर्यटकीय

स्थलहरुमा गुणस्तरीय पर्यटन विकास गरी पर्यटनको माध्यमबाट आर्थिक समृद्धि, विदेशी मुद्रा आर्जन, रोजगारीको श्रृजना, प्रदेशको पहिचान लगायतका थुप्रै लाभहरु लिनका लागि निम्न बमोजिमका सुझावहरु प्रस्तुत गर्दछ ।

१. सम्पदाहरुको अभिलेखीकरण, विकास, संरक्षण र प्रवर्द्धन गर्ने ।

२. सम्पदाहरुको SWOT विश्लेषण गरी तिनको सवलता र सम्भावनालाई क्रमशः बढाउँदै लैजाने साथै दुर्बलता र चुनौतीहरु हटाउँदै लैजाने ।

३. पर्यटन विकासका लागि मूर्त सम्पदामा सुधारका कार्यहरु-स्थल परिसरको क्षेत्र बिस्तार र गुरुयोजना निर्माण, स्थलको अन्वेषण, उत्खनन्, अध्ययन र संरक्षण, प्रभावकारी सूचना प्रणालीको बिकास, प्रचारप्रसार र बजारीकरण, स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता, सार बगैचा (Theme Park) निर्माण, धार्मिक, साँस्कृतिक, पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम, वातावरण र जैविक विविधताको संरक्षण, पर्यटक सुविधाहरूको निर्माण तथा प्रबन्ध, सहज पहुँच तथा पार्किङको व्यवस्था र स्थलको सरसफाई तथा सौन्दर्यीकरण गर्ने ।

४. पर्यटन विकासका लागि अमूर्त सम्पदाका सुधारका कार्यहरु-अमूर्त सम्पदाहरूको सूचीकरण तथा अभिलेखन गर्ने, अमूर्त सम्पदाहरूको विकास, ब्राण्डिङ र प्रवर्द्धन गर्ने, नाटक, नृत्य, कला, संगित आदिको माध्यमबाट स्थानीय कथा र किम्वदन्तीहरूको प्रस्तुतीकरण गर्ने, विषयगत (Thematic) संग्रहालयहरूको स्थापना गर्ने, नियमित रुपमा सांगीतिक तथा साँस्कृतिक पर्वहरु आयोजना गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पूजा, सम्मेलन कार्यक्रमहरु आयोजना गर्ने, स्थानीय कला, संस्कृति, भेषभूषा, भोजन, मौलिक परम्परा आदिको प्रवर्द्धन गर्ने, साँस्कृतिक समूह वा क्लवहरु गठन गरी व्यवसायिक रुपमा अमूर्त सम्पदाहरूको प्रवर्द्धन गर्ने, मन्दिर खोल्दा र बन्द गर्दा पूजाआजा गर्ने र ध्यान, योग जस्ता आध्यात्मिक कार्यक्रमहरूको शिविर आयोजना गर्ने ।

५. पर्यटन उत्पाद विकास (Tourism Product Development) गर्ने, जसको लागि पर्यटन उत्पादको पहिचान, अभिलेखीकरण, परिभाषा र व्याख्या गरी Tourism Product लाई स्थापित गर्नु पर्दछ । त्यसपछि पर्यटन उत्पादकको USP पहिचान गर्ने, ब्राण्डिङ तथा प्रवर्द्धन गर्ने र प्रचारप्रसार र बजारीकरण गर्ने ।

६. भौतिक पूर्वाधारको निर्माण अन्तरगत पर्यटकहरूको प्रवेश विन्दु (Entry Point) देखि प्रस्थान बिन्दु (Exit Point) सम्म भौतिक तथा अभौतिक पूर्वाधारको उचित प्रबन्ध गर्नु पर्दछ । पर्यटन मार्गमा गन्तव्यस्थलको बारेमा सूचना दिने बहु-भाषिक डिजिटल बोर्ड वा सूचना पार्टी राख्नुका साथै सडकको दुवै किनारामा आकर्षक वृक्षरोपण, फूलवारी निर्माण र ठाउँ-ठाउँमा स्वागत द्वारहरु निर्माण गर्ने कार्य गर्नुपर्दछ । पर्यटकीय स्थलमा फूल सहितका बगैंचा, पैदल हिँड्ने बाटो, सफा शौचालय, सूचना केन्द्र, प्रतिक्षालय, स्तरीय रेष्टुरेण्ट तथा कफी पसलहरू, कोसेली घर, स्वास्थ्य केन्द्र आदि निर्माण गर्नुपर्दछ । सम्पदाहरूको संरक्षण तथा सरसफाइमा बिशेष ध्यान पुऱ्याउनु पर्दछ । थिम पार्क बनाउने स्थान विशेषको ऐतिहासिकता, पुरातात्विक महत्व, धार्मिकता, प्रकृति आदि सबै उजागर हुने ढंगले भवन, बगैंचा, प्रतिकृति आदि निर्माण गर्ने र यस्ता थिम पार्कका बिषय, उद्देश्य र सन्देश पर्यटकले स्पष्टसँग बुझ्ने गरी श्रव्य, दृश्य वा सांकेतिक भाषामा सूचनाहरु राख्नु पर्दछ । साथै सम्पूर्ण कपिलवस्तु क्षेत्रलाई बुद्धहरुको जन्मस्थल र बुद्धत्वको पवित्र भूमिको रुपमा चित्रण हुने गरी उजागर गरिनुपदर्छ । तिलौराकोटमा महाभिनिष्क्रमणको सार, कुदानमा बुद्ध शिक्षाको सार, गोटिहवामा क्रकुच्छन्द बुद्धको जन्म,

ज्ञान प्राप्ति र सम्पूर्ण जीवनीको सार, निग्लिहवामा कनकमणि बुद्धको जन्मको सार आदि जस्ता ज्ञान र भावनात्मक विषयहरुले बौद्ध धर्मावलम्बीहरु तथा अन्य आगन्तुकहरुको मनमष्तिस्कमा गहिरो प्रभाव पर्न जान्छ ।

७. यो अध्ययनले बृहत्तर लुम्बिनी बौद्ध परिपथलाई लुम्बिनी उप-परिपथ (Lumbini Sub-circuit), कपिलवस्तु उप-परिपथ (Kapilavastu Sub-circuit) र देवदह-रामग्राम उप-परिपथ (Devadaha-Ramagrama Sub-Circuit) गरी तीनवटा क्लष्टरमा विभाजन गरी सोही बमोजिम पर्यटक क्रियाकलाप, टुर प्याकेज निर्माण गरेको छ । अब सरकारी निकायहरुले ती परिपथ र उप-परिपथहरुमा पर्यटन विकासका पूर्वाधारहरु निर्माण गर्नुपर्दछ भने निजी क्षेत्र र पर्यटन व्यवसायीहरुले तोकिएका पर्यटक क्रियाकलाप सञ्चालन गर्ने र टुर प्याकेज बेच्ने कार्य गर्नुपर्दछ । हाल निर्धारण गरिएको पर्यटक क्रियाकलाप र टुर प्याकेजलाई समयानुकूल परिवर्तन र परिमार्जन गर्दै लैजानु पर्दछ ।

८. बृहत्तर लुम्बिनी क्षेत्रसँग अन्य पर्यटकीय स्थलहरुको अन्तरसम्बन्ध स्थापना गर्न पर्यटक आदान प्रदान हुने पर्यटकीय स्थलहरु बीच सडक वा हवाई वा दुवै Connectivity, पर्यटन व्यवसायीहरु, ट्राभेल एजेन्सी र होटल व्यवसायीहरु बीच व्यापार आदन प्रदान तथा समन्वय, पर्यटक पठाउने स्थानमा पर्यटक प्राप्त गर्ने स्थलका सम्पदाहरूको बारेमा यथेष्ट सूचना, स्थलहरु बीच संयुक्त टुर प्याकेज निर्माण, स्थलहरु बीच संयुक्त प्रचार प्रसार र बजारीकरण, स्थलहरु बीच पर्यटन प्रवर्द्धनका लागि G-G/B-B/P-P सम्बन्ध स्थापना गर्ने ।

९. बृहत्तर लुम्बिनी बौद्ध परिपथ र तीन वटा उप-परिपथहरुमा माथि अध्याय ७ र निष्कर्ष खण्डमा उल्लेख गरे अनुसारको टुर प्याकेज निर्माण गरी विश्व पर्यटन बजारमा जोडतोडका साथ बजारीकरण गर्ने ।

१०. प्रदेश सरकार, लुम्बिनी विकास कोष र स्थानीय सरकारहरू मिलेर यस क्षेत्रका युवाहरुलाई पर्यटनसँग सम्बन्धित विभिन्न तालिमहरु जस्तै पथ प्रर्दशक तालिम, भाषा (English, Thai, Chinese, Korean, Japanese, Sri Lankan आदि) तालिम, कुक तालिम, Front Office तालिम, हस्तकला उत्पादन तालिम, साधारण लेखा व्यवस्थापन तालिम, नेतृत्व विकास तालिमका साथै होटल सञ्चालक तथा श्रमिकहरुलाई अतिथी सत्कार, Room Service, Food and Beverage, Laundry, Bookings, Guest Relation जस्ता तालिम दिई पर्यटन सेवा क्षेत्रलाई प्रतिस्पर्धी बनाउने ।

११. प्रदेश नं ५ का पर्यटकीय स्थलहरूको प्रचारप्रसार तथा बजारीकरणका लागि गर्नु पर्ने कार्यहरुमा प्रदेश नं ५ का मूर्त तथा अमूर्त सम्पूर्ण सम्पदाहरुको अभिलेखीकरण गर्ने, व्याख्या तथा विकास गरी मल्टी-मिडियाको माध्यमबाट प्रचार प्रसार गर्ने, Macro लेबलमा सरकारले अन्तर्राष्ट्रिय स्तरमा र Micro लेबलमा पर्यटनसँग सम्बन्धित निकाय तथा निजी क्षेत्रले यहाँका पर्यटकीय सम्पदाहरूको प्रचार प्रसार गर्ने, ठूला भौतिक पुर्वाधारको विकास सरकारले र पर्यटकीय सेवा तथा सुविधाहरु निजी क्षेत्रले प्रदान गर्ने, G to G, B to B, P to P लेबलमा यस क्षेत्रको पर्यटनको बजारीकरण गर्ने, स्वदेश तथा विदेशमा Trade Show, Festival, Event आदि आयोजना गरी पर्यटनलाई प्रवर्द्धन गर्ने, अफसिजनमा पर्यटन सेवा तथा सुविधाहरुमा Discount को व्यवस्था गर्ने, लुम्बिनीका अन्तर्राष्ट्रिय बिहारहरुलाई पर्यटकीय स्थलको बारेमा प्रचार गर्न प्रोत्साहित गर्ने र प्रचारप्रसारका सबै माध्यम जस्तै पत्रपत्रिका, अखबार, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, ईमेल, इन्टरनेट, पारिवारिक यात्रा प्रयोग गर्ने ।

१२. वर्षेनी लुम्बिनी भ्रमणमा आउने १५ लाख भन्दा बढी पर्यटकहरुलाई लुम्बिनीबाट प्रदेश नं ५ वा नेपालको अन्य पर्यटकीय स्थलहरुमा स्थानान्तरण गर्दा अत्यन्त ठूलो आकारको आर्थिक लाभ तथा रोजगारी श्रृजना हुने अवस्था यस अध्ययनले देखाएको हुँदा लुम्बिनीमा आउने पर्यटकहरुलाई लुम्बिनीबाटै फर्कने अवस्थाको अन्त्य गरी अन्य स्थलमा लैजानका लागि पर्यटन पूर्वाधारको विकास, पर्यटक क्रियाकलापहरुको सञ्चालनका साथै टुर प्याकेज निर्माण गर्ने ।

१३. प्रदेश नं ५ मा दीगो पर्यटन विकासका लागि प्रदेश सरकारले पर्यटनसँग सम्बद्ध निकायहरूसँग समन्वय तथा सहकार्य गर्नुपर्दछ । जसअनुसार पर्यटन सम्बद्ध निकायहरूको पहिचान, पर्यटन प्रवर्द्धनका लागि आवश्यक संरचनाहरूको स्थापना र निर्माण, पर्यटनसँग सम्बद्ध निकायहरूसँग समन्वय र सहकार्य गर्नुपर्दछ ।

## सन्दर्भ सामाग्री सूचि


आचार्य, गोविन्द (२०६३) लोक संस्कृति (अनुसन्धानमूलक अर्धबार्षिक पत्रिका, अङ्क १,साउन-पुष), काठमाण्डौं: नेपाल म्यूजिक सेन्टर, अनामनगर ।

आचार्य, गोविन्द (२०७१) अवधी लोकसंगीतको विश्लेषण । काठमाडौँ : नेपाल म्यूजिक सेन्टर, काठमाडौँ ।

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (२०७४ मंसीर) मगर जातिको लोकगीत तथा लोक संगीत, राप्ती: राप्ती क्षेत्र स्तरीय पर्यटन प्रबर्द्धन समिति, दाङ ।

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (२०७४, मंसिर) मगर जातिको लोकगीत तथा लोकसंगीत, राप्ती-: राप्ती अञ्चल ( क्षेत्र) स्तरीय पर्यटन प्रवर्द्धन समितिका लागि नेपाल म्यूजिक सेन्टरद्धारा प्रकाशित ।

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (२०७१) अवधि लोक संगीतको विश्लेषण, काठमाडौः नेपाल अवधि संस्कृति संरक्षण प्रतिष्ठान, काठमाडौँ

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (२०६५-०६६), “अवधी संस्कृतिः एक परिचय” काठमाण्डौं: लोकसंस्कृति वर्ष ४ अंक-१ पूर्णाङ्क-५ ।

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (अप्रकाशित), अवधी समुदायमा प्रचलित प्रदर्शनकारी कला ।

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (सम्पा र अन्य (२०७३) हाम्रो जातीय लोक चित्रकला, दाङ : दाङ हस्तककला संघ

आचार्य, गोविन्द र रायमाझी, दुर्गा (२०७७), ‘डँगौरा थारू समुदायको लोकगीत अध्ययन’, (अप्राशित शोधग्रन्थ) काठमाण्डौं : नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान ।

एकीकृत शहरी विकास योजना, (२०७६) तिलोत्तमा नगरपालिका, मणिग्राम, रुपन्देही

ए.फुहरर, (सन् १८९७), ***मोनोग्राफ अन शाक्यमुनि बर्थप्लेस इन द नेप्लिज तराई,*** अल्लाहवाद : द गभर्मेन्ट प्रेस ।

के.सी., विरेन्द्र (२०२०), द काठमाण्डौं पोष्ट, कान्तिपुर पब्लिकेशन, काठमाण्डौं ।

गितु गिरी (२००८), ***लुम्बिनी द बुद्धिष्ट वल्ड,*** लुम्बिनी : एकेडमी लुम्बिनी ।

गिरी, गितु (२०६७) । ‘लुम्बिनी अञ्चलको तराई क्षेत्रको सांस्कृतिक तथा सामाजिक जीवनः एक अध्ययन’ (अप्रकाशित शोध प्रवन्ध) । कामाण्डौं : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि ।

गिरी, गितु (२०६७) । “लुम्बिनी अञ्चलको तराई क्षेत्रको साँस्कृतिक तथा सामाजिक जीवनः एक अध्ययन नेपाल प्रज्ञा प्रतिष्ठानको परियोजना कार्य प्रतिवेदन”, काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि ।

गिरी, गितु (२०६७) ‘लुम्बिनी अञ्चलको तराई क्षेत्रको साँस्कृतिक तथा सामाजिक जीवनः एक अध्ययन’ (अप्रकाशित शोध प्रवन्ध), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि ।

गिरी, गितु (२०७२), रुपन्देहीको साँस्कृतिक झलक, रुपन्देही दर्पण, रुपन्देही शैक्षिक तथा सामाजिक प्रतिष्ठान (रेसा), भैरहवा ।

गिरी, गितु (२०७५), प्राचीन कपिलवस्तुको इतिहास र संस्कृति, लुम्बिनी विकास कोष, लुम्बिनी परामर्श केन्द्र ।

घर्तिमगर, बल बहादुर (२०७१), सिङजाली, ……………… प्रकाशन पृ.२६ ।

जि.भेरार्दी (२००२) ***एक्जाभेसन एट गोटिहवा एण्ड टेरिटोरियल सर्भे इन कपिलवस्तु डिस्ट्रिक्ट अफ नेपाल,*** लुम्बिनी : लुम्बिनी इन्टरनेशनल रिसर्च इन्स्टिच्यूट :

त्रिपाठी, विक्रममणि (२०७३) अवधी लोकसाहित्य, काठमाण्डौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, विक्रममणि (अप्रकाशित), अवधी लोक साहित्य -एक सिंहावलोकन ।

थारु, अशोक (२०६३), लोक संस्कृति, नेपाल म्युजिक सेन्टर, अनामनगर, काठमाण्डौं पृ.६० ।

दाङ क्षेत्र पर्यटन विकास समिति (२०६५), दाङ पर्यटकीय सम्पदा, दाङ : जिल्ला विकास समिति दाङ ।

दाङ्गका पर्यटकीय सम्पदा, (२०६५) जि.वि.स., दाङ्ग

देबेन्द्रराज शाक्य र धर्मी शाक्य देबेन्द्रराज शाक्य, धर्मी शाक्य (२०७५), **बुटवलमा बुद्ध धर्म;** लेखकहरु, पाकरी प्रकाशन प्रा.लि., बुटवल

देवदह नगरपालिका (२०७६), **बौद्ध शिक्षा र देवदह परिचय,** देवदह नगरपालिका, रुपन्देही, शब्दघर अफसेट प्रेस, बागबजार काठमाण्डौं ।

देवला मित्र (सन् १९७२), ***एक्जाभेसन एट तिलौराकोट एण्ड कुदान एण्ड एक्जाभेसन इन द नेप्लिज तराई,*** काठमाण्डौं : डिपार्टमेन्ट अफ आर्कोलोजी, नेपाल ।

पदमपाणि योग तथा प्राकृतिक चिकित्सालय (२०७६), **पदमपाणि मत्स्येन्द्रनाथ, प्राकृतिक चिकित्सा केन्द्र सैनामैना, चारपाला,** अक्षिम प्रेस, बुटवल

पि.सि.मुखर्जी, (सन् १९६९), ***रिपोर्टस अन टुर अफ एक्पोरेशन अफ द एन्टिक्युटिज अफ कपिलवस्तु तराई अफ नेपाल,*** दिल्ली : इन्डोलोजिकल बुक हाउस ।

प्रधान, बि.एल. (१९७९), ***लुम्बिनी, कपिलवस्तु एण्ड देवदह,*** काठमाण्डौं : रिसर्च सेन्टर फर नेपाल एण्ड ऐसियन स्टडि

प्रदेश योजना आयोग (२०७५), प्रदेश नं. ५ को वस्तुस्थिति विवरण, बुटवलः प्रदेश नं. ५, प्रदेश योजना आयोग ।

बज्राचार्य, लोक दर्शन (२०६३), **लुम्बिनी एक स्मृति,** काठमाण्डौ : वासन्तीदेवी बज्राचार्य ।

विडारी, वसन्त (२००२), ***लुम्बिनी : अ हेभेन अफ सेक्रेड रिफ्युज*** , लुम्बिनी : लेखक ।

बिडारी, बसन्त (२००७) ***कपिलवस्तु : द बर्ल्ड अफ सिद्धार्थ,*** लुम्बिनी : लेखक ।

बिडारी, बसन्त (दिनेश चन्द्र रेग्मी, अनु) (२०१३), ***लुम्बिनीको मौन आह्वान,*** लुम्बिनी : वसन्त विडारी

बिडारी, बसन्त (सन् २०१३), लुम्बिनीको मौन आह्वान, अनु.डा.दिनेशचन्द्र रेग्मी : लेखक पवित्र उद्यान, लुम्बिनी ।

Beal, S. (1983).*Si-Yu-Ki Buddhist records of the western world*. New Delhi: MunshiramManoharlal.

मर्सिफुल, दामु (२०६७), अन्तर ध्वनी त्रैमासिक, राप्ती साहित्य परिषद्, दाङ्ग

Vicittasarabhivamsa, B. (1992). *The great chronicle of Buddhas* (U. Ko Lay & U. Tin Lwin, trans.). Yangon: Ti-Ni Publications.

Malalasekera, G.P. (1983). *Dictionary of Pali proper names*. New Delhi: MunshiramManoharlal

MoCTCA (2014).Tourism employment survey 2014. Kathmandu. Ministry of Culture, Tourism & Civil Aviation, Planning & Evaluation Division

मर्हजन, वसन्त (२००५), ***लुम्बिनी ऐतिहासिक तथा पुरातात्विक अध्ययन,*** काठमाण्डौ : वसागि डट कम ।

मिश्र, तारानन्द, “बुद्ध जन्मस्थल र लुम्बिनीका उत्खनित मन्दिरहरू”, कामाडौँः प्रज्ञा-८४, कमलादी ।

मिश्र,तारानन्द (.............) मध्यपश्चिम नेपालको कोशल-अवधराज्यको इतिहास (...............) ।

राई, हरिध्वज (२०१०), ***लुम्बिनी, द सुप्रिम पिल्ग्रिमेज,*** काठमाण्डौं : होली अशोका टुर्स एण्ड ट्राभल्स ।

Rai, H.D. (2020). *QUALITY TOURISM DEVELOPMENT: A Study of Greater Lumbini Area.* Unpublished PhD Thesis.

रिजाल, वि.के. (१९९६), ***हण्ड्रेड इयरस अफ आर्कोलोजिकल रिसर्च इन लुम्बिनी, कपिलवस्तु एण्ड देवदह,*** काठमाण्डौं : एस.के.इन्टरनेशनल पब्लिसिङ हाउस ।

लुम्बिनी विकास कोष (२०१७) ***क्यालेण्डर अफ फेस्टिभल्स,*** लुम्बिनी : लुम्बिनी विकास कोष ।

LDT.(2017 b).*Greater Lumbini Buddhist circuit (GLBC), Nepal: Following the birthplace and foot-steps of Lord Sakyamuni Buddha.* Kathmandu: Lumbini Development Trust

शाक्य, देबेन्द्रराज (२०७३), प्राचीन कोलीय र शाक्य गणराज्य अन्तरगतका बौद्ध सम्पदा; लेखक जनप्रकाशन प्रिन्ट, बुटवल ।

श्रेष्ठ, निर्मल, (२०७३) रामापिथेकस र मानव पूर्खा, संस्मृति सिद्धबाबा धाम, बुटवल : सिद्धबाबा धाम विकास समिति पृ.८१

श्रेष्ठ, निर्मल, (२०७६) पाल्पा नुवाकोट, द लिभिङ हेरिटेज,

Shrestha, S.S. (2006). Ramagrama Excavation.*Ancient Nepal*, Journal of the Department of Archaeology. Ramagrama Issue. Nos. 163. Kathmandu: Department of Archaeology.

सैनामैना नगरपालिका (२०७६), **सैनामैना दर्पण,** सैनामैना नगरपालिकाको कार्यालय, बुद्धनगर, रुपन्देही, आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस ।


हाम्रो सम्पदा.राष्ट्रिय मासिक, बर्ष २ अंक ६८, २०६४ , न्यू प्लाजा काठमाण्डौ ।

आवधिक योजन , राष्ट्रिय योजना आयोग २०७६-२०८१


वस्तुथिति विश्लेण, प्रदशे नं.५. प्रदेश योजना आयोग, बुटवल ।

# अनुसूचीहरु


## अनुसूची-१ : नक्साहरु





नक्सा नं.१ : लुम्बिनी क्षेत्र




नक्सा नं.२ : कुदान




नक्सा नं.३ : गोटिहवा





नक्सा नं.४ : तिलौराकोट





नक्सा नं.५ : निग्लिहवा, अरौराकोट





नक्सा नं.६ : सगरहवा





नक्सा नं.७ : सिसहनिया क्षेत्र (बड्की र छोट्की)




नक्सा नं.८ (क) : रामग्राम





नक्सा नं.८ (ख) : रामग्राम





नक्सा नं.१ (क) : देवदह क्षेत्र (भवानीपुर)





नक्सा नं.१ (ख) : देवदह क्षेत्र




नक्सा नं.१० : खयरडाँडा





नक्सा नं.११ : कन्यामाई





नक्सा नं.१२ : बैरीमाई





नक्सा नं.१३ : मंगल पुष्करिणी दह





नक्सा नं.१४ : पाकरी वृक्ष





नक्सा नं.१५ : कालिदह





नक्सा नं.१६ : निपनिया, पैसिया, पिप्रहवा, मर्चवारीमाई





नक्सा नं.१७ : प्रकटेश्वर महादेव





नक्सा नं.१८ : मनौरी





नक्सा नं.१९ : सैनामैना (रानी कुवा), पर्रोहा (बोलबमधाम)





नक्सा नं.२० : जीतगढी किल्ला





नक्सा नं.२१ : बटौली (बुटवल)




नक्सा नं.२२ : हिल पार्क





नक्सा नं.२३ : बसन्तपुर डाँडा




नक्सा नं.२४ : मलमला क्षेत्र





नक्सा नं.२५ : चाङघाट, औरहिया, चेत्रादेई, जहादी, बिकुली, सोहसापतरिया, धम्निहवा





नक्सा नं.२६ : कपिलधाम





नक्सा नं.२७ : तौलेश्वरनाथ, दोहनी, धर्मपनिया





नक्सा नं.२८ : दलदलाह, पिपरी, बर्दहवा, लम्तिया, सिंहखोर





नक्सा नं.२९ : बभनीकोट, हर्देवा





नक्सा नं.३० : रामघाट, लोहसौडिया





नक्सा नं.३१ : शिवगढी





नक्सा नं.३२ : जगदीशपुर ताल, श्रीनगरा





नक्सा नं.३३ : पण्डितपुर





नक्सा नं.३४ : अनोमाधाम





नक्सा नं.३५ : बुद्धमंगल ताल





नक्सा नं.३६ : तरकौली ताल, साम्यमाई मन्दिर





नक्सा नं.३७ : रानीमहल





नक्सा नं.३८ : रामापिथेकस पार्क





नक्सा नं.३९ : सिद्धबाबा





नक्सा नं.४० : तानसेन दरबार, पाल्पा





नक्सा नं.४१ : नुवाकोटगढी





नक्सा नं.४२ : रेसुङ्गा तपोभूमि





नक्सा नं.४३ : रुरु क्षेत्र (ऋषिकेश मन्दिर)





नक्सा नं.४४ : मदाने संरक्षित क्षेत्र





नक्सा नं.४५ : सुपादेउराली





नक्सा नं.४६ : पाणिनि तपोभूमि





नक्सा नं.४७ : ठाडा (डमरु) दह





नक्सा नं.४८ : धारापानी, रिहार





नक्सा नं.४९ : शिद्धरत्ननाथ पीठ





नक्सा नं.५० : स्वर्गद्वारी





नक्सा नं.५१ : थवाङ गाउँ





नक्सा नं.५२ : सुनछहारी झरना





नक्सा नं.५३ : सिस्ने हिमाल





नक्सा नं.५४ : पुथा हिमाल





नक्सा नं.५५ : कमल ताल





नक्सा नं.५६ : बागेश्वरी मन्दिर





नक्सा नं.५७ : बाँके राष्ट्रिय निकुञ्ज





नक्सा नं.५८ : गाभर भ्याली





नक्सा नं.५९ : बर्दिया राष्ट्रिय निकुञ्ज





नक्सा नं.६० : ठाकुरद्वारा





नक्सा नं.६१ : कृष्णसार संरक्षित क्षेत्र





नक्सा नं.६२ : बढैया ताल





नक्सा नं.६३ : काक्रेविहार





नक्सा नं.६४ : ढोरपाटन





नक्सा नं.६५ : अपरडोल्पो





नक्सा नं.६६ : मुक्तिनाथ मन्दिर





नक्सा नं.६७ : नमोबुद्ध





नक्सा नं.६८ : फर्पिङ्ग बज्रयानी





नक्सा नं.६९ : बौद्धनाथ स्तुपा, काठमाण्डौं





नक्सा नं.७० : स्वयम्भुनाथ, काठमाण्डौं





नक्सा नं.७१ : पोखरा




नक्सा नं.७२ : सौराहा, चितवन




नक्सा नं.७३ : त्रिवेणीधाम





Lumbini-Namobuddha=328 Km, Lumbini-Sunachahari=187 Km, Lumbini-Thawang Gaun=268 Km, Lumbini-Tilaurakot=29.2 Km, Lumbini-Thakurdwara=301 Km, Lumbini-Thada Daha=76 Km, Lumbini-Swayambhunath=286 Km, Lumbini-Swargadwari=198 Km, Lumbini-Sishaniya=28 Km, Lumbini-Siddhababa=40.3 Km, Lumbini-Shreenagar=78.1 Km, Lumbini-Dharapani=175 Km, Lumbini-Resunga=142 Km, Lumbini-Ranimahal=96.1 Km, Lumbini-Manauri=5.6 Km, Lumbini-Palpa Durbar/Ranaujeshwari=74.4 Km, Lumbini-Argali Durbar=107 Km, Lumbini-Ramapithecus Park=42.1 Km, Lumbini-Pokhara=262 Km, Lumbini-Panini Tapobhumi=132 Km, Lumbini-Pakari=48.4 Km, Lumbini-Prakateshwor=5.37 Km, Lumbini-Maimala Kshetra=25.7 Km, Lumbini-Khayardanda=52 Km, Lumbini-Yasodhara Park=53 Km, Lumbini-Mayadevi Park=5.6 Km, Lumbini-Manauri=5.6 Km, Lumbini Jagadishpur Taal=33 Km, Lumbini-Buddha Mangal Taal=54.5 Km, Lumbini-Devdaha Taal=57.5 Km, Lumbini-Gautam Buddha Udhaan=55 Km, Lumbini-Muktinath=327 Km, Lumbini-Moksh Dhaam=34.1 Km, Lumbini-Haleshi Mahadev=507 Km, Lumbini-Kanyamai Temple=49.3 Km, Lumbini-Kakrebihar=315 Km, Lumbini-Jhakera Taal=122 Km, Lumbini-Gajedi Taal=21.6 Km, Lumbini-Dhorpatan=210 Km, Lumbini-Sisne Himal=330 Km, Lumbini-Putha Himal=338 Km, Lumbini-BhawanipurTemple=47 Km, Lumbini-Baunnakoti Temple=28.7 Km, Lumbini-Bardia National Park=259 Km, Lumbini-Banke National Park=203 Km, Lumbini-Banbatika Park=45.2 Km, Lumbini-Bairimai Temple=31.7 Km, Lumbini-Bageshwari Temple=244 Km, Lumbini-Araurakot=30.8 Km, Lumbini-Gotihawa=28.9 Km, Lumbini-Ambikeshwari Temple=152 Km, Lumbini-Kudan=27 Km, Lumbini-Triveni Dhaam=76.4 Km, Lumbini-Sauraha=155 Km, Lumbini-Piprahawa=6.87 Km, Lumbini-Rishikesh, Temple=109 Km, Lumbini-Anomadham=77.1 Km, Lumbini-Argali Durbar=103 Km, Lumbini-Chitlang=268 Km, Lumbini-Madane Samrakshit Kshetra=239 Km, Lumbini-Kamal Taal=470 Km, Lumbini-Nuwakot=60.9 Km, Lumbini-Krishnasar Conservation Area=275 Km, Lumbini-Badhaiya Taal=249 Km, Lumbini Gabhar Valley=236 Km, Lumbini-Hill Park=41.6 Km, Lumbini-Basantapur=49.5 Km, Lumbini Shringeshwor Dham=45.2 Km

नक्सा नं. ७४ लुम्बिनी देखि विभिन्न सम्पदा स्थलको दूरी

## अनुसूची-२ : फोटाहरु



फोटो नं. १ : लुम्बिनी



फोटो नं. २ : अशोक स्तम्भ अभिलेख



फोटो नं. ३ : मायादेवी मन्दिर



फोटो नं. ४ : बुद्ध जन्ममूर्ति



फोटो नं. ५ : जन्मस्मारक शिला



फोटो नं. ६ : शाक्य पुष्करिणी पोखरी



फोटो नं. ७ : स्तूपहरु



फोटो नं. ८ : बिहारहरु



फोटो नं. ९ : कुदान



फोटो नं. १० : गोटिहवा



फोटो नं. ११ : गोटिहवा अशोक स्तम्भ



फोटो नं. १२ : गोटिहवा स्तूप



फोटो नं. १३ : तिलौराकोट



फोटो नं. १४ : तिलौराकोट प्रवेशद्वार



फोटो नं. १५ : कन्थक स्तूप



फोटो नं. १६ : धम्निहवा स्तूप




फोटो नं. १७ : निग्लिहवा



फोटो नं. १८ : निग्लिहवा अशोक स्तम्भ



फोटो नं. १९ : निगलीसागर



फोटो नं. २० : कनकमुनि बुद्ध मन्दिर



फोटो नं. २१ : अरौराकोट



फोटो नं. २२ : सगरहवा



फोटो नं. २३ : सिसहनिया



फोटो नं. २४ : रामग्राम स्तूप




फोटो नं. २५ : बुद्धको मावली क्षेत्र




फोटो नं. २६ : भवानीपुरको प्राचीन कुवा



फोटो नं. २७ : भवानीपुरमा रहेको बिहार



फोटो नं. २८ : खयरडाँडा



फोटो नं. २९ : कन्यामाई



फोटो नं. ३० : बैरीमाई



फोटो नं. ३१ : मङ्गल पुष्करिणी दह



फोटो नं. ३२ : रोहिणी नदी



फोटो नं.३३ : पाकरी वृक्ष



फोटो नं.३४ : मायादेवी पार्क



फोटो नं.३५ : यशोधरा पार्क



फोटो नं.३६ : गौतम बुद्ध राष्ट्रिय उद्यान



फोटो नं.३७ : बौद्धकालीन कुवा, बगंला



फोटो नं.३८ : Key Informant सँगको साक्षात्कार, देवदह




फोटो नं.३९ : मर्चवारीमाई



फोटो नं.४० : रानी कुवा



फोटो नं.४१ : जीतगढी किल्ला




फोटो नं.४२ : हिलपार्क, बुटवल




फोटो नं.४३ : शंकरनगर, बनबाटिका



फोटो नं.४४ : बाउन्नकोटी



फोटो नं.४५ : मोक्षधाम



फोटो नं.४६ : श्रृङ्गेश्वरधाम



फोटो नं.४७ : गजेडी ताल




फोटो नं.४८ : बोलबमधाम



फोटो नं.४९ : अन्तर्राष्ट्रिय बौद्ध परियति उदय विहार



फोटो नं.५० : विश्व सुख शान्ति बौद्ध विहार



फोटो नं.५१ : चौराबाबा, मलमला



फोटो नं.५२ : अन्तरक्रिया कार्यक्रम, मलमला



फोटो नं.५३ : कपिलधाम



फोटो नं.५४ : कपिलधाम



फोटो नं.५५ : तौलेश्वरनाथ मन्दिर



फोटो नं.५६ : दोहनी



फोटो नं.५७ : मधुवनधाम, बराहाकुण्ड




फोटो नं. ५८ : रामघाट



फोटो नं. ५९ : शिवगढी



फोटो नं.६० : जगदीशपुर ताल



फोटो नं.६१ : त्रिवेणीधाम



फोटो नं.६२ : अनोमाधाम



फोटो नं.६३ : बुद्ध मङ्गल ताल



फोटो नं.६४ : Key Informant सँगको साक्षात्कार, दबिला



फोटो नं.६५ : साम्यमाई मन्दिर, तरकौली



फोटो नं.६६ : तरकौली ताल



फोटो नं.६७ : पाल्ही भगवती मन्दिर



फोटो नं.६८ : नन्दन ताल



फोटो नं.६९ : रानीमहल



फोटो नं.७० : रामापिथेकस



फोटो नं.७१ : सिद्धबाबाधाम



फोटो नं.७२ : भैरबस्थान




फोटो नं.७३ : पाल्पा दरबार



फोटो नं.७४ : रेसुङ्गा आश्रम



फोटो नं.७५ : रुरु क्षेत्र, रिडी



फोटो नं.७६ : मदाने संरक्षित क्षेत्र



फोटो नं.७७ : सुपादेउराली



फोटो नं.७८ : पाणिनी तपोभूमि



फोटो नं.७९ : ठाडा (डमरु) दह



फोटो नं.८० : धारापानीधाम, दाङ्ग





फोटो नं.८१ : सिद्धरत्ननाथ पीठ



फोटो नं.८२ : स्वर्गद्वारी



फोटो नं.८३ : ओखरकोट



फोटो नं.८४ : थवाङ



फोटो नं.८५ : सुनछहारी झरना



फोटो नं.८६ : जलजला




फोटो नं.८७ : सिस्ने हिमाल



फोटो नं.८८ : पुथा हिमाल



फोटो नं.८९ : कमल ताल



फोटो नं.१० : बागेश्वरी मन्दिर




फोटो नं.११ : ठाकुरद्वारा, बर्दिया



फोटो नं.१२ : कृष्णसार संरक्षित क्षेत्र



फोटो नं.१३ : बढैया ताल



फोटो नं.१४ : काक्रेविहार



फोटो नं.१५ : ढोरपाटन



फोटो नं.१६ : अपरडोल्पो



फोटो नं.१७ : मुक्तिनाथधाम



फोटो नं.१८ : नमोबुद्ध, काभ्रे



फोटो नं.१९ : फर्पिङ बज्रयानी




फोटो नं.१०० : हलेसी महादेव



फोटो नं.१०१ : बौद्धनाथ, काठमाण्डौं



फोटो नं.१०२ : स्वयम्भुनाथ, काठमाण्डौं



फोटो नं.१०३ : पशुपतिनाथ, काठमाण्डौं



फोटो नं.१०४ : जनकपुरधाम




फोटो नं.१०५ : फेवाताल



फोटो नं.१०६ : सौराहा, चितवन

**अनुसूची -३ : उपस्थिति तथा फोटाहरु**

**प्रतिवेदन प्रस्तुती र छलफल कार्यक्रमको उपस्थिति**



२०७६।३।१५

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल र सिद्धार्थ इन्स्टिच्युट अफ रिसर्च एण्ड कन्सल्टेन्सी लिमिटेड रुपन्देही बुटवल बीच सम्झौता भई बृहत्तर लुम्बिनी बौद्ध परिपथका सम्पदाहरुको खोज तथा अनुसन्धान सम्बन्धी कार्यका लागि संस्थाले जिम्मेवारी प्राप्त गरेकोमा सो अनुसार संस्थाबाट तयार गरेको Draft Report को प्रस्तुति आज मिति २०७६।३।१५ मा संस्थाका अध्यक्ष श्री लिला बहादुर केसी- को अध्यक्षतामा देहायको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो।

मिति : २०७६।३।१५
समय : बिहान १०:३० बजे
स्थान : सिद्धार्थ कलेज (लुम्बिनी कम्प्लेक्स) बुटवल।

अध्यक्षता : श्री लिला बहादुर केसी-
प्रमुख अतिथि : माननीय लिला गिरी - मन्त्री
उद्योग, पर्यटन, वन तथा वा. मन्त्रालय

उपस्थिति

| क्र.सं. | नामथर | पद/संस्था | दस्तखत |
|---|---|---|---|
| १- | श्री लिला बहादुर केसी- | अध्यक्ष (SIRACS) | |
| २. | माननीय लिला गिरी, | मन्त्री, उद्योग, पर्यटन वन तथा वा. | |
| ३. | प्रा.डा. हृदयरत्न बज्राचार्य, | उप-कुलपति, लु.बौ.वि. | |
| ४. | प्रा.डा. ईश्वर गौतम, | उपाध्यक्ष, प्रदेश योजना आयोग | |
| ५. | डा. तिलक आचार्य, | रजिष्ट्रार, लु.बौ.वि. | |
| ६- | डा. राधा वाग्ले, | सचिव, उद्योग, पर्यटन व.तथा वा. | |
| ७- | श्री ज्ञानेन्द्र राई, | का.वा. [illegible], लु.वि.कोष | |
| ८- | प्रा.डा. गितु गिरी | | |
| ९. | वरिष्ठ पुरातत्वविद्- श्री बसन्त बिडारी | | |
| १०- | श्री विजय दुवेदी, | महाशाखा प्रमुख- उ.प.वन तथा वा.मं. | |

| क्र.सं. | उपस्थिति | पद/संस्था | दस्तखत |
|---|---|---|---|
| ११ | श्री रुद्र प्रसाद ज्ञवाली | [illegible] प्रमुख - [illegible] | |
| १२ | श्री कृष्ण ब. कुमाल | उ.प.स.पा.न. | |
| १३ | कमल ज्ञवाली | अधिकृत उ.प.वनतथा वा.म. | |
| १४ | गणेश घिमिरे | " " | |
| १५ | हरिप्रसाद भण्डारी | शिक्षक | |
| १६ | | | |
| | प्रेमनारायण पाण्डे - | समाजसेवी | |
| १७ | | | |
| | कृष्णचन्द्र गिरी | पुरातत्व (लुम्बिनी) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ५ | |
| १८ | | | |
| १९ | आलोक कुमार ओझा | अधिकृत (सातौं) उद्योग प.व.तथा वा.मन्त्रा. | |
| २० | [illegible] | अधिकृत छैठौं उ.प.व.तथा वा.म. | |
| २१ | विवेक तिवारी | विद्यार्थी | |
| २२ | गोविन्द प्र. आचार्य | आइडिया प्रेस-युनल | |
| २३ | दुर्गा गिरि | प्रदेश योजना आयोग | |
| २४ | चिरञ्जीवी डेवकोटा | उप-प्राध्यापक [illegible] | |
| २५ | [illegible] | [illegible] SIRACS | |
| २६ | सन्तोष पाण्डे | इन्जिनियर SIRACS | |
| २७ | टीकाराम घिमिरे - | SIRACS | |
| २८ | गोविन्द अर्याल | SIRACS | |
| २९ | - चिरञ्जीवी भट्टराई - | SIRACS | |
| ३० | - श्री हरि ध्वज राई. | पर्यटनविद् - | |
| ३१ | - श्री कृष्ण ज्ञवाली - | SIRACS | |

सभाका अध्यक्ष श्री दिल बहादुर केसी को अध्यक्षता, आतिथ्य मैत्री दिल्ला गिरीको प्रमुख आतिथ्यता र सभाका सदस्य श्री हरि प्रसाद भण्डारीको सञ्चालनमा भएको यस प्रस्तुति कार्यक्रममा सभाका सदस्य श्री चिरञ्जीवी भट्टराईले कार्यक्रमको उद्देश्य सहित प्रकाश पार्दै उपस्थित सबैलाई स्वागत गर्नुभयो। विशेषज्ञ श्री हरि ध्वज राईले बृहद् लुम्बिनी बौद्ध परिपथका सम्पदा-

हरुको खोज, अनुसन्धान र पर्यटन विकास सम्बन्धी प्रतिवेदनको Draft Report का छानिएका विषयवस्तुहरुको Power Point बाट प्रस्तुतिकरण गरिनु भयो। उक्त प्रस्तुति पश्चात Draft Report उपर विभिन्न व्यक्तित्वहरुबाट धारणा, जिज्ञासा र सुझावहरु प्राप्त भए। यसरी जिज्ञासा र सुझाव दिनेहरुमा मन्त्रालयका महाशाखा प्रमुख श्री रुद्र प्रसाद ज्ञवाली, पुरातत्वविद् बसन्त बिडारी, मन्त्रालयका महाशाखा प्रमुख श्री विजय सुवेदी, लु. वि. कोषका को. वा. लक्ष्मण-दाहाल श्री ज्ञानेन राई, मन्त्रालयका शाखा प्रमुख श्री प्रकाश धिमिरे, बुटवल बहुमुखी क्याम्पसका प्रा. श्री चिरञ्जीवी देवकोटा लगायतका व्यक्तित्वहरु हुनुहुन्थ्यो। उहाँका जिज्ञासा र धारणाको बारेमा अध्ययन टोलीका विज्ञ श्री हरि [illegible] राईले जवाफ तथा प्रष्टताई दिनु हुँदै प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिने बताउनु भयो।

माननीय मन्त्री किरण गिरीले आफ्नो सम्बोधनमा लुम्बिनी सहितका महत्वपूर्ण सम्पदाहरुमा Connectivity को खाँचो रहेको, यस्ता सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायलाई परिचालन गर्न आवश्यक रहेको, १० वटा महत्वपूर्ण साईटहरुलाई एउटै chain मा जोडेर उपयुक्त हुनेछ, लिएर लगाएका भौतिक एकाइहरुको आवश्यकता रहेकोले त्यस तर्फ पहल र कार्यहरु काम बढेरहेको विश्वास राख्नु भयो। उहाँले आजको प्रस्तुति उपर प्राप्त भएका महत्वपूर्ण सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार गर्न निर्देशन गर्दै मेहनतसाथको प्रस्तुति र कार्य प्रति विज्ञहरु एवं टोलीलाई धन्यवाद दिनु भयो। त्यस पछि यस कार्यक्रममा लु.वि.वि. का उप-कुलपति प्रा. डा. हृदय रत्न बज्राचार्य र प्रदेश योजना आयोगका

२०७६।३।१५

उपाध्यक्ष प्रा.डा. श्री ईश्वर गौतमले सम्बोधन गर्दै हुँदै लुम्बिनीलाई समग्रताका रुपमा प्रदेशले यति राम्रो महत्को खोज, विकास र पर्यटन प्रवर्द्धनका क्रियाकलापहरु अगाडि बढाउनु पर्ने, योजनालाई कार्यरुप दिन Action Plan बनाउनु पर्ने, पर्यटकको Feeling लाई हामीले आत्मसात गर्नु पर्ने, प्रदेशका महत्वपूर्ण र दर्शनीय स्थलहरुलाई लुम्बिनी सँग connectivity मा राख्नु पर्ने, यो प्रतिवेदन अध्ययन स्थलको अर्को पक्षमा सामाजिक पक्षलाई पनि ध्यान दिनु पर्ने जस्ता विचारहरु राख्नु भयो। अन्त्यमा अध्यक्ष श्री शिव बहादुर केसी ले उपस्थित सबैलाई धन्यवाद दिनु हुँदै प्राप्त भएका महत्वपूर्ण सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार गर्ने कुरा राख्नु भयो। कार्यक्रममा यस क्षेत्रका महत्वपूर्ण पुरातत्वविद्, संस्कृतिविद् र पर्यटन विज्ञहरुको उपस्थिति रहेको थियो।

## प्रतिवेदन प्रस्तुती र छलफल कार्यक्रमका फोटाहरु









प्रस्तुति तथा छलफल कार्यक्रम
१५ आषाढ, २०७७
स्थान : सिद्धार्थ कटेज (लुम्बिनी सभाहल)
राजमार्ग चौराहा, बुटवल
परामर्शदातृ संस्था
सिद्धार्थ इन्स्टिच्यूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि
प्रस्तुति तथा छलफल कार्यक्रम
हार्दिक स्वागत
परामर्शदातृ संस्था:




प्रस्तुति तथा छलफल कार्यक्रम
१५ आषाढ, २०७७
राजमार्ग चौराहा, बुटवल


प्रस्तुति तथा छलफल कार्यक्रम
१५ आषाढ, २०७७







बृहत्तर लुम्बिनी बौद्ध परिपथ र सम्बद्ध सम्पदाहरुको खोज तथा
यस क्षेत्रको पर्यटन विकास सम्बन्धी अध्ययन-२०७७
प्रस्तुति तथा छलफल कार्यक्रम
१५ आषाढ, २०७७
स्थान : सिद्धार्थ कटेज (लुम्बिनी सभाहल)
राजमार्ग चौराहा, बुटवल
परामर्शदातृ संस्था
सिद्धार्थ इन्स्टिच्यूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
बुटवल रुपन्देही




SIDDHARTHA
LUMBINI
HALL

## अन्तरक्रिया कार्यक्रमको उपस्थिति



2066/02/26

आज मिति ०६६/२/२६ गते मंगलबार दिनको ११:०० बजे रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिकामा रहेका २०६६ लुम्बिनी बौद्ध परिपथ अन्तरगत पर्ने विभिन्न पुरातात्विक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय स्थल हरुको खोजपूर्ण अध्ययन तथा अन्तर्क्रिया कार्यक्रम, नगरपालिका प्रमुख श्री चित्रबहादुर कार्की तथा उद्योग पर्यटन वन तथा वातावरण मंत्री (प्रदेश नं.५) माननीय श्री लिला गिरीको प्रमुख आतिथ्यतामा देहायका उपस्थितिमा सम्पन्न भयो।

मिति: 2066/02/26 गते, समय- बिहान- ११:०० बजे
स्थान: तिलोत्तमा न.पा. को सभाहल
अध्यक्षता: न.पा. प्रमुख श्री चित्रबहादुर कार्की
प्रमुख अतिथि: माननीय मंत्री लिला गिरी, उद्योग पर्यटन, वन तथा वातावरण मंत्रालय, प्रदेश नं.५, प्रदेश नं. ५

| क्र.सं. | उपस्थिति नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री चित्र बहादुर कार्की | अध्यक्षता - न.पा. प्रमुख | [illegible] |
| 2. | माननीय मंत्री लिला गिरी | मंत्री, उ.प. वन तथा वा. मंत्रालय | [illegible] |
| ३. | माननीय भूमिश्वर ढकाल | प्रदेश सभा सदस्य | [illegible] |
| ४. | श्री तिलक आचार्य | सहजकर्ता, लु. बौद्ध वि. वि. | [illegible] |
| ५. | श्री बसन्त बिडारी | पुरातत्वविद, लुम्बिनी विकास कोष | [illegible] |
| ५. | श्री गणेश घिमिरे | अधिकृत (कार्की) उ.प. वन तथा वातावरण | [illegible] |
| ६. | श्री बीना राना | उप-प्रमुख, तिलोत्तमा न.पा. | [illegible] |
| ७. | श्री कृष्ण कुमाल | माननीय मंत्रीज्यूको सचिवालय | [illegible] |
| ८. | श्री इन्द्र कार्की | उप प्र. जि. प्र. का. | [illegible] |
| ९. | श्री राम प्र. न्यौपाने | प्राचीन चिकित्सा केन्द्र | [illegible] |
| १० | श्री [illegible] | | [illegible] |
| ११. | श्री लिल बहादुर कोली | अध्यक्ष - SIRACS | [illegible] |
| १२ | श्री सन्तोष पाण्डे | हेडक्वाटर " | [illegible] |
| १३ | श्री टिकाराम घिमिरे | लेखक " | [illegible] |

१४. आर कुमाल — इन्जिनियर - SIRACS
१५- ईश्वरी ज्ञवाली · इ.पि.के.को गा.भा.प्र.र्ना
१६- युवराज पाण्डे — पत्रकार- राजस-प्रदेश २.
१७. टिका रावल : प्रेस संयोजक · तिलौराकोट न.पा
१८ नरेश चौधरी पत्रकार रेडियो टाइम्स
१९- श्री कृष्ण प्रसाद भट्टराई - सिभिल इन्जि० SIRACS
२० श्री कृष्ण ज्ञवाली — SIRACS

आजको यस अन्तरक्रिया तथा छलफल कार्यक्रममा परामर्श दाता संस्थाको तर्फबाट विज्ञ तथा संस्थाका अध्यक्ष श्री तिलक बहादुर के.सी. ले बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तर्गतका विभिन्न ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरुका अध्ययन, अनुसन्धान र प्रतिवेदन तयारीका सम्बन्धमा संस्थाले हाल सम्म गरेका कार्यहरुको विस्तृत विवरण पेश गर्नु भयो। साथै यस अध्ययनको उद्देश्य तथा कार्यविधिका बारे संक्षिप्त रुपमा प्रकाश पार्दै उपस्थित सबै प्रति आभार प्रकट गर्नु भयो।

मानवीय मैत्री तिलक गिरि ज्यूले लुम्बिनीको महत्वलाई सही ढंगले उजागर गर्न सकिएको छैन। बृहत्तर लुम्बिनी बौद्ध परिपथ अन्तर्गत रहेका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरुको पहिचान गरी पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रमका साथ कागजात बनाउनलाई मद्धत पुग्ने गरी यो अध्ययन गहकिलो र लाभदायी बन्नु पर्दछ, बुद्धकालीन स्थलका पहिचान र सम्बर्द्धनको लागि छुटेका क्षेत्रलाई समेत प्रतिवेदनमा समेट्नका लागि परामर्शदाता संस्थाको ध्यानाकर्षण गराउनु भयो।

पुरातत्वविद् प्रा० बसन्त बिडारीले आजभन्दा १२१ वर्ष पहिले भारतीय पुरातत्वविद् पि० सी० मुखर्जीको टोली [illegible]

जेठ, 26

क्षेत्रमा रहेका केही स्थलहरूको अवलोकन गरी एउटा लामो Report समेत तयार गरेका र उक्त Report तत्कालीन श्री ५ लिएर अरुण बहादुर गुरुङ, सम्भवतः लुम्बिनी विकास कोष हुँदै हाल यो प्रतिवेदन राष्ट्रिय संग्रहालयमा राखिएको बताउनु भयो। त्यसैले पर्यटनका लागि इतिहास, गाथा र त्यसका आवश्यक पनि हुँदा उत्खननमा त्यो अनुसारको व्यापक विश्लेषण हुन आवश्यक रहेको बताउनु भयो। लुम्बिनी क्षेत्रको विभिन्न स्थानहरूमा स्तूप-धन विहारका विविध आकार गरेका तर पहिचान हुन नसकेको, यस्तै गरी पहिला अध्ययनमा राजा शुद्धोधनले ४ वटा दरबार निर्माण गरेको उल्लेख भएको तर हाल त्यस एउटा दरबार कहाँ रहेका थियो भनी विवाद कायम हुन नसकेको सन्दर्भमा लुम्बिनीको उत्तर तर्फ केही स्थलमा र त्यसै क्षेत्रमा [illegible] दरबार रहेको हुन सक्ने सीमानालाई ध्यानमा राखी पुरातात्विक महत्वका स्थानहरू क्षेत्रमा तथा प्राथमिकता प्रदान गरी उत्खनन र अनुसन्धानबाट उजागर गर्न जरुरी रहेको बताउनु भयो।

बुद्ध धर्मका शान्ति एवं लुम्बिनी बौद्ध विश्व सम्पदामा रहेको बारे अझै विवाद आएकाले स्थानहरूका हाल पनि पहिचान भएका पुरातात्विक स्थलहरू सबैको संरक्षण गरी विकसित हुन सक्ने बताउनु हुँदै स्थानहरूका उत्तरी क्षेत्रको डाँडामा आकर्षक चैत्य, विहारहरू, ध्यान केन्द्र र अन्य आवश्यक संरचनाहरू देखी, विदेशमा पहिचान हुने गरी निर्माण हुन सक्ने लुम्बिनी स्थलको प्रसिद्धिमा अझ वृद्धि गर्दै यसबाट पर्यटन प्रवर्द्धनमा हुने टेवा पुग्न जाने बताउनु भयो। कपिलवस्तु को तिलौराकोट कपिलवस्तुमा रहेको संग्रहालय हो, यस जिल्लामा रहेका पुरातात्विक स्थलहरू तथा अवलोकन क्षेत्र, [illegible] क्षेत्र, [illegible], [illegible], [illegible] लगायतका मूल आदि विषयहरूको अध्ययन, अनुसन्धान गरी लुम्बिनी सँग एकीकृत विकास गर्न सकिने पनि क्षेत्रमा पर्यटन विकास

जेठ 26 गते

र प्रवर्द्धनमा तत्कालिन प्रभाव पनि अक्सर त्यस तर्फ ध्यान दिन इच्छुक गर्नु भयो।
कलाकिला कार्यक्रममा पुग्दा सभा सहभागी भएका मानसिक भूमि-
एवं ठेकेदार, स्थानीय बुद्धिजीवि, तथा लोकालाकारहरुको उपस्थिति रहेको थियो।

26

## अन्तरक्रिया कार्यक्रमका फोटाहरु






सैनामैना नगरपालिका
बुद्धनगर, रुपन्देही







**अनुसूची -४ : प्रश्नावली**

**४.१ वृहत्तर लुम्बिनी बौद्ध परिपथ क्षेत्रका महत्वपूर्ण स्थानहरुको खोज,अनुसन्धान तथा पर्यटन विकास सम्बन्धी सर्भेक्षण**

आदरणीय महानुभाव, नमस्कार !

सिद्धार्थ इन्स्टियूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस प्रा.लि.बुटवलबाट **वृहत्तर लुम्बिनी बौद्ध परिपथ क्षेत्रका महत्वपूर्ण स्थानहरुको खोज, अनुसन्धान तथा पर्यटन विकास सम्बन्धी** विषयमा अनुसन्धान गर्दै गरेको व्यहोरा अनुरोध छ । पर्यटक, सरकारी अधिकारी, सरोकारवाला तथा विशेषज्ञहरुको राय संकलन गर्ने उद्धेश्यले यो प्रश्नावली तयार पारिएको छ । धेरै समय नलाग्ने यो प्रश्नावली भरी अनुसन्धान तथा वृहत्तर लुम्बिनी क्षेत्रको दीगो पर्यटन विकासमा योगदान दिनु हुनेछ भन्ने अपेक्षा लिइएको छ । साथै यहाले दिनु भएको जानकारी तथा सूचनाको गोपनीयता राखिनेछ भन्ने पूर्ण प्रतिवद्धता व्यक्त गर्दछौं ।

कृपया ब्राकेट ()मा चिन्ह (√) लागाउनु होला साथै खालीठाउँमा  लेख्नुहोला ।

**भाग- १:सामान्य जानकारी**

१. १ नाम (ऐछिक) : .......... १.२ राष्ट्रियता ..............१.३ लिङ्ग क) पुरुष (  ) ख) महिला (  ) ग) अन्य (  )

१.४ उमेर समूह : क) २० वर्षमुनि (  ) ख) २१-३० (  ) ग) ३१-४० (  ) घ) ४१-५० (  ) ङ) ५१-६० (  ) च) ६० वर्ष माथि (  )

१.५आस्था/धर्म : क) बौद्ध ( ) ख) हिन्दु (  ) ग) क्रिस्चियन ( ) घ) मुसलमान (  ) ङ) अन्य (  ) च) केही होइन ( )

१.६ शैक्षिक योग्यता : क) माध्यामिक वा तल (  ) ख) स्नातक (  ) ग) स्नाकोत्तर वा माथि (  )

१.७ पेशा : क) व्यापार (  ) ख) निजी रोजगारी (  ) ग) सरकारी सेवा (  ) घ) अन्य................................

१.८  तपाई वृहत्तर लुम्बिनीमा के हो ? क) तीर्थयात्री (  ) ख) पर्यटक(  ) ग) तीर्थयात्री र पर्यटक दुवै(  ) घ) अन्य...

**भाग-२ : तपाईको हालको लुम्बिनी भ्रमण बारे जानकारी**

**२.१ लुम्बिनीबारे कसरी थाहापाउनु भयो ?**

क) शैक्षिक पाठ्यक्रम (  ) ख) ईन्टरनेट स्रोत (  ) ग) ट्राभल एजेन्सी (  ) घ) मित्र तथा आफन्तजन (  )

ङ) विज्ञापन (  ) च) अन्य स्रोत भए खुलाउनुहोस् :..............................

**२.२ लुम्बिनी वरपरका कुन-कुन बौद्ध स्थलहरु चिन्नुहुन्छ ?**

क) तिलौराकोट (  ) ख) कुदान (  ) ग) गोटीहवा (  ) घ) निग्लीहवा (  ) ङ) अरौराकोट (  ) च) सगरहवा (  )

छ) सिसनिया (  ) ज) रामग्राम  (  ) झ) देवदह (  )

**२.३ माथिका स्थलहरु घुम्ने योजना बनाउनु भएको छ ?**

क) यदि छ भने कुन-कुन ठाउँहरु घुम्नुहुन्छ ? ......................................................................................

ख) यदि छैन भने केले ती ठाउँहरु भ्रमण गर्न उत्प्रेरणा दिनेछ ? तपाईले चाहे जत्ति कारणहरुमा (√) लगाउनुहोस् :

क. उपयुक्त जानकारी (  ) ख. गन्तव्य स्थलको महत्व (  ) ग. परिपथ यातायात (  )  घ. पथ प्रदर्शन सुविधा (  )

ङ. स्थलको आकर्षक प्रस्तुतीकरण (  ) च. आधारभूत सेवा (  ) छ. उपयुक्त मूल्य (  ) ज. अन्य भए ..................

**२.४ तपाईको वृहत्तर लुम्बिनी भ्रमणको उद्धेश्य के हो ? (एक भन्दा बढी विकल्प छनौट गर्न सक्नुहुनेछ)**

क) तीर्थाटन (  ) ख) पर्यटन (  ) ग) सम्मेलन घ) बौद्ध अध्ययन (  ) ङ) अन्य .................

**२.५ लुम्बिनीको भ्रमण प्याकेज कसरी किन्नु भयो ?**

क) ट्राभल एजेन्सी (  ) ख) ईन्टरनेट बुकिङ (  ) ग) आफै (  )

**भाग- ३ :वृहत्तर लुम्बिनी क्षेत्रमा तपाईलाई मन पर्ने पर्यटकीय/तीर्थाटन क्रियाकलापहरु**

| **तपाईको मूल्यांकन (सबैभन्दा बढी मनपर्ने क्रियाकलापलाई ५ र सबैभन्दा कम मनपर्नेलाई १)** | | **सहमतिको स्तर** | | | | |
|---|---|---|---|---|---|---|
| **पर्यटन/तीर्थाटन क्रियाकलापहरु** | | **५** | **४** | **३** | **२** | **१** |
| भगवान गौतम बुद्धको जन्म स्थलमा पूजा गर्नु | | | | | | |
| बौद्ध भिक्षुको धर्म देशना सुन्न | | | | | | |
| आध्यात्मिक अभ्यास तथा स्व-अध्ययन | | | | | | |
| ध्यान साधना तथा आत्म शुद्धिकरण | | | | | | |
| लुम्बिनी अन्तर्राष्ट्रिय विहारहरुको भ्रमण तथा पूजा गर्नु | | | | | | |
| भिक्षा/दानदिनु, वत्ती वा बौद्ध झण्डा चढाउनु | | | | | | |
| कपिलवस्तु क्षेत्रमा तीर्थाटन गर्नु | | | | | | |
| देवदह क्षेत्रमा तीर्थाटन गर्नु | | | | | | |
| रामाग्रामा स्तुपको तीर्थाटन गर्नु | | | | | | |
| यी क्षेत्रका ईतिहास, पुरातत्व तथा संस्कृतिको अध्ययन गर्नु | | | | | | |
| अवलोकन पर्यटन (Sightseeing) | | | | | | |
| ग्रामीण पर्यटन | | | | | | |
| चाडपर्व, सम्मेलन आदिमा सहभागी हुनु | | | | | | |
| हस्तकला तथा कोशेलीहरु किन्नु | | | | | | |
| लुम्बिनीका गुणस्तरीय अस्पतालमा शिशुलाई जन्म दिनु | | | | | | |
| लुम्बिनी क्षेत्रमा व्यपार व्यवसायको हस्ताक्षर गर्नु साथै ठूला कार्यक्रमहरुको घोषणा गर्नु | | | | | | |
| वृहत्तर लुम्बिनी क्षेत्रमा एकान्त तथा आध्यात्मिक समय विताउनु | | | | | | |
| वृहत्तर लुम्बिनी क्षेत्रमा अध्ययन गर्नु, पुस्तकहरु लेख्नु | | | | | | |
| लुम्बिनीका अस्पतालहरुमा असाध्य रोगहरुको उपचार गर्नु | | | | | | |
| जीवनको अन्तिम घडी लुम्बिनीमा विताउनु/लुम्बिनी क्षेत्रमा देह त्याग गर्नु | | | | | | |
| अरु भए | | | | | | |

**भाग- ४ :वृहत्तर लुम्बिनी क्षेत्रकालागि उपयुक्त भ्रमण प्याकेजरु**

| **वृहत्तर लुम्बिनीको लागि उपयुक्त भ्रमण प्याकेज** | | **५** | **४** | **३** | **२** | **१** |
|---|---|---|---|---|---|---|
| लुम्बिनी (१ दिन २ रात) | | | | | | |
| लुम्बिनी र कपिलवस्तु (२ दिन ३ रात) | | | | | | |
| लुम्बिनी-कपिलवस्तु-देवदह-रामग्राम (३ दिन ४ रात) | | | | | | |
| तीर्थाटन, प्रर्यावरणीय, साँस्कृतिक, ऐतिहासिक भ्रमण (६ दिन७ रात) | | | | | | |
| वृहत्तर लुम्बिनीको पुरातात्विक भ्रमण : रामापिथेकस साईट -सैनामैना -कपिलावस्तु -लुम्बिनी-देवदह-रामग्राम (४ दिन र ४ रात) | | | | | | |
| वन्यजन्तु अवलोकन (३ दिन ४ रात) | | | | | | |
| विपासना ध्यान (१ दिन, १० दिन, ३० दिन) | | | | | | |
| अरु भए | | | | | | |

**भाग- ५ :वृहत्तर लुम्बिनी क्षेत्रका लागि उपयुक्त पर्यटनका प्रकार**

| वृहत्तर लुम्बिनी क्षेत्रका लागि उपयुक्त पर्यटनका प्रकार | | ५ | ४ | ३ | २ | १ |
|---|---|---|---|---|---|---|
| आध्यात्मिक तथा शान्ति पर्यटन | | | | | | |
| तीर्थाटन | | | | | | |
| पुरातात्विकपर्यटन | | | | | | |
| साँस्कृतिक पर्यटन | | | | | | |
| पर्यावरणीय पर्यटन(वनस्पति, वन्यजन्तु अवलोकन) | | | | | | |
| ग्रामीणपर्यटन | | | | | | |
| चिकित्सातथाआरोग्य पर्यटन | | | | | | |
| सभा, सम्मेलन पर्यटन | | | | | | |
| भ्रमण अवलोकन पर्यटन | | | | | | |
| नेपाल-भारत अन्तरसीमा पर्यटन | | | | | | |
| अरु भए | | | | | | |

**भाग-६ : बृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटन विकासका लागि मूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका कार्यहरु**

| सार | राय | |
|---|---|---|
| | आवश्यक | अनावश्यक |
| परिसरको क्षेत्र विस्तार र गुरुयोजना निर्माण | | |
| स्थलको अन्वेषण/उत्खनन्/अध्ययन र संरक्षण | | |
| प्रभावकारी सूचना प्रणाली विकास | | |
| प्रचार प्रसार र बजारीकरण | | |
| स्थानीयहरुलाई सम्पदा विकासमा सहभागिता | | |
| सार बगैचा (Theme Park) निर्माण | | |
| सम्पदाको संरक्षण | | |
| धार्मिक/साँस्कृतिक/पर्यटकीय स्थल निर्माण र नियमित कार्यक्रम | | |
| वातावरण र जैविक विविधताको संरक्षण | | |
| पर्यटक सुविधाहरुको निर्माण र प्रबन्ध | | |
| सहज पहुँच तथा पार्किङ स्थलको व्यवस्था | | |
| सरसफाई तथा सौन्दर्यीकरण | | |

**भाग-७ : बृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटन विकासका लागि अमूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका कार्यहरु**

| पर्यटन विकासका लागि अमूर्त सम्पदाहरुमा गर्नुपर्ने सुधारका कार्यहरु | जरुरी | |
|---|---|---|
| | छ | छैन |
| अमूर्त सम्पदाहरुको सूचीकरण तथा अभिलेखन गर्ने | | |
| अमूर्त सम्पदाहरुको विकास ब्राण्डिङ र प्रवर्द्धन गर्ने | | |
| नाटक, नृत्य, कला संगीत आदिको माध्यमबाट स्थानीय कथा र किम्वदन्तीहरु प्रस्तुतीकरण गर्ने | | |
| विषयगत (Thematic) संग्रहालयहरुको स्थापना गर्ने | | |
| नियमित रुपमा साँगीतिक तथा साँस्कृतिक पर्वहरु आयोजना गर्ने | | |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पूजा, सम्मेलन कार्यक्रमहरु आयोजना गर्ने | | |

| | | |
|---|---|---|
| स्थानीय कला, संस्कृति, भेषभूषा, भोजन, मौलिक परम्परा आदिको प्रवर्द्धन गर्ने | | |
| साँस्कृतिक समूह वा क्लबहरु गठन गरी व्यवसायिक रुपमा अर्मूत सम्पदाहरुको प्रवर्द्धन गर्ने | | |
| मायादेवी मन्दिर खोल्दा र बन्द गर्दा पूजाआजा गर्ने | | |
| ध्यान, योग जस्ता आध्यात्मिक कार्यक्रमहरुको शिविर आयोजना गर्ने | | |

**यहाको समय र विचारको लागि धेरै धेरै धन्यवाद ।**

## ४.२ बृहत्तर लुम्बिनी बौद्ध परिपथ क्षेत्रका स्थानीय सरोकारवालाहरुका लागि प्रश्नावली

आदरणीय महानुभाव, नमस्कार !

सिद्धार्थ इन्स्टियूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस प्रा.लि.बुटवलबाट **वृहत्तर लुम्बिनी बौद्ध परिपथका महत्वपूर्ण सम्पदाहरुको खोज तथा पर्यटन विकास** विषयमा अनुसन्धान गर्दै गरेको व्यहोरा अनुरोध छ । पर्यटक, सरकारी अधिकारी, सरोकारवाला तथा विशेषज्ञहरुको राय संकलन गर्ने उद्धेश्यले यो प्रश्नावली तयार पारिएको छ । धेरै समय नलाग्ने यो प्रश्नावली भरी हाम्रो खोज, अनुसन्धान तथा वृहत्तर लुम्बिनी क्षेत्रको दीगो पर्यटन विकासमा योगदान दिनु हुनेछ भन्ने अपेक्षा लिइएको छ । साथै यहाले दिनु भएको जानकारी तथा सूचनाको गोपनीयता राखिनेछ भन्ने पूर्ण प्रतिवद्धता व्यक्त गर्दछौं ।

कृपया खालीठाउँमा लेख्नुहोला ।

**(क) मूर्त सांस्कृतिक फारम**

| **क्र. स.** | **मूर्त सांस्कृतिक सम्पदा** | **SWOT विश्लेषण** | **महत्व** | **आवश्यक कारवाही** | | |
|---|---|---|---|---|---|---|
| | | | | **वर्तमान अवस्था** | **तत्कालिन कार्य** | **दीर्घकालिन कार्य** |
| १. | नामः ……………………<br>जिल्ला : ………………<br>गा.पा. ⁄ ना.पा : ………<br>वडा नं.: ……..<br>छोटकरी विवरण :<br>……………………….<br>……………………….<br>………………………. | सवलता : ……………..<br>……………..<br>……………..<br>कमजोरी : ……………..<br>……………..<br>……………..<br>……………..<br>……………..<br>अवसर : ……………..<br>……………..<br>……………..<br>चुनौती : ……………..<br>……………..<br>……………..<br>……………..<br>…………….. | ऐतिहासिक ⁄ पुरातात्विक<br>……………..<br>……………..<br>धार्मिक : ……………..<br>……………..<br>……………..<br>……………..<br>……………..<br>सांस्कृतिक : ……………..<br>पर्यटकीय : ……………..<br>……………..<br>……………..<br>……………..<br>…………….. | संरक्षणको अवस्था : ………………………<br>………………………<br>……………………… | ………………<br>………………<br>………………<br>……………… | ………………<br>………………<br>………………<br>……………… |
| | | | | सूचनाको सुविधा : ………………………<br>………………………<br>……………………… | ………………<br>………………<br>………………<br>………………<br>………… | ………………<br>………………<br>………………<br>……………… |
| | | | | रेष्टुरेन्ट ⁄ पसल : ……………………… | ………………<br>……………… | ………………<br>……………… |
| | | | | स्थल प्रस्तुतीकरण : ………………………<br>……………………… | ………………<br>………………<br>……………… | ………………<br>………………<br>……………… |

(ख) अमूर्त सांस्कृतिक फारम

<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">अमूर्त सांस्कृतिक सम्पदा</th><th rowspan="2">SWOT विश्लेषण</th><th colspan="3">आवश्यक कारवाही</th></tr>
<tr><th>वर्तमान अवस्था</th><th>तत्कालिन कार्य</th><th>दिर्घकालिन कार्य</th></tr>
<tr><td rowspan="3">१.</td><td rowspan="3">नाम : ..............................<br><br>**यो के हो ?**<br>(ठीक लगाउनुहोस्)<br>यो एउटा लोकगीत/नृत्य/संगीत/चाडपर्व/कला/संस्कृति<br>.....................................<br><br>**यो कसरी प्रस्तुत गरिन्छ ?**<br>कुनजातिसँग सम्बन्धित<br>.....................................<br><br>कुन समय कहिले प्रस्तुती गर्नुहुन्छ ?<br>....................<br>.........................<br>..................................<br>कस्तो प्रस्तुती गरिन्छ :<br>....................<br>.........................<br>..................................</td><td rowspan="3">सवलता :<br>....................<br>.........................<br>.................................<br>कमजोरी :<br>....................<br>.........................<br>.................................<br>अवसर :<br>....................<br>.........................<br>.................................<br>चुनौति :<br>....................<br>.........................<br>.................................</td><td>संरक्षण :<br>...........................<br>...........................<br>..............................</td><td>.......................<br>....................<br>.......................<br>.....................<br>......................</td><td>..........................<br>.................<br>..........................<br>..................<br>......................</td></tr>
<tr><td>प्रचार प्रसार :<br><br>...........................<br>...........................<br>..............................</td><td>.......................<br>....................<br>.......................<br>.....................<br>......................</td><td>..........................<br>.................<br>..........................<br>..................<br>......................</td></tr>
<tr><td>बजारीकरण:<br>...........................<br>...........................<br>..............................</td><td>.......................<br>....................<br>.......................<br>.....................<br>......................</td><td>..........................<br>.................<br>..........................<br>..................<br>......................</td></tr>
</table>

## अनुसूची-५ : अन्तरवार्ता तालिका

| N | Interview date | Time | Interviewee | Major Topic (but other areas were also discussed) | Contact |
|---|---|---|---|---|---|
| 1. | Aprl. 5, 2020 | 8-10 am | Ven. Maitri, Senior monk | Buddhism and Tourism, spirituality, Shikoku model | 9857021197 |
| 2 | Aprl. 6, 2020 | 2-4 pm | Ven. Bhaddamonika | Quality tourism in Lumbini, spirituality, Shikoku model | 071-580118 |
| 2. | Aprl. 8, 2020 | 2-4 pm | Basanta Bidari, Heritage expert and author | Product development, site presentation, quality tourism | 9817567906 |
| 3. | Aprl.10, 2020 | 6-8 pm | Er. Saroj Bhattarai, Project Chief, LDT | HRD and infrastructure, DM, Seasonality | 9851190398 |
| 4. | Aprl 20, 2020 | 1-3 pm | Krishna Bahadur KC, Chief Archaeologist, LDT | Destination attractiveness and competitiveness, site presentation | 9847021429 |
| 5. | Aprl. 20, 2020 | 1-3 pm | Himal Kr Upreti, Archaeologist, LDT | GLA Buddhist circuit, site presentation | 9857013606 |
| 6. | Aprl. 28, 2020 | 7-9 am | Dr. Suresh Shrestha, Heritage Chief, DoA | Destination management, quality tourism, Seasonality | 9841363835 |
| 7. | May 1, 2020 | 8-10 am | Ram Chandra Sedai, Tourism Expert | Circuit Tourism development, product dev., tourist activities | 9843687548 |
| 8. | May4, 2020 | 5-7 pm | Chandra Prakash Shrestha, President, SHAN | HRD, quality tourism development strategies | 9857020340 |
| 9. | May 7, 2020 | 9-11 am | SanjayaBajimaya, First Vice President, NATTA | Marketing and promotion, tourist activities, HRD, seasonality | 9857020214 |
| 10 | May9, 2020 | 7-9 am | IndraKafle, Campus Chief, LBU | Shikoku Model in Lumbini, Socio-Cultural Development | 9857021175 |
| 11 | May 15, 2020 | 3-5 pm | Sunil Shakya, MD, KGH Group of Hotels | HRD, Tour Package, tourist activities, Seasonality | 9851020726 |
| 12 | May 20, 2020 | 4-6 pm | Hon. Fakhruddin Khan, Assembly Member of Province No. 5 | DM, safety and security, Socio-Cultural Development | 9857055797 |
| 13 | May 22, 2020 | 12-2 pm | Prof. NareshmanBajrachary, Former VC of LBU, Vajrayana master | Meaning of quality tourism in Lumbini, tourist activities LMZ | 9851092094 |
| 14 | May 25, 2020 | 1-2 pm | Prof. GituGiri, Professor UT | Socio-Cultural Development, tourist circulation, Seasonality | 9847020545 |
| 15 | May 25, 2020 | 11-12 Am | Gunakhar Gaire | Archiologist | 9857050079 |
| 16 | May 26, 2020 | 2-2.30Pm | Prof.Surya Bahadur G.C. | Magar Culture, Nuwakotgadi, Shidhha baba Dham, Ramaphithecus | 9847129886 |
| 17 | May 26, 2020 | 1-2Pm | Lect.Budhha Bahadur Basnet | Shidhha baba Dham, Ramaphithecus | 9857058446 |
| 18 | May 26, 2020 | 11-12Am | Prof.Hiranya Gyawali | Folk Culture of Lumbini | 9867335850 |
| 19 | May 27, 2020 | 4-5Pm | Lect.Ishwari Prasad Bashyal | Important Buddhist sites of Devdaha | 9857027194 |
| 20 | May 27, 2020 | 3-4Pm | Asst.Lect.Rajendra Dungana | Important Monuments of Tilaurakot and Lumbini | 9857033750 |
| 21 | May 28, 2020 | 11-12Am | Ram Prasad Bhattarai | Padampani Matsyendranath & Sainamaina Buddhist Sites | 9867128130 |
| 22 | May 28, 2020 | 1-2Pm | Dr.Tilak Acharya | Types of Vihar & Chaitya | 9857027232 |
| 23 | May 29, 2020 | 11-12Am | Pom Narayan Paudel | Conservation of Buddhist Sites of Kapilvastu District | 9847040222 |
| 24 | May 29, 2020 | 2-3Pm | Lect.Ratna Prasad Pandey | Kankre Vihar of Surkhet | 9858050632 |

| | | | | | |
|---|---|---|---|---|---|
| 25 | May 30, 2020 | 1-2Pm | Mayor Chitra Bahadur Karki | Sainamaina, Malmala, Rajpur Area & Baldhengadhi | 9857029074 |
| 26 | May 30, 2020 | 3-4Pm | Dhiraj K.C. | Historical Background of Buddha Mangala Taal | 9847081110 |
| 27 | Jun 1, 2020 | 10-11Am | Debendra Raj Shakya | Therwad, Mahayan, Bajrayan Community of Buddhist Religion & History of Butwal | 9847266450 |
| 28 | Jun 1, 2020 | 1-2Pm | Dal Bahadur Gurung | Bhratrihari & Shiddha Baba | 9857033063 |
| 29 | Jun 1, 2020 | 11Am | Birendra Prasad Mishra | Sites of Pathharkot of Kapilvastu | 9847286360 |
| 30 | Jun 1, 2020 | 1Pm | Gopal Bahadur Thapa | Khurhuriya Sites of Kapilvastu | 9857055103 |
| 31 | Jun 2, 2020 | 10Am | Shuresh Chandra Bhusal | Secred Places of Resunga Dham | 9857064035 |
| 32 | Jun 2, 2020 | 11 Am | Ramesh Sharma | Bikuli, Singhkhor & Jagadispur Taal, Kapilvastu | 98570…… |
| 33 | Jun 2, 2020 | 2Pm | Netra Adhikari | Sonawagad, Shivagad Kapilvastu | 9857034033 |
| 34 | Jun 2, 2020 | 3Pm | Umesh Baskota | Tourism Development of Kapilvastu | 9847061798 |
| 35 | Jun 3, 2020 | 11 Am | Shankar Acharya | Important Buddhist Sites of Kapilvastu | 9857051751 |
| 36 | Jun 3, 2020 | 1Pm | Hari Prasad Pandey | Important Tourism Sites of Dang | 9857023155 |
| 37 | Jun 3, 2020 | 3Pm | Bijay Govinda Shrestha | Buddhist Sites of Kapilvastu (Kudan, Gotihawa, Tilaurakot) | 9857055978 |
| 38 | Jun 4, 2020 | 8 Am | Churamani Aryal & Pom Narayan Paudel | Madhuban Dham, Kapilvastu | 9847040222 |
| 39 | Jun 4, 2020 | 12 Am | Dal Bahadur G.C., Ram Prasad Belbase & Premnarayan Adhikari | Pathharkot Sites of Kapilvastu | 9847286360 |
| 40 | Jun 4, 2020 | 7:30 Am | Sudeep Paudel | Tauleswarnath Temple of Kapilvastu | 9857023805 |
| 41 | Jun 5, 2020 | 1 Pm | Mashahasad Kha Nepali | Muslim Culture of Nepal | 9857055622 |
| 42 | Jun 5, 2020 | 10:30Am | Puran Bajracharya | Ranimahal, Palpa Darbar, Rishikesh and Ranaujjeshwori Temple, Palpa | 9847099233 |
| 43 | Jun 5, 2020 | 11:30Am | Durga Thapa | Palpa Darbar & Ranaujjeshwori Temple, Palpa | 9857060220 |
| 44 | Jun 6, 2020 | 12 Am | Bom Bahadur Tharu | Tharu Culture of Nepal | 9847245108 |
| 45 | Jun 6, 2020 | | Tek lal Sapkota | Sonawagadh & Shivagadi (Tourism Area) | 9857055504 |
| 46 | Jun 7, 2020 | 1 Pm | Hon.Brijesh Kumar Gupta | Important Budhhist Sites of Kapilvastu & Their Conservation | 9851062633 |
| 47 | Jun 9, 2020 | 11 Am | Gunakhar Bhattarai | Sainamaina & Malmala Sites of Rupandehi | 9857030885 |
| 48 | Jun 9, 2020 | 9Pm | Bhumishwor Dhakal | Tourism Development in Sainamaina & Malmala | 98570 |
| 49 | Jun 9, 2020 | 2Pm | Mayor Basudev Ghimire | Banbatika, Mokshyadham & Shrengeshwor Dham, Rupndehi | 9857043567 |
| 50 | Jun 10, 2020 | 10 Am | Shiddhicharan Bhattarai | Important Budhhist Sites of Devdaha Rupandehi | 9847026914 |
| 51 | Jun 10, 2020 | 11:30Am | Jagriti Mahila Samuha, Dhanewa | Historical Place of Buddha Mangala Taal | 9847081110 |
| 52 | Jun 10, 2020 | 2 Pm | Birendra Mishra | Important Budhhist Sites of Kapilvastu & Their Conservation | 9851062520 |
| 53 | Jun 11, 2020 | 11Am | Tokam Bahadur | Madane Conservation Area | 9857070395 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | Kunwar | | |
| 54 | Jun 12, 2020 | 11:30Am | Bhim Prasad Nepal & Arjun Bahadur Karki | Archiological Sites of Haleshi Mahadev | 9841573885 |
| 55 | Jun 13, 2020 | 3Pm | Damodar Subedi | Important Tourism Sites of Rolpa | 9857822335 |
| 56 | July1, 2020 | 11Am | Dharma lal Shriwastav | Conservation of Archiological Sites & Their Development | 985705005 |
| 57 | July6, 2020 | 1Pm | Nanda lal Sharma | Important Tourism Sites of Rukum | 9851159632 |
| 58 | July6, 2020 | 3Pm | Madhav Nepal | Development of Nuwakotgadi, Palpa | 9857025487 |
| 59 | July6, 2020 | 5Pm | Lal Prasad Bashyal | Tourist Site of Basantapur | 9857025129 |

**अनुसूची -६ : प्रश्नावली**

**बृहत्तर लुम्बिनी बौद्ध परिपथमा पर्यटन विकास सम्बन्धी अध्ययनका लागि तथ्यांक संकलन फारम**

सम्वदाको नाम : ......................................................

**क) तथ्यांक संकलक : इन्जिनियर र पर्यटनविद्**

**अवस्थिति :**

जिल्ला : ........................................

गा.पा. ⁄ न.पा. : ................................................

वडा नं. : ...............................

नजिकको महत्वपूर्ण स्थानको नाम ⁄ दिशा ⁄ दूरी : .................................................................................

**सम्पदाको छोटकरी**

**विवरण :** ...........................................................................................................................................

.............................................................................................................................................................

.............................................................................................................................................................

| पर्यटन विकासका लागि गर्नुपर्ने इन्जिनियरिङ तथा योजना सम्बन्धी कार्य | | | | |
|---|---|---|---|---|
| | **वर्तमान अवस्था** | **तत्कालिन योजना** | **मध्यकालिन योजना** | **दीर्घकालिन योजना** |
| **सम्पदाको संरक्षण**<br>भवन :<br>तारवार :<br>पाले ⁄ पहरा : | | | | |
| **भौतिक पूर्वाधार**<br>सडक :<br>विजुली :<br>होटल ⁄ लज :<br>फोन इन्टरनेट : | | | | |
| **Utility Facilities**<br>शौचालय :<br>खानेपानी :<br>रेष्टुरेण्ट :<br>मायाको चिनो ⁄ पसल : | | | | |
| **स्थल प्रस्तुतीकरण**<br>सौन्दर्यकरण ⁄ बगैचा :<br>बस्ने व्यवस्था :<br>पार्क ⁄ थिम पार्क : | | | | |
| **सूचना प्रणाली**<br>सूचना केन्द्र :<br>साइनबोर्ड :<br>गाइड सेवा :<br>ब्रोसर ⁄ वेभसाइट : | | | | |

**(ख) तथ्यांक संकलक : संस्कृतिविद् र पर्यटनविद्**

| सम्पदाको महत्व | |
|---|---|
| ऐतिहासिक | |
| पुरातात्विक | |
| धार्मिक | |
| साँस्कृतिक | |
| पर्यटकीय | |
| वातावरणीय | |

**(ग) तथ्यांक संकलक : संस्कृतिविद्, इन्जिनियर र पर्यटनविद्**

| SWOT ANALYSIS | |
|---|---|
| सबलता | |
| कमजोरी | |
| अवसर | |
| चुनौती | |

अनुसूची-७ : प्रदेश नं. ५ का इतिहास तथा संस्कृतिविद्, पुरातत्वविद् र पर्यटनसँग सम्बन्धित विज्ञ एवं विद्वत व्यक्तित्वहरुको विवरण सूची

| क.सं. | विद्वत व्यक्तित्वको नाम थर | ठेगाना | विद्वताको क्षेत्र | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | प्रा.डा.श्री हृदयरत्न बज्राचार्य | लु.वि.वि. | बौद्ध संस्कृतिविद् | |
| २ | डा.श्री तिलक आचार्य | लु.वि.वि. | बौद्ध अध्ययन | ९८५७०२७२३२ |
| ३ | प्रा.डा.श्री गितु गिरी | लु.वि.वि. | संस्कृतिविद् | ९८४७०२०५४५ |
| ४ | श्री बसन्त विडारी | लु.वि.वि. | पुरातत्वविद् | ९८४७०२३४७६ |
| ५ | प्रा.डा.विष्णुराज आत्रेय | कपिलवस्तु, हाल काठमाण्डौं | हिन्दु संस्कृति, संस्कृत भाषा विज्ञ | ९८४११३७४३९ |
| ६ | डा.हरिध्वज राई | लु.वि.कोष | पर्यटनविद् | ९८५७०२२७७९ |
| ७ | श्री देवेन्द्रराज शाक्य | बु.उप म.न.पा.-४ | बौद्ध अध्ययन | ९८४७२६६४५० |
| ८ | डा.गोविन्द आचार्य | घोराही क्याम्पस, दाङ | लोक संस्कृतिविद् | ९८५७८३०६०२ |
| ९ | श्री बिक्रममणि त्रिपाठी | कपिलवस्तु | अवधी संस्कृतिविद् | ९८५१०५१९७५ |
| १० | श्री निर्मल श्रेष्ठ | तानसेन, पाल्पा | इतिहास तथा संस्कृतिविद् | ९८४७०२८२३८ |
| ११ | श्री मशहुद खाँ | कृष्णनगर, कपिलवस्तु | इस्लाम संस्कृति | ९८५७०५५६२२ |
| १२ | श्री पोमनारायण पौडेल | कपिलवस्तु | बौद्ध अध्ययन | ९८४७०४०२२२ |
| १३ | श्री बोम बहादुर थारु | गजेडी, रुपन्देही | थारु संस्कृति | ९८४७२४५१०८ |
| १४ | श्री इश्वरी प्रसाद बस्याल | बुटवल बहुमुखी क्याम्पस | संस्कृतिविद् | ९८५७०२७१९४ |
| १५ | प्रा.डा.सूर्य बहादुर जि.सी. | बुटवल बहुमुखी क्याम्पस | इतिहासविद् | ९८४७१२९८८६ |
| १६ | प्रा.डा.हिरण्य प्रसाद ज्ञवाली | बुटवल बहुमुखी क्याम्पस | लोक संस्कृति | ९८६७३३५८५० |
| १७ | श्री हिमाल कुमार उप्रेती | लु.वि.कोष | पुरातत्वविद् | ९८५७०१३६०६ |
| १८ | श्री गुणाखर गैरे | लु.वि.वि. | पुरातत्वविद् | ९८५७०५००७९ |
| १९ | श्री राजेन्द्र ढुङ्गाना | बुटवल बहुमुखी क्याम्पस | संस्कृतिविद् | ९८५७०३३७५० |
| २० | श्री चिरञ्जीवी देवकोटा | बुटवल बहुमुखी क्याम्पस | पर्यटनविद् | ९८५७०३०९९० |
| २१ | मैत्री महास्थबीर | अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी | बौद्धगुरु | ९८५७०२११९७ |
| २२ | भद्दमनिका | पण्डितारामावि.ध्यान केन्द्र, लुम्बिनी | विपश्यना ध्यानी | ०७१-५८०११८ |
| २३ | इ.सरोज भट्टराई | लु.वि.कोष | आर्किटेक्ट योजनाविद् | ९८५११९०२९८ |
| २४ | श्री कृष्ण बहादुर के.सी. | भैरहवा | पुरातत्वविद् | ९८४७०२१४२९ |
| २५ | डा.सरेशसुरज श्रेष्ठ | पुरातत्व विभाग, काठमाण्डौं | सम्पदाविद् | ९८४१३६३८३५ |
| २६ | श्री रामचन्द्र सेडाई | काठमाण्डौ/लुम्बिनी | पर्यटनविद् | ९८४३६८७५४८ |
| २७ | श्री ईन्द्र काफ्ले | लु.बौ.वि.वि., लुम्बिनी | बौद्ध विद्वान् | ९८५७०२११७५ |
| २८ | प्रा.डा.नरेशमान बज्राचार्य | काठमाण्डौ/लुम्बिनी | बौद्ध विद्वान् | ९८५१०९२०९४ |
| २९ | डा.दीपक आचार्य | लु.बौ.वि.वि., लुम्बिनी | संस्कृतिविद् | ९८४७२४५०३७ |
| ३० | भिक्षु वजिर | लु.बौ.वि.वि., लुम्बिनी | बौद्ध विद्वान् | ९८५७०११२११ |
| ३१ | डा.शारदा पौडेल | लु.बौ.वि.वि., लुम्बिनी | बौद्ध विद्वान् | ९८४९६९९२४० |
| ३२ | श्री फरिन्द्र न्यौपाने | लु.बौ.वि.वि., लुम्बिनी | बौद्ध विद्वान् | ९८५१०९९३५७ |
| ३३ | श्री निर बहादुर गुरुङ्ग | लु.बौ.वि.वि., लुम्बिनी | बौद्ध विद्वान् | ९८५१०१३३२० |